"आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी"

# दोस्रो आवधिक योजना

**(आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)**


मधेश प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

जनकपुरधाम, नेपाल

२०८१

प्रकाशकः
मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल ।
फोनः ०४१-५२२९१९
इमेलः statepcp2@gmail.com
वेबसाइटः pc.p2.gov.np

©प्रतिलिपि अधिकारः
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल ।

फोन फ्याक्स नं.: ०४१-५२७३०३, ५२३१३३
जनकपुरधाम, धनुषा, नेपाल
वेभसाइट: www.ocmcm.madhesh.gov.np

प्रदेश सरकार
State Government
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
Office of the Chief Minister & the Council of Minister
मधेश प्रदेश

पत्र संख्या:
च.नं.:

# मन्तव्य

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ। यसैगरी, संविधानले मुलुकमा दिगो शान्तिमार्फत दिगो विकास, सुशासन र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ । यसका लागि सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने कुरामा संविधानले जोड दिएको छ । कानुनी व्यवस्था र आवश्यकताका आधारमा मधेश प्रदेशले सुरुदेखि नै आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दैआएको छ भने प्रदेशका लागि गौरवका आयोजना र रूपान्तरणकारी आयोजनाहरू पहिचान गरी परियोजना बैङ्कसमेत तयार गरेको छ। पहिलो आवधिक योजना कार्यान्वयन अवधिमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थिति अनुकूल नरहँदा पनि औसतमा उपलब्धि सन्तोषजनक रहन गयो । यस अवधिमा स्थानीय तह र सङ्घीय सरकारसँग प्रदेश सरकारको समन्वय तथा सहकार्य अपेक्षित मात्रामा प्रभावकारी हुन सकेन भने निजी क्षेत्र र सहकारी क्षेत्रको परिचालन उपयुक्त मात्रामा हुन नसक्दा प्रदेशको आर्थिक वृद्धि लक्ष्यअनुसार हुन सकेन। पहिलो आवधिक योजनाको कार्यान्वयनमा देखिएका कमीकमजोरीहरूबाट पाठ सिक्दै दोस्रो आवधिक योजना कार्यान्वयनका क्रममा सबै सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय स्थापित गरी तिनीहरूको उचित परिचालनबाट योजनाले लिएका लक्ष्य तथा उद्देश्यहरू हासिल हुने अपेक्षा गरेको छु।

योजना सरकारको नीतिगत दस्तावेज भएको हुँदा यसलाई समावेशी र सहभागितामूलक ढङ्गबाट तर्जुमा गर्न सकेमात्र कार्यान्वयन सहज हुने र सकारात्मक परिणाम प्राप्त हुन सक्छ । नेपालको संविधानले प्रदेश सरकारलाई दिएको एकल तथा साझा अधिकारलाई पूर्ण रूपमा कार्यान्वयन गर्न यस आवधिक योजनाले सही मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु । सङ्घीयताको अभ्यास लामो नभए तापनि सङ्घ र स्थानीय तहसँग समेत समन्वय र सहकार्य गर्दै योजनाले लिएको लक्ष्य हासिल गर्न मधेश प्रदेश सरकार प्रतिबद्ध छ ।

अन्त्यमा, पहिलो आवधिक योजना तर्जुमा र कार्यान्वयनका अनुभव र सिकाइलाई ध्यानमा राखी उत्पादन एवम् उत्पादकत्व वृद्धि र रोजगारी सिर्जनामार्फत मधेश प्रदेशका नागरिकको आर्थिक तथा सामाजिक विकासमा अपेक्षित उपलब्धि हासिल भई **"आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी"** निर्माणको दीर्घकालीन सोच प्राप्त गर्न योगदान पुऱ्याउने उद्देश्यले तयार गरिएको यस दोस्रो आवधिक योजना तर्जुमाको प्रारम्भिक चरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने निवर्तमान माननीय मुख्यमन्त्री सरोज कुमार यादव, नीति तथा योजना आयोगका निवर्तमान माननीय उपाध्यक्ष नाथुप्रसाद चौधरी, नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. सोहन प्रसाद साहलगायत माननीय सदस्यहरू डा. हरी शंकर प्रसाद साह, डा. शिला मिश्र, रामचन्द्र यादव, डा. रिना यादव, श्री राज कुमार सिंह, रक्षा राम चमार (हरिजन) र सदस्यसचिव

श्री सुभासचन्द्र सिवाकोटी (अर्थ सचिव) लाई धन्यवाद दिन चाहन्छु । साथै, नीति तथा योजना आयोगका निवर्तमान माननीय सदस्यहरू रामचन्द्र पण्डित र ब्रजकिशोर यादवसमेत धन्यवादका पात्र हुनुहुन्छ।

अन्त्यमा, मधेश प्रदेशका आम नागरिकको जीवनमा अनुभूतियोग्य सकारात्मक परिवर्तन ल्याउनेगरी तर्जुमा गरिएको दोस्रो आवधिक योजनाको सफल कार्यान्वयनमा सबै सरोकारवालाहरूबाट पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

..........................

**सतिश कुमार सिंह**
मुख्यमन्त्री तथा अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, धनुषा

मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल।

Ph No.- 041522919
Fax No.- 041-522919
Email: statepcp2@gmail.com
website: pc.p2.gov.np

प.सं.
च.नं.

# भूमिका

नेपालमा योजनाबद्ध रूपमा विकासको आरम्भ वि.सं. २०१३ सालदेखि सुरु भएको भए तापनि सङ्घीयताको अभ्यास नेपालका लागि नयाँ अनुभव हो । प्रदेशहरूको गठन पनि नेपालको संविधान २०७२ लागु भएपछि भएको हुँदा प्रदेश तहमा योजनाबद्ध विकासको इतिहास लामो छैन । चालु आर्थिक वर्ष २०८०/८१ मधेश प्रदेशको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म) कार्यान्वयनको अन्तिम वर्ष हो । योजनाले कुनै खास समयभित्र खास उद्देश्य हासिल गर्नका लागि प्राप्त स्रोतहरूको प्रभावकारी व्यवस्थापन गर्न राजनीतिक नेतृत्वलाई मार्गदर्शन गर्दछ । सहभागितामूलक ढङ्गबाट तर्जुमा गरिएको योजनाले मात्रै लक्षित समूहको आवश्यकताको पहिचान हुनसक्ने र यसले कार्यान्वयनमा समेत जनसहभागिता जुट्न गई अपेक्षित उपलब्धि हासिल गर्न सहज हुन्छ ।

आवधिक योजनालाई निरन्तरता दिनेगरी सहभागितामूलक पद्धतिको अवलम्बन गरी मधेश प्रदेशका लागि दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म) तयार गरिएको छ । पहिलो आवधिक योजनाको कार्यान्वयनको चार वर्ष अवधिको समीक्षाबाट प्राप्त पृष्ठपोषण, दिगो विकासका लक्ष्यहरू, प्रदेश विकासका अवसर र सम्भावनाहरूलाई समेत ध्यान दिई **"आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी"** सोचसहितको यो दोस्रो आवधिक योजना तयार गरिएको छ ।

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा आवधिक योजनाको ढाँचा र मन्त्रालयहरूको भूमिकाका बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सबै मन्त्रालययहरूबाट विषयगत र क्षेत्रगत रूपमा समावेश गर्नुपर्ने सूचना सङ्कलन गरी यो आवधिक योजना तयार गरिएको छ। यसैगरी आवधिक योजना तर्जुमाका क्रममा मधेश प्रदेशका सबै मन्त्रालय, निर्देशनालय र कार्यालयका सचिव तथा महाशाखा प्रमुख, निर्देशक र प्रमुखहरूसँग छलफल गरिएको छ ।

यसैगरी मन्त्रालयहरूसँगको छलफलका आधारमा तयार भएको आवधिक योजनाको मस्यौदामाथि स्थानीय तहको सुझाव सङ्कलन गर्ने ध्येयले प्रदेश नीति तथा योजना आयोगबाट प्रदेशका सबै स्थानीय तहहरूलाई समेट्ने गरी विभिन्न चार स्थानमा अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरिएको छ । सो कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख तथा पदाधिकारीहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख जिल्ला अधिकारी, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो।

आवधिक योजनालाई अझै यथार्थपरक बनाउन विषयविज्ञहरू छनौट गरी समीक्षा गराई प्राप्त सुझावहरूलाई समावेश गरिएको थियो । यसरी तयार गरिएको मस्यौदा प्रतिवेदनमाथि प्रदेशसभा विषयगत समितिका सभापतिहरू तथा

प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका नेताहरू र नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल गरी त्यहाँबाट प्राप्त सुझावहरूलाई समेत योजनामा समावेश गरिएको छ । योजना तर्जुमाको अर्को चरणमा मधेश प्रदेशका माननीय मुख्यमन्त्री तथा विभागीय मन्त्रीहरू र मन्त्रालयका सचिवहरू बीचको छलफल कार्यक्रमबाट रायसुझाव सङ्कलन गरी आवधिक योजनामा समावेश गरिएको छ ।

मधेश प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा कार्यको अभिभावकत्व र मार्गदर्शन प्रदान गर्नुहुने माननीय मुख्यमन्त्री **श्री सतिश कुमार सिंहज्यू** र निवर्तमान माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै, सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूहरू र प्रदेशसभाका विषयगत समितिका सभापतिज्यूहरूप्रति आभार व्यक्त गर्दछु । विषयगत र क्षेत्रगत जिम्मेवारी लिएर आवधिक योजना तर्जुमाको प्रारम्भिक चरणमा खट्नुभएका प्रदेश नीति तथा योजना आयोगका निवर्तमान माननीय उपाध्यक्ष नाथुप्रसाद चौधरी, आयोगका निवर्तमान माननीय सदस्यहरू रामचन्द्र पण्डित र ब्रज किशोर यादवलगायत आयोगका माननीय सदस्यहरू डा. हरी शंकर प्रसाद साह, डा. शिला मिश्र, रामचन्द्र यादव, डा. रिना यादव, राज कुमार सिंह, रक्षा राम चमार (हरिजन) र सदस्यसचिव श्री सुभासचन्द्र सिवाकोटी (अर्थ सचिव) प्रति आभार व्यक्त गर्दछु । यसैगरी आवधिक योजना तर्जुमा कार्यमा आवश्यक सहयोग गर्नुहुने प्रमुख सचिव, प्रदेश सचिवहरू, निर्देशनालयका निर्देशकहरू, महाशाखा प्रमुखहरू, स्थानीय तहका जनप्रतिनिधिहरू तथा प्रमुख प्रशासकीय अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, निजी क्षेत्र, नागरिक समाज तथा गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, प्रदेश नीति तथा योजना आयोग लगायत विभिन्न कार्यालयका प्रमुख तथा कर्मचारीहरूलाई पनि धन्यवाद दिन्छु ।

अन्तमा, यो आवधिक योजना तर्जुमा कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने द एसिया फाउण्डेसनलाई हृदयदेखि धन्यवाद दिन्छु । साथै, अध्ययन टोलीका प्रमुख डा. हेमराज लामिछानेसहित संलग्न सबै विज्ञ सदस्यहरूले आवधिक योजना तर्जुमा कार्यमा पुऱ्याउनुभएको योगदानका लागि विशेष धन्यवाद व्यक्त गर्दछु । आवधिक योजनाको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक सङ्घसंस्था, विकास साझेदार निकायहरू, गैरसरकारी संस्थाहरू, नागरिक समाज, प्रवुद्ध वर्ग, राष्ट्रसेवक कर्मचारीहरू र सम्पूर्ण प्रदेशवासीहरूबाट सहयोग र साथ प्राप्त हुने छ भन्ने पूर्ण विश्वास लिएको छु ।

..............................

**डा. सोहन प्रसाद साह**
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, धनुषा

# मधेश प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | माननीय मुख्यमन्त्री श्री सतिश कुमार सिंह | अध्यक्ष |
| २. | माननीय डा. सोहन प्रसाद साह | उपाध्यक्ष |
| ३. | माननीय डा. हरी शंकर प्रसाद साह | सदस्य |
| ४. | माननीय डा. शिला मिश्र | सदस्य |
| ५. | माननीय श्री रामचन्द्र यादव | सदस्य |
| ६. | माननीय डा. रिना यादव | सदस्य |
| ७. | माननीय श्री राज कुमार सिंह | सदस्य |
| ८. | माननीय श्री रक्षा राम चमार (हरिजन) | सदस्य |
| ९. | श्री सुभासचन्द्र सिवाकोटी (अर्थ सचिव) | सदस्य सचिव |

# छोटकरी रूप

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| कि.ग्रा. | : | किलो ग्राम |
| कि.मि. | : | किलो मिटर |
| दिविल | : | दिगो विकास लक्ष्य |
| ने.रा.बै. | : | नेपाल राष्ट्र बैङ्क |
| प्र.ले.नि.का. | : | प्रदेश लेखा नियन्त्रकको कार्यालय |
| मे.ट. | : | मेट्रिक टन |
| रु. | : | रुपैयाँ |
| व.कि.मि. | : | वर्ग किलो मिटर |
| हे. | : | हेक्टर |
| BMELT | : | Bachelor of Medical Laboratory Technology |
| BMET | : | Bio-Medical Equipment Technician |
| CBS | : | Center Bureau of Statistics |
| CoPOMIS | : | Cooperative and Poverty Management Information System |
| DEGURBA | : | Degree of Urbanization |
| EIA | : | Environment Impact Assessment |
| EMR | : | Electronic Medical Record |
| GBV | : | Gender Based Violence |
| HDR | : | Human Development Report |
| HER | : | Electronic Health Record |
| IEE | : | Initial Environment Examination |
| LGBTQI | : | Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex |
| MBBS | : | Bachelor of Medicine and Bachelor of Surgery |
| MDGP | : | Doctor of Medicine and General Practice |
| MoALD | : | Ministry of Agriculture and Livestock Development |
| MoWCSC | : | Ministry of Women, Children and Senior Citizen |
| NDHD | : | Nepal Demographic Health Survey |
| NSO | : | National Statistics Office |
| PNC | : | Post Natal Checkup |
| STEM | : | Science, Technology, Engineering and Mathematics |
| USG | : | Ultra Sound Sonography |
| WASH | : | Water Sanitation and Hygiene |

# विषय सूची


| | | | |
|---|---|---|---|
| **१.** | **परिच्छेद एक : परिचय** | | **१ - १४** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | नेपालमा योजनाबद्ध विकासको सङ्क्षिप्त समीक्षा | १ |
| | १.३ | प्रदेशको योजनाबद्ध विकासको सङ्क्षिप्त समीक्षा | ६ |
| | १.४ | पहिलो आवधिक योजनाको समीक्षा | ६ |
| | १.५ | दिगो विकास लक्ष्यको कार्यान्वयन स्थिति | ९ |
| | १.६ | सोह्रौं योजनाको सङ्क्षिप्त विश्लेषण | १० |
| | १.७ | योजना तर्जुमा प्रक्रिया | ११ |
| | १.८ | प्रतिवेदनको ढाँचा | १४ |
| **२.** | **परिच्छेद दुई : दोस्रो आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य** | | **१५ - २१** |
| | २.१ | पृष्ठभूमि | १५ |
| | २.२ | अवसर र सम्भावना | १५ |
| | २.३ | प्रमुख सवाल र चुनौतीहरू | १५ |
| | २.४ | दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | १७ |
| | २.५ | समष्टिगत रणनीतिहरू | १८ |
| | २.६ | संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीति | १८ |
| | २.७ | विकासका प्रमुख संवाहकहरू | २१ |
| | २.८ | सहयोगी क्षेत्र | २१ |
| | २.९ | परिमाणात्मक लक्ष्य | २१ |
| **३.** | **परिच्छेद तीन : समष्टिगत आर्थिक क्षेत्र** | | **२४ - ३३** |
| | ३.१ | आर्थिक वृद्धिदर | २४ |
| | ३.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान | २४ |
| | ३.३ | उपभोग तथा बचत | २८ |
| | ३.४ | उत्पादकत्व | २९ |
| | ३.५ | सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी | २९ |
| | ३.६ | लगानीका स्रोतहरू | ३१ |
| | ३.७ | सार्वजनिक खर्च व्यहोर्ने स्रोत | ३३ |
| **४.** | **परिच्छेद चार : सार्वजनिक वित्त र लगानी** | | **३५ - ४५** |
| | ४.१ | बचत तथा लगानी | ३५ |
| | ४.२ | सार्वजनिक खर्च | ३७ |
| | ४.३ | राजस्व परिचालन | ४० |
| | ४.४ | निजी क्षेत्र | ४३ |
| | ४.५ | आन्तरिक ऋण, वैदेशिक सहयोग र विदेशी लगानी | ४५ |
| **५.** | **परिच्छेद पाँच : आर्थिक विकास** | | **४९ - ८०** |
| | ५.१ | कृषि तथा खाद्य सुरक्षा | ४९ |
| | ५.२ | पशुपन्छी पालन | ५६ |
| | ५.३ | भूमि व्यवस्था | ६० |

| | | | |
|---|---|---|---|
| | ५.४ | मत्स्यपालन | ६२ |
| | ५.५ | दुग्ध विकास (डेरी) | ६७ |
| | ५.६ | गुठी | ७० |
| | ५.७ | सहकारी | ७२ |
| | ५.८ | उद्योग | ७५ |
| | ५.९ | वाणिज्य तथा आपूर्ति | ७८ |
| | ५.१० | पर्यटन | ८० |
| **६.** | **परिच्छेद छ : सामाजिक विकास** | | **८४ - ११७** |
| | ६.१ | शिक्षा तथा विज्ञान प्रविधि | ८४ |
| | ६.२ | स्वास्थ्य तथा पोषण | ८९ |
| | ६.३ | जेष्ठ नागरिक | ९६ |
| | ६.४ | अपाङ्गता भएका व्यक्ति | ९८ |
| | ६.५ | महिला सशक्तीकरण | १०१ |
| | ६.६ | बालबालिका तथा किशोर किशोरी | १०४ |
| | ६.७ | युवा | १०७ |
| | ६.८ | खेलकुद | ११० |
| | ६.९ | भाषा, कला साहित्य तथा सम्पदा संरक्षण | ११३ |
| | ६.१० | जनसङ्ख्या तथा बसाइँसराइ | ११५ |
| | ६.११ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक | ११७ |
| **७.** | **परिच्छेद सात : पूर्वाधार विकास** | | **१२० -१३८** |
| | ७.१ | सडक | १२० |
| | ७.२ | यातायात व्यवस्था | १२४ |
| | ७.३ | विद्युत तथा ऊर्जा | १२६ |
| | ७.४ | भवन, आवास तथा सहरी विकास | १२८ |
| | ७.५ | सिँचाइ | १३० |
| | ७.६ | जल उत्पन्न प्रकोप व्यवस्थापन | १३३ |
| | ७.७ | खानेपानी तथा सरसफाइ | १३५ |
| | ७.८ | सञ्चार तथा सूचना प्रविधि | १३८ |
| **८.** | **परिच्छेद आठ : वन तथा वातावरण** | | **१४१ - १५७** |
| | ८.१ | वन संरक्षण, संवर्धन र व्यवस्थापन | १४१ |
| | ८.२ | वातावरण | १४५ |
| | ८.३ | जैविक विविधता | १४९ |
| | ८.४ | जलाधार क्षेत्र संरक्षण | १५२ |
| | ८.५ | जलवायु परिवर्तन | १५४ |
| | ८.६ | चुरे क्षेत्र संरक्षण | १५७ |
| **९.** | **परिच्छेद नौ : अन्तर सम्बन्धित** | | **१६१ - १८६** |
| | ९.१ | शान्ति सुव्यवस्था र सुरक्षा | १६१ |
| | ९.२ | सुशासन तथा भ्रष्टाचार नियन्त्रण | १६४ |
| | ९.३ | श्रम तथा रोजगार | १६८ |

| | | |
|---|---|---|
| ९.४ | विपद् व्यवस्थापन | १७२ |
| ९.५ | मानव संसाधन विकास | १७५ |
| ९.६ | सामाजिक न्याय तथा सामाजिक समावेशिता | १७८ |
| ९.७ | गरिबी निवारण | १८१ |
| ९.८ | गैरसरकारी संस्था, नागरिक समाज तथा सामाजिक सङ्घ संस्था | १८४ |
| ९.९ | तहगत एवम् अन्तर-निकाय समन्वय र सहकार्य | १८६ |
| **१०.** | **परिच्छेद दश : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन** | **१८९ - १९३** |
| १०.१ | योजना तर्जुमा तथा कार्यान्वयन | १८९ |
| १०.२ | तथ्याङ्क व्यवस्थापन | १९१ |
| १०.३ | अनुगमन तथा मूल्याङ्कन | १९३ |
| **अनुसूचीहरू** | | **१९७ - २२५** |
| | अनुसूची १: एकीकृत नतिजा खाका | १९७ |
| | अनुसूची २: योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ढाँचा | २२५ |
| **सन्दर्भ सामग्रीहरू** | | **२२७ -२२८** |

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । तीन तहका सरकारहरूका बिचमा राज्यशक्तिको बाँडफाँट संविधानको अनुसूचीमा उल्लेख भएअनुसार हुने व्यवस्था गरेको छ । जसअनुसार सङ्घको अधिकार अनुसूची-५ मा उल्लिखित विषयमा निहित हुने र त्यस्तो अधिकार संविधान र सङ्घीय कानुनबमोजिम हुने व्यवस्था रहेको छ। यसैगरी प्रदेशको अधिकार संविधानको अनुसूची-६ मा उल्लिखित विषयमा निहित हुने र त्यस्तो अधिकार संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित विषयमा निहित हुने र त्यस्तो अधिकार संविधान, सङ्घीय कानुन र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। स्थानीय तहको एकल अधिकार संविधानको अनुसूची-८ मा उल्लिखित विषयमा निहित हुने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था रहेको छ। यसैगरी संविधानको अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था रहेको छ । तीनै तहका सरकारहरूका एकल र साझा अधिकारलाई थप स्पष्ट र व्यवस्थित गर्न नेपाल सरकारले कार्यविस्तृतीकरण प्रतिवेदनलाई परिमार्जन गरी सोहीअनुसार कार्यान्वयनमा ल्याउने तयारी गरेको छ। प्रदेश सरकारहरूले भने संविधानको अधीनमा रही प्रदेशको कार्यविभाजन नियमावली र अन्य विषयगत प्रदेश कानुनबमोजिम जिम्मेवारी निर्वाह गर्दै आएका छन् । नेपाल सरकारले प्रदेश सरकारलाई खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान प्रदान गर्दै आएको छ भने संविधानको अधीनमा रही प्रदेश सरकारले आन्तरिक राजस्व सङ्कलन पनि गर्दै आएको छ। यसैगरी प्रदेशले नेपाल सरकारबाट ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानहरू पनि प्राप्त गर्दै आएको छ। यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार अन्तःशुल्क र मूल्य अभिवृद्धि करबाट सङ्कलित राजस्वको निश्चित हिस्सा पनि प्राप्त गर्दै आएको छ। संविधानको धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । प्रदेशको आवधिक योजनामा पहिचान भएका रणनीति, कार्यनीति र कार्यक्रमहरू यही सिद्धान्तलाई व्यवहारमा उतार्न सक्नेगरी तय गरिएको छ ।

नेपालमा योजनाबद्ध विकासको अनुभव सात दशक लामो भए तापनि प्रदेश स्तरमा भने यसको अभ्यास सङ्घीयताको स्थापना पश्चात् मात्र भएको हो। नेपालको संविधान जारी भई प्रदेशको स्थापनासँगै सङ्घीयताको कार्यान्वयनमा प्रवेश गरेको मधेश प्रदेशले जनताको विकासको चाहनालाई सम्बोधन गर्न प्रदेशको प्रथम आवधिक योजनाको (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) तर्जुमा गरेको हो । यस योजनाले मधेश प्रदेशको आर्थिक समृद्धिको मुख्य आधारका रूपमा कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्यलाई लिएको छ । उक्त योजनाको कार्यान्वयनको पाँच वर्ष व्यतीत हुन अब केही महिना मात्र बाँकी रहेको छ। एउटा आवधिक योजनाको सफल कार्यान्वयनको अन्तिम चरणमा रहेको यस प्रदेशले दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को तर्जुमासँगै विकासको पथमा एक परिपक्व एवम् ठोस कदम अगाडि बढाउन लागेको छ।

## १.२ नेपालमा योजनाबद्ध विकासको सङ्क्षिप्त समीक्षा

योजना भनेको कुनै खास लक्ष्य वा उद्देश्य हासिल गर्नका लागि एउटा प्रणालीबद्ध रूपमा सञ्चालन गरिने क्रियाकलापहरूको समूह हो जसले के गर्ने, कति गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसले गर्ने, कसरी गर्ने जस्ता प्रश्नहरूको उत्तर दिन्छ। विकास योजना भनेको कुनै खास समयभित्र खास उद्देश्य हासिल गर्नका लागि प्राप्त स्रोतहरूको व्यवस्थित व्यवस्थापन हो। योजनाबद्ध विकासको अवधारणा सबैभन्दा पहिले सन् १९२८ मा पूर्व सोभियत सङ्घमा सुरु भएको पाइन्छ। सन् १९२० को दशकको महामन्दीरसँगै योजनाबद्ध विकासको अवधारणा संसारभर लोकप्रिय बन्दै गएको र संसारका थुप्रै देशहरूले तीव्ररूपमा आर्थिक गतिविधिहरू सञ्चालन गर्न बाध्य बनेका थिए। उनीहरूले आफ्नो देशलाई वैदेशिक उत्पादनसँग प्रतिस्पर्धी बनाउन र घरेलु उत्पादनको संरक्षणका लागि योजनाबद्ध विकासलाई जोड दिएको पाइन्छ ।

## दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)

सन् १९२८ मा सोभियत सङ्घबाट सुरु भएको योजनाबद्ध विकासको अवधारणाको सुरुवात नेपालमा भने वि.सं. २०१३ मा भएको हो । विभिन्न कारणले विभिन्न समयमा केही त्रिवर्षीय योजनाहरू पनि कार्यान्वयनमा आएका थिए। नेपालको सात दशक लामो योजनाबद्ध विकास क्रममा दशओटा पञ्चवर्षीय र पाँचओटा त्रिवर्षीय योजनाहरू कार्यान्वयनामा आएका छन्। हाल नेपालमा १५ औं पञ्चवर्षीय योजना कार्यान्वयनमा रहेको छ भने राष्ट्रिय योजना आयोगले १६ औं योजनाको मस्यौदा पेस गरिसकेको छ। आर्थिक वर्ष २०१८/१९, २०४७/४८ र २०४८/४९ गरी तीनओटा आर्थिक वर्ष आवधिक योजना कार्यान्वयनका दृष्टिकोणले योजनाविहीन वर्षका रूपमा रहेका थिए । दोस्रो र एघारौंदेखि चौधौंसम्मका पाँचओटा योजनाहरू त्रिवर्षीय र अन्य योजनाहरू पञ्चवर्षीय योजनाका रूपमा तर्जुमा गरिएका थिए ।

**पहिलो योजना (२०१३/१४-२०१७/१८):** वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भएपछि पनि मुलुकमा राजनीतिक अस्थिरता यथावतै थियो। उक्त राजनीतिक अस्थिरताका बिचमा नेपालमा पहिलो पञ्चवर्षीय योजनाको आरम्भ तत्कालिन राजा महेन्द्र र प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको कार्यकालमा आर्थिक वर्ष २०१३/१४ देखि सुरु भई आर्थिक वर्ष २०१७/१८ मा सम्पन्न भएको थियो। पहिलो आवधिक योजनाको दस्तावेजमा २२ ओटा परिच्छेदहरू रहेका थिए। योजनाले उत्पादनको वृद्धि तथा कामको प्रवर्धन गर्नका लागि आर्थिक वृद्धि र सामाजिक विकासमा जोड दिएको थियो। पहिलो आवधिक योजनाले सरकारको आम्दानीको स्रोतका रूपमा करतर्फ भूमिकर र विर्ता भूमिकरलाई मुख्यरूपमा लिएको थियो भने भारत तथा अन्य मुलुकबाट हुने वस्तु तथा सेवाको आयातमा भन्सार शुल्क, अन्तःशुल्कलगायत आयकर आदि राजस्वको स्रोतका रूपमा अनुमान गरिएको थियो। अन्य स्रोतहरूमा ऋण र बिक्री (वनपैदावार, सिँचाइ, विद्युत्, रोपवे आदि) तथा सेवाबाट हुने आम्दानी रहेका थिए। यी सबै स्रोतबाट रु. १७ करोड आम्दानी हुने र भारत सरकारबाट रु. १० करोड सहयोग प्राप्त हुने अनुमान पहिलो आवधिक योजनाले गरेको थियो। खर्चतर्फ गाउँ विकास, कृषि, भूमिव्यवस्थापन सम्बन्धी नापी (क्याडेस्टर सर्भे), सहकारी समुदाय, भूमिसुधार, सिँचाइ, वन, यातायात (सडक, रेलमार्ग, रोपवे, हवाईमार्ग) सञ्चार, विद्युत्, उद्योग, खानी तथा खनिज, वाणिज्य तथा पर्यटन, राप्ती उपत्यका परियोजना, बसोवास तथा सरकारी निवास, स्वास्थ्य, शिक्षा, सर्भे, अनुसन्धान, तथ्याङ्क र प्रकाशन आदि क्षेत्रमा रु. ३३ करोड बजेट खर्च हुने अनुमान पहिलो आवधिक योजनाले गरेको थियो। यस अवधिमा ९३ प्रतिशत नेपाली नागरिक कृषिमा निर्भर थिए भने कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ६५ प्रतिशत रहेको थियो। नेपाली जनताको व्यक्तिगत आय ज्यादै न्यून भएका कारण बचत पनि सोहीअनुरूप न्यून थियो। यसकारण लगानी गर्ने क्षमता अति नै कमजोर भएकाले उपलब्ध स्रोतलाई मुलुकको बृहत्तर हितका लागि उपयोग गर्ने सरकारको प्रतिबद्धता रहेको थियो। यस योजनाले सामाजिक सेवा र आर्थिक विकासका लागि आवश्यक कृषि सडक र विद्युत् जस्ता आधारभूत पूर्वाधारको जग निर्माण गर्न महत्त्वपूर्ण योगदान गरेको थियो।

**दोस्रो योजना (२०१९/२०-२०२१/२२):** नेपालको दोस्रो योजनाको आरम्भ तत्कालीन राजा महेन्द्रको प्रत्यक्ष शासनकालको अवधिमा आर्थिक वर्ष २०१९/२० मा आरम्भ भई आर्थिक वर्ष २०२१/२२ मा सम्पन्न भएको थियो। दोस्रो आवधिक योजना त्रिवर्षीय योजना थियो। यस अवधिमा रु. ६० करोड खर्च हुने अनुमान गरिएकोमा रु. ५९ करोड ६८ लाख १ हजार खर्च भएको थियो। कुल खर्चमा सबैभन्दा बढी यातायात, सञ्चार र विद्युत्मा रु. २३ करोड त्यसैगरी उद्योग र पर्यटनमा रु. १० करोड ३६ लाख र सामाजिक सुरक्षातर्फ रु. ९५ लाख खर्च भएको थियो। यस योजनाले दीर्घकालीन योजनाका लागि आधार निर्माण गर्ने गरी आर्थिक विकास, रोजगारी वृद्धि र न्यायोचित सामाजिक व्यवस्थालाई मुख्य उद्देश्यको रूपमा अङ्गीकार गरेको थियो।

**तेस्रो योजना (२०२२/२३-२०२६/२७):** नेपालको तेस्रो योजना तात्कालिक प्रधानमन्त्री श्री सूर्यबहादुर थापाको पालामा आर्थिक वर्ष २०२२/२३ मा आरम्भ भई आर्थिक वर्ष २०२६/२७ मा सम्पन्न भएको थियो। यस योजनाको मुख्य उद्देश्य सबै जातजाति, भाषाभाषी, पेसा, व्यवसायको हितमा न्ययापूर्ण समाजको सिर्जना गरी नेपाली जनताको कल्याणलाई सर्वोपरि प्राथमिकतामा राख्ने रहेको थियो। यसैगरी जनताको न्यायपूर्ण र व्यावहारिक जीवनयापनको सुनिश्चित गर्नु राज्यको कर्तव्य हुने कुरामा योजनाले जोड दिएको थियो। योजनाले द्रुत आर्थिक विकासमा जोड गरेको थियो भने यसका लागि कृषिमा आधुनिक प्रविधिको प्रयोग बढाई उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको थियो। तेस्रो आवधिक योजनाका लागि कुल रु. २ अर्ब ५० करोड खर्च हुने अनुमान गरिएकोमा सार्वजनिक, पञ्चायत र निजी क्षेत्रको क्रमशः रु. १ अर्ब ७४ करोड (७० प्रतिशत), रु. २४ करोड (१० प्रतिशत) र रु. ५२ करोड (२० प्रतिशत) योगदान हुनसक्ने अनुमान रहेको थियो। यस योजनाले यातायात, सञ्चार र विद्युत् क्षेत्रलाई पहिलो प्राथमिकता दिइएको थियो भने यसपछि क्रमशः कृषि र सिँचाइ, उद्योग, सामाजिक सेवा र विविध क्षेत्रहरू रहेका थिए। यस योजनाले कृषि विकासमा प्रगतिशील परिवर्तन, यातायातको व्यवस्थापन, उद्योग र विद्युत् शक्तिको विकासलाई प्राथमिकतामा राखेको थियो ।

**चौथो योजना (२०२७/२८-२०३१/३२):** नेपालको चौथो योजना तत्कालीन प्रधानमन्त्री कृतिनिधि विष्टको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०२७/२८ देखि आरम्भ भई आर्थिक वर्ष २०३१/३२ मा सम्पन्न भएको थियो। यस योजनाले तेस्रो योजना अवधिमा सम्पन्न हुन बाँकी परियोजनाहरूलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्ने साथै आर्थिक वृद्धिलाई सहयोग पुग्ने पूर्वाधार निर्माण तथा यातायात र सञ्चारको विकास र विस्तारमा जोड दिने प्रतिबद्धता लिएको थियो। यस अवधिका लागि कुल रु. ३ अर्ब ५४ करोड खर्च हुने अनुमान भएकोमा सार्वजनिक क्षेत्रबाट रु. २ अर्ब ५५ करोड (७२.०३ प्रतिशत), पञ्चायतबाट रु. १२ करोड (३.३९ प्रतिशत) र निजी क्षेत्रबाट रु. ८७ करोड (२४.५८ प्रतिशत) योगदान हुने गरी बजेट अनुमान गरिएको थियो। निजी क्षेत्रबाट हुनसक्ने कुल लगानीमध्ये रु. ४७ करोड ५० लाख कृषि विकास बैङ्क र अनिवार्य बचत निगमले निजी क्षेत्रलाई ऋण उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएको थियो ।

**पाँचौ योजना (२०३२/३३-२०३६/३७):** नेपालको पाचौं योजना तत्कालीन प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०३२/३३ मा आरम्भ भई २०३६/३७ मा सम्पन्न भएको थियो। यस अवधिमा गरिएको कुल खर्चमा ५५ प्रतिशत आन्तरिक स्रोतबाट र बाँकी ४५ प्रतिशत बाह्य स्रोतबाट ब्यहोर्ने अनुमान गरिएको थियो। यस योजनाको सुन्दरता भनेको बजेटमा लचकता थियो। जसअनुसार स्रोत उपलब्धताका आधारमा न्यूनतम रु. ९ अर्ब १९ करोड र अधिकतम रु. ११ अर्ब ४० करोड अनुमान गरिएको थियो। यस अवधिमा कुल गार्हस्थ्य उत्पादन वार्षिक रूपमा ४ देखि ५ प्रतिशतमा बढ्ने अनुमान गरिएको थियो। पाँचौ आवधिक योजनाको मुख्य उद्देश्य जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्नेगरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु रहेको थियो। न्यूनतम कार्यक्रमअन्तर्गत कुल अनुमानित बजेटको सबैभन्दा बढी हिस्सा कृषि, सिँचाइ, भूमि सुधार र वन क्षेत्रका लागि २९.८ प्रतिशत, उद्योग वाणिज्य र ऊर्जा क्षेत्रका लागि २२.४ प्रतिशत, यातायात र सञ्चार क्षेत्रका लागि २४.२ प्रतिशत र सामाजिक (स्वास्थ्य, शिक्षा र खानेपानी) क्षेत्रका लागि २३.६ प्रतिशत सरकारी तवरबाट खर्च गर्ने अनुमान रहेको थियो ।

**छैटौं योजना (२०३७/३८-२०४१/४२):** नेपालको छैटौं योजना तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०३७/३८ मा आरम्भ भई २०४१/४२ मा सम्पन्न भएको थियो। यस अवधिका लागि कुल रु. ३३ अर्ब ९४ करोड बजेट अनुमान गरिएकोमा सार्वजनिक क्षेत्रबाट रु. २० अर्ब ४९ करोड (६०.४ प्रतिशत) खर्च हुने, पञ्चायत क्षेत्रबाट रु. १ अर्ब ८० करोड (५.३ प्रतिशत) खर्च हुने र निजी क्षेत्रबाट रु. ११ अर्ब ६५ करोड (३४.३ प्रतिशत) खर्च हुने अनुमान गरिएको थियो। निजी क्षेत्रबाट हुने लगानीमध्ये कृषि विकास बैङ्कबाट रु. ३४ करोड, नेपाल औद्योगिक विकास निगमबाट रु. २० करोड र घरेलु उद्योगबाट रु. १२ करोड वित्तीय सहयोग लिने तथा निजी क्षेत्रले आफ्नो बचतबाट रु. १० अर्ब ९९ करोड लगानी गर्ने अपेक्षासहित बजेट अनुमान गरिएको थियो। यस अवधिमा बैंकिङ्ग प्रणालीको विस्तार, उदार अर्थतन्त्र र औद्योगिक नीतिलाई अवलम्बन गरिएको थियो। यस अवधिमा निजी क्षेत्रको लगानीलाई उच्च प्राथमिकता दिइएको थियो। यस अवधिको कुल बजेटमध्ये मुलुकको दुर्गम र पछाडि परेका क्षेत्रहरूको विकासका लागि रु. २१ अर्ब ७५ करोड खर्च हुने अनुमान गरिएको मध्ये ३०.४ प्रतिशत कृषि, सिँचाइ र वन क्षेत्रको विकासका लागि, २५.८ प्रतिशत उद्योग, खानी र ऊर्जा क्षेत्रका लागि, २४.४ प्रतिशत सामाजिक क्षेत्र जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, पञ्चायत, आवास तथा सहरी योजना, सूचना तथा प्रसारण, प्रशासनिक सुधार तथा योजनालगायत विविध क्षेत्रको विकास र १९.४ प्रतिशत बजेट यातायात र सञ्चारको विकासका लागि विनियोजन गरिएको थियो।

**सातौं योजना (२०४२/४३-२०४६/४७):** नेपालको सातौं योजना तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०४२/४३ मा आरम्भ भई २०४६/४७ मा सम्पन्न भएको थियो। यस योजनाको मुख्य उद्देश्य उच्च दरमा उत्पादन वृद्धि गर्ने, उत्पादनमूलक रोजगारको अवसर वृद्धि गर्ने र जनताको न्यूनतम आधारभूत आवश्यकता पूर्ति गर्ने रहेको थियो। यस अवधिका लागि कुल विकास बजेट रु. ५१ अर्ब ४१ करोड अनुमान गरिएकोमा सार्वजनिक क्षेत्रबाट रु. २७ अर्ब (५४ प्रतिशत) खर्च हुने, पञ्चायत क्षेत्रबाट रु. २ अर्ब (४ प्रतिशत) खर्च हुने र निजी क्षेत्रबाट रु. २१ अर्ब (४२ प्रतिशत) खर्च हुने अनुमान गरिएको थियो। कुल विनियोजन मध्ये ३४ प्रतिशत कृषि, सिँचाइ र वन क्षेत्रको विकासका लागि, २२ प्रतिशत उद्योग खानी र ऊर्जा क्षेत्रका लागि, १४ प्रतिशत सामाजिक क्षेत्रको विकास र ३० प्रतिशत बजेट यातायात र सञ्चारको विकासका लागि विनियोजन भएको थियो।

**आठौं योजना (२०४९/५०-२०५३/५४):** २०४६ सालको जनआन्दोलनको उपलब्धिले नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएपछि बनेको नेपालको संविधान, २०४७ अनुकूल हुनेगरी पहिलो योजनाका रूपमा आठौं योजना तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०४९/५० मा आरम्भ भई २०५३/५४ मा सम्पन्न भएको थियो। यस योजना अवधिको मुख्य उद्देश्य मुलुकमा दिगो आर्थिक वृद्धि, गरिबी निवारण र क्षेत्रीय असन्तुलन न्यूनीकरण गर्नु रहेको थियो। यसका लागि कृषिमा विविधीकरण र विस्तार गर्ने, ऊर्जाको क्षेत्रमा विकास गर्ने, ग्रामीण पूर्वाधारको विकास गर्ने, मानव स्रोतको विकास गरी रोजगारी सिर्जना गर्ने, जनसङ्ख्या वृद्धि नियन्त्रण गर्ने, पर्यटन प्रवर्धन र औद्योगिक विकासमा जोड दिने, निर्यात प्रवर्धन गर्ने, बृहत् अर्थतन्त्रलाई स्थिरीकरण गर्ने र विकास प्रशासनमा सुधार गर्नेगरी प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएका थिए। यस योजनामा क्षेत्रगत उद्देश्य, प्राथमिकता र नीतिहरू पनि तय गरिएका थिए भने **'विकासमा महिला'** भन्ने नारासमेत स्थापित गरिएको थियो। यस अवधिका लागि कुल विकास बजेट रु. १ खर्ब १३ अर्ब ४७ करोड ९० लाख अनुमान गरिएको थियो। कुल विनियोजनमध्ये २५.७ प्रतिशत कृषि, सिँचाइ र वन क्षेत्रको विकासका लागि, २ प्रतिशत उद्योग र खानी क्षेत्रका लागि, २०.९ प्रतिशत बजेट ऊर्जा क्षेत्रको विकासका लागि, व्यापार र पर्यटन क्षेत्रका लागि १.३ प्रतिशत, यातायात र सञ्चार क्षेत्रको विकासका लागि १७.७ प्रतिशत, सामाजिक क्षेत्रको विकासका लागि ३१.५ प्रतिशत र विविध क्षेत्रका लागि ०.९ प्रतिशत बजेट विनियोजन गरिएको थियो ।

**नवौं योजना (२०५४/५५-२०५८/५९):** नेपालको नवौं योजना तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०५४/५५ मा आरम्भ भई २०५८/५९ मा सम्पन्न भएको थियो। यस योजनाको मुख्य लक्ष्य गरिबी न्यूनीकरण गर्नु रहेको थियो। यस योजनाले अङ्गीकार गरेका मुख्य रणनीतिहरूमा कृषि र वन क्षेत्रको एकीकृत विकास गर्ने, प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्दै कृषि, जलस्रोत, उद्योग, पर्यटन र यातायातको क्षेत्रमा तुलनात्मक लाभ हुने गरी विकासलाई अगाडि बढाउने, विभिन्न क्षेत्र तथा समुदायमा विद्यमान आर्थिक तथा सामाजिक असमानता घटाउने, मुलुकमा उपलब्ध आर्थिक, मानवीय र प्राकृतिक स्रोतको उच्चतम उपयोग गरी बाह्य परनिर्भरता कम गर्दै लैजाने, विकासका लागि महत्त्वपूर्ण औजारका रूपमा सहकारीहरूको भूमिकालाई स्थापित गर्ने र व्यापार, उद्योग र कृषि क्षेत्रको विस्तार र विकासमा जोड दिने रहेको थियो। विकेन्द्रीकरणका माध्यमद्वारा स्थानीय सङ्घ संस्थाहरूको नेतृत्व विकास गरी ग्रामीण विकासमा जोड दिने विषय पनि यस योजनाको महत्त्वपूर्ण कदम थियो। यस अवधिमा कृषि क्षेत्रको समग्र विकासलाई ध्यानमा राखी **२० बर्षे दीर्घकालीन कृषि योजना** पनि कार्यान्वयनमा ल्याइएको थियो। तथापि, आठौं योजना अवधिमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४१.७ प्रतिशत रहेकोमा नवौं योजना अवधिमा कृषि क्षेत्रको योगदान ३७.९ प्रतिशतमा झार्ने र गैर-कृषि क्षेत्रको योगदान ५८.३ प्रतिशतबाट बढाएर ६२.१ प्रतिशतमा पुर्‍याउने लक्ष्य रहेको थियो। यस अवधिमा कुल रु. ३ खर्ब ७२ अर्ब ७१ करोड बराबर पुँजीगत लगानी हुने अनुमान गरिएको थियो । जसमध्ये ६६ प्रतिशत निजी क्षेत्रबाट र बाँकी ३४ प्रतिशत सरकारी तवरबाट खर्च हुने अनुमान रहेको थियो।

**दशौं योजना (२०५९/६०-२०६३/६४):** नेपाल दशौं योजना तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०५९/६० मा आरम्भ भई २०६३/६४ मा सम्पन्न भएको थियो। यस अवधिमा तत्कालिक राजा वीरेन्द्रको वंश नाश हुने गरी दरबार हत्याकाण्ड भएको र मुलुकमा सशस्त्र द्वन्द्व आरम्भ भएका कारण राजनीतिक अस्थिरता सिर्जना भई आर्थिक गतिविधिहरू चलायमान हुन सकेका थिएनन् । दशौं योजना तर्जुमा गर्दा बृहत्तर सार्वजनिक छलफल भएको थियो । हरेक मन्त्रालय र विभागहरूको संलग्नतामा परियोजनाहरू छनौट गरिएको थियो। गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्यलाई सहयोग पुग्ने, क्षेत्रगत प्राथमिकतालाई योगदान पुग्ने, क्षेत्रीय सन्तुलन कायम गर्न सहयोग पुग्ने, जनताको सहभागिता सुनिश्चित गर्ने, विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय निकायहरूको सहभागिता बढाउने र निजी क्षेत्रको सहभागिता बढाउने जस्ता कुराहरूलाई ध्यानमा राखी दशौं योजना अवधिमा कार्यान्वयन गर्ने गरी परियोजनाहरू छनौट गरिएका थिए। यस योजनाको मुख्य लक्ष्य पनि नवौं योजनाको जस्तै **गरिबी न्यूनीकरण** गर्नु रहेको थियो। यस योजनाले मूलकको समग्र विकासमा सरकारको मात्रै जिम्मेवारी नभई स्थानीय निकायहरू, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सामुदायिक सङ्घ संस्थाहरू र नागरिक समाजको पनि उत्तिकै भूमिका रहन्छ भनी अन्य निकायहरूलाई पनि मुलुकको विकासका लागि जिम्मेवार बनाउन खोजेको देखिन्छ । यस योजनाको कुल लगानी अनुमान रु. ६ खर्ब ९ अर्ब ८२ करोड रहेको थियो र औसत वार्षिक वृद्धि दर ६.२ हुने अनुमान रहेकोमा ३.४ प्रतिशत प्रगति भएको थियो।

**एघारौं त्रिवर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७):** नेपालको एघारौं त्रिवर्षीय अन्तरिम योजना तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्री कालमा आर्थिक वर्ष २०६४/६५ मा आरम्भ भई २०६६/६७ मा सम्पन्न भएको थियो। यस योजनाले आर्थिक र सामाजिक रूपान्तरणको जग बसाली समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने सोच राखेको थियो। यसैगरी मुलुकमा विद्यमान बेरोजगारी, गरिबी र असमानता घटाई देशमा शान्ति स्थापना गरी सर्वसाधारण जनताको जीवनमा आमूल परिवर्तन ल्याउने उद्देश्य योजनाले लिएको थियो। योजनाले लिएका मुख्य रणनीतिहरू राहत, पुनर्निर्माण र पुर्नवास जस्ता कार्यक्रमलाई उच्चरूपमा जोड दिने, रोजगारी सिर्जना र गरिबीसँग जुध्न सक्नेगरी आर्थिक वृद्धि हासिल गर्ने, सुशासन र प्रभावकारी सेवा प्रवाहलाई प्रवर्धन गर्ने, पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, सामाजिक विकासमा जोड दिने तथा समावेशी विकासलाई आत्मसात् गर्ने आदि रहेका थिए। यस अवधिमा कुल लगानी अनुमान रु. ५ खर्ब ११ अर्ब ३८ करोड रहेको थियो भने औसत आर्थिक वृद्धि ५.५ प्रतिशत हुने अनुमान गरिएकोमा ४.७ प्रतिशत प्रगति भएको थियो।

**बाह्रौं त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०):** नेपालको बाह्रौं त्रिवर्षीय योजनाको अवधि आ.व. २०६७/६८-२०६९/७० रहेको थियो। यो योजनाले सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति कम विकसित मुलुकहरूको उत्थान कार्ययोजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सिर्जना गर्ने रहेको थियो। यसका साथै मुलुकमा विद्यमान असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक समावेशीकरण बढाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक विकासलाई जोड दिने लक्ष्य योजनाले लिएको थियो। यस अवधिमा २०६७/६८ को स्थिर मूल्यमा रु. १० खर्ब २० अर्ब खर्च हुने लक्ष्य रहेकोमा रु. ८ खर्ब २८ अर्ब (८१ प्रतिशत) मात्र खर्च भएको थियो।

**तेह्रौं त्रिवर्षीय योजना (२०७०/७१-२०७२/७३):** नेपालको तेह्रौं त्रिवर्षीय योजना आ.व. २०७०/७१ मा आरम्भ भई आ.व. २०७२/७३ मा सम्पन्न भएको थियो। त्रिवर्षीय योजनाका रूपमा कार्यान्वयनमा आएको तेह्रौं योजनाले सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोचका साथ देशमा व्याप्त आर्थिक एवम् मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा परिवर्तनको अनुभूति गराउने उद्देश्य रहेको थियो। योजनाले यी उद्देश्य हासिल गर्न ऊर्जा, कृषि, पर्यटन, उद्योग, व्यापार, आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार लगायतका क्षेत्रहरूलाई प्राथमिकतामा राखेको थियो। यस योजना अवधिमा कुल रु. १६ खर्ब १६ अर्ब ७५ करोड खर्च हुने अनुमान गरिएकोमा रु. १३ खर्ब ५८ अर्ब ६३ करोड खर्च भएको थियो भने यो खर्च कुल गार्हस्थ्य उत्पादनको औसत २४.७ प्रतिशत रहेको थियो ।

**चौधौं त्रिवर्षीय योजना (२०७३/७४-२०७५/७६):** नेपालको चौधौं त्रिवर्षीय योजना आ.व. २०७३/७४ मा आरम्भ भई आ.व. २०७५/७६ मा सम्पन्न भएको थियो। संविधानसभामार्फत नेपालको संविधान जारी भएपछि यो योजना कार्यान्वयनमा आएको थियो। यो योजनालाई नेपालमा सङ्घीय व्यवस्था अनुकूलको शासकीय व्यवस्थालाई मार्गदर्शन गर्ने पहिलो योजनाका रूपमा पनि लिइन्छ भने २०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको पुनःनिर्माणलाई यो योजनाले प्रमुख प्राथमिकतामा राखेको थियो। यस योजनाले उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा मूलकमा विद्यमान गरिबी न्यूनीकरण गरी आर्थिक सामाजिक रूपान्तरण गर्ने उद्देश्य लिएको थियो। योजना अवधिमा लगानीमैत्री आर्थिक नीति, विद्युत् आपूर्ति प्रणालीमा भएको सुधार, श्रम सम्बन्धमा सुधार र राजनीतिक स्थायित्वले गर्दा लगानीको वातावरण अनुकूल भएका कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गएको थियो । योजना अवधिमा कुल रु. ३० खर्ब ३४ अर्ब ९२ करोड सरकारी खर्च भएको थियो। योजना अवधिको पहिलो, दोस्रो र तेस्रो वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक खर्च क्रमशः ३१.३, ३५.९ र ३१.६ प्रतिशत रहेको थियो। योजना अवधिमा वार्षिक औसत ७.२ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिइएकोमा लक्ष्यभन्दा अधिक ७.४ प्रतिशतको औसत आर्थिक वृद्धि हासिल भएको थियो।

**पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१):** नेपालको पन्ध्रौं योजना आ.व. २०७६/७७ बाट सुरु भई चालु आ.व. २०८०/८१ मा सम्पन्न भइसकेको छ। यस योजनाको दीर्घकालीन सोच 'समृद्ध नेपाल, सुखी नेपाली' रहेको छ। सो सोच प्राप्त गर्न योजनाले समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यका रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने लक्ष्य लिएको छ। यसका लागि समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकका रूपमा रूपान्तरण भएको हुनेछ। यो आवधिक योजनाले समृद्धिका चारओटा आधार र सुखका छओटा

आधारहरू तय गरेको छ। साथै, आठओटा दीर्घकालीन राष्ट्रिय रणनीतिहरू, नौओटा रूपान्तरणका प्रमुख संवाहकहरू र आठओटा सहयोगी क्षेत्रहरू पहिचान गरेको छ। यस योजनाको प्रमुख नतिजा हासिल गर्ने क्षेत्रहरूमा उच्च र समातामूलक राष्ट्रिय आय, मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता, उच्च र दिगो उत्पादन तथा उत्पादकत्व, परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, सुशासन, सबल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मान जस्ता विषयहरूलाई जोड दिएको छ। यस अवधिमा कुल लगानी अनुमान रु. ९२ खर्ब २९ अर्ब २९ करोड रहेको छ भने औसत आर्थिक वृद्धि ९.६ प्रतिशत हुने अनुमान गरिएकोमा आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि ४.७ प्रतिशत कायम हुने अनुमानका आधारमा २.९ प्रतिशत प्रगति हुने अनुमान गरिएको छ।

## १.३ प्रदेशको योजनाबद्ध विकासको सङ्क्षिप्त समीक्षा

नेपालमा योजना तर्जुमाको अभ्यास लामै भए तापनि प्रदेश सरकारहरूको अनुभव नयाँ छ। नेपालमा सङ्घीय व्यवस्था लागु भएपछि मधेश प्रदेशले बनाएको पहिलो आवधिक योजनाको चार वर्षको अनुभव मात्रै यस प्रदेशको रहेको छ। गत चार आर्थिक वर्षको अनुभवमा टेकेर यस प्रदेशले दोस्रो आवधिक योजना तर्जुमा गरेको छ। यसै अवधिमा पहिलो योजनाको कार्यान्वयनको अवस्थाको जानकारी प्राप्त गर्ने उद्देश्य सो योजनाको समीक्षासमेत गरिएको छ। उक्त समीक्षा प्रतिवेदनले पहिचान गरेका सवल र कमजोर पक्षहरूलाई समेत ध्यानमा राखी कार्यान्वयनयोग्य योजना बनाउने प्रयास भएको छ। मधेश प्रदेशको पहिलो आवधिक योजना आर्थिक वर्ष २०७६/७७ मा सुरु भई चालु आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न हुन गइरहेको छ। यस अवधिमा नीति तथा योजना आयोगले सार्वजनिक निजी साझेदारीबाट सञ्चालन हुने र सरकारी तवरबाट कार्यान्वयन हुनसक्ने गरी ५८ ओटा परियोजनाहरू पहिचान गरेर परियोजना बैङ्क तयार गरेको छ। यसैगरी वि.सं. २०७९ मा मधेश प्रदेशको दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति सर्वेक्षण गरेको छ। यस अवधिमा ४४ ओटा ऐन, ३ ओटा नियमावली र ११ ओटा कार्यविधि/मापदण्ड/निर्देशिकाहरू निर्माण भएका छन्। योजना प्रक्रियालाई संस्थागत गर्न प्रदेश नीति तथा योजना आयोगसम्बन्धी ऐन तर्जुमा भई आयोग समेत गठन भएको छ। प्रदेश नीति तथा योजना आयोगले योजना तर्जुमा र यसको कार्यान्वयनमा सहजीकरण र अनुगमनको कार्य गर्दै आएको छ।

## १.४ पहिलो आवधिक योजनाको समीक्षा

यस वर्ष मधेश प्रदेश सरकारको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) कार्यान्वयनको अन्तिम वर्षमा रहेकाले उक्त योजनाको प्रभावकारिता एवम् कार्यान्वयन अवस्थालाई मूल्याङ्कन गरी समीक्षा गरिएको छ। नेपालको इतिहासमा सङ्घीय संरचनाको पहिलो अभ्यास र त्यसै बिच कार्यान्वयनमा आएको पहिलो आवधिक योजनाको कार्यान्वयनको अनुभव, उपलब्धि र सिकाइहरूले आगामी आवधिक योजनाको तर्जुमामा विशिष्ट महत्त्व राख्दछ। साथै यसले दोस्रो योजनाको तर्जुमाको आधारसमेत बनाउने छ। विगत चार वर्षको समीक्षा हेर्दा सन्तोषजनक परिणामहरू हासिल हुन सकेको देखिँदैन र त्यसका विभिन्न आन्तरिक एवम् बाह्य कारणहरू रहेका छन्। योजना कार्यान्वयनको पहिलो वर्षमै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ माहामारीको प्रकोप र त्यसले गरेको मानवीय र आर्थिक क्षतिको असर सर्वत्र परेको देखिन्छ।

कोभिड-१९ महामारीले देश लगायत प्रदेशको समग्र आर्थिक-सामाजिक अवस्थामा गम्भीर असर पारेका कारण मुलुकको अर्थतन्त्र खुम्चिन पुग्यो। योजनाले तय गरेको नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरूले तोकेको लक्ष्य हासिल गर्न सकेन। महामारीका कारण योजनाले निर्धारण गरेका प्राथमिकताहरू परिवर्तन गरी कोभिड-१९ को रोकथामतर्फ केन्द्रित हुनुपर्ने अवस्था सिर्जना भयो ।

पहिलो योजना अवधिमा आधारभूत मूल्यमा ११ प्रतिशतको औसत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य रहेकोमा महामारीका कारण योजनाको पहिलो वर्ष नै आर्थिक वृद्धिदर न्यून रहन गयो। त्यसपछि आ.व. २०७८/०७९ मा ४.६३ प्रतिशत र आ.व. ०७९/०८० मा १.६९ प्रतिशत वृद्धिदर मात्र हासिल हुनपुग्यो । महामारी पछि पुनरुत्थानतर्फ अग्रसर भएको अर्थतन्त्रमा रुस-युक्रेन युद्धले थप चुनौतीहरू सिर्जना गरी मधेश प्रदेशको आर्थिक विकासमा नकारात्मक असर पर्न गयो ।

पहिलो आवधिक योजनाको चार वर्षको अवधिमा मुख्यतः चारओटा क्षेत्रहरू जस्तै आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार तथा अन्तर-सम्बन्धित र सर्वोपरि विषयअन्तर्गत तय भएका रणनीति, कार्यनीति, कार्यक्रम र प्रभाव, असर र प्रतिफल तहका

सूचकहरूको उपलब्धिको विश्लेषण गर्दा कुल १२९ ओटा रणनीतिमध्ये ७५ ओटा कार्यान्वयन भएका, कुल ३०८ ओटा कार्यनीतिमध्ये १४० ओटा कार्यान्वयनमा आएका, ५०७ ओटा कार्यक्रमहरूमध्ये १९४ ओटा कार्यक्रमहरूमात्रै कार्यान्वयन भएका र ५०६ ओटा सूचकहरू मध्ये २३१ ओटा सूचकहरूको मात्रै प्रगति हासिल हुनसकेको अवस्था रहेको छ ।

पहिलो आवधिक योजनामा रहेको समग्र आर्थिक क्षेत्रअन्तर्गत बचत तथा लगानी, सार्वजनिक खर्च, राजस्व परिचालन, आन्तरिक ऋण, वैदेशिक सहयोग, निजी क्षेत्र, विदेशी लगानी र सहकारी उपक्षेत्रमा कुल ७७ ओटा कार्यनीतिहरू तय गरिएका मध्ये २५ ओटा (३२ प्रतिशत) कार्यान्वयन भएका, ३१ ओटा (४० प्रतिशत) आंशिक रूपमा कार्यान्वयन भएका र बाँकी २१ ओटा (२७ प्रतिशत) कार्यान्वयन हुन सकेनन् ।पहिलो आवधिक योजना अवधिमा कुल रु. ६० अर्ब आन्तरिक राजस्व उठ्ने अनुमान गरिएकोमा पहिलो आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्मको चार वर्षमा कुल रु. ५२ अर्ब २६ करोड १८ लाख आन्तरिक राजस्व सङ्कलन भइसकेको हुँदा चालु आर्थिक वर्षको अन्त्यसम्म उक्त लक्ष्य सहजै हासिल हुने देखिन्छ।यसका आधारमा राजस्व सङ्कलनको उपलब्धि ज्यादै उत्साहजनक रहेको छ।पहिलो आवधिक योजनाको चार वर्षको अवधिमा कुल विनियोजित चालु र पुँजीगत बजेट खर्च गर्ने क्षमताको विश्लेषण गर्दा औसतमा ५६.७७ प्रतिशत रहेको छ।

पहिलो आवधिक योजनाको चार आर्थिक वर्षमा खर्च हुनसक्ने गरी अनुमान गरिएको कुल चालु खर्चका तुलनामा औसतमा यथार्थ खर्च ४८.४७ प्रतिशत र पुँजीगत खर्च अनुमानको तुलनामा ५१.१३ प्रतिशत मात्र खर्च हुन सकेको छ। सोही अवधिमा समष्टिगत आर्थिक क्षेत्रअन्तर्गत आन्तरिक ऋण, निजी क्षेत्रसँगको साझेदारी र विदेशी लगानीका क्षेत्रमा सन्तोषजनक कार्य हुन सकेको देखिदैन।विगत तीन आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्ममा मधेश प्रदेशको सञ्चित कोषमा विभिन्न विकास साझेदार संस्थाहरूले उपलब्ध गराएको बजेट र खर्चको अवस्था विश्लेषण गर्दा प्राप्त कुल बजेटमध्ये २४ प्रतिशत मात्रै खर्च हुनसकेको छ भने दाताको संयुक्त कोषबाट भएको खर्च प्रगति २९ प्रतिशत मात्र रहेको छ ।यस प्रदेशमा धेरै विकास साझेदार निकायहरूले विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको भए तापनि प्रदेशको लेखा प्रणालीभन्दा बाहिरबाट (अफ बजेट) विकास साझेदार निकायहरूबाट गरेको खर्चको वास्तविक विवरण तथा सहयोगको आँकडा प्राप्त गर्न कठिन रहेको छ।

आर्थिक क्षेत्रअन्तर्गत जम्मा ३९ ओटा रणनीतिहरू तय गरिएका मध्ये ४६ प्रतिशत कार्यान्वयन भएको र ५४ प्रतिशत कार्यान्वयन हुनसकेको छैन। यसैगरी कार्यनीति अन्तर्गत कुल १२२ ओटा कार्यनीतिहरू निर्धारण भएकामध्ये ३३ प्रतिशत मात्रै कार्यान्वयन हुनसकेका छन् भने ६७ प्रतिशत कार्यान्वयनमा आउन सकेका छैनन्।आर्थिक क्षेत्रअन्तर्गत जम्मा १२० ओटा कार्यक्रमहरू निर्धारण भएकामा ५० प्रतिशत कार्यान्वयनमा आएका र बाँकी ५० प्रतिशत कार्यान्वयन हुनसकेका छैनन्।यसैगरी आर्थिक क्षेत्रअन्तर्गत प्रभाव, असर र प्रतिफल तहमा कुल १७० ओटा सूचकहरू रहेकामा ७० ओटा सूचकहरू (४१ प्रतिशत) को मात्र प्रगति विवरण हासिल हुनसकेको छ भने बाँकी ५९ प्रतिशत सूचकहरूको विवरण प्राप्त हुन सकेन।

सामाजिक विकास क्षेत्रअन्तर्गतका ७८ प्रतिशत रणनीतिहरू र ५८ प्रतिशत कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेका छन् । पहिलो आवधिक योजनाले सामाजिक विकास क्षेत्रअन्तर्गत कार्यान्वयनका लागि प्रस्ताव गरेका १६५ ओटा कार्यक्रमहरू मध्ये ६२ ओटा अर्थात् ३८ प्रतिशत कार्यक्रमहरू मात्र कार्यान्वयनमा आएका छन्। यसैगरी सामाजिक विकास क्षेत्रको प्रगति मापनका लागि जम्मा १४८ ओटा सूचकहरू तय गरिएका मध्ये ४५ ओटा सूचकहरूको मात्र प्रगति देखिएको छ।स्वास्थ्य उप-क्षेत्रबाहेक कुनै पनि उप-क्षेत्रको प्रगति ५० प्रतिशतभन्दा माथि रहेको छैन।जेष्ठ नागरिक र अपाङ्गता उपक्षेत्रका सबैभन्दा कम सूचकहरूको प्रगति हासिल भएको छ भने युवा तथा खेलकुद उपक्षेत्रको कुनै पनि सूचकको प्रगति विवरण प्राप्त हुनसकेको छैन।
पूर्वाधार क्षेत्रअन्तर्गत जम्मा चारओटा उपक्षेत्रहरू रहेकामध्ये ती उपक्षेत्रहरू अन्तर्गत कुल १६ ओटा रणनीतिहरू रहेकोमा ४४ प्रतिशत कार्यान्वयन भएको र ५६ प्रतिशत कार्यान्वयन हुन नसकेको अवस्था छ। यसैगरी कार्यनीति अन्तर्गत कुल ३९ ओटा कार्यनीतिहरूमध्ये ३८ प्रतिशत मात्रै कार्यान्वयन हुनसकेका छन् भने ६२ प्रतिशत कार्यनीतिहरू कार्यान्वयन हुनसकेका छैनन्। यस क्षेत्रअन्तर्गत कुल ७० ओटा कार्यक्रमहरू निर्धारण भएकामध्ये १६ प्रतिशत मात्रै कार्यान्वयनमा आउन सकेका छन् भने बाँकी ८४ प्रतिशत कार्यान्वयन हुनसकेका छैनन् ।यसैगरी यस क्षेत्रअन्तर्गत प्रभाव, असर र प्रतिफल तहका कुल ५९ ओटा सूचकहरूमध्ये ४६ ओटा सूचकहरू (७८ प्रतिशत) को प्रगति विवरण हासिल भएको छ भने बाँकी २२ प्रतिशत सूचकहरूको विवरण प्राप्त हुन सकेको छैन।

## दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)

अन्तरसम्बन्धित तथा सर्वोपरि विषय क्षेत्रअन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनको अवस्था हेर्दा ६० प्रतिशत रणनीति र ५७ प्रतिशत कार्यनीतिहरू कार्यान्वयनमा आएका छन्। आवधिक योजनामा अन्तरसम्बन्धित तथा सर्वोपरी विषयको कार्यान्वयनका लागि प्रस्ताव गरिएका १४३ ओटा कार्यक्रमहरू मध्ये ५७ ओटा अर्थात् ४० प्रतिशत कार्यक्रमहरू मात्र कार्यान्वयनमा आएका छन् भने १२९ ओटा सूचकहरू तय गरिएका मध्ये ७० ओटा सूचकहरूको मात्र प्रगति देखिएको छ। वन तथा वातावरण उप-क्षेत्रबाहेक कुनै पनि उप-क्षेत्रको प्रगति ५० प्रतिशतभन्दा माथि रहेको छैन। तथ्याङ्क व्यवस्थापन र मानव संसाधन विकास उपक्षेत्रहरूको प्रगति शून्य रहेको छ। जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यक्रम कार्यान्वयन प्रगति र सूचकको प्रगति बिच तालमेल देखिँदैन।

पहिलो आवधिक योजनाले प्रतिव्यक्ति आय १,००० अमेरिकी डलर पुर्‍याउने लक्ष्य लिएकोमा आ.व. २०७९/८० सम्ममा ८७५अमेरिकी डलर पुगेको अनुमान छ। मधेश प्रदेशमा समग्र गरिबीको दर र बहुआयमिक गरिबी दर आधार वर्ष (आ.व. २०७५/७६) मा क्रमशः २७.७ र ४७.९ प्रतिशत रहेकोमा त्यसमा सुधार भई आ.व. २०७९/८० मा क्रमशः २२.५३ र २४.२ प्रतिशत पुगेको छ। जुन योजनाले समग्र गरिबीको दर २१ प्रतिशत पुर्‍याउने लिएको लक्ष्यभन्दा कम हो। त्यस्तै मानव विकास सूचकाङ्क ०.४२१ बाट ०.५१९ मा वृद्धि भएको छ। तर, मानव विकास सूचकाङ्कमा मधेश प्रदेश सातओटै प्रदेशभन्दा पछाडि रहेको तथ्याङ्कले देखाउँछ  र त्यसमा महोत्तरी र रौतहट जिल्लाको अवस्था सबैभन्दा कमजोर रहेको छ।

सामाजिक विकास सूचकाङ्क तर्फ प्राप्तिको अवस्था प्रगति उन्मुख देखिन्छ;  जस्तै मातृ मृत्यूदर (प्रतिलाख जीवित जन्ममा) १४० र बाल मृत्युदर (५ वर्षमुनिको प्रतिहजार जीवित जन्ममा) आ.व. २०७५/७६ मा ५२ र आ.व. २०७९/८० मा सुधार हुँदै ४३ मा झरेको छ। दक्ष जनशक्तिबाट प्रसूति सेवा प्राप्त गर्ने महिलाको सङ्ख्या ६८ प्रतिशत, उत्तर प्रसूति सेवा प्राप्त गर्ने महिलाको सङ्ख्या ५७.८ प्रतिशत र पूर्ण खोप प्राप्त बालबालिका ८६ प्रतिशत छन्। प्रदेशअन्तर्गतका ११३ स्थानीय तहमा पूर्णखोप सञ्चालनमा ल्याइएको छ, जुन राष्ट्रिय औसत उपलब्धिभन्दा माथि रहेको छ।

प्रथम आवधिक योजनाले प्रदेशको औसत आयु (जन्महुँदाको बखत) ७३ वर्ष पुर्याउने लक्ष्य लिएको थियो र आ.व. २०७९/८० सम्ममा औसत आयु ७१.८ वर्ष पुगेको देखिन्छ। जुन आधार वर्षको औसत आयुको (७०.४ वर्ष) तुलनामा बढोत्तरी हो र यसलाई योजना कार्यान्वयनको अवधिमा स्वास्थ्य क्षेत्रमा प्रदेशले गरेको लगानीको प्रतिफल मान्न सकिन्छ।

शिक्षाको अवस्था विश्लेषण गर्दा आधारभूत तह (कक्षा १-८) मा शिक्षामा खुद भर्ना दर ९४.१ प्रतिशत, विद्यालय बाहिर रहेका (४-९ वर्ष उमेर समूहका) २१.७ र १०-१७ वर्ष उमेर समूहका २०.७ प्रतिशत पाईन्छन्। मधेश प्रदेशको समग्र साक्षरताको अवस्था आवधिक योजनाको आधार वर्षमा ४९.५ प्रतिशत रहेकोमा योजना अवधिमा ९७ प्रतिशत पुर्‍याउने लक्ष्य निर्धारण गरिएकोमा आ.व. २०७९/८० सम्मको उपलब्धि ६३.५ प्रतिशत पुगेको छ।

सामाजिक विकासतर्फका अन्य तथ्याङ्कहरूले मिश्रित प्रतिफलहरू देखाएको छ। मधेशमा बालविवाहको दर उच्च (४२.४ प्रतिशत) छ। पाँच वर्षमुनिका बालबालिकाहरूको जन्मदर्ताको प्रगति ७६.६ प्रतिशत छ। वैदेशिक रोजगारका लागि यस प्रदेशबाट जानेको सङ्ख्या अत्यधिक छ र विगत तीन वर्षको (आ.व. २०७७/७८-२०७९/८०) अवधिमा मात्र रोजगारीका लागि प्रवाशिनेको सङ्ख्या १,८१,६१३ रहेको तथ्याङ्कले देखाएको छ। नेपालबाट वैदेशिक रोजगारीमा सबैभन्दा ठुलो सङ्ख्यामा कामदार जाने जिल्ला धनुषा हो। त्यस्तै प्रदेशमा विद्युत् मा पहुँच भएको जनसङ्ख्या ९६.३ प्रतिशत र शौचालय सुविधायुक्त घरधुरी ८८ प्रतिशत रहेको छ।

मधेश प्रदेशमा जीवनको आधार मानिने चुरेको अवस्था संरक्षणको अभावमा खस्किँदो छ त्यसको फलस्वरूप भूमिगत जलस्तर घट्न गई चपाकलहरू सुकेर खानेपानीको अभाव सिर्जना भएको छ। यहाँ वन क्षेत्रको कुल क्षेत्रफल २३७६३६ हेक्टर तथा वन बुट्यान क्षेत्र ११,६२४ हेक्टर रहेको छ। वनको उचित व्यवस्थापन गरेर स्थानीय जनताहरूलाई काठ दाउरा सहज रूपमा आपूर्ति गर्न सकिने अवस्था छ ।

पहिलो आवधिक योजना अवधिमा मधेश प्रदेश सरकारले प्रदेशभरीका नागरिकहरूका लागि निःशुल्क कानुनी सहायता प्रदान गर्न मुख्य न्यायाधिवक्ता कार्यालयमार्फत प्रदेशका ८ ओटै जिल्लाहरूमा प्रदेश कानुनी सहायता अधिकृत नियुक्त गरेको थियो। साथै, वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याएको र त्यसको प्रयोगबाट मूल्याङ्कन प्रतिवेदन तयार गर्दा वित्तीय जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने देखिन्छ । सवारी चालक अनुमति पत्र छपाइ मेसिन खरिद प्रक्रिया प्रारम्भ भएको छ। इम्बोस्ड नम्बर प्लेट प्रणाली स्थापना भई सेवा प्रारम्भ हुने अवस्थामा छ। प्रदेशमा सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिमा प्रशस्त कार्यहरू गरिरहेको छ।

सडक तथा अन्य यातायात पूर्वाधार विकासका क्षेत्रमा प्रदेश सहीद लोकमार्गलाई मधेश गौरवको आयोजनाका रूपमा सञ्चालन गर्न विस्तृत योजना प्रतिवेदन तयार भइसकेको छ। रामजानकी बहुउद्देश्यीय रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको बनाउने कार्य अघि बढेको छ। यसैगरी प्रदेश गौरवको आयोजनाका रूपमा सरुवा रोग तथा महामारी नियन्त्रण अस्पताल बाराको झिट्कैयामा निर्माण गर्नका लागि आवश्यक तयारी प्रारम्भ भएको छ।

प्रदेश सरकारले एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमलाई प्राथमिकताका साथ प्रदेशका सबै निर्वाचन क्षेत्रहरूमा कम्तिमा ५ किलो मिटर सडक विस्तारका दरले कुल ३२० किलो मिटर पक्की सडक निर्माण गर्ने कार्य सम्पन्न भएको छ। आवधिक योजना तर्जुमाका बेला प्रदेशमा सडक विस्तार अवस्था कुल ३,१७० कि.मि. रहेको देखिन्छ र योजनाले आ.व. २०८०/८१ सम्म कुल सडक विस्तार ३५०० कि.मि. पुर्‍याउने लक्ष्य निर्धारण गरेकोमा अपेक्षाकृतभन्दा उत्तम प्रतिफल हासिल भई आ.व. २०७९/८० मा सडक विस्तार ६,०६० कि.मि. पुगेको छ।

## १.५ दिगो विकास लक्ष्यको कार्यान्वयन स्थिति

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०१६ देखि सन् २०३० सम्मका लागि विश्वव्यापी र रूपान्तरणकारी प्रतिबद्धता स्वरूप कसैलाई पनि **पछाडि नछोड्ने** भनी सन् २०१५ सेप्टेम्बरमा दिगो विकास लक्ष्य घोषणा गरिको थियो। दिगो विकास लक्ष्यको मुख्य उद्देश्य भनेको समृद्धिको सिर्जना, प्रतिफलको यथोचित वितरण र विकासमा दिगोपना हासिल गर्नु रहेको छ। पृथ्वीमा रहेका प्राकृतिक स्रोतसाधन र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने, सबै प्रकारको गरिबी र भोकमरीको अन्त्य गर्ने, शान्तिपूर्ण, समन्यायिक र समावेशी समाजको निर्माण गर्ने र सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्ने दिगो विकासका पाँचओटा स्तम्भहरू रहेका छन्। दिगो विकास लक्ष्य समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्ने लक्ष्यसँग जोडिएको विश्वव्यापी कार्यसूची हो। नेपालले चौधौं योजनाको सुरुवातदेखि नै मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेशअनुसार दिगो विकास लक्ष्य आन्तरिकीकरण गरी कार्यान्वयन सुरु गरेको छ। संविधानअनुसार दिगो विकास लक्ष्य हासिल गर्न तीनै तहको सरकारको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ। तसर्थ प्रदेश सरकारले नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनको चरणमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गरी कार्यान्वयनमा जोड दिनु अपरिहार्य छ।

पहिलो आवधिक योजना शुरु हुँदाको आधार वर्ष २०७५/७६ का तुलनामा आ.व. २०७९/८० मा दिगो विकास लक्ष्यका क्षेत्रमा हासिल भएका प्रगतिको परिमाणात्मक उपलब्धि तल तालिका १.१ मा उल्लेख गरिएको छ।

**तालिका १.१ : आवधिक योजनाको चार वर्ष अवधिमा प्रदेशस्तरमा हासिल भएका परिमाणात्मक उपलब्धि**

| प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७९/८० को स्थिति |
|---|---|---|---|
| प्रादेशिक आर्थिक वृद्धि दर (दिविल १) | प्रतिशत | ६.५३ | १.९ |
| निरपेक्ष गरिबी दर (दिविल १) | प्रतिशत | २७.७ | २२.५३ |
| आयमा असमानता सूचकाङ्क (Gini-Coefficient)(दिविल १) | मानक | २९.५ | २८.७ |
| गैरकृषि क्रियाकलापहरूको योगदान (दिविल १) | प्रतिशत | ५८ | ६४.८ |
| पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपना (दिविल २) | प्रतिशत | - | २९.३ |

| प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७९/८० को स्थिति |
|---|---|---|---|
| औसत आयु वर्ष (जन्म हुँदाको बखत) (दिविल ३) | वर्ष | ७०.४ | ७१.८ |
| ५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) (दिविल ३) | सङ्ख्या | ५२ | ४३ |
| पूर्णखोप लगाएको (दिविल ३) | प्रतिशत | - | ८६.० |
| दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने (दिविल ३) | प्रतिशत | - | ६७.९ |
| साक्षरता दर (दिविल ४) | प्रतिशत | ४९.५ | ६३.५ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (दिविल ६) | प्रतिशत | ८९ | ९६.५ |
| शौचालय सुविधा (दिविल ६) | प्रतिशत | ६५ | ८८ |
| सिँचाइयोग्य क्षेत्रमा दीगो र भरपर्दो सिँचाइ सुविधा (दिविल ६) | प्रतिशत | ४३.२ | ४९.५ |
| विद्युत् सुविधा पुगेको घर परिवार (दिविल ७) | प्रतिशत | - | ९६.९५ |
| कुल गार्हस्थ्य उत्पादन (दिविल ८) | रु. अर्ब | ४८८ | ७०५ |
| प्रतिव्यक्ति आय (दिविल ८) | अमेरिकी डलर | ७९९ | ८७५ |
| सडकको लम्बाइ (दिविल ९) | कि.मि. | ३१७० | ६०६० |
| सडक घनत्व (दिविल ९) | - | - | ०.५१ |
| रेल यातायात (दिविल ९) | कि.मि. | ३५ | ५१ |
| नेपालको वनको क्षेत्रफल (दिविल १५) | प्रतिशत | - | ४३.७८ |
| नेपालको कुल वन क्षेत्रफलमा मधेशको हिस्सा (दिविल १५) | प्रतिशत | - | १७.१६ |

**स्रोतः** मधेश प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन, २०८०।

आ.व. २०७५/७६ का तुलनामा २०७९/८० मा समग्र नेपाल र मधेश प्रदेशको बहुआयामिक गरिबी, गरिबीको दर र कुल बहुआयामिक गरिबको सङ्ख्या पनि घटेको छ (तालिका १.२) ।

**तालिका १.२ : गरिबीको अवस्था (प्रतिशतमा)**

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७९/८० को स्थिति |
|---|---|---|---|
| बहुआयामिक गरिबी दर (दिविल १) | प्रतिशत | ४७.९ | २४.२ |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (दिविल १) | प्रतिशत | २४.१ | १८.७ |
| मानव विकास सूचकाङ्क (समृद्धिको सूचक) | मानक | ०.४२१ | ०.५१० |
| लैङ्गिक सशक्तीकरण सूचकाङ्क (दिविल ५) | मानक | - | ०.५०३ |
| लैङ्गिक विकास सूचकाङ्क (दिविल ५) | मानक | - | ०.७८६ |

**स्रोतः** मधेश प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन, २०८०।

## १.६ सोह्रौँ योजनाको सङ्क्षिप्त विश्लेषण

नेपालको योजना तर्जुमा र कार्यान्वयनको अनुभव सात दशक लामो रहेको छ। यस अवधिमा मुलुकको राजनीतिक र शासकीय व्यवस्थामा आएको परिवर्तनलाई आत्मसात् गर्दै विकासका प्राथमिकतामा समेत समयानुकूल परिवर्तन हुँदै आएको छ। नेपालको संविधानअनुसार नेपाल सरकारले योजनाबद्धरूपमा **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्न वि.स. २०७५ मा दीर्घकालीन सोच २१०० तय गरेको छ। यसैगरी सन् २०२६ (वि.सं. २०८२) मा नेपाललाई अतिकम विकसितबाट विकासशील

देशमा स्तरोन्नति गर्ने र सन् २०३० (वि.सं. २०८७) सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरेको छ। सोही आधारमा पन्ध्रौं योजना कार्यान्वयनमा आएको र आ.व. २०८१/८२- २०८५/८६ सम्मका लागि सोह्रौं योजनाको अवधारणा-पत्र तयार भएको छ। सोह्रौं योजनाको कार्यदिशा निम्नानुसार पहिचान भएको छ।

**सोच, उद्देश्य र रणनीति तथा कार्यनीति**

**सोचः** "सुशासन, सामाजिक न्याय र समृद्धि"

**उद्देश्य :**

सोह्रौं योजनाले निम्नानुसारका तीनओटा उद्देश्यहरू तय गरेको छ।

१) राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु,
२) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु,
३) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु।

**समष्टिगत रणनीति :**

सोह्रौं योजनाले निम्नानुसारका तीनओटा समष्टिगत रणनीतिहरू तय गरेको छ।

१) विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरण-मार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने,
२) योजना कार्यान्वयन सम्बन्धमा सबै तह (सङ्घ, प्रदेश र स्थानीय) र पक्ष (सरकारी, निजी, सहकारी, गैरसरकारी, विकास साझेदार तथा अन्य) का सरोकारवाला निकाय बिचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने,
३) अध्ययन, अनुसन्धान तथा तथ्यमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने।

## १.७ योजना तर्जुमा प्रक्रिया

योजनालाई जति सहभागितामूलक बनाउन सकियो त्यत्ति नै यसमा सबै सरोकारवाला निकायहरूद्वारा अपनत्व ग्रहण गरिन्छ र कार्यान्वयन पक्ष पनि त्यत्तिकै प्रभावकारी हुन्छ। मधेश प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गर्दा अवलम्बन गरिएका समावेशी र सहभागितामूलक विधि तथा प्रक्रियाहरू निम्नानुसार रहेका छन् :

**(क) मस्यौदा अवधारणा-पत्र तयारी**

मधेश प्रदेश नीति तथा योजना आयोगको नेतृत्व र पहलमा पहिलो आवधिक योजनाको समीक्षासँगसँगै दोस्रो आवधिक योजनाको मस्यौदा आधारपत्र तयारीको कार्य पनि अगाडि बढेको थियो। आयोगले मस्यौदा गरेको अवधारणापत्रमा मधेश प्रदेशअन्तर्गतका सबै मन्त्रालयका सचिव तथा महाशाखा प्रमुखहरू, नीति तथा योजना आयोगका वर्तमान तथा पूर्व पदाधिकारीहरू तथा कर्मचारीहरू र विज्ञ समूहहरूको सहभागितामा मस्यौदा अवधारणा-पत्रमाथि छलफल गरी त्यसलाई अन्तिम रूप प्रदान गरिएको थियो।

**(ख) निर्देशक समिति गठन**

दोस्रो आवधिक योजना तर्जुमाका लागि आवश्यक पर्ने सूचना सङ्कलन, सूचनाको विश्लेषण र प्रतिवेदनको गुणस्तर सुनिश्चित गर्न सहयोग पुर्‍याउन तथा आवश्यक निर्देशन गर्न मधेश प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष श्री नाथुप्रसाद चौधरीज्यूको संयोजकत्वमा एक निर्देशक समिति गठन गरियो।

**(ग) विषयगत समिति गठन**

मधेश प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यज्यूहरूको संयोजकत्वमा निम्नानुसारको विषयगत समितिको गठन गरी आवधिक योजना तर्जुमा प्रक्रियालाई सहज बनाइएको थियो।

(क) आर्थिक समिति, माननीय उपाध्यक्ष श्री नाथुप्रसाद चौधरी

(ख) सामाजिक विकास समिति, माननीय डा. शिला मिश्र
(ग) पूर्वाधार विकास समिति, माननीय डा. हरिशंकर प्रसाद साह
(घ) शासकीय तथा अन्तर सम्बन्धित क्षेत्र समिति, माननीय रामचन्द्र पण्डित

**(घ) मस्यौदा आधार-पत्र तयारी**

मधेश प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन, नेपाल सरकारले तयार गरेको सोह्रौं योजनाको आधार-पत्र, गण्डकी र लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको आधार-पत्रको पुनरावलोकन र मधेश प्रदेशअन्तर्गतमा मन्त्रालयहरूका सचिवहरू, महाशाखा तथा शाखा वा कार्यालयका प्रमुखहरू, निजीक्षेत्र (उद्योग बाणिज्य सङ्घ तथा चेम्बर अफ कमर्स), गैरसरकारी सङ्घसंस्थाहरू, विकास साझेदारी निकायहरू, नागरिक समाजका प्रतिनिधिहरू, प्रदेश विश्वविद्यालयलगायतका सरोकारवाला निकायहरूसँग छलफल गरी मस्यौदा आधार-पत्र तयार गरिएको हो।

**(ङ) जिल्ला तहमा अन्तरक्रिया**

प्रदेश स्तरका मन्त्रालय र प्रदेशस्तरीय विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको छलफलबाट तयार गरिएको मस्यौदा आधार-पत्रमाथि थप सुझाव प्राप्त गर्न विभिन्न चार स्थानका जिल्ला तहमा अन्तरक्रिया तथा छलफल कार्यक्रमको आयोजना गरिएको। उक्त कार्यक्रम मधेश प्रदेश नीति तथा योजना आयोगमा माननीय उपाध्यक्ष श्री नाथुप्रसाद चौधरीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा आयोगमा सबै माननीय सदस्यहरूको सहभागिता रहेको थियो। जिल्ला तहको अन्तरक्रिया कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र जिल्ला समन्वय अधिकारी, उपमहानगरपालिका तथा नगरपालिकाबाट प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, बुद्धिजिवि, नागरिक समाज, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, रेडक्रस, निजी क्षेत्र, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो। निम्नानुसारका चार विभिन्न स्थानमा भएको अन्तरक्रिया तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी दोस्रो मस्यौदा आवधिक योजना परिमार्जन गरिएको छ।

| क्र.सं. | मिति | सहभागी जिल्ला | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | २०८१/२/२० | धनुषा र महोत्तरी | जनकपुरधाम, धनुषा | ११३ |
| २ | २०८१/२/२१ | सिराहा र सप्तरी | लहान, सिराहा | ११५ |
| ३ | २०८१/२/२२ | सर्लाही र रौतहट | चन्द्रपुर, रौतहट | ७९ |
| ४ | २०८१/२/२३ | बारा र पर्सा | वीरगन्ज, पर्सा | १२० |

**(च) विज्ञ समूहको सुझाव सङ्कलन र समायोजन**

स्थानीय तहसँगको छलफलबाट प्राप्त सुझावहरूलाई समावेश गरी तयार पारिएको आवधिक योजनाको दोस्रो मस्यौदा माथि विषय विज्ञहरूको सुझावसमेत समावेश गरिएको छ। आवधिक योजनाको दोस्रो मस्यौदाको परिच्छेद तीनको समिष्टगत आर्थिक क्षेत्र र परिच्छेद चारको सार्वजनिक वित्त र लगानीका विषयमा श्री इन्दुशेखर मिश्र र प्रा. डा. उषा झाले परिच्छेद पाँचअन्तरगतको आर्थिक विकास क्षेत्र श्री भोलाराज पासवानले परिच्छेद छ अन्तरगतको सामाजिक विकास क्षेत्र इन्जिनियर सत्यनारायण साहले परिच्छेद सातअन्तरगतको पूर्वाधार विकास क्षेत्र डा. अखिलेश्वर लाल कर्णले परिच्छेद आठअन्तरगतको वन तथा वातावरण क्षेत्र र डा. जयकान्त राउतले परिच्छेद नौअन्तरगतको अन्तरसम्बन्धित क्षेत्रको अध्ययन गरी उपलब्ध गराउनुभएको लिखित सुझावहरुलाई समेत समावेश गरी आवधिक योजनालाई परिमार्जन गरिएको छ।

**(छ) प्रदेशस्तरीय छलफल**

मधेश प्रदेशको परिमार्जित दोस्रो आवधिक योजनामाथि २०८१ साल भाद्र १२ गते प्रदेश नीति तथा योजना आयोगको सचिवालयमा प्रदेशस्तरीय छलफल कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा माननीय प्रदेश सभामुख, उपसभामुख, विषयगत मन्त्रीहरू, प्रदेश संसदीय दलका नेताहरू र विषयगत समितिका सभापतिज्यूहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा आयोगका माननीय उपाध्यक्षले आवधिक योजनाको समग्र वस्तुस्थितिका बारेमा प्रस्तुति र माननीय सदस्यहरुले विषयक्षेत्रगत प्रस्तुति गर्नु भएको थियो। प्रस्तुतिपश्चात सहभागीहरू माननीय सभामुख, माननीय विभागीय मन्त्रीहरू र संसदीय दलका नेताहरूबाट

परिमार्जित आवधिक योजनालाई व्यावहारिक बनाई कार्यान्वयन योग्य बनाउन सुझाव गर्नुभयो। यसैगरी २०८१ साल भाद्र १३ गते नागरिक समाजका प्रतिनिधिहरूसँग पनि छलफल गरी उहाँहरूका सुझावहरू समेतलाई आवश्यकताअनुसार तत् तत् क्षेत्रमा समावेश गरी आवधिक योजनालाई थप परिष्कृत गराइएको छ।

**(ज) मुख्यमन्त्री स्तरमा छलफल**

विभिन्न चरणमा छलफल गरी तयार पारिएको परिमार्जित चौथो मस्यौदा आवधिक योजना (२०८१/८२ र अन्तिम वर्ष २०८५/८६) माथि छलफल गर्न २०८१ साल आश्विन १४ गते सोमबारका दिन प्रदेश नीति तथा योजना आयोगमा माननीय उपाध्यक्ष डा. सोहन प्रसाद साहको अध्यक्षता र माननीय मुख्यमन्त्री सतिस कुमार सिंहज्यूको प्रमुख आतिथ्यमा माननीय मन्त्रीहरू, नीति तथा योजना आयोगका माननीय सदस्यहरू, प्रमुख सचिव र मन्त्रालयका सचिवहरूको समुपस्थितिमा आयोजित छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी आवधिक योजनालाई अन्तिम रूप प्रदान गरियो।

**(झ) आधार तथ्याङ्क र लक्ष्य निर्धारणका आधार र मान्यताहरू**

मधेश प्रदेशको दोस्रो आवधिक योजनाको आधार बर्ष २०७९/८० र अन्तिम वर्ष २०८५/८६ रहेको छ। आधार बर्षको अवस्था र मधेश प्रदेशले आगामी पाँच वर्षमा हासिल गर्ने परिमाणात्मक लक्ष्यहरू निम्न आधार र मान्यतामा निर्धारण गरिएको छ :

१ योजनाको आधार तथ्याङ्क तय गर्दा मुख्यतया राष्ट्रिय तथ्याङ्क कार्यालयका विभिन्न प्रकाशनहरू, सङ्घीय मन्त्रालयका वार्षिक प्रगति प्रतिवेदन तथा प्रकाशनहरू, मधेश प्रदेशका मन्त्रालयहरूका वार्षिक प्रतिवेदनहरू, मधेश प्रदेशको प्रोफायल, मधेश प्रदेश नीति तथा योजना आयोगका प्रकाशनहरू, नेपाल राष्ट्र बैङ्कका प्रकाशनहरू र मधेश प्रदेशको पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदनका माध्यमबाट आधार वर्ष २०७९/८० को बेसलाईन (वर्तमान अवस्था) तय गरिएको छ।

२. अधिकांश सूचकहरूको परिमाणात्मक लक्ष्य प्रदेशका सम्बन्धित मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँगको छलफलका आधारमा निर्धारण गरिएको छ।

३. केही सूचकहरूका परिमाणात्मक लक्ष्यहरू दिगो विकास लक्ष्यलाई आधार मानी तय गरिएका छन्।

४. केही सूचकहरूको परिमाणात्मक लक्ष्यहरू मधेश प्रदेशले हासिल गरेको औसत उपलब्धिका आधारमा तय गरिएका छन्।

५. केही सूचकहरूका परिमाणात्मक लक्ष्य नेपाल सरकारको सोह्रौं योजनाले निर्धारण गरेको लक्ष्यलाई आधार मानी तय गरिएका छन्।

६. आधार वर्ष २०७९/८० को बेसलाईन (वर्तमान अवस्था) सम्बन्धी तथ्याङ्क प्राप्त नभएका सूचकहरूका हकमा कम्तीमा एक जिल्ला वा एक स्थानीय तह, एक वा दुईओटा उपलब्धि हासिल हुनसक्ने गरी परिमाणात्मक लक्ष्य तय गरिएको छ।

७. कतिपय सूचकहरूका हकमा भने एउटा स्थानीय तहमा एक हुने भन्ने नीतिगत व्यवस्थाका आधारमा तय गरिएका छन् ।

८. विगत ९ वर्षमा देशमा प्रतिवर्ष औसत १.४६ प्रतिशतले धानको उत्पादन वृद्धि भएकाले आगामी ५ वर्षमा प्रदेशमा प्रतिवर्ष १.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

९. विगत ९ वर्षमा देशमा प्रतिवर्ष औसत ५.०२ प्रतिशतले मकैको उत्पादनमा वृद्धि भएको हुँदा आगामी ५ वर्षमा प्रदेशमा प्रतिवर्ष ५.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

१०. विगत ९ वर्षमा देशमा प्रतिवर्ष औसत १.४६ प्रतिशतले गहुँको उत्पादनमा वृद्धि भएकोले आगामी ५ वर्षमा प्रदेशमा वार्षिक १.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

११. विगत १० वर्षमा देशमा प्रतिवर्ष ५.९४ प्रतिशतले मासुको उत्पादनमा वृद्धि भएको हुँदा आगामी ५ वर्षमा प्रदेशमा प्रतिवर्ष ६.० प्रतिशतले मासुको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

१२. विगत १० वर्षमा देशमा प्रतिवर्ष ५.२ प्रतिशतका दरले अन्डा उत्पादनमा वृद्धि भएको हुँदा आगामी ५ वर्षमा प्रदेशमा वार्षिक ५.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

१३. विगत वर्षहरूमा देशको क्षेत्रफलमा प्रतिवर्ष ६.५ प्रतिशतले माछा पोखरीले ढाकेको क्षेत्रफल वृद्धि भएको हुँदा आगामी ५ वर्षमा प्रदेशमा प्रतिवर्ष ६.७५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।
१४. विगत वर्षहरूमा देशको क्षेत्रफलमा प्रति वर्ष ६.५ प्रतिशतले माछा पोखरीमा पानीको क्षेत्रफल वृद्धि भएको हुँदा आगामी ५ वर्षमा प्रदेशमा वार्षिक ६.७५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।
१५. विगतमा देशमा प्रतिवर्ष कुल माछा उत्पादन १०.०६ प्रतिशतका दरले वृद्धि भएको हुँदा आगामी ५ वर्षमा वार्षिक ११.० प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ।
१६. कुल गाई र दुहुना गाईको सङ्ख्यामा वार्षिक ०.५ प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ।
१७. कुल भैंसी र दुहुनो भैंसीको सङ्ख्यामा वार्षिक १ प्रतिशतका दरले वृद्धि अनुमान गरिएको छ।
१८. विगत १० वर्षमा देशमा गाइको दुध उत्पादन वार्षिक औसत ८.९२ प्रतिशतका दरले वृद्धि भएकाले आगामी ५ वर्षमा प्रदेशमा ९ प्रतिशतका दरले प्रतिवर्षको वृद्धि अनुमान गरिएको छ।
१९. विगत १० वर्षमा देशमा भैंसीको दुध उत्पादन २.४१ प्रतिशतले वार्षिक वृद्धि भएकोले आगामी ५ वर्षमा प्रदेशमा २.७५ प्रतिशतका दरले वार्षिक रूपमा वृद्धि हुने अनुमान गरिएको छ।
२०. विगत १० वर्षमा देशमा कुल दुध उत्पादन ४.६९ प्रतिशतका दरले प्रतिवर्ष बढेको हुँदा आगामी ५ वर्षमा प्रदेशमा ४.९७ प्रतिशतले प्रतिवर्षको वृद्धि अनुमान गरिएको छ।

## १.८ प्रतिवेदनको ढाँचा

यस आवधिक योजना दस्तावेजमा दशओटा परिच्छेद रहेका छन्। पहिलो परिच्छेदमा परिचय; दोस्रोमा योजनाको सोंच, लक्ष्य र उद्देश्य; तेस्रोमा समष्टिगत आर्थिक क्षेत्र र चौथोमा सार्वजनिक वित्त र लगानी सम्बन्धी विषयहरू समावेश गरिएका छन्। यसैगरी परिच्छेद पाँच आर्थिक विकास; परिच्छेद छ सामाजिक विकास; परिच्छेद सात पूर्वाधार विकास; परिच्छेद आठ वन तथा वातावरण; परिच्छेद नौं अन्तरसम्बन्धित विषयक्षेत्र र परिच्छेद दश योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित छन्। साथै, प्रतिवेदनमा दुईओटा अनुसूचीहरू रहेका छन्। आवधिक योजनाको एकीकृत नतिजा खाका अनुसूची १ मा एवम् योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ढाँचा अनुसूची २ मा समावेश गरिएका छन्।

# परिच्छेद दुई : दोस्रो आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य

## २.१ पृष्ठभूमि

पहिलो आवधिक योजनाको अनुभव, मधेश प्रदेशको आवश्यकता र मागलाई ध्यानमा राखी दोस्रो आवधिक योजना तर्जुमा गरिएको छ। यसका अतिरिक्त सोह्रौं योजनाले दिएको मार्गदर्शन, दीर्घकालीन सोच २१०० ले परिकल्पना गरेको अवस्थाको सिर्जना, दिगो विकास लक्ष्यले तोकेका लक्ष्यहरूको प्राप्ति, दोस्रो आवधिक योजनाको कार्यान्वयन अवधिमा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने घोषणाले सिर्जना गरेका अवसर र चुनौतीहरूको सामना गर्ने सामर्थ्यता, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूको कार्यान्वयनलगायत प्रदेशको समग्र हित, मौलिक आवश्यकता र जनअपेक्षाको सम्बोधन गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ। मधेश प्रदेशको दोस्रो आवधिक योजनाले **"आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी"** निर्माणको परिकल्पनाका साथै प्रदेशस्तरमा पहिचान गरिएका समस्या, आवश्यकता र विकासका प्राथमिकतालाई समेटी अगाडि बढने र विकासको समष्टिगत आवधिक खाका कोर्ने ध्येयका साथ दोस्रो आवधिक योजना (आ.व. २०८०/८१- २०८५/०८६) को आधार-पत्र तयार गरिएको छ।

## २.२ अवसर र सम्भावना

मधेश प्रदेशको आर्थिक विकासमा कृषि र वन क्षेत्रको अहम् भूमिका रहँदै आएको छ र भविष्यमा पनि यी क्षेत्रहरूको योगदान महत्त्वपूर्ण हुन्छ। अधिकांश जनसङ्ख्या ग्रामीण भेगमा वसोवास गर्ने र उनीहरूको पेसा एवम् व्यवसाय कृषि, पशुपालन तथा मत्स्यपालन भएकोले मधेश प्रदेशका जनताको जीवनस्तर उठाउन यी क्षेत्रले सकारात्मक भूमिका खेल्न सक्दछन्। यी सम्भावनाहरूका आधारमा यस प्रदेशमा कृषि, पशुपन्छी तथा मत्स्यपालनसँग सम्बन्धित उद्योगहरू सञ्चालन गर्नसक्ने उच्च सम्भावना रहेको छ। यसैगरी समथर भूभाग, पर्याप्त श्रमशक्तिको उपलब्धता, सडक सञ्जाल सहज पहुँच र भारतसँग सिमाना जोडिनु आदिका कारण यस प्रदेशमा उद्योगधन्धाहरू सञ्चालन हुनसक्ने सम्भावना रहेको छ। यहाँ प्रशस्त धार्मिक स्थलहरू रहेकाले पनि यस प्रदेशमा धार्मिक पर्यटनको विकास गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना पनि रहेको छ। यसैगरी यस प्रदेशमा सहजै न्यून पारिश्रमिकमा पनि आवश्यक श्रमिकहरू पूर्ति हुन सक्ने भएकाले यस प्रदेशमा उत्पादन लागत पनि कम हुन जान्छ। यसकारण यहाँ निजी क्षेत्रबाट उद्योग सञ्चालन गर्न सक्ने अर्को सम्भावना पनि रहेको छ।

यस प्रदेशका सबै जिल्लाबाट काठमाडौँलगायत विभिन्न पहाडी तथा हिमाली जिल्लाहरूमा सडक सञ्जालले जोडेको हुँदा यस प्रदेशमा उत्पादन हुने औद्योगिक बस्तुहरू सहजै मुलुकभर ढुवानी गर्न सकिने हुन्छ। यसले पनि यस प्रदेशमा उद्योग सञ्चालन गर्नका लागि लगानीकर्तालाई न्यूनतम पूर्वाधारहरूमा लगानी गर्नु पर्दैन। साथै, यस प्रदेशलाई जयनगर, जनकपुर कुर्था रेलवे सेवाले भारतीय सीमासँग जोडेकाले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्न सकिने र भारतीय पर्यटकहरूलाई आवागमनमा सुविधा भएकोले सोबाट लाभ लिन सकिने सम्भावना रहेको छ। हाल यस प्रदेशमा सञ्चालित उद्योगहरू पूरा क्षमतामा सञ्चालन हुन नसकेको हुँदा त्यस्ता उद्योगहरूलाई पुरा क्षमतामा सञ्चालन गर्ने वातावरण सिर्जना गर्न सके यसले प्रदेशको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्छ। उखु किसान र उद्योगीहरूका बिचमा समय समयमा हुने असमझदारीका कारण यस प्रदेशमा अस्थिरता सिर्जना हुँदै आएकोले यस्ता समस्याहरूको समाधान समयमै गर्न सके चिनी उत्पादनमा वृद्धि हुने र यसले मुलुकलाई नै आत्मनिर्भर हुन मद्दत पुग्दछ।

## २.३ प्रमुख सवाल र चुनौतीहरू

मधेश प्रदेशको पहिलो आवधिक योजनाका चार आर्थिक वर्षका कार्यान्वयनको अनुभव तथा प्राप्त उपलब्धि र भोगिएका अनुभवका आधारमा दोस्रो आवधिक योजनाले सम्बोधन गर्ने प्रमुख सवाल तथा चुनौतीहरू निम्नानुसार रहेका छन् :

१. आयातमुखी, विप्रेषणमा निर्भर र निर्वाहमुखी अर्थतन्त्र, कुल ग्रार्हस्थ्य उत्पादनमा प्राथमिक र द्वितिय क्षेत्रको घट्दो योगदान,

२. उत्पादनका क्षेत्रमा लगानीको घट्दो आकर्षण, घट्दो उत्पादन र उत्पादकत्व, बढ्दो उत्पादन लागत, न्यून गुणस्तरीय वस्तु तथा सेवा उत्पादन र प्रतिस्पर्धी खुला बजार,
३. कृषि पेसाप्रतिको घट्दो आकर्षण, आधारभूत खाद्यान्नको आपूर्तिमा परनिर्भरता,
४. कृषि योग्य भूमिमा एकीकृत सिँचाइ प्रणालीको विकासको अभाव,
५. विप्रेषणबाट प्राप्त आयलाई उपभोग्य एवम् विलासिताका वस्तुमा उच्च प्रयोग, उत्पादन तथा पुँजी निर्माण नीतिसँग एकीकृत गरी आबद्ध गर्न ढिलाइ,
६. कुल गार्हस्थ्य उत्पादनमा बढ्दो विप्रेषण अनुपात, न्यून निर्यात क्षमता र बढ्दो व्यापार घाटा,
७. अनौपचारिक क्षेत्रमा बढ्दो रोजगारी, मानव स्रोत साधनको समुचित उपयोगबाट वञ्चित,
८. जनसाङ्ख्यिक लाभको उपयोग हुन नसकी सस्तो श्रमशक्तिको रूपमा युवाको विदेश पलायनको भयावह अवस्था,
९. उत्पादन, सिप र श्रम बजारसँग शिक्षा प्रणालीको कमजोर तादात्म्यता,
१०. श्रम बजारको माग र जनशक्ति उत्पादन बिचको फराकिलो खाडल,
११. चुरेक्षेत्र संरक्षणको अभावमा खेतीयोग्य भूमिको मरुभूमीकरण तथा जल उत्पन्न प्रकोप एवम् भूमिगत जलस्तर पुनर्भरण (रिचार्ज) नहुँदा खानेपानीको समेत चरम अभाव,
१२. सर्वसुलभ, पहुँचयोग्य र गुणस्तरीय आधारभूत एवम् विशिष्टीकृत स्वास्थ्य सेवाको सीमितता,
१३. बढ्दो अव्यवस्थित सहरीकरण र बस्ती विस्तार,
१४. भौतिक पूर्वाधारको गुणस्तर र फोहोर व्यवस्थापन चुनौतीपूर्ण,
१५. जलवायु परिवर्तनको प्रभाव, मौसममा अस्वाभाविक परिवर्तन र घटदो कृषि उत्पादन, पारिस्थितिकीय प्रणालीको अवस्था कमजोर,
१६. आधुनिक सूचना प्रणालीको विकास, साइबर सुरक्षा तथा नवीनतम प्रविधिको समुचित प्रयोगको अभाव,
१७. महिला, बालबालिका, ज्येष्ठ नागरिक र जोखिममा रहेको समूह तथा समुदायमाथि हुने हिंसाको स्वरूप परिवर्तन भई नागरिकमा सुरक्षाको प्रत्याभूति चुनौतीपूर्ण,
१८. प्रादेशिक एकीकृत तथ्याङ्कीय प्रणालीको विकास नभएका कारण तथ्यमा आधारित नीति निर्णय र कार्यान्वयन पक्ष कमजोर,
१९. संवैधानिक व्यवस्थाबमोजिम अपेक्षित वित्तीय स्रोतहरूको पहिचान र प्राप्ति चुनौतीपूर्ण,
२०. नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयन र दिगो विकासका लक्ष्यहरूको प्राप्ति चुनौतीपूर्ण,
२१. मानव पुँजीको प्रक्षेपण, लगानी र उपयोगमा कमी,
२२. अपेक्षित प्रत्यक्ष वैदेशिक लगानी प्राप्तिमा कमी,
२३. पर्यटन र पर्यटकीय महत्त्वका स्थलहरूको प्रवर्धन र व्यवस्थापन कमजोर,
२४. जनस्तरमा बढ्दो निराशाका बिच सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण र समावेशी विकासमार्फत जनविश्वास हासिल गर्न कठिनाइ,
२५. विद्युतीय शासन प्रणाली विकासमा सुस्तता,
२६. उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली,
२७. सिपयुक्त एवम् जीवनोपयोगी शिक्षाको खोजी,
२८. उच्च शिक्षामा गुणस्तर तथा समयनिष्ठताको समस्या,
२९. शिक्षाको लागि विदेसिने विद्यार्थीको सङ्ख्यासँगै विदेशी मुद्राको मागमा उच्च वृद्धि,
३०. कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली,
३१. स्वास्थ्य क्षेत्रमा दक्ष एवम् पर्याप्त जनशक्तिको न्यून आपूर्ति,
३२. आधारभूत स्वास्थ्य सेवामा समेत आम नागरिकको पहुँचमा कठिनाइ,
३३. सामाजिक सुरक्षाका क्षेत्रमा छरिएका कार्यक्रम,
३४. बढ्दो आर्थिक दायित्व,
३५. कमजोर व्यवस्थापन,
३६. न्यून सुरक्षाको प्रत्याभूति,

३७. समावेशीकरण — नीति, अभ्यास र नतिजा बिचमा खाडल यथावत् रहनु,
३८. साना टुक्रे योजनामा बजेट विनियोजनले योजनाको घट्दो प्रभावकारिता,
३९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
४०. सामाजिक पुँजी (Social Capital) को घट्दो अवस्था

## २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

मधेश प्रदेशको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच देहायबमोजिम हुनेछ ।

**"आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी"**

दीर्घकालीन सोचलाई निम्नानुसार ब्याख्या गरिएको छ :

**(क) आत्मनिर्भर**

मधेश प्रदेशमा समथर र उर्वर कृषिभूमि रहेको र यहाँ अन्नबाली, तेलहनबाली, फलफूल तथा तरकारी खेती, पशुपालन र मत्स्यपालनको प्रचुर सम्भावना रहेको छ। साथै, आर्थिक रूपले सक्रिय जनसङ्ख्याको पनि यहाँ राम्रो उपस्थिति रहेको हुँदा कृषि क्षेत्रमा तुलनात्मक लाभ लिन सक्ने सम्भावना छ। यत्ति हुँदाहुँदै पनि मधेश प्रदेशमा अझै पनि विदेशबाट कृषि उपजहरू आयात गर्नुपर्ने बाध्यताका कारण कृषिमा आत्मनिर्भर हुनु चुनौती रहेको छ। तसर्थ, यो चुनौतीलाई सामना गर्न मधेश प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउने र कृषि उत्पादनलाई विश्व बजारसम्म पुर्याएर विदेशी मुद्रासमेत आर्जन गर्न सकिने प्रवल सम्भावना भएको हुँदा दोस्रो आवधिक योजनाको दीर्घकालीन सोचमा **"आत्मनिर्भर"** शब्दलाई प्राथमिकता दिइएको छ। यस आवधिक योजनाको सन्दर्भमा **"आत्मनिर्भर"** शब्दलाई निम्न अनुसार परिभाषित गरिएको छ :

- ✓ कृषि, पशुपन्छी र मत्स्यजन्य उत्पादन र उत्पादकत्व
- ✓ कृषिमा वैज्ञानिकीकरण र यान्त्रिकीकरण
- ✓ लागतमा न्यूनीकरण
- ✓ कृषिको विविधीकरण, व्यावसायीकरण र बजारीकरण
- ✓ लघु, घरेलु र साना उद्योगमा उद्यमशीलता र स्वरोजगारी
- ✓ खाद्य तथा पोषण सुरक्षा

**(ख) समृद्धि**

समृद्ध मधेशका लागि प्रदेशको समृद्धि आवश्यक हुन्छ। यसका लागि दोस्रो आवधिक योजनाले निम्न क्षेत्रमा जोड दिनेछ।

- ✓ सर्वसुलभ र उत्थानशील पूर्वाधार
- ✓ मानवपुँजीको निर्माण र उपयोग
- ✓ उच्च र दिगो उत्पादन र उत्पादकत्व
- ✓ निजी क्षेत्र र विदेशी लगानीको वृद्धि
- ✓ पूर्वाधारको विकास
- ✓ सम्पदा र संस्कृतिमा आधारित पर्यटन
- ✓ वित्तीय पहुँचमा सुनिश्चितता

**(ग) सुखी**

दोस्रो आवधिक योजनाले मधेश प्रदेशका जनतालाई **"सुखी"** देख्न निम्नानुसारका क्षेत्रलाई प्राथमिकतामा राखी नीतिगत व्यवस्थासहित कार्यक्रम र बजेटको सुनिश्चितता गरेको छ ।

- ✓ परिष्कृत र मर्यादित जीवन
- ✓ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज

- ✓ स्वच्छ र सन्तुलित वातावरण
- ✓ सुशासन
- ✓ रोजगारी र स्वरोजगारी
- ✓ शिक्षा र स्वास्थ्यमा सर्वसुलभ र समान पहुँच

**लक्ष्य :**

कृषिमा सवलीकरण, उच्च मानव विकास सूचकाङ्कको प्राप्ति र सम्मानजनक रोजगारीमार्फत समृद्धि हासिल गर्ने।

**उद्देश्य :**

१. कृषि उत्पादनमा अभिवृद्धि गर्दै आत्मनिर्भरता हासिल गर्नु,
२. गुणस्तरीय स्वास्थ्य र शिक्षाको विकास गर्दै रोजगारीको अवसर तथा सामाजिक न्याय कायम गर्नु,
३. उद्योग, पर्यटन र बजार प्रवर्धन गर्नु,
४. विकास र वातावरणबीच सन्तुलन कायम गर्दै वन, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण एवम् संवर्धन र जलवायु अनुकूलन गर्नु।

## २.५ समष्टिगत रणनीतिहरू

१. कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिकीकरण, मूल्यशृङ्खलामा अभिवृद्धि तथा बजारीकरणमार्फत आय र रोजगारीको सिर्जना गर्ने,
२. मानव विकासका सूचकाङ्कहरूमा अभिवृद्धि गर्दै दक्ष प्राविधिक जनशक्तिको विकास गर्ने,
३. उद्योग, पर्यटन र बजार प्रवर्धनमा निजी तथा सहकारी क्षेत्रको योगदान अभिवृद्धि गर्ने,
४. जैविक र वातावरणीय सन्तुलन कायम राख्न दिगो विकासको अवधारणा अवलम्बन गर्ने।

## २.६ संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीति

माथि उल्लिखित सोच, लक्ष्य र उद्धेश्यहरू हासिल गर्नका लागि देहायका क्षेत्रमा संरचनात्मक रूपान्तरण आवश्यक रहन्छ।

**१. समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र अर्थतन्त्रको सुदृढीकरण**

१. अर्थतन्त्रको प्राथमिक क्षेत्रको रूपान्तरण, द्वितीय क्षेत्रको प्रवर्धन र तृतीय क्षेत्रको विस्तार र स्थायीत्व,
२. राजस्वको आधार र दायरा विस्तार, वित्तीय स्रोत परिचालन, उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा केन्द्रीकरण,
३. उपलब्ध मानविय तथा प्राकृतिक स्रोतको पहिचान र उच्चतम उपयोगमार्फत दिगो र फराकिलो विकास हासिल,
४. तीन तहबिचको वित्तीय अन्तरसम्बन्धलाई मजबुत बनाउँदै, सहलगानीका नयाँ सम्भावनाहरूको खोजी गर्दै बित्त हस्तान्तरणलाई नतिजामुखी बनाउन,
५. सार्वजनिक निजी साझेदारी, अन्तरतह समन्वयमार्फत प्रदेश गौरवका आयोजनाहरूको कार्यान्वयन।

**२. उत्पादन तथा उत्पादकत्व अभिवृद्धि**

१. कृषिमा रूपान्तरण मार्फत कृषिजन्य उत्पादनमा आत्मनिर्भरता हासिल,
२. निजी क्षेत्रको सहकार्यमा कृषि उत्पादनको खरिद र बजारीकरणको सुनिश्चितता,
३. कृषि बीमा मार्फत कृषकको लगानी तथा प्रतिफल सुनिश्चितता,
४. कृषिमा आधारित उत्पादनमूलक उद्योगको सञ्चालन, समुदायस्तरीय उत्पादन प्रणालीको सबलीकरण,
५. गुणस्तरीय पूर्वाधारको विकास मार्फत उत्पादन, भण्डारण र बजारसम्म पहुँच विस्तारको सुनिश्चितता,
६. उपलब्ध स्रोतसाधनको दिगो उपयोग, जडीबुटी उत्पादन, प्रशोधन, अध्ययन, अनुसन्धान तथा अन्वेषण,
७. समुदायमा आधारित सामुहिक उत्पादन, विशेष उत्पादन तथा उत्पादन क्षेत्र प्रणालीलाई प्रोत्साहन,
८. साना तथा मझौला उद्योगहरूको स्थापना र प्रवर्धनमार्फत प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदानमा बढोत्तरी,

९. सामाजिक न्यायका आधारमा खेतीयोग्य जमिनको व्यवस्थापन र खेतीयोग्य भूमि बाझो रहने अवस्थाको अन्त्य गर्न सिँचाइ, मल, बिउबिजनको उपलब्धता सुनिश्चित,
१०. अन्न, दलहन, फलफूलको भण्डार (Food Bank) को रूपमा विकास।

### ३. मर्यादित श्रम, रोजगारी र मानव स्रोत व्यवस्थापन

१. सिप तथा व्यावसायिकता विकास प्रशिक्षणमार्फत रोजगारी र स्वरोजगारीका विकल्पहरूको सिर्जना,
२. दक्ष प्राविधिक जनशक्तिको उत्पादन एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सेवा क्षेत्र विस्तार,
३. स्वरोजगार प्रवर्धनमा पुँजी र प्रविधि हस्तान्तरण र सहुलियत कर्जाको उपलब्धता,
४. स्वदेशी तथा विदेशी श्रम बजारको माग र आवश्यकताअनुसारको प्रशिक्षित सिपयुक्त जनशक्तिको उत्पादन,
५. रोजगारीको अवसर सिर्जना गर्न नवप्रवर्तन केन्द्रको स्थापना गर्दै उद्यमशीलता विकास गर्दै सामाजिक न्यायको नीतिको अबलम्बन,
६. प्रदेशको मानव संसाधनको विकास योजना तर्जुमा, मानव संसाधनको अध्ययन, अभिलेखीकरण र प्रक्षेपण गर्दै मानवपुँजीमा लगानीमार्फत जनसाङ्ख्यिक लाभको लाभांश प्राप्ति,
७. प्रतिभा खोजी, Brain Gain, मधेसी आप्रवासीलाई लगानीको वातावरण निर्माण तथा सहजीकरण,
८. विकास निर्माणमा युवा परिचालन, खेलकुदको क्षेत्रमा पूर्वाधार विकास, विपद् व्यवस्थापन र स्वच्छता अभियानमा युवा जनशक्तिको परिचालन,
९. आश्रित जनसङ्ख्याको क्षमता उपयोग तथा विकासमा परिचालन (सामाजिक कार्यक्रम, सिप र ज्ञान) हस्तान्तरण।

### ४. गुणस्तरीय शिपमूलक र जीवनोपयोगी शिक्षा

१. आधारभूत शिक्षामा गुणस्तरीयता कायम गर्दै, नवीनतम व्यावहारिक, प्रयोगात्मक र सिपमूलक जीवनोपयोगी शिक्षामा जोड,
२. शैक्षिक संस्थामा, डिजिटल प्रविधिको प्रयोग, प्रयोगात्मक सिकाई अभिवृद्धिका लागि अनुसन्धान केन्द्र र प्रयोगशालाको व्यवस्था,
३. चौतर्फी व्यक्तित्व विकासका लागि नैतिक शिक्षा, पूर्वीय दर्शन, ध्यान, योगाभ्यास, खेलकुद, कला तथा साहित्यको प्रस्फुटन हुने वातावरणको सिर्जना,
४. शिक्षामा समावेशीकरणको नीति अपनाउदै उच्चशिक्षामा छात्रवृत्तिको समन्यायिक वितरण,
५. **"बेटी पढाऊ, बेटी बचाऊ"** कार्यक्रमको दायरा विस्तार, छोरीहरूका लागि सिप र वृत्ति विकासका कार्यक्रमहरूको सञ्चालन,
६. मधेश प्रदेश सरकारले सञ्चालनमा ल्याएको विश्वविद्यालय तथा प्रतिष्ठानलाई वैश्विक मान्यता मानक (Global Accreditation Standard) पाठ्यक्रम विकास, अध्ययन तथा अनुसन्धान, नीति अनुसन्धान, विश्लेषण तथा सिफारिसका साथै वैश्विक मागलाई सम्बोधन गर्ने जनशक्ति उत्पादन गर्ने ।
७. विद्यालय बाहिर रहेका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ५. गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा

१. गुणस्तरीय, आधारभूत स्वास्थ्य सेवा एवम् विशिष्टीकृत स्वास्थ्य सेवामा सबैको सर्वसुलभ पहुँचको सुनिश्चितता गर्दै स्वास्थ्य बीमामा सबैलाई समेट्ने,
२. प्रदेश स्तरमा योग, ध्यान, आयुर्वेद एवम् वैकल्पिक चिकित्सा लगायत सबै किसिमको स्वास्थ्य उपचार पद्धतिलाई एकीकृत प्रणालीमा आबद्ध,
३. मुटु रोग, ट्रमा सेन्टर, वर्न सेन्टर, मातृशिशु तथा बाल रोग, क्यान्सर रोगका लागि विशिष्टकीत स्वास्थ्य सेवा प्रणालीको प्रदेश स्तरमा व्यवस्था,
४. **"डिजिटल फेमेली फोल्डर"** कार्यक्रममा सबै घरपरिवारको स्वास्थ्य अवस्थाको विवरण अध्यावधिकीकरण र मधेशमा स्वस्थ्य जीवनशैलीको विकास,
५. परम्परागत रैथाने खाद्य परिकारको संरक्षण तथा प्रवर्धन गरी आहार विहारमा परिवर्तन गर्ने,

६. स्वास्थ्य संस्थालाई प्राज्ञिक ज्ञान र सेवामूलक केन्द्रको रूपमा विकास गर्ने,
७. पोषणयुक्त खाद्य पदार्थमा पहुँच र उपयोग सुनिश्चित गर्ने,
८. स्वास्थ्य संस्थाहरूबाट माथिल्लो स्तरको संस्थामा हुने प्रेषण प्रणालीलाई व्यवस्थित र डिजिटलाईजेसन गर्ने।

**६. पर्यटन विकास, दिगो पूर्वाधार र व्यवस्थित शहरीकरण**

१. उत्थानशील, भरपर्दो र अर्थोपार्जनमा टेवा पुर्‍याउने पूर्वाधारको विकासमा लगानी,
२. व्यवस्थित, आधुनिक एवम् सुरक्षित शहर/बस्ती विकासका लागि एकीकृत बस्ती निर्माणको अवधारणा,
३. धार्मिक एवम् पर्यटकीय महत्त्वका स्थलहरूमा अत्याधुनिक सुविधासम्पन्न पूर्वाधारको विकास मार्फत पर्यटनको प्रवर्धन,
४. मिथिला सर्किट, मिथिला मध्यमा परिक्रमा, जनकपुर-अयोध्या सर्किट, जैन सर्किट, मधेश पर्यटन सर्किट निर्माणमा अन्तरतह सहकार्य एवम् साझेदारी,
५. पर्यटकीय आकर्षणका केन्द्रहरूमा सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास र व्यवस्थापन,
६. मठ मन्दिर, धार्मिक एवम् पर्यटकीय महत्त्वका स्थलहरूको संरक्षण एवम् प्रवर्धन गर्दै पर्यटकीय लाभांशमा रूपान्तरण,
७. दिगो, हरित, जलवायु उत्थानशील, समावेशी पूर्वाधारको विकास,
८. स्फूर्त शहर (Smart City) को अवधारणा (जनता, पूर्वाधार, शासन, प्रविधि र अर्थतन्त्र) को अवलम्बन।

**७. सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षा**

१. सामाजिक, जातीय, धार्मिक, लैङ्गिक एवम् आर्थिक रूपले पछाडि पारिएका वर्गको सशक्तीकरण गर्दै प्रदेश सञ्चालनको सबै तह, तप्का र अङ्गहरूमा सामाजिक न्याय र समानुपातिक समावेशीकरणको दृष्टीकोणको अवलम्बन,
२. प्रदेश स्तरमा हुने भौतिक संरचनाको निर्माणमा सबैको लागि पहुँच योग्यता सुनिश्चित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्तको अवलम्बन पर्याप्त कार्यक्रम तथा बजेटको सुनिश्चितता,
३. महिलालगायत पछाडी पारिएका वर्गको सशक्तीकरणका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा।

**८. वातावरण संरक्षण, दिगो विकास र विपद् व्यवस्थापन**

१. उत्पादन र विकास निर्माण कार्यमा वातावरणीय संवेदनशीलताको मापदण्डको अवलम्बन,
२. जैविक र परम्परागत प्रविधिमा आधारित कृषि प्रणालीको अध्ययन र जलवायु अनुकूलन खेतीको विकास,
३. चुरे संरक्षणमा जोड, विपद् बाट हुने क्षति न्यूनीकरण गर्न विपद् व्यवस्थापनका सिद्धान्तहरूको कार्यान्वयन,
४. वैकल्पिक ऊर्जा, स्वच्छ एवम् हरित ऊर्जाको उपयोगमा जोड,
५. वनलगायत प्राकृतिक स्रोत/सम्पदाको संरक्षणमा लगानी गर्दै 'हरित मधेश प्रदेश'को निर्माण,
६. सड्क सुरक्षा र यातायात व्यवस्थापनमा प्रविधिको प्रयोग,
७. फोहरमैलाबाट आयआर्जन हुनेगरी व्यवस्थापन गर्ने।

**९. पुँजी निर्माण र लगानी प्रवर्धन**

१. लगानीमैत्री वातावरणको सिर्जना, उत्पादनमूलक क्षेत्रमा केन्द्रित वैदेशिक लगानी आकर्षण,
२. प्रदेशका सम्भावित लगानीका क्षेत्रहरूको पहिचान, आयोजना बैङ्कको सञ्चालन, भूमि बैङ्क, उत्पादनमूलक क्षेत्रमा विप्रेषण, प्रवासी नेपाली समाजको सहयोग र पूर्वाधार विकासमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धिहुने वातावरणको सिर्जना,
३. वैदेशिक रोजगारमा रहेका श्रमिकबाट प्राप्त हुने विप्रेषणलाई पुँजीमा रूपान्तरण गरी प्राथमिक तथा द्वितीय क्षेत्रमा लगानी अभिवृद्धि।

**१०. विनियोजन कुशलता तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि**

१. उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै उत्पादनमूलक र पुँजी निर्माण हुने क्षेत्रमा लगानी ।
२. लाभ-लागत विश्लेषण, आवश्यकता, उपलब्धता, औचित्यता र क्षमताका आधारमा प्राथमिकता निर्धारण र स्रोतको विनियोजन,

३. आयोजना बैङ्कमा समावेश, प्रदेश गौरवका आयोजना र मध्यकालीन खर्च संरचनमा समावेश आयोजनालाई बजेट विनियोजनमा प्राथमिकता,
४. सार्वजनिक खर्चमा मितव्यिता कायम, चालु र पुँजीगत खर्चको अनुपातमा सुधार,
५. बहुसङ्ख्यक स्थानीय तहलाई समेटने पूर्वाधार निर्माणमा सम्बन्धित स्थानीय तहहरूको लागत साझेदारी विकास,
६. आयोजनाको कार्यान्वयनमा वित्तीय सुशासनको पूर्ण पालना।

**११. सुशासन र प्रभावकारी सार्वजनिक सेवा प्रवाह**

१. सार्वजनिक सेवाको प्रवाहमा प्रविधिको प्रयोगमा जोड, सेवाप्रवाह लागत, दूरी र समयको बचत गर्दै सेवा परिचालन सर्वसुलभ, निष्पक्ष र भ्रष्टाचारमुक्त,
२. सार्वजनिक सेवाको प्रवाहमा पारदर्शिता, सिर्जनशीलता, जवाफदेहिता, उत्तरदायित्व र गुनासोको शीघ्र सुनुवाइ,
३. नागरिक शिक्षामार्फत कर्तव्यनिष्ठ, चेतनशील, अनुशासित र विकासमा सहभागिता खोज्ने जनसमुदायको विकास,
४. प्रदेश सरकारका सबै तहमा भ्रष्टाचारको अन्त्य र सार्वजनिक सेवाका नवीनतम अवधारणाहरूको अवलम्बन,
५. निष्ठावान्, दक्ष, उच्च मनोबल र उत्प्रेरणायुक्त कर्मचारी प्रशासनको स्थापनामार्फत कार्यशैलीमा नवप्रर्वतन, सदाचारिता र राष्ट्रसेवा भावको सञ्चारमार्फत कार्यसंस्कृतिमा सकारात्मक परिवर्तन।

## २.७ विकासका प्रमुख संवाहकहरू

मधेश प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दीर्घकालीन सोचको लक्ष्य हासिल गर्न देहायबमोजिमका सामाजिक तथा आर्थिक रूपान्तरणका संवाहकहरू अवलम्बन गरिनेछ :

१. व्यावसायिक कृषि तथा पशुपन्छी र मत्स्यपालन व्यवसायको प्रवर्धन,
२. व्यवस्थित र गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,
३. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,
४. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
५. शासकीय सुधार र सुशासन अभिवृद्धि।

## २.८ सहयोगी क्षेत्र

दीर्घकालीन सोचको लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका संवाहक क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छः

१. संविधान, लोकतन्त्र र विकासप्रति राजनीतिक दलहरूको प्रतिवद्धता,
२. जनसाङ्ख्यिक लाभ र नागरिक सचेतना,
३. समथर भूभाग र उर्वर कृषि भूमि,
४. सांस्कृतिक विविधता र धार्मिक स्थलहरू (मठ, मन्दिर, मस्जिद, गुम्बा) को उपलब्धता,
५. निजी क्षेत्रबाट लगानी हुनसक्ने सम्भावना,
६. छिमेकी मुलुक भारतसँगको खुल्ला सीमाका कारण भारतीय क्षेत्रमा मधेश प्रदेशको कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनले बजार पाउने प्रबल सम्भावना,
७. स्थानीय तहहरूसँग बजेटको उपलब्धता र विकासप्रतिको प्रतिबद्धता।

## २.९ परिमाणात्मक लक्ष्य

मधेश प्रदेशको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोचलाई साकार पार्न लिइएका सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्न रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयन गर्दा योजना अवधिमा हासिल हुने उपलब्धिलाई तलको तालिकामा दिइएअनुसारका प्रमुख सूचकका आधारमा मापन गरिनेछ ।

**तालिका २.१: सुशासनसँग सम्बन्धित लक्ष्य**

| क्र.स. | प्रमुख सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | मधेश प्रदेशभित्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेश सरकार विरुद्ध उजुरी दर्ता | प्रतिशत | ७.६ | ५.० |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मधेश प्रदेशभित्रका स्थानीय तह विरुद्ध उजुरी दर्ता | प्रतिशत | ६०.८ | ५०.० |
| ३. | अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा मधेश प्रदेशभित्र नेपाल सरकार विरुद्ध उजुरी दर्ता | प्रतिशत | ३१.६ | २५.० |
| ४. | जन्म दर्ता भएका पाँच वर्षमुनिका बालबालिका | प्रतिशत | ७६.६ | १०० |
| ५. | भ्रष्टाचार न्यूनीकरण अनुभूति (राष्ट्रिय लक्ष्य) | सूचकाङ्क | ३५ | ४३ |

यस आवधिक योजनाले तय गरेका समृद्धि र सामाजिक न्यायका लक्ष्यहरू तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२ : समृद्धि र सामाजिक न्यायका लक्ष्यहरू**

| क्र.स. | प्रमुख सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रादेशिक आर्थिक वृद्धिदर | प्रतिशत | १.५ | ७.५ |
| २. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | ८६८ | ११४९ |
| ३. | निरपेक्ष गरिबीदर | प्रतिशत | २२.५३ | १५.० |
| ४. | गरिबीको विषमता | प्रतिशत | ४.६२ | ३.५० |
| ५. | गरिबीको गहनता | प्रतिशत | १.३६ | १.२० |
| ६. | मानब विकास सूचकाङ्क | मानक | ०.५१० | ०.५६० |
| ७. | आयमा असमानता सूचकाङ्क (Gini-Coefficient) | मानक | २८.७ | २०.५ |
| ८. | अपेक्षित आयु (जन्म हुँदाको बखत) | वर्ष | ७१.८ | ७३ |
| ९. | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्म) | सङ्ख्या | ३८ | २५ |
| १०. | कुपोषणदर | प्रतिशत | २९.० | ५.० |
| ११. | पूर्णखोप कभरेज | प्रतिशत | ७८.० | ९५.० |
| १२. | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने | प्रतिशत | ६८.० | ९५.० |
| १३. | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | १४० | १०० |
| १४. | बालबालिकाको रक्तअल्पता | प्रतिशत | ५१ | १० |
| १५. | पाँच वर्षमाथिको साक्षरतादर | प्रतिशत | ६३.५ | ८० |
| १६. | आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर | प्रतिशत | ९४.६ | ९७.० |
| १७. | माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर | प्रतिशत | ५१.० | ६०.० |
| १८. | खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ९६.५ | ९९.५ |
| १९. | आधारभूत शौचालय सुविधा भएका घरधुरी | प्रतिशत | ८८ | ९९ |
| २०. | कुल कृषियोग्य भूमिमध्ये वर्षैभरी सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ४९.५ | ६० |

| क्र. स. | प्रमुख सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६को लक्ष्य |
|---|---|---|---|---|
| २१ | विद्युत् सुविधा पुगेको घरपरिवार | प्रतिशत | ९७.९ | ९९.५ |
| २२ | कुल गार्हस्थ्य उत्पादन | रु. अर्ब | ७०१ | १०१४ |
| २३ | सडकको लम्बाइ | कि.मि. | ६६५६ | ७००० |
| २४ | सडक घनत्व (प्रति १०० वर्ग कि.मि.) | कि.मि. | ६८.८९ | ६९.३० |
| २५ | बेरोजगारीदर | प्रतिशत | - | ५ |
| २६ | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान | प्रतिशत | १३.१ | १७.० |
| २७ | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान | प्रतिशत | ११.२ | १२.१ |
| २८ | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान | प्रतिशत | ३४.९ | ३२.० |
| २९ | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५४.० | ५५.९ |
| ३० | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ६४.६ | ६८.२ |
| ३१ | कुल निक्षेपमा मधेश प्रदेशको अंश | प्रतिशत | ५.०९ | ८.२५ |
| ३२ | कुल कर्जामा मधेश प्रदेशको अंश | प्रतिशत | ८.२९ | १२.५० |
| ३३ | कुल कृषि कर्जामा मधेश प्रदेशको अंश | प्रतिशत | १७.१ | २०.२५ |
| ३४ | कुल विपन्न क्षेत्र कर्जा प्रवाहमा मधेश प्रदेशको अंश | प्रतिशत | ८.७४ | १४ |
| ३५ | कुल सहुलियतपूर्ण कर्जा प्रवाहमा मधेश प्रदेशको अंश | प्रतिशत | ५.८३ | १० |
| ३६ | कुल मोबाइल बैंकिङ्ग प्रयोगकर्तामध्ये मधेश प्रदेशको हिस्सा | प्रतिशत | १० | १७ |
| ३७ | कुल इन्टरनेट बैंकिङ्ग प्रयोगकर्तामा मधेश प्रदेशको अंश | प्रतिशत | ७ | १२ |
| ३८ | इन्टरनेट पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | २१.२ | ४५ |
| ३९ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.५०३ | ०.४७९ |
| ४० | लैङ्गिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५०३ | ०.५८० |
| ४१ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ४२ | बालश्रम (१८ वर्षमुनि) | प्रतिशत | ११.५ | ३.० |

# परिच्छेद तीन : समष्टिगत आर्थिक क्षेत्र

## ३.१ आर्थिक वृद्धिदर

मधेश प्रदेशको प्रथम आवधिक योजनाले योजना अवधिमा औसत वार्षिक आर्थिक वृद्धिदर ९.० प्रतिशत हुने प्रक्षेपण गरेको थियो। योजना अवधिको पहिलो वर्ष देखि विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ र त्यसपछि रूस युक्रेन युद्धको कारण विभिन्न वस्तुको आपूर्ति शृङ्खला खलबलिएको र पेट्रोलियम पदार्थलगायतका वस्तुमा भएको मूल्य वृद्धिको असरले आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन सकेन। आन्तरिक तथा बाह्य कारणले गर्दा योजना अवधिमा औसत आर्थिक वृद्धिदर २.५ प्रतिशतमा सीमित हुने अनुमान छ। योजना अवधिको अन्तिम वर्ष आर्थिक वृद्धिदर ३.८ प्रतिशतमा सीमित रहने प्रारम्भिक अनुमान छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योजना अवधिको औसत वृद्धिदर ऋणात्मक रहेको छ भने उत्पादनमूलक उद्योगको वृद्धिदर न्यून रहेको छ। आधार वर्ष २०७९/८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.५ प्रतिशत रही प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८६८ अमेरिकी डलर पुग्ने अनुमान रहेको छ। त्यस्तै, आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशको आर्थिक वृद्धिदर ३.८ प्रतिशत रही प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८९२ अमेरिकी डलर पुग्ने अनुमान रहेको छ।

नेपालमा विगतका आवधिक योजनाहरूमा आर्थिक वृद्धिदरको लक्ष्य उच्च रहने तर उपलब्धि न्यून रहने परम्परालाई तोड्दै मधेश प्रदेशको दोस्रो आवधिक योजनमा यथार्थपरक र प्राप्त गर्न सकिने आर्थिक वृद्धिदरको लक्ष्य प्रक्षेपण गर्न ननलिनियर लिस्ट स्क्वायर मोडेल (Nonlinear Least Square Model) को प्रयोग गरिएको छ। आधार वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादनका आधारमा सोही वर्षको स्थिर मूल्यमा आर्थिक वृद्धिदरका अनुमानहरू प्रक्षेपण गरिएको छ। योजना अवधिमा औसत आर्थिक वृद्धिदर ६.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ४.४ प्रतिशत, ८.८ प्रतिशत र ७.३ प्रतिशत हुने लक्ष्य राखिएको छ। तालिका ३.१ मा क्षेत्रगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रस्तुत गरिएको छ।

## ३.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान

देशको कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान १३.१ प्रतिशत रहेको छ। प्रथम आवधिक योजना अवधिमा मधेश प्रदेशको अर्थतन्त्रको संरचनामा सामान्य परिवर्तन आएको छ। आधार वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ३७.७ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षसम्म आइपुग्दा क्रमशः घटेर ३५.३ प्रतिशत हुन पुगेको छ। निर्माण क्षेत्र सङ्कुचित भएको तथा उत्पादनमूलक उद्योगको योगदान बढ्न नसकेका कारण द्वितीय क्षेत्रको योगदान घट्न पुगेको छ। आधार वर्षमा १२.७ प्रतिशत रहेको द्वितीय क्षेत्रको योगदान घटेर १०.७ प्रतिशत हुन आएको छ। तर तृतीय क्षेत्रको योगदान ५९.६ प्रतिशत रहेकोमा केही वृद्धि भएर ५३.९ प्रतिशत हुन पुगेको छ।

तालिका ३.२ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन र मूल्य अभिवृद्धिको लक्ष्य प्रस्तुत गरिएको छ। अपेक्षित आर्थिक वृद्धिदर हासिल हुँदा प्रदेशको अर्थतन्त्र विस्तार भई आवधिक योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादन (आधार वर्ष २०७९/८० को मूल्यमा) १० खर्ब १४ अर्ब ६६ करोड पुग्ने अनुमान छ। यसै अवधिमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको मूल्य अभिवृद्धि क्रमशः २ खर्ब ७९ अर्ब ६१ करोड, १ खर्ब ६ अर्ब ५ करोड र ४ खर्ब ८८ अर्ब ८० करोड पुग्ने तथा समग्र मूल्य अभिवृद्धि ८ खर्ब ७४ अर्ब ४६ करोड पुग्ने अनुमान गरिएको छ। राष्ट्रिय योजना आयोगले सोह्रौं योजनाको मस्यौदामा उल्लेख गरेको मूल्य वृद्धिलाई ४ देखि ५ प्रतिशतमा कायम गर्ने लक्ष्यलाई आधार मान्दा योजना अवधिको अन्तिम वर्ष मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा १३ खर्ब २१ अर्ब ३७ करोड पुग्ने अनुमान छ ।

तालिका ३.३ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना प्रस्तुत गरिएको छ। मधेश प्रदेशमा सेवा क्षेत्र तथा उद्योग क्षेत्रको अपेक्षित वृद्धि हुन नसकेको साथै कृषि कार्यका लागि खेतीयोग्य जमिन उपलब्ध भएको कारण यस प्रदेशमा कृषि क्षेत्रको योगदान अन्य प्रदेशका तुलनामा बढी छ। दोस्रो आवधिक योजनाको लक्षित वृद्धिदर हासिल हुँदा मधेश प्रदेशको

अर्थतन्त्रको संरचनामा पनि उल्लेख्य परिवर्तन हुने अनुमान गरिएको छ। योजना अवधिमा कृषि क्षेत्रको योगदान ३५.४ प्रतिशतबाट घटेर ३१.८ प्रतिशत हुने अनुमान छ भने गैरकृषि क्षेत्रको योगदान ६४.६ प्रतिशतबाट बढेर ६८.२ प्रतिशत हुने अनुमान छ। प्राथमिक क्षेत्रका तुलनामा द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर उच्च रहने भएकाले प्राथमिक क्षेत्रको योगदानमा केही सङ् कुचन आउने तथा द्वितीय र तृतीय क्षेत्रको योगदान वृद्धि हुने अनुमान छ। योजना अवधिको अन्तिम वर्ष प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३२.०, १२.१ र ५५.९ प्रतिशत हुने अनुमान रहेको छ ।

**तालिका ३.१: मधेश प्रदेशको आर्थिक वृद्धिदरको लक्ष्य (आ.व. २०७९/८० को स्थिर मूल्यमा)**

प्रतिशतमा (%)

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान २०८०/८१ को अनुमान | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | | योजना अवधिको औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| **१** | **प्राथमिक क्षेत्र** | **३.१** | **३.८** | **४.३** | **४.१** | **४.१** | **४.६** | **४.७** | **४.४** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३.१ | ३.८ | ४.३ | ४.१ | ४.१ | ४.६ | ४.६ | ४.३ |
| १.२ | खानी तथा उत्खनन | ०.८ | २.४ | ७.० | ८.७ | ९.० | ९.५ | ९.७ | ८.७ |
| **२** | **द्वितीय क्षेत्र** | **-०.५** | **०.२** | **८.५** | **८.४** | **८.७** | **९.२** | **९.४** | **८.८** |
| २.१ | उत्पादनमूलक उद्योग | -२.४ | -१.० | ७.९ | ८.० | ८.२ | ८.४ | ८.५ | ८.२ |
| २.२ | विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १५.७ | २१.९ | ११.० | ११.३ | ११.६ | ११.९ | १२.१ | ११.६ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | २.९ | ३.७ | ७.५ | ६.५ | ६.९ | ७.१ | ८.१ | ७.२ |
| २.४ | निर्माण | -१.२ | -२.२ | ९.० | ८.६ | ८.९ | ९.९ | १०.१ | ९.३ |
| **३** | **सेवा क्षेत्र** | **१.४** | **४.३** | **६.५** | **७.१** | **७.३** | **७.७** | **७.९** | **७.३** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | -३.४ | ०.२ | ६.८ | ८.५ | ८.७ | ९.३ | ९.९ | ८.६ |
| ३.२ | यातायात तथा भण्डारण | -०.५ | ११.५ | ७.४ | ७.७ | ७.८ | ८.६ | ८.८ | ८.१ |
| ३.३ | आवास तथा भोजन सेवा | १५.७ | २२.० | १३.४ | १३.२ | १३.० | १३.४ | १३.९ | १३.४ |
| ३.४ | सूचना तथा सञ्चार | २.१ | ४.३ | ५.८ | ५.७ | ५.८ | ५.८ | ६.० | ५.८ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ८.४ | ८.२ | ७.९ | ८.४ | ८.७ | ८.७ | ९.० | ८.५ |
| ३.६ | घरजग्गा कारोबार | ३.३ | ३.१ | ३.१ | ३.५ | ४.४ | ४.९ | ५.४ | ४.२ |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३.३ | ४.९ | ४.० | ३.९ | ३.९ | ४.१ | ४.३ | ४.० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ४.४ | ४.७ | ४.४ | ४.३ | ४.३ | ४.५ | ४.७ | ४.४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ५.२ | ४.२ | ५.७ | ५.८ | ५.५ | ५.६ | ५.५ | ५.६ |
| ३.१० | शिक्षा | ३.४ | २.७ | ६.४ | ६.६ | ७.२ | ७.४ | ७.४ | ७.० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६.० | ४.८ | ६.९ | ७.१ | ८.३ | ८.४ | ८.३ | ७.८ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ४.४ | ३.२ | ५.७ | ६.० | ६.१ | ६.२ | ६.२ | ६.० |
| **४** | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | **१.८** | **३.७** | **६.०** | **६.२** | **६.४** | **६.८** | **७.०** | **६.५** |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | -१.५ | ४.८ | ८.० | ८.७ | ९.४ | ९.८ | १०.३ | ९.२ |
| | **कुल गार्हस्थ्य उत्पादन** | **१.५** | **३.८** | **६.२** | **६.५** | **६.८** | **७.२** | **७.५** | **६.८** |

**स्रोतः** मधेश प्रदेश नीति तथा प्रदेश योजना आयोगको अनुमान, २०८१ ।

तालिका ३.२ : मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य

(रु. करोडमा)

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **१** | **प्राथमिक क्षेत्र** | **२१७६०** | **२२५८६** | **२३५६०** | **२४५३१** | **२५५४२** | **२६७२४** | **२७९६१** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २१६५९ | २२४८२ | २३४४८ | २४४१० | २५४११ | २६५७९ | २७८०२ |
| १.२ | खानी तथा उत्खनन | १०२ | १०४ | १११ | १२१ | १३२ | १४४ | १५८ |
| **२** | **द्वितीय क्षेत्र** | **६९४३** | **६९५६** | **७५४७** | **८१७९** | **८८८५** | **९६९८** | **१०६०५** |
| २.१ | उत्पादनमूलक उद्योग | ३५४० | ३५०५ | ३७८१ | ४०८४ | ४४१९ | ४७९० | ५१९७ |
| २.२ | बिद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ४१२ | ५०३ | ५५८ | ६२१ | ६९३ | ७७६ | ८६९ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ४०९ | ४२४ | ४५६ | ४८५ | ५१९ | ५५६ | ६०१ |
| २.४ | निर्माण | २५८१ | २५२५ | २७५२ | २९८८ | ३२५४ | ३५७७ | ३९३८ |
| **३** | **सेवा क्षेत्र** | **३२८३४** | **३४२३३** | **३६४६८** | **३९०७३** | **४१९६७** | **४५२३६** | **४८८८०** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ८८२२ | ८८४० | ९४४१ | १०२४३ | १११३४ | १२१७० | १३३७५ |
| ३.२ | यातायात तथा भण्डारण | ४११२ | ४५८५ | ४९२४ | ५३०३ | ५७१७ | ६२०८ | ६७५५ |
| ३.३ | आवास तथा भोजन सेवा | ४४६ | ५४४ | ६१६ | ६९८ | ७८९ | ८९४ | १०१८ |
| ३.४ | सूचना तथा सञ्चार | १५७१ | १६३८ | १७३३ | १८३२ | १९३८ | २०५१ | २१७४ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | २४७६ | २६७९ | २८९० | ३१३३ | ३४०६ | ३७०२ | ४०३५ |
| ३.६ | घरजग्गा कारोबार | १७०८ | १७६१ | १८१५ | १८७९ | १९६१ | २०५७ | २१६९ |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २४६ | २५८ | २६८ | २७९ | २९० | ३०२ | ३१५ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | २३१ | २४२ | २५३ | २६४ | २७५ | २८७ | ३०१ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ५४७६ | ५७०६ | ६०३१ | ६३८१ | ६७३२ | ७१०९ | ७५०० |
| ३.१० | शिक्षा | ६३४७ | ६५१९ | ६९३६ | ७३९३ | ७९२६ | ८५१२ | ९१४२ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ११२८ | ११८२ | १२६४ | १३५४ | १४६६ | १५८९ | १७२१ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २७१ | २८० | २९६ | ३१४ | ३३३ | ३५४ | ३७५ |
| **४** | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | **६१५३६** | **६३७७४** | **६७५७५** | **७१७८२** | **७६३९४** | **८१६५८** | **८७४४६** |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ८६०० | ९०१३ | ९७३५ | १०५८२ | ११५७७ | १२७१२ | १४०२१ |
| | **कुल गार्हस्थ्य उत्पादन** | **७०१३७** | **७२७८८** | **७७३१०** | **८२३६५** | **८७९७१** | **९४३६९** | **१०१४६६** |

**स्रोतः** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

**तालिका ३.३ : मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (आ.व. २०७९/८० को स्थिर मूल्यमा)**

प्रतिशतमा

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०७९/८० | २०८०/८१ को अनुमान | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | प्राथमिक क्षेत्र | ३५.४ | ३५.४ | ३४.९ | ३४.२ | ३३.४ | ३२.७ | ३२.० |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३५.२ | ३५.३ | ३४.७ | ३४.० | ३३.३ | ३२.५ | ३१.८ |
| १.२ | खानी तथा उत्खनन | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ |
| २ | द्वितीय क्षेत्र | ११.३ | १०.९ | ११.२ | ११.४ | ११.६ | ११.९ | १२.१ |
| २.१ | उत्पादनमूलक उद्योग | ५.८ | ५.५ | ५.६ | ५.७ | ५.८ | ५.९ | ५.९ |
| २.२ | बिद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ०.७ | ०.८ | ०.८ | ०.९ | ०.९ | ०.९ | १.० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ | ०.७ |
| २.४ | निर्माण | ४.२ | ४.० | ४.१ | ४.२ | ४.३ | ४.४ | ४.५ |
| ३ | सेवा क्षेत्र | ५३.४ | ५३.७ | ५४.० | ५४.४ | ५४.९ | ५५.४ | ५५.९ |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | १४.३ | १३.९ | १४.० | १४.३ | १४.६ | १४.९ | १५.३ |
| ३.२ | यातायात तथा भण्डारण | ६.७ | ७.२ | ७.३ | ७.४ | ७.५ | ७.६ | ७.७ |
| ३.३ | आवास तथा भोजन सेवा | ०.७ | ०.९ | ०.९ | १.० | १.० | १.१ | १.२ |
| ३.४ | सूचना तथा सञ्चार | २.६ | २.६ | २.६ | २.६ | २.५ | २.५ | २.५ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ४.० | ४.२ | ४.३ | ४.४ | ४.५ | ४.५ | ४.६ |
| ३.६ | घरजग्गा कारोबार | २.८ | २.८ | २.७ | २.६ | २.६ | २.५ | २.५ |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.३ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ८.९ | ८.९ | ८.९ | ८.९ | ८.८ | ८.७ | ८.६ |
| ३.१ | शिक्षा | १०.३ | १०.२ | १०.३ | १०.३ | १०.४ | १०.४ | १०.५ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.८ | १.९ | १.९ | १.९ | १.९ | १.९ | २.० |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ |

**स्रोतः** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

**वास्तविक क्षेत्रमा पर्ने समष्टिगत प्रभावः** माथि उल्लेख गरिएअनुसारको वृद्धिदर कायम हुँदा मधेश प्रदेशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। गैरकृषि क्षेत्रको तुलनामा कृषि क्षेत्रको वृद्धिदर न्यून हुँदा कृषि क्षेत्रको योगदान क्रमशः घटेर योजनाको अन्तिम वर्ष ३१.८ प्रतिशतमा पुग्ने अनुमान छ भने गैरकृषि क्षेत्रको योगदान क्रमशः बढेर ६८.२ प्रतिशत पुग्ने अनुमान रहेको छ। हालको मधेश प्रदेशको जनसङ्ख्या वृद्धिदर यथावत् कायम रहेमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढेर ११४९ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

**तालिका ३.४ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना**

| क्र.सं. | परिसूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ अनुमान | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | | | | |
| १.१ | कृषि | प्रतिशत | ३.१ | ३.८ | ४.६ |
| १.२ | गैरकृषि | प्रतिशत | १.० | ३.२ | ८.३ |
| २ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना | | | | |
| १.१ | कृषि | प्रतिशत | ३५.४ | ३५.४ | ३१.८ |
| १.२ | गैरकृषि | प्रतिशत | ६४.६ | ६४.६ | ६८.२ |
| ३ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | ८६८ | ८९२ | ११४९ |

**स्रोत :** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

## ३.३ उपभोग तथा बचत

घरपरिवार, सबै तहका सरकार तथा नाफारहित घरपरिवारलाई सहयोग गर्ने संस्थाको अन्तिम उपभोगले गार्हस्थ्य बचतको परिमाण निर्धारण गर्दछ। साथै गार्हस्थ्य बचत तथा राष्ट्रिय बचतले पुँजी निर्माणको लागि उपलब्ध हुनसक्ने साधन तथा स्रोतको परिमाणको निर्धारण गर्दछ। उच्च गार्हस्थ्य बचतले लगानीमा प्रभाव पारेर उच्च वृद्धिदर कायम राख्न मद्दत गर्दछ साथै प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न उत्प्रेरकको रूपमा काम गर्नसक्छ। अनावश्यक उपभोगलाई निरुत्साहित गर्ने, आयमूलक कार्यक्रम सञ्चालन गरी नागरिकको आय वृद्धि गरी बचत वृद्धि गर्ने तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने मधेश प्रदेश सरकारको दोस्रो आवधिक योजनाको लक्ष्य रहेको छ।

नेपालको जीवनस्तर सर्वेक्षण चौथो र तीनै तहका सरकारका खर्चका विवरणहरू केलाएर पहिलो पटक प्रदेशको अन्तिम उपभोगको अनुमान तयार गरिएको छ। आधार वर्ष आ.व. २०७९/८० मा घरपरिवार, तीनै तहका सरकार र नाफारहित घरपरिवारलाई सहयोग गर्ने संस्थासमेतको अन्तिम उपभोग खर्च ६ खर्ब ५१ अर्ब ४५ करोड हुने अनुमान छ, जुन कुल गार्हस्थ्य उत्पादनको ९२.९ प्रतिशत हो। उच्च उपभोगका कारण आधार वर्ष आ.व. २०७९/८० मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ७.१ प्रतिशत हुने र आ.व. २०८०/८१ मा ८.० प्रतिशत पुग्ने अनुमान छ।

योजना अवधिको अन्तिम वर्षमा मधेश प्रदेशको अन्तिम उपभोग खर्च आ.व. २०७९/८० को स्थिर मूल्यमा ८ खर्ब ९० अर्ब १८ करोड हुने अनुमान छ। साथै अन्तिम उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ८७.७ प्रतिशतमा सीमित भई कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको १२.३ प्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ। खण्डीकृत तथ्याङ्कको अभावमा मधेश प्रदेशको कुल राष्ट्रिय बचत आँकलन गर्न सकिएको छैन तथापि यस प्रदेशमा विप्रेषण आप्रवाहमा उच्च वृद्धि, बैंकका शाखामा भएको वृद्धि, बचत परिचालन गर्ने संस्थाको वृद्धि जस्ता कारणले राष्ट्रिय बचत पनि उच्च रहेको अनुमान छ।

तालिका ३.५ : कुल उपभोग तथा बचत

| क्र.सं. | परिसूचक | एकाइ | २०७९/८० अवस्था | २०८०/८१ अनुमान | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादन | रु.करोडमा | ७०१३७ | ७२७८८ | १०१४६६ |
| २. | कुल उपभोग | रु.करोडमा | ६५१४५ | ६६९८७ | ८९०१८ |
| ३. | कुल गार्हस्थ्य बचत | रु.करोडमा | ४९९२ | ५८०१ | १२४४९ |
| ४. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग | प्रतिशत | ९२.९ | ९२.० | ८७.७ |
| ५. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ७.१ | ८.० | १२.३ |

**स्रोत**: मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

## ३.४ उत्पादकत्व

छिमेकी र विकासशील देशका तुलनामा नेपालको उत्पादकत्व न्यून रहेको छ। नेपालका सबै प्रदेशको समेत उत्पादकत्व न्यून छ। हालको न्यून उत्पादकत्वको अवस्थालाई अभिवृद्धि नगरेसम्म स्रोतको उपलब्धता र लगानीले मात्र प्रदेशले समृद्धि हासिल गर्न सक्दैन। उत्पादकत्व वृद्धिका लागि उत्पादनका लागि प्रयोग गरिने पुँजी, प्रविधि, श्रम, ऊर्जा, सामग्री, समय र सूचनाको अति उत्तम प्रयोग हुनुपर्छ। आर्थिक क्रियाकलाप सञ्चालन गर्दा संसाधनको लाभदायक उपयोग गरेवापत प्राप्त हुने प्रतिफल उत्पादकत्व हो।

प्रदेश तहमा उत्पादकत्व वृद्धि गर्न योजना अवधिमा मानव संसाधनको विकास प्रयोगमा विशेष ध्यान दिइनेछ। गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा र उचित पोषणका साथै विभिन्न किसिमका तालिमको माध्यमबाट स्वास्थ्य, दक्ष र सिपमूलक जनशक्ति विकास गरी प्रदेशमा नै उत्पादनमूलक काममा लगाउने व्यवस्था मिलाइने छ। प्रदेश तहमा उपयोगी उन्नत र आधुनिक प्रविधिको विकास गरी यसको प्रयोग गरिने छ। यातायात र सञ्चार लगायतका भौतिक पूर्वाधारको विकाससहितको व्यवस्थित सहरीकरण, सौर्य ऊर्जाको उत्पादन वृद्धिसँगै उत्पादनमूलक उद्योग तथा सेवा क्षेत्रमा अधिकतम उपयोग बढाई उत्पादन लागत घटाइने छ। सरकारी तथा निजी क्षेत्रको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै प्रदेशबाट सञ्चालन हुने सबै आयोजनाहरू तोकिएको समयमा सम्पन्न गरी लागत बढ्न दिइने छैन। यी कार्यहरूबाट तत्कालीन तथा दीर्घकालीन रूपमा उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ।

मधेश प्रदेशको समृद्धिका लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु अपरिहार्य छ। कृषि क्षेत्रमा नवीनतम ज्ञान र सिपको प्रयोग, सिँचाइ सुविधाको वृद्धि, आधुनिक कृषियन्त्रको प्रयोग, कृषि जमिनको सुधार, सघन खेती र उच्च मूल्यका कृषि तथा वन पैदावारको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य रहेको छ। तस्तै, उद्योग क्षेत्रमा विद्युतीय ऊर्जाको उपलब्धता र प्रयोगमा वृद्धि, आधुनिक प्रविधिको अवलम्बन, दक्ष र सिपयुक्त जनशक्तिको विकास, उद्यमशीलता विकास, उद्योगमैत्री कानुन निर्माण गरी सार्वजनिक खरिद र निर्माणलाई मितव्ययी बनाएर उत्पादकत्व अभिवृद्धि गरिनेछ। सेवा क्षेत्रमा नवीनतम ज्ञान र सिपको प्रयोग, सूचना प्रविधिको अधिकतम प्रयोग, तथा व्यवस्थापनमा सुधार गरी स्तरीय सेवा उत्पादन गरी उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य रहेको छ।

## ३.५ सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी

विगतमा सुरु गरिएका आयोजनाहरू दोस्रो योजना अवधिमा सम्पन्न भई सञ्चालनमा आउने तथा यस अवधिमा तीनै तहका सरकारबाट परिलक्षित कार्यक्रम तथा योजनाहरू निर्धारित समय र लागतमा सम्पन्न हुँदा अर्थतन्त्र थप चलायमान हुने तथा आर्थिक स्थायित्व कायम भइ प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ। यसका लागि एकातर्फ कृषि, उद्योग र पर्यटन क्षेत्रमा आवश्यक पुँजी लगानीको साथै नवीनतम प्रविधि, ज्ञान र सिप प्रयोग गरि उत्पादन र उत्पादकत्व बढाउन आवश्यक ध्यान दिइनेछ भने अर्कातर्फ सबै स्थानीय तहमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार र भौतिक पूर्वाधारको विकास गर्दै अन्तर आबद्धता बढाउनेछ ।

सीमान्त पुँजी उत्पादन अनुपातले अर्थतन्त्रमा थप एक एकाइ उत्पादन वृद्धि गर्न कति अतिरिक्त पुँजी आवश्यक पर्छ भन्ने मापन गर्दछ। यसैका आधारमा आवधिक योजना अवधिमा आवश्यक पर्ने कुल लगानी प्रक्षेपण गरिन्छ। तर प्रदेश तहमा सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क उपलब्ध नभएकाले सङ्घीय सरकारको सोह्रौं योजनाको मस्यौदामा उल्लेख गरिएको सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क र प्रदेशको प्रथम आवधिक योजनामा उल्लेख गरिएको सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्कका आधारमा यस प्रदेशमा हालको अवस्थामा आधुनिक प्रविधि र दक्ष तथा सिपयुक्त जनशक्तिको प्रयोगका कारण उत्पादनमा आएको परिवर्तनलाई मध्यनजर राखेर प्रदेशको सीमान्त पुँजी उत्पादन अनुपात आँकलन गरिएको छ। योजना अवधिमा सीमान्त पुँजी उत्पादन अनुपात ४.३३:१ हुने अनुमान गरिएको छ। सीमान्त पुँजी उत्पादन अनुपात अनुसार औसत ६.८ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न योजना अवधिमा कुल स्थिर पुँजी लगानी आ.व. २०७९/८० को स्थिर मूल्यमा १० खर्ब ६६ अर्ब ३१ करोड लाग्ने अनुमान गरिएको छ। तालिका ३.६ मा सीमान्त पुँजी अनुपात र कुल लगानीको अनुमान प्रस्तुत गरिएको छ। कृषि क्षेत्रमा स्थिर पुँजी लगानी आ.व. २०७९/८० को स्थिर मूल्यमा १ खर्ब ५६ अर्ब ९५ करोड र गैर कृषि क्षेत्रमा ९ खर्ब ९ अर्ब ३५ करोड लगानी गर्नुपर्ने अनुमान गरिएको छ। क्षेत्रगत रूपमा हेर्दा प्राथमिक क्षेत्रमा १ खर्ब ६० अर्ब ५ करोड, द्वितीय क्षेत्रमा १ खर्ब ६३ अर्ब ५५ करोड र तृतीय क्षेत्रमा ७ खर्ब ४२ अर्ब ७० करोड स्थिर पुँजी लगानी गर्नुपर्ने अनुमान गरिएको छ। त्यस्तै स्थिर पुँजी लगानी आ.व. २०७९/८० को स्थिर मूल्यमा योजना अवधिको पहिलो वर्ष १ खर्ब ७१ अर्ब, दोस्रो वर्ष १ खर्ब ८८ अर्ब ४६ करोड, तेस्रो वर्ष २ खर्ब ७ अर्ब ७९ करोड, चौथो वर्ष २ खर्ब ३७ अर्ब ४९ करोड र अन्तिम वर्ष २ खर्ब ६१ अर्ब ५६ करोड लाग्ने अनुमान गरिएको छ।

**तालिका ३.६ : सीमान्त पुँजी उत्पादन अनुपात र कुल लगानी (आ.व. २०७९/८० को स्थिर मूल्यमा)**

(रु. करोडमा)

| क्र. सं. | क्षेत्रहरू | अनुमानित सीमान्त पुँजी उत्पादन अनुपात | २०८०/८१ को लागि अनुमान | दोस्रो आवधिक योजनाको प्रक्षेपित लगानी | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| **१** | **प्राथमिक क्षेत्र** | **२.९६** | **२४४२** | **२८९३** | **२८९१** | **३०१४** | **३५२०** | **३६८७** | **१६००५** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २.९५ | २४२८ | २८५२ | २८३६ | २९५२ | ३४४८ | ३६०७ | १५६९५ |
| १.२ | खानी तथा उत्खनन | ५.७० | १४ | ४२ | ५५ | ६२ | ७१ | ८० | ३१० |
| **२** | **द्वितीय क्षेत्र** | **५.४५** | **२९०९** | **२६७२** | **२८४३** | **३१७१** | **३६२६** | **४०४४** | **१६३५५** |
| २.१ | उत्पादनमूलक उद्योग | ५.३३ | ९०६ | १४७६ | १६१२ | १७८५ | १९७८ | २१७० | ९०२२ |
| २.२ | विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १४.४५ | १३०५ | ८० | ९१ | १०४ | ११९ | १३६ | ५३० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ६.६७ | १०१ | २१२ | १९८ | २२३ | २४६ | ३०० | ११७९ |
| २.४ | निर्माण | ३.९८ | ५९७ | ९०४ | ९४२ | १०५९ | १२८२ | १४३८ | ५६२५ |
| **३** | **सेवा क्षेत्र** | **४.९९** | **१०६९०** | **११५३५** | **१३११२** | **१४५९४** | **१६६०४** | **१८४२५** | **७४२७०** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | २.७८ | १०४९ | १६७१ | २२३१ | २४७७ | २८७९ | ३३४९ | १२६०७ |
| ३.२ | यातायात तथा भण्डारण | ११.४५ | ५४१४ | ३८८५ | ४३४१ | ४७३६ | ५६२९ | ६२५६ | २४८४७ |
| ३.३ | आवास तथा भोजन सेवा | ६.१२ | ६०० | ४४६ | ४९८ | ५५५ | ६४७ | ७६१ | २९०६ |
| ३.४ | सूचना तथा सञ्चार | ९.९३ | ६७१ | ९४४ | ९८१ | १०५५ | १११६ | १२२२ | ५३१८ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | २.८८ | ५८५ | ६०९ | ६९९ | ७८५ | ८५३ | ९६० | ३९०७ |
| ३.६ | घरजग्गा कारोबार | ५.६३ | २९८ | ३०७ | ३५८ | ४६५ | ५४१ | ६२६ | २२९७ |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २.८८ | ३५ | ३० | ३० | ३१ | ३४ | ३७ | १६३ |

| क्र. सं. | क्षेत्रहरू | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | २०८०/८१ को लागि अनुमान | दोस्रो आवधिक योजनाको प्रक्षेपित लगानी | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ३.०१ | ३३ | ३२ | ३३ | ३४ | ३७ | ४१ | १७७ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ३.४८ | ८०० | ११३२ | १२१७ | १२२१ | १३१२ | १३६१ | ६२४३ |
| ३.१० | शिक्षा | ४.१२ | ७०६ | १७१९ | १८८६ | २१९३ | २४१६ | २५९५ | १०८१० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ८.७५ | ४७४ | ७१४ | ७८५ | ९८३ | १०७८ | ११५४ | ४७१४ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २.९५ | २६ | ४७ | ५२ | ५६ | ६१ | ६५ | २८१ |
| | **कुल** | **४.३३** | **१६०४१** | **१७१००** | **१८८४६** | **२०७७९** | **२३७४९** | **२६१५६** | **१०६६३१** |

**स्रोतः** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

## ३.६ लगानीका स्रोतहरू

लगानीमैत्री वातावरण सिर्जना गरी कृषि, उत्पादनमूलक उद्योग, सूचना प्रविधि, आवास तथा भोजन, सडक तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा सरकारी, निजी तथा सहकारी साझेदारी अभिवृद्धि गरी लगानी गरिनेछ। योजना अवधिका लागि आवश्यक लगानी निजी, सार्वजनिक, सहकारी र सामुदायिक गरी चारओटा क्षेत्रबाट हुनेछ। योजना अवधिमा लगानी गर्नुपर्ने कुल १० खर्ब ६० अर्ब ७८ करोडमध्ये सार्वजनिक क्षेत्रबाट ३ खर्ब ७६ अर्ब ५७ करोड, निजी क्षेत्रबाट ६ खर्ब ५५ अर्ब ५७ करोड, सहकारीबाट २३ अर्ब ३४ करोड र सामुदायिक संस्थाहरूबाट ५ अर्ब ३० करोड लगानी हुने अपेक्षा गरिएको छ। निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी तालिका ३.७ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.७ : निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (आ.व. २०७९/८० को स्थिर मूल्यमा)**

(रु करोडमा)

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | **प्राथमिक क्षेत्र** | **२०७०** | **१०६५५** | **६२८** | **११०** | **१३४६३** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १९३३ | ९६८९ | ५८२ | १०२ | १२३०६ |
| १.२ | खानी तथा उत्खनन | १३७ | ९६६ | ४६ | ८ | ११५७ |
| २ | **द्वितीय क्षेत्र** | **११२४२** | **१४५२३** | **५२१** | **१२३** | **२६४०८** |
| २.१ | उत्पादनमूलक उद्योग | १८७२ | ८९६६ | ४०३ | ० | ११२४१ |
| २.२ | विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ४४१४ | २७४९ | ५२ | ० | ७२१४ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ५७९ | १७७ | १५ | १०७ | ८७७ |
| २.४ | **निर्माण** | **४३७७** | **२६३१** | **५१** | **१६** | **७०७६** |
| ३ | **सेवा क्षेत्र** | **२४३४५** | **४०३७९** | **११८६** | **२९७** | **६६२०६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ५११ | ६८०७ | ६०३ | ० | ७९२२ |
| ३.२ | यातायात तथा भण्डारण | ४१९१ | १३८६७ | २६१ | ० | १८३१९ |
| ३.३ | आवास तथा भोजन सेवा | २६५ | ५७७५ | ६५ | ० | ६१०४ |
| ३.४ | सूचना तथा सञ्चार | १२०७ | २०१२ | ० | ० | ३२१८ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ९२० | ३६५८ | १८१ | ० | ४७५९ |

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| ३.६ | घरजग्गा कारोबार | १८५ | ३४२८ | ६५ | ० | ३६७८ |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २ | २०२ | ० | ० | २०४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ५ | २४८ | ० | ० | २५३ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ७३११ | ० | ० | ० | ७३११ |
| ३.१० | शिक्षा | ६११० | २५३२ | ० | २०९ | ८८५१ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ३५९५ | १६१२ | ० | ८७ | ५२९३ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ४३ | २३८ | १० | १ | २९३ |
| | **जम्मा** | **३७६५७** | **६५५५७** | **२३३४** | **५३०** | **१०६०७८** |

**स्रोत** : मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

उपर्युक्त लगानीका आधारमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक गरी चारैओटा लगानीका स्रोतको हिस्सा तालिका ३.८ मा प्रस्तुत गरिएको छ । यी चार क्षेत्रबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा विभिन्न अनुपातमा लगानी हुने विश्वास गरिएको छ । समग्रमा सार्वजनिक क्षेत्रबाट ३५.५ प्रतिशत, निजी क्षेत्रबाट ६१.८ प्रतिशत, सहकारीबाट २.२ प्रतिशत र सामुदायिक क्षेत्रबाट ०.५ प्रतिशत लगानी हुने अपेक्षा गरिएको छ।

**तालिका ३.८: निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीको हिस्सा**

(प्रतिशतमा)

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक |
|---|---|---|---|---|---|
| **१** | **प्राथमिक क्षेत्र** | **१५.४** | **७९.१** | **४.७** | **०.८** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १५.७ | ७८.७ | ४.७ | ०.८ |
| १.२ | खानी तथा उत्खनन | ११.८ | ८३.५ | ४.० | ०.७ |
| **२** | **द्वितीय क्षेत्र** | **४२.६** | **५५.०** | **२.०** | **०.५** |
| २.१ | उत्पादनमूलक उद्योग | १६.७ | ७९.८ | ३.६ | ०.० |
| २.२ | विद्युत्, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ६१.२ | ३८.१ | ०.७ | ०.० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ६६.० | २०.२ | १.७ | १२.२ |
| २.४ | निर्माण | ६१.९ | ३७.२ | ०.७ | ०.२ |
| **३** | **सेवा क्षेत्र** | **३६.८** | **६१.०** | **१.८** | **०.४** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ६.५ | ८५.९ | ७.६ | ०.० |
| ३.२ | यातायात तथा भण्डारण | २२.९ | ७५.७ | १.४ | ०.० |
| ३.३ | आवास तथा भोजन सेवा | ४.३ | ९४.६ | १.१ | ०.० |
| ३.४ | सूचना तथा सञ्चार | ३७.५ | ६२.५ | ०.० | ०.० |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | १९.३ | ७६.९ | ३.८ | ०.० |
| ३.६ | घरजग्गा कारोबार | ५.० | ९३.२ | १.८ | ०.० |
| ३.७ | पेसागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १.० | ९९.० | ०.० | ०.० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | १.९ | ९८.१ | ०.० | ०.० |

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक |
|---|---|---|---|---|---|
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १००.० | ०.० | ०.० | ०.० |
| ३.१ | शिक्षा | ६९.० | २८.६ | ०.० | २.४ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६७.९ | ३०.५ | ०.० | १.६ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | १४.७ | ८१.३ | ३.५ | ०.४ |
| | **जम्मा** | **३५.५** | **६१.८** | **२.२** | **०.५** |

**स्रोत :** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

## ३.७ सार्वजनिक खर्च व्यहोर्ने स्रोत

सङ्घीय संरचनाअनुसार प्रदेशमा तीन तहका सरकारबाट लगानी तथा खर्च गर्ने व्यवस्था रहेको छ तर सङ्घले र स्थानीय तहले योजना अवधिमा प्रदेशमा गर्ने खर्चको विवरण उपलब्ध छैन। तीनै तहका सरकारबाट लक्षित उपलब्धि हासिल गर्न प्रदेशमा आँकलन गरिएको लगानी गर्नु आवश्यक छ। विगतका प्रदेश सरकारका बजेट, आम्दानीका स्रोत तथा राजस्व सङ्कलन, खर्चका साथै सङ्घीय सरकारले सोह्रौं योजनामा प्रक्षेपित प्रदेशलाई विभिन्न शीर्षकमा दिने अनुदान तथा राजस्व बाँडफाँट (अन्तरसरकारी वित्तको प्रक्षेपण) समेतका आधारमा मधेश प्रदेश सरकारको योजना अवधिको लागि बजेटको अनुमान तयार गरिएको छ।

योजना अवधिमा आ.व. २०७९/८० को स्थिर मूल्यमा कुल २ खर्ब ५३ अर्ब ५९ करोड खर्च हुने अनुमान गरिएको छ। उक्त खर्चमध्ये चालु खर्च ८३ अर्ब ५६ करोड, पुँजीगत खर्च १ खर्ब ४६ अर्ब ७२ करोड, वित्तीय हस्तान्तरण २३ अर्ब ३१ करोड हुने अनुमान गरिएको छ।

योजना अवधिमा हुने कुल खर्चमध्ये २ खर्ब ३३ अर्ब ८२ करोड आन्तरिक राजस्व, राजस्व बाँडफाँट र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानबाट व्यहोर्ने अनुमान गरिएको छ। त्यसो हुँदा हुने बजेट घाटा १९ अर्ब ७७ करोडमध्ये वैदेशिक ऋण तथा अनुदानबाट ७ अर्ब २३ करोड र आन्तरिक ऋणबाट १२ अर्ब ५४ करोड पूर्ति गर्ने अनुमान गरिएको छ। तालिका ३.९ मा योजना अवधिमा प्रदेश सरकारको बजेट र खर्च व्यहोर्ने स्रोत प्रस्तुत गरिएको छ।

**तालिका ३.९ : प्रदेश सरकारको बजेट र खर्च व्यहोर्ने स्रोत (आ.व. २०७९/८० को स्थिर मूल्यमा)**

(रु करोडमा)

| क्र.स. | विवरण | आधार वर्ष २०७९/८० को संशोधित | २०८०/८१ को अनुमान | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | **कुल बजेट** | **४५४२** | **४४११** | **४१२८** | **४५६३** | **५१३५** | **५५४०** | **५९९३** | **२५३५९** |
| २ | **कुल राजश्व** | **४३५९** | **४२११** | **३७८१** | **४१९४** | **४७४२** | **५१२०** | **५५४६** | **२३३८२** |
| २.१ | आन्तरिक राजश्व | १४६३ | १३१० | १२९६ | १३८१ | १४७५ | १५८३ | १७०३ | ७४३८ |
| २.२ | राजश्व बाँडफाँट | ९८१ | १५५६ | १०७० | १२५६ | १४७६ | १६२४ | १७८६ | ७२११ |
| २.३ | वित्तीय समानीकरण | ७८२ | ७४२ | ८४० | ९४५ | ११२१ | १२१६ | १३६७ | ५४८९ |
| २.४ | सशर्त अनुदान | १००६ | ४५७ | ४२७ | ४४९ | ४८२ | ५०१ | ४७८ | २३३७ |
| २.५ | समपूरक | ७८ | ९८ | ८७ | ९५ | ११० | ११४ | १२६ | ५३३ |

**दोस्रो आवधिक योजना** (आ.व. २०८१/८२-२०८५/८६)

| क्र. स. | विवरण | आधार वर्ष २०७९/८० को संशोधन | २०८०/८१ को अनुमान | दोस्रो आवधिक योजनाको लक्ष्य | | | | | योजना अवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| २.६ | विशेष अनुदान | ४९ | ४९ | ६२ | ६८ | ७८ | ८२ | ८६ | ३७६ |
| **३** | **वैदेशिक अनुदान** | | | **१२८** | **१३६** | **१४४** | **१५३** | **१६२** | **७२३** |
| **४** | **आन्तरिक ऋण** | **१८३** | **२००** | **२१९** | **२३४** | **२५०** | **२६७** | **२८५** | **१२५४** |
| **५** | **कुल खर्च** | **२३३३** | **४४११** | **४१२८** | **४५६३** | **५१३५** | **५५४०** | **५९९३** | **२५३५९** |
| ५.१ | चालु खर्च | १०८७ | १४४० | १५१२ | १५८८ | १६६७ | १७५१ | १८३८ | ८३५६ |
| ५.२ | पुँजीगत खर्च | १००२ | २५५७ | २१८५ | २५२८ | ३००३ | ३३०५ | ३६५२ | १४६७२ |
| ५.३ | वित्तीय हस्तान्तरण | २४४ | ४१४ | ४३० | ४४८ | ४६६ | ४८४ | ५०३ | २३३१ |

**स्रोतः** मधेश प्रदेश नीति तथा योजना आयोगको अनुमान, २०८१ ।

# परिच्छेद चार : सार्वजनिक वित्त र लगानी

नेपालको अर्थतन्त्रमा कृषि र गैरकृषि क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। कृषि क्षेत्रअन्तर्गत मुख्यतः अन्नबाली, दलहन तथा तेलहन बालीलगायत पशुपालन र मत्स्यपालन क्षेत्रको भूमिका अग्र स्थानमा रहेको छ भने गैरकृषि क्षेत्रतर्फ उद्योग निर्माण तथा थोक तथा खुद्रा व्यापार क्षेत्रको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। यसैगरी पछिल्ला वर्षहरूमा सेवा क्षेत्रले पनि नेपालको अर्थतन्त्रलाई सहयोग पुर्‍याउँदै आएको छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको र सेवा क्षेत्रको योगदान बढ्दै गएको अवस्था छ। औद्योगिक आधारहरू कमजोर हुँदै गएका कारण मुलुकको अर्थतन्त्रमा द्वितीयक क्षेत्रको योगदान सन्तोषजनक रूपमा वृद्धि हुन सकिरहेको छैन (आर्थिक सर्वेक्षण, २०८०, नेपाल सरकार, अर्थ मन्त्रालय)। आ.व. २०७८/७९ मधेश प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको सबैभन्दा बढी ५३.६ प्रतिशत र उद्योग क्षेत्रको सबैभन्दा कम ११.९ प्रतिशत योगदान रहेको थियो (नेपाल राष्ट्र बैङ्क, २०८०)।

अर्थतन्त्रलाई उकास्न बचत र लगानीको महत्त्वपूर्ण भूमिका रहन्छ तर कोभिड-१९ र रुस-युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा सिथिलता आउँदा बैङ्क ब्याजदरमा भएको उच्च वृद्धिका कारण कर्जा लगानीमा समेत कमी आएकोले मुलुकको समग्र अर्थतन्त्रलाई यसले नकारात्मक प्रभाव पार्न पुग्यो। पछिल्ला दशकमा कुल गार्हस्थ्य उत्पादनको ४१.४ प्रतिशतसम्म पुगेको कुल लगानी आ.व. २०७९/८० मा ३२.६ प्रतिशतमा सीमित हुने अनुमान छ। आ.व. २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनसँग बचत र लगानीको अन्तर ३१.६ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा २६.२ प्रतिशतमा झर्ने अनुमान रहेको छ। कुल राष्ट्रिय बचतमा वृद्धि भएको र कुल लगानी घटेका कारण कुल राष्ट्रिय बचत र लगानी अन्तरमा कमी आएको छ। बचत वृद्धिमा विप्रेषण र पर्यटक आगमनमा भएको वृद्धिसँग भ्रमण आयमा पनि बढोत्तरी हुँदा कुल राष्ट्रिय बचतमा बृद्धि हुनसकेको छ (आर्थिक सर्वेक्षण, २०८०, नेपाल सरकार, अर्थ मन्त्रालय)।

सार्वजनिक खर्चलाई मितव्ययिता, प्रभावकारिता र पारदर्शिता कायम गरी स्रोत व्यवस्थापन गर्न तीनै तहका सरकारहरूमा दबाब सिर्जना भएको छ। यसैगरी वित्तीय सङ्घीयतालाई पूर्णरूपमा कार्यान्वयन गर्न समेत चुनौतीको सामना गर्नुपरेको अवस्था रहेको छ। यसले प्रदेश र स्थानीय तहमा प्रभावकारी रूपमा आन्तरिक राजस्व सङ्कलन हुन सकिरहेको छैन। यसले प्रदेश र स्थानीय तहलाई सङ्घसँग बढी निर्भर हुनुपर्ने बाध्यतासमेत सिर्जना गराएको छ। यी चुनौतीहरूलाई सामना गरी मुलुकको समग्र अर्थतन्त्रलाई मजबुत बनाउन वित्तीय क्षेत्र, निजी क्षेत्र, विकास साझेदार निकायहरू, गैरसरकारी सङ्घसंस्थाहरू लगायतले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्।

यसै पृष्ठभूमिमा यस परिच्छेदमा बचत तथा लगानी, सार्वजनिक खर्च, राजस्व परिचालन (आन्तरिक राजस्व र वित्तीय हस्तान्तरण), आन्तरिक ऋण, वैदेशिक सहयोग, विदेशी लगानी, सार्वजनिक निजी साझेदारी र निजी क्षेत्रका बारेमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ।

## ४.१ बचत तथा लगानी

### ४.१.१ पृष्ठभूमि

प्रदेशको उच्च आर्थिक वृद्धि हासिल गर्नका लागि उल्लेखनीय बचत परिचालन र लगानीको आवश्यकता पर्दछ। बचत वृद्धिबाट मात्रै लगानी प्रवर्धन गर्न सकिन्छ। यसका लागि वित्तीय संस्थाहरूको भूमिका अहम् हुन्छ। बचत वृद्धिका लागि नागरिकहरूमा बचत गर्ने बानीको विकास हुनुपर्छ। यसका साथै उत्पादनशील क्षेत्रमा लगानी गर्नका लागि अनुकूल वातावरणको पनि उत्तिकै भूमिका रहेको हुन्छ।

आर्थिक वर्ष २०७६/७७ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन ऋणात्मक (-२.०३ प्रतिशत) थियो भने आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको आर्थिक वृद्धि ४.१ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ४.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष

२०७९/८० मा १.५ प्रतिशतमा झरेको छ (आर्थिक सर्वेक्षण २०७८/७९, २०७९/८० र २०८०/८१ नेपाल सरकार, अर्थ मन्त्रालय)। मुलुकभरको कुल निक्षेपका तुलनामा मधेश प्रदेशको कुल निक्षेपको अंश ५.०९ प्रतिशतमात्र रहेको छ। यसैगरी कुल कर्जा लगानीमध्ये यस प्रदेशको अंश ८.२९ प्रतिशतमात्र छ। यसैगरी कृषि कर्जाको अंश १७.१ प्रतिशत रहेको र विपन्न क्षेत्र कर्जाको अंश ८.४७ प्रतिशतमात्र रहेको छ। यसैगरी यस प्रदेशमा सहुलियतपूर्ण कर्जाको अंश ५.३ प्रतिशत रहेको छ। यस प्रदेशमा क, ख, ग र घ वर्गका वित्तीय संस्थाको शाखा सङ्ख्या १७४५ रहेको छ। शाखारहित बैंकिङ्ग सेवा २०१ रहेको छ। मुलुकभरका मोबाइल बैंकिङ्ग प्रयोगकर्तामध्ये यस प्रदेशमा १० प्रतिशत प्रयोगकर्ता रहेका छन्। यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा १३.२५ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ९६ अर्ब ५० करोड पुगेको छ भने सोही अवधिमा वित्तीय संस्थाहरूबाट प्रवाह भएको कर्जा ४.६८ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ५० अर्ब २१ करोड पुगेको छ (नेपाल राष्ट्र बैङ्क, २०८०, प्रादेशिक आर्थिक गतिविधि अध्ययन, मधेश प्रदेश, वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०)।

### ४.१.२ समस्या र चुनौती

प्रदेशवासीको न्यून आय भएका कारण उनीहरूको आम्दानीको धेरै अंश उपभोगमा खर्च हुनु, मूल्य वृद्धिका कारण प्रदेशवासीको जीविकोपार्जनका लागि बढी खर्च हुनु, आधारभूत शिक्षा र स्वास्थ्य जस्ता महत्त्वपूर्ण सेवा महङ्गो हुनु, सामाजिक संस्कृति भड्किलो हुनु, वित्तीय साक्षरताको कमीका कारण बचत गर्ने बानी नहुनु, आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्। साथै, खर्चमा मितव्ययिता अपनाई बचत गर्ने बानीको विकास गर्नु, लगानीमैत्री वातावरण सिर्जना गर्नु र लगानीकर्ताको प्रतिस्पर्धा गर्ने क्षमता अभिवृद्धि गर्नु र तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा विद्यमान छन्।

### ४.१.३ अवसर र सम्भावना

नागरिकमा बचतको महत्त्व तथा बचत गर्ने बानीको विकास हुँदै जानु, बचत तथा लगानीमा अपेक्षित प्रतिफल सुनिश्चित हुने वातावरण बन्दै जानु, बचत परिचालनसम्बन्धी नवीनतम उपकरणको अवलम्बन, आकर्षण र विस्तार हुँदै जानु, विप्रेषण आयलाई उत्पादनशील लगानीमा रूपान्तरण हुने वातावरण बन्दै जानु, लगानी सम्मेलनहरूमार्फत आन्तरिक तथा बाह्य लगानीका प्रतिवद्धताहरू आउनु जस्ता अवसरहरू यस क्षेत्रमा रहेका छन्। बैङ्क तथा वित्तीय संस्थाहरूको विस्तार र पहुँच वृद्धि हुनु, लघु वित्त तथा सहकारी संस्थाहरूले बचत सुरक्षित गर्नु र लगानीका क्षेत्रहरू पहिचान हुनु आदि यस क्षेत्रमा लगानी बढ्न सक्ने सम्भावना रहेको छ।

### ४.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेशको आर्थिक समृद्धिः बचत र लगानीमा वृद्धि

**लक्ष्यः** प्रदेशवासीको बचत गर्ने बानीमा सुधार ल्याई रोजगारीमूलक र उत्पादनशील क्षेत्रमा लगानी बढाउने।

**उद्देश्यः** बचत वृद्धि गरी उत्पादनशील क्षेत्रमा सहुलियतपूर्ण ऋण प्रवाह गर्ने वातावरण सिर्जना गर्नु।

### ४.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. घरपरिवार, निजी क्षेत्र र सहकारी तथा सामुदायिक संस्थालाई बचत गर्न प्रोत्साहन र आकर्षण गर्ने। | १.१ घरपरिवार तथा सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै बचत वृद्धि गरी उत्पादनशील क्षेत्रमा खर्च गर्न प्रोत्साहित गरिनेछ।<br>१.२ बचत र लगानीमा उच्चतम प्रतिफलको सुनिश्चितता हुने वातावरणको निर्माण गरिनेछ।<br>१.३ राजस्व प्रणाली र वित्तीय क्षेत्रमा आवश्यक सुधार गरिनेछ ।<br>१.४ बैंकिङ्ग सेवा प्रयोग गर्ने बानीको विकास र विस्तार गर्न बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. रोजगारी सिर्जना गरी बचत गर्ने क्षमता वृद्धि गर्ने। | २.१ प्रादेशिक बचत तथा प्रभावकारी लगानी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.२ लघु तथा साना उद्योग प्रवर्धन गर्न लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।<br>२.३ सहकारी क्षेत्रको बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>२.४ घरेलु उत्पादनका लागि बजार सुनिश्चित गर्न सहजीकरण तथा सहयोग गरिनेछ। |
| ३. उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धिका लागि अनुकूल वातावरण सिर्जना गर्ने। | ३.१ सहुलियपूर्ण कर्जा प्रवाह गर्न बैङ्क तथा वित्तीय संस्थाहरूसँग सहजीकरण तथा सहकार्य गरिनेछ।<br>३.२ विपन्न क्षेत्र कर्जामा ग्रामीण किसानहरूको पहुँच विस्तार गर्न पहल गरिनेछ।<br>३.३ कृषि क्षेत्रको विकासमा प्रवाह हुने कर्जालाई उत्पादनसँग जोड्ने व्यवस्था मिलाई उत्पादन वृद्धि गरिनेछ।<br>३.४ निजी क्षेत्रको लगानी विस्तार गर्न आवश्यक कानुनी र नीतिगत व्यवस्था गरी लगानी प्रवर्धनका लागि सहज वातावरण सिर्जना गरिनेछ।<br>३.५ योजनाको लक्ष्य प्राप्तिका लागि पारदर्शी, उत्पादनशील र उद्देश्यमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ। |

### ४.१.६ प्रमुख कार्यक्रमहरू

१. बचत गर्ने बानी र बचत परिचालनसम्बन्धी साक्षरता कार्यक्रम
२. वित्तीय क्षेत्रमा नागरिकको पहुँच विस्तार कार्यक्रम
३. सहुलियत ब्याजमा ऋण प्रवाहमा सहजीकरण
४. निजी क्षेत्रलाई लगानीमैत्री वातावरणा सिर्जना गर्न आवश्यक नीतिगत व्यवस्था
५. स्थानीय बजार विस्तारमा सहजीकरण
६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा सहकारी संस्थाहरूको क्षमता विकास
७. लगानी सम्मेलनको आयोजना

### ४.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग | प्रतिशत | ९२.९ | ८७.७ |
| २. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ७.१ | १२.३ |
| ३. | कुल निक्षेपमा प्रदेशको अंश | प्रतिशत | ५.०९ | ८.२५ |
| ४. | कुल कर्जा प्रवाहमा प्रदेशको अंश | प्रतिशत | ८.२९ | १२.५० |
| ५. | विपन्न क्षेत्र कर्जा प्रवाहमा प्रदेशको अंश | प्रतिशत | ८.७४ | १४.० |

## ४.२ सार्वजनिक खर्च

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रदेश सरकारलाई आफ्नो कार्यक्षेत्रभित्रको समग्र विकासको आवश्यकता पहिचान गर्ने र सोही अनुरूप कार्यक्रमहरू तय गरी खर्च गर्ने अधिकार प्रदान गरेको छ। यसका लागि प्रदेश सरकारले आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा गरी सोका आधारमा वार्षिक नीति तथा कार्यक्रममार्फत सार्वजनिक हितमा खर्च गर्दै आएको छ। साथै, प्रदेश सरकारले संविधानको अनुसूची ६ (एकल अधिकारी), अनुसूची ७ (सङ्घ र प्रदेशको साझा अधिकार) र अनुसूची ९ (सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार) भित्र रहेर सार्वजनिक खर्च गर्दै आएको छ।

पहिलो आवधिक योजना अवधिको चार आर्थिक वर्षमा चालु खर्चअन्तर्गत वार्षिक औसत विनियोजन रु. १७ अर्ब ९६ करोड ३ लाखमध्ये रु. ९ अर्ब ८३ करोड २२ लाख (५५.९३ प्रतिशत) खर्च भएको छ। आ.व. २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा १०.७५ प्रतिशतले चालु खर्च घटेको र आ.व. २०७७/७८ को तुलनामा आ.व. २०७८/७९ मा १९.६२ प्रतिशतले चालु खर्च बढेको छ । यसै गरी आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा चालु खर्च ३.२३ प्रतिशतले मात्र बढेकोमा सोही अवधिको चार वर्षको औसत वार्षिक चालु बजेट विनियोजन ३.०५ प्रतिशतले र चालु खर्च ४.०३ प्रतिशतले वृद्धि भएको छ।

सोही अवधिमा पुँजीगत खर्चअन्तर्गत औसत विनियोजन रु. २२ अर्ब १६ करोड ४४ लाखमध्ये रु. १२ अर्ब ५७ करोड ५१ लाख (५६.९३ प्रतिशत) खर्च भएको छ। आ.व. २०७६/७७ को तुलनामा आ.व. २०७७/७८ मा ६८.२६ प्रतिशतले पुँजीगत खर्च बढेको र आ.व. २०७७/७८ को तुलनामा आ.व. २०७८/७९ मा १४.२४ प्रतिशतले घटेको छ। आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा ३५.९० प्रतिशतले पुँजीगत खर्च बढेको छ। पुँजीगत खर्चमा हरेक वर्ष उतार चढाव आएको छ। चार वर्षको पुँजीगत बजेट विनियोजन र खर्चको विश्लेषण गर्दा वार्षिक औसत क्रमशः ७.०३ प्रतिशत र २९.९९ प्रतिशतले वृद्धि भएको छ (मधेश प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, २०८०) ।

पहिलो आवधिक योजनाको चार आर्थिक वर्षमा कुल रु. ८१ अर्ब १४ करोड चालु खर्च गर्ने अनुमान गरिएकोमा रु. ३९ अर्ब ३२ करोड ८७ लाख (४८.४७ प्रतिशत) मात्र खर्च भएको छ। त्यसैगरी सोही अवधिमा रु. ९४ अर्ब १७ करोड पुँजीगत खर्च गर्ने अनुमान गरिएकोमा रु. ५० अर्ब ३० करोड ४ लाख (५३.४१ प्रतिशत) मात्रै खर्च भएको छ भने चालु र पुँजीगत गरी कुल रु. १ खर्ब ७५ अर्ब ३१ करोड खर्च हुने अनुमान गरिएकोमा रु. ८९ अर्ब ६३ करोड (५१.१३) प्रतिशत मात्र खर्च भएको छ। यस विश्लेषणका आधारमा पहिलो आवधिक योजनाले अनुमान गरेको चार आर्थिक वर्षको कुल खर्चमा करिब आधाआधि मात्रै प्रगति भएको अवस्थालाई ध्यानमा राखी दोस्रो आवधिक योजनाका लागि बजेट अनुमान गर्न उपयुक्त हुने देखिन्छ। वित्तीय सुशासन कायम गर्न प्रचलित कानुनबमोजिम पुर्‍याउनु पर्ने रीत पुर्‍याएर मात्र गर्नुपर्ने हुन्छ। यदि रीत नपुर्‍याई कारोबार भएको भनी लेखारीक्षण प्रतिवेदनले औंल्याएमा त्यस्तो कारोबारलाई बेरुजु मानिन्छ। आ.व. २०७८/७९ मा प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको लेखापरीक्षणबाट सातओटै प्रदेशको औसत बेरुजु २.४८ प्रतिशत रहेकोमा मधेश प्रदेशको औसतभन्दा बढी २.६९ प्रतिशत बेरुजु रहेको छ।

### ४.२.२ समस्या र चुनौती

उपलब्ध स्रोतलाई आवश्यकताअनुसार खर्च गर्न नकस्नु, वितरणमुखी कार्यक्रमहरू न्यून गर्न नसक्नु, आवधिक योजना र वार्षिक योजनाबिच तालमेल मिलाउन नसक्नु, विविध शीर्षकमा कार्यक्रम स्वीकृत नगरी एकमुष्ट (अबण्डा) बजेट स्वीकृत गर्ने परिपाटी रहनु र स्वीकृत बजेटको रकम अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने प्रवृत्ति जस्ता समस्याहरू सार्वजनिक खर्चअन्तर्गत रहेका छन्।

जनताको मागअनुसार कुशलतापूर्वक सार्वजनिक खर्चको व्यवस्थापन गर्दै वित्तीय सङ्घीयता कार्यान्वयन गर्नु, आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुकूल वार्षिक योजना तर्जुमा गर्नु, चालु खर्चलाई न्यून गरी पुँजीगत खर्च बढाउनु र मापनयोग्य नतिजा हासिल गर्नु प्रमुख चुनौतीहरू रहेका छन् ।

### ४.२.३ अवसर र सम्भावना

सार्वजनिक खर्च प्रणालीमा भएका नीतिगत, कानुनी, प्रक्रियागत एवम् प्रविधिजन्य सुधार, प्रादेशिक अर्थतन्त्रको विकास, जनप्रतिनिधिमा विकास निर्माण र वित्तीय सुशासनप्रतिको जवाफदेहीतामा वृद्धि, मध्यकालीन खर्च संरचनाले सार्वजनिक खर्चलाई थप प्रभावकारी बनाउने अवसर प्रदान गरेको छ ।

### ४.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** खर्चमा मितव्ययिता र पारदर्शीता

**लक्ष्यः** सार्वजनिक खर्चबाट प्रदेशको उच्च आर्थिक वृद्धि हासिल गर्नु ।

**उद्देश्यः** सार्वजनिक खर्चको प्रभावकारी कार्यान्वयन र वित्तीय अनुशासन पालना गर्नु ।

### ४.२.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहिता कायम गरी नतिजामूलक बनाउने। | १.१ सार्वजनिक खर्चसम्बन्धी एकीकृत प्रणाली विकास गरिनेछ ।<br>१.२ आवधिक योजना र वार्षिक योजनाबिच तादात्म्य कायम गरी स्रोतको सुनिश्चिता कायम गरिनेछ।<br>१.३ आर्थिक वर्षको सुरुआतदेखि नै पुँजीगत खर्च गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.४ वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ। |
| २. सार्वजनिक खर्च प्रणालीलाई आधुनिक सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी बनाउने। | २.१ बजेट तर्जुमा, कार्यान्वयन र लेखाङ्कन एवम् प्रतिवेदन तयार गर्दा आधुनिक सूचना प्रविधिको अवलम्बन गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरिनेछ ।<br>२.२ सार्वजनिक भुक्तानी व्यवस्थालाई पूर्णरूपमा विद्युतीय प्रणालीमा आधारित बनाइनेछ।<br>२.३ योजना लक्ष्य प्राप्त गर्न खर्च व्यवस्थापनको सुनिश्चितता गरिनेछ। |
| ३. आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने। | ३.१ बेरुजु न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिनेछ।<br>३.२ प्रदेश लेखा नियन्त्रक कार्यालयबाट गरिने आन्तरिक लेखा परीक्षणलाई थप प्रभावकारी बनाइनेछ।<br>३.३ आवधिक योजनाका आधारमा हरेक वर्ष मध्यमकालीन खर्च संरचनाको खाका तयार गरी कार्यान्वयन गरिनेछ।<br>३.४ हरेक मन्त्रालय तथा कार्यालयका लेखा उत्तरदायी अधिकृतहरूलाई थप जिम्मेवार बनाइनेछ। |

### ४.२.६ प्रमुख कार्यक्रमहरू

१. परियोजना बैङ्कले पहिचान गरेका परियोजनाहरूको कार्यान्वयन
२. आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण
३. आन्तरिक लेखापरीक्षण
४. वित्तीय सुशासनसम्बन्धी नीति नियमको तर्जुमा
५. नियमित अनुगमन र मूल्याङ्कन

### ४.२.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल चालु विनियोजनमा यथार्थ खर्चको औसत अनुपात | प्रतिशत | ५५.९३ | ७५.० |
| २. | कुल पुँजीगत विनियोजनमा यथार्थ खर्चको औसत अनुपात | प्रतिशत | ५६.९३ | ८०.० |
| ३. | कुल चालु र पुँजीगत विनियोजनमा यथार्थ खर्चको औसत अनुपात | प्रतिशत | ५६.७७ | ७७.० |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ४. | कुल खर्चमा आन्तरिक स्रोतको अनुपात | प्रतिशत | ४६.८५ | ५५.० |
| ५. | कुल खर्चमा चालु खर्चको औसत अनुपात | प्रतिशत | ४० | ३५ |
| ६. | कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | ६० | ६५ |
| ७. | आवधिक योजनाको अनुमानका तुलनामा औसत यथार्थ खर्च | प्रतिशत | ५१.१३ | ८० |
| ८. | कुल बेरुजु | प्रतिशत | २.९३ | १.५ |

## ४.३ राजस्व परिचालन

### ४.३.१ पृष्ठभूमि

वित्तीय सङ्घीयताको मुख्य मान्यता भनेको तहगत सरकारहरूको राजस्व अधिकार सुनिश्चत गरी तल्ला तहका सरकारहरूको राजस्व परिचालन गर्ने क्षमता अभिवृद्धि गर्नु हो। वित्तीय सङ्घीयताले तल्ला तहका सरकारहरूको आर्थिक परनिर्भरलाई न्यून गर्न सहयोग गर्दछ।नेपालको संविधानको अनुसूची ६ अनुसार प्रदेश सरकारको एकल अधिकारअन्तर्गत घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना जस्ता राजस्वसम्बन्धी अधिकार रहेका छन् । यसैगरी अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारमा पनि घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर भएकाले प्रदेश र स्थानीय गरी दुवै तहको एकल अधिकारमा परेको छ।प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका करहरू लगाउने र उठाउने बारेमा थप स्पष्ट पार्न अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनले एकल कर प्रशासनमार्फत यी क्षेत्रको दर तोक्ने, सङ्कलन गर्ने र सङ्कलित राजस्व विभाज्य कोषबाट प्रदेश र स्थानीय तहबिच बाँडफाँट गर्ने विधि र प्रक्रियाका बारेमा स्पष्ट प्रावधान गरेको छ। उक्त ऐनले सवारी साधन कर प्रदेश सरकारले सङ्कलन गरी स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँट गर्ने र घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर स्थानीय तहले सङ्कलन गरी प्रदेशलाई ४० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था गरेको छ। सङ्घ र प्रदेशको राजस्वका साझा अधिकारहरूमा नदी, जलमार्ग, क्यासिनो, चिठ्ठा, पर्यटन, चलचित्र, सिनेमा हल, खेलकुद, आदि रहेका छन्।तीनै तहको साझा अधिकार क्षेत्रमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क रहेको छ ।

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नसक्ने व्यवस्था छ।साथै, साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था सङ्घ सरकारले निर्धारण गरेबमोजिम हुने उल्लेख छ।यसरी सङ्घ सरकारले साझा सूचीका विषय र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने व्यवस्था छ, भने कानुनबमोजिम बाहेक कुनै पनि तहको सरकारले कुनै कर लगाउन र उठाउन नपाउने व्यवस्था पनि संविधानमा छ ।

प्रदेश सरकारले प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। हरेक वर्ष प्रदेश आर्थिक ऐनमा व्यवस्था गरी कर, दस्तुर, सेवा शुल्क, दण्ड जरिवाना शीर्षकमा राजस्व सङ्कलन गर्दै आएको छ।पहिलो आवधिक योजना अवधिमा कुल रु. ६० अर्ब आन्तरिक राजस्व उठ्ने अनुमान गरिएकोमा पहिलो आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८० सम्मको चार वर्षमा कुल रु. ५२ अर्ब २६ करोड १८ लाख आन्तरिक राजस्व उठ्न सकेको छ।चार वर्षको अवधिमा समानीकरण, ससर्त, समपूरक, विशेष र आन्तरिक राजस्व समेत गरी कुल रु. १ खर्ब ११ अर्ब ५६ करोड राजस्व परिचालन भएको छ।जसमध्ये औसतमा समानीकरण अनुदानको हिस्सा २५.४० प्रतिशत, ससर्त अनुदानको हिस्सा २४.८७ प्रतिशत, समपूरक अनुदान १.०७ प्रतिशत, विशेष अनुदान १.८१ प्रतिशत र सबैभन्दा बढी योगदान आन्तरिक राजस्वको योगदान ४६.८५ प्रतिशत रहेको छ।

### ४.३.२ समस्या र चुनौती

संविधान तथा प्रदेश आर्थिक ऐनअनुसार प्रदेश सरकारको आन्तरिक राजस्वमा एकमात्र एकल अधिकारको रूपमा रहेको कृषि आयमा लाग्ने करलाई करको दायरामा ल्याउन नसक्नु, कानुनमा एकरूपता नहुँदा नदीजन्य पदार्थको बिक्री र राजस्व सङ्कलन तथा बाँडफाँटमा अन्यौल कायम रहनु, प्रदेशको राजस्व सम्भाव्यता अध्ययन नहुँदा राजस्व सम्भावना कति हो भन्ने एकिन हुन नसक्नु, सवारी साधन करसम्बन्धी तथ्याङ्क अद्यावधिक नहुँदा प्रदेशमा रहेका सवारी साधनबाट असुल हुनुपर्ने राजस्वका बारेमा पर्याप्त सूचना नहुनु, कर प्रशासनलाई प्रविधिमैत्री बनाउनु नसक्नु तथा आन्तरिक राजस्वमा व्यवसाय कर र मनोरञ्जन करको योगदान ज्यादै न्यून हुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन्।

वन क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता पदार्थ चोरी निकासी हुने भए तापनि स्थानीय तहसँगको समन्वयमा ठेक्का लगाउनु, कृषिको आयलाई करको दायरामा ल्याउनु, कर प्रशासनलाई प्रभावकारी बनाउनु र सङ्घीय सरकारसँगको परनिर्भतालाई न्यून गर्नु राजस्व परिचालनका क्षेत्रमा देखिएका मुख्य चुनौतीहरू हुन्।

### ४.३.३ अवसर र सम्भावना

प्रदेश सरकारलाई प्राप्त राजस्व अधिकार कार्यान्वयन गरी वार्षिक कुल खर्चको औसत ४६.८५ प्रतिशत हिस्सा आन्तरिक राजस्वबाट धान्ने अवस्था हुनु, बर्षेनि आन्तरिक राजस्व वृद्धि हुँदै जानु, करदाताहरूलाई सरकारी दायित्व सममै भुक्तानी गर्नुपर्छ भन्ने चेतना अभिवृद्धि हुँदै जानु, प्रदेश सरकारको राजस्व परिचालनको अनुभव वृद्धि हुँदै जानु आदि यस क्षेत्रका अवसरहरू हुन्। यी अवसरहरूलाई इमान्दारिता र जवाफदेहीपूर्ण तवरले कार्यान्वयनमा ल्याउनसके आन्तरिक राजस्व परिचालन थप प्रभावकारी हुनसक्ने सम्भावनाहरू विद्यमान रहेका छन्।

### ४.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** राजस्व सम्भावनाको पूर्ण परिचालन र प्रदेशको बजेटमा दिगो आन्तरिक राजस्वको उल्लेखनीय योगदान

**लक्ष्यः** प्रदेशको चालु खर्च आन्तरिक राजस्वबाट व्यवस्थापन गरी प्रदेशको बजेटलाई उल्लेखनीय योगदान गर्ने।

**उद्देश्यः**

१. प्रदेशको राजस्व प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउनु।
२. प्रदेशको आन्तरिक राजस्वको आधार र दायरा विस्तार गर्नु।

### ४.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. समन्वय र सहकार्य गर्दै ऐन नियममा सुधार गर्ने। | १.१ आवश्यक कानुन, नीति तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन प्रदेश, स्थानीय तह र स्थानीय प्रशासनका बिचमा नियमित अन्तरक्रिया गरी समस्याको समाधान खोजिनेछ।<br>१.३ विज्ञापन कर, मनोरञ्जन कर र पर्यटन शुल्क सम्बन्धमा आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.४ प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐनमा समसामयिक सुधार गरिनेछ। |
| २. राजस्व प्रशासनमा संस्थागत सुदृढीकरण गर्ने। | २.१ राजस्व प्रशासनका लागि जनशक्ति व्यवस्थापन, क्षमता विकास र औजार उपकरणको व्यवस्था गरिनेछ।<br>२.२ राजस्व सङ्कलनका लागि आवश्यक लगत, विवरण सूचना प्रविधिमा आधारित हुनेगरी अद्यावधिक गरिनेछ।<br>२.३ राजस्व सङ्कलन तथा वृद्धिका लागि निजी क्षेत्र, अन्तरनिकाय, स्थानीय तह र नेपाल सरकारका निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।<br>२.४ आन्तरिक आय बढाउने कार्यक्रममा लगानी बढ्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. राजस्व प्रशासनलाई सूचना प्रविधिको उपयोगमार्फत मितव्ययी तथा प्रभावकारी बनाउने। | ३.१ सवारी नवीकरणलाई क्यूआर कोडको व्यवस्था गरी बैङ्कबाट दस्तुर भुक्तानी भएका आधारमा स्वतः नवीकरण हुने प्रणाली जडानको सम्भावना अध्ययन गरिनेछ।<br>३.२ सवारी साधनको अभिलेख विद्युतीय सवारी दर्ता प्रणाली (भिआरएस) मा अभिलेखीकरण गर्ने कार्य तुरुन्त सम्पन्न गरिनेछ।<br>३.३ सवारी कर तिर्नुपर्ने अवधिबारे अटो एसएमएसमार्फत पूर्वसूचना दिने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ। |
| ४. राजस्वको दायरा विस्तारको क्षेत्र पहिचान र परिचालन गर्ने। | ४.१ प्रदेशको राजस्व सम्भाव्यता अध्ययन गरी राजस्वको दायरा, दर र प्रशासनमा आवश्यक सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ।<br>४.२ घरजग्गा रजिष्ट्रेसन शुल्क असुलीलाई व्यवस्थित र पारदर्शी बनाउन मालपोत कार्यालय र नापी कार्यालयको क्षमता विस्तार गरिनेछ । |
| | ४.३ कृषिको आयमा लगाउने कर सम्बन्धमा विस्तृत अध्ययन गरी कृषि आयलाई करको दायरामा ल्याइनेछ।<br>४.४ प्राकृतिक स्रोतको उपयुक्तरूपमा परिचालन गर्न स्थानीय तहलाई आवश्यक सहजीकरण गरिनेछ। |
| ५. मालपोत कार्यालय, नापी कार्यालय यातायात व्यवस्था कार्यालयको सङ्गठन संरचनासम्बन्धी अध्ययन गर्ने। | ५.१ आवश्यक दरबन्दीको मिलान गरिनेछ।<br>५.२ आवश्यक प्रशासननिक तथा प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ।<br>५.३ कार्यालयलाई सूचना प्रविधिमैत्री बनाइनेछ।<br>५.४ स्रेस्ता प्रणालीलाई डिजिटल रूपमा व्यवस्थित गरिनेछ। |

### ४.३.६ प्रमुख कार्यक्रमहरू

१. राजस्वको आधार र दायरा विस्तार
२. राजस्व चुहावट नियन्त्रण
३. करदाता शिक्षा तथा चेतना अभिवृद्धि
४. राजस्व प्रशासन सुधार
५. व्यवस्थापन सूचना प्रणालीको विकास
६. कर्मचारीको क्षमता विकास र संस्थागत सुदृढीकरण
७. राजस्व सम्भाव्यता अध्ययन
८. राजस्व सुधार कार्ययोजना तर्जुमा र कार्यान्वयन
९. राजस्व ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा तथा परिमार्जन
१०. तीनै तहका सरकारहरूबिच समन्वय र सहकार्य
११. नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को प्रभावकारी कार्यान्वयन

#### ४.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रदेश कुल बजेटमा आन्तरिक राजस्वको अनुपात | प्रतिशत | ४६.८५ | ५२.० |
| २ | आन्तरिक राजस्वको वार्षिक वृद्धिदर | प्रतिशत | १५.१३ | १७.० |
| ३ | राजस्व प्रक्षेपणको तुलनामा असुली अनुपात | प्रतिशत | ८४.६७ | ९०.० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक राजस्वको अनुपात | प्रतिशत | १.९३ | ३.० |

## ४.४ निजी क्षेत्र

### ४.४.१ पृष्ठभूमि

मुलुकको समग्र आर्थिक विकासका लागि लगानी, उत्पादन, वितरण र रोजगारी सिर्जनामा निजी क्षेत्रको अहम् भूमिका रहँदै आएको छ। नेपालको संविधानले नै मुलुकको समृद्धि हासिल गर्न निजी क्षेत्रलाई प्रमुख संवाहकका रूपमा स्वीकार गरेको छ तसर्थ उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी सार्वजनिक क्षेत्रसँग समन्वय, साझेदारी र सहकार्य गरी मुलुकको अर्थतन्त्रलाई बलियो बनाउन निजी क्षेत्रलाई राज्यले विश्वास गरेको अवस्था छ। यसका लागि निजी क्षेत्रलाई प्रतिस्पर्धी, सबल, उत्पादनशील र उत्तरदायी बनाउन राज्यले सहजीकरण र नियमनकारी भूमिका खेल्नुपर्दछ जुन कार्य सङ्घ तथा प्रदेश सरकारहरूबाट हुँदै आएको छ। विगतदेखि नै निजी क्षेत्रबाट उत्पादनमूलक उद्योग, व्यापार, व्यवसाय, होटल तथा रेस्टुराँ, यातायात सेवा, हवाइसेवा, वित्तीय क्षेत्र, ऊर्जा क्षेत्रलगायतमा महत्त्वपूर्ण योगदान हुँदै आएको छ। सरकारले समय समयमा गर्दै आएको लगानी सम्मेलन तथा नीतिगत सुधारहरूले निजी क्षेत्रलाई लगानी विस्तार गर्न अनुकूल वातावरण सिर्जना हुँदै आएको छ। यसका लागि नेपाल उद्योग बाणिज्य महासङ्घ र नेपाल चेम्बर अफ कमर्स जस्ता छाता सङ्गठनहरूले निजी क्षेत्रको हकहितको संरक्षणलगायत सरकारसँगको समन्वयका लागि सेतुको काम पनि गर्दै आएका छन्। प्रदेशको समग्र आर्थिक समृद्धि हासिल गर्न राष्ट्रिय नीतिलाई अवलम्बन गर्दै प्रदेश सरकारहरूले पनि निजी क्षेत्रसँग समन्वय र सहकार्यलाई प्राथमिकतामा राख्न जरुरी छ। मधेश प्रदेशले प्रदेशको औद्योगिक क्षेत्रको विकास र प्रवर्धन गर्ने ध्येयका साथ प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ र प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

मधेश प्रदेशको पहिलो आवधिक योजना अवधिमा कृषि क्षेत्रमा ५१.७ प्रतिशत, उद्योग क्षेत्रमा ६४.४ प्रतिशत, सेवा क्षेत्रमा ५६.४ प्रतिशत गरी जम्मा तीनओटै क्षेत्रमा ५८ प्रतिशत योगदान निजी क्षेत्रको हुने अनुमान गरिएको र योजना अवधिमा निजी क्षेत्रबाट रु. ६ खर्ब ६८ अर्ब १४ करोड लगानी हुने अनुमान गरिएको भए तापनि पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन, २०८० अनुसार निजी क्षेत्रको लगानीसम्बन्धी विवरण प्राप्त हुन नसकेका कारण निजी क्षेत्रबाट भएको यथार्थ लगानीको आँकलन प्राप्त हुन नसकेको कुरा औंल्याएको छ।

### ४.४.२ समस्या तथा चुनौती

बैङ्कको ब्याज दरमा आएको वृद्धिले लगानीकर्तालाई हतोत्साही गर्नु, उत्पादन लागत बढ्दै जाँदा निजी क्षेत्रको प्रतिष्पर्धी क्षमतामा ह्रास आउँदै जानु, सरकारी तवरमा प्रक्रियागत समस्याहरू विद्यमान रहनु, आवश्यकताअनुसार औद्योगिक पूर्वाधारहरूको विकास नहुनु, आवश्यकताको आधारमा स्वदेशमै दक्ष तथा अर्धदक्ष जनशक्ति उपलब्ध हुन नसक्नु, चोरी निकासीलाई पूर्णरूपमा नियन्त्रण गर्न नसक्दा उद्योग सञ्चालन गर्न लगानीकर्ताहरू उत्साहित हुन नसक्नु, निजी क्षेत्र सवल सक्षम र सुदृढ हुन नसक्नु तथा नियमनकारी निकायहरूले प्रभावकारी रूपमा काम गर्न नसक्नु तथा कुन क्षेत्रमा उद्योग सञ्चालन गर्ने भनी औद्योगिक क्षेत्र घोषणा हुन नसक्नु आदि निजी क्षेत्रमा देखिएका मुख्य समस्याहरू हुन्।

निजी क्षेत्रलाई प्रतिष्पर्धी बनाई लगानीको विविधीकरण तथा विशिष्टीकरण गर्नु, उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार गर्नु, नवीनतम सिप र प्रविधिको उपयोग गरी अर्थतन्त्रको आधुनिकीकरण गर्नु, आयात व्यवस्थापन र निर्यात प्रवर्धन गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन्।

### ४.४.३ अवसर र सम्भावनाहरू

राज्यले निजी क्षेत्रलाई मुलुकको आर्थिक समृद्धिको संवाहकका रूपमा लिनु, लगानीमैत्री वातावरण बन्दै जानु, कानुनी अड्चन तथा व्यवधानहरू हटाउन राज्य प्रतिवद्ध हुनु, ऊर्जा, वित्तीय क्षेत्र, निर्माण तथा सेवा क्षेत्रमा निजी क्षेत्र सक्षम तथा प्रतिष्पर्धी हुँदै जानु, प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ र मधेश प्रदेशले प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८ तर्जुमा गरी कार्यान्वयनमा आउनु आदि निजी क्षेत्रको भूमिका विस्तारका लागि अवसरका रूपमा रहेका छन्। प्रतिस्पर्धी क्षमता बढ्दै जाँदा छिमेकी मुलुकको बजारको उपयोग गर्नसक्ने तथा सरकारले सम्भावित प्राथमिकताका क्षेत्रहरू पहिचान गरी निजी क्षेत्रसँग सहकार्य गर्ने वातावरण सिर्जना हुनु आदि निजी क्षेत्रको समग्र विकासका सम्भावनाहरू हुन् भन्न सकिन्छ।

### ४.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेशको आर्थिक समृद्धिमा निजी क्षेत्रको लगानी विस्तार।

**लक्ष्यः** प्रतिष्पर्धी निजी क्षेत्रको परिचालनबाट रोजगारीको सिर्जना गरी आर्थिक वृद्धि हासिल गर्ने।

**उद्देश्यः**

१. उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी मर्यादित रोजगारी सिर्जना गर्न निजी क्षेत्रका लागि अनुकूल वातावरण तयार गर्नु।

२. तुलनात्मक लाभका क्षेत्र पहिचान गरी निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन गर्न निजी क्षेत्रलाई सहजीकरण गर्नु।

### ४.४.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. निजी क्षेत्रको लगानी वृद्धिका लागि आवश्यक नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्ने। | १.१ आवश्यक कानुन, नीति तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ क्षेत्रगत लगानीका आधार र प्राथमिकता सहित लगानी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.३ सङ्घीय कानुनसँग तादात्म्य हुनेगरी लगानी रोजगारी र पूर्वाधार निर्माण लगायतका विषयमा आवश्यक कानुनहरूको निर्माण गरिनेछ।<br>१.४ निजी क्षेत्रको लगानी, उत्पादन, उत्पादकत्व, रोजगारी र वित्तीय सुशासनको लागि सहजीकरण गर्नुका साथै प्रभावकारी अनुगमन र नियमन गरिनेछ।<br>१.५ सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।<br>१.६ निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न र लगानीमैत्री वातावरण निर्माण गर्न सङ्घीय सरकारसँग समन्वय गरी आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ। |
| २. पूर्वाधार निर्माण र विकासमा निजी क्षेत्रको सिप, प्रविधि र पुँजीको सही सदुपयोगमा जोड दिने। | २.१ स्थानीय कच्चा पदार्थ सिप र स्रोतको प्रवर्धन हुनेगरी उत्पादनशील र पूर्वाधार विकासका क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ।<br>२.२ पूर्वाधार र सेवा क्षेत्रको विकास र विस्तारमा सार्वजनिक र निजी क्षेत्रको साझेदारी वा सहलगानीलाई प्राथमिकता दिइनेछ।<br>२.३ निजी क्षेत्रलाई आवश्यक पर्ने पुँजी र प्रविधिका लागि सङ्घीय सरकारसँगको समन्वयमा विभिन्न विकास साझेदार निकायहरूसँग सहकार्य गरिनेछ।<br>२.४ जलेश्वर भन्सारलाई सहज बनाउन भिट्टामोड नाका खोली यसलाई व्यवस्थित र सहज बनाउन सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।<br>२.५ जयनगर-भिट्टामोड रेलमार्गमा मालवाहक रेल सञ्चालन गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।<br>२.६ गुठी जग्गालाई लिजमा लिने व्यवस्था गरी औद्योगिक ग्राम निर्माणमा प्रयोग गर्न सकिने गरी नीति परिमार्जन गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. निजी क्षेत्रलाई उद्योग क्षेत्रको अग्रणी भूमिका स्थापित गर्ने। | ३.१ निजी क्षेत्रलाई आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्ति उत्पादनमा आवश्यक सहजीकरण र सहयोग उपलब्ध गराइनेछ।<br>३.२ प्रदेशभित्र सम्भावित क्षेत्रमा निजी क्षेत्रको सहभागितामा औद्योगिक ग्राम सम्बन्धी पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याइनेछ।<br>३.३ डेरी, मत्स्यपालनलगायत कृषि क्षेत्रअन्तर्गत प्रदेशभित्रै उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योगको स्थापना र विस्तारका लागि सहजै वित्तीय पहुँच पुग्नेगरी वित्तीय क्षेत्रसँग समन्वय र सहजीकरण गरिनेछ।<br>३.४ उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने खालका उद्योगहरूको विकास र विस्तारका लागि लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ। |

### ४.४.६ प्रमुख कार्यक्रमहरू

१. आवश्यक कानुन, नीति तथा मापदण्डको तर्जुमा र कार्यान्वयन
२. क्षेत्रगत लगानीका आधार र प्राथमिकतासहित लगानी नीति तर्जुमा
३. तुलनात्मक लाभ हुने लगानीका क्षेत्रहरूको पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन तयारी
४. प्रादेशिक सार्वजनिक निजी साझेदारी नीति तर्जुमा र कार्यान्वयन
५. प्रादेशिक लगानी सम्मेलन आयोजना
६. उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्ने कृषकहरूका लागि प्रोत्साहन कार्यक्रम
७. सङ्घीय सरकार र विदेशी साझेदार संस्थाहरूहरूसँग समन्वय र सहकार्य
८. निजी क्षेत्रका लगानीकर्ताहरूसँग समन्वय, सहजीकरण र सहकार्य
९. निजी क्षेत्रको लगानी प्रवर्धन र प्रतिष्पर्धी क्षमता अभिवृद्धि
१०. स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक नैतिकतासम्बन्धी आचारसंहिता कार्यान्वयन
११. निजी क्षेत्रको नियमन र अनुगमन

### ४.४.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | निजी क्षेत्रको कुल लगानी | रकम रु. करोड | - | ६५,५५७ |
| २ | ठुला उद्योगबाट सिर्जना भएको थप रोजगारी | सङ्ख्या | ६,३०२ | ३०,००० |
| ३ | लघु, घरेलु तथा साना उद्योगबाट सिर्जना भएको थप रोजगारी | सङ्ख्या | ३२,४८४ | १५०,००० |

## ४.५ आन्तरिक ऋण, वैदेशिक सहयोग र विदेशी लगानी

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानबमोजिम प्रदेश सरकारले आवश्यकताअनुसार सङ्घीय कानुनले व्यवस्था गरेअनुसार आन्तरिक ऋण लिनसक्ने छ। प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेकोले सीमाभित्र रही आन्तरिक ऋण लिन सक्दछन् भने नेपाल सरकारको सहमति र स्वीकृतिमा विभिन्न विकास साझेदार संस्थाहरूबाट वैदेशिक सहयोग प्राप्त गर्न पनि सक्दछन्। सार्वजनिक वित्त व्यवस्थापन गर्न र वित्तीय तथा मौद्रिक नीतिबिच सामञ्जस्य कायम गर्दै आन्तरिक तथा वैदेशिक ऋणको व्यवस्थापन गर्न सङ्घीय संसदले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ तर्जुमा गरेको छ। सो ऐनले वैदेशिक ऋण लिने अधिकार नेपाल सरकारमा हुने र ऋणको व्ययभार सङ्घीय सञ्चित कोषमाथि हुने व्यवस्था गरेको छ तर यदि नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहका लागि कुनै विदेशी सरकार, सरकारी बैङ्क वा वित्तीय संस्था वा एजेन्सीसँगबाट ऋण लिएको भए त्यस्तो ऋण रकमको व्ययभार सम्बन्धित प्रदेश सञ्चित कोषमाथि वा स्थानीय सञ्चित कोषमाथि हुने व्यवस्था गरेको छ।

नेपाल सरकारको विकास सहायता नीति, २०७१ ले फराकिलो समावेशी र दिगो आर्थिक वृद्धि हासिल हुने, रोजगारी सिर्जना हुने र गरिबी घटाउने राष्ट्रिय नीति तथा प्राथमिकताका आधारमा अधिक प्रतिफल प्राप्त हुने क्षेत्रका लागि विकास सहायता परिचालन गर्ने कुरामा जोड दिएको छ। विकास सहायतालाई आन्तरिक राजस्व अभिवृद्धिमा योगदान पुग्नेगरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने कार्य, क्षेत्रीय असन्तुलन घटाउन सहयोग पुग्ने कार्यक्रम, क्षमता विकास र ज्ञान तथा प्रविधि हस्तान्तरणमा योगदान पुग्ने खालका कार्यक्रमहरूमा विकास सहायतालाई उपयोग गर्ने नीति राज्यले लिएको छ। यसैगरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ ले प्राथमिकताका आधारमा भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण, विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण, वातावरण संरक्षण र जलवायु परिवर्तन, विपद् व्यवस्थापन, सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता विकासका क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सकिने व्यवस्था गरेको छ।

लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४८ मा प्रचलित सङ्घीय वा प्रदेश कानुनबमोजिम प्रदेश सरकारद्वारा दर्ता भएको कुनै उद्योगमा विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्नुपर्ने भएमा उद्योग विभागको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ। कानुनको यस प्रावधानअनुसार प्रदेश सरकारले उद्योग विभागको स्वीकृति लिएर मात्र विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न सक्दछ ।

लगानी बोर्ड र उद्योग विभागसँगको समन्वयमा मधेश प्रदेशले रोजगारी बढाउने खालका सम्भावित ठुला आयोजनाहरूको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लगायत पूर्वतयारीको काम गरेर प्रदेश स्तरको लगानी सम्मेलन गरी विदेशी लगानीलाई आकर्षण गर्नेछ। नेपाल सरकारले पहिचान गरेका सम्भावित लगानीका क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन, यातायात, सूचना, सञ्चार र प्रविधि, स्वास्थ्य, खानी तथा खनिज, शिक्षा र बैङ्क तथा वित्तीय संस्था रहेका छन्। यस प्रदेशमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि नेपाल सरकारले खरिद प्रक्रिया अगाडि बढाउने क्रममा रहेको छ (लगानी बोर्ड नेपाल, २०८०) ।

यस प्रदेशमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ। यसअन्तर्गत सुरक्षित, मर्यादित तथा समावेशी र सम्मानजनक कार्यस्थल सिर्जना गर्नका निमित्त कार्यस्थलमा हुने हिंसा र यौन दुर्व्यवहारसम्बन्धी सरोकारवालाहरूसँगको कार्यशाला गोष्ठी, प्रदेशसभा सदस्यहरूलाई उनीहरूको कार्यजिम्मेवारी र भूमिकासम्बन्धी अभिमुखीकरण, प्रदेश मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालनलगायत जुनियर प्राविधिक र जुनियर प्राविधिक सहायक (जेटी तथा जेटिए)हरूलाई एकीकृत प्राङ्गारिक कृषि फार्मसम्बन्धी तालिम सञ्चालन गर्ने जस्ता कार्य हुँदै आएको छ।

मधेश प्रदेशमा पाँचओटा संयुक्त राष्ट्र सङ्घीय निकायहरू जस्तै : संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, युनिसेफ, विश्व स्वास्थ्य सङ्गठन, राष्ट्रसङ्घीय जनसङ्ख्या कोष र राष्ट्रसङ्घीय विश्व खाद्य सङ्गठनले काम गर्दै आएका छन्। राष्ट्रसङ्घीय विश्व खाद्य सङ्गठनले सिराहा र सप्तरी जिल्लाका ६ देखि २३ महिनाका बालबालिका, गर्भवती तथा सुत्केरी महिला र बाढीका कारण जोखिममा परेका समुदायका लागि काम गरेको छ। विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य मन्त्रालयसँगको समन्वयमा स्वास्थ्य क्षेत्रमा सहयोग गरेको छ। युनिसेफ नेपालले मधेश प्रदेशका सबै जिल्ला र सबै स्थानीय तहमा बालबालिका, किशोर किशोरी, आमा/महिला, सीमान्तकृत समुदाय, जोखिममा परेका समुदायहरू, महिला हिंसा विरुद्ध र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका क्षेत्रमा काम गरिरहेको छ ।

द एसिया फाउण्डेसन, इन्टरनेसनल आइडिया, प्लान इन्टरनेसनल नेपाल, एसएनभी नेपाल, नेपाल यूथ फाउण्डेशन लगायत ३० ओटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, प्रजनन् उमेरका महिला, सामाजिक तथा आर्थिक सशक्तीकरण, एचआइभी तथा यौन, अपाङ्गता, समावेशिता, विपद् व्यवस्थापन, नवीकरणीय ऊर्जा, किशोर-किशोरी र युवाहरू, पुरुष समलिङ्गी, तेस्रो लिङ्गी र यौनकर्मी महिला, भूमि अधिकार र आवास, विपद् तथा जलवायु, न्याय, बजार प्रणाली विकास, लैङ्गिक तथा अपाङ्गता समावेशीकरण, कृषि, पशुपालन, महिला सशक्तीकरण, नागरिक समाज, सञ्चार र स्थानीय सरकार, बाल गरिबी न्यूनीकरणलगायत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएका छन् (मधेश प्रदेश सभा, २०८०) । मधेश प्रदेशले पहिलो आवधिक योजना अवधिमा आन्तरिक र वैदेशिक ऋण लिएको छैन। यसैगरी प्रदेशको पहलमा कुनै किसिमको विदेशी लगानी भित्रिन सकेको छैन।

### ४.५.२ समस्या तथा चुनौती

आन्तरिक ऋण लिने वातावरण तयार गर्न नसक्नु, वैदेशिक सहयोगबाट सञ्चालन भएका आयोजनाहरूको लाभ लागत विश्लेषण गर्न नसक्नु, सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्नेगरी प्रदेश नीति तथा योजना आयोगले पहिचान गरेका परियोजनाहरू कार्यान्वयनमा ल्याउन नसक्नु, उच्च प्रतिफल दिनसक्ने आयोजनाहरूलाई वैदेशिक सहयोग सूचीमा समावेश गरी बजेट सुनिश्चित गर्न नसक्नु, पहिचान भएका ठुला आयोजानाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरी लगानी सुनिश्चित गर्न नसक्नु साथै विदेशी लगानीकर्ता र गैरआवासीय नेपाली नागरिकहरूको लगानी आकर्षण गर्न नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन्। खर्च गर्ने क्षमता वृद्धि गरी मधेश प्रदेशको आर्थिक समृद्धिका लागि थप लगानी भित्र्याउनु यस प्रदेशको मुख्य चुनौती रहेको छ।

### ४.५.३ अवसर र सम्भावना

लगानीमैत्री वातावरण बन्दै जानु, लगानीमैत्री पूर्वाधारहरू जस्तै : सडक यातायात, रेल सेवा र हवाईसेवाको राम्रो व्यवस्था हुनु, संयुक्त राष्ट्रसङ्घीय निकायहरू र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील भई सहयोग गर्दै आउनु, प्रदेश नीति तथा योजना आयोगले लगानीयोग्य परियोजना तथा आयोजनाहरू पहिचान गरी परियोजना बैङ्क तयार गर्नु आदि यस प्रदेशका लागि वैदेशिक सहयोग र विदेशी लगानीका लागि अवसर हुन् भने ती अवसरहरूलाई विवेकपूर्ण ढङ्गले उपयोग गरी मधेश प्रदेशको समग्र आर्थिक समृद्धि र सामाजिक रूपमान्तरणका क्षेत्रमा ठुलो योगदान पुग्नसक्ने प्रवल सम्भावना रहेको छ।

### ४.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेशको आर्थिक समृद्धि र विकासमा अन्तर्राष्ट्रिय विकास सहायता बृद्धि।

**लक्ष्यः** सामाजिक रूपान्तरण र पूर्वाधार विकासमा वैदेशिक सहयोग र लगानी परिचालन गर्ने।

**उद्देश्यः**

१. प्रदेशको प्राथमिकता प्राप्त र अधिक प्रतिफल दिने उत्पादनशील क्षेत्रमा विकास सहायता परिचालन गर्नु।

२. सुशासन प्रवर्धन, सामाजिक न्याय र प्रदेशको सन्तुलित विकासका लागि विकास साझेदारहरूसँग सहकार्य गर्नु।

### ४.५.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको आवश्यकता र प्राथमिकताअनुसार विकास सहायता परिचालन गर्ने। | १.१ उच्चतम प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र विकास सहायतालाई आकर्षण गरिनेछ।<br>१.२ प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा उच्च आर्थिक र सामाजिक प्रतिफल दिन सक्ने क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरिनेछ।<br>१.३ विकास सहायताको खण्डीकरण हुने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।<br>१.४ तुलनात्मक लाभ हासिल गर्न सकिने गरी मात्र विकास साझेदारहरूको प्राविधिक सहयोग उपयोग गरिनेछ। |
| २. विकास सहायतासम्बन्धी प्रादेशिक नीति निर्माण गरी कार्यान्वयनमा ल्याउने। | २.१ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी सङ्घीय नीति अनुकूल हुनेगरी प्रादेशिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>२.२ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका क्षेत्र, वर्ग र समुदायको हितलाई ध्यानमा राखी विकास सहायता परिचालन गर्ने नीति कडाईका साथ लागु गरिनेछ।<br>२.३ स्थानीय तहहरूलाई आन्तरिक ऋण परिचालनसम्बन्धी आवश्यक क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.४ आन्तरिक ऋण परिचालन सम्बन्धमा स्थानीय तह र वित्तीय संस्थाहरूलाई आवश्यक समन्वय र सहजीकरण गरिनेछ।<br>२.५ अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूलाई प्रभावकारी रूपमा समन्वय गरी सहायताको आवधिक समीक्षा गर्ने परिपाटी विकास गरिनेछ।<br>२.६ नेपाल सरकारसँगको सहयोग र समन्वयमा प्रदेशस्तरीय प्रत्यक्ष विदेशी लगानी नीति तर्जुमा गरी विदेशी पुँजीको व्यवस्थापन नीति अवलम्बन गरिनेछ। |

### ४.५.५ प्रमुख कार्यक्रमहरू

१. आवश्यक कानुन, नीति तथा मापदण्डको तर्जुमा र कार्यान्वयन
२. लगानी तथा सहायताका क्षेत्रहरूको पहिचान र प्राथमिकता निर्धारण
३. अन्तर्राष्ट्रिय विकास साझेदारहरूसम्बन्धी डाटावेश निर्माण
४. स्थानीय तह र वित्तीय संस्थाहरूका बिचमा समन्वय र सहजीकरण
५. आन्तरिक ऋणसम्बन्धी अध्ययन तथा अनुसन्धान

### ४.५.६ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आन्तरिक ऋण प्राप्ति | रकम रु. लाखमा | ० | १३१५७० |
| २. | वैदेशिक सहयता प्राप्ति | रकम रु. लाखमा | ३०५६१ | ८१८५० |
| ३. | प्राप्त वैदेशिक सहायताको खर्च | प्रतिशत | २४ | ८० |
| ४. | विदेशी लगानी | रकम रु. लाखमा | - | ५०००० |
| ५. | वैदेशिक सहायताबाट लाभान्वित स्थानीय तहहरू | सङ्ख्या | १३६ | १३६ |
| ६. | लगानी सम्मेलन आयोजना | सङ्ख्या | - | २ |

# परिच्छेद पाँच : आर्थिक विकास

## ५.१ कृषि तथा खाद्य सुरक्षा

### ५.१.१ पृष्ठभूमि

मधेश प्रदेशको आर्थिक विकासमा कृषिको ठुलो योगदान रहेको छ । प्रदेशको अधिकांश भूभाग खेतीयोग्य रहेकाले सन् १९५०/६० मा पूर्व-पश्चिम राजमार्ग खुलेपछि, व्यापार व्यवसायमा बृद्धि हुन थालेको हो। कृषि उत्पादनहरु बढ्न थालेपछि कृषि उपजहरूका लागि बजार बृद्धि हुन थालेको हो। परिणामस्वरुप अन्नभण्डारका रूपमा रहेको मधेशबाट खाद्यान्न सामग्रीहरू देशभित्र मात्र होइन भारतसम्म निर्यात गर्न सफल भएको थियो । त्यसैले वीरगन्जलाई ठुलो व्यापारिक केन्द्रका रूपमा स्थापित भएको हो। भारत र मधेसबिचको खुल्ला सिमानाले गर्दा केही फाइदा र केही बेफाइदाहरू रहेका छन् । देशको सिमानामा बसोबास गर्ने गरिब जनतालाई आश्रय दिएर उनीहरूको खाना र बासको समस्याको समाधान केही हदसम्म भएको छ। धार्मिक पर्यटनले पनि मधेसको आर्थिक गतिविधिलाई धेरै फाइदा पुर्‍याएको छ ।

कृषि क्षेत्र नेपालको आर्थिक विकासको मेरुदण्ड हुनुका साथै देशको समृद्धिको मूल आधार हो। यस क्षेत्रले ग्रामीण क्षेत्रमा जनजीविकाको मुख्य स्रोतका रूपमा योगदान पुर्‍याउँदै आएको छ। हाल कृषि क्षेत्रले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको २४.१ प्रतिशत योगदान पुर्‍याउनुका साथै ५०.४ प्रतिशत जनसङ्ख्यालाई रोजगारी प्रदान गर्दै आएको छ (अर्थ मन्त्रालय, २०८०)। समग्र रोजगारी सिर्जना र गरिबी निवारणमा कृषि क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ। नेपालको सोह्रौं आवधिक योजनाले पनि बहुसङ्ख्यक जनसङ्ख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मुल आधार मानेको छ। प्रदेश योजनाले पनि कृषिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा स्वीकार गर्दै **"मधेशले देशलाई खुवाउने अभियान"** (Feed the Nation Campaign) लाई अघि सारेको छ।

कृषि क्षेत्रलाई रूपान्तरण गरी नेपालको आर्थिक समृद्धि हासिल गर्न नेपाल सरकारले कृषि विकास रणनीति (Agriculture Development Strategy, २०१५-२०३५) लागु गरेको छ। नेपालको समग्र आर्थिक विकासका सन्दर्भमा नेपाल सरकारको आवधिक योजना एवम् कृषि क्षेत्रका सन्दर्भमा कृषि विकास रणनीतिले मार्गनिर्देश गर्नेछ ।

कृषि यस प्रदेशको मुख्य आर्थिक आधार हो भने जनताको मुख्य पेसा र जीवन निर्वाहको मुख्य स्रोत पनि यही हो। प्रदेशका बहुसङ्ख्यक कृषकले एक हेक्टरभन्दा कम जमिनमा खेती गरिरहेका छन्। आ.व. २०७९/८० मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.२ प्रतिशत थियो भने नेपालको कुल कृषि गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १९.१ प्रतिशत मात्र रहेको थियो[१] ।

यो प्रदेश खाद्यान्नको भण्डारका रूपमा पनि परिचित छ । आ.व. २०७८/७९ मा यस प्रदेशको ६,२०,३७९ हेक्टर जमिन (देशको १७.८ प्रतिशत) मा खाद्यान्न बालीको खेती गर्दा २२,१०,९८९ मे.ट. खाद्यान्न (देशको २०.५२ प्रतिशत) उत्पादन भई ३.५६ मे.ट. प्रति हेक्टर उत्पादकत्व रहेको थियो। जुन देशको औसत उत्पादकत्व ३.०९ मे.ट. प्रतिहेक्टर रहेको थियो। खाद्यान्न बालीमध्ये धान यस प्रदेशको मुख्य बाली हो। आ.व. २०७८/७९ मा नेपालमा कुल १४,७७,३७८ हेक्टरमा धान खेती गरिएको मध्ये यस प्रदेशमा ३८१,८९८ हेक्टर (देशको करिब २६ प्रतिशत) मा धान खेती भई १३,८९,२०५ मे.ट. धान उत्पादन (देशको २७ प्रतिशत) भएको थियो। यस प्रदेशमा धान खेतीको ३.६४ मे.ट. प्रतिहेक्टर उत्पादकत्व रहेको छ जुन देशको औसत उत्पादकत्व ३.४७ मे.ट. प्रति हेक्टरभन्दा बढी रहेको देखिन्छ[२] ।

१. https://nsonepal.gov.np/detail/post/७३२६ ।

२. Statistical Information on Nepalese Agriculture, 2078/79: Ministry of Agriculture and Livestock Development (MoALD).

यस प्रदेशमा करिब ६५ प्रतिशत खेतीयोग्य जमिन रहेको छ । कुल खेतीयोग्य जमिनको करिब ७८ प्रतिशत कृषि जमिनमा खाद्यान्न, ११ प्रतिशत जमिनमा दलहन, ४ प्रतिशतमा नगदेबाली र ३ प्रतिशतमा तेलबालीको खेती हुँदै आएको छ। देशको कुल उत्पादनमध्ये करिब २०.५२ प्रतिशत खाद्यान्न, २०.७ प्रतिशत फलफूल, २५.८८ प्रतिशत तरकारी यसै प्रदेशमा उत्पादन गरिन्छ[३]। यस प्रदेशमा आधारभूत खाद्य सुरक्षामा रहेको परिवार ८२.७ प्रतिशत र उच्च खाद्य असुरक्षित परिवार १.१ प्रतिशत रहेको छ[४] ।

यस प्रदेशमा मुख्य गरी उष्ण फलफूलमा आँप, लिची, रुख कटहर, भुइँकटहर, केरा, मेवा, नरिवल आदि उत्पादन गरिन्छ । आ.व. २०७८/७९ मा कुल ४,९९,३७४ मे.ट. उत्पादन भई प्रतिहेक्टर १४.६४ मे.ट. उत्पादकत्व रहेको छ जुन देशको औसत उत्पादकत्व १२.३५ मे.ट. प्रतिहेक्टर भन्दा बढी रहेको छ । देशको कुल आँप उत्पादनमध्ये ६८ प्रतिशत उत्पादन यसै प्रदेशमा मात्र हुने गरेको छ ।

### ५.१.२ अवसर र सम्भावना

यो प्रदेशमा कृषि उत्पादनका लागि अनुकूल भूबनौट र हावापानी रहेको छ। खाद्यान्नको भण्डार रहेको यस प्रदेशमा सिँचाइका लागि प्रचुर मात्रामा सतह एवम् भूमिगत जलस्रोत रहेको छ । निकट भविष्यमा सम्पन्न हुने सुनकोशी-कमला डाइभर्सन आयोजनाले यस प्रदेशमा सिँचाइ सुविधा उल्लेखनीय रूपमा बढ्नेछ साथै नदी बेसिनहरू परिवर्तन गरी जल क्षमता वृद्धि गर्न सकिने समेत भौगोलिक अनुकूलता रहेको छ। यसले खाद्यान्न, तरकारी तथा फलफूलको वर्तमान उत्पादन र उत्पादकत्वमा वृद्धि गरी छिमेकी मुलुक भारतबाट हुने कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन गर्न सक्ने प्रबल सम्भावना रहेको छ ।

यातायातको दृष्टिकोणले नेपालको पूर्व-पश्चिम राजमार्ग, यसका शाखा सडकहरू, तराई मधेश केन्द्रित हुलाकी राजमार्गको सञ्जाल भारतका बजारसम्म जोडिएका कारण यस प्रदेशबाट उत्पादित कृषिजन्य उत्पादनको बजारीकरणमा सहज भएको छ। निकट भविष्यमा निर्माण सम्पन्न भई सञ्चालन हुने निजगढ-काठमाडौं द्रुतमार्ग, निजगढ (बारा) मा अन्तर्राष्ट्रिय विमानस्थल तथा पूर्व-पश्चिम रेल यातायात यस प्रदेशको कृषि क्षेत्रका विकासका लागि ठुलो अवसर हुने देखिन्छ । जसबाट प्रदेशको कृषि उत्पादन प्रदेशभित्रकै ठुला बजारहरूमा, देशको राजधानी काठमाडौं, देशका अन्य बजारहरूमा बिक्री गर्न एवम् अन्य देशहरूमा समेत निर्यात हुने अवसर र सम्भावना देखिन्छ। भारतीय बजारसँगको भौगोलिक निकटता एवम् सहज आवागमन र यातायात सञ्जालको विस्तारलाई पनि प्रदेशको कृषि बजारीकरणको निमित्त एउटा अवसरको रूपमा लिन सकिन्छ ।

कृषिजन्य वस्तुमा आधारित उद्योगहरू विशेष गरी चिनी मिल र अन्य कृषिवस्तुमा आधारित उद्योगहरू जस्तै : मैदा मिल, बिस्कुट उद्योग, चिउरा मिल आदिको सङ्ख्या यस प्रदेशमा उल्लेख्य रूपमा भएको कारणले औद्योगिक तथा नगदे बालीबाट फाइदा लिन सकिने सम्भावना रहेको छ । नेपालमा लगानीमैत्री वातावरण बढ्दै गएको अवस्थामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गरी यस प्रदेशमा कृषिजन्य वस्तुमा आधारित उद्योगहरू स्थापना गर्न सकिने र यसबाट प्रदेशभित्रै रोजगारीको सिर्जना भई कृषकको आयस्तर बढाउन सकिने प्रवल सम्भावनाहरू रहेका छन् ।

### ५.१.३ समस्या र चुनौती

प्रदेश तथा स्थानीय तहहरूले एक अर्काको समन्वय बिना नै छुट्टाछुट्टै आ-आफ्नो तरिकाले नीति तथा योजनाहरू निर्माण गर्ने गरेको छ। एकले अर्कालाई पूरकभन्दा प्रतिस्पर्धीका रूपमा हेरिरहेको अवस्था छ। उन्नत बिउ, मल, सिँचाई, आधुनिक कृषि प्रविधिहरूको सहजरूपमा उपलब्धता नभएको हुँदा उत्पादनमा असर परेको छ। समयमा बिउ, मलखाद तथा सिँचाइको अभावले तथा किसानहरुले उत्पादन गरेको सामानहरुको बजारीकरण नभएको कारणले किसानहरूको कृषिकार्यप्रतिको चासो हराउन थालेको छ ।

३. First Periodic Plan (2076/77-2080/81) of Madhesh Province: Madhesh Province Policy and Planning Commission.

४. Nepal Demographic and Health Survey, 2022: Ministry Health and Population.

कृषि क्षेत्रको न्यून वृद्धि, कृषि अर्थतन्त्रको संरचनागत समस्या, उत्पादनमूलक कृषि बाली वस्तुमा आधारित उद्योग धन्दाको विकास नहुनु, न्यून कृषि उत्पादन तथा उत्पादकत्व, उत्पादन सामग्रीको समयमा सर्वसुलभ ढङ्गबाट उपलब्ध हुन नसक्नु, बढ्दो उत्पादन लागतका कारण कमजोर प्रतिस्पर्धी क्षमता हुनु, कृषि उत्पादनको उचित बजारीकरणको कमजोर व्यवस्था हुनु, कृषि व्यवसायप्रति बढ्दो विकर्षण, आधारभूत खाद्य पदार्थ समेतमा परनिर्भरता, वैदेशिक रोजगारीका लागि कृषिको उत्पादनशील जनशक्तिको पलायन, कृषि पूर्वाधारको कमी, कृषिमा लगानी आकर्षित गर्न नसक्नु, जग्गाको खण्डीकरण, उत्पादन प्रणालीमा यान्त्रिकीकरण हुन नसक्नु आदि कृषि तथा खाद्य सुरक्षा क्षेत्रमा देखिएका मुख्य समस्याहरू हुन् ।

विशेषगरी भारतसँगको खुला सिमानाका कारण हुने सहज आयातले कृषकहरूले आफ्नो उत्पादनको लागत मूल्य समेत पाउन कठिनाइ रहेको छ। खाद्यान्नको उत्पादकत्व उच्च हुँदाहुँदै पनि यो प्रदेशमा बढी जनसङ्ख्याका कारण खाद्यान्न अपुग हुने गरेको छ । कृषि अनुसन्धानले उच्च प्राथमिकता नपाएका कारण उन्नत जातका बिउबिजन उपलब्ध हुनसकेको छैन र आधुनिक कृषि प्रणालीको समेत विकास हुन सकेको छैन। कृषि उपकरण र यन्त्रको प्रयोग पनि आवश्यक मात्रामा हुन सकेको छैन ।

औद्योगिक प्रयोगका लागि जग्गा ओगट्ने तर उद्योग स्थापना नहुने, कृषियोग्य भूमि घरघडेरीका लागि अनियन्त्रित प्रयोग भइरहेको, कृषियोग्य जग्गामा जथाभावी सडक तथा मार्गहरूको निर्माण जस्ता प्रवृत्तिका कारण कृषिजन्य भूमि सङ्कुचित हुँदै गएको छ। चुरे र अन्य वनजङ्गल मासिँदै गएकाले भूमिगत पानीको सतह पनि घट्दै गएको छ ।

यहाँ अन्तर्राष्ट्रियस्तरको कृषि अनुसन्धान, प्रयोगशाला तथा पूर्वाधारहरूको अभाव रहेको छ। यसका कारणले उत्पादित वस्तुहरूले पनि अन्तर्राष्ट्रिय बजारमा प्रवेश पाउन सकेका छैनन्। गुणस्तरीय माटो परीक्षण तथा अन्य प्रयोगशालाको कमी, उपयुक्त बालीहरू (वर्णशङ्कर), बिउबिजन तथा मलको कमी र आवश्यक जनशक्तिको कमी रहेको छ। उत्पादित वस्तुको प्रमाणीकरण तथा उपयुक्त क्वारेन्टाइन व्यवस्थाको पनि कमी छ ।

कृषि पूर्वाधारहरूको निर्माण गर्नु, कृषि उत्पादनको लागत कम गर्नु, समयमै सर्वसुलभ ढङ्गले उत्पादन सामग्री उपलब्ध गराउनु, कृषियोग्य उर्वरा भूमिमा गैरकृषि क्रियाकलाप गर्न निरुत्साहित गर्नु, युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्नु, बजारमा प्रतिस्पर्धी बन्नु, कृषिको आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरण गर्नु, कृषिमा आधारित उद्योगको स्थापना एवम् सञ्चालन गर्नु, कृषि उत्पादन प्रशोधन र बजारीकरणमा लगानी आकर्षित गर्नु, कृषिजन्य वस्तुमा आधारित उद्योगहरूमा वैदेशिक लगानी आकर्षित गर्नु, कृषि मूल्यशृङ्खला एवम् आपूर्ति शृङ्खलालाई मजबुत बनाउनु, प्रदेशको स्थानीय कृषि उत्पादन बढाई खुला सिमानाका कारण भएको उपभोगको परनिर्भरता कम गर्नु, गुणस्तरीय तथा समस्यामा आधारित कृषि अनुसन्धान र प्रविधिको विकास गर्नु तथा प्रसार गर्नु, दक्ष जनशक्ति उत्पादन तथा व्यवस्थापन गर्नु, सहुलियत एवम् सरल कृषि कर्जा तथा बीमाको व्यवस्था गर्नु आदि यस क्षेत्रमा देखिएका चुनौतीहरू हुन् ।

### ५.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज, समृद्ध प्रदेशको मुख्य आधार

**लक्ष्यः** कृषि क्षेत्रको उच्च तथा फराकिलो वृद्धिदर हासिल गर्ने।

**उद्देश्यः**

१. कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।
२. खाद्य तथा पोषण सुरक्षामा बृद्धि गर्नु ।
३. कृषिको विविधीकरण, व्यवसायीकरण र कृषि उपजको मूल्य शृङ्खला अभिबृद्धिसहित बजारीकरण गर्नु ।
४. जलवायु परिवर्तनबाट कृषि उत्पादन प्रणालीमा हुने असर न्यूनीकरण गर्नु ।

### ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. समयमै कृषि उत्पादन सामग्री सर्वसुलभ ढङ्गबाट उपलब्ध गराउने। | १.१ प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाइनेछ।<br>१.२ कृषिसँग सम्बन्धित अनुसन्धान गर्ने संस्थाहरूसँगको समन्वयमा कृषि सम्बन्धी अनुसन्धान कार्यलाई अगाडि बढाइनेछ।<br>१.३ कृषि अनुसन्धान परिषद्का अनुसन्धान केन्द्रहरूबाट उन्नत जातका बिउबिजन उत्पादन परीक्षण गराइनेछ।<br>१.४ आवश्यक कृषि सामग्रीहरू उपलब्ध गराई सहकारीहरूलाई सहयोग गरिनेछ।<br>१.५ उन्नत जातका बालीहरूको व्यवस्थापनका लागि स्रोतकेन्द्रको स्थापना गरिनेछ।<br>१.६ उन्नत जातका बिउबिजनमा अनुदान उपलब्ध गराई बिउको सुनिश्चितता प्रदान गरिनेछ।<br>१.७ बिउको गुणस्तर परीक्षण गरी गुणस्तरीय बिउ मात्र उत्पादन र आपूर्ति गरिनेछ र न्यून गुणस्तरीय बिउ प्रयोगलाइ निरुत्साहित गरिनेछ। |
| २. कृषि पूर्वाधारहरूको विकास गर्ने । | २.१ प्रयोगशालाहरू (माटो परीक्षण, बाली संरक्षण, उत्पादन परीक्षण आदि) को सञ्चालन गरी सेवा विस्तार गरिनेछ।<br>२.२ तरकारी तथा फलफूलको उत्पादनपछिको नोक्सानीलाई कम गर्न शीतभण्डार निर्माण तथा अत्याधुनिक सुविधासहितको कृषि बजारहरू सञ्चालन गरिनेछ।<br>२.३ खाद्यान्न तरकारी तथा फलफूल उत्पादन वृद्धिका लागि कृषकहरूलाई आवश्यक सिँचाइ सुविधामा विस्तार गरिनेछ।<br>२.४ उत्पादनस्थलदेखि बजार केन्द्रसम्म कृषि सडकको निर्माण तथा विस्तार गरिनेछ। |
| ३. कृषि उत्पादन र उत्पादकत्व बढाउन भूमिको उचित व्यवस्थापन गर्ने। | ३.१ कृषि प्रयोजनका लागि सरलीकरण र सर्वसुलभ बनाउन भूमि बैङ्कको व्यवस्था गरिनेछ।<br>३.२ बाँझो जग्गा भाडामा लिई खेती गर्ने कृषकहरूलाई विशेष प्रोत्साहन गरिनेछ।<br>३.३ खण्डिकृत जमिनलाई एकीकरण गरी चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ।<br>३.४ नदी उकास तथा बगर खेतीलाई प्रोत्साहन गरिनेछ।<br>३.५ कृषियोग्य जमिनको उत्पादकत्व वृद्धि गर्न माटोको उर्वराशक्ति वृद्धि गरिनेछ।<br>३.६ समूह/सहकारीहरूलाई चक्लाबन्दी खेतीमा प्रोत्साहन गरिनेछ। |
| ४. प्राविधिक एवम् अन्य आवश्यक सेवा प्रवाह सुनिश्चित गरी कृषक तथा कृषि उद्यमलाई उत्पादन वृद्धिमा प्रोत्साहित गर्ने। | ४.१ कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>४.२ कृषि अनुसन्धान, प्रविधि प्रसार र कृषि शिक्षाको पहुँच बढाइनेछ।<br>४.३ कृषि व्यवसायलाई आधुनिक प्रविधिसँग जोड्दै डिजिटल प्रणालीबाट सेवाप्रवाह गरिनेछ।<br>४.४ स्थानीय तहको आवश्यकता, सम्भाव्यता, उपलब्ध स्रोत र समन्वयका आधारमा थप कृषि सेवाकेन्द्रहरूको स्थापना गरी कृषकहरूलाई उत्पादन पकेट क्षेत्रहरूमा नै प्राविधिक सेवा उपलब्ध गराइनेछ। |
| ५. कृषिमा लगानीमा वृद्धि हुने वातावरण मिलाउने। | ५.१ किसानलाई बिउ पुँजी वा कृषि ऋण ब्याजमा सहुलियत प्रदान गरिनेछ।<br>५.२ कृषि ऋण उपलब्ध गराउन सहकारीहरूलाई प्रोत्साहन गरिनेछ।<br>५.३ विदेशबाट फर्केका युवालाई कृषिमा लगानी गर्न आकर्षण गरिनेछ।<br>५.४ सङ्घीय सरकारसँग समन्वय गरी गैरआवासीय नेपालीहरूबाट कृषिमा लगानी गर्न प्रोत्साहन गरिनेछ।<br>५.५ बाली बीमाको दायरा बढाइनेछ र बीमा प्रिमियममा प्रदेश सरकारबाट थप प्रोत्साहन अनुदान दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. प्रदेशस्तरमै कृषि औजार उपकरणहरू उपलब्ध हुने व्यवस्था गर्ने। | ६.१ कृषि औजार कारखानाहरू सञ्चालन गरिनेछ।<br>६.२ कृषि औजार उपकरणहरू उत्पादन गर्नसक्ने गरी स्थानीय जनशक्तिको थप क्षमता विकास गरिनेछ। |
| ७. कृषि आधुनिकीकरण कार्यक्रम विस्तार गर्ने। | ७.१ जिल्लाको बाली विशेषका आधारमा कृषि आधुनिकीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>७.२ बाली विशेषअनुसार कस्टम हायरिङ्ग सेन्टरहरूको स्थापना एवम् सञ्चालन गरिनेछ।<br>७.३ मुख्य गरी धान, गहुँ, मकै र उखु बालीमा बाली लगाउनु पूर्व नै न्यूनतम समर्थन मूल्य तोकिने र सोअनुसार खरिद गर्ने व्यवस्था मिलाइनेछ।<br>७.४ बाली संरक्षण घुम्ती सेवा, ल्याब सेवा, कृषक पाठशालाको माध्यमबाट कृषि बालीमा हुनसक्ने रोग किराहरूको प्रभावकारी ढङ्गबाट रोकथाम र नियन्त्रण गरिनेछ।<br>७.५ बैकल्पिक खेती प्रवर्धनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयनमा जोड दिइनेछ। |
| ८. निर्वाहमुखी कृषिलाई व्यवसायीकरण र विविधीकरण गर्ने। | ८.१ उच्च मूल्य जाने बाली वस्तुहरूको पहिचान गरिनेछ।<br>८.२ पहिचान गरिएका उच्च मूल्य जाने बाली वस्तुहरूको व्यावसायिक उत्पादनका लागि उत्पादन प्रोत्साहन अनुदान दिइनेछ।<br>८.३ कृषि वस्तुको विविधीकरण र मूल्य अभिवृद्धिका लागि मूल्यशृङ्खला कोष स्थापना गरी सहयोग उपलब्ध गराइनेछ।<br>८.४ नवप्रवर्तनीय उद्यम स्टार्टअप कोष स्थापना गरी सहुलियतपूर्ण कर्जाको माध्यमबाट उद्यम स्थापना र सञ्चालनका लागि सहयोग गरिनेछ। |
| ९. कृषिमा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | ९.१ कृषिजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापनामा सहयोग गरिनेछ।<br>९.२ उत्पादक कृषकहरू प्रशोधन उद्योगहरूबिच व्यावसायिक सम्बन्ध सुदृढ गरिनेछ।<br>९.३ कृषिजन्य वस्तुमा आधारित प्रशोधन उद्योगलाई विद्युत् महसुलमा छुट दिने व्यवस्था मिलाइनेछ। |
| १०. बिशिष्ट स्थानीय पहिचान भएका र बढी मूल्य जाने बाली वस्तुको निर्यातमुखी उत्पादन अवलम्बन गरी स्थानीय बजारमा आपूर्ति र निर्यात गर्ने। | १०.१ विशिष्ट स्थानीय पहिचान भएका र बढी मूल्य जाने बाली वस्तुको व्यावसायिक उत्पादनका लागि प्रवर्द्धनात्मक कार्य गरिनेछ।<br>१०.२ निर्यात प्रवर्धनका लागि माग तथा आपूर्तीसम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ।<br>१०.३ उत्पादक कृषक र बजारकर्ता (Marketer) हरूबिच व्यावसायिक सम्बन्ध विस्तार (Buy-Back-Arrangement) मा सहजीकरण गरिनेछ।<br>१०.४ स्थान विशेषका सम्भाव्य जडीबुटी खेतीलाई प्रवर्धन गरिनेछ। |
| ११. उत्पादित कृषि उत्पादनको बजार व्यवस्थापनमा सुधार गर्ने। | ११.१ कृषि बाली वस्तुको माग र आपुर्तिको आँकलन गरी प्रदेशभित्र भएका कृषि बजार संरचनाहरूको भौतिक र संस्थागत सुधार गरिनेछ।<br>११.२ बजारको माग र आपूर्तिका सम्बन्धमा अध्ययन गरी उपयुक्त स्थानमा थप कृषि बजार स्थापना र विस्तारका लागि सहजीकरण गरिनेछ।<br>११.३ उत्पादन पकेट क्षेत्रमा आवश्यकतानुसार समुदायस्तरबाट सञ्चालन हुनेगरी कृषि उत्पादन सङ्कलन केन्द्रको स्थापना गरिनेछ।<br>११.४ उत्पादित वस्तुको भण्डारण सुविधा (शीतभण्डार, खाद्यान्न भण्डार) निर्माण, मर्मतसम्भार र स्तरोन्नतिमा सहयोग र आवश्यक सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ११.५ आधुनिक अन्न भण्डारण केन्द्र (Silo Storage Technique) स्थापना गरी सञ्चालनमा ल्याइनेछ।<br>११.६ कृषि बजार व्यवस्थापन समितिको संस्थागत एवम् क्षमता विकास गरी कृषि बजार सुव्यवस्थित तवरले सञ्चालन हुने वातावरण बनाइनेछ।<br>११.७ मूल्यशृङ्खलाका सबै पात्रहरू (Value Chain Actors) लाई नियमित बजार मूल्य सूचना उपलब्ध गराइनेछ। |
| १२. वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् प्रचारप्रसार गर्ने। | १२.१ प्रादेशिक कृषि अनुसन्धान केन्द्रबाट वातावरणमैत्री कृषि एवम् जलवायु परिवर्तन सहन सक्ने प्रविधिको विकास एवम् प्रचारप्रसार गरिनेछ।<br>१२.२ प्रदेश अन्तर्गतका कृषि ज्ञान केन्द्रहरूमार्फत वातावरणमैत्री कृषि प्रविधिहरूको प्रचारप्रसार गरिनेछ।<br>१२.३ जैविक मल र जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापनामा सहयोग गरिनेछ।<br>१२.४ एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) विधि अवलम्बन गरी वातावरण एवम् मानव स्वास्थ्यमा परिरहेको रासायनिक मल एवम् विषादीको प्रभावलाई न्यूनीकरण गरिनेछ।<br>१२.५ अनुत्पादक तथा खेर गएका जग्गाहरूमा वृक्षारोपण गरिनेछ। |
| १३. स्थानीय जैविक विविधताको संरक्षण एवम् उपयोग गर्ने। | १३.१ स्थानीय रैथाने जातका बालीनाली पहिचान गरी तिनको संरक्षण र संवर्धनका लागि उत्पादक कृषकहरूलाई विशेष सुविधा प्रदान गरिनेछ।<br>१३.२ जैविक विविधता संरक्षणमा परम्परागत कृषि ज्ञान, सिप, एवम् प्रविधिलाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>१३.३ बढी मूल्य पाउन सक्ने स्थानीय रैथाने बालीहरूको ब्रान्डिङ्ग गरी बजार व्यवस्थापन गरिनेछ। |
| १४. सम्भावित एवम् उपयुक्त पकेट क्षेत्रहरूमा प्राङ्गारिक कृषि उत्पादन गर्न प्रोत्साहन गर्ने। | १४.१ उपयुक्त पकेट क्षेत्रहरूमा प्राङ्गारिक खेतीलाइ प्रोत्साहन र प्रवर्धन गरिनेछ।<br>१४.२ प्राङ्गारिक मल उत्पादकहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>१४.३ प्राङ्गारिक कृषि उत्पादनको बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। |
| १५. मधेशले देशलाई खुवाउने अभियान सञ्चालन गर्ने। | १५.१ प्रदेशका आठै जिल्लालाई कृषि उत्पादनको हबका रूपमा विकास गरिनेछ।<br>१५.२ कृषि उत्पादनलाई मूल्यश्रृङ्खलामा आवद्ध गरिनेछ।<br>१५.३ कृषिमा उद्यमशीलताको विकास गरिनेछ।<br>१५.४ देशभित्रका मुख्य बजारहरुसँग व्यापारिक सञ्जालीकरण गर्न सहजीकरण गरिनेछ।<br>१५.५ नाइट्रोजन, फसफरस र पोटास (NPK Fertilizer) मल उत्पादन सम्बन्धी उद्योग स्थापना र सञ्चालन गरिनेछ।<br>१५.६ प्रदेश स्तरमा एउटा रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक पहल गरिनेछ। |

### ५.१.६ प्रमुख कार्यक्रमहरू

१. कृषि आधुनिकीकरण कार्यक्रम
२. बिउ बिजन आत्मनिर्भर कार्यक्रम
३. कृषि यान्त्रिकीकरण कार्यक्रम
४. कृषि पूर्वाधार विकास कार्यक्रम
५. खाद्य तथा पोषण सुधार कार्यक्रम

६. माटो सुधार कार्यक्रम
७. कृषि औजार कारखाना सञ्चालन
८. जैविक मल तथा प्राङ्गारिक मल कारखाना स्थापना
९. प्राङ्गारिक मल वितरण कार्यक्रम
१०. धानबाली आत्मनिर्भर कार्यक्रम
११. तरकारी तथा फलफूलमा आधारित प्रशोधन उद्योग स्थापना
१२. पुष्प व्यवसाय प्रवर्धन कार्यक्रम
१३. तरकारी मूल्य शृङ्खला विकास कार्यक्रम
१४. फलफूल मूल्य शृङ्खला विकास कार्यक्रम
१५. भूमि बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याउने कार्यक्रम
१६. जग्गा चक्लाबन्दीसम्बन्धी कार्यक्रम
१७. खाद्यान्न बाली उत्पादन कार्यक्रम
१८. फलफूल विकास कार्यक्रम
१९. दलहन बाली विकास कार्यक्रम
२०. तेलहन बाली विकास कार्यक्रम
२१. मसला बाली विकास कार्यक्रम
२२. नगदेबाली विकास कार्यक्रम
२३. प्राङ्गारिक खेती प्रवर्धन कार्यक्रम
२४. बाँझो जग्गा उपयोगसम्बन्धी नमुना कृषि विकास मोडल कार्यक्रम
२५. जलवायु परिवर्तन सम्बन्धमा कृषकहरूलाई सचेतना कार्यक्रम
२६. चुरेक्षेत्र संरक्षण कार्यक्रम
२७. सिँचाइका लागि बिजुलीमा अनुदान कार्यक्रम (कृषि विद्युतीकरण)
२८. एक पालिका एक कृषि उत्कृष्ट केन्द्र स्थापना
२९. कस्टम हायरिङ केन्द्र स्थापना
३०. बिउपुँजी कार्यक्रम सञ्चालन
३१. कृषि डिजिटलाइजेसन
३२. महिला कृषि स्वयंसेविका परिचालन
३३. कोल्डरूमसहितको बजार मण्डी सेटअप कार्यक्रम
३४. च्याउ खेती कार्यक्रम
३५. माटोपार्क
३६. कृषि औजार केन्द्र (वीरगन्ज)को अनुसन्धान तथा विकास
३७. प्रादेशिक कृषि औजार कारखाना स्थापना
३८. खाद्य भण्डार निर्माण
३९. शीत भण्डार निर्माण
४०. नदी उकास
४१. कृषि विकास कार्यक्रम
४२. आधुनिक अन्न भण्डारण केन्द्र स्थापना

### ५.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | कृषि क्षेत्रको[५] वृद्धि दर | प्रतिशत | ७.१२[६] | ७.२५ |
| २ | आधारभूत खाद्य सुरक्षित परिवार | प्रतिशत | ८५.७[७] | ९०.० |
| ३ | कृषि श्रम उत्पादकत्व | रु हजारमा | ३१[८] | ४० |
| ४ | प्रतिव्यक्ति खाद्य उपलब्धता | के.जी. प्रतिवर्ष | ३६५.७[९] | ३८५.३ |
| ५ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | १.१[१०] | ०.५ |

## ५.२ पशुपन्छी पालन

### ५.२.१ पृष्ठभूमि

पशुपालन व्यवसाय कृषि क्षेत्रको एक अभिन्न अङ्गका रूपमा रहेको छ। देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ११ प्रतिशत र कृषि गार्हस्थ्य उत्पादनमा पनि यस क्षेत्रको योगदान महत्त्वपूर्ण रहँदै आएको छ। यस प्रदेशमा पशु तथा पन्छीपालन व्यवसायले जीविकोपार्जनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। दुग्धसहितको पशुपन्छीपालन उपक्षेत्रले आ.व. २०७८/७९ कुल कृषि क्षेत्रको ग्राहस्थ्य उत्पादनमा २४ प्रतिशत योगदान दिएको छ। आ.व. २०७८/७९ मा मासु उत्पादन ६१,७९४ मे.टन, जुन देशको १२ प्रतिशतमात्र हो जसमध्ये सबैभन्दा बढी राँगाको मासु ५० प्रतिशत, कुखुराको मासु ३०.४९ प्रतिशत, खसीको मासु १५ प्रतिशत र बाँकी अन्य (भेँडा हाँस बङ्गुर) को उत्पादन रहेको छ । यस प्रदेशमा अन्डाको उत्पादन सोही आ.व. मा करिब रु. ८ करोड उत्पादन भएको छ, जुन देशको कुल अन्डा उत्पादनको जम्मा करिब ६ प्रतिशतमात्र रहेको छ[११] । पशुपन्छीजन्य उत्पादन तुलनात्मक रूपमा यस प्रदेशमा कम रहेको भए तापनि हाल प्रदेशमा व्यावसायिक दुग्ध उत्पादन, बाख्रापालन र कुखुरापालन बढ्दै गएको छ र दुध र मासुको उत्पादनले प्रदेशको माग पूरा भएको छ।

### ५.२.२ अवसर र सम्भावना

मधेश प्रदेशभित्रै प्रशस्त बजार, सहरोन्मुख बस्ती र जनताको आयस्तरमा आएको सकारात्मक परिवर्तनले पशुपन्छीजन्य उत्पादन विशेष गरी मासु र अन्डाको आन्तरिक खपत एवम् बढी भएको उत्पादन छिमेकी प्रदेश र देशको राजधानी काठमाडौंसम्म आपुर्ति गर्न सकिने प्रबल सम्भावना र अवसर रहेकोछ। तुलनात्मकरूपमा कम आहारा आपुर्तिले पनि पुग्ने र सानो चरण क्षेत्रमा पनि व्यवस्थापन गर्न सकिने बाख्रा पालनका लागि चुरेको दक्षिणी भागमा रहेको क्षेत्र बढी उपयुक्त रहेको छ र यस व्यवसायले विशेष गरी साना तथा विपन्न वर्गका कृषकहरूको आम्दानी वृद्धि गर्ने अवसर प्रदान गर्दै आएको छ। दुग्ध तथा मासुको उत्पादनका साथै प्रशोधन उद्योगहरूका लागि आवश्यक पर्ने जग्गा र पानीको स्रोत पनि उपलब्ध रहेको छ। दुध, मासु र अन्डाको माग बढ्दै गएकाले यिनीहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने प्रशस्त सम्भावना रहेको हुँदा अहिलेको उत्पादनलाई करिब दोब्बर गर्न सकिने अवसर रहेको छ र यसबाट पशुपन्छीपालक कृषकहरूको आम्दानीमा वृद्धि गर्न सकिन्छ।

---

५. Including Livestock, Forestry and Fisheries.

६. https://nsonepal.gov.np/list/resource/963?parent=1574 (based on AGDP compound growth rate from 2075/76 to 2079/80).

७. Nepal Demographic and Health Survey, 2022: Ministry Health and Population.

८. Agricultural Labour Productivity has been estimated as = AGDP/Economically Active Population of 15-59 Yrs of Age*Proportion of Population engaged in Agriculture.

९. National Population Census, 2078 (NSO) and Statistical Information on Nepalese Agriculture, 2078/79 (MoALD).

१०. Nepal Demographic and Health Survey, 2022 (MoHP).

११. Statistical Information on Nepalese Agriculture, 2021/22, MoALD.

### ५.२.३ समस्या र चुनौती

यस प्रदेशमा पशुपन्क्षीपालन व्यवसाय अझै परम्परागत रहनु, व्यावसायिक पशुपन्छीपालन एवम् यसमा आधारित उद्योगका लागि आवश्यक लगानीको कमी हुनु, उपयुक्त एवम् न्यून लागतका प्रविधिहरू उपलब्ध हुन नसक्नु, आवश्यक श्रमशक्तिको न्यून आपूर्ति हुनु, उत्पादन लागत बढी हुँदा आयातित वस्तुहरूसँग बजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु, घाँस पराल जस्ता उत्पादन सामग्रीहरू प्रदेशभित्रै उपलब्ध भएतापनि पशुपन्छीका लागि चाहिने दानाहरूको पर्याप्त आपुर्ति हुन नसक्नु साथै आयातित दाना सहजै उपलब्ध हुने भएका कारण दाना आयात गर्नु पर्ने जस्ता समस्याहरू रहेका छन्।

पन्छीमा एभियन एन्फ्लुन्जा (Bird Flu) र भारतबाट चोरी निकासी भई भित्रिने चल्लाका कारण ह्याचरी उद्योगमा भएको स्वदेशी लगानी सुरक्षित गर्नु, पशु तथा पन्क्षीजन्य उत्पादनहरू व्यावसायिक तवरले र गुणस्तरीय उत्पादन गरी बजार प्रतिस्पर्धी बनाउनु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन्।

### ५.२.४ सोच, लक्ष्य तथा उद्देश्य

**सोच:** प्रदेशको आर्थिक समृद्धि : पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि

**लक्ष्य:** पशुपन्छीपालन क्षेत्रको उच्च तथा फराकिलो वृद्धिदर हासिल गर्ने।

**उद्देश्य:**

१. पशुपन्छीपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु।
२. खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउनु र पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर प्रदेश बनाउनु।
३. उत्पादनको विविधीकरण, व्यवसायीकरण र मूल्यशृङ्खला अभिवृद्धिसहितको बजारीकरण गर्नु।
४. जलवायु परिवर्तनबाट उत्पादन प्रणालीमा हुने असर न्यूनीकरण गर्नु।

### ५.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्छीपालनका लागि आवश्यक उत्पादन सामग्री समयमै सर्वसुलभ ढङ्गबाट उपलब्ध गराउने। | १.१ प्रदेशमा दाना उद्योग स्थापना र सञ्चालन गर्ने निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>१.२ पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरूको करार खेतीलाई प्रोत्साहन गरिनेछ। साथै यी बाली उत्पादन गर्ने कृषक समूह, सहकारी वा निजी फर्महरूलाई दाना उद्योगसँग करार सम्झौता गराई व्यावसायिक सम्बन्ध सुदृढ गरिनेछ।<br>१.३ पशुपन्छीपालनका क्षेत्रमा आवश्यक अध्ययन तथा अनुसन्धान कार्य गरिनेछ।<br>१.४ उन्नत जातका पशुपन्छीहरूका नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ चरन तथा घाँसेबाली उत्पादन कार्यक्रमको प्रवर्धन गरिनेछ।<br>१.६ कृत्रिम गर्भाधान कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ।<br>१.७ समुदायस्तरमा उन्नत जातका नश्लहरू र बिउबिजनको स्रोतकेन्द्रको स्थापना गरिनेछ।<br>१.८ प्रदेशस्तरमा पशु विकास, घाँसेवाली फार्मको स्थापना र सुदृढीकरण गरी उन्नत नश्ल एवम् बिउबिजन आपूर्तिमा सरलीकरण गरिनेछ। |
| २. पशुपन्छीजन्य पूर्वाधारहरूको विकास गरिनेछ। | २.१ राइजोवियम प्रयोगशाला, पशु स्वास्थ्य प्रयोगशाला, एभियन रोग परीक्षण प्रयोगशालाहरू र भेटेरिनरी अस्पतालहरूमार्फत सहज सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।<br>२.२ पशु स्वास्थ्य सेवाको उच्च माग हुने उत्पादन पकेट क्षेत्रहरूमा पशु स्वास्थ्य इकाइ/केन्द्रहरूको स्थापना गरी सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. पशुपन्छीपालक कृषक तथा यससँग सम्बन्धित उद्यमलाई उत्पादन वृद्धिमा प्रोत्साहित गर्ने। | ३.१ कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ कृषकहरू समक्ष अनुसन्धान, प्रविधिको प्रसार र कृषि शिक्षाको पहुँच बढाइनेछ।<br>३.३ मासु तथा अन्डा उत्पादक कृषकहरूका लागि प्रोत्साहन गर्न बिउपुँजीमार्फत सहयोग उपलब्ध गराइनेछ।<br>३.४ पशुपन्छीपालक कृषक तथा यससँग सम्बन्धित उद्यमलाई प्राविधिक एवम् अन्य आवश्यक सेवा प्रवाह सुनिश्चित गरिनेछ। |
| ४. पशुपन्छीपालन व्यवसायमा लगानीमा वृद्धि हुने वातावरण मिलाउने। | ४.१ पशुपन्छीपालक किसानलाई सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ।<br>४.२ विदेशबाट फर्केका युवालाई पशुपन्छीपालनमा लगानी गर्न आकर्षण गरिनेछ।<br>४.३ सङ्घीय सरकारसँग समन्वय गरी गैरआवासीय नेपालीहरूबाट पशुपन्छीपालन तथा प्रशोधन व्यवसायमा लगानी गरिनेछ।<br>४.४ पशुपन्छी स्वास्थ्य परीक्षण घुम्ती सेवा, ल्याबसेवा, कृषक पाठशालाको माध्यमबाट पशुपन्छीमा हुनसक्ने रोगव्यादहरूको प्रभावकारी ढङ्गबाट रोकथाम र नियन्त्रण गरिनेछ।<br>४.५ पशुपन्छि विमाको दायरा बढाइनेछ र बीमा प्रिमियममा प्रदेश सरकारबाट थप प्रोत्साहन अनुदान दिइनेछ। |
| ५. निर्वाहमुखी पशुपन्छीपालनलाई व्यवसायीकरण र विविधीकरण गर्ने। | ५.१ मासु र अन्डा उत्पादनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.२ मासु र अन्डाको व्यावसायिक उत्पादनका लागि प्रोत्साहन गर्न आवश्यक अनुदान प्रदान गरिनेछ।<br>५.३ पशुपन्छीजन्य वस्तुको विविधीकरण र मूल्य अभिवृद्धिका लागि मूल्यशृङ्खला कोष स्थापना गरी सहयोग उपलब्ध गराइनेछ। |
| ६. पशुपन्छीजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | ६.१ पशुपन्छीजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापनामा सहयोग गरिनेछ।<br>६.२ उत्पादक कृषक र प्रशोधन उद्योगहरूका बिचमा व्यावसायिक सम्बन्ध सुदृढ गरिनेछ।<br>६.३ पशुपन्छीजन्य वस्तुमा आधारित प्रशोधन उद्योगलाई विद्युत् महसुलमा छुट दिने सम्बन्धमा नेपाल सरकारसँग सहकार्य गरिनेछ। |
| ७. उत्पादित पशुपन्छीजन्य उत्पादनको बजार व्यवस्थापनमा सुधार गर्ने। | ७.१ पशुपन्छीजन्य वस्तुको माग र आपुर्तिको आँकलन गरी प्रदेशभित्र भएका पशुपन्छी बजार संरचनाहरूको भौतिक र संस्थागत सुधार गरिनेछ।<br>७.२ बजारको माग र आपुर्तिको अध्ययनका आधारमा उपयुक्त स्थानमा पशु वधशाला तथा माछामासु बजार स्थापना गरिनेछ।<br>७.३ उत्पादन पकेट क्षेत्रमा आवश्यकताअनुसार समुदायस्तरबाट सञ्चालन हुनेगरी पशु उत्पादन सङ्कलन केन्द्र स्थापना गरिनेछ।<br>७.४ उत्पादित वस्तुको भण्डारण सुविधा (शीतभण्डार, चिस्यान केन्द्र) निर्माण र चिस्यान सुविधासहितको मासु ढुवानी साधनमा सहयोग गरिनेछ।<br>७.५ पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको बजार व्यवस्थापन समितिको संस्थागत एवम् क्षमता विकास गरी ती बजारहरू सुव्यवस्थित तवरले सञ्चालन हुने वातावरण बनाइनेछ।<br>७.६ पशुपन्छीपालन मूल्यशृङ्खलाका सबै पात्रहरू (Value Cain Actors) लाई नियमित बजारमूल्य सूचना उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ८. वातावरणमैत्री प्रविधिको विकास एवम् प्रचारप्रसार गर्ने। | ८.१ प्रादेशिक कृषि अनुसन्धान केन्द्रबाट वातावरणमैत्री पशपन्छीपालन प्रविधिहरू एवम् जलवायु परिवर्तन सहन सक्ने प्रविधिहरूको विकास एवम् प्रचारप्रसार गरिनेछ।<br>८.२ प्रदेश अन्तर्गतका पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूमार्फत वातावरणमैत्री प्रविधिहरूको प्रसार गरिनेछ। |
| ९. स्थानीय जैविक विविधताको संरक्षण एवम् उपयोग गर्ने। | ९.१ स्थानीय रैथाने जातका पशुपन्छी पहिचान गरी तिनको संरक्षण र संवर्धन गर्न कृषकहरूलाई विशेष प्रोत्साहन गरिनेछ।<br>९.२ जैविक विविधता संरक्षणमा परम्परागत ज्ञान, सिप, एवम् प्रविधिलाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>९.३ स्थानीय रैथाने जातका पशुपन्छीको बजारको माग अनुसार ब्रान्डिङ गरी बजारीकरण गरिनेछ। |
| १०. व्यावसायिक पशुपन्छीपालन गर्ने समूह, सहकारी वा निजी फार्महरूबाट स्वच्छ सफा एवम् गुणस्तरीय उत्पादन गर्न अभिप्रेरित गर्ने। | १०.१ व्यावसायिक पशुपन्छीपालन गर्ने समूह सहकारी वा निजी फार्महरूमा असल कृषि अभ्यास (Good Husbandry Practices: GHP) अवलम्बन गराउन सहजीकरण गरिनेछ।<br>१०.२ असल कृषि अभ्यास विधिबाट उत्पादित स्वच्छ सफा एवम् गुणस्तरीय उत्पादनको बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ। |

### ५.२.६ प्रमुख कार्यक्रमहरू

१. मासु मिसन कार्यक्रम
२. व्यावसायिक अन्डा उत्पादन कार्यक्रम
३. पशुपन्छी तथा माछाको दाना उद्योग स्थापना र सञ्चालन
४. पशुपन्छी बजार पूर्वाधार विकास कार्यक्रम
५. पशुपन्छी, चरन तथा घाँसेबाली विकास फार्म स्थापना र सुदृढीकरण कार्यक्रम
६. पशुपन्छी रोग अन्वेषण प्रयोगशाला स्थापना र सञ्चालन
७. चरन तथा घाँसेबाली विकास कार्यक्रम
८. पशु स्वास्थ्य कार्यक्रम
९. पशु प्रजनन कार्यक्रम
१०. कृषक तथा प्राविधिकहरूको क्षमता विकास कार्यक्रम
११. पशुपन्छी बजार प्रवर्धन कार्यक्रम
१२. अन्डा चल्ला उत्पादन प्रवर्धन कार्यक्रम
१३. मासुजन्य वस्तुको फोहर व्यवस्थापन कार्यक्रम
१४. रैथाने पशु प्रवर्धन कार्यक्रम
१५. उन्नत जातका पशुपन्छी विकास कार्यक्रम
१६. एक स्थानीय तह एक एग्रोभेट कार्यक्रम
१७. पशुस्वास्थ्य बीमा कार्यक्रम
१८. प्रादेशिक भेटेरनरी अस्पताल स्थापना
१९. भेटेरनरी एम्बुलेन्स सञ्चालन

### ५.२.७ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रतिव्यक्ति मासु उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | १०.५ | १२.५ |
| २. | प्रतिव्यक्ति अन्डा उपलब्धता | गोटा प्रतिवर्ष | १३.२४ | १५.४७ |
| ३. | प्रदेशमा कुल मासु उत्पादन | मे.ट. | ६५४६५ | ९०५४४ |
| ४. | प्रदेशमा कुल अन्डा उत्पादन | सङ्ख्या (हजारमा) | ८१९४१ | १११९४१ |

## ५.३ भूमि व्यवस्था

### ५.३.१ पृष्ठभूमि

जग्गा प्रशासन र भूमिकर सङ्कलन मालअड्डामा गई घरजग्गाको रजिष्ट्रेसन पारित गर्ने कार्यको सुरुवात १९७९ साल वैशाख १ गते भएको थियो। भूमिको समुचित व्यवस्थापन गर्ने क्रममा नेपालमा वि.सं. १९८५ देखि वि.सं. १९९० सम्ममा जग्गा नापजाँच गर्ने कार्य भएको थियो। वि.सं. २०१८ सालदेखि जग्गा प्रशासनका लागि ७५ जिल्लामा मालअड्डाहरू स्थापना गरिएको पाइन्छ। भूमि प्रशासनलाई व्यवस्थित गर्न भूमिसम्बन्धी ऐन, २०३३ मा गुठी संस्थान ऐन तथा २०३४ मा मालपोत ऐन जारी भई कानुनी तथा संस्थागत व्यवस्था भएको पाइन्छ। प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र कानुनबमोजिम खाद्य सम्प्रभुताको हक तथा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था संविधानमा उल्लेख छ। यी अधिकारको प्रत्याभूतिका लागि आधारभूत काम भूमि व्यवस्थापन हो। नेपालमा अझै पनि ६४ प्रतिशत जनसङ्ख्याको निर्वाहमुखी रोजगारी र जीविकोपार्जनको स्रोत कृषिभूमि रहिआएको छ।

### ५.३.२ अवसर र सबल पक्षको विश्लेषण

प्रदेशले भूमिसम्बन्धी नीति बनाई भूमि व्यवस्थापन गर्ने अवसर प्राप्त गरेको छ। भूउपयोग नीति र भूउपयोग योजनाको आधारमा कार्यक्रम कार्यान्वयन भई भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत व्यावसायिक रूपमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अवसर रहेको छ।

### ५.३.३ समस्या तथा चुनौती

भूउपयोग नीति, नक्साङ्कन र वर्गीकरण नहुनु र मोहियानी हक कायम हुने भयले जग्गाधनीहरूको कृषि उत्पादनयोग्य जग्गा बाँझो रहनु प्रमुख समस्या हो। मोही र जग्गाधनी बिचको विवादको समाधान नहुनु पनि उत्पादन नबढ्नुको एउटा कारण हो। टुक्रा-टुक्रा जग्गामा भइरहेको खेती र कृषिमा अपेक्षित आकर्षण नभएकोले पनि उत्पादन प्रभावित भएको छ। नापनक्सा तथा भौगोलिक सूचनासँग सम्बन्धित नीति नियम र मापदण्डको समेत तर्जुमा नभएको हुँदा सम्बन्धित क्षेत्रहरूबिच सञ्जालीकरण र समन्वयमा समस्या देखिएको छ।

सरकारी जग्गा, सार्वजनिक जग्गा, गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतका सबै जमिन भूमि व्यवस्थापनको नयाँ भूउपयोगसम्बन्धी नीति तय गरी व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ। साना किसानलगायतका खण्डीकरण भएका जग्गाहरूको पनि उचित नीति तय गरी चक्लाबन्दी गर्दै भूमिको उत्पादकत्व र श्रमको उत्पादकत्वमा विकास गर्नु चुनौती रहेको छ। भूमिसम्बन्धी अव्यवस्थाले गर्दा कृषियोग्य भूमिको रक्षा र बस्ती व्यवस्थापनका साथै समग्र भूमिको व्यावहारिक उत्पादन व्यवस्थापन गर्नु पनि चूनौतीपूर्ण छ।

### ५.३.४ सोच, लक्ष्य तथा उद्देश्य

**सोचः** भूमिको समुचित उपयोग : प्रदेशको आर्थिक समृद्धिमा सहयोग

**लक्ष्यः** भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने।

**उद्देश्यः**

१. भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

२. भूमि व्यवस्थालाई आधुनिक, प्रविधियुक्त, सरल र पारदर्शी बनाउनु।

### ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भूउपयोग नीति तथा भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | १.१ प्रदेश भू-उपयोग योजना निर्माण गरिनेछ।<br>१.२ भूमिको वैज्ञानिक वर्गीकरण गरिनेछ।<br>१.३ कृषियोग्य भूमिमा कृषि व्यवसाय मात्र गर्न पाउने कानुनी व्यवस्था गरिनेछ।<br>१.४ भू-उपयोगको मापदण्ड बनाएर औद्योगिक क्षेत्र घोषणा गरी उद्योग क्षेत्रको उचित व्यवस्थापन गरिनेछ। |
| २. अनुत्पादक कृषियोग्य भूमिलाई कृषिमा उपयोग गर्ने वातावरण बनाउने। | २.१ भूमि बैङ्कसम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.२ अनुत्पादक कृषियोग्य तथा बाँझो जग्गालाई भूमि बैङ्कमा आबद्ध गराइनेछ।<br>२.३ भूमि बैङ्कमा जम्मा भएको जग्गामा व्यावसायिक खेती गर्न चाहने उद्यमी, कृषक, निजी फर्म, समूह, सहकारीहरूलाई करार सम्झौता गरी उपयोग गर्न दिइनेछ।<br>२.४ अनुत्पादक र कम उर्वरा कृषियोग्य भूमिलाई उर्वरा बनाई कृषि उत्पादनमा उपयोग गरिनेछ। |
| ३. भूमिलाई चक्लाबन्दी गरी बृहत् कृषि उत्पादन क्षेत्र निर्माण गर्ने। | ३.१ भूमिको चक्लाबन्दी (Land Pooling) गरी व्यावसायिक खेती गर्ने समूह सहकारी वा निजी फार्महरूलाई प्रोत्साहन गरिनेछ।<br>३.२ व्यावसायिकरूपमा करार खेती गर्नेलाई प्रोत्साहन गरिनेछ।<br>३.३ समूह र सहकारीलाई चक्लाबन्दी गरी खेती गर्न प्रोत्साहन गरिनेछ। |
| ४. सार्वजनिक जग्गाको संरक्षण गर्ने। | ४.१ सार्वजनिक जग्गाको वैज्ञानिक पद्धतिअनुसार डिजिटल अभिलेखीकरण गरिनेछ।<br>४.२ सार्वजनिक एवम् गैरकृषि जग्गाहरूमा वृक्षारोपण गरिनेछ।<br>४.३ सार्वजनिक जग्गामा अतिक्रमण रोक्न स्थानीय तहसँगको सहकार्यमा खेल मैदान, पार्क, र स्थानीय संस्कृति झल्किने सार्वजनिक संरचनाहरू बनाउन सहयोग गरिनेछ। |
| ५. भूमि प्रशासन सेवालाई चुस्त दुरुस्त बनाउने। | ५.१ भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गरिनेछ।<br>५.२ भूमिहिन, मुक्तकमैया, पिछडावर्ग एवम् समाजबाट अपहेलित जातजाति वा समुदायहरूलाई आयआर्जनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.३ भौगोलिक सूचना प्रणाली तयार पारी कार्यान्वयन गरिनेछ।<br>५.४ भौगोलिक सूचना, नापनक्सा तथा भू-उपयोग र भूमि व्यवस्थापनसम्बन्धी दक्ष्य जनशक्ति उत्पादन गरिनेछ। |

### ५.३.६ प्रमुख कार्यक्रमहरू

१. भूउपयोग नीति तथा भूउपयोग योजना निर्माण
२. सार्वजनिक जग्गा संरक्षण कार्यक्रम
३. भूमि बैङ्कको स्थापना र सञ्चालन
४. कृषियोग्य भूमिको चक्लाबन्दी कार्यक्रम
५. भूमि प्रशासन सेवा
६. मालपोत सेवा
७. नापी सेवा
८. भूमिहीन, मुक्तकमैया, पिछडावर्गमा कृषि व्यवसायमार्फत आयआर्जन कार्यक्रम
९. भूमिसम्बन्धी दक्ष जनशक्ति उत्पादन
१०. विभिन्न प्रणालीहरूको स्थापना र सञ्चालन
११. ल्यान्डपुलिङको अवधारणा विकाससम्बन्धी कार्यक्रम
१२. भूउपयोग नीति तर्जुमा र कार्यान्वयन
१३. प्रविधियुक्त तथ्याङ्क सङ्कलन र संरक्षण

### ५.३.७ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०८०/८१ को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | भू-उपयोग नीति लागु गरिएको स्थानीय तह | सङ्ख्या | - | ५० |
| २. | भू-उपयोग योजना लागु भएको स्थानीय तह | सङ्ख्या | - | ५० |
| ३. | संरक्षित सार्वजनिक जग्गा | प्रतिशत | - | २० |
| ४. | चक्लाबन्दी गरी व्यावसायिक खेती गरिएको जग्गा | हेक्टर | - | ५००० |
| ५. | भूमि बैङ्क स्थापना भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | - | ८ |

**नोटः** आधार वर्षको स्थिति पहिचान गर्न आवधिक योजनाको पहिलो आर्थिक वर्षमा अध्ययन गरी तथ्याङ्कहरू तयार गरिनेछ।

## ५.४ मत्स्यपालन

### ५.४.१ पृष्ठभूमि

नेपालमा करिब ६ हजार नदीनाला (जलाशय क्षेत्र ३,९५,००० हेक्टर) तथा निजी पोखरीको कुल क्षेत्रफल ५,१३१ हेक्टर रहेको छ। माछाको भण्डारका रूपमा नेपालको आ.व. २०७८/७९मा कुल ७७३२० मे.टन माछा उत्पादन भएकोमा मधेश प्रदेशमा मात्रै ४४१७० मे.टन उत्पादन भएको थियो जुन देशको कुल उत्पादनको ५७ प्रतिशत हुन आउँछ[१२]। यो प्रदेश माछाको भण्डारका रूपमा पनि चिनिन्छ। यस प्रदेशमा आ.व. २०७९/८० मा ४७६३० मे.टन माछा उत्पादन भएको थियो। यस तथ्याङ्कबाट मधेश प्रदेश माछाको भण्डार नै भएको पुष्टि हुन्छ। आर्थिक वर्ष २०७८/७९ मा देशमा प्रतिव्यक्ति माछा उपलब्धता २.६६ के.जी. रहेकोमा मधेश प्रदेशमा प्रतिव्यक्ति माछा उपलब्धता ७.२२ के.जी. रहेको छ, जुन औसतभन्दा निकै बढी हो र गत आ.व. २०७९/८० मा यस प्रदेशमा प्रतिव्यक्ति माछा उपलब्धता बढेर ७.८५ के.जी. पुगेको छ ।

माछापालनका लागि आवश्यक पोखरी, ताल, नदी, धानखेत तथा अन्य जलाशयहरूका लागि यो प्रदेश धनी रहेको छ। व्यावसायिक रूपमा पालिने माछाहरू हाल ७ प्रकारका रहेका छन् ।जसमध्ये ३ स्वदेशी र ४ विदेशी जातका छन्। नेपालमा पाइने २१५ भन्दा बढी जातका माछाहरूमध्ये यस प्रदेशमा रहु, नैनी, भाकुरलाई व्यावसायिक रूपमा पालिन्छ। कमन कार्प, सिल्भर कार्प, ग्रास कार्प, विगहेड कार्प, सहर र कत्ला माछाहरूलाई पनि कृत्रिम जलाशयमा पालन गरिन्छ। यस प्रदेशमा आ.व. २०७९/८० मा २०३१८ ओटा मत्स्य पोखरी रहेका छन्। जसको क्षेत्रफल ७२७३ हेक्टर रहेको र प्रतिहेक्टर माछाको उत्पादकत्व ५७८७ कि.ग्रा. रहेको छ। यस प्रदेशमा ६२ ओटा माछा भुरा उत्पादन फर्म, एउटा मत्स्य दाना उत्पादन केन्द्र र मत्स्य बजार सूचना केन्द्र रहेका छन् (केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र,२०८०) ।

### ५.४.२ अवसर र सम्भावना

देशमा माछाको माग र उपभोग बढ्दै गएको छ भने मधेश प्रदेशमा उपयुक्त भूबनौट र पोखरी ताल तलैयाहरूमा पानीको उपलब्धताले मत्स्यपालन व्यवसाय फस्टाउँदै गएको हुँदा अझ बढी उत्पादन गर्न सकिने अवस्था छ । नेपालीको प्रतिव्यक्ति आय बढ्दै गएको हुँदा माछाको माग अझ बढी हुनसक्ने भएकाले मत्स्यपालन व्यवसाय अझ फस्टाउन सक्ने देखिन्छ। मत्स्य विकासका लागि जनकपुरधाममा मत्स्य मानव संसाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्रसमेत रहेको हुँदा यस प्रदेशमा मत्स्यपालन प्रविधि विकास तथा कृषकहरूमा हस्तान्तरण गर्न सकिने देखिन्छ। प्रदेशभित्र बजार क्षेत्र बढ्दै गएको परिप्रेक्ष्यमा पनि बजारीकरण सहज हुने देखिन्छ।

### ५.४.३ समस्या र चुनौती

मत्स्यपालन व्यवसायमा सुरुवाती लगानी विशेष गरी पोखरी निर्माण कार्यमा बढी लाग्ने हुँदा कृषकहरूले लगानी जुटाउन नसक्नु, उन्नत माछाका भुराहरू समयमा उपलब्ध नहुनु, व्यावसायिक तवरमा उत्पादन वृद्धि हुन नसक्नु र उत्पादन लागत बढ्न गई छिमेकी मुलुक भारतको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु, बढी उत्पादनलाई शीतभण्डारमा भण्डारण गर्ने सुविधा नहुनु आदि मत्स्यपालन व्यवसायका मुख्य समस्याहरू हुन् । कम लागतमा माछाको व्यावसायिक उत्पादन बढाई बजार प्रतिस्पर्धी बनाउनु,

१२. Statistical Information on Nepalese Agriculture, 2021/22, MoALD.

बजारको मागअनुसार स्वच्छ तथा गुणस्तरीय माछा उत्पादन गर्नु चुनौती रहेको छ। यसका साथै प्रशोधित एवम् प्याकेजिङ सहितको बजारीकरण गर्नु र छिमेकी मुलुकबाट हुने माछा आयात प्रतिस्थापन गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन्।

### ५.४.४ सोच, लक्ष्य तथा उद्देश्य

**सोचः** माछामा आत्मनिर्भर मधेश प्रदेश

**लक्ष्यः** मधेश प्रदेशलाई माछामा आत्मनिर्भर बनाउने।

**उद्देश्यः**

१. माछाको उत्पादन र उत्पादकत्व बृद्धि गर्नु।
२. मत्स्य मूल्यश्रृङ्खला अभिवृद्धि गरी बजार प्रवर्धन गर्नु।
३. स्थानीय माछाहरूको संरक्षण तथा संवर्धन गर्नु र जैविक विविधताको संरक्षण गर्नु।
४. मत्स्य पर्यटन प्रवर्धन गर्नु ।

### ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सर्वसुलभ ढङ्गबाट समयमै मत्स्यपालनका लागि आवश्यक उत्पादन सामग्री उपलब्ध गराउने। | १.१ प्रदेशस्तरमा माछाको दाना उद्योग स्थापना र सञ्चालनमा सहजीकरण गरिनेछ।<br>१.२ मत्स्यपालन गर्ने कृषक समूह, सहकारी वा निजी फर्महरूलाई दाना उद्योगसँग हुने करार सम्झौतामा सहजीकरण गरिनेछ।<br>१.३ प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना गरी मत्स्यपालन क्षेत्रमा अनुसन्धान कार्य अगाडि बढाइनेछ।<br>१.४ प्रदेशस्थित सङ्घीय मत्स्य मानव संशाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्रलाई मत्स्य अनुसन्धान केन्द्रको रूपमा विकास गरी प्रदेश मातहतमा ल्याइनेछ।<br>१.५ सरकारी, सहकारी तथा निजीस्तरमा समेत मत्स्य बीज स्रोतकेन्द्र स्थापना गरी सहज रूपमा माछाका भूराहरू उपलब्ध गराइनेछ।<br>१.६ व्यावसायिक मत्स्य उत्पादन पकेटहरू छनौट गरी प्राथमिकताका साथ माछापालक कृषकहरूलाई सहयोग गरिनेछ।<br>१.७ प्रदेशमा मत्स्य प्रजनन तथा ह्याचरी उद्योगहरू स्थापना गर्न सहयोग प्रदान गरिनेछ।<br>१.८ माछा पोखरी निर्माण एवम् मत्स्यपालनमा आवश्यक पर्ने मेशिनरी औजारहरू अनुदानमा उपलब्ध गराइनेछ। |
| २. मत्स्यपालनको लागि आवश्यक पर्ने पूर्वाधारहरूको विकास गर्ने। | २.१ व्यावसायिक मत्स्यपालन गरिने पकेट क्षेत्रहरूबाट बजार पहुँचका लागि आवश्यक सहजीकरण गरिनेछ।<br>२.२ व्यावसायिक कृषकहरूलाई मत्स्य पोखरी निर्माणमा पुँजीगत अनुदान दिइनेछ।<br>२.३ मत्स्य प्रयोगशाला स्थापना तथा सञ्चालन गरिनेछ।<br>२.४ उत्पादन नोक्सानीलाई कम गर्न शीतभण्डार निर्माण, मोबाइल चिस्यान भ्यान, मेसिनरी तथा उपकरणहरूमा सहयोग गरिनेछ।<br>२.५ व्यावसायिक माछा उत्पादनमा प्रयोग हुने विद्युत् महसुलमा छुट दिने व्यवस्था मिलाउन विद्युत् प्राधिकरणसँग समन्वय गरिनेछ।<br>२.६ माछा पोखरीहरूमा वर्षैभरि पानी उपलब्ध गराइराख्ने वातावरण बनाइनेछ।<br>२.७ माछा पोखरी निर्माणसम्बन्धी मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ। |
| ३. भूमिको उचित व्यवस्थापन गर्ने। | ३.१ मत्स्यपालन प्रयोजनका लागि भाडामा जग्गाहरू लिने दिने व्यवस्थालाई सरलीकरण र सर्वसुलभ बनाइनेछ।<br>३.२ भूमिको चक्लाबन्दी गरी ठुलो स्केलमा मत्स्यपालन गर्ने कृषकहरूलाई विशेष प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ३.३ कृषिमा उपयोग हुन नसक्ने जग्गा करारमा लिन कृषकको खेतीयोग्य जग्गा धितोमा राख्न सकिने व्यवस्था गरिनेछ।<br>३.४ नदी उकास क्षेत्र र पर्ति सार्वजनिक जग्गाहरूको संरक्षण सुनिश्चित हुनेगरी माछापालनमा उपयोग गरिनेछ। |
| ४. माछापालक कृषक तथा यससँग सम्बन्धित उद्यमलाई उत्पादन वृद्धिमा प्रोत्साहित गर्ने। | ४.१ माछापालक कृषक तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>४.२ मत्स्य अनुसन्धान, प्रविधि प्रसार र मत्स्य शिक्षाको पहुँच बढाइनेछ।<br>४.३ माछापालन पेसामा जोखिम कम गर्न माछा बीमा गर्न प्रोत्साहन गरिनेछ र प्रदेश सरकारबाट विशेष सहुलियत प्रदान गरिनेछ।<br>४.४ मत्स्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्कलाई व्यवस्थित गरिनेछ।<br>४.५ प्राविधिक एवम् अन्य आवश्यक सेवा प्रवाहको सुनिश्चित गरिनेछ। |
| ५. मत्स्यपालन व्यवसायको लागि लगानी वृद्धि हुने वातावरण मिलाउने। | ५.१ माछापालक किसानलाई सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउन सहकारीलगायत वित्तीय संस्थाहरूसँग समन्वय गरिनेछ।<br>५.२ विदेशबाट फर्केका युवालाई मत्स्यपालन पेसामा लगानी गर्न आकर्षणका आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.३ सङ्घीय सरकारसँग समन्वय गरी गैरआवासीय नेपालीहरूबाट मत्स्यपालन तथा प्रशोधन व्यवसायमा लगानी गर्न आकर्षण गरिनेछ। |
| ६. कृषि आधुनिकीकरण परियोजनाको मत्स्य तर्फ जोन तथा सुपरजोन कार्यक्रम विस्तार गर्ने। | ६.१ आवश्यकताअनुसार मत्स्यपालनको जोन तथा सुपरजोन कार्यक्रम प्रदेशभर विस्तार गरिनेछ।<br>६.२ परियोजनासँगको सहकार्यमा प्रदेशस्तरबाट व्यावसायिक माछा उत्पादनमा सहयोग तथा सहजीकरण गरिनेछ। |
| ७. माछापालक कृषकहरूको उत्पादन र बजारीकरणका जोखिमहरू न्यूनीकरण गर्ने। | ७.१ माछाको बीमा गराउन कृषकहरूलाई प्रोत्साहन गरिनेछ र बीमा प्रिमियम शुल्कमा प्रदेश सरकारबाट थप प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।<br>७.२ माछामा लाग्ने रोगहरूको नियन्त्रण गरिनेछ।<br>७.३ माछा उत्पादन प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। |
| ८. निर्वाहमुखी माछापालनलाई व्यवसायीकरण र विविधीकरण गर्ने। | ८.१ छानिएका मत्स्य पकेट क्षेत्रहरूमा मत्स्यपालन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>८.२ माछाको व्यावसायिक उत्पादनका लागि उत्पादन प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।<br>८.३ माछा र मत्स्यजन्य सामग्री तथा उत्पादनहरूको विविधीकरण र मूल्य अभिवृद्धिका लागि मूल्यश्रृङ्खला कोष स्थापना गरी सहयोग उपलब्ध गराइनेछ।<br>८.४ मत्स्यपालनमा उद्यमशीलताको विकास गरिनेछ।<br>८.५ नवप्रवर्तनीय उद्यम स्टार्टअप कोष स्थापना गरी सहुलियतपूर्ण कर्जाका माध्यमबाट उद्यम स्थापना र सञ्चालनका लागि सहयोग गरिनेछ। |
| ९. माछाको प्रशोधन तथा प्याकेजिङ उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | ९.१ मत्स्य प्रशोधन उद्योग स्थापनामा आवश्यक सहयोग एवम् समन्वय गरिनेछ।<br>९.२ उत्पादक कृषकहरू र प्रशोधन उद्योगहरूबिच व्यावसायिक सम्बन्ध सुदृढ गरिनेछ।<br>९.३ मत्स्य प्याकेजिङ उद्योग स्थापनामा सहयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १०. माछाको अन्य प्रदेश एवम् विदेशहरूमा आपूर्ति र निर्यात गर्ने। | १०.१ बजारमा बढी माग भएको माछाको जात छनौट गरी बजार एवम् निर्यातमुखी व्यावसायिक उत्पादन गर्न प्रोत्साहन गरिनेछ।<br>१०.२ माछाको निर्यातमुखी व्यावसायिक उत्पादनका लागि अनुदान सहयोग प्रदान गरिनेछ। |
| | १०.३ निर्यात प्रवर्धनका लागि माग तथा आपुर्तिसम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ।<br>१०.४ कृषक र बजारकर्ता (Marketers) हरूवीच व्यावसायिक सम्बन्ध विस्तार (Buy-Back-Arrangement) मा सहजीकरण गरिनेछ।<br>१०.५ सौन्दर्य माछा (Ornamental Fish) को उत्पादन प्रवर्धन गरी स्थानीय बजार एवम् प्रदेशबाहिर निर्यात गर्ने वातावरण बनाइनेछ। |
| ११. प्रदेशमा उत्पादित माछाको बजार प्रवर्धन गर्ने। | ११.१ माछाको माग र आपूर्तिको आँकलन गरी प्रदेशभित्र भएका बजार संरचनाहरूको भौतिक र संस्थागत सुधार गरिनेछ।<br>११.२ बजारको माग र आपूर्ति अध्ययनका आधारमा उपयुक्त स्थानमा थप बजार स्थापना गरिनेछ।<br>११.३ उत्पादन पकेट क्षेत्रमा आवश्यकतानुसार समुदायस्तरबाट सञ्चालन हुनेगरी माछा शीतभण्डार स्थापना गरिनेछ।<br>११.४ निजीक्षेत्रसँगको साझेदारीमा ठुला बजारहरूमा माछाको लागि शीतभण्डार निर्माण गरिनेछ।<br>११.५ व्यापारी, उत्पादक व्यावसायिक कृषक, समूह वा सहकारीलाई चिस्यान सुविधासहितको माछा ढुवानी साधनमा सहयोग गरिनेछ।<br>११.६ मत्स्य बजार व्यवस्थापन समितिको संस्थागत एवम् क्षमता विकास गरी ती बजारहरू सुव्यवस्थित तवरले सञ्चालन हुने वातावरण बनाइनेछ।<br>११.७ मत्स्य मूल्यशृङ्खलाका सबै पात्रहरू (Value Chain Actors) लाई नियमित बजार मूल्य सूचना उपलब्ध गराइनेछ।<br>११.८ न्यून गुणस्तरीय माछाका साथै सरकारले प्रतिबन्ध लगाएका जातका माछाहरूको आयातमा रोक लगाइनेछ। |
| १२. स्थानीय माछाहरूको पहिचान संरक्षण एवम् प्रवर्धन गर्ने। | १२.१ स्थानीय माछाहरूमा टेङ्ग्रा, गैंचा, पोठीया आदिको ब्रिडिङ, उत्पादन प्रवर्धन तथा संरक्षण गरिनेछ।<br>१२.२ प्रदेशस्थित सङ्घीय मत्स्य मानव संसाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्रमा रहेको विज्ञतालाई माछाको जैविक विविधता संरक्षण कार्यमा उपयोग गरिनेछ। |
| १३. स्थानीय रैथाने माछा संरक्षणको लागि वातावरणमैत्री प्रविधिको विकास एवम् प्रसार गर्ने। | १३.१ प्रादेशिक कृषि अनुसन्धान केन्द्रबाट वातावरणमैत्री मत्स्यपालन प्रविधि एवम् जलवायु परिवर्तन सहन सक्ने प्रविधिको विकास एवम् प्रसार गरिनेछ।<br>१३.२ वातावरण एवम् मानव स्वास्थ्यमा परिरहेको रासायनिक विषादीको प्रभावलाई न्यूनीकरण गर्न माछापालक कृषकहरूमा विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| १४. स्थानीय मत्स्यजन्य जैविक विविधताको संरक्षण एवम् उपयोग गर्ने। | १४.१ स्थानीय रैथाने जातका माछाहरूको उत्पादन र बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ।<br>१४.२ माछाका अतिरिक्त अन्य जलीय जीवहरू जस्तै : गँगटा र घोंघीको बजार सम्भावना खोजी गरी आवश्यक संरक्षण र प्रवर्धन गरिनेछ।<br>१४.३ माछा पोखरीमा पाइने जलीय वनस्पति जस्तै मखाना र सिँघांडाको बजार सम्भावना खोजी गरी आवश्यक उत्पादन र प्रवर्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १४.४ मत्स्यजन्य जैविक विविधता संरक्षणमा परम्परागत ज्ञान, सिप, एवम् प्रविधिलाई उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>१४.५ स्थानीय रैथाने जातका माछाहरूको निर्यात बजारका लागि ब्रान्डिङ गरी बजारीकरणमा सहजीकरण गरिनेछ। |
| १५. प्राकृतिक, सार्वजनिक तथा निजी तालतलैया मत्स्य उत्पादनमा उपयोग गर्ने। | १५.१ मत्स्यजन्य उत्पादन भई आएका जलाशयहरूको स्तरोन्नति गरिनेछ।<br>१५.२ सरकारी वा गुठीअन्तर्गत रहेका प्राकृतिक तालतलैयाहरूको आवश्यक मर्मत गरी माछापालन व्यवसायमा उपयोग गरिनेछ।<br>१५.३ सरकारी वा गुठीअन्तर्गत रहेका प्राकृतिक ताल तलैयाहरूमा समुदायले सञ्चालन व्यवस्थापन गर्नेगरी व्यावसायिक माछा उत्पादन गर्न प्रोत्साहन गरिनेछ।<br>१५.४ माछा पोखरीहरूमा विषादी प्रयोगलाई निरुत्साहित गरी तिनलाई सुरक्षित गरिनेछ। |
| १६. सरकारी वा गुठी अन्तर्गत रहेका प्राकृतिक तालतलैयाहरू र समुदायस्तरमा रहेका मत्स्य पोखरीहरूमा मत्स्य पर्यटन सञ्चालन गर्ने। | १६.१ समुदायबाट सञ्चालन व्यवस्थापन हुनेगरी प्राकृतिक तालतलैयामा पर्यटक भित्र्याउन आवश्यक प्रचारप्रसार गरिनेछ।<br>१६.२ मत्स्य पर्यटनका लागि आवश्यक पर्ने पूर्वाधारहरू समुदायबाट साझेदारीमा निर्माण गरिनेछ।<br>१६.३ समुदायबाट मत्स्य पर्यटन व्यवस्थापन एवम् सञ्चालनसम्बन्धी नियम बनाई सञ्चालन गरिनेछ। |

### ५.४.६ प्रमुख कार्यक्रमहरू

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन तथा जोन विकास कार्यक्रम
२. पशुपन्छी तथा माछाको दाना उद्योग स्थापना र सञ्चालन
३. मत्स्य मूल्यशृङ्खला विकास आयोजना
४. मत्स्य पर्यटन प्रवर्धन आयोजना
५. प्रदेशस्थित सङ्घीय मत्स्य मानव संसाधन विकास तथा प्रविधि प्रशिक्षण केन्द्रमा प्रदेशस्तरीय मत्स्य अनुसन्धान कार्यक्रम
६. मत्स्य रोग अन्वेषण प्रयोगशाला स्थापना र सञ्चालन
७. माछापालनका लागि पोखरी निर्माणमा सहयोग
८. माछा भुरा उत्पादन कार्यक्रम
९. मत्स्य स्वास्थ्य कार्यक्रम
१०. कृषक तथा प्राविधिकहरूको क्षमता विकास कार्यक्रम
११. मत्स्य बजार प्रवर्धन कार्यक्रम
१२. मत्स्य जैविक विविधता संरक्षण कार्यक्रम
१३. स्थानीय तथा रैथाने मत्स्य उत्पादन तथा प्रवर्धन कार्यक्रम
१४. जलीय जीव तथा वनस्पति संरक्षण एवम् व्यावसायिक उत्पादन कार्यक्रम
१५. सार्वजनिक नदीनाला तथा तालतलैयामा मत्स्यपालन कार्यक्रम
१६. मत्स्य बीमा कार्यक्रम
१७. मत्स्य सुरक्षा (चोरी र विषादी नियन्त्रण) सम्बन्धी कार्यक्रम

### ७.४.५ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | माछा पोखरी | सङ्ख्या | २००७८ | २७८३५ |
| २. | माछा पोखरीले ढाकेको क्षेत्रफल | हे. | ८६६७ | १२१९२ |
| ३. | प्रतिव्यक्ति माछा उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | ७.८५ | १०.१६ |
| ४. | माछाको उत्पादकत्व | मे.ट. प्रतिवर्ष प्रति हे. | ५.९८ | ६.४३ |
| ५. | प्रदेशमा कुल माछा उत्पादन | मे.ट. | ४७६३० | ७३५५६ |

**नोटः** आधार वर्षको स्थिति पहिचान गर्न आवधिक योजनाको पहिलो आर्थिक वर्षमा अध्ययन गरी तथ्याङ्कहरू तयार गरिनेछ।

## ५.५ दुग्ध विकास (डेरी)

### ५.५.१ पृष्ठभूमि

पशुपालन क्षेत्रअन्तर्गत दुग्ध उत्पादन एउटा महत्त्वपूर्ण उपक्षेत्र हो। देशको कृषिजन्य कुल गार्हस्थ्य उत्पादनमा दुग्ध उत्पादनको उल्लेख्य योगदान रहेको छ। सङ्घीय सरकारअन्तर्गत राष्ट्रिय दुग्ध विकास संस्थान र राष्ट्रिय दुग्ध विकास बोर्ड रहेका छन्। नेपालको दुग्ध क्षेत्रलाई वि.सं. २१०० सम्ममा मूल्य शृङ्खलामा आधारित रही सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमा व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरणका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण क्षेत्रका रूपमा स्थापित गरी रोजगारीको माध्यमका रूपमा विकास गर्न दुग्ध विकास नीति, २०७८ तर्जुमा भएको छ । निजी क्षेत्रअन्तर्गत वि.सं. २०६५ मा पोखरा र चितवनमा ठुलो स्तरका धुलो दुध कारखाना स्थापना भएका थिए ।दुग्ध क्षेत्रले पशुपालनका क्षेत्रमा करिब ६६ प्रतिशत योगदान पुर्‍याएको छ भने ३० लाख घरपरिवार दुध उत्पादनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न रहेका छन् (राष्ट्रिय दुग्ध विकास नीति, २०७८) ।

मधेश प्रदेश सरकारले प्रदेश दुग्ध विकास बोर्ड (स्थापना र सञ्चालन) ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार प्रदेश स्तरमा दुग्ध व्यवसायसम्बन्धी नीति निर्माण तथा योजना तर्जुमा र कार्यान्वयन गरी समग्र दुग्ध क्षेत्रको विकास गर्न माननीय मन्त्रीज्यूको अध्यक्षतामा दुग्ध विकास बोर्ड स्थापना भएको छ। जनकपुर दुग्ध वितरण आयोजनाले दुग्ध विकासका क्षेत्रमा कार्य गर्दै आएको छ। दुग्ध उत्पादनबाट मुख्यतः दुध, नौनी, दही, मही, चीज, पनिर, आइसक्रिम, पेडा, रसवरी आदि उत्पादन गर्दै आएको छ। मुलुकभर रहेका दुधालु गाईहरू १२२३०६१ ओटामध्ये १६.०२ प्रतिशत दुधालु गाईहरू मधेश प्रदेशमा रहेका छन् । यसैगरी १६६६८२७ ओटा दुधालु भैंसीहरूमध्ये १६.५२ प्रतिशत दुधालु भैंसीहरू यही प्रदेशमा रहेका छन्। देशभर उत्पादन हुने ११०१८१२ मे.लि. गाईको दुधमध्ये १५.५७ प्रतिशत हिस्सा मधेश प्रदेशको छ। यसैगरी देशभर उत्पादन हुने १४६४८०२ मे.लि. भैंसीको दुधमध्ये १७.६० प्रतिशत हिस्सा मधेश प्रदेशको रहेको छ (MoALD, २०७८/७९, Statistical Information on Nepalese Agriculture) ।

### ५.५.२ अवसर र सम्भावना

मधेशी समुदायमा विशेष गरी दुध उत्पादन व्यवसायका लागि परम्परागत ज्ञान र सिप हुनु, ग्रामीण कृषकहरूले पशुपालन पेसालाई जीवन निर्वाहको मुख्य आधार रूपमा लिनु, सङ्घ तथा प्रदेशस्तरमा डेरी क्षेत्रको विकासका लागि नीतिगत र संरचनागत व्यवस्था हुनु, निजी क्षेत्रले डेरी क्षेत्रमा लगानी वृद्धि गर्दै जानु, मधेश प्रदेशमा डेरी उत्पादनको माग बढ्दै जानु, दुग्ध क्षेत्रलाई वि.सं. २१०० भित्र मूल्य शृङ्खलामा आधारित रही सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र साझेदारीमा व्यसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गर्ने राज्यको नीति रहेको, स्थानीय तहहरू पनि पशुपालन क्षेत्रमा कार्यरत कृषकहरूलाई आवश्यक पुँजीगत तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आउनु जस्ता वर्तमान अवसरहरू उपलब्ध भएको हुँदा भविष्यमा मधेश प्रदेशमा डेरी विकासमा थप वातावरण बन्दै जाने र यसले गरिबी न्यूनीकरणमा सहयोग पुग्ने सम्भावना रहेको छ।

### ५.५.३ समस्या र चुनौती

उच्च उत्पादन लागतलाई न्यून गर्न नसक्नु, दुग्ध व्यवसायको प्रतिस्पर्धात्मक क्षमता कम हुनु, दुग्ध क्षेत्रको मूल्य शृङ्खलामा रहेका समस्याहरूको पहिचान र सम्बोधन गर्न नसक्नु, दुधालु पशुपालन, दुध सङ्कलन, प्रशोधन, भण्डारण र बजारीकरणलाई व्यवस्थित गर्न नसक्नु, दुग्ध क्षेत्रमा बर्षैभरि माग र आपूर्ति बिचको सन्तुलन कायम गर्न नसक्नु जस्ता मुख्य मुख्य समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

पशुपालन क्षेत्रमा आशातीत लगानी वृद्धि गर्नु, दुग्ध पदार्थको गुणस्तर सुनिश्चित गर्नु, दुधको गुणस्तर नियमन गर्नु, दुधालु र उन्नत जातका गाईभैंसीको सङ्ख्या वृद्धि गर्नु तथा **स्थानीय गाईभैंसीको प्रतिस्थापन गर्नु,** उन्नत नश्ल व्यवस्थापनमा सुधार गर्नु, छाडा गाईवस्तुको व्यवस्थापन गर्नु र दुग्ध पदार्थको वार्षिक माग र आपूर्ति बिचको सन्तुलन कायम गर्नु जस्ता चुनौतीहरू डेरी क्षेत्रमा रहेका छन्।

### ५.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** दुग्ध उत्पादनमा व्यवसायिकता, पोषणमा सुरक्षा

**लक्ष्यः** परम्परागत दुग्ध तथा दुग्धजन्य पदार्थको उत्पादन प्रणालीलाई व्यावसायिक, नाफामूलक र बजार प्रतिस्पर्धी बनाउने ।

**उद्देश्यः**

१. दुधको विविधीकरण गर्दै दुग्ध तथा दुग्धजन्य पदार्थको मूल्यशृङ्खला अभिबृद्धि गर्नु।
२. रैथाने गाईभैंसीहरूको संरक्षण र संवर्धन गरी जैविक विविधताको संरक्षण गर्नु।

### ५.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने। | १.१ आवश्यक नीति कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ।<br>१.२ प्रदेश दुग्ध नीति बनाई लागु गरिनेछ। |
| २. दुग्ध व्यवसायको संस्थागत सुदृढीकरण गर्ने। | २.१ दुग्ध व्यवसाय प्रवर्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराइनेछ।<br>२.२ उन्नत पशु नश्ल सुधार केन्द्र स्थापना तथा प्रवर्धनमा सहजीकरण गरिनेछ।<br>२.३ दाना कारखाना दुग्धजन्य ठुला पशु विकास फार्म स्थापना तथा प्रवर्धनमा सहजीकरण गरिनेछ।<br>२.४ धुलो दुध कारखाना दुग्ध उद्योग स्थापना तथा प्रवर्धनमा सहजीकरण गरिनेछ।<br>२.५ प्राङ्गारिक प्रशोधित मल उद्योग स्थापना तथा प्रवर्धनमा सहजीकरण गरिनेछ।<br>२.६ आधुनिक स्रोत केन्द्रहरूको स्थापना तथा प्रवर्धनमा सहजीकरण गरिनेछ।<br>२.७ स्थानीय गाइभैंसीहरूमा कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिनेछ।<br>२.८ दुग्ध उत्पादन सहकारीको संस्थागत क्षमतामा सुधार गरिनेछ।<br>२.९ व्यावसायिक दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा बजारीकरणका लागि आवश्यक लगानीका निम्ति सहुलियतपूर्ण डेरी ऋणको व्यवस्था गरिनेछ।<br>२.१० दुग्ध उत्पादन व्यवसायमा पशु बीमाको दायरा बढाई बीमा प्रिमियममा थप प्रोत्साहन दिइनेछ।<br>२.११ दुध उत्पादनको लागत कम गर्न घाँसमा आधारित दुग्ध व्यवसायको प्रवर्धन गरिनेछ। |
| ३. दुग्धजन्य पशुपालन उद्योगमा लगानी वृद्धि गर्ने। | ३.१ स्वदेशी तथा विदेशी सहायता अनुदान एवम् ऋण प्राप्त गरी दुग्धजन्य पशुपालन उद्योगलाई सहयोग गरिनेछ।<br>३.२ उन्नत जातका दुधालु पशु खरिद गर्न कृषकलाई सरल रूपमा सहुलियत ऋण बैङ्कमार्फत उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।<br>३.३ दुग्ध विकास कोष स्थापना गरी दुग्ध उद्योगहरूलाई सुलभ तरिकाले ऋण तथा अनुदान प्रदान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. दुध तथा दुग्धजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | ४.१ दुग्ध चिस्यान केन्द्र, दुग्ध प्रशोधन केन्द्र र दुग्धजन्य वस्तुमा आधारित प्रशोधन तथा प्याकेजिङ उद्योग स्थापनामा सहयोग गरिनेछ।<br>४.२ उत्पादक कृषकहरू र प्रशोधन उद्योगहरूबीच व्यावसायिक सम्बन्ध सुदृढ गरिनेछ।<br>४.३ दुग्ध तथा दुग्धजन्य वस्तुमा आधारित उद्योगलाई विद्युत् महसुलमा छुट दिइनेछ।<br>४.४ दुग्ध प्रशोधन तथा दुग्धजन्य पदार्थको उत्पादन गर्ने उद्योगहरू औद्योगिक क्षेत्रमा रोडकोरिडरमा बृहत् उत्पादन पकेट क्षेत्रको आसपास स्थापना गर्न आवश्यक जग्गा र सोका लागि आवश्यक पर्ने अन्य पूर्वाधारहरूको विकास गरी उद्योग व्यवसायलाई प्रोत्साहन गरिनेछ। |
| ५. दुधको निर्यातमूखी उत्पादन अवलम्बन गरी स्थानीय बजारमा आपूर्ति र निर्यात प्रवर्धन गर्ने। | ५.१ निर्यात प्रवर्धनका लागि माग तथा आपूर्तिसम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ।<br>५.२ प्रदेश बाहिर र अन्य देशमा हुने दुग्ध तथा दुग्धजन्य पदार्थको निर्यातमा प्रोत्साहन अनुदान सहयोग गरिनेछ।<br>५.३ अन्य प्रदेश र देशमा निर्यातका लागि ठुला दुग्ध उत्पादक सहकारी संस्था र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। |
| ६. उत्पादित दुग्ध तथा दुग्धजन्य उत्पादनको बजार व्यवस्थापनमा सुधार गर्ने। | ६.१ दुध तथा दुग्धजन्य वस्तुको माग र आपूर्तिको आँकलन गरी प्रदेशभित्र भएका बजार संरचनाहरूको भौतिक र संस्थागत सुधार गरिनेछ।<br>६.२ बजारको माग र आपूर्ति अध्ययनका आधारमा उपयुक्त स्थानमा थप बजार स्थापना गरिनेछ।<br>६.३ दुग्ध उत्पादन र बजारीकरणमा दुग्ध उत्पादक सहकारी संस्थाहरूको स्थापना सञ्चालन तथा व्यावसायिक क्षमता अभिवृद्धि गरी दुधको औपचारिक बजार विस्तार गरिनेछ।<br>६.४ उत्पादन पकेट क्षेत्रमा आवश्यकतानुसार समुदायस्तरबाट सञ्चालन हुनेगरी दुग्ध उत्पादन सङ्कलन/चिस्यान केन्द्रको स्थापना गरिनेछ।<br>६.५ उपभोक्ता मूल्य र दुध उत्पादक कृषकले पाउने मूल्यको खाडल कम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ र दुग्ध बजारको नियमन गरिनेछ। |
| ७. स्थानीय रैथाने गाईभैंसीहरूको संरक्षण र सम्वर्द्धन गरी जैविक विविधता संरक्षण गर्ने। | ७.१ स्थानीय रैथाने गाईभैंसी व्यावसायिकरूपमा पालन गर्ने विशेष पकेट छनौट गरी समुदायस्तरमा नै संरक्षण गर्ने वातावरण बनाइनेछ।<br>७.२ स्थानीय रैथाने गाईभैंसी व्यावसायिकरूपमा पालन गर्ने अनुकूलन प्रविधिहरूको विकास एवम् प्रसार गरिनेछ।<br>७.३ स्थानीय रैथाने गाईभैंसी व्यावसायिकरूपमा पालन गर्ने कृषकहरूलाई विशेष प्रोत्साहन दिइनेछ।<br>७.४ बजार तथा सडकमा छाडा छोडिएका गाईभैंसीहरूलाई गौशाला निर्माण गरी उचित व्यवस्थापन र उत्पादन कार्यमा लगाईनेछ।<br>७.५ जैविक विविधता संरक्षणमा परम्परागत ज्ञान, सिप, एवम् प्रविधिलाई उपयोग गर्न प्रोत्साहन गरिनेछ। |
| ८. स्थानीय रैथाने जातका गाईभैंसीबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थको बजार प्रवर्धन गर्ने। | ८.१ स्थानीय रैथाने जातका गाईभैंसीबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थको बजारको माग तथा आपूर्ति अध्ययन अनुसन्धान गरिनेछ।<br>८.२ स्थानीय रैथाने जातका गाईभैंसीबाट उत्पादित दुग्ध तथा दुग्धजन्य पदार्थको बजारको माग अनुसार ब्रान्डिङ गरी बजारीकरण गरिनेछ। |

### ५.५.६ प्रमुख कार्यक्रमहरू

१. गाईभैंसीको दाना उद्योग स्थापना र सञ्चालन
२. पाउडर दुध उत्पादन प्लान्ट स्थापना र सञ्चालन
३. दुग्ध मूल्यश्रृङ्खला विकास आयोजना
४. गाईभैंसी फार्म, चरन तथा घाँसेबाली विकास फार्म स्थापना र सुदृढीकरण कार्यक्रम
५. पशु रोग अन्वेषण प्रयोगशाला स्थापना र सञ्चालन
६. पूर्वाधार विकास कार्यक्रम
७. चरन तथा घाँसेबाली विकास कार्यक्रम
८. पशु स्वास्थ्य कार्यक्रम
९. पशु प्रजनन कार्यक्रम
१०. कृषक तथा प्राविधिकहरूको क्षमता विकास कार्यक्रम
११. पशुपन्छी बजार प्रवर्धन कार्यक्रम
१२. दुग्ध तथा दुग्धजन्य पदार्थको गुणस्तर सुधार तथा नियमन कार्यक्रम
१३. जैविक विविधता संरक्षण कार्यक्रम
१४. अध्ययन अनुसन्धान
१५. चिलिङ सेन्टर स्थापना र सञ्चालन
१६. दुग्धजन्य उत्पादनसम्बन्धी उद्योग प्रवर्धन
१७. रैथाने गाईभैंसी विकास कार्यक्रम
१८. दुग्ध पदार्थको गुणस्तर सुनिश्चितता कार्यक्रम

### ५.५.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशभर कुल गाई | सङ्ख्या | १३४१०७८ | १४३४८३७ |
| २. | प्रदेशभर दुहुना गाई | सङ्ख्या | १९६४९१ | २१०२२८ |
| ३. | प्रदेशभर कुल भैंसी | सङ्ख्या | ८७५९२३ | ९८३१९१ |
| ४. | दुध उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | लिटर | ७२.८९ | ८३.३९ |
| ५. | दुधको उत्पादकत्व (प्रतिदुहुना गाई प्रतिवर्ष) | लिटर | ९५१.१७ | १३०४.८९ |

## ५.६ गुठी

### ५.६.१ पृष्ठभूमि

गुठी प्रथा नेपाली समाजको सभ्यता र परम्पराका लामा शृङ्खलाहरूमा आबद्ध हुँदै आएको छ। सभ्यता र संस्कारको संरक्षण एवम् संवर्धन गर्नका लागि पूर्वजहरूले मठ-मन्दिर, धर्मशाला, पाटीपौवा, हिटी, धारा, कुवा स्थापना गरी पर्व जात्रा आदिको व्यवस्थालगायत तीर्थयात्री जोगी सन्यासी आदिलाई सदावर्तका साथै गरिबगुरुवालाई सिधा हण्डी र सार्वजनिक स्थलहरूको व्यवस्था हुँदै आएको हो। गुठी ऐन, २०३३ अनुसार कुनै मठ वा कुनै देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामका लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटीपौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउने वा त्यस्तो संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकम आफ्नो हक छाडी राखेको गुठीसमेतलाई गुठी भनी परिभाषित गरेको छ। उक्त ऐनले गुठीलाई राजगुठी, छुट गुठी र निजी गुठी भनी वर्गीकरण गरेको छ। मधेश प्रदेशमा रहेका गुठी जग्गामाथि अतिक्रमण बढीरहेको हुँदा गुठी जग्गा संरक्षण गरी आम्दानीसमेत वृद्धि गरी मठलाई सुव्यवस्थित बनाउन आयुर्वेद अस्पताल जनकपुरलाई गुठी तैनाथी जग्गा लिजमा उपलब्ध गराई संस्थानको आम्दानी वृद्धि गर्ने काम भएको छ।

### ५.६.२ अवसर र सम्भावना

गुठी ऐन कार्यान्वयनमा रहनु, यस प्रदेशअन्तर्गत जनकपुर र महोत्तरी जिल्लामा गुठी संस्थानको शाखा कार्यालय रहनु, गुठीको व्यवस्थापन र संरक्षणमा सरकारले महत्त्व दिनु, गुठीसम्बन्धी एकल अधिकार प्रदेश सरकारको हुनु, यस प्रदेशमा प्रशस्त मात्रामा गुठीहरू रहनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् भने गुठीहरूको संरक्षण गरी यसबाट परम्परागत चाडपर्व तथा मेला जात्रा आदिको प्रवर्धन गरी संस्कृति र सभ्यताको जगेर्ना गर्न सकिने सम्भावना रहेको छ।

### ५.६.३ समस्या र चुनौती

राजगुठी सम्बन्धमा गुठी तैनाथी जग्गामा व्यक्ति विशेषले अतिक्रमण गरी कब्जा गरेका जग्गाहरूलाई सम्बन्धित व्यक्तिहरूबाट खाली गराई गुठीद्वारा प्रयोगमा ल्याउन सकिएको छैन। मठ मन्दिरको आयव्ययको पारदर्शी हिसाबले अभिलेख राख्न सकिएको छैन। राजगुठी, छुट गुठी तथा निजी गुठी सबै वर्गमा संस्थागत संरचना बलियो, भरपर्दो र पारदर्शी बनाई सकिएको छैन । मन्दिर, कुटी तथा आश्रमलाई स्थानीय धार्मिक व्यक्तिहरू अथवा गुठीवालाले राखेका व्यक्तिहरू, महन्त तथा पुजारीसमेतको पूजा व्यवस्थापन समिति गठन गरी संस्थागत ढङ्गले व्यवस्थापन हुनसकेको छैन। मठ मन्दिरको लगत अद्यावधिक गरी राख्न नसकिनुका साथै स्थानीय तहहरूसँगको सहकार्य प्रभावकारी हुनसकेको छैन। संविधानअनुसार गुठी व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको भए तापनि प्रदेशतहमा आवश्यक कानुनको व्यवस्था हुन नसकेकोले गुठी संस्थानले प्रभावकारी रूपमा काम गर्न सकेको छैन। यसका साथै, लगत र अभिलेख व्यवस्थापन गर्न नसक्नु, अक्षयकोष परिचालनको क्षेत्र विस्तार गर्न नसक्नु, सूचना प्रणालीको विकास गर्न नसक्नु, गुठी सम्पत्ति माथिको अतिक्रमण रोक्न नसक्नु, अमूर्त सम्पदाको संरक्षण र प्रवर्धन गर्न नसक्नु, जात्रापर्वमा प्रयोग हुने सामग्रीको आवश्यक मात्रामा उपलब्ध गराउन नसक्नु, पर्वपूजा र रकमी खर्च व्यवस्थापन गर्न नसक्नु जस्ता समस्याहरू पनि यस क्षेत्रमा रहेका छन्। अतिक्रमित गुठी सम्पत्तिको संरक्षण गर्नु साथै स्थानीय तहसँग समन्वय र सहकार्य गरी बक्यौता असुल गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन्।

### ५.६.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** गुठी सम्पदाको संरक्षणः स्थानीय कला, सांस्कृतिक सभ्यताको प्रवर्धन

**लक्ष्यः** गुठी जग्गाहरूको व्यवस्थापन गरी प्रदेशको समृद्धिमा सहयोग गर्ने।

**उद्देश्यः** गुठी सम्पदा, स्थानीय कला र संस्कृति पहिचान गरी संरक्षण गर्नु।

### ५.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुठी सम्पदाको संरक्षण गर्ने। | १.१ अतिक्रमित गुठी तैनाथी जग्गाहरू र संरचनाहरूको लगत सङ्कलन कार्य प्रभावकारी रूपमा गरिनेछ।<br>१.२ गुठी तैनाथी जग्गा अतिक्रमण तथा गुठी सम्पत्तिको अनियमितता सम्बन्धमा छानबिन गरिनेछ।<br>१.३ अतिक्रमित गुठी तैनाथी जग्गाको अभिलेख अद्याविक गरी फिर्ता ल्याउन प्रयास गरिनेछ।<br>१.४ गुठी जग्गा निश्चित अवधिका लागि लिजमा दिने व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ। |
| २. गुठी सम्पदासम्बन्धी डाटावेश तयार गर्ने। | २.१ साविक लगत भिडाई गुठी, तैनाथी, अधीनस्थ, खान्गी, रैतान तथा नम्बरी जग्गा यकिन गरी दर्ताबाँकी जग्गा तथा बाली पोत बक्यौता समेत देखिने गरी कित्तागत लगत निर्माण गरिनेछ।<br>२.२ गुठी तैनाथी जग्गामा बनेका घर, पसल तथा जग्गाको विस्तृत विवरण तयार गरिनेछ।<br>२.३ धार्मिक सांस्कृतिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरूको वर्गीकरण गरिनेछ।<br>२.४ गुठी जग्गा देवस्थल जात्रा पर्वहरूको अभिलेखीकरण गरिनेछ।<br>२.५ गुठीसम्बन्धी प्राधिकरण गठन गरी गुठीका जग्गा तथा सम्पत्ति व्यवस्था गरिनेछ। |

### ५.६.६ प्रमुख कार्यक्रमहरू

१. राजगुठीका सम्पदाहरूको संरक्षण, सञ्चालन र व्यवस्थापन
२. मठ मन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्थापन
३. प्राचीन गरगहना र धार्मिक सांस्कृतिक वस्तुहरूको लगत तयारी
४. गुठी जग्गामा घर तथा पसलहरू निर्माण र आयआर्जन कार्यक्रम
५. गुठी जग्गा व्यवस्थापन सूचना प्रणाली विकास
६. गुठी जग्गा बहाल/लिज/घरबहाल व्यवस्थापन सूचना प्रणाली विकास
७. गुठी पर्व पूजा, जात्रा, रकमी पुजारी व्यवस्थापन सूचना प्रणाली विकास
८. गुठी तैनाथी जग्गामा बहुउपयोगी व्यावसायिक संरचनाको विस्तार सम्भाव्यता अध्ययन
९. छुट तथा अतिक्रमित जग्गाको नापी नक्सा
१०. मठ मन्दिर पुनःनिर्माण, जीर्णोद्धार तथा मर्मतसम्भार
११. तैनाथी जग्गाको नाप नक्सा जग्गा दर्तासहित स्रेस्ता र अभिलेखको विद्युतीय व्यवस्था
१२. गुठी जग्गा तथा सम्पत्तिको व्यवस्थापन कार्यक्रम
१३. गुम्बा, मस्जिद र मदरसा जस्ता संस्थाहरूको पुनर्निर्माण, जिर्णोद्धार तथा मर्मतसम्भार
१४. सफ्टवेयरमार्फत गुठी जग्गाको लगत सङ्कलन गरी अभिलेखीकरण गर्ने ।

### ५.६.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संरक्षित गुठी सम्पदा | प्रतिशत | - | ७० |
| २. | गुठी सम्पदाको खोज, संरक्षणमा सहकार्य गरिएका स्थानीय तह | प्रतिशत | - | ५० |
| ३. | विद्युतीय अभिलेखीकरण गरिएका गुठी सम्पदा | प्रतिशत | - | ४० |
| ४. | नापी नक्सा गरिएको छुट तथा अतिक्रमित जग्गा | प्रतिशत | - | ३० |

**नोटः** आधार वर्षको स्थिति पहिचान गर्न आवधिक योजनाको पहिलो आर्थिक वर्षमा अध्ययन गरी तथ्याङ्कहरू तयार गरिनेछ।

## ५.७ सहकारी

### ५.७.१ पृष्ठभूमि

नेपालमा सहकारीको इतिहास वि.सं. २०१० मा सहकारी विभागको गठन, २०११ नेपाल सहकारी समिति ऐन र वि.सं. २०१३ सालमा चितवनमा बखान ऋण सहकारी समितिको स्थापनाबाट आरम्भ भएको हो। सहकारीको अवधारणा भनेको समुदायबाट समुदायका लागि सहयोग आदानप्रदान गर्ने परिपाटी हो।नेपालमा प्रजातन्त्रको स्थापना पश्चात् २०४८ मा सहकारी ऐन जारी भएको हो।मुलुकभर हाल ३१ हजार २ सय ७३ सहकारी संस्थाहरू रहेका छन् । यसमा करिब ७३ लाख ८१ हजार सदस्यहरू आबद्ध छन् । कुल रु. ९४ अर्ब १२ करोड सेयरपुँजी भएका सहकारीहरूले रु. ४ खर्ब ७ अर्ब ९९ करोड बचत सङ्कलन गरी रु ४ खर्ब २६ अर्ब ३२ करोड ऋण लगानी गरेका छन्।मधेश प्रदेशमा भने कुल ४१५३ सहकारी संस्था छ ती सहकारीहरूमा कुल ५५५१९७ सदस्य सङ्ख्या रहेको छ।जसमध्ये महिलाको सङ्ख्या २५२११२ र पुरुषको सङ्ख्या ३०३०८५ छ **(नेपाल सरकार, सहकारी विभाग, २०८०)** । सहकारीहरूले दुरदराजमा छरिएर रहेको पुँजीलाई एकत्रित गरी सदस्यहरूलाई आवश्यक वित्तीय सहयोग उपलब्ध गराउँदै आएका छन् भने देशको विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्।

नेपालको संविधानले तीनै तहका सरकारलाई सहकारीसम्बन्धी कानुनको तर्जुमा, दर्ता, नवीकरण र नियमन गर्ने अधिकार प्रदान गरी जिम्मेवार बनाएको छ।मुलुकको अर्थतन्त्रलाई सुदृढ गर्न सार्वजनिक र निजी क्षेत्रको भूमिका सँगसँगै सहकारी क्षेत्रको सहभागिता र भूमिका महत्त्वपूर्ण हुने कुरा राज्यले स्वीकार गरेको छ र सोही अनुसारको नीति तय गरेको छ।सहकारीहरूसँग रहेको श्रम, सिप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी मुलुकको अर्थतन्त्रमा योगदान गर्न सकिन्छ ।

सहकारी ऐन, २०७४ को दफा ६ अनुसार सहकारी व्यवसायको विकास, प्रवर्धन तथा बजारीकरणलयायतका कार्यमा टेवा पुर्‍याउन दर्ता भएका कम्तीमा पाँचओटा जिल्लाका पच्चीसओटा विषयगत सहकारी संस्थाहरू वा विषयगत जिल्ला सहकारी सङ्घहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी सङ्घ गठन गर्नसक्ने व्यवस्था छ। प्रदेश सरकारको कार्यविभाजन नियमावलीबमोजिम सम्बन्धित प्रदेश मन्त्रालयले सहकारी संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्यवन र नियमन, प्रादेशिक सहकारी संस्था, सहकारी सङ्घ, सहकारी बैङ्कसम्बन्धी अनुमति, सञ्चालन र नियमन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड र नियमन, सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक तथा स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी क्षमता अभिवृद्धि, सहकारी क्षेत्रको प्रवर्धन र परिचालन तथा सहकारीसम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान आदि गर्नुपर्ने व्यवस्था रहेको छ।

### ५.७.२ अवसर र सम्भावना

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत प्रशासन तथा सहकारी विकास महाशाखा र सोअन्तर्गत सहकारी तथा गरिबी निवारण शाखा रहनु, सहकारीको नियमन तथा क्षमता विकास जस्ता कामलाई व्यवस्थित गर्न प्रदेश सहकारी ऐन, २०७९ र नियमावली, २०८० लागु हुनु, प्रशस्त सहकारी संस्थाहरू क्रियाशील हुनु, बचत सङ्कलन गर्ने बानीको विकास हुनु, नागरिकहरू सहकारीको महत्त्वका बारेमा जानकार हुँदै जानु, ग्रामीण तहमा वित्तीय पहुँच पुर्‍याउने संयन्त्रका रूपमा स्थापित हुनु, सङ्घदेखि स्थानीय तहसम्म सहकारी अभियानको संरचना निर्माण हुनु, सहकारी क्षेत्रबाट परिचालित बचत तथा ऋण सदस्यको आवश्यकताअनुसार आयआर्जन, रोजगारी सिर्जनालगायत उपभोग्य क्रियाकलापमा उपयोग गर्नसक्ने अवस्था रहनु, आर्थिक तथा सामाजिक क्षेत्रमा महिला तथा विपन्न वर्गको सशक्तीकरण गर्ने माध्यमका रूपमा स्थापित हुनु जस्ता अवसरहरू यस क्षेत्रमा रहेका छन् । यी अवसरले सहकारी क्षेत्रबाट मधेश प्रदेशका विपन्न वर्गको आर्थिक समृद्धिमा ठुलो सहयोग पुग्न सक्ने सम्भावना रहेको छ ।

### ५.७.३ समस्या र चुनौती

सहकारीसम्बन्धी सङ्घीय ऐन बनेको लामो समयसम्म पनि प्रदेश सहकारी ऐन नबनेकोले यस प्रदेशमा सहकारीसम्बन्धी कार्य सुरुका दिनदेखी हुन नसक्दा यस क्षेत्रमा उल्लेख्य काम हुन नसक्नु, सहकारी सङ्गठन व्यवस्थापन सर्वेक्षण नभएका कारण प्रदेशमा रजिस्ट्रारको कार्यालय खुल्न नसक्नु, प्रदेशस्तरका सहकारी संस्थाहरू दर्ता हुन नसक्नु, प्रदेश बचत तथा ऋण सहकारी सङ्घ दर्ता हुन नसक्नु. सहकारीहरूको नियमन र क्षमता विकास तथा सहकारी शिक्षाका कार्यक्रमहरू प्रभावकारी रूपमा हुन नसक्नु, बचत तथा ऋण र अन्य सहकारी संस्थाहरूको विकासका लागि सहकारी बैङ्क ऐन तर्जुमा गरी लागु गर्न नसक्नु, सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारका क्षेत्रमा नभई बचत तथा ऋण कारोबारमा बढी देखिनु, सहकारी संस्थाहरूको नियमन तथा अनुगमनसम्बन्धी नीति निर्देशन तयार गर्न प्रदेशस्तरीय सरोकारवालाहरूसँग समन्वय र सहकार्य हुन नसक्नु, प्रदेश स्तरमा सहकारी शिक्षा र तालिमलाई विस्तार गर्न सहकारी प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गर्न नसक्नु, बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा नतोकिनु र स्थानीय तहहरूसँग समन्वय गरी सहकारीहरूको प्रदेशस्तरीय आवश्यक सूचनाहरू उपलब्ध नहुनु, कतिपय सहकारी संस्थाहरू सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहनु र नागरिकहरूको बचत जोखिममा पर्नु, केही सहकारी संस्थाहरूमा सहकारीको सिद्धान्त, मूल्य, मान्यताहरूको कार्यान्वयनको अवस्था कमजोर हुनु यस क्षेत्रका समस्याहरू हुन् ।

सहकारीहरूलाई उद्यमशील क्षेत्रमा आकर्षण गर्नु, सहकारीहरूको गुणात्मक विकास गरी समुदायमा आधारित र सदस्य केन्द्रित बनाउनु, सहकारीलाई ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, महिला तथा सीमान्तकृत वर्गमा सहकारीको पहुँच अभिवृद्धि गर्नु, उत्पादन र रोजगारीका क्षेत्रमा सहकारीको योगदान अभिवृद्धि गर्नु, सहकारीहरूलाई प्रभावकारी रूपमा नियमन गर्नु, सहकारीहरूलाई सहकारीको मूल्यमान्यता र सिद्धान्तअनुरूप परिचालन गर्नु मुख्य चुनौतीहरू रहेका छन्।

### ५.७.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** विकास र समृद्धिमा सहकारी

**लक्ष्यः** आर्थिक विकास र समाजिक रूपान्तरण गर्ने।

**उद्देश्यः**

१. न्यून आय समूह तथा सीमान्तीकृत समुदायको आर्थिक र सामाजिक विकासमा सहकारीको पहुँच विस्तार गर्नु ।

२. उत्पादनशील क्षेत्रमा लगानी गर्न सहकारीहरुलाई सहजीकरण गर्नु ।

### ५.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपन्न, सीमान्तकृत र न्यून आयस्रोत भएका नागरिकहरूलाई सहकारीमा पहुँच विस्तार गर्न सहजीकरण गर्ने। | १.१ सहकारी शिक्षालाई समुदायस्तरसम्म विस्तार गरिनेछ।<br>१.२ महिलाहरूले नेतृत्व गरेका सहकारीहरूको प्रवर्धनमा जोड दिइनेछ।<br>१.३ सहकारीहरूको दर्ता र नियमित रूपमा अद्यावधिक गरिनेछ।<br>१.४ सहकारी संस्थाहरूले उद्योग स्थापना गर्न भोग्नु परेका कानुनी जटिलता हटाउन आवश्यक पहल गरिनेछ।<br>१.५ नियमितरूपमा सहकारी शिक्षा प्रदान गर्रिंदै लगिनेछ। |
| २. सहकारीका माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यवसायलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने। | २.१ सहकारी सङ्घ संस्थामार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण र विविधीकरणसम्बन्धी आयोजनाका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>२.२ स्वरोजगार सिर्जनामा सहयोग पुग्नेगरी सहकारीमार्फत सञ्चालित आयोजनाहरूका लागि बिउ पुँजी तथा पुँजीगत अनुदान उपलब्ध गराइनेछ।<br>२.३ विशिष्टीकृत सहकारी सङ्घ स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।<br>२.४ उत्पादनमूलक क्षेत्रमा क्रियाशील रहेका सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ। |
| ३. सहकारी क्षेत्रको नियमन कार्यलाई प्रभावकारी बनाउने। | ३.१ प्रदेश एक्लैले तथा सङ्घ, प्रदेश र स्थानीय तहबाट संयुक्तरूपमा अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।<br>३.२ सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरूलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३. स्थानीय तह र प्रदेश स्तरमा नियामक संरचना निर्माण गरिनेछ।<br>३.४ नियमनकारी निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ।<br>३.५ स्थानीय तहका सहकारी शाखा स्थापना गरी सहकारीहरूको नियमन गर्न सहजीकरण गरिनेछ।<br>३.६ सहकारी संस्थामा स्वनियमन प्रणालीलाई संस्थागत गर्न पहल गरिनेछ।<br>३.७ एक वडा एक सहकारीको नीति बनाई कार्यान्वयन गरिनेछ। |
| ४. सहकारीहरूको प्रतिवेदन क्षमता अभिवृद्धि गर्ने। | ४.१ सहकारीसम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) सम्बन्धी तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४.२ प्रदेशमा सहकारी प्रशिक्षण केन्द्र स्थापना गरिनेछ।<br>४.३ सहकारीको प्रतिवेदन प्रणाली व्यवस्थित गरिनेछ। |

### ५.७.६ प्रमुख कार्यक्रमहरू

१. सहकारीसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन
२. सहकारीको नेतृत्वमा रहेका महिलाहरूका लागि क्षमता विकास कार्यक्रम
३. उत्पादनशील सहकारीका सदस्यहरूका लागि उद्यमशीलता तालिम
४. उत्पादनशील सहकारीका सदस्यहरूका लागि प्राविधिक तथा वित्तीय सहयोग
५. सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) सम्बन्धमा सहकारीहरूका लागि तालिम
६. सहकारी संस्थाको प्रवर्धन संस्थागत विकास र परिचालन
७. सहकारी संस्थाको सघन नियमन, अनुगमन तथा सुपरीवेक्षण
८. सहकारी संस्थाको दर्ता तथा अभिलेख व्यवस्थापन
९. सहकारीको आन्तरिक लेखापरीक्षण सुदृढीकरण
१०. उत्पादनमूलक सहकारीको उत्पादन ब्रान्डिङ र बजारसँग आवद्धताका लागि सहजीकरण
११. सहकारी सञ्चालनमा व्यवस्थापकीय सिप एवम् दक्षता विकास र प्रयोग
१२. सहकारीहरूको अनुगमनसम्बन्धी कार्यविधि तर्जुमा र कार्यान्वयन
१४. सहकारीसम्बन्धी अध्ययन कार्यक्रम
१५. सहकारीको अनुगमनका लागि प्रदेश र स्थानीय तहमा विशेष समिति गठन

### ५.७.७ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | निक्षेप सङ्कलन | रू. करोडमा | २३१९ | २५०० |
| २ | ऋण परिचालन | रू . करोडमा | १५०५ | १८०० |
| ३ | सेयर पुँजी | रू. करोडमा | २३६ | ३१० |
| ४ | कुल सहकारी संस्था | सङ्ख्या | ४१५३ | ४००० |
| ५ | सहकारीमा आबद्ध सदस्य | सङ्ख्या | ५५५१९७ | ६००००० |
| ६ | सहकारीमा प्रत्यक्ष रोजगारी सिर्जना | कर्मचारी सङ्ख्या | १०८४३ | १५००० |

**नोटः** आधार वर्षको स्थिति पहिचान गर्न आवधिक योजनाको पहिलो आर्थिक वर्षमा अध्ययन गरी तथ्याङ्कहरू तयार गरिनेछ।

## ५.८ उद्योग

### ५.८.१ पृष्ठभूमि

उद्योगलाई मुलकको समग्र आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार मानिन्छ ।यस प्रदेशमा उत्पादनमूलक, सेवामूलक, पर्यटन, कृषि तथा वनजन्य र सूचना तथा सञ्चारसम्बन्धी उद्योगहरू सञ्चालनमा रहेका छन् । उद्योग क्षेत्रको विकास र प्रवर्धनले प्रदेशको आर्थिक समृद्धि हासिल गर्न सहयोग पुग्दछ तसर्थ उद्योग क्षेत्र प्रदेशको आर्थिक विकासको प्रमुख आधारस्तम्भको रूपमा रहेको हुन्छ।उद्योग क्षेत्रको विकासले रोजगारीको सिर्जना गर्दछ।यसैले उद्योग क्षेत्रलाई विकासको संवाहकका रूपमा पनि लिइन्छ । यसका लागि सार्वजनिक, निजी र विदेशी लगानीलाई औद्योगिक पूर्वाधार विकासका क्षेत्रमा आकर्षण गर्न जरुरी हुन्छ । समग्र उद्योग क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र सरकारले उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गर्न सक्नुपर्दछ। मधेश प्रदेश सरकारको कार्यविभाजन नियमावली २०८० अनुसार प्रदेशको उद्योग तथा वाणिज्यसँग सम्बन्धित प्रशासनिक तथा प्रवर्धनकारी कार्यहरू जस्तै : उद्योगको दर्ता खारेजी नियमन निर्देशन प्रवर्धन तथा नीतिनियम तयार गरी लागु गर्ने । प्रदेशको औद्योगिक तथा व्यावसायिक विकास तथा प्रवर्धनका लागि भौतिक पूर्वाधारको अध्ययन तथा अनुसन्धान गरी निर्माण तथा सञ्चालनलगायत अन्य सम्पूर्ण प्रशासनिक तथा प्रवर्धनकारी कार्यहरू गर्ने।सो सन्दर्भमा मधेश प्रदेशको प्रदेश उद्योग व्यवस्थापन ऐन, २०७७ र प्रदेश उद्योग व्यवस्थापन नियमावली, २०७८ तयार भई कार्यान्वयनमा रहेका छन् ।

उद्योग विभागको लघु, घरेलु तथा साना उद्योग तथ्याङ्क २०७९/८० अनुसार मुलुकभर ६५८८६२ ओटा लघु, घरेलु तथा साना उद्योगहरू रहेकामध्ये मधेश प्रदेशमा ११६७६९ (१८ प्रतिशत) उद्योग रहेका छन् (उद्योग विभाग, २०७९/८०) ।

त्यसैगरी मझौला उद्योग २ सय ७१ र ठुला उद्योग १ सय ६१ रहेका छन्। आ.व. २०७६/७७ मा यस प्रदेशमा ठुला उद्योगहरू ५ ओटा, मझौला उद्योगहरू ९ ओटा र साना उद्योगहरू ४ ओटा गरी कुल १८ ओटा उद्योगहरू दर्ता भएका छन् । ती उद्योगहरूको कुल लागत अनुमान करिब रु. ९ अर्ब ९० करोड रहेको छ। साथै ती उद्योगहरूमा १ हजार ६ सय ७८ जनाले प्रत्यक्षरूपमा रोजगारी पाउने अनुमान रहेको छ (स्रोत : उद्योग विभाग, २०७७) । आ.व. २०७७/७८ सङ्घीय उद्योग विभाग काठमाडौँमा मुलुकभर २०३ ओटा उद्योगहरू दर्ता भएकोमा मधेश प्रदेशमा २१ ओटा उद्योगहरू दर्ता भएका थिए । आ.व.२०७८/७९ मा मुलुकभरमा ३०९ ओटा उद्योगहरू दर्ता भएकोमा मधेश प्रदेशमा ४८ ओटा उद्योगहरू दर्ता भएका थिए । आ.व. २०७९/८० मा नेपालभरमा ठुला, मझौला र साना गरी ३२२ ओटा उद्योगहरू दर्ता भएकोमा मधेश प्रदेशमा ३६ ओटा दर्ता भएका छन् ।

यस प्रदेशमा आ.व. २०७९/८० मा उद्योगहरूको क्षमता उपयोग औसतमा ५४.२५ प्रतिशत रहेको छ भने गतवर्ष उद्योगहरूको औसत क्षमता उपभोग ६१.५१ प्रतिशत रहेको थियो। आ.व. २०७९/८० मा सबै बढी क्षमता उपयोग गर्ने उद्योगहरूमा सुर्तीजन्य वस्तु, पेय पदार्थ, लत्ता कपडा, अन्न तथा पशु दाना र धातुका उपकरणहरूको क्रमशः ९३.४२, ९१.९४, ८६.४६, ८६.४६ र ७१.२ प्रतिशत रहेको छ। सोही अवधिमा प्रमुख उद्योगहरूको औसत उत्पादन वृद्धि २८.७३ प्रतिशत रहेको छ (नेपाल राष्ट्र बैङ्क, जनकपुर, २०८०)।

### ५.८.२ अवसर र सम्भावना

उद्योग व्यवस्थापनसम्बन्धी ऐन तथा नियमावली तयार भई कार्यान्वयनमा रहनु, यातायात सुविधाको विस्तार हुँदै जानु, सूचना तथा सञ्चार प्रविधिको विकास हुँदै जानु, श्रमशक्ति उपलब्ध हुनु, आर्थिक समृद्धिको विषय साझा एजेन्डाको रूपमा रहनु, उद्योगका लागि उपयुक्त भौगोलिक बनावट हुनु, भारतको सिमा नजिक हुनु, युवाहरूमा उद्यमशीलताको भावना विकास हुँदै जानु, वैदेशिक रोजगारीबाट आएका युवाहरूमा सिप र पुँजी हुनु आदि उद्योग क्षेत्रका लागि अवसरहरू हुन् । मन्त्रीको अध्यक्षतामा प्रदेश उद्योग प्रवर्धन बोर्डको गठन हुनु, लघु उद्यम दर्ता गर्दा लाग्ने शुल्क र दस्तुरमा शतप्रतिशत छुटको व्यवस्था हुनु, महिला उद्यमीका लागि लाग्ने कर दस्तुरमा ३५ प्रतिशत छुटको व्यवस्था हुनु, कृषि तथा वन पैदावार र निर्यात प्रवर्धन जस्ता उद्योगका लागि विशेष सहुलियतको व्यवस्था हुनु, एकल विन्दु सेवा केन्द्रको व्यवस्था हुनु पनि यस प्रदेशमा उद्योग विकास लागि अवसरहरू हुन्। जसबाट उद्योग क्षेत्रले रोजगार सिर्जना गर्ने र समग्र अर्थतन्त्रको उत्थानमा सहयोग गर्ने सम्भावना रहेको छ।

### ५.८.३ समस्या र चुनौती

उद्योग सञ्चालनका लागि आवश्यक सिप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति हुन नसक्नु, श्रमिक, ऊर्जा तथा कच्चा पदार्थका कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न नसक्नु, औद्योगिक उत्पादन लागत कम गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रदेश सरकारले विशेष योजना ल्याउन नसक्नु, उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्र र उद्योगमा पुँजीको परिचालन र उपलब्धता हुन नसक्नु, उद्योग र लगानीका विषयहरू एकद्वार प्रणालीमा आबद्ध नहुनु, औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति व्यवस्था हुन नसक्नु, पटक पटक श्रमिक र व्यवस्थापनबिच देखापर्ने गरेका समस्याहरूको समयै सुधार गरी उद्योग व्यवसायलाई काम गर्ने वातावरण सिर्जना गर्न नसक्नु, उद्योगहरूको उत्पादन क्षमता बढाई उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने वातावरण निर्माण गरी स्थानीय उद्योगलाई प्रोत्साहित गर्न नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका उद्योगमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु, औद्योगिक पूर्वाधारको विकास गर्नु, उत्पादित वस्तुहरूलाई लेबलिङ र ब्राण्डिङका माध्यमबाट निर्यात वृद्धि गर्नु, लघु, घरेलु तथा साना उद्योग प्रवर्धनमा पुँजी, सिप, कच्चा पदार्थ र प्रविधिको सहज पहुँच उपलब्ध गराउनु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

### ५.८.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेशको गरिबी न्यूनीकरणमा योगदान

**लक्ष्यः** उत्पादन तथा उत्पादकत्व वृद्धि गरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता वृद्धि गर्ने।

**उद्देश्यः**

१. औद्योगिक विकासका लागि आवश्यक लगानीको सुनिश्चतता गर्नु,
२. औद्योगिक विकासका लागि आवश्यक नियमनकारी संरचनाहरूको निर्माण गर्नु,
३. लघु, घरेलु, साना तथा मझौला उद्योगको प्रवर्धन गर्नु।

### ५.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. लघु, घरेलु साना तथा मझौला उद्योगको प्रवर्धन गर्ने। | १.१ लघु, घरेलु साना तथा मझौला उद्योगका लागि छुट्टै नीतिगत व्यवस्था गरिनेछ।<br>१.२ लघु, घरेलु साना तथा मझौला उद्योग ग्रामहरू स्थापना गरिनेछ।<br>१.३ कृषिमा आधारित उद्योगहरूका लागि प्रविधि हस्तान्तरण तथा सिप विकास गरी आधुनिक र व्यावसायिक खेती प्रणाली स्थापना गरिनेछ।<br>१.४ स्थानी स्तरमा उपलब्ध हुने कच्चा पदार्थ प्रयोग गरी घरेलु उद्योग प्रवर्धनमा जोड दिइनेछ। |
| २. अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने। | २.१ रोजगारी सिर्जना र गरिबी निवारण गर्न स्थानीय तहसँगको सहकार्य र समन्वयमा लघु, घरेलु साना तथा मझौला उद्योगको संरक्षण र संवर्द्धन गरिनेछ।<br>२.२ स्थानीय तह सँगको सहकार्यमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ उद्योग स्थापना र उत्पादित वस्तुको बजारीकरणका लागि अन्तरसरकार समन्वय गरिनेछ।<br>२.४ उद्योगलाई प्रोत्साहन गर्न वित्तीय संस्थाहरूसँगको सहकार्यमा ब्याज अनुदान उपलब्ध गराइनेछ। |
| ३. लगानीमैत्री वातावरण निर्माण गर्ने। | ३.१ औद्योगिक क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।<br>३.२ गैरआवासीय नेपालीको ज्ञान, सिप, पुँजी र प्रविधिलाई प्रदेशको उद्योग विकासमा उपयोग गरिनेछ।<br>३.३ लघु, घरेलु तथा साना उद्योगहरूको सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक जिल्लामा औद्योगिक ग्राम स्थापना गरिनेछ।<br>३.४ एकद्वार प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ।<br>३.५ उद्योग र लगानीसँग सम्बन्धित नीति तथा कानुनलाई आवश्यकताअनुसार परिमार्जन, नयाँ कानुनको तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३.६ विशेष आर्थिक क्षेत्र (Special Economic Zone) स्थापना गरिनेछ। |

### ५.८.६ प्रमुख कार्यक्रमहरू

१. प्रादेशिक नीति कानुन तथा मापदण्ड निर्माण तथा कार्यान्वयन
२. औद्योगिक ग्राम स्थापना
३. औद्योगिक करिडोर विकास कार्यक्रम
४. उद्यमशीलता विकास कार्यक्रम
५. लघु, घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रम
६. दर्ता प्रक्रियालाई अनलाइन माध्यममा आबद्ध गर्ने कार्यक्रम
७. औद्योगिक तथ्याङ्क र सूचना प्रणालीको स्थापना
८. बजार व्यवस्थापन तथा अनुगमन

९. प्राथमिक तथा सेवा क्षेत्रका उत्पादनसँग उद्योगको अन्तर आबद्धता
१०. परम्परागत तथा रैथाने उद्योगहरूको संरक्षण तथा प्रवर्धन
११. सार्वजनिक-निजी साझेदारी लगानी तथा सहकार्य अभिवृद्धि
१२. उद्योगमा निजी क्षेत्रको लगानी प्रवर्धन
१३. औद्योगिक क्षेत्र पहिचान
१४. इन्कुवेसन सेन्टर स्थापना (उद्योग/व्यवसायलाई गति प्रदान गर्न उद्योगी तथा व्यवसायीहरूलाई आवश्यक सहयोग प्रदान गर्ने विशेष संरचना/सङ्गठन वा स्थान)
१५. आधुनिक प्रयोगशालाको स्थापना र सञ्चालन
१६. स्थानीयस्तरमा उत्पादित वस्तुको बजार सुनिश्चित कार्यक्रम
१७. औद्योगिक मेला आयोजना
१८. नवप्रवर्तन स्टार्टअप कार्यक्रम
१९. स्टार्टअप तथा इनोभेसन सेन्टर स्थापना
२०. काँच उद्योग (Glass Factory) स्थापना

### ५.८.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | ११.३ | १२.१ |
| २ | लघु, घरेलु तथा साना उद्योग | सङ्ख्या | ११६७६९ | १२२७२५ |
| ३ | ठुला उद्योग | सङ्ख्या | १६१ | १८० |
| ४ | मझौला उद्योग | सङ्ख्या | २७१ | ३०० |
| ५ | उद्योगहरूको क्षमता उपयोग औसतमा | प्रतिशत | ५४.२५ | ७०.० |

## ५.९ वाणिज्य तथा आपूर्ति

### ५.९.१ पृष्ठभूमि

प्रदेशको समग्र आर्थिक विकासमा व्यापार र वाणिज्य क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दछ। उपलब्ध सिप, पुँजी र प्रविधिको उपयोग गरी प्रतिष्पर्धी र तुलनात्मक लाभ हुने वस्तुको उत्पादन, आन्तरिक उपभोग तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउन सके यसले प्रदेशको मात्र नभई मुलुककै अर्थतन्त्रमा योगदान पुग्न सक्दछ । यसैगरी कालोबजारी, कृत्रिम अभाव सिर्जना र अस्वस्थ प्रतिस्पर्धा जस्ता कार्यको पूर्ण नियन्त्रण गर्नु प्रदेशको जिम्मेवारी हो । खाद्यान्नको आपत् कालीन आपूर्तिका लागि खाद्यान्न भण्डार र खाद्यान्न बैङ्कको समेत व्यवस्था हुन आवश्यक छ। मधेश प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयलाई वाणिज्य तथा आपूर्तिको व्यवस्थापन गर्ने जिम्मेवारी रहेको छ । यस क्षेत्रको विकास र प्रवर्धनका लागि मन्त्रालयलाई सार्वजनिक सेवा, अत्यावश्यक सेवा आपूर्तिसम्बन्धी नीति, कानुन, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन एवम् नियमन गर्ने; कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन गर्ने; अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्तिसम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्थापन गर्ने; व्यापार तथा वाणिज्यसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने; अन्तर प्रदेश व्यापार प्रवर्धन, सहजीकरण र नियमन गर्ने; प्रदेशभित्रको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन गर्ने; निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य तथा प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने जस्ता जिम्मेवारीहरू रहेका छन् ।

### ५.९.२ अवसर र सम्भावना

स्वदेशी तथा वैदेशिक लगानी र व्यापारलाई एकीकृत ढङ्गबाट हेर्ने नीतिगत व्यवस्था हुँदै जानु, क्षेत्रीय अन्तर आबद्धतासम्बन्धी पूर्वाधारमा लगानी हुँदै जानु, साथै वस्तु तथा सेवाको उत्पादनमा गुणस्तर र प्रतिस्पर्धी क्षमता वृद्धि हुँदै जानु तथा उपभोक्ताहरूको

सङ्ख्या यस प्रदेशमा अधिक हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्। साथै, खाद्य तथा पोषण सचेतनाको अभिवृद्धि भई स्थानीय उत्पादनको माग र महत्त्व बढ्दै जानु, प्रदेशले कृषि वस्तुमा आत्मनिर्भर हुने नीति अवलम्बन गर्नु, आपूर्ति अनुगमनमा तीनै तहका सरकारहरूको जिम्मेवारी हुनु, उपभोक्ता सचेतना अभिवृद्धि हुनु, यातायात सञ्जालको विस्तार हुनु साथै सूचना प्रविधिमा सबैको पहुँच वृद्धि हुनु यस क्षेत्रका अवसरहरू हुन्।

### ५.९.३ समस्या र चुनौती

आवश्यक कानुनको निर्माण हुन नसक्नु, आन्तरिक उत्पादन बढ्न नसक्दा उपभोग्य वस्तुहरू पनि विदेशबाट आपूर्ति गर्नुपर्ने, निर्यातजन्य तुलनात्मक तथा प्रतिस्पर्धी लाभका वस्तु तथा सेवाको अपेक्षित विकास हुन नसक्नु, समुदाय तथा बजारमा उपलब्ध सुविधा तथा अवसरलाई व्यापार विकासमा उपयोग गर्न नसक्नु, औद्योगिक लगानीमा भन्दा पनि आयात व्यापारमा व्यावसायिक आकर्षण बढ्नु जस्ता समस्याहरू रहेका छन्। साथै आपूर्तिका क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय एवम् सहज रूपमा उपलब्ध हुन नसक्नु, खाद्यान्नमा हुने मिसावट, ठगी, कालोबजारी, कार्टलिङ र सिन्डिकेट जस्ता विकृतिका कारण कृत्रिम अभाव सिर्जना हुनु, अवाञ्छित मूल्य वृद्धि गरिनु साथै बजार अनुगमन प्रभावकारी हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

उत्पादन क्षेत्रमा लगानी वृद्धि गर्नु, तुलनात्मक लाभका लगानीका क्षेत्रहरू पहिचान गर्नु, कर प्रशासनलाई व्यवसायीमैत्री बनाउनु, निर्यात प्रवर्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, लेबलिङ र ब्राण्डिङ गरी गुणस्तरीयता अभिवृद्धि गर्नु जस्ता चुनौतीहरू वाणिज्य तथा आपूर्तिका क्षेत्रमा रहेका छन्।

### ५.९.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** निर्यात प्रवर्धन र सहज आपूर्ति प्रणाली

**लक्ष्यः** गुणस्तरीय वस्तुको उत्पादन र सर्वसुलभ आपूर्तिको सुनिश्चितता गर्ने।

**उद्देश्यः**

१. आधारभूत उपभोग्य वस्तुको उत्पादन बृद्धि र सहज आपूर्ति व्यवस्था गर्नु,
२. तुलनात्मक लाभ हुने निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनमा बृद्धि गर्नु।

### ५.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत उपभोग्य वस्तुको आपूर्ति सहज बनाउने। | १.१ वाणिज्य क्षेत्रसँग सम्बन्धित कानुनहरूको सङ्घीय संरचनाअनुरूप तर्जुमा एवम् समसामयिक परिमार्जन गरी लागु गरिनेछ।<br>१.२ प्रदेशभित्र निर्यात प्रवर्धनका लागि निर्यात पूर्वाधार तथा व्यापार पूर्वाधार निर्माण गरिनेछ।<br>१.३ कृषिसँग सम्बन्धित उद्योग तथा व्यापार प्रवर्धनका लागि आवश्यक सहयोग प्रदान गरिनेछ।<br>१.४ अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्तिको तथ्याङ्कीय आधार तयार गरिनेछ। |
| २. निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनमा जोड दिने। | २.१ प्रादेशिक व्यापारको तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ।<br>२.२ तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गर्न अध्ययन तथा अनुसन्धानका कार्यहरू गरिनेछ।<br>२.३ उद्योगहरूको उत्पादन क्षमता अभिवृद्धिका लागि आवश्यक सहजीकरण गरिनेछ। |

### ५.९.६ प्रमुख कार्यक्रमहरू

१. वाणिज्य तथा आपूर्तिसम्बन्धी कानुन, नीति तथा मापदण्ड निर्माण
२. उपभोक्ता हितसम्बन्धी सचेतना अभियान
३. सङ्घीय तथा प्रदेश नियमअनुसार बजार अनुगमन
४. सुपथ मूल्य पसल व्यवस्थापन
५. सहकारी-सुपथ पसल स्थापना
६. परम्परागत हाट बजार प्रवर्धन र सुदृढीकरण

७. चोरी पैठारी नियन्त्रण
८. स्थानीय उत्पादन प्रवर्धन र बजारीकरण
९. निर्यातजन्य वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
१०. "एक गाउँ एक उत्पादन" मार्फत आयात प्रतिस्थापन र निर्यात वृद्धि
११. प्रत्येक स्थानीय तहमा साझा पसलहरू स्थापना र सञ्चालन

### ५.९.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वस्तु र सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात (राष्ट्रिय लक्ष्यलाई आधार मानिएको) | प्रतिशत | - | २० |
| २. | सञ्चालनमा आएका खाद्य सुरक्षा बैङ्क | सङ्ख्या | - | १ |
| ३. | निर्यात आयात अनुपात | अनुपात | १:१०.३ | १:७.०३ |
| ४. | कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको आयात अनुपात | प्रतिशत | ३४.५ | २९.० |
| ५. | कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको निर्यात अनुपात | प्रतिशत | ३.५ | ६.० |

## ५.१० पर्यटन

### ५.१०.१ पृष्ठभूमि

महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरू यस प्रदेशको पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका निधिहरू हुन्। जसमा मुख्यतयम जनकपुरधाम, धनुषाधाम एवम् धनुषा मन्दिर, पाताल कुण्ड, जानकी मन्दिर, राम जानकी विवाह मण्डप एवम् विवाह पञ्चमी, गङ्गासागर, महोत्तरीको मटिहानी मठ, सप्तरीको प्राचीन राजदेवी मन्दिर, सप्तरीको शम्भुनाथ मन्दिर, टुटेश्वर महादेव, पर्साको महुवन मठ, वीरगन्जको गीता मन्दिर र बौद्ध चैत्य, भिस्वा, रौतहटको शिवनगर महादेव, सिम्रौनगढ, सिराहाको सलहेसको फूलबारी, वीरगन्जमा रहेको शङ्कराचार्यद्वार, रौतहटको नुनथर बाबा आदि पर्यटकीय हिसाबले महत्त्वपूर्ण स्थानहरू हुन् । पर्यटन प्रवर्धनको माध्यमबाट रोजगारीको अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक वृद्धि हासिल गर्न यस क्षेत्रले महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्दछ। पर्सा राष्ट्रिय निकुञ्ज, सर्लाहीको भरत ताल जस्ता स्थानहरू पनि मधेश प्रदेशका नयाँ पर्यटकीय गन्तव्यका रूपमा देखा परेका छन्।

### ५.१०.२ अवसर र सम्भावना

मधेश प्रदेशमा प्रशस्त ऐतिहासिक र धार्मिक स्थानहरू रहेकाले यहाँ पर्यटन विकासको प्रबल सम्भावना रहेको छ। कोशी टप्पु वन्यजन्तु आरक्ष र पर्सा राष्ट्रिय निकुञ्जलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने, कोशी टप्पुका आसपासमा ठुला ठुला ताल तलैया उपलब्ध हुनुले पनि यसलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने, चन्द्रनगरको मुहानलाई पनि पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने, हिन्दु, मुस्लिम, बौद्ध र जैन धर्मप्रति आस्था राख्नेहरूका लागि विभिन्न किसिमका आस्था केन्द्र तथा धार्मिक स्थलहरू रहेका छन्। मिथिला परिक्रमा, विवाह पञ्चमीमा भारतको अयोध्याबाट बरियात नेपाल आउने परम्परा हुनु, धार्मिक महत्त्व बोकेका प्रशस्त तालतलैयाहरू हुनु, पर्यटकीय स्तरका होटलहरू थपिँदै जानु पनि यस प्रदेशको पर्यटनका लागि अवसरका रूपमा रहेका छन्। हिमाली र पहाडीभन्दा फरक किसिमको यहाँको संस्कृति र सभ्यताले मानिसहरूलाई लोभ्याउँछ। प्रदेशका सबै जिल्ला देखि स्थानीय तहसम्मको सडक सञ्जालमा आबद्ध रहेका छन्। काठमाडौँबाट सिमरा, जनकपुरधाम, राजविराजमा हवाई सेवा रहेकाले पर्यटकहरूको आगमनलाई झनै सजिलो बनाएको छ। जनकपुरलाई देशका अन्य विमानस्थलसँग जोड्ने प्रयास पनि भइरहेको छ। मधेश प्रदेशमा पर्यटकीय आकर्षणका केन्द्रहरू हुनु र यातायातको सुविधा, होटलको सुविधा थप हुँदै जानु आदि कारणले यहाँ पर्यटनको विकास गरी जनकपुरलगायतका स्थानहरूलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सक्ने प्रबल सम्भावना रहेको छ।

### ५.१०.३ समस्या र चुनौती

कमजोर पर्यटकीय पूर्वाधार हुनु, स्थानीय बासिन्दाहरूमा सहर तथा प्राचीन र सांस्कृतिक सम्पदाहरूको सरसफाइसम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहन गर्न नसक्नु, धार्मिक दृष्टिकोणले ख्यातिप्राप्त विभिन्न मठ, मन्दिर र धार्मिक स्थलहरूको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न नसक्नु, पर्यटकका लागि पर्यटन सर्किटहरू बनाउनु, मानव निर्मित पोखरी तथा तालतलैयाहरूको उचित संरक्षण र सरसफाइ गरी मनोरञ्जनात्मक गतिविधिहरू प्रवर्द्धन तथा विकास गर्न नसक्नु, मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला संस्कृतिको संरक्षण र विकास गर्न नसक्नु आदि पर्यटन क्षेत्रको विकासमा देखिएका मुख्य समस्याहरू हुन् । जनकपुरलगायत मधेश प्रदेशका महत्त्वपूर्ण स्थानहरूलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु, पर्यटन विकासमा निजी क्षेत्रलाई आकर्षण गर्नु प्रमुख चुनौती हुन्।

### ५.१०.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेशको आर्थिक समृद्धिको आधार : सुरक्षित र आकर्षक पर्यटकीय पूर्वाधार

**लक्ष्यः** प्रदेशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्ने।

**उद्देश्यः**

१. सुरक्षित, गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार विकास गर्नु,

२. मधेश प्रदेशलाई उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु।

### ५.१०.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वदेश तथा विदेशमा मधेश प्रदेशका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १.१. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी स्वदेश तथा विदेशमा मधेशमा रहेका पर्यटकीय गन्तव्य स्थलहरूको प्रचारप्रसार गरिनेछ।<br>१.२ मधेश प्रदेशको कुनै ख्यातिप्राप्त व्यक्तिलाई पर्यटनको दुत तोकी प्रचारप्रसार गरिनेछ।<br>१.३ मधेश प्रदेशको पर्यटकीय गन्तव्य स्थलहरू समावेश गरी वृत्तचित्र तयार पारेर प्रचारप्रसार गरिनेछ।<br>१.४ देशको राजधानी तथा अन्य प्रदेशका राजधानीहरूमा वर्षको एक पटक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ यस आवधिक योजना अवधिभित्र **"घुमौं जनकपुर"** कार्यक्रम आयोजना गरिनेछ।<br>१.६ जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्न आवश्यक समन्वय र पहल गरिनेछ।<br>१.७ पर्यटन बोर्ड गठन गरिनेछ।<br>१.८ स्वास्थ्य पर्यटकको अवधारणालाई अगाडि बढाइने छ। |
| २ पर्यटन क्षेत्रलाई अर्थतन्त्रको संवाहकको रूपमा विकास गर्ने। | २.१ जनकपुरधामलगायत रणनीतिक रूपले महत्त्वपूर्ण पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास गरिनेछ।<br>२.२ पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति विकास गरिनेछ।<br>२.३ पर्यटन विकासका लागि पर्यटनसम्बन्धी विज्ञ, पर्यटन व्यवसायी सहितको स्रोतसाधन सम्पन्न एक उच्चस्तरीय संयन्त्रको विकास गरिनेछ।<br>२.४ पर्यटकीय क्षेत्रको विकास तथा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा गरिनेछ।<br>२.५ पर्यटकीय सम्भावनासम्बन्धी अध्ययन तथा अनुसन्धान गरिनेछ।<br>२.६ जनकपुर तथा सिमरा विमानस्थललाई काठमाडौंबाहेक अन्य सहरहरूसँग जोड्ने व्यवस्था मिलाउन प्रयास गरिनेछ।<br>२.७ सीता र रामको विवाह भएको जनकपुरलाई विवाहस्थलको रूपमा विकास गरिनेछ।<br>२.८ नेपालको भूभागमा पर्ने रामायण परिक्रमा (सर्किट) मा पर्यटकीय पूर्वाधारको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. पर्यटकीय गन्तव्य स्थल तथा उपजको विविधीकरण गर्ने। | ३.१ पर्यटन उपजको विकासमा स्थानीय साधन स्रोत र उत्पादनलाई प्रोत्साहित गरिनेछ।<br>३.२ समुदायमा आधारित ग्रामीण एवम् होमस्टे पर्यटनको विस्तार गरी प्राप्त लाभलाई जनस्तरसम्म पुर्‍याइनेछ।<br>३.३ प्रत्येक स्थानीय तहमा स्थानीय विशेषतासहितको पर्यटकीय गन्तव्यको विकास र होमेस्टेको व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>३.४ प्रदेशभित्र रहेका सम्भाव्य तुलनात्मक लाभका पर्यटकीय क्षेत्रहरूको विकासका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।<br>३.५ नयाँ उपजहरूको सम्भाव्यता खोजी गरिनेछ।<br>३.६ नयाँ उपजहरूको प्रवर्धनका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>३.७ सलहेसको पौराणिक पक्षलाई धार्मिक सांस्कृतिक पर्यटनमा उपयोग गरिनेछ।<br>३.८ पर्यापर्यटन, होमस्टे र कृषि पर्यटनको विकास गरिनेछ।<br>३.९ सिम्रौनगढ दरबार र गढीमाई मन्दिरलाई पुरातात्त्विक र धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गरिनेछ।<br>३.१० अन्तरतह सहकार्य एवम् समन्वयमा विभिन्न सर्किटहरूको थालनी गरिनेछ। |
| | ३.११ प्रदेशस्तरीय चिडियाखाना स्थापना गरी आन्तरिक पर्यटनको विकास गरिनेछ।<br>३.१२ बृहत् कोशी टप्पु आरक्षको पश्चिम खण्डको २५ किमी क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गराएर गुरुयोजना तयार पारी कार्यान्वयनमा लगिनेछ।<br>३.१२ पर्सा राष्ट्रिय निकुञ्जलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। |

### ५.१०.६ प्रमुख कार्यक्रमहरू

१. नीति कानुन र मापदण्ड निर्माण र कार्यान्वयन
२. पर्यटन विकास संयन्त्र गठन र परिचालन
३. पर्यटन पूर्वाधार विकास
४. पर्यटन बजारको विकास, विस्तार तथा सुदृढीकरण
५. गुणस्तरीय लगानी आकर्षण
६. पर्यटकीय क्रियाकलाप तथा गन्तव्यको विविधीकरण
७. पर्यटन सूचना केन्द्रको संस्थागत विकास
८. पर्यटन गुरुयोजना तर्जुमा र कार्यान्वयन
९. एक स्थानीय तह-बहुपर्यटन गाउँ प्रवर्धन
१०. पर्यापर्यटनको विकास तथा प्रवर्धन कार्यक्रम
११. पर्यटनको प्रचार सामग्री उत्पादन र वितरण (वृत्तचित्र निर्माण र प्रसारण)
१२. सङ्घीय राजधानी तथा प्रदेश राजधानीहरूमा पर्यटन प्रवर्धन कार्यक्रम
१३. ऐतिहासिक धार्मिक तथा पुरातात्त्विक महत्त्वका सम्पदा संरक्षण
१४. सांस्कृतिक सम्पदाको संरक्षण
१५. स्मृति तथा पर्यटकीय पार्कहरू निर्माण
१६. पर्यटन विकाससम्बन्धी अध्ययन अनुसन्धान
१७. पर्सा वन्यजन्तु आरक्षणभित्र जलाशय निर्माण
१८. गढीमाई क्षेत्रमा ताल निर्माण
१९. पर्यटन प्रोफाइल वेभपेज निर्माण
२०. भारतसँगका नाकाहरूको प्रवेश बिन्दुमा पर्यटन विश्रामस्थल निर्माण
२१. सामुदायिक पर्यटन विश्रामस्थल तथा धर्मशाला निर्माण

२२. कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रलाई पर्यटकीय क्षेत्र विकास गुरुयोजना तर्जुमा
२३. पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्यटकीय क्षेत्र विकासका लागि सम्भाव्यता अध्ययन

### ५.१०.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | पर्यटकस्तरीय होटेल र लजहरू | सङ्ख्या | ३४९ | ४०० |
| २ | वार्षिक पर्यटक आगमन | सङ्ख्या | ६०९२२२ | ७००००० |
| ३ | होटेलको शैय्या | सङ्ख्या | ७१०१ | ८००० |
| ४ | पर्यटकीय स्थलहरूको जिल्लागत प्रोफायल तयारी | जिल्ला सङ्ख्या | - | ८ |
| ५ | पर्यटनसम्बन्धी थप दक्ष जनशक्ति उत्पादन | सङ्ख्या | - | १०० |

# परिच्छेद छ : सामाजिक विकास

## ६.१ शिक्षा तथा विज्ञान प्रविधि

### ६.१.१ पृष्ठभूमि

शिक्षा कुनै पनि व्यक्तिका लागि मर्यादित जीवन र रोजगारीको आधार हो । यसलाई जीवनको पूर्वाधार हो भन्न पनि सकिन्छ । शिक्षाबिना कुनै पनि व्यक्तिको व्यक्तित्व र देशको विकास सम्भव छैन। नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । त्यसैगरी संविधानले शिक्षालाई नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिकारूपमा अँगाल्दै शिक्षासम्बन्धी नीतिहरूलाई विभिन्न ४ ओटा नीतिहरूअन्तर्गत समावेश गरेको छ। प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालयलाई प्रदेश अधिकार सूचीमा राखिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७६ को दफा ४ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारमा हुने उल्लेख छ। प्रादेशिक शैक्षिक योजना, शैक्षिक परामर्श सेवाको नियमन, प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम, छात्रवृत्तिको नियमन, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सामग्री, शिक्षक र क्षमता विकास तथा माध्यमिक परीक्षा, प्राज्ञिक अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन प्रदेशको कार्यक्षेत्रभित्रका विषयहरू हुन्। दिगो विकास लक्ष्यमा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्ने सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने विषय समावेश गरिएको छ ।

सामाजिक सूचकहरूमा मधेश प्रदेश देशका अन्य प्रदेशहरू भन्दा कमजोर देखिन्छ। जनगणना २०७८ अनुसार मधेश प्रदेशमा कुल साक्षरता प्रतिशत ६३.५ रहेको छ। जसमा पुरुष साक्षरता ७२.५ प्रतिशत र महिला साक्षरता ५४.७ प्रतिशत रहेको छ। जबकि नेपालको साक्षरता दर ७६.३ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ८३.६ र महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता (६९ प्रतिशत) पर्सामा र सबै भन्दा कम (५८ प्रतिशत) साक्षरता रौतहटमा रहेको छ। देशभरिमा सबैभन्दा बढी साक्षरता दर हुने ५ ओटा जात/जातिको सूची हेर्दा पहिलोमा मधेश प्रदेशकै मारवाडी, दोस्रोमा कायस्थ र तेस्रोमा देव रहेको देखिन्छ। चौथोमा पहाडी जनजाति सुरेल र पाँचौँमा पहाडी ब्राह्मण रहेको देखिन्छ। त्यसैगरी देशकै सबैभन्दा कम साक्षरता हुने ५ ओटा जात/जातिको सूची हेर्दा पनि पहिलो, दोस्रो र तेस्रोमा मधेस प्रदेशमा बसोबास गर्ने क्रमशः मुसहर (३५.८), डोम (३८.४) र नटुवा (४१) प्रतिशत छ। चौथोमा चुम्बा/नुरी ४२.३ र पाँचौँमा विन ४७.२ प्रतिशत देखिन्छ। दलितभित्र पनि पुरुष र महिलाको साक्षरता दर तुलना गर्दा ठूलो भिन्नता देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा साक्षर जनसङ्ख्यामध्ये सबैभन्दा बढी अर्थात् ३३.० प्रतिशत व्यक्तिहरूले कक्षा १ देखि ५ सम्म उत्तीर्ण गरेका छन् । दोस्रोमा कक्षा ६ देखि ८ उत्तीर्ण गर्ने व्यक्तिहरू २१.३ प्रतिशत रहेका छन्। एस.एल.सी. वा सोसरह उत्तीर्ण गर्नेहरूको अनुपात ७.६ प्रतिशत रहेको छ। यसै गरी एस. एल. सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू १४.५ प्रतिशत रहेका छन् ।
आ. व. २०७९/८० मा मधेश प्रदेशमा आधारभूत तहको खुद भर्ना दर ९६.३ र माध्यमिक तहको खुद भर्ना दर ६२.२ रहेको छ (मधेश प्रदेश शिक्षा तथा संस्कृति मन्त्रालय)। मधेश प्रदेशमा ७५४ ओटा संस्थागत विद्यालयहरू सहित कुल ४ हजार ६६९ विद्यालयहरू रहेका छन्। सामुदायिक सिकाइ केन्द्रहरू २७५ ओटा रहेका छन्। उच्च शिक्षाका लागि मधेश प्रदेशमा राजर्षि जनक विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् भने विभिन्न विश्वविद्यालय अन्तर्गतका १२३ ओटा क्याम्पसहरू सञ्चालित छन्। प्राविधिक शिक्षातर्फ मधेश प्रदेशका ९१ ओटा सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भएको छ (आर्थिक सर्वेक्षण २०७९/८०, मधेश प्रदेश)। यस प्रदेशमा ४ देखि ९ वर्षका बालबालिकाको सङ्ख्या १ लाख ८२ हजार ८ सय १८ अर्थात् करिब २२ प्रतिशत र १० देखि १७ वर्ष उमेरका २ लाख ८ हजार ६ सय ६१ अर्थात् २१ प्रतिशत बालबालिकाहरू विद्यालयबाहिर रहेका छन् (Flash Report II, २०७९)। मधेश प्रदेशमा अझसम्म ३१ प्रतिशत सामुदायिक विद्यालयहरूमा शौचालय सुविधा पुग्न सकेको छैन भने ३५ प्रतिशत विद्यालयहरूमा छात्राहरूका लागि छुट्टै शौचालय व्यवस्था हुनसकेको छैन। त्यसैगरी खानेपानी सुविधा भएका सामुदायिक विद्यालयहरू ६८ प्रतिशत र शौचालय र खानेपानी दुबै सुविधा भएका सामुदायिक विद्यालयहरू केवल ५२.३ प्रतिशत मात्र छन् (Flash Report II, २०७९)। विज्ञान प्रयोगशाला भएका सामुदायिक विद्यालयहरू केवल १०.१ प्रतिशत मात्र रहेका छन् (Flash Report II, २०७९)।

छोरीहरूको शिक्षाको पहुँच वृद्धिका लागि **"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम"**, विद्यालय नर्स कार्यक्रम, विद्यालय खानेपानी तथा सरसफाइ कार्यक्रम, अभिभावक शिक्षा तथा प्राविधिक धार सञ्चालित विद्यालय कार्यक्रम, स्थानीय तहबाट भएका प्रयास र असल अभ्यासहरू तथा बृहत् शिक्षा सम्मेलन जस्ता कार्यक्रमहरू मधेश प्रदेशमा भएका छन्। त्यसैगरी गरी दिगो विकास लक्ष्य ४ अनुसारको शिक्षा र सामाजिक विकासअन्तर्गत शिक्षाको विकासका लागि २००० छोरीहरूको बीमा गरिएको, विभिन्न विद्यालयमा STEM (Science, Technology Engineering and Mathematics) गतिविधि सञ्चालन गरिएको, केही पब्लिक कलेजहरूको पूर्वाधार निर्माण गरिएको, प्रदेशका दलित वर्गको शैक्षिक अवस्थामा सुधार आएको, छोरीहरूको पढाइमा सहयोग गर्न ३७ हजार ३५४ साइकल वितरण गरिएको (मधेश प्रदेश सरकार, दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत खर्चको खोजीनीति सर्वेक्षण, २०७९) ।

### ६.१.२ अवसर र सम्भावनाहरू

मधेश प्रदेशमा कुल ४ हजार ६०० विद्यालयहरू सञ्चालनमा रहनु, राजर्षि जनक विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित १२३ क्याम्पसहरू लगायतका उच्च शिक्षाका संस्थाहरू स्थापना भई सञ्चालनमा आउनु, २७५ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहनु, ९१ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन हुनु, **"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"** कार्यक्रम उच्च महत्त्व र राजनीतिक प्रतिवद्धताका साथ कार्यान्वयनमा आउनु, विद्यालय नर्स कार्यक्रम, विद्यालय खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालनमा आउनु, अभिभावक शिक्षा तथा प्राविधिक धार सञ्चालित विद्यालय कार्यक्रम सञ्चालनमा रहनु, सङ्घीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-२०३०) कार्यान्वयनमा ल्याउनु, शिक्षा क्षेत्रमा लगानी बढाउन चौतर्फी दबाब बढ्दै जानु, मानिसहरूमा शिक्षाप्रतिको जागरुकता बढ्दै जानु, दिगो विकास लक्ष्यमा शिक्षा क्षेत्र पनि समावेश हुनु, संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्नु जस्ता नीतिगत र सहयोगी वातावरण शिक्षा क्षेत्रमा देखिएको छ। प्रदेश तथा राष्ट्रियस्तरमा रहेका नीतिगत व्यवस्था, आम मानिसहरूमा भएको चेतनाको वृद्धि, शैक्षिक संस्थाहरूको पूर्वाधारमा भएको सुधार, सिकाइ/अध्यापन विधिमा आएको सुधार आदिका कारण शिक्षाको पहुँच र गुणस्तर दुबै वृद्धि हुँदै जाने सम्भावना देखिन्छ। यस प्रदेशमा कृषि शिक्षालाई विद्यालय तहदेखि नै संस्थागत गरी कृषि प्राविधिकहरू उत्पादन गर्न सकिने सम्भावना पनि बलियो छ ।

### ६.१.३ समस्या र चुनौतीहरू

साक्षरता दर न्यून हुनु, विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको सङ्ख्या उच्च हुनु, विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था कमजोर हुनु (सातओटा प्रदेश मध्येकै कमजोर हुनु), बालबालिकाहरूको सिकाइको तह न्यून हुनु, विद्यालयहरूमा सुशासनको अवस्था कमजोर हुनु, विद्यार्थी शिक्षक अनुपात उच्च हुनु आदि मधेश प्रदेशमा शिक्षामा देखिएका प्रमुख समस्याहरू हुन्। विद्यालयहरूमा विद्यार्थीहरूको असमान वितरण हुनु (विद्यार्थी सङ्ख्या कुनै विद्यालयमा ज्यादै न्यून र कुनै विद्यालयमा ज्यादै उच्च हुनु) पनि एउटा ठुलो समस्याको रूपमा रहेको छ। शैक्षिक बरोजगारी बढ्दै जानु, श्रम बजारको माग र जनशक्ति उत्पादनबिचको फराकिलो खाडल हुनु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नुलाई पनि समस्याका रूपमा पहिचान गरिएको छ भने तीव्ररूपमा साक्षरता दर वृद्धि गर्नु, सिकाइ तहमा उल्लेख्य सुधार ल्याउनु, विद्यालयहरूमा सुशासन कायम गर्नु शिक्षा क्षेत्रको प्रमुख चुनौती रहेको छ।

### ६.१.४ सोच, लक्ष्य तथा उद्देश्य

**सोचः** शिक्षित, सुसंस्कृत र आत्मनिर्भर जनशक्ति : मधेशको समृद्धि

**लक्ष्यः** सिपयुक्त र दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने।

**उद्देश्यः**

१. विद्यालय तथा उच्च शिक्षाको गुणस्तर र पहुँच बृद्धि गर्नु,
२. उच्च शिक्षालाई अनुसन्धानमूलक र रोजगारमूलक बनाउनु,
३. प्राविधिक शिक्षा र व्यावसायिक तालिमहरूको अवसर र गुणस्तर बृद्धि गर्नु।

### ६.१.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. विश्वविद्यालयहरूलाई अनुसन्धानमुलक संस्थाका रूपमा विकास गर्ने। | १.१ प्रदेश तहको शैक्षिक नीति, ऐन, नियमावली तथा कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेशको पाठ्यक्रम र गुणस्तरको खाका बनाई लागु गरिनेछ।<br>१.३ प्रदेशस्तरको विश्वविद्यालय, उच्च शिक्षा तथा छात्रवृत्तिसम्बन्धी नीति, कानुन तथा मापदण्ड तयार गरिनेछ।<br>१.४ विद्यालयहरू तथा विश्वविद्यालय (क्याम्पस) को भौतिक पूर्वाधार जस्तै : भवन, प्रयोगशाला, पुस्तकालय, शौचालय र सूचना प्रविधिमा सुधार गरिनेछ।<br>१.५ राष्ट्रिय प्राथमिकतामा रहेका मुद्दाहरूमा अनुसन्धान गर्न सामुदायिक कलेजलाई अनुसन्धान कोष प्रदान गरिनेछ।<br>१.६ प्रदेशबाट स्थापित विश्वविद्यालयहरूमा साधारण स्नातक कार्यक्रमहरूका अतिरिक्त विद्यावारिधि (PhD) र पोस्ट डोक्टरेट जस्ता अनुसन्धानमा आधारित डिग्री कार्यक्रम सुरु गरिनेछ।<br>१.७ सामुदायिक कलेजलाई प्रदेश सरकारको विश्वविद्यालयको घटक कलेजका रूपमा प्राथमिकता दिइनेछ।<br>१.८ सबै सामुदायिक कलेजलाई गुणस्तर सुनिश्चितता र मान्यता प्रक्रियामा भाग लिन प्रेरित गरिनेछ।<br>१.९ प्रदेश विश्वविद्यालयबाट सामुदायिक कलेजहरूको शैक्षिक गुणस्तर र अनुसन्धानको मार्गदर्शन प्रदान गरिने व्यवस्था मिलाइनेछ।<br>१.१० समाज, सम्बन्धित मन्त्रालय, विश्वविद्यालय र कलेजलाई समावेश गरेर सहयोगात्मक अनुसन्धान संस्कृतिको प्रवर्द्धन गरिनेछ। |
| २. शैक्षिक संस्थाहरूका गतिविधिहरूको अनुगमन र मूल्याङ्कन थप प्रभावकारी बनाउने। | २.१ प्रदेश शिक्षा स्रोतकेन्द्र स्थापना गरिनेछ।<br>२.२ शिक्षाको अवस्थासम्बन्धी तथ्याङ्कीय आधार तयार गरिनेछ।<br>२.३ जनसंख्या संरचना, शैक्षिक संस्थाहरूको आवश्यकता र सार्वजनिक खर्चको प्रभावकारिताका आधारमा शैक्षिक संस्था र कार्यक्रमहरूको पुनरावलोकन गरिनेछ।<br>२.४ निजीस्तरमा सञ्चालित विद्यालयहरूको सञ्चालन र व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइनेछ।<br>२.५ अनुगमनलाई क्रियाकलाप र प्रक्रिया भन्दा नतिजामा आधारित बनाइनेछ।<br>२.६ निजी विद्यालय तथा शैक्षिक परामर्शदाता संस्थाहरूको पनि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ। |
| ३. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई थप व्यवस्थित गर्ने र आवश्यकताका आधारमा विस्तारित गर्ने। | ३.१ प्रभावकारी प्रदेश प्राविधिक शिक्षा बोर्डको गठन गरिनेछ।<br>३.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र छात्रवृतिसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण गरिनेछ।<br>३.४ पोलिटेक्निक कलेज स्थापना गरिनेछ।<br>३.५ स्थानीय तहहरूमा मागका आधारमा प्राविधिक शिक्षालयहरू क्रमशः थप गर्दै लगिनेछ।<br>३.६ मधेश प्रदेशका प्रत्येक जिल्लामा खुला शैक्षिक पार्क व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. माध्यमिक तहमा अध्ययनरत सबै विद्यार्थीहरूलाई जीवन उपयोगी र आयआर्जनसम्बन्धी ज्ञान र सिप प्रदान गर्ने। | ४.१ योग पद्धतिलाई शिक्षाको अभिन्न अङ्गका रूपमा शैक्षिक संस्थाहरूमा क्रमशः लागु गरिनेछ।<br>४.२ विद्यार्थीहरूको शारीरिक एवम् मानसिक विकासमा सहयोग पुग्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४.३ कृषि शिक्षालाई माध्यमिक तहदेखि नै समावेश गर्दै मधेश प्रदेशलाई कृषि प्राविधिक शिक्षाको केन्द्रका रूपमा विकास गरिनेछ।<br>४.४ माध्यमिक तहको सबै विद्यार्थीहरूलाई कम्तिमा एउटा आयआर्जनको सिप प्रदान गरिनेछ।<br>४.५ प्राविधिक विषयलाई बढी जोड दिँदै साधारण विषयमा पनि अभ्यास अनिवार्य गर्ने गरी पाठ्यक्रम परिमार्जनका लागि आवश्यक पहल गरिनेछ। |
| ५. दक्ष एवम् योग्य शिक्षक र प्रशिक्षकको व्यवस्था गर्ने। | ५.१ शिक्षकहरूका लागि नियमित तालिमहरूको व्यवस्था गरिनेछ र कक्षा कोठामा प्रयोग हुने सुनिश्चितता गरिनेछ।<br>५.२ शिक्षकहरूकाबिच अनुभव र सिकाई आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। |
| ६. पठनपाठनमा आधुनिक प्रविधिको प्रयोगलाई वृद्धि र थप प्रभावकारी बनाउँदै लैजाने। | ६.१ प्रदेशभित्र रहेका विभिन्न पुस्तकालयहरूलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ र आवश्यकता र मागअनुसार थप गर्दै लगिनेछ।<br>६.२ शैक्षिक गुणस्तरमा योगदान पुग्ने खालको सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ।<br>६.३ विद्यालयहरूलाई अध्ययनको आधारमा एक आपसमा गाभी ठुलो विद्यालयहरू सञ्चालन गरिनेछ। |
| ७. विपन्न र पिछडिएका वर्गका बालबालिकाहरूको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने। | ७.१ अति विपन्न परिवारका बालबालिकाका अभिभावकहरूलाई स्थानीय तहबाट प्रदान गरिने रोजगार कार्यक्रममा प्राथमिकता दिइनेछ।<br>७.२ विपन्न र अतिविपन्न सीमान्तकृत जातिका बालबालिकाहरूलाई लक्षित गरी दलित शिक्षा अभियान सञ्चालन गरिनेछ।<br>७.३ लक्षित वर्गलाई शिक्षामा दिइआएको सुविधालाई थप गर्दै लगिनेछ।<br>७.४ मधेशी दलित, मुस्लिम र महिलाका लागि शिक्षा क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |
| ८. विद्यालय शिक्षालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री र समावेशी बनाउने। | ८.१ अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि विशेष प्रबन्ध गरिनेछ।<br>८.२ **"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ"** अभियानलाई थप प्रभावकारीताका साथ विस्तार गरिनेछ।<br>८.३ नैतिक शिक्षालाई अभियानका रूपमा सञ्चालन गर्न **"प्रदेश प्रमुख"** नैतिक शिक्षा अभियान सञ्चालन गरिनेछ।<br>८.४ विद्यालयहरूमा बालमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ। |
| ९. सङ्घीय तथा स्थानीय तहसँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने। | ९.१ नमुना बालविकास केन्द्र स्थापना र सञ्चालनको लागि स्थानीय तहलाई सहयोग गरिनेछ।<br>९.२ विद्यालय भर्ना अभियान र प्रोत्साहनमूलक कार्यक्रमका लागि स्थानीय तहलाई सहयोग प्रदान गरिनेछ।<br>९.३ गुरुकुल, विहार, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई सहयोग गरिनेछ ।<br>९.४ शिक्षामा स्थानीय तहहरूबिच प्रतिस्पर्धाको भावना सिर्जना गर्नको लागि स्थानीय तहलाई प्रदान गर्नेगरी प्रदेश शिक्षा पुरस्कारको व्यवस्था गरिनेछ।<br>९.५ माध्यमिकसम्मको शिक्षा सबैको पहुँचमा पुर्‍याउन स्थानीय तहलाई सहयोग गरिनेछ।<br>९.६ मदरसा शिक्षालाई राष्ट्रिय शिक्षा नीतिको मूलप्रवाहसँग जोडिनेछ।<br>९.७ विद्यालय तथा क्याम्पसमा रिक्त रहेका शिक्षक तथा कर्मचारी दरवन्दी परिपूर्ति गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १०. विभिन्न कारणले विद्यालयबाहिर रहेका र विद्यालय छाड्ने बालबालिकालाई विद्यालयमा ल्याउने वातावरण मिलाइनेछ। | १०.१ विद्यालय छाड्न बाध्य बालबालिकाहरूलाई विद्यालय आउनका लागि आवश्यक सहयोग गरिनेछ।<br>१०.२ बालबालिकाको आधारभूत तहको शैक्षिक सुधारका लागि अभिभावक शिक्षा सञ्चालन गरिनेछ।<br>१०.३ आधारभूत तहमा मातृभाषामा पठनपाठनको व्यवस्था मिलाइनेछ।<br>१०.४ अत्यन्त पिछडिएका र दुर्गम क्षेत्रमा साक्षरता अभिवृद्धिका लागि एकल शिक्षक विद्यालयलाई प्रवर्धन गरिनेछ। |

### ६.१.६ प्रमुख कार्यक्रमहरू

१. भौतिक पूर्वाधार विकास
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम
३. उच्च शिक्षा सुधार कार्यक्रम
४. शिक्षकका लागि क्षमता विकास कार्यक्रम
५. विशेष शिक्षा कार्यक्रम
६. अनुसन्धान सहयोग कार्यक्रम
७. लक्षित वर्ग सहयोग कार्यक्रम
८. पोषणयुक्त दिवा खाजा कार्यक्रम
९. प्रदेश स्रोत केन्द्र स्थापना
१०. पोलिटेक्निक कलेज स्थापना
११. विद्यालयहरूमा सूचना प्रविधि विस्तार कार्यक्रम
१२. पुस्तकालय विकास कार्यक्रम
१३. विद्यालयबाहिर रहेका बालबालिका लक्षित कार्यक्रम
१४. बालमैत्री शिक्षा कार्यक्रम
१५. विद्यालयहरूमा छात्रामैत्री, अपाङ्गमैत्री, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री शौचालय निर्माण
१६. उच्च शिक्षामा किशोरकिशोरीहरूको पहुँच वृद्धि कार्यक्रम
१७. अपाङ्गमैत्री विद्यालय सञ्चालन
१८. विद्यालय जाने उमेरभन्दा बाहिरका किशोर किशोरीहरूका लागि अनौपचारिका शिक्षा कार्यक्रम
१९. विद्यालयहरूमा कमाउँदै पढ्दै कार्यक्रम
२०. खुला शैक्षिक पार्क तयारी
२१. स्वयंसेवक शिक्षक कार्यक्रम
२२. प्रदेश साक्षरता कार्यक्रम
२३. मुख्यमन्त्री साक्षरता अभियान सञ्चालन
२४. मधेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना
२५. नमुना विद्यालय कार्यक्रम
२६. साइन्स पार्क एवम् प्लानेटोरियम निर्माण
२७. प्रदेश छात्रावास सञ्चालन
२८. मधेश आन्दोलनका सहिद तथा घाइते परिवारका सन्तानलाई शिक्षा कार्यक्रम
२९. एमबिबिएस (MBBS) अध्यापन कार्यक्रम सञ्चालन
३०. शैक्षिक तथा खेलकुद केन्द्र (Education and Sports Hub) को स्थापना
३१. शिक्षा क्षेत्रमा उल्लेख्य योगदान गर्ने दाताहरूका लागि सम्मान कार्यक्रम

### ६.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | साक्षरता दर (५ वर्षमाथिको) | प्रतिशत | ६३.५ | ८० |
| २. | पूर्वबाल शिक्षा विकासमा कुल भर्ना दर (Flash Report I २०८०) | प्रतिशत | ९१.८ | ९५ |
| ३. | आधारभूत तहको खुद भर्नादर (कक्षा १-८ (Flash Report I २०८०) | प्रतिशत | ९४.६ | ९७ |
| ४. | माध्यमिक तहको कुल भर्नादर (कक्षा ९-१२) (Flash Report I २०८०) | प्रतिशत | ७०.३ | ८०. |
| ५. | कक्षा १ मा भर्ना भएका मध्ये आधारभूत तह (कक्षा ८) पुग्ने विद्यार्थीको अनुपात (Flash Report I २०८०) | प्रतिशत | ८४.२ | ९०.० |
| ६. | कक्षा १ मा भर्ना भएका मध्ये माध्यमिक तह (कक्षा १२) पुरा गर्ने विद्यार्थीको अनुपात (Flash Report I २०८०) | प्रतिशत | ३४.६ | ५० |

**नोटः** यसमा तालिकामा स्रोत खुलाइएका बाहेक अन्य तथ्याङ्कहरू सम्बन्धित मन्त्रालयबाट उपलब्ध गराइएका हुन्।

## ६.२ स्वास्थ्य तथा पोषण

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ र यो व्यवस्था संविधानको धारा ३५ मा रहेको छ। नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने र प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारका सम्बन्धमा जानकारी पाउने हक संविधानले सुनिश्चित गरेको छ । स्वास्थ्य सेवामा समान पहुँच हुने र स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको व्यवस्था पनि संविधानले गरेको छ। स्वास्थ्यलाई प्रदेशको एकल अधिकार र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा समावेश गरिएको छ। संवैधानिक अधिकार तथा जिम्मेवारीलाई कार्यविस्तृतीकरण मार्फत थप स्पष्ट पारिएको छ । दिगो विकास लक्ष्य २ मा खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र लक्ष्य ३ मा सबै उमेरका मानिसहरूका लागि स्वस्थ जीवन सुनिश्चित गर्ने कुरा उल्लिखित छ।

मधेश प्रदेशमा आधा घण्टाको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको जनसङ्ख्या ८८ प्रतिशत रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको २०७८ को प्रतिवेदनअनुसार मधेश प्रदेशमा मातृ मृत्युदर प्रति एक लाखमा १४० रहेको छ। सन् २०२२ जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार ५ वर्षमुनिको बाल मृत्युदर प्रति एक हजार जीवित जन्ममा ४३, नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) २७ प्रतिशत, शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३८ रहेको छ (NDHS, २०२२)। त्यसैगरी पूर्णखोप कभरेज ४२ प्रतिशत रहेको छ । मधेश प्रदेशमा ४० प्रतिशतले किशोरावस्थामा गर्भधारण गर्ने गरेका छन्। त्यसैगरी पुड्कोपन हुने बालबालिकाहरू २९ प्रतिशत, कम तौल हुने बालबालिकाहरू २७ प्रतिशत, ख्याउटेपन भएका बालबालिकाहरू १० प्रतिशत रहेका छन्। यस प्रदेशमा प्रोटोकोल अनुसार (४ पटक)को संस्थागत गर्भ जाँच गराउने गर्भवतीहरू ७१.६ प्रतिशत, संस्थागत प्रसुति सेवा लिने गर्भवतिहरू ६४.८ प्रतिशत, प्रोटोकोल अनुसार (३ पटक)को संस्थागत सुत्केरी जाँच (PNC) गराउने सुत्केरी महिलाहरू केवल ३०.३ प्रतिशत, दक्ष प्रसुतिकर्मीहरूबाट प्रसुति गराउने गर्भवतीहरू ६८ प्रतिशत रहका छन्। यस प्रदेशमा सार्वजनिक अस्पताल १८, प्राथमिक स्वास्थ्य केन्द्र ३२, स्वास्थ्य चौकी ७४०, बर्थिङ सेन्टर १९५, निजी, सामुदायिक तथा गैर सरकारी स्वास्थ्य संस्था २५० र आधारभूत स्वास्थ्य सेवा केन्द्र १२१७ रहेका छन् । त्यसैगरी यस प्रदेशमा ३०० शय्याभन्दा माथिका ३ ओटा प्रतिष्ठान तथा शिक्षण अस्पतालहरू रहेका छन् ।

नीतिगत व्यवस्थाका रूपमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न नीति, कानुन, योजनाहरू कार्यान्वयनमा रहेका छन्। सङ्घीय तहमा नेपाल स्वास्थ्य क्षेत्र-रणनीतिक योजना(२०७९/८०-२०८७/८८) कार्यान्वयमा रहेको छ भने प्रदेश तहमा स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ कार्यान्वयनमा रहेको छ। त्यसैगरी मधेश प्रदेशले स्वास्थ्य सेवा ऐन, २०७८ र विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा परिचालन कार्यविधि, २०७७ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

### ६.२.२ अवसर र सम्भावना

हाल मधेश प्रदेशमा १८ ओटा सार्वजनिक अस्पताल, ३२ ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ७४० स्वास्थ्य चौकी, १९५ ओटा बर्थिङ सेन्टर २५० ओटा निजी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्था र १२१७ आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू सञ्चालनमा रहनु यस प्रदेशको स्वास्थ्य क्षेत्रका लागि अवसरहरूका रूपमा लिन सकिन्छ । विकेन्द्रित नेतृत्व, सुशासन, प्रमाणमा आधारित योजना र बजेट तर्जुमा परिपाटीको विकास हुनु, तीन तहका सरकारबिचको समन्वय र सहकार्य थप प्रभाकारी हुँदै जानु, स्वास्थ्यलाई सबै तहका सरकारले विकासको अभिन्न अङ्गका रूपमा प्राथमिकता दिनु, स्थानीय तहमा स्वास्थ्य क्षेत्रले बढ्दो राजनीतिक प्रतिवद्धता र प्राथमिकता प्राप्त गर्नु, सडक, विद्युत् र सूचना प्रविधिको विस्तार हुनु, निजी क्षेत्रको संलग्नता तथा दातृ निकायहरूको सहयोग प्राप्त हुनु पनि स्वास्थ्य क्षेत्रका लागि अवसरहरू हुन्। त्यसैगरी ३०० शय्याभन्दा माथिका ३ ओटा प्रतिष्ठान तथा शिक्षण अस्पतालहरू सञ्चालनमा आउनु यस प्रदेशका लागि ठुलो अवसर मान्न सकिन्छ। अन्न भण्डारका रूपमा चिनिएको भूगोल हुनु, पोषणप्रतिको सचेतना वृद्धि हुँदै जानु, मानिसहरूको आयस्तर बढ्दै जानु र बजारको विस्तार हुँदै जानु पोषणका क्षेत्रमा रहेका अवसरहरू हुन्। हाल भएका स्वास्थ्य संस्थाहरूको सुदृढीकरण र स्तरोन्नीबाट प्रदेशबासीलाई स्वास्थ्य सेवा प्रदान गर्न सकिने र मधेशभित्रकै उत्पादनबाट यहाँका नागरिकहरूलाई पोषणयुक्त खाना प्रदान गर्न सकिने राम्रो सम्भावना देखिन्छ ।

### ६.२.३ समस्या र चुनौती

बहुसङ्ख्यक नागरिक सर्वसुलभ र गुणस्तरीय, सर्वव्यापी आधारभूत सेवा एवम् विशिष्टकृत स्वास्थ्य सेवाको पहुँचबाट टाढा हुनु, बालमृत्यु दर, शिशुमृत्यु दर, नवजात शिशुमृत्यु दर नेपालका सबै प्रदेशहरू मध्ये उच्च हुनु, कुपोषणको दर उच्च हुनु, विपन्न, सीमान्तकृत र जोखिमपूर्ण अवस्थामा रहेका वर्ग, क्षेत्र तथा समुदाय गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाहिर हुनु स्वास्थ्य क्षेत्रमा रहेका प्रमुख समस्या हुन्। बालविवाह, न्यून महिला साक्षरता, पितृसत्तात्मक सोच कायमै रहनु, आर्थिक अवस्था कमजोर हुनु, जनसङ्ख्याको तुलनामा स्वास्थ्य क्षेत्रमा लगानी कम हुनु, लगानीअनुसारको उपलब्धि हासिल हुन नसक्नु, स्वास्थ्य बीमाको कभरेज न्यून (७ प्रतिशत भन्दा कम) हुनु, कीटजन्य रोग र प्राकृतिक विपद्बाट मानवीय स्वास्थ्यमा पर्ने जोखिम उच्च हुनु, गुणस्तरीय विशेषज्ञ सेवा र औषधी सर्वसुलभ नहुनु, नियमन प्रणाली कमजोर हुनु पनि स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरू हुन् । कमजोर संस्थागत क्षमता, अनुसन्धान संस्कृतिको कमी, अनुसन्धान संस्था/व्यक्ति र नीति निर्माताहरू बिचको अपर्याप्त सहकार्य, सूचना प्रणालीको गुणस्तर पनि स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरू हुन्।

सर्ने रोगहरूबाट हुने मृत्युमा कमी आएतापनि नसर्ने रोगहरूबाट मृत्यु हुनेको सङ्ख्या बढ्दै जानु अर्को समस्याका रूपमा देखापर्न थालेको छ र यसको उपचारको खर्च धान्न व्यक्ति तथा सरकारको लागि ठुलो चुनौतीको रूपमा देखा परेको छ । अति सङ्क्रामक रोग वा नयाँ देखापर्न सक्ने महामारीजन्य रोगहरूको नियन्त्रण पनि चुनौतीपूर्ण रहेको छ। त्यसैगरी अन्नभण्डार र कुपोषणबीचको विरोधाभासको अवस्था अन्त्य गर्नु मधेश प्रदेश सरकारका लागि एउटा ठुलो चुनौती रहेको छ। त्यसैगरी मातृमृत्यु दरमा कमी ल्याउनु, पाँच वर्षमुनिका बालबालिका र प्रजनन उमेर समूहका महिलामा हुने न्यून पोषणको समस्या हल गर्नु, महिलामा हुने बढ्दो रक्त अल्पता कम गर्नु, बढ्दो अधिक पोषण नियन्त्रण गर्नु, जलवायु परिवर्तन, असुरक्षित खाद्यान्न, प्राकृतिक विपद्को दुर्घटनाबाट मानवीय स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्नु, छरिएर रहेका निःशुल्क सेवा सुविधाहरूलाई बीमाको दायराभित्र ल्याउनु चुनौतीपूर्ण रहेको छ। सुशासन कायम गर्नु, स्वास्थ्य सेवा सर्वव्यापी आम नागरिकहरूको पहुँचमा पुर्‍याउनु पनि हाल चुनौतीपूर्ण देखिएका छन्।

### ६.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्वस्थ र सुखी नागरिक

**लक्ष्यः** शारीरिक, मानसिक र सामाजिक रूपले स्वस्थ नागरिक तयार गर्ने।

**उद्देश्यः**

१. गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकहरूको समान र सर्वसुलभ पहुँच विस्तार गर्नु।
२. स्वास्थ्य प्रवर्धन तथा रोग रोकथामका लागि बहुक्षेत्रीय समन्वय र सहकार्यलाई सुदृढ गर्नु।
३. तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु।
४. जवाफदेहिता, पारदर्शिता र सेवा उन्मुख स्वास्थ्य सेवा प्रणालीको विकास गर्नु।

### ६.२.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत, आकस्मिक तथा विशिष्टीकृत (मुटु रोग, मृगौला, क्यान्सर, नाक, कान घाँटी तथा मुखको रोगसम्बन्धी) स्वास्थ्य सेवाको विस्तार एवम् सर्वसुलभ पहुँचको सुनिश्चितता गर्ने। | १.१ प्रत्येक पालिकामा सामुदायिक/स्थानीय अस्पताल स्थापना गरिनेछ।<br>१.२ प्रादेशिक अस्पतालहरूलाई कम्तीमा १०० शैय्याको अस्पतालको रूपमा विस्तार गरिनेछ।<br>१.३ प्रादेशिक अस्पताल, जनकपुरलाई ५०० शय्या क्षमताको बनाइनेछ।<br>१.४ मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल जनकपुरलाई क्यान्सर अस्पताल, जलन अस्पतालका साथै अन्य विशिष्टीकृत सेवासहितको अस्पतालका रूपमा विकास एवम् विस्तार गरिनेछ।<br>१.५ प्रादेशिक अस्पताल जनकपुर र काठमाडौंको गङ्गालाल अस्पतालसँगको सहकार्यमा हृदयरोग उपचारको लागि युनिट स्थापना गरिनेछ।<br>१.६ नारायणी अस्पताल, वीरगन्जलाई हृदयरोग केन्द्रको रूपमा विकास गरिनेछ।<br>१.७ बाराको झिटकैयामा सरुवा रोग अस्पताल स्थापना तथा सञ्चालन गरिनेछ।<br>१.८ बाराको पथलैयामा ट्रमा अस्पताल स्थापना र सञ्चालन गरिनेछ।<br>१.९ सर्लाहीको धनकौलमा आमा तथा बाल अस्पताल सञ्चालनमा ल्याइनेछ।<br>१.१० रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान राजविराजलाई सञ्चालनमा ल्याइनेछ।<br>१.११ गजेन्द्रनारायण सिंह अस्पतालको स्तरोन्नति गरिनेछ।<br>१.१२ प्रत्येक प्रादेशिक अस्पतालमा डाइलाइसिस, फिजियोथेरापी, विशिष्टीकृत निदान लगायतका उपचार सेवा विस्तार गरिनेछ।<br>१.१३ प्रत्येक स्वास्थ्य संस्थामा मनोसामाजिक परामर्श सेवालाई थप विस्तार गरिनेछ।<br>१.१४ स्वास्थ्य सेवाबाट बञ्चित समुदाय/वर्गको पहिचान गरी आवश्यकता अनुरूप सेटलाइट क्लिनिक/ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। |
| २. आयुर्वेद, योगा, युनानि, होमियोप्याथीलगायतका अन्य स्वास्थ्य उपचार पद्धतिहरूको विकास एवम् विस्तार र एकीकृत स्वास्थ्य प्रणालीबाट सेवा प्रदान गर्ने। | २.१ प्रत्येक स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना र सञ्चालन गरिनेछ।<br>२.२ प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, जनकपुरलाई १५० शय्याको प्रादेशिक अस्पताल बनाइनेछ।<br>२.३ प्रत्येक प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा पञ्चकर्म सेवा, क्षारसुत्र, अग्नि कर्म, विध कर्म, अग्नि चिकित्सा, मर्म चिकित्सा, अक्युपञ्चर, फिजियोथेरापी, अन्तरङ्ग सेवालगायतका सेवाहरू विस्तार गरिनेछ।<br>२.४ योग, आयुर्वेद, होमियोप्याथी तथा अन्य प्राकृतिक र वैकल्पिक चिकित्सा पद्धतिहरूलाई अस्पतालहरूसँग क्रमशः आबद्ध गर्दै लगिनेछ। |
| ३. नवजात शिशु स्वास्थ्य, बालबालिका, किशोर-किशोरी, गर्भवती, सुत्केरी आमा तथा वृद्ध-वृद्धाको स्वास्थ्य र पोषण प्रवर्धन र विस्तार गर्ने। | ३.१ नवजान शिशु, पाँच वर्षमुनिका बालबालिका, गर्भवती तथा सुत्केरी आमाको स्वास्थ्य, पोषण तथा खोप कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>३.२ किशोर-किशोरीहरूमा यौन तथा प्रजनन स्वास्थ्य तथा पोषणको अवस्था सुधार र किशोरीहरूमा महिनावारी व्यवस्थापन गर्न एक विद्यालय-एक नर्स कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ पोषणसँग सम्बन्धित सबै निकायहरूको समन्वयमा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.४ बृहत पोषण सुधार योजना निर्माण तथा कार्यान्वयन गरिनेछ।<br>३.५ ज्येष्ठ नागरिकको स्वास्थ्य अधिकारको रक्षा गर्न स्वास्थ्य संस्थाहरूलाई क्रमशः ज्येष्ठ नागरिकमैत्री बनाउँदै स्वास्थ्य सेवाको विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.६ प्रजनन स्वास्थ्य रुग्णता जस्तैः Pelvic Organ Prolapse, Fistula सम्बन्धी परीक्षण, परामर्श, उपचार तथा प्रेषण सेवा विस्तार गरिनेछ।<br>३.७ दम्पतीमा हुने बाँझोपनको बढ्दो समस्या न्यूनीकरण गर्न वीर्य परीक्षण तथा परामर्श सेवा विस्तार गरिनेछ।<br>३.८ स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजार प्रवर्धनलाई निरुत्साहित गरिनेछ।<br>३.९ महिला स्वास्थ्य स्वयंसेविकाहरूमार्फत समुदायमा खाद्य सुरक्षा तथा पोषणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४. सरुवा, नसर्ने तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचार सेवा प्राथमिकताका साथ विस्तार गर्ने। | ४.१ सरुवा रोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने नीति, योजना, पूर्वाधार, र जनशक्तिको विकास गर्दै स्थानीय तहसँगको सहकार्य र समन्वयमा रोकथाम तथा नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ।<br>४.२ नसर्ने रोगहरूबाट रोकथाम तथा नियन्त्रणका लागि खानपान र जीवनशैलीमा परिवर्तन गर्न व्यक्ति, परिवार तथा समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४.३ नसर्ने रोगहरूको निदान तथा उपचार सेवालाई स्थानीय तहसम्म विस्तार गरिनेछ।<br>४.४ मदिरा सेवन तथा लागु पदार्थको दुर्व्यसन रोक्न विभिन्न सरोकारावाला निकायहरूसँग आवश्यक सहकार्य तथा समन्वय गरिनेछ ।<br>४.५ सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा सडक दुर्घटना न्यूनीकरणसम्बन्धी विशेष अभियान सञ्चालन गरिनेछ।<br>४.६ कीटजन्य रोगको रोकथाम, नियन्त्रण, निवारण तथा व्यवस्थापनका लागि आवश्यक रणनीति, निर्देशिका तयारी र कार्यान्वयन गरिनेछ।<br>४.७ कीटजन्य रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि स्थानीय तहलाई आवश्यक पर्ने सहयोग तथा समन्वय गरिनेछ।<br>४.८ महामारीजन्य रोगहरू जस्तै डेङ्गी, मलेरियाको नियन्त्रणको पूर्वतयारी तथा व्यवस्थापनका लागि निर्देशिका तयारी र कार्यान्वयन गरिनेछ।<br>४.९ सरुवा, नसर्ने तथा कीटजन्य रोगहरूको रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ५. स्वास्थ्य बीमा कार्यक्रममार्फत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने। | ५.१ स्वास्थ्य बीमा कार्यक्रममा जनताको आबद्धता वृद्धि गर्न समुदायस्तरमा बीमा कार्यक्रमसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.२ ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ।<br>५.३ विपन्न तथा लक्षित वर्गलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ।<br>५.४ स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने औषधि-उपचारको दायरा क्रमशः वृद्धि गरिनेछ। |
| ६. स्वास्थ्य संस्थाहरूमा आवश्यक दक्ष स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्ने। | ६.१ स्वास्थ्य जनशक्ति उत्पादनका लागि प्रदेशस्थित मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा अन्य विश्वविद्यालयसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>६.२ प्रत्येक स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दीअनुसारको जनशक्ति परिपूर्ति गरिनेछ।<br>६.३ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि वैज्ञानिक पद्धतिअनुसार स्वास्थ्य जनशक्तिको प्रक्षेपण र विकास गरिनेछ।<br>६.४ स्वास्थ्य जनशक्तिको ज्ञान र सिप विकासका लागि आवश्यकताअनुरूप पुनर्ताजगी तथा क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६.५ स्वास्थ्य जनशक्तिलाई स्वेदश तथा विदेशमा आयोजना हुने तालिम, गोष्ठी, सेमिनार तथा सम्मेलनमा सहभागी हुने अवसर मिलानेछ।<br>६.६ स्वास्थ्य संस्थाहरूको सङ्गठन र व्यवस्थापन सर्वेक्षणका लागि स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवा, जनघनत्व र सेवाग्राहीको चाप तथा रोगको प्रकोपलाई आधार मानी सम्बन्धित स्वास्थ्य संस्थाहरूको दरबन्दी स्वीकृत गराइनेछ।<br>६.७ दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन, व्यवस्थापनका साथै सिप विकासका लागि अन्य सरोकारवाला निकायसँग समन्वय गरिनेछ।<br>६.८ जिल्लाका सबै प्रदेश स्तरीय अस्पतालहरूमा MDGP, Anesthesia Assistant, BMELT, BMET जस्ता प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ। |
| ७. गुणस्तरीय तथ्याङ्क र तथ्यका आधारमा नीति तथा कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्ने। | ७.१ स्वास्थ्य सूचना प्रणालीलाई प्रविधिमैत्री बनाउँदै हरेक स्वास्थ्य संस्थाहरूबाट प्रत्यक्ष रेकर्डिङ तथा रिपोर्टिङ गर्ने व्यवस्था मिलाइनेछ।<br>७.२ गुणस्तरीय तथ्याङ्क सङ्कलन तथा प्रयोगको लागि हरेक स्वास्थ्य संस्थामा इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR), इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड (EHR) सेवा विस्तार गरिनेछ।<br>७.३ निजी स्वास्थ्य संस्थाहरूबाट प्रवाह भएका स्वास्थ्य सेवाहरूको विवरण राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीमा रिपोर्टिङ हुने व्यवस्था मिलाइनेछ।<br>७.४ स्वास्थ्य कार्यालय तथा अस्पतालहरूबाट सञ्चालित कार्यक्रमहरूको प्रगति, सञ्चालनका क्रममा देखिएका कमी कमजोरीहरू तथा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गर्न वार्षिक तथा अर्ध-वार्षिकरूपमा समीक्षा गोष्ठी सञ्चालन गरिनेछ।<br>७.५ वार्षिक कार्ययोजना तथा बजेट, निति तथा कार्यक्रमहरूलाई यथार्थपरक र परिणाममुखी बनाउन उपलब्ध भएका प्रमाण तथा तथ्याङ्कको प्रयोग गरिनेछ। |
| ८. जनस्वास्थ्यका समस्याहरूलाई पहिचान, न्यूनीकरण तथा समाधान गर्न अध्ययन तथा अनुसन्धान गर्ने। | ८.१ स्वास्थ्य अनुसन्धानका प्राथमिकताहरूमा अध्ययन तथा अनुसन्धान गर्न वैज्ञानिक, स्वास्थ्य अनुसन्धानकर्ता, विद्यार्थी, विश्वविद्यालय तथा प्रतिष्ठानहरूलाई प्रोत्साहन गरिनेछ।<br>८.२ मधेश प्रदेशमा जनस्वास्थ्य समस्याका रूपमा रहेका विभिन्न रोगहरूको अध्ययन तथा अनुसन्धान गरिनेछ।<br>८.३ मधेश प्रदेशलगायत नेपालभित्र र बाहिर गरिएका स्वास्थ्य अनुसन्धानहरूको नतिजा तथा निष्कर्षहरूको प्रचारप्रसार र जनस्वास्थ्य समस्या तथा चुनौतीहरूमा केन्द्रित छलफल गर्न जनस्वास्थ्य सम्मेलन आयोजना गरिनेछ। |
| ९. सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, औषधी तथा उपकरणहरूको उपलब्धता एवम् उपभोगको सुनिश्चितता गर्ने। | ९.१ अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका, किशोर-किशोरी, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक वृद्ध-वृद्धाहरू तथा शारीरिक र मानसिकरूपमा अशक्त व्यक्तिहरूको स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न भौतिक संरचनाहरू समावेशी पहुँचयुक्त निर्माण गरिनेछ।<br>९.२ प्रदेशस्तरीय अस्पतालहरूलाई क्रमशः आधुनिक तथा प्रविधिमैत्री बनाउँदै टेलिमेडिसिन, हटलाइन जस्ता सेवा विस्तार गरिनेछ।<br>९.३ प्रदेशभित्र र बाहिर उत्पादन भई बिक्री हुने औषधीजन्य सामग्रीहरूको गुणस्तर सुनिश्चित गरिनेछ।<br>९.४ औषधी तथा औषधिजन्य स्वास्थ्य सामग्रीको समुचित प्रयोगको सुनिश्चितता एवम् प्रवर्धनका लागि आवश्यक मापदण्ड तयार पारी कार्यान्वयन गरिनेछ।<br>९.५ औषधीजन्य फोहोर व्यवस्थापन (Healthcare waste management) का लागि विभिन्न सरोकारवाला निकायहरूसँग समन्यव गर्दै प्रदेशस्तरीय रणनीति तथा कार्ययोजना तयार गरिनेछ।<br>९.६ जिल्लाका सबै प्रदेशस्तरीय अस्पतालहरूमा USG र स्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| १०. स्वास्थ्य प्रणालीमा सुशासन, नेतृत्व, पारदर्शिता तथा जवाफदेहिताको विकास गर्ने। | १०.१ स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवाका बारेमा जानकारी दिन हरेक स्वास्थ्य संस्थाहरूका परिसरभित्र सबैले देख्नेगरी नागरिक बडापत्र राखिनेछ।<br>१०.२ **"सबै नीतिमा स्वास्थ्य"** भन्ने अवधारणालाई स्थापित गर्न नीति-निर्माता र अन्य सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई अभिमुखीकरण तथा पैरवी गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१०.३ प्रत्येक स्वास्थ्य संस्थाहरूको वार्षिक रूपमा सामाजिक परीक्षण गरिनेछ।<br>१०.४ स्वास्थ्य संस्थाहरूले प्रदान गरेका सम्पूर्ण सेवाहरूको विश्लेषण तथा प्रगति विवरणसहित वार्षिक प्रतिवेदन तयार गरिनेछ। |
| ११. स्वास्थ्य सेवा प्रणालीको विकास एवम् विस्तारमा समुदाय, सार्वजनिक तथा निजी क्षेत्रको सहभागिता, साझेदारी र समन्वय बढाउने। | ११.१ गुणस्तरीय समावेशी स्वास्थ्य सेवा प्रवाहमा निजी, सामुदायिक एवम् सहकारी क्षेत्रको लगानी, सहभागिता र साझेदारीको विकास एवम् विस्तारका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरिनेछ।<br>११.२ स्वास्थ्य सेवा विस्तारमा निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>११.३ जनस्वास्थ्यका समावेशी नीति, योजना तथा कार्यक्रमहरूको निर्माण, कार्यान्वयन साथै अनुगमन तथा मूल्याङ्कन कार्यहरूमा जनसमुदायको सहभागिता सुनिश्चित गरिनेछ।<br>११.४ विकास साझेदार संस्थाहरूका स्रोत, साधन तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था गरी समन्वयन र सहकार्यमा जोड दिइनेछ। |
| १२. स्वास्थ्य नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि बजेटको यथोचित व्यवस्था तथा बिनियोजन गर्ने। | १२.१ वार्षिक कार्यक्रम र बजेट तर्जुमा रोगको भार, दिगो विकास लक्ष्यहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू तथा स्वास्थ्य क्षेत्रका प्रमुख सूचकहरू समेतका आधारमा गरिनेछ।<br>१२.२ विश्व स्वास्थ्य सङ्गठनको मान्यताअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्न पैरवी गरिनेछ।<br>१२.३ स्वास्थ्य क्षेत्रमा विनियोजित बजेटको खर्च गर्नसक्ने क्षमता अभिवृद्धि गर्न आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ। |

### ६.२.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेशस्तरीय अस्पतालहरूको आधुनिकीकरण र प्रविधिमैत्री उपकरणहरू जडान
२. प्रदेश सरकार मातहतका अस्पतालहरूलाई आधुनिक प्रविधिसहित १०० बेडमा स्तरोन्नति गर्ने कार्यक्रम
३. सरुवा तथा महामारी नियन्त्रण अस्पताल निर्माण
४. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सुदृढीकरण कार्यक्रम
५. मुख्यमन्त्री स्वास्थ्य सुधार कार्यक्रम
६. रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, राजविराजको स्थापना
७. पूर्ण सुरक्षित मातृत्व प्रदेश कार्यक्रम
८. अस्पताल सुदृढीकरण कार्यक्रम
९. ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य बीमा कार्यकम
१०. स्वास्थ्य संस्थामा इलेक्ट्रोनिक मेडिकल रेकर्ड (EMR), इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड (EHR) विस्तार कार्यक्रम
११. पोषणयुक्त प्रदेश घोषणा कार्यक्रम
१२. प्रदेशको स्वास्थ्य नीति तथा कानुन निर्माण तथा परिमार्जन

१३. नसर्ने रोगको अनुसन्धान
१४. प्रदेश स्वास्थ्य आपतकालीन केन्द्र र एम्बुलेन्स डिसप्याच केन्द्र सुदृढीकरण कार्यक्रम
१५. स्वास्थ्य क्षेत्र अनुगमन तथा मूल्याङ्कन समूह (M & TWG) को क्षमता विकास कार्यक्रम
१६. प्रत्येक वडामा स्वास्थ्य तथा आरोग्य केन्द्र सञ्चालन
१७. स्वास्थ्य फोहोर व्यवस्थापन कार्यक्रम
१८. आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार एवम् गुणस्तर सुधार कार्यक्रम
१९. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन
२०. सर्पदंश उपचार केन्द्र स्थापना र सञ्चालन
२१. स्वास्थ्य सूचना प्रणाली सुदृढीकरण
२२. अस्पतालहरूको क्षमता विस्तार तथा सेवाको गुणस्तर सुधार
२३. प्रादेशिक स्वास्थ्य प्रयोगशाला स्तरोन्नति
२४. प्रादेशिक स्वास्थ्य अनुसन्धान केन्द्रको क्षमता विकास कार्यक्रम
२५. स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा
२६. खोप कार्यक्रम
२७. सरुवा तथा नसर्ने रोग नियन्त्रण
२८. बहुक्षेत्रीय पोषण कार्यक्रम
२९. आयुर्वेद अस्पताल सुदृढीकरण कार्यक्रम
३०. कडा प्रकृतिका रोगहरूको विशिष्टीकृत प्रदेशस्तरीय अस्पताल निर्माण
३१. महिला स्वास्थ्य स्वयंसेविकाहरूको सुविधामा समयानुकूल परिमार्जन
३२. स्थानीय अस्पताल सहयोग कार्यक्रम
३३. पिछडिएको समुदायमा खोपसम्बन्धी सचेतना कार्यक्रम
३४. स्थानीय तहलाई एम्बुलेन्स सहयोग कार्यक्रम
३५. न्युरो अस्पताल निर्माण
३६. बर्न हस्पिटल स्थापना
३७. मानसिक अस्पताल स्थापना
३८. योग तथा ध्यान केन्द्र, आश्रम एवम् खुला व्यायामशाला स्थापना
३९. मनोपरामर्श सेवा सञ्चालन
४०. प्रदेशस्तरीय प्राकृतिक चिकित्सालय स्थापना
४१. रक्त सञ्चार सेवा सहयोग कार्यक्रम
४२. मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम

### ६.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | अपेक्षित आयु (जन्म हुँदाको बखत) | वर्ष | ७१.८ | ७३ |
| २. | आधा घण्टाको दुरीमा स्वास्थ्य सेवामा पहुँच | प्रतिशत | ८१.५ | १०० |
| ३. | मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) (दिविल ३.१) | सङ्ख्या | १४० | १०० |
| ४. | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) (दिविल ३.२) | सङ्ख्या | ४३ | २० |
| ५. | कुपोषण दर (पुड्कोपन) (दिविल २.२) | प्रतिशत | २९ | १५ |
| ६. | प्रोटोकोलअनुसार (४ पटक) संस्थागत गर्भ जाँच (दिविल ३.८) | प्रतिशत | ७१.६ | ९० |

## ६.३ जेष्ठ नागरिक

### ६.३.१ पृष्ठभूमि

ज्येष्ठ नागरिक राज्यका अमूल्य सम्पत्ति हुन् । उनीहरू सिप, अनुभव र ज्ञानका पुञ्ज हुन्। उनीहरूमा रहेको सिप, ज्ञान र अनुभवबाट समाजले ठुलो लाभ लिन सक्दछ । ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, मर्यादा तथा सद्भाव अभिवृद्धि गर्न जरुरी छ । जेष्ठ नागरिकसम्बन्धी ऐन २०६३ ले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई जेष्ठ नागरिकरूपमा परिभाषित गरेको छ । त्यसैगरी सो कानुनले पालनपोषणका लागि आम्दानीको कुनै स्रोत नभएको, हेरचाह गर्ने कोही व्यक्ति नभएको र परिवारको सदस्य भए पनि हेरचाह नपाई अपहेलित वा उपेक्षित अवस्थामा रहेका ज्येष्ठ नागरिकालाई असहाय ज्येष्ठ नागरिक र शारीरिक वा मानसिकरूपले असक्त ज्येष्ठ नागरिकलाई असक्त ज्येष्ठ नागरिकका रूपमा परिभाषित गरेको छ । ज्येष्ठ नागरिकहरूको जीवनलाई सहज र मर्यादित बनाउनु राज्यको पनि दायित्व हो । नेपालको संविधानको धारा १८, ४१ र ४२ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था रहेको छ। सामाजिक सुरक्षा सङ्घ र प्रदेशको साझा अधिकारको सूची एवम् सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका कारण सामाजिक सुरक्षा प्रदेश सरकारको पनि जिम्मेवारीको क्षेत्र हो । त्यसैअनुसार आवधिक योजनामा ज्येष्ठ नागरिक क्षेत्रलाई समावेश गरिएको छ। दिगो विकास लक्ष्यले ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, सेवाप्रवाहहरू ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने जस्ता विषयहरूलाई समावेश गरेको छ ।

मधेश प्रदेशमा ज्येष्ठ नागरिकहरू (६० वर्ष माथि) को जनसङ्ख्या ५ लाख ५९ हजार १०७ रहेको छ जसमध्ये ६८ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या २ लाख ७९ हजार ९०६ रहेको छ । नेपालीहरूको सरदर आयु बढेसँगै नेपालमा ज्येष्ठ नागरिकको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ। नेपाल सरकारले ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई मध्यनजर गरी ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ कार्यान्वयनमा ल्याएको छ। ज्येष्ठ नागरिकको हेरविचार, स्याहार-सुसार तथा सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनका लागि प्रदेश सरकारले प्रदेश ज्येष्ठ नागरिक समिति गठन गर्नसक्ने व्यवस्था सो ऐनले गरेको छ। प्रदेश सरकारले ज्येष्ठ नागरिक हेरचाह केन्द्र, दिवासेवा केन्द्र सञ्चालन गर्नसक्ने व्यवस्था पनि सो ऐनमा रहेको छ। ज्येष्ठ नागरिकलाई सर्वसुलभरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारी अस्पतालहरूमा विरामी दर्ता शुल्क नलाग्ने तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालहरूमा परीक्षण गराउँदा लाग्ने शुल्कमा ९० प्रतिशत छुट प्रदान गर्ने व्यवस्था मधेश प्रदेश सरकारले गरेको छ । यसका साथै ज्येष्ठ नागरिकका लागि राज्यले सेवा/सुविधा दिँदा दलित, मुस्लिम र सीमान्तीकृत समुदायलाई प्राथमिकता दिनु आवश्यक छ । ज्येष्ठ नागरिक नीति बनाउँदा आर्थिक अवस्था पनि हेर्नुपर्छ ।

### ६.३.२ अवसर र सम्भावना

ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३ कार्यान्वयनमा रहनु, राज्यले ज्येष्ठ नागरिकसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा प्रतिबद्धता जनाउनु, ज्येष्ठ नागरिकहरूको व्यवस्थापन घरदैलोको सरकारको रूपमा चिनिने स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनु, जेष्ठ नागरिकहरूको जीवनयापन सहज र सम्मानित बनाउन प्रदेश सरकारबाट विभिन्न नीतिगत व्यवस्था हुनु, ज्येष्ठ नागरिकलाई सर्वसुलभरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारी अस्पतालहरूमा विरामी दर्ताशुल्क नलाग्ने र प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालहरूमा स्वास्थ्य परीक्षण गराउँदा लाग्ने शुल्कमा ९० प्रतिशत छुटको व्यवस्था हुनु, ज्येष्ठ नागरिकहरूका लागि अवसरका रूपमा लिन सकिन्छ। ज्येष्ठ नागरिकहरूमा भएको ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गरी नयाँ पुस्ताको क्षमता अभिवृद्धि र ज्येष्ठ नागरिकहरूको सामाजिक मर्यादा बढाउने सम्भावना रहेको छ।

### ६.३.३ समस्या र चुनौती

औसत आयुको वृद्धिसँगै जेष्ठ नागरिकहरूका सङ्ख्याको अनुपात पनि बढ्दै जानु, सामाजिक सुरक्षामा राज्यको दायित्व बढ्दै जानु, संयुक्त परिवारको परम्पराबाट समाज विस्तारै एकल परिवार प्रणालीतर्फ रूपान्तरित हुँदै जानु, अध्ययन तथा रोजगारीका लागि युवा जनशक्ति (सन्तान) परिवारबाट अनुपस्थित हुने क्रम बढ्दै जानु, समाजमा मातृदेवो भवः, पितृ देवो भवः जस्ता सामाजिक मूल्य मान्यता कमजोर हुँदै जानु, भौतिक पूर्वाधार ज्येष्ठ नागरिकमैत्री नहुनु, मनोसामाजिक परामर्श सेवा सबैको पहुँचमा नहुनु जस्ता समस्याहरू ज्येष्ठ नागरिक क्षेत्रमा रहेका छन् । साथै सरकारी र गैर सरकारी सङ्घ संस्थाहरूले गर्दै आएका कार्यक्रमहरूमा कतै दोहोरोपना र कतै छुट्ने अवस्था रहनु, ज्येष्ठ नागरिकको आवश्यकता, चाहना, रूचि, क्षमताको पहिचान गरी योजना तथा नीति निर्माणको कार्य नहुनु, अशक्त असहाय र बेवारिसे अवस्थाका ज्येष्ठ नागरिकहरू राज्यको प्राथमिकतामा नपर्नु, ज्येष्ठ

नागरिकहरूका लागि सञ्चालित आश्रम, हेरचाह केन्द्र आदिको व्यवस्थापन कमजोर हुनु, खण्डीकृत तथ्याङ्क नहुनु जस्ता समस्या पनि ज्येष्ठ नागरिकहरूका क्षेत्रमा रहेका छन् ।

ज्येष्ठ नागरिकहरूको सङ्ख्या वृद्धि हुँदा सामाजिक सुरक्षाको दायित्व बहन गर्नु, ज्येष्ठ नागरिकहरूमाथि हुने सामाजिक विभेदहरूको अन्त्य गर्नु, ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्नु, समाजमा ज्येष्ठ नागरिकहरूप्रतिको सम्मान र मर्यादा अभिवृद्धि गर्नु, सामाजिक तथा आर्थिक हकअधिकारको संरक्षण गर्नुका साथै उपयुक्त एवम् पर्याप्त दिवासेवा केन्द्र, क्लब, औषधोपचारसहितको आरोग्य आश्रम निर्माण तथा सञ्चालन गर्नु यस क्षेत्रमा रहेका चुनौतीहरू हुन्।

### ६.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सुसंस्कृत समाज, मर्यादित ज्येष्ठ नागरिक

**लक्ष्यः** ज्येष्ठ नागरिकहरूको जीवन सहज, सम्मानित, सुरक्षित र मर्यादित बनाउने।

**उद्देश्यः**

१. ज्येष्ठ नागरिकहरूका आवश्यकताहरूको सम्बोधन गर्नु ।

२. ज्येष्ठ नागरिकहरूका ज्ञान, सिप र अनुभवबाट लाभ लिनु।

३. ज्येष्ठ नागरिकहरूका हक अधिकारको संरक्षण गर्नु।

### ६.३.५ रणनीति र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. ज्येष्ठ नागरिकहरूका लागि कानुनी तथा संस्थागत सुधार गर्ने। | १.१ ज्येष्ठ नागरिकसम्बन्धी मौजुदा कानुनको सुधार र आवश्यक कानुनको निर्माण गरिनेछ।<br>१.२ ज्येष्ठ नागरिकसम्बन्धी निकायहरूको क्षमता विकास गरिनेछ। |
| २. ज्येष्ठ नागरिकहरूको लागि हेरचाह, स्याहार-सुसार र ज्येष्ठ नागरिकमैत्री वातावरण तयार गर्ने। | २.१ हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र आरोग्य आश्रमहरूको स्थापना/निर्माण र सञ्चालन गरिनेछ।<br>२.२ ज्येष्ठ नागरिकहरूका लागि मिलन केन्द्र र पार्कहरू निर्माण गरिनेछ।<br>२.३ सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सक्ने बनाउन सहयोग गरिनेछ।<br>२.४ असहाय, असक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको विशेष संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ। |
| ३. ज्येष्ठ नागरिकहरूमा भएको सिप, अनुभव र दक्षतालाई राज्यको हितमा उपयोग गर्ने। | ३.१ ज्येष्ठ नागरिकहरूसँगको ज्ञान र अनुभव प्रदेश तथा स्थानीय सरकारहरूको नीति निर्माणमा प्रयोग गरिनेछ।<br>३.२ ज्येष्ठ नागरिकहरूलाई उनीहरूसँग विशिष्ट ज्ञान जस्तै सङ्गित, नृत्य, हस्तकला तथा अन्य परम्परागत सिप हस्तान्तरणको लागि स्रोत व्यक्तिका रूपमा परिचालन गरिनेछ।<br>३.३ समाजमा योगदान पुऱ्याएका ज्येष्ठ नागरिकहरूको योगदानहरू सङ्ग्रह गरी प्रकाशन गरिनेछ।<br>३.४ कुनै कार्यको शुभारम्भ समाजमा योगदान पुऱ्याएका ज्येष्ठ नागरिकहरूबाट गराउने परिपाटीको विकास गरिनेछ। |
| ४. स्थानीय तह र सङ्घ संस्थाहरूसँगको समन्वय र सहकार्य थप प्रभावकारी बनाउने। | ४.१ ज्येष्ठ नागरिकहरूको योग्यता र सिपसम्बन्धी विवरण तयारीको लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>४.२ अस्पताल र अन्य सेवा लिनुपर्ने ठाउँहरूमा पालो कुर्न नपर्ने कानुनी र सामाजिक परिवेश निर्माण गरिनेछ।<br>४.३ ज्येष्ठ नागरिकहरूलाई प्रदेश अन्तर्गतका अस्पतालहरूमा निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ।<br>४.४ ज्येष्ठ नागरिकहरूको संरक्षण र सुरक्षाको विशेष व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. ज्येष्ठ नागरिकप्रति सकारात्मक खालका सामाजिक मूल्यमान्यता प्रवर्धन गर्ने। | ५.१ बालबालिका तथा युवाहरूलाई ज्येष्ठ नागरिकहरूको योगदान र योग्यताको कदर गर्न सिकाइनेछ।<br>५.२ स्थानीय पाठ्यक्रममा ज्येष्ठ नागरिकहरूप्रति सकारात्मक भावना जगाउने खालका विषयवस्तु राखी अध्यापन गराईनेछ। |

### ६.३.६ प्रमुख कार्यक्रमहरू

१. समाजमा विशिष्ट योगदान पुर्‍याएका ज्येष्ठ नागरिकहरूको परिचय र योगदान सङ्ग्रह प्रकाशन
२. ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना र सञ्चालन
३. विद्यालयमा अन्तरपुस्ता ज्ञान तथा सिप हस्तान्तरण कार्यक्रम
४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम
५. ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक सचेतना अभिवृद्धि कार्यक्रम
६. ज्येष्ठ नागरिकहरूलाई तीर्थाटन कार्यक्रम
७. ज्येष्ठ नागरिकसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण

### ६.३.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | थप भएका जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | - | ८ |
| २. | थप भएका मिलन केन्द्र | सङ्ख्या | - | १६ |
| ३. | थप भएका सार्वजनिक ज्येष्ठ नागरिक हेरचाह केन्द्र | सङ्ख्या | - | ४ |
| ४. | ज्येष्ठ नागरिकको लागि शय्या आरक्षण गर्ने अस्पताल | प्रतिशत | - | १०० |
| ५. | प्रदेश सरकारले बनाएका ज्येष्ठ नागरिकहरूसम्बन्धी कानुनहरू | सङ्ख्या | - | १ |

## ६.४ अपाङ्गता भएका व्यक्ति

### ६.४.१ पृष्ठभूमि

संविधानको धारा १८ मा रहेको समानताको हक र ४२ मा रहेको सामाजिक न्यायको हकअन्तर्गत अपाङ्गता भएका व्यक्तिलगायत सामाजिक रूपले पछाडि परेका व्यक्तिलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था रहेको छ । अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्ण जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्था संविधानमा रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङसनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपाङ्गता भएको व्यक्तिकारूपमा परिभाषित गरेको छ । अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्नु तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्नु राज्यको दायित्व हो। प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ तथा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नका लागि सम्बन्धित विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेशस्तरको समिति गठन गर्नसक्ने व्यवस्था रहेको छ। दिगो विकास लक्ष्यले पनि अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकतालाई सम्बोधन गर्ने र सेवा प्रवाहहरू अपाङ्गतामैत्री हुनुपर्ने विषयलाई जोड दिएको छ । अपाङ्गता भएकाले भोग्ने समस्या उस्तै देखिए पनि दलित समुदायका यस्ता व्यक्तिले थपमा सामाजिक विभेद र भेदभाव पनि सामना गर्नुपर्छ। त्यसैले उनीहरूलाई शिक्षा, रोजगार, सामाजिक सुरक्षा आदिमा विशेष प्राथमिकता आवश्यक छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको कुल सङ्ख्या ९१ हजार ६४७ रहेको छ। मधेश प्रदेशको कुल जनसङ्ख्याको १.५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । जसमध्ये ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहेका छन्। प्रदेशस्तरीय संरचना, नीतिगत र कानुनी व्यवस्था, अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित सङ्घ संस्था, अपाङ्गमैत्री पूर्वाधारहरू, स्थानीय तहसँगको समन्वय र सहकार्य, प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूका लागि विनियोजन र खर्च गरेको रकम आदि समावेश गर्नुपर्ने र भवन बनाउँदा अपाङ्गमैत्री भवन बनाउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ। साथै अपाङ्गता भएका व्यक्तिहरूलाई ह्विलचियर वितरण गर्ने कार्य हुँदै आएको छ। मधेश प्रदेशको धनुषा र सप्तरीमा बालबालिकाहरूका लागि  विशेष कक्षा सञ्चालन हुँदै आएका छन्। धनुषाको नेपाल अपाङ्ग सङ्घ धनुषा, रामजानकी विद्यालय जनकपुर, जनकपुर बौद्धिक अपाङ्गता अभिभावक सङ्घ जनकपुर र सप्तरीको बहिरा बालकको विद्यालय राजविराजमा विशेष कक्षा सञ्चालन भइरहेको छ। राज्यका विभिन्न संरचना तथा निकायहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता र प्रतिनिधित्वको अवस्था सुधार हुँदै आएको छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक विकासका लागि भएका नीतिगत, कानुनी व्यवस्था र राज्य तथा गैर सरकारी क्षेत्रबाट गरिएका विभिन्न कार्यक्रमले अपाङ्गता भएका व्यक्तिको सहभागिता, स्रोतसाधनमा पहुँच, उद्यमशीलता र रोजगारीको अवसरमा वृद्धि भई अपाङ्गता भएका व्यक्तिहरूको जीवन थप सहज हुँदै गएको र जीविकोपार्जनमा सुधार हुँदै आएको छ।

### ६.४.२ अवसर र सम्भावना

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली २०७७, अपाङगता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि २०५७ कार्यान्यनमा आउनु, अपाङ्गतासम्बन्धी कानुनहरूले अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट शिक्षा, स्वास्थ्य, रोजगारी तथा आयआर्जन, आयकरमा सहुलियत, अशक्त वृत्ति, तालिम, आवागमन, पुनर्स्थापना, सशक्तीकरण तथा सामाजिक सुरक्षालगायत विभिन्न प्रकारका सेवा सहुलियत लिन पाउने व्यवस्था गर्नु, सामाजिक सुरक्षाको व्यवस्था हुनु, अपाङ्गता भएका महिला तथा बालबालिकाहरूको थप अधिकारको कानुनी व्यवस्था हुनु, अपाङ्गता भएका महिला तथा बालबालिकाहरूका लागि एउटा अवसरको रूपमा लिन सकिन्छ। साथै, अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरूको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौंतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउन कानुनी व्यवस्था पनि हुनु, अन्तर्राष्ट्रिय महासन्धि, दिगो विकासको लक्ष्य आदिमा अपाङ्गता भएका व्यक्तिका लागि विभिन्न प्रावधान रहनु अपाङ्गता भएका व्यक्तिहरूका लागि अवसरहरू हुन्। अपाङ्गता भएका व्यक्तिहरूमा लुकेर रहेको प्रतिभा प्रस्फुटन गराई उनीहरूको आर्थिक सामाजिक सशक्तीकरण गर्न सक्ने सम्भावना बढ्दै गएको छ।

### ६.४.३ समस्या र चुनौती

अपाङ्गता भएका व्यक्ति र उसका परिवार र विशेष गरी अभिभावकहरूप्रतिको नकारात्मक दृष्टिकोण वा बुझाइ रहनु, अपाङ्गता भएका व्यक्तिहरूको खण्डीकृत तथ्याङ्क नहुनु, अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग र प्रोत्साहन गर्नुको साटो अपहेला गर्ने र होच्याउने प्रवृत्ति कायमै रहनु, अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य, शिक्षा तथा सिकाई सामग्रीको पहुँच पर्याप्त नहनु, अपाङ्गता भएका व्यक्तिका लागि लक्षित कार्यक्रमको अपर्याप्तता र सबै क्षेत्रका निर्णायक तहमा अपाङ्गता भएका व्यक्तिको न्यून सहभागिता रहनु जस्ता समस्या अझै पनि कायमै छन्। साथै, भौतिक संरचनाहरू अपाङ्गमैत्री नहुनु, विद्यालय तथा शिक्षण विधि अपाङ्गमैत्री नहुनु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि नियमित स्वास्थ्य सेवा, परामर्श सेवा, प्रयोग गरिने सहायक सामग्री र पुनर्स्थापना सेवा उपलब्ध नहुनु पनि अपाङ्गता क्षेत्रका समस्याहरू हुन् ।

सङ्घ, प्रदेश र स्थानीय तहमा अपाङ्गतामैत्री विषयलाई संस्थागत एवम् आन्तरिकीकरण गरी सामाजिक सोचमा परिवर्तन गर्ने काम चुनौतीको रूपमा रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरूका लागि प्राथमिकताका साथ कार्यक्रम तथा बजेट विनियोजन गर्नु, सबै भौतिक संरचनाहरूलाई अपाङ्गतामैत्री बनाउनु, अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु र टिकाउनु, पूर्ण अशक्त, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी व्यक्ति र पुनर्स्थापना सहितको जीवनयापनको व्यवस्था मिलाउनु, आवश्यकताअनुसार सेवा सुविधा तथा उपकरणहरूको व्यवस्था गर्नु यस क्षेत्रका थप चुनौतीहरू हुन् ।

### ६.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित, स्वाबलम्बी र आत्मनिर्भर जीवनयापन

**लक्ष्यः** अपाङ्गता भएका व्यक्तिहरूको जीवन थप सहज र मर्यादित बनाउने ।

**उद्देश्यः**

१. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक सशक्तीकरण गर्नु ।
२. अपाङ्गता भएका व्यक्तिहरूप्रतिको परम्परागत नकारात्मक धारणामा परिवर्तन ल्याउनु ।

### ६.४.५ रणनीति र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयन गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था गर्ने । | १.१ अपाङ्गता भएका व्यक्तिहरू लागि सेवा सहुलियत प्रदान गर्न आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक संस्थाहरूको स्थापना र सुदृढीकरण गरिनेछ। |
| २. भौतिक संरचना, यातायात र सूचना प्रविधिहरूमा पहुँच अभिवृद्धि गर्ने । | २.१ पूर्णरूपमा अपाङ्गमैत्री सार्वजनिक भौतिक संरचनाहरू निर्माण गरिनेछ।<br>२.२ सडक, यातायात र सूचना प्रविधिलाई पूर्णरूपमा अपाङ्गमैत्री बनाइनेछ।<br>२.३ अपाङ्ता भएका व्यक्तिहरूलाई अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहायक सामग्रीहरू निःशुल्क उपलब्ध गराइनेछ।<br>२.४ अपाङ्गता भएका व्यक्तिहरूका लागि यथाशीघ्र र सहजरूपमा परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ। |
| ३. अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सामाजिक मूल्य मान्यतामा परिवर्तन ल्याउन सहयोग गर्ने। | ३.१ व्यावसायिक, सिप विकास, उद्यमशीलता विकास तालिम तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति र उनीहरूका अभिभावकहरूलाई प्राथमिकता दिइनेछ।<br>३.२ अपाङ्गता भएका व्यक्तिप्रति सकारात्मक धारणा निर्माण गर्न सहयोग गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३.३ अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद व्यवस्था र प्रतियोगिताको आयोजना गरिनेछ। |
| ४. आर्थिक तथा सामाजिक गतिविधिहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्ने। | ४.१ अपाङ्गता भएका महिलाका लागि विशेष संरक्षणात्मक जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.२ अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.३ अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकरणअनुसारको खण्डीकृत तथ्याङ्क तयार गरिनेछ र उनीहरूका आवश्यकताअनुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ६.४.६ प्रमुख कार्यक्रमहरू

१. अपाङ्गता भएका व्यक्तिहरूको खण्डीकृत तथ्याङ्क सङ्कलन र विश्लेषण
२. अपाङ्गता भएका व्यक्तिहरूका लागि लोक सेवा तयारीसम्बन्धी कक्षा सञ्चालन
३. अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन
४. सहायक सामग्रीहरूको वितरण
५. दोभासे जनशक्ति उत्पादन र तालिम
६. अपाङ्गता भएका व्यक्तिहरूबारेको जनचेतना कार्यक्रम
७. उद्यमशीलता विकास तालिम कार्यक्रम
८. नियमित स्वास्थ्य परीक्षण तथा परामर्श सेवा सञ्चालन
९. अपाङ्गता भएका व्यक्तिको अभिभावक लक्षित रोजगार कार्यक्रम
१०. अपाङ्गता भएका बालबालिकाहरूका लागि थप छात्रवृत्ति कार्यक्रम

### ६.४.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिहरूमध्ये सिपमूलक तालिमको अवसर पाएका अपाङ्गता भएका थप व्यक्तिहरू | सङ्ख्या | - | १०० |
| २. | तालिम लिएकामध्ये रोजगारी पाएका अपाङ्गता भएका व्यक्तिहरू | प्रतिशत | - | ४० |
| ३. | आवश्यक सहायक सामग्री प्राप्त गर्नेहरू | प्रतिशत | - | ८० |
| ४. | पुनर्स्थापनाको सेवा आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूमध्ये सेवा प्राप्त गर्ने व्यक्ति | प्रतिशत | - | ५० |

## ६.५ महिला सशक्तीकरण

### ६.५.१ पृष्ठभूमि

देशको समग्र विकासका लागि महिलाहरूलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा सक्षम र सवल बनाई महिलाको अवस्थामा सुधार ल्याउनु आजको आवश्यकता हो। प्रदेश जनसङ्ख्याको आधा हिस्सा ढाक्ने महिलाहरूको समुचित विकास र परिचालनबिना प्रदेशको विकास सम्भव छैन। नेपालको संविधानको धारा १८, ३८ र ५१ मा महिलाको हकसम्बन्धी व्यवस्था रहेको छ। प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय र सुरक्षित मातृत्व एवम् प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई संविधानले प्रत्याभूत गरेको छ। महिलाविरुद्ध धार्मिक सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाउने र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था संविधानले गरेको छ। त्यसैगरी राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने र सम्पत्ति तथा पारिवारिक मामिलामा श्रीमानसरहको हक हुने कुरा संविधानले सुनिश्चित गरेको छ। राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वले लैङ्गिक समानता तथा समानुपातिक समावेशीकरण, सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्यको व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यको पाँचौं र दशौं र सोह्रौं योजनाले पनि लैङ्गिक असमानता कम गर्ने कुरामा जोड दिएको छ र महिला तथा केटीहरू विरूद्ध हुने कुनै प्रकारको हिंसा अन्त्य गर्ने लक्ष्य लिएको छ ।

अझै पनि मधेश प्रदेशको आधा महिला जनसङ्ख्या (५५ प्रतिशत) निरक्षर रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरूको बीचमा पनि महिला र पुरुषहरूको साक्षरतादरमा ठुलो भिन्नता देखिन्छ। महिलाहरूको साक्षरता केवल ३१.२ प्रतिशत छ जबकि अपाङ्गता भएका पुरुषहरूको साक्षरतादर ५०.६ प्रतिशत रहेको छ। बोक्सी तथा दाइजोको नाममा पीडित हुनेहरूको सङ्ख्या पनि ठुलो छ। महिला विरुद्धको हिंसा मधेश प्रदेशमा सामाजिक क्षेत्रको एउटा ठुलो चुनौतीका रूपमा रहेको छ। मधेसभित्रका महिला र महिलाभित्र पनि दलित महिलाको अवस्था चिन्ताजनक छ। त्यसैले दलित महिलालाई वास्तवमै निःशुल्क र सुलभ शिक्षा, निःशुल्क व्यावसायिक तालिम र प्रजनन स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराइनुपर्छ । उनीहरूलाई व्यवसाय गर्न र आर्थिक क्रियाकलापहरूमा संलग्न हुन अनुदान, बिनाब्याजको ऋण, सरकारी कर/दस्तुर मिनाहा आदि गरिनुपर्छ। यद्यपि यसमा सुधार हुँदै गएको छ। शैक्षिक क्षेत्रमा भएको सुधारका कारण मधेश प्रदेशमा एसइई र सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गर्ने महिलाको सङ्ख्या ४ लाख ७३ हजार ८७७ पुगेको छ। हिंसा पीडित महिलाका लागि एउटा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार मधेश प्रदेशको जम्मा परिवार सङ्ख्याको १२ प्रतिशत परिवारमा मात्र महिलाका नाममा घर र जग्गा दुबै रहेको देखिएको छ। मधेश प्रदेशमा मातृमृत्यु दर नेपालको सरदर (प्रति १ लाखमा १ जना) भन्दा कम प्रति १ लाखमा १४० जना रहेको छ ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयले उपलब्ध गराएको विवरण महिला तथा बालबालिकासम्बन्धी अपराधमा खासै सुधार भएको देखिँदैन। उक्त विवरण अनुसार आ. व. २०७७/२०७८ मा ६८७, आ.व. २०७८/७९ मा ५९७ र आ.व. २०७९/८० मा ६१२ ओटा महिला तथा बालबालिका विरुद्धका अपराधका मुद्दाहरू दर्ता भएको देखिन्छ। त्यसैगरी सोही मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार घरेलु हिंसा तथा महिला विरुद्धको ठाडो उजुरी निवेदनको विवरणअनुसार आ. व. २०७७/७८ देखि आ. व. २०८०/८१ माघसम्म घरेलु हिंसासम्बन्धी मुद्दा १६०३० ओटा र महिला विरुद्धको ठाडो उजुरी २०,७५६ ओटा दर्ता भएको देखिन्छ। मधेशको ८ ओटै जिल्लामा गरी जम्मा २० ओटा सामुदायिक सेवा केन्द्रहरू स्थापना भएका छन् । तीबाहेक १५ सेवा केन्द्रहरू निष्क्रिय अवस्थामा रहेका छन्। महिला हिंसा न्यूनीकरण तथा बालबालिकाको संरक्षणको प्रयासस्वरूप समुदाय-प्रहरी साझेदारी कार्यक्रमा सञ्चालनमा रहेको छ। प्रदेशको १३६ ओटै स्थानीय सरकारसँग समझदारी गरिएको छ र स्थानीय तह, वडा, टोल र विद्यालयस्तरीय समितिहरू गठन गरिएका छन्। त्यसैगरी महिला तथा बालबालिका विरुद्ध अपराध नियन्त्रणका लागि आ.व. २०७८/७९ मा ५३७ ओटा, आ.व. २०७९/८० मा ९१९ ओटा र चालु आ.व. २०८०/८१ माघसम्म २०४४१ ओटा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

मधेश सरकारले स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८ कार्यान्वयनमा ल्याएको छ भने राष्ट्रियरूपमा पनि विभिन्न कानुनी प्रावधानहरू रहेका छन् जसले महिला सशक्तीकरणका क्षेत्रमा काम गर्न सहयोग पुग्दछ। त्यसैगरी लैङ्गिक समानता तथा सामाजिक समवेशीकरण प्रवर्धन (छात्राहरूको विद्यालय निरन्तरता, बाल विवाह रोकथाम र नियन्त्रण) का लागि **"मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान सञ्चालन कार्यविधि, २०७८"** कार्यान्वयनमा रहेको छ । स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा समावेशीकरण रणनीति २०७८, बालिका संरक्षण ऐन २०८१ तर्जुमा भई कार्यान्वयनमा रहको छ । महिला सशक्तीकरण तथा सचेतनाका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मन्त्रालयले सञ्चालन गर्दै आएको छ । महिला, बालबालिकाहरूमा चेतनाको विकास भई आपराधिक घटनाप्रति सचेतना आउनुका साथै समस्या परेका महिला तथा बालबालिकाहरू सहजरूपमा प्रहरी कार्यालयमा आई सेवा लिनसक्ने वातावरण तयार भएको छ।

### ६.५.२ अवसर र सम्भावना

लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि सङ्घीय ऐन, नियमावली, नीति र प्रादेशिक नीति तथा कानुनहरूको व्यवस्था हुनु, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा सम्मेलन, प्रतिबद्धता हुनु, महिला सशक्तीकरणका लागि अवसरका रूपमा लिन सकिन्छ। शिक्षाको अवसर वृद्धि हुँदै जानु, महिलाको सशक्तीकरणको लागि कानुन, नीति तथा योजनाहरू निर्माण हुँदै जानु, राज्यका निकायहरूमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुनु, संयुक्त राष्ट्र सङ्घीय निकायहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूबाट यस क्षेत्रमा योगदान हुनु जस्ता अवसरहरू रहेका छन्। रोजगारीको अवसर र राजनीतिक प्रतिनिधित्वले महिलाको सशक्तीकरण बढ्दै जाने सम्भावना रहेको छ।

### ६.५.३ समस्या र चुनौती

दाइजो, बोक्सी जस्ता कुप्रथा र अन्धविश्वासबाट महिलाहरू अझै पनि लैङ्गिक हिंसाबाट पीडित हुनु, घरेलु हिंसा कायम रहनु, अझै पनि करिब आधा महिला जनसङ्ख्या निरक्षर रहनु, महिलाको औपचारिक क्षेत्रको रोजगारीको अवसर कम हुनु जस्ता समस्या रहेका छन्। महिला विकाससम्बन्धी काम गर्ने निकायको संस्थागत क्षमता कमजोर हुनु, नेपाली भाषा बुझ्न र बुझाउन कठिन हुनु जस्ता समस्याहरू पनि यस प्रदेशमा रहेका छन्। महिला निरक्षरता एउटा ठुलो चुनौतीका रूपमा रहेको छ भने लैङ्गिक हिंसा तथा घरेलु हिंसा पनि उत्तिकै चुनौतीपूर्ण रहेका छन्। सरकारी निकायहरूबिच समन्वय र सहकार्य स्थापित गर्नु, महिलाका लागि पर्याप्त बजेट विनियोजन गर्नु पनि चुनौतीपूर्ण कार्यहरू हुन्।

### ६.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** लैङ्गिक समानतायुक्त प्रदेश

**लक्ष्यः** लैङ्गिक समता अभिवृद्धि गर्ने ।

**उद्देश्यः**

१. आर्थिक, सामाजिक र राजनीतिक सबै क्षेत्रहरूमा महिला सहभागिता बढाउनु ।

२. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषण न्यूनीकरण गर्नु ।

### ६.५.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक समानतासम्बन्धी नीतिगत, कानुनी र संस्थागत प्रबन्धको सुदृढीकरण गर्ने। | १.१ लैङ्गिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरिनेछ।<br>१.२ मधेश प्रदेशअन्तर्गतका सबै निकायहरूमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गरिनेछ।<br>१.३ लैङ्गिक समानतासम्बन्धी कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.४ लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थानीय तहसम्म संस्थागत गरिनेछ । |
| २. महिला सशक्तीकरण सम्बन्धमा पैरवी गर्ने। | २.१ महिला हिंसाविरुद्ध विभिन्न किसिमका अभियान/कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.२ आमसञ्चारका माध्यमद्वारा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.३ महिला अधिकारको सम्बन्धमा सरोकारवाला निकायहरू तथा सीमान्तकृत महिलाहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ महिला सशक्तीकरणको क्षेत्रमा काम गर्ने संस्थाहरूको क्षमता विकास गरिनेछ।<br>२.५ दाइजोबिना विवाह गर्ने परिवारहरूलाई सम्मान गरिनेछ। |
| ३. आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने। | ३.१ दलित एवम् विपन्न महिलाहरूलाइ सिपमुलक व्यवसाय सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग पुर्‍याइनेछ।<br>३.२ गरिबी निवारण लक्षित कार्यक्रमहरूमा महिलाको पहुँच वृद्धि गरिनेछ।<br>३.३ महिला सशक्तीकरणका लागि विभिन्न किसिमका उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.४ जनचेतनामूलक कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिनेछ।<br>३.५ न्यायमा महिलाको पहुँच अभिवृद्धिसम्बन्धी निरोधात्मक र संरक्षणात्मक उपायहरू कार्यान्वयनमा ल्याइनेछ।<br>३.६ दलित एवम् विपन्न महिलाहरूका लागि शिक्षा, व्यावसायिक तालिम र प्रजनन् स्वास्थ्य सेवाहरू निःशुल्क र सुलभ हुने व्यवस्था मिलाइनेछ।<br>३.७ दलित एवम् विपन्न महिलाहरूलाई आर्थिक क्रियाकलापहरूमा संलग्न हुन अनुदान वा बिना ब्याजको ऋण र कर दस्तुरमा मिनाहाको व्यवस्था मिलाइनेछ। |

### ६.५.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेशस्तरमा सारभूत लैङ्गिक समानता नीतिको अभिमुखीकरण
२. मन्त्रालयहरूको लैङ्गिक तथा सामाजिक समावेशीकरण मूल्याङ्कन (Gender Audit)
३. लैङ्गिक समानतासम्बन्धी जनचेतनामूलक कार्यक्रम/अभियान (डकुमेन्ट्री, सडक नाटक, एफएम रेडियोबाट सन्देश प्रशारण, होर्डिङ बोर्ड, पर्चा पम्प्लेट) सञ्चालन
४. विपन्न महिलाहरूलाई आर्थिक सशक्तीकरण कार्यक्रम (सिपमूलक/उद्यमशीलता तालिम, प्रविधि हस्तान्तरण, प्रदर्शनी मेला आयोजना तथा सहभागिता, वस्तुगत टेवा, बजारीकरण आदि)
५. हिंसा प्रभावित महिलाहरूलाई अल्पकालीन आश्रयस्थल निर्माण तथा सञ्चालन
६. मनोसामाजिक परामर्श तालिम
७. प्रदेशस्तरीय किशोर किशोरी सम्मेलन
८. उत्कृष्ठ महिला (उद्यमी, सामाजिक क्षेत्रमा विशेष योगदान पुर्‍याउने महिला, नेतृत्व तथा विशेष योगदान गर्ने महिला कर्मचारीलाई पुरस्कार)
९. महिला सशक्तीकरणका क्षेत्रमा उत्कृष्ट कार्यगर्ने स्थानीय तहलाई पुरस्कार
१०. कार्यक्रमको अनुगमन
११. दाइजोबिना विवाह गर्ने परिवार सम्मान कार्यक्रम

### ६.५.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | दर्ता भएका महिला हिंसाको घटना | सङ्ख्या | ६३४ | १२६८ |
| २. | लैङ्गिक विकास सूचकाङ्क (HDR, २०२०) | सूचकाङ्क | ०.७८६ | ०.८८६ |
| ३. | वार्षिक बजेटमा लैङ्गिक बजेटको अनुपात | प्रतिशत | १ करोड २६ लाख | ३ करोड |
| ४. | महिला नगर प्रमुख र अध्यक्ष | जना | ४ | ७ |
| ५. | महिला साक्षरता दर | प्रतिशत | ५४.७ | ५७.७ |
| ६. | सामाजिक सङ्घ संस्था समिति र सामुदायिक बैठकमा महिलाको सहभागिता | प्रतिशत | १५ | २५ |

## ६.६ बालबालिका तथा किशोर किशोरी

### ६.६.१ पृष्ठभूमि

बालबालिका भनेको कुनै पनि देशको भविष्यका संवाहक हुन् र तिनको सर्वाङ्गीण विकासमा नै देशको भविष्य निर्भर रहन्छ ।बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता लगायतको बाल अधिकारहरूको सुनिश्चित गर्नु जरुरी छ।नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हक प्रत्याभूत गरेको छ। नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) मा प्रत्येक प्रदेशमा बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहने व्यवस्था गरेको छ । पन्ध्रौं योजनाले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको दीर्घकालीन सोचका साथ बालबालिका तथा किशोरकिशोरीहरूलाई सबै प्रकारको हिंसा र दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकका रूपमा विकास गर्ने लक्ष्य लिएको छ ।त्यसैगरी दिगो विकास लक्ष्यले खास गरी शिशुलगायत गरिब र सङ्कटग्रस्त व्यक्तिहरूका लागि पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने र ५ वर्षमुनिका बालबालिकाहरूको वृद्धि रोक्ने उचाइअनुसार कम तौल हुने सबै प्रकारका कुपोषण अन्त्य गर्ने परिमाणात्मक लक्ष्य राखिएको छ ।

जनगणना २०७८ अनुसार मधेश प्रदेशमा ५ वर्षमुनिका बालबालिकाहरू र १८ वर्ष मुनिका बालबालिकाहरूको सङ्ख्या क्रमशः ४ लाख २७ हजार ६१८ र १३ लाख ४५ हजार १७९ रहेको छ । बालबालिका ऐन, २०७५, नियमावली २०७८, राष्ट्रिय नीति २०८०, बालविवाहविरुद्ध राष्ट्रिय रणनीति २०७२ सङ्घीय तहबाट कार्यान्वयनमा ल्याइएका छन् भने मधेश प्रदेशमा बाल संरक्षणको क्षेत्रमा नीतिगत व्यवस्थास्वरूप बालहिंसाविरुद्ध १० वर्षे रणनीति र बाल सहभागितासम्बन्धी कार्यविधि कार्यान्वयनमा रहेका छन्। संस्थागत संरचनातर्फ बालबालिका खोजतलास केन्द्र १०४, बाल हेल्पलाइन १०९८, प्रहरी कार्यालयस्थित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, प्रदेश बाल अधिकार समिति, जिल्ला बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, वडा बाल अधिकार समिति आदि रहेका छन्।खेलकुद तथा समाज कल्याण मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यस प्रदेशमा महिला तथा बालबालिकासम्बन्धी अपराधमा खासै सुधार भएको देखिँदैन।उक्त विवरण अनुसार आ. व. २०७७/२०७८ मा ६८७, आ.व. २०७८/७९ मा ५९७ र आ. व. २०७९/८० माघ मसान्तसम्ममा ६१२ ओटा महिला तथा बालबालिका विरुद्धका अपराधका मुद्दाहरू दर्ता भएको देखिन्छ । पछिल्लो प्रतिवेदनअनुसार मधेश प्रदेशमा बालश्रम ११.५ प्रतिशत रहेको छ । बालश्रममा रहेका मध्ये ३.४ प्रतिशत बालबालिकाहरू जोखिमपूर्ण श्रममा संलग्न रहेको छन् (CBS, Child Labor Force Survey, २०२१)।आ. व. २०७६/७७ मा मधेश प्रदेशमा ४६५६ ओटा बालविवाहका घटना भएका थिए र ती ८२ ओटाको मात्र प्रतिवेदन गरिएको थियो (Research Report On The Status of Child Marriage And Impact Upon Girls, MoWCSC, २०२१) ।

### ६.६.२ अवसर र सम्भावना

बालबालिकाहरूको सर्वाङ्गीण विकासमा योगदान गर्न आवश्यक कानुनी आधार क्रमशः तयार हुँदै गएको छ भने संस्थागत संरचनाहरूको विस्तार तथा क्रियाशीलता बढ्दै गएको छ । परिवारमा पोषण र सरसफाइसम्बन्धी ज्ञानमा वृद्धि हुँदै जानु बालबालिकाहरूका लागि अवसरका रूपमा लिन सकिन्छ ।

### ६.६.३ समस्या र चुनौती

बालश्रम र बालविवाह जस्ता बालबालिकाहरूको सर्वाङ्गीण विकासमा बाधा पुऱ्याउने खालका अभ्यासहरू कायमै रहनु, ठुलो अनुपातमा बालबालिकाहरू विद्यालयबाहिर रहनु, विद्यालय छाड्ने दर उच्च हुनु, उच्च गरिबी रहनु जस्ता जल्दाबल्दा समस्याहरू यस प्रदेशका बालबालिकाहरूका मूल समस्या रहेका छन्। स्वदेश तथा विदेशमा निकृष्ट तथा जोखिमपूर्ण बालश्रममा संलग्न हुनु, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका बालबालिकहरू माथि हुने सामाजिक पारिवारिक विभेद, उपेक्षा, बहिष्करणको समस्या रहेको छ। बालबालिकाहरूलाई बाल विवाह र बालश्रमबाट मुक्त गराउनु एउटा ठुलो चुनौती रहेको छ भने अर्को तिर बालबालिकाहरू कुपोषणबाट पनि प्रभावित छन्। तिनीहरूलाई कुपोषण मुक्त गराई स्वस्थ र सक्षम नागरिकका रूपमा तयार गर्नु अर्को चुनौती रहेको छ। त्यसैगरी यौनिक एवम् लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका बालबालिकहरूमाथि हुने सामाजिक तथा पारिवारिक विभेद, उपेक्षा र बहिष्करणबाट मर्यादित जीवनयापन गराउनु पनि एउटा ठुलो चुनौती रहेको छ।

दलित समुदायका बालबालिका तथा किशोर/किशोरीले शिक्षा, स्वास्थ्य, आर्थिक र सामाजिक विभेदका क्षेत्रमा पनि थुप्रै समस्या भोगिरहेका छन्। विद्यालयमा भेदभाव, गरिबीका कारण शिक्षा प्राप्त गर्न असमर्थता, स्वास्थ्य सेवामा पहुँचको अभाव तथा सामाजिक सहभागितामा सीमितता उनीहरूका प्रमुख चुनौती हुन्। यी समस्या समाधानका लागि सर्वप्रथम शिक्षामा समान पहुँच सुनिश्चित गर्न आवश्यक छ।

### ६.६.४ सोच, लक्ष्य तथा उद्देश्य

**सोचः** बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज

**लक्ष्यः** सबै किसिमका बालबालिकाहरूलाई योग्य, मर्यादित र सक्षम नागरिकको रूपमा विकास गर्ने।

**उद्देश्यः**

१. परिवार, समाज, समुदाय, विद्यालय र पूर्वाधारहरू बालमैत्री बनाउनु ।
२. बालबालिका तथा किशोर किशोरीहरूका अधिकारको संरक्षण र प्रवर्धन गर्नु।

### ६.६.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कानुनी तथा संस्थागत संरचना परिष्कृत गर्ने । | १.१ बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक नीति, कानुन, कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ।<br>१२ बालबालिकाका लागि कानुनद्वारा व्यवस्था गरिएका संरचनाहरूलाई क्रियाशील बनाइने छ।<br>१.३ विशेष संरक्षणको आवश्यकता भएका सबै बालबालिकाहरूका लागि विशेष कानुनी व्यवस्था गरिनेछ।<br>१.४ बाल क्लब र बाल सञ्जालहरू गठन र परिचालन गरिनेछ।<br>१.५ प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धारकोष स्थापना र व्यवस्थापन गरिनेछ । |
| २. बालबालिका तथा किशोर किशोरीहरू विरुद्धको हिंसा न्यूनीकरण गर्ने। | २.१ बालन्याय प्रणालीलाई सुदृढ गरिनेछ।<br>२.२ सबै किसिमका शारीरिक वा मानसिक हिंसा वा यौन दुर्व्यवहारबाट प्रभावित बालबालिकाहरूका लागि सुरक्षित अल्पकालीन र दीर्घकालीन आवास गृहको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ बालबालिका तथा किशोरकिशोरीहरू विरुद्धका सबै किसिमका शारीरिक वा मानसिक हिंसा वा यौन दुर्व्यवहार, बालविवाह, बालश्रम, बेचबिखन विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ।<br>२.४ बालबालिकाहरूको खण्डीकृत तथ्याङ्क तयार गरिनेछ र नियमित अद्यावधिक गरिनेछ।<br>२.५ इन्टरनेटको दुरुपयोगबाट पर्ने सबै प्रकारका नकारात्मक असरबाट बचाउने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ३. बालमैत्री शासन प्रणाली प्रवर्धन गर्ने । | ३.१ विशेष हेरचाह आवश्यक भएका विपन्न, सीमान्तकृत, जोखिम रहेका र वञ्चितीकरणमा परेका बालबालिका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३.२ बालश्रमिक हुन बाध्य बालबालिकाहरूको उद्धार गरी पुनर्स्थापना गरिनेछ।<br>३.३ बालमैत्री स्थानीय तह वा वडा घोषणालाई निरन्तरता दिइनेछ।<br>३.४ विद्यालयहरूलाई बालमैत्री तथा शान्ति क्षेत्र घोषणा गरिनेछ।<br>३.५ बालमैत्री पूर्वाधारहरूको विकासका लागि नीतिगत व्यवस्था गरिनेछ।<br>३.६ सडक बालबालिकाहरूको उद्धार, पारिवारिक पुनर्मिलन वा पुनर्स्थापना गरिनेछ।<br>३.७ बालगृह तथा बाल सुधार केन्द्र स्थापना र सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ। |
| ४. बाल अधिकार प्रवर्धन गर्ने। | ४.१ बाल विवाह, बालश्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचबिखन तथा गैर कानुनी ओसारपसारलगायत बालबालिकासम्बन्धी कानुनी प्रावधानका विषय र नैतिक शिक्षाको विषय विद्यालयको पाठ्यक्रममा समावेश गरिनेछ ।<br>४.२ बाल अधिकारसम्बन्धी कानुनी व्यवस्थाहरूको व्यापक प्रचारप्रसार गरिनेछ।<br>४.३ बाल अक्षयकोषको स्थापना र सञ्चालन गरिनेछ।<br>४.४ विशेषगरी दलित तथा पिछडिएका समुदायका बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम, निःशुल्क शिक्षा र व्यावसायिक तालिमहरूको व्यवस्था गरिनेछ।<br>४.५ दलित तथा पिछडिएका बालबालिकाहरूको स्वास्थ्य सेवाहरूमा पहुँच बृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ५. समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने। | ५.१ बालबालिकाहरूका लागि सङ्घीय तथा स्थानीय तहसँग समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५.२ बालबालिकाका क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य बढाइनेछ। |

### ६.६.६ प्रमुख कार्यक्रमहरू

१. बाल अधिकारसम्बन्धी अभिमुखीकरण
२. सञ्चार माध्यमबाट बाल अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम
३. सडक बालबालिका उद्धार, राहत र पुनर्स्थापना कार्यक्रम
४. बालगृह र बाल सुधारगृह अनुगमन कार्यक्रम
५. बालबालिकासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाबारे सीमान्तकृत, दलित, तथा पिछडिएका समुदायका बालबालिका र उनका अभिभावकहरूका लागि अभिमुखीकरण कार्यक्रम
६. बालबालिकाहरूको अवस्था विश्लेषण प्रतिवेदन तयारी र अद्यावधिकरण
७. बालबालिकाहरूका लागि नेतृत्व विकास कार्यक्रम
८. बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन १०९८ को संरचना विस्तार र क्षमता अभिवृद्धि कार्यक्रम
९. प्रदेशस्तरीय आपत्कालीन बाल उद्धार कोष स्थापना
१०. बाल अधिकारसँग सम्बन्धित संस्थाहरूको क्षमता विकास कार्यक्रम

११. शारीरिक वा मानसिक हिंसा वा यौन दुर्व्यवहार, आदिबाट प्रभावित बालबालिकाहरूका लागि सुरक्षित अल्पकालीन र दीर्घकालीन आवास गृह निर्माण र सञ्चालन
१२. किशोर किशोरीहरूलाई दुर्व्यसनीबाट बचाउन चेतनामूलक कार्यक्रम सञ्चालन
१३. चेपाङ बालबालिकाहरूका लागि छात्रबास स्थापना
१४. लागु औषधी विरुद्ध विद्यालयस्तरीय कार्यक्रम
१५. बालश्रम न्यूनीकरण कार्यक्रम
१६. दाइजो तथा बालविवाह न्यूनीकरण कार्यक्रम

### ६.६.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | बाल विवाह | सङ्ख्या | - | ० |
| २. | बालबालिकामा हुने यौनहिंसाको वार्षिक उजुरी | सङ्ख्या | ६१२ | ३००० |
| ३. | बाल श्रमिक | प्रतिशत | ११.५ | ५ |
| ४. | बाल क्लबमा आबद्ध बालबालिकाहरू | प्रतिशत | २५ | ७५ |
| ५. | बालबालिकामा हुने घरेलु हिंसाको वार्षिक उजुरी | सङ्ख्या | १० | ३५ |
| ६. | गठित स्थानीय बाल अधिकार समितिहरू | सङ्ख्या | ५८ | १३६ |
| ७. | जन्म दर्ता भएका ५ वर्षमुनिका बालबालिकाहरू | प्रतिशत | ७६.६ | १०० |
| ८. | बालक्लब भएका विद्यालयहरू (Flash I २०८०) | प्रतिशत | ६३.४ | १०० |

## ६.७ युवा

### ६.७.१ पृष्ठभूमि

कुनै पनि देशको आर्थिक र सामाजिक परिवर्तनको संवाहक युवा शक्ति हो। जुन जुन देश अहिले विकसित र विकासशील अवस्थामा पुगेका छन् र विकासमा जुन प्रगति हासिल गरेका छन्। त्यसमा युवा शक्तिको मात्रात्मक र गुणात्मक योगदान धेरै रहेको छ। यद्यपि युवाको परिभाषामा भने एकरूपता पाईंदैन। संयुक्त राष्ट्रसङ्घ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको देखिन्छ भने नेपालमा यसले मेल खाएको देखिँदैन। नेपालमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ तथा राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह मानेको छ। युथ भिजन २०२५ ले युवाको समूहलाई १६ देखि २४ र २५ देखि ४० गरी दुई समूहमा विभाजन गरेको छ। नेपालको संविधानमा रहेको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिले राष्ट्रिय विकासमा युवा सहभागितालाई जोड दिएको छ र संविधानमा रहेको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा खेलकुदलाई समावेश गरिएको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, युथ भिजन २०२५ ले युवा सहभागितामा जोड दिएको छ भने दिगो विकास लक्ष्य ८ ले युवा र अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै महिला पुरुषहरूका निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउने र समान तलब प्रदान गर्ने लक्ष्य लिएको छ। त्यस्तै रोजगारी नपाएका, शिक्षा वा तालिम नपाएका युवाहरूको अनुपात उल्लेख्य रहेकाले सो अनुपातलाई घटाउनु पनि दिगो विकासका लक्ष्यमा समेटिएको छ ।

जनगणना २०७८ अनुसार मधेश प्रदेशमा १६ देखि ४० वर्ष समूहका युवाहरूको जनसङ्ख्या २५ लाख ३१ हजार ३४८ रहेको छ। देश निर्माणको शक्तिका रूपमा रहेको युवा शक्तिको विदेश पलायन र रोजगारीका लागि विदेश जाने क्रम तीव्र रहेको छ। नेपालको सबै भन्दा धेरै श्रम स्वीकृति लिने १० जिल्ला मध्ये सन् २०१९/२० मा ६ जिल्ला, सन् २०२०/२१ मा ५ जिल्ला र सन् २०२१/२२ मा ६ जिल्ला रहेका छन्। यसले मधेश प्रदेशमा रोजगारीको मागलाई पुष्टि गर्दछ। मधेश प्रदेशमा युवा साक्षरता (१५ देखि २४ वर्ष) को ७७.१ रहेको छ जुन सातओटा प्रदेशमा सबैभन्दा कम हो र देशको सरदरभन्दा करिब १३ प्रतिशतले कमी हो । नेपाल लेबर फोर्स सर्भे २०१७/२०१८ अनुसार मधेश प्रदेशका १५-२४ वर्षका ४८.३ प्रतिशत युवा शिक्षा, रोजगारी र तालिम कुनै पनि गतिविधिमा संलग्न नभएको देखाएको छ। युवाहरूको प्रतिभा तथा व्यक्तित्व विकासका लागि

विभिन्न संरचना तथा कानुनी व्यवस्था हुनुका साथै सोही संरचना र कानुनी प्रावधानअनुसार सङ्घीय तथा प्रदेश तहबाट विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएको छ। सङ्घीय तहमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५, नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०, युवा उद्यमका लागि प्रमापत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा रहेका छन्।

### ६.७.२ अवसर र सम्भावना

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, युवाहरूको समग्र विकासका लागि विभिन्न संरचनागत प्रबन्ध हुनु, युवा विकासमा राजनैतिक इच्छाशक्ति वृद्धि हुनु, तीन तहका सरकारमा युवाको प्रतिनिधित्व रहनु, विश्वव्यापीकरण र सूचना प्रविधिको विकासका अवसर प्राप्त हुनु, स्वदेशमा रोजगारी र स्वरोजगारीका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु र जनसाङ्ख्यिक लाभको अवस्था विद्यमान रहनु युवा विकासका अवसर हुन्। त्यस्तै युवा शक्ति वैदेशिक रोजगारीमा गएतापनि उनीहरूले केही न केही सिप सिकेर आउने हुँदा वैदेशिक रोहजगारीबाट फर्केर आउने युवा शक्तिको लागि उनीहरूसँग भएको सिप एउटा अवसर बन्न पुगेको छ। उनीहरूसँग भएको सो सिपबाट उनीहरूमात्र रोजगार हुने होइन कि अरूहरूलाई पनि रोजगारी दिने र एउटा रोल मोडल बन्न सक्ने सम्भावना रहन्छ।

### ६.७.३ समस्या र चुनौती

बेरोजगारी समग्र देशकै एउटा ठुलो समस्या रहकोमा मधेश प्रदेश पनि त्यसबाट अलग हुनसकेको छैन। रोजगारीका लागि खाडी मुलुक जानुपर्ने बाध्यता कायमै रहनु, विकासका गतिविधिहरूमा युवालाई प्रोत्साहन र परिचालन कम हुनु, रोजगारीका लागि विदेशिनेको सङ्ख्या उच्च हुनु यहाँका प्रमुख समस्या हुन्। युवा जनशक्तिको खण्डीकृत तथ्याङ्क नहुनु र युवाको सर्वाङ्गीण विकासका लागि ठोस योजना नहुनु पनि युवाका क्षेत्रमा देखिएका समस्या हुन्। १५ देखि २४ वर्षका युवाशक्ति शिक्षा, रोजगारी र तालिम कुनै पनि गतिविधिमा सामेल नहुनु एउटा अर्को समस्याका रूपमा रहेको छ। युवा प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षित जीवनोपयोगी, प्राविधिक व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, स्वदेशमा रोजगारीका अवसर वृद्धि गर्नु, युवामा सकारात्मक सोचको निर्माण गरी स्वयंसेवी संस्कृति र श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, जनसाङ्ख्यिक लाभको उपयोग गर्नु र प्रदेशको आर्थिक विकास गर्नु नै अहिलेको सबैभन्दा ठुलो चुनौती हो भन्न सकिन्छ।

### ६.७.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** उद्यमशील युवा : समुन्नत प्रदेश

**लक्ष्यः** शिक्षित, व्यावसायिक, सिपयुक्त र दक्ष युवा जनशक्ति तयार गर्ने।

**उद्देश्यः**

१. युवाको दक्षता र क्षमता विकास गर्नु।

२. प्रदेशको आर्थिक तथा सामाजिक क्रियाकलापमा युवाहरूलाई परिचालन गर्नु।

### ६.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. बजारको मागअनुसारको गुणस्तरीय र व्यावसायिक शिक्षा प्रदान गर्ने। | १.१ आर्थिकरूपले कमजोर र पिछडिएका वर्ग/समुदायका युवाहरूका लागि छात्रवृत्तिको व्यवस्था थप गरिनेछ।<br>१.२ सिटिइभिटीबाट सञ्चालन भैरहेका प्राविधिक तथा व्यवसायिक तालिमहरूमा पिछडिएका वर्गको सहभागिता सुनिश्चित गरिनेछ।<br>१.३ युवाहरूका लागि उच्च शिक्षा र तालिमको अवसरमा वृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २ आर्थिक तथा सामाजिक गतिविधिहरूमा सहभागिता अभिवृद्धि गर्ने। | २.१ प्रदेश तथा स्थानीय तहको नीति निर्माण र विकास गतिविधिहरूमा युवाहरूको सहभागिता सुनिश्चित गरिनेछ।<br>२.२ युवाहरूलाई लागु पदार्थको सेवनबाट बचाउने खालका गतिविधिहरू सञ्चालन गरिनेछ।<br>२.३ वैदेशिक रोजगारी र अध्ययनबाट फर्किएका युवाहरूको सिप र दक्षता उपयोगको योजना बनाई कार्यान्वयन गरिनेछ।<br>२.४ अनुसन्धान तथा नवप्रवर्तनका लागि प्रोत्साहन गरिनेछ।<br>२.५ युवा स्वयंसेवकहरू तयार गरी सामाजिक कार्यहरूमा परिचालन गरिनेछ।<br>२.६ स्काउटलाई स्थानीय तहसम्म विस्तार गरिनेछ। |
| ३. युवाहरूलाई स्वरोजगार बन्ने वातावरण निर्माण गर्ने। | ३.१ युवाहरूको लागि रोजगारी सिर्जना गर्न आवश्यक सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>३.२ युवाहरूमा स्वरोजगार बन्नको लागि उत्प्रेणामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ सङ्घीय तहबाट सञ्चालित विभिन्न कार्यक्रम तथा नीतिहरूबाट लाभन्वित हुने अवसर प्रदान गर्नेको लागि आवश्यक अभिमुखीकरण तथा सहजीकरण गरिनेछ।<br>३.४ स्वरोजगारबाट सफलता प्राप्त गरेका र सबैभन्दा धेरै रोजगारी प्रदान गर्ने युवाहरूलाई प्रदेश आइडल जस्ता सम्मानहरूबाट सम्मान र पुरस्कृत गरिनेछ।<br>३.५ युवाहरूका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.६ उद्यमशीलतासम्बन्धी परामर्श तथा पैरवी सेवा र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>३.७ युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धिका लागि अन्तरनिकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।<br>३.८ युवाद्वारा सञ्चालित उद्यम तथा व्यवसायको बीमा र कर्जा सुरक्षणको व्यवस्था गरिनेछ।<br>३.९ खेलकुदमा समान पहुँच र सहभागिता सुनिश्चित गर्न ग्रामीण तथा दुर्गम क्षेत्रका युवाहरूलाई लक्षित गर्दै विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ४. युवाको सशक्तीकरण र नेतृत्व विकास गर्ने। | ४.१ युवा विकासका लागि आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा अन्य कानुन बनाई जारी गरिनेछ।<br>४.२ युवा सम्बन्धित हेर्ने मन्त्रालयअन्तर्गत स्वायत्त संस्थाका रूपमा प्रदेश युवा परिषद् गठन गरिनेछ।<br>४.३ युवालाई नेतृत्व विकास गर्न तालिम, परामर्श, गोष्ठी, सेमिनार र अध्ययन—अनुसन्धानमूलक कार्यक्रम आयोजना गरिनेछ।<br>४.४ प्रदेशभित्रका युवाहरू तथा मधेश प्रदेशमा आफ्नो क्षेत्रमा विशेष योगदान पुर्‍याउने युवाहरूलाई प्रत्येक वर्ष सम्मान गरिनेछ।<br>४.५ कुलतमुक्त प्रदेश निर्माणमा युवाहरूलाई परिचालन गरिनेछ।<br>४.६ महिलाहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणमा सहयोग गरिनेछ। |

### ६.७.६ प्रमुख कार्यक्रमहरू

१. युवा विकास कोष स्थापना
२. युवा स्वरोजगार तालिम कार्यक्रम
३. उद्यमशीलता प्रवर्धन कार्यक्रम
४. छात्रवृत्ति कार्यक्रम
५. नमुना प्रदेश युवा संसद अभ्यास कार्यक्रम
६. नमुना स्थानीय तह युवा संसद कार्यक्रम (८ जिल्ला १-१ स्थानीय तह)
७. प्रदेश युवा सम्मेलन (२ दिवसीय)
८. युवा वित्तीय साक्षरता कार्यक्रम
९. युवा उद्यमी प्रोत्साहन कार्यक्रम

१०. युवा उद्यमी सहुलियत ऋणकर्जा कार्यक्रम
११. प्रदेश युवा परिषद् गठन र परिचालन
१२. दलित, मुस्लिम, महिला तथा अल्पसङ्ख्यक जेहेन्दार युवा अध्ययन प्रोत्साहन (उच्च शिक्षा)
१३. प्रदेशस्तरीय युवा स्वयंसेवक विकास र परिचालन
१४. दुर्व्यसनबाट मुक्त युवाहरूको पुनर्स्थापना कार्यक्रम
१५. दुर्व्यसनी युवाहरूका लागि सुधारगृह सञ्चालन
१६. युवाहरूको सर्वाङ्गीण क्षमता विकास कार्यक्रम
१७. युवा श्रम स्वयंसेवक कार्यक्रम सञ्चालन

### ६.७.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | स्वरोजगार युवाहरू | प्रतिशत | - | ५० |
| २. | वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने युवाहरू | सङ्ख्या | १०४६०० | ७५००० |
| ३. | नवप्रवर्तन केन्द्र | सङ्ख्या | - | १ |
| ४. | नवप्रवर्तन केन्द्रबाट प्रशिक्षण प्राप्त गर्ने युवा | सङ्ख्या | - | ४००० |
| ५. | युवा क्लबमा आबद्ध युवा | सङ्ख्या | - | ८००० |

## ६.८ खेलकुद

### ६.८.१ पृष्ठभूमि

खेलकुद स्वस्थ जीवनको एउटा आधार र अभिन्न अङ्ग हो। व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ। खेलकुद राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान स्थापित गर्ने प्रमुख माध्यमका रूपमा रहिआएको छ। विश्वव्यापी मूल्यमान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनका माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** भन्ने अभियानलाई सार्थकता दिन आवश्यक छ। खेलकुद तथा मनोरञ्जन सबै उमेरका मानिसहरूका लागि आवश्यक हुन्छ।

खेलकुद विकास ऐन, २०७७ ले शारीरिक तथा मानसिक प्रयास र सिपका माध्यमबाट व्यक्तिगत तथा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा सलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रिय रहने कार्य र प्रचलित व्यावसायिक पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरूलाई खेलकुदका रूपमा परिभाषित गरेको छ । नेपालको संविधानले खेलकुदलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा समावेश गरेको छ। खेलकुद विकास ऐन, २०७७ मा प्रदेश तहको खेलकुद पूर्वाधार निर्माणको जिम्मा प्रदेश सरकारको हुने उल्लेख छ । त्यसैगरी सो ऐनले खेलकुदको विकास र व्यवस्थापन तथा प्रतियोगिता सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय तहबिच आपसमा सहकार्य र समन्वय गर्नुपर्ने व्यवस्था गरेको छ। प्रदेश खेल सङ्घ गठन गर्न सकिने कानुनी व्यवस्था रहेको छ । राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८० कार्यान्वयनमा रहेको छ ।

### ६.८.२ अवसर र सम्भावना

खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमका रूपमा लिनु, प्रदेश र स्थानीय तहलाई खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार बनाइनु, शारीरिक व्यायाम, योग तथा खेलकुद गतिविधिहरूको महत्त्वप्रति जनमानसमा रुचि र जागरुकता बढ्दै जानु, साहसिक खेलकुद विकासका प्रचुर सम्भावना रहनु, खेलकुद गतिविधिमा निजी क्षेत्रको सहभागिता क्रमशः वृद्धि हुँदै जानु र खेलकुद पर्यटन प्रवर्धनको प्रचुर सम्भावना रहनु, स्थानीय खेलकुद विकासका पूर्वाधार विकास हुँदै जानु, स्थानीय तहबाट उत्कृष्ट खेलाडीको उत्पादन हुनु खेलकुद विकासका अवसर हुन्। त्यस्तै राजनीतिक नेतृत्वले खेललाई महत्त्व

दिँदै जानु, खेलपूर्वाधारहरू निर्माण हुँदै जानु, खेलकुदको प्रतियोगिता आयोजना हुने क्रम बढ्दै जानुलाई पनि खेलकुद क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ। खेलकुद स्वास्थ्यका लागि मात्र नभई रोजगारीको आधार बन्दै गएको र अझ बढी रोजगारीको आधार बन्ने सम्भावना रहनुले खेलकुदको महत्त्व बढ्दै गएको छ। खेलकुदकै माध्यमबाट मानिसहरूले आफ्नो व्यक्तित्व निर्माणका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेश तथा राष्ट्रको नाम चिनाउन सफल हुने सम्भावना प्रचुर देखिन्छ।

### ६.८.३ समस्या र चुनौती

खेलकुद पूर्वाधार तथा खेल सामग्री पर्याप्त नहुनु, भएका पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्न नसक्नु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित तथा गुणस्तरीय प्रशिक्षणको व्यवस्था र उनीहरूको मनोवल उच्च बनाई जीविकोपार्जनको आधारका रूपमा खेलकुदलाई स्थापित गर्न नसक्नु, खेलकुदसम्बन्धी सङ्घ संस्थाहरूको क्षमता विकास एवम् संस्थागत सुशासन कायम हुन नसक्नु, खेलकुदसम्बन्धी कार्यक्रमहरूले प्राथमिकता पाए पनि रोजगारी प्रवर्धनको काम कम हुनु, युवाहरू रोजगारीका लागि खाडी मुलुक जानुपर्ने अवस्था रहनु, खेलकुदको विकासको सन्दर्भमा स्थानीय तहसँगको समन्वय र सहकार्य कमजोर रहनु जस्ता समस्याहरू देखिएका छन्। त्यसैगरी खेलकुदको समग्र विकासका लागि प्रस्ताव गरिएको संस्थागत संरचनाअनुसार प्रदेश खेलकुद परिषद् गठन हुन नसक्नुलाई खेलकुद क्षेत्रका विकासको ज्वलन्त समस्याको रूपमा लिन सकिन्छ ।

खेलकुदको विकासमा लगानी अभिवृद्धि गर्नु, गैरसरकारी र निजीक्षेत्रको लगानी आकर्षित गर्नु, खेलकुदलाई जीवनको अभिन्न अङ्गका रूपमा स्थापित गर्दै व्यवसाय र रोजगारीका रूपमा विकास गर्नु, खेलकुदसम्बद्ध निकायहरूमा व्यवस्थापकीय र संस्थागत क्षमता अभिवृद्धि गर्नु र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका मान्य मापदण्डका आधारमा व्यवस्थापन तथा नियमन गर्नु खेलकुद विकासका प्रमुख चुनौती रहेका छन् ।

### ६.८.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** खेलकुदमा अग्रणी प्रदेश

**लक्ष्यः** स्वस्थ नागरिक र व्यावसायिक खेलाडी तयार गर्ने ।

**उद्देश्यः**

१. खेलकुदलाई मानव जीवनको अभिन्न अङ्गका रूपमा स्थापित गर्नु ।
२. खेलकुदलाई आयआर्जनको माध्यमका रूपमा विकास गर्नु।

### ६.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खेलकुदसम्बन्धी कानुनी र संस्थागत व्यवस्था गर्ने । | १.१ खेलकुद विकाससम्बन्धी ऐन, नियम तथा कार्यविधिहरू निर्माण र कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेशस्तरीय खेलकुद परिषद् गठन गरिनेछ।<br>१.३ प्रदेशस्तरीय खेलकुद सङ्घहरू गठन र परिचालन गरिनेछ।<br>१.४ जिल्ला खेलकुद विकास समितिको क्षमता विकास गरिनेछ।<br>१.५ खेलकुदसम्बन्धी सङ्घ संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण र सुशासन अभिवृद्धि गरिनेछ।<br>१.६ खेलाडीहरूको सामाजिक सुरक्षाका लागि खेलाडी अक्षयकोष स्थापना गरिनेछ।<br>१.७ कुनै एउटा खेललाई प्रदेश खेलको रूपमा घोषणा गरिनेछ।<br>१.८ खेलकुदसम्बन्धी सङ्घ/संस्थाहरूलाई सुदृढ गर्दै पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. खेलकुद पूर्वाधारहरूको विकास, विस्तार र स्तरोन्नति गर्ने। | २.१ रङ्गशाला निर्माणलाई प्रदेश गौरव आयोजनाका रूपमा कार्यान्वयन गरिनेछ।<br>२.२ राम जानकी बहुउद्देशीय अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण गरिनेछ।<br>२.३ नारायणी रङ्गशालाको स्तरोन्नति गरिनेछ।<br>२.४ प्रदेश खेलकुद प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन गरिनेछ।<br>२.५ कुनै एउटा खेलको अन्तर्राष्ट्रिय खेलकुद आयोजना गर्न मिल्ने पूर्वाधार निर्माण गरिनेछ।<br>२.६ स्थानीय तहमा खेलकुद ग्रामहरूको विकास विस्तार गरिनेछ।<br>२.७ राष्ट्रियस्तरका खेलकुद परिसरहरूको विकास गरिनेछ। |
| ३. खेलकुदको विकास र विस्तार गर्ने। | ३.१ स्थानीय तहस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।<br>३.२ खेलकुद प्रशिक्षकहरू र व्यावसायिक खेलाडीहरूको उत्पादन गरिनेछ।<br>३.३ अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेशस्तरका खेलकुद प्रतियोगितामा विजयी खेलाडीलाई पुरस्कृत गरिनेछ।<br>३.४ प्रदेशबाट प्रतिनिधित्व गर्ने राष्ट्रिय खेलाडीहरूलाई नियमित भत्ताको व्यवस्था गरिनेछ।<br>३.५ खेलकुदसम्बन्धी अध्ययन तथा विकासका लागि छुट्टै संस्था स्थापना गरिनेछ।<br>३.६ विद्यालयहरूलाई खेलकुदको आधारशिलाका रूपमा विकास गरिनेछ।<br>३.७ खेलकुद र शैक्षिक कार्यक्रमहरूलाई समायोजन गर्दै विद्यार्थीहरूलाई शारीरिक फिटनेस र मानसिक स्वास्थ्यका लागि खेलकुदको महत्त्व बुझाउने शिक्षा प्रदान गरिनेछ। |
| ४. खेलकुदलाई पर्यटन र मनोरञ्जन क्षेत्रको रूपमा विकास गर्ने। | ४.१ नियमितरूपमा खेलकुद प्रतियोगिताहरूको आयोजना गरिनेछ।<br>४.२ प्रमुख खेलहरूलाई व्यवसायीकरण गरी खेलाडीहरूको आयआर्जन बढाउने व्यवस्था गरिनेछ। |

### ६.८.६ प्रमुख कार्यक्रमहरू

१. रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण
२. नारायणी रङ्गशाला वीरगन्ज मर्मत तथा स्तरोन्नति
३. मलङ्गवा कवर्डहल निर्माण
४. ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना
५. खेलकुद परिषद् गठन तथा परिचालन
६. जिल्ला खेलकुद विकास समिति सञ्चालन
७. खेलकुद पुरस्कार
८. खेलाडीहरूका लागि प्रशिक्षण कार्यक्रम
९. प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको आयोजना
१०. खेलकुद पूर्वाधारहरूको मर्मतसम्भार
११. क्रिकेट एकेडेमीको स्थापना
१२. महिला खेलाडीहरूका लागि छुट्टै प्रशिक्षण केन्द्रको व्यवस्था
१३. तिलाठी कोलाइडीको ल.व.न. उच्च माध्यमिक विद्यालयमा रहेको खेल मैदानलाई क्षेत्रीय रङ्गशालामा रूपान्तरण
१४. विद्यालयस्तरमा खेलकुद विस्तार कार्यक्रम
१५. खेलकुदको ग्रासरूट अभियान सञ्चालन
१६. मधेश प्रिमियम लिग आयोजना
१७. मधेश ओलम्पिक स्पोर्टस केन्द्र स्थापना

### ६.८.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | खेलकुद ग्रामहरू | सङ्ख्या | | १३६ |
| २. | प्रदेशले आयोजना गरेका खेलकुद प्रतियोगिताहरू | सङ्ख्या | - | ५ |
| ३. | मधेश प्रदेशबाट राष्ट्रिय टोलीमा सहभागी खेलाडीहरू | सङ्ख्या | - | १० |
| ४. | अन्तर्राष्ट्रिय खेलमा प्राप्त पदकहरू | सङ्ख्या | | |
| ५. | स्वर्ण | सङ्ख्या | - | १ |
| ६. | रजत | सङ्ख्या | - | २ |
| ७. | काश्य | सङ्ख्या | - | ३ |
| ८. | राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडीहरू | सङ्ख्या | - | १० |
| ९. | राष्ट्रिय खेलमा प्राप्त पदकहरू | सङ्ख्या | | |
| १०. | स्वर्ण | सङ्ख्या | | २ |
| ११. | रजत | सङ्ख्या | | ४ |
| १२. | काश्य | सङ्ख्या | | ८ |

## ६.९ भाषा, कला साहित्य तथा सम्पदा संरक्षण

### ६.९.१ पृष्ठभूमि

भाषा, कला, साहित्य र सम्पदालाई कुनै पनि ठाउँ र समुदायको पहिचानका रूपमा लिन सकिन्छ। विद्वानहरूको मत रहेको छ कि मातृभाषामा पढ्ने अवसर पाउँदा सिकाइ प्रभावकारी बन्न सक्दछ। संविधानले नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्रभाषा र देवनागरीलिपिको भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएको छ। नेपालको संविधानले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने हक प्रत्याभूत गरेको छ। संविधानको धारा ३२(२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हकको व्यवस्था रहेको छ भने धारा ३२(३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हकको व्यवस्था रहेको छ। भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगलाई प्रदेश अधिकार सूचीमा राखिएको छ।

मधेश प्रदेश भाषा, कला, साहित्य र प्राचीन सम्पदाका दृष्टिले छुट्टै पहिचान बोकेको प्रदेश हो। मधेश प्रदेश माता जानकी, राजर्षि जनक, श्रीराम हनुमान्, गार्गी, मैत्रेयी, याज्ञवल्क्य, दिनभद्री, सहलेस तथा वीर लडाकुहरूको भूमि हो। यो प्रदेश मैथिली, भोजपुरीलगायत विविध भाषा, साहित्य र जनक-जानकीसम्बद्ध विविध सांस्कृतिक धरोहर भएको सयभन्दा बढी जातजातिको बसोबास स्थल हो। जनगणना २०७८ अनुसार यस प्रदेशभित्र मातृभाषाका रूपमा मैथिली भाषा बोल्ने २५ लाख ५१ हजार ९ सय १७ (करिब ४२ प्रतिशत) र भोजपुरी भाषा बोल्ने ११ लाख ४९ हजार ९ सय ६२ (करिब १९ प्रतिशत) मानिसहरू रहेका छन्। यसैगरी बज्जिका भाषा बोल्ने ११ लाख २७ हजार २ सय २५ अर्थात् १८.४४ प्रतिशत, नेपाली भाषा बोल्ने ३ लाख ५२ हजार १ सय ९ अर्थात् ५.७६ प्रतिशत, थारु भाषा बोल्ने २ लाख ५४ हजार ६ सय ८५ अर्थात् ४.१७ प्रतिशत, उर्दु भाषा बोल्ने २ लाख ४९ हजार ६ सय १४ अर्थात् ४.०८ प्रतिशत र मगई भाषा बोल्ने २ लाख १५ हजार २ सय ३६ अर्थात ३.५२ प्रतिशत रहेका छन्। नेपालको संविधानले विद्यालय शिक्षा मातृभाषामा लिन पाउने मौलिक हक सुनिश्चित गरेको छ। मैथिली भाषा पढाइको माध्यमको भाषाका रूपमा नभई ऐच्छिक विषयका रूपमा कक्षा १ देखि ५ सम्म पढाइ हुने गरेको छ। पाठ्यक्रम विकास केन्द्रले कक्षा १ देखि ५ सम्मका लागि **"हामर मैथिली पोठी (पुस्तक)"** पाठ्यपुस्तकहरू प्रकाशन गरेको छ। त्यसैगरी मैथिलीलाई ऐच्छिक विषयका रूपमा माध्यमिक तहमा पनि पढ्न पाइने व्यवस्था रहेको छ। कक्षा ९ र १० का लागि पाठ्यपुस्तक र ११ र १२ का लागि पाठ्यक्रम तयार गरिएको छ। मैथिली भाषा विद्यालय तहमा मात्र नभई विश्वविद्यालय तहमा पनि पढ्न पाउने व्यवस्था रहेको छ।

### ६.९.२ अवसर सम्भावना

मातृभाषामा पढाइ हुनसक्ने व्यवस्था हुनु, मातृभाषामा पढाइ गर्नका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता हुनुलाई अवसरका रूपमा लिन सकिन्छ। भाषा, कला, साहित्य आदिको विकास र प्रवर्धनका लागि मधेश प्रज्ञा प्रतिष्ठान स्थापना भएको छ । यसलाई पनि मधेश प्रदेशको भाषा, साहित्य कला आदिको विकासका लागि अवसरका रूपमा मान्न सकिन्छ । विभिन्न जातजाति र भाषा संस्कृतिको सम्मिश्रण यस प्रदेशमा रहेको छ।

### ६.९.३ समस्या र चुनौती

मातृभाषामा पढाइ हुनसक्ने व्यवस्था भएतापनि मातृभाषामा पढाइ कम हुनु, मातृभाषामा आधारित शिक्षाको स्तरोन्नतिका लागि राज्य तहबाट कम महत्त्व दिइनुले स्थानीय भाषा सङ्कटमा पर्दै गएको देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको विकास एवम् वितरणका लागि र स्थानीय भाषाको शिक्षक भर्ना गर्नका लागि पर्याप्त बजेटको अभाव छ । मातृभाषामा पढाइ हुँदा आफ्ना बालबालिकाहरूको सिकाइ राम्रो हुन्छ भन्ने चेतनाको अभावमा स्थानीय भाषामा कम मात्रामा पढाइ हुने गरेको छ । उच्च तहको अध्ययनका लागि विदेश जाने लहर बढिरहेको अवस्थामा स्थानीय भाषाप्रतिको आकर्षण बढाउनु चुनौतीपूर्ण रहेको छ ।

### ६.९.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** भाषा, कला, साहित्य र संस्कृतिमा समृद्ध प्रदेश

**लक्ष्यः** भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र संवर्धन गर्ने।

**उद्देश्यः** प्रदेशमा रहेका भाषा, कला, साहित्य र संस्कृतिको उन्नयन गर्नु।

### ६.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भाषा, कला, साहित्य र संस्कृति अध्ययन, अनुसन्धान र अन्वेषणमा जोड दिने। | १.१ भाषा संस्कृतिसम्बन्धी नीति, योजना र मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ।<br>१.२ मैथली, भोजपुरी, बज्जिका, थारु, उर्दु, मगई, हिन्दी लगायतका भाषाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ।<br>१.३ लोपोन्मुख भाषाबारे अध्ययन अनुसन्धान गरिनेछ।<br>१.४ भाषा र संस्कृतिका सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.५ विद्यालय तथा विश्वविद्यालय तहमा स्थानीय भाषाको पठनपाठन हुने व्यवस्था मिलाइनेछ।<br>१.६ मधेशका सांस्कृतिक धरोहरहरू जस्तै : सलहेस, दिनाभद्री आदिका बारेमा अध्ययन अनुसन्धान गरी सार्वजनिक गरिनेछ। |
| २. कला र संस्कृतिको विकासमा प्रोत्साहन गर्ने। | २.१ कला एवम् संस्कृतिको विकासमा संलग्न व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग प्रदान गरिनेछ।<br>२.२ कला सांस्कृतिक क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्थालाई पुरस्कार प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>२.३ मधेश सांस्कृतिक सङ्ग्रहालय निर्माण गरिनेछ।<br>२.४ मिथिला, भोजपुरी, थारु, मुस्लिमलगायत प्रमुख भाषा, कला, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने गरी स्थापित प्रतिष्ठानको क्षमता विकास गरिनेछ।<br>२.५ मधेश प्रदेशभित्रका सम्पूर्ण सांस्कृतिक सम्पदाहरूको जानकारी समेटिएको कृति तयारी र प्रकाशन गरिनेछ।<br>२.६ सांस्कृतिक एवम् ऐतिहासिक धरोहरहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ।<br>२.७ सांस्कृतिक एवम् ऐतिहासिक धरोहरहरूको संरक्षण, संवर्धन र विकास गरिनेछ।<br>२.८ मधेशका कलाकार र साहित्यकारहरूको सिर्जनशीलतालाई प्रोत्साहन गर्न नियमित साहित्यिक कार्यक्रम, कार्यशाला र प्रदर्शनीहरू सञ्चालन गरिनेछ। |

### ६.९.६ प्रमुख कार्यक्रमहरू

१. मधेश सांस्कृतिक सङ्ग्रहालय निर्माण
२. साहित्य महोत्सवको आयोजना
३. भाषा तथा संस्कृतिसम्बन्धी अनुसन्धान
४. मिथिला, भोजपुरी, थारु, मुस्लिमलगायत प्रमुख कला संस्कृतिको संरक्षण कार्यक्रम
५. मैथिली, भोजपुरी, थारु, उर्दु भाषा, कला, लिपि आदिको खोज तथा अनुसन्धान
६. ऐतिहासिक मठ मन्दिर, मस्जिद, कला, दरबार आदिको संरक्षण तथा पुनः निर्माण
७. अल्पसङ्ख्यक समुदायका भाषा संस्कृति संरक्षण कार्यक्रम
८. मधेशमा बोलिने मैथली, भोजपुरी, बज्जिका, थारु, उर्दु, मगईलगायत सबै भाषा संरक्षण, संवर्धन तथा विकास कार्यक्रम
९. प्रदेशमा रहेका ऐतिहासिक गढीहरूको संरक्षण, संवर्धन र विकास
१०. मधेश आर्ट स्टुडियो स्थापना

### ६.९.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | मधेश प्रदेशमा रहेका भाषामा प्रकाशित थप साहित्य कृतिहरू | सङ्ख्या | - | १० |
| २. | मधेश प्रदेशको भाषा, संस्कृति र साहित्य सम्बन्धमा भएका थप अनुसन्धानहरू | सङ्ख्या | - | ५ |
| ३. | स्थानीय पाठ्यक्रममा सामवेश भएका भाषाहरू | सङ्ख्या | - | ५ |
| ४. | स्थानीय भाषामा पढाइ हुने विद्यालयहरू | प्रतिशत | - | २० |
| ५. | सङ्ग्रहालय | सङ्ख्या | - | १ |

## ६.१० जनसङ्ख्या तथा बसाइँसराइ

### ६.१०.१ पृष्ठभूमि

जनसङ्ख्या बहुपक्षीय, बहुआयामिक र सबैको साझा सरोकारका विषय हो। जनसङ्ख्याको आकार, संरचना र वितरणमा परिवर्तन ल्याउने मुख्य जनसाङ्ख्यिक तत्वहरूमध्ये बसाइँसराइ पनि एक हो। मानिसहरूले आफू बसिरहेको स्थान छोडेर अर्को स्थानमा स्थायी रूपमा बसोबास गर्न जाने प्रक्रिया बसाइँसराइ हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई देशको कुनै पनि भागमा आवतजावत र बसोबास गर्न पाउने स्वतन्त्रता प्रदान गरेको छ। जनसङ्ख्या व्यवस्थापन सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा रहेको विषय हो। सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वयात्मक प्रयासमा मात्र बसाइँसराइ र बसोबासलाई दिगो र व्यवस्थित गर्न सकिन्छ। मधेश प्रदेशको भौगोलिक बनावट, पूर्वाधारको अवस्था र जमिनको उत्पादकत्व तथा रोजगारीका अवसरहरूका कारणले गर्दा मधेश प्रदेशमा बसाइँसराइ गरी आउनेको क्रम बढी रहेको अवस्था आगामी आवाधिक योजनामा यसलाई समावेश गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसङ्ख्या ६१,१४,६०० रहेको छ। जसमध्ये महिलाको सङ्ख्या ३०,६५,७५१ (५०.१४ प्रतिशत) र पुरुषको सङ्ख्या ३०,४८,८४९ (४९.८६ प्रतिशत) रहेको छ। यो सङ्ख्या अघिल्लो जनसङ्ख्याभन्दा ७,१०,४५५ (१३.१४ प्रतिशत)ले बढी हो। नेपालको पहाडी क्षेत्रबाट तराईमा बसाइँ सर्ने प्रवृत्ति व्यापक मात्रामा रहेको छ। मधेश प्रदेशको सबै भू-भाग समथर भएकाले मधेश प्रदेशमा तीव्र गतिमा बसाइँसराइ भएको हो। बसाइँसराइका कारणले मधेश प्रदेशमा सहरीकरण पनि तीव्र रहेको छ।

मधेश प्रदेशको दुई तिहाईभन्दा बढी जनसङ्ख्या नगरपालिका क्षेत्रमा बसोबास गर्दछ। त्यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालय नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, २०८० (DEGURBA) अनुसार सहरी तथा सहरोन्मुख जनसङ्ख्या १९.९ प्रतिशत रहेको छ। जुन सातओटा प्रदेशमध्येको सबैभन्दा उच्च हो। सो प्रतिवेदनअनुसार मधेश प्रदेशमा ८३ ओटा वडाहरू ग्रामीण,

९७१ ओटा वडाहरू सहरोन्मुख र २१७ ओटा वडाहरू सहरी वडाहरू रहेका छन्। ग्रामीण क्षेत्रमा स्थानीय परिवेश सुहाउँदो पूर्वाधारको विकास र सहज किसिमको सेवाको विस्तार गर्न नसके सहरी र ग्रामीण क्षेत्रको जनसङ्ख्यामा थप अन्तर आउने देखिन्छ। उत्पादनशील उमेर समूहको जनसङ्ख्याको देश निर्माणमा अधिकतम परिचालन, ज्येष्ठ नागरिकको सक्रिय र सहज जीवनयापनका लागि उपयुक्त वातावरण निर्माण र विकासमा नयाँ पुस्ताको सहभागिताका लागि संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य आवश्यक छ। युवाहरूको बाहुल्य, घट्दो मृत्यु दर, तुलनात्मक रूपमा कम औसत आयु, बढ्दो वृद्ध जनसङख्या, जनसङख्याको असमान भौगोलिक वितरण, अव्यवस्थित आन्तरिक बसाइँसराइ, युवाहरूको बढ्दो विदेश पलायन नेपालको जनसङ्ख्याका विशेषताहरू हुन् र यी विशेषताहरू मधेश प्रदेशका हकमा पनि मिल्दाजुल्दा देखिन्छन्।

### ६.१०.२ अवसर र सम्भावना

कुनै पनि देशको विकासका लागि जनसङ्ख्या अत्यावश्यक तत्वहरू मध्ये पनि महत्त्वपूर्ण तत्त्व हो। जनशक्तिको उचित परिचालन र व्यवस्थापनबाट मात्र प्रदेशको सामाजिक, आर्थिक र सांस्कृतिक विकास सम्भव छ। प्रदेशको हालको जनसङख्या बनावट र संरचना हेर्दा युवा जनसङ्ख्याको बाहुल्यता देखिन्छ। यो अवस्था अझै केही वर्ष रहने देखिन्छ र यो अवस्था मधेश प्रदेशका लागि महत्त्वपूर्ण अवसर हो।

### ६.१०.३ समस्या र चुनौती

नेपालको जनसङ्ख्या व्यवस्थापनको एउटा प्रमुख समस्या भनेको अव्यवस्थित बसाईँसराइ हो। एकातिर गाउँ रित्तिँदै गएको अवस्था छ भने अर्कातिर गाउँबाट गएकाहरूको अव्यवस्थित र असुरक्षित बसाइले विभिन्न आर्थिक, सामाजिक र वातावरणीय समस्याहरू उत्पन्न भएका छन्। जनसाङ्ख्यिक लाभको उपयोग हुन नसकी देश निर्माण गर्ने युवाशक्तिको विदेश पलायन तीव्र हुनु, देशको युवा शक्ति विदेशमा खर्च हुनु अत्यन्त गम्भीर समस्याका रूपमा रहेको छ। यसले देश निर्माणमा क्षति पुर्‍याएको मात्र छैन कि पारिवारिक बेमेल, जनसङ्ख्या वृद्धि लगायतमा ठुलो असर पर्दै गएको देखिन्छ।

### ६.१०.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सन्तुलित जनसङ्ख्या वितरण, व्यवस्थित बसोबास

**लक्ष्यः** जनसाङ्ख्यिक लाभको उपयोग, व्यवस्थित बसाईँसराइ र योजनावद्ध बसोबासको व्यवस्था मिलाउने।

**उद्देश्यः**

१. जनसङ्ख्या तथा बसाईँसराइलाई व्यवस्थित गर्नु।
२. आर्थिक विकासका लागि मानवस्रोतको परिचालन गर्नु।

### ६.१०.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सीमान्तकृत तथा पिछडिएका समुदायका आधारभूत आवश्यकताहरू पूरा गर्ने । | १.१ भूमिहीन गरिबहरूलाई परिचयपत्र सहित भूमि वितरण गरिनेछ।<br>१.२ गरिब घरपरिवारलाई लघुउद्यम विकासका लागि नरम-ऋण उपलब्ध गरिनेछ।<br>१.३ रोजगारी तथा स्वरोजगारका अवसर भएका सिपमूलक तालिमको अवसर वृद्धि गरिनेछ।<br>१.४ स्थानीय विकास निर्माणका कामलाई रोजगारीसँग आबद्ध गरिनेछ। |
| २. अत्यावश्यक पूर्वाधारहरूको निर्माण गर्ने | २.१ स्थानीय तहको वडा केन्द्रसम्म सर्वयाम मोटरबाटो विस्तार गरिनेछ।<br>२.२ शिक्षा, स्वास्थ्य, वित्तीय सेवा विस्तार गरिनेछ।<br>२.३ यातायात, खानेपानी, विद्युत्, दूरसञ्चार आदि सेवाको गुणस्तर वृद्धि र विस्तार गरिनेछ।<br>२.४ स्थानीय तहका वडा केन्द्रहरूमा बजारको विकास गरिनेछ।<br>२.५ बसाईँसराइ तीव्र भएका स्थानहरूमा पूर्वाधार विकास गरी बस्तीलाई बस्न योग्य बनाइनेछ।<br>२.६ युवाहरू लक्षित विशेष रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.७ बसाईँसराइ समस्या समाधानका लागि ग्रामीण क्षेत्रमा आर्थिक अवसर र पूर्वाधार विकासका थप कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. जनसङ्ख्या सम्बन्धी योजना कार्यान्वयन गर्ने। | ३.१ सुरक्षित मातृत्व र यौन तथा प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ।<br>३.२ मागअनुसारको परिवार नियोजन सेवालाई थप विस्तार गरिनेछ।<br>३.३ गैर कानुनी गर्भपतन विरुद्ध जनचेतना र कानुनी कार्वाहीलाई अगाडि बढाईनेछ।<br>३.४ मातृ शिशुको स्याहार र पोषणलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३.५ गर्भवतीलाई विशेष हेरचाह र सुविधा दिन आमसञ्चारका माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.६ महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सुरक्षित मातृशिशु सेवासम्बन्धी थप तालिम र प्रोत्साहन प्रदान गरिनेछ। |

### ६.१०.६ प्रमुख कार्यक्रमहरू

१. गरिब पहिचान र परिचय-पत्र वितरण
२. बस्ती विकास कार्यक्रम
३. अभिलेख व्यवस्थापन
४. सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य सेवा कार्यक्रम
५. युवा लक्षित विशेष रोजगार कार्यक्रम
६. आप्रवासनसम्बन्धी डिजिटल प्रोफाईल निर्माण

### ६.१०.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | योजनाबद्ध विकास गरिएका बस्ती | सङ्ख्या | - | ५ |
| २. | सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य सेवा लागु भएका स्थानीय तह | सङ्ख्या | - | २५ |
| ३. | युवा लक्षित विशेष रोजगार कार्यक्रमबाट लाभान्वित युवा वार्षिक | सङ्ख्या | - | १०० |

## ६.११ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक

### ६.११.१ पृष्ठभूमि

सामान्यतया कोही व्यक्ति शारीरिक रूपमा पुरुष भएर जन्मिए पनि भावनात्मक र अन्य हिसाबले आफूलाई महिलाका रूपमा मान्छ या कोही शारीरिक रूपमा महिलाका रूपमा जन्मिएर पनि भावनात्मक र अन्य हिसाबमा आफूलाई पुरुष ठान्छ भने उनीहरू यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायभित्र पर्दछन्। नेपालको संविधानले धारा १२ नागरिकताको हक, धारा १८ समानताको हक र धारा ४२ सामाजिक न्यायको हकमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हक सुरक्षित गरेको छ। संविधानको धारा ३५(४) मा समावेशी र समानुपातिक सहभागिताको विषय उल्लेख छ। नेपालको संविधानले लैङ्गिक पहिचानअनुसारको नागरिकता दिने व्यवस्था गरेको छ। धारा १८ मा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको नमानिने व्यवस्था रहको छ। त्यसैगरी संविधानले लैङ्गिक अल्पसङ्ख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकभित्र पनि दलितहरूको समस्या पृथक् छ। सर्वप्रथम यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र दलित समुदायप्रति हुने दोहोरो भेदभाव र सामाजिक अपहेलना अन्त्यका लागि व्यापक जनचेतना अभियान सञ्चालन गर्नुपर्छ। शिक्षा प्रणालीमा समावेशी पाठ्यक्रमहरू समावेश गरी विविधता र सहिष्णुताको सन्देश प्रवाहित गर्नुपर्छ। कानुनी संरचना मजबुत पारेर यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक दलितहरूका लागि विशेष संरक्षण र अधिकार सुनिश्चित गर्नुपर्छ । रोजगार र आर्थिक अवसरहरूमा प्राथमिकता दिनुपर्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्यामध्ये यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यको जनसङ्ख्या २९२८ रहेको छ । जसमध्ये मधेश प्रदेशमा २४.९ प्रतिशत (७२९ जना) रहेका छन्। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकार संरक्षणको क्षेत्रमा विभिन्न सकारात्मक पहलहरू हुँदै आएको छ। यस समुदायको हक अधिकारका लागि काम गर्न निल हिरा समाज, मितिनी नेपाल, समावेशी फोरम नेपाल जस्ता गैरसरकारी संस्थाहरू स्थापना भई क्रियाशील रहेका छन्। राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रयासस्वरूप सुरक्षित मातृत्व र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी नीतिमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई बिनाभेदभाव स्वास्थ्य सेवामा पहुँच रहेको छ। लिङ्गको महलमा अन्य राखी नागरिकता (सन् २०१३) र राहादानी (सन् २०१५) वितरण गर्नु सुरू भएको छ। कक्षा ६, ७ र ८ को स्वास्थ्य तथा शारीरिक शिक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसम्बन्धी विषयलाई समावेश गरिएको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू हेर्ने जिम्मेवारी महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय तोकिएको छ भने मधेश प्रदेशमा खेलकुद तथा समाज कल्याण मन्त्रालयलाई सो जिम्मेवारी तोकिएको छ। राष्ट्रिय मानव अधिकार आयोगमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको मुद्दा हेर्ने शाखाको व्यवस्था रहेको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका विषयमा सञ्चार माध्यमबाट बिस्तारै सचेतना वृद्धि हुँदै आएको छ र यसको सकारात्मक प्रभाव समाजमा बढ्दै आएको छ ।

### ६.११.२ अवसर र सम्भावना

नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तोकेर नै समानता, सहभागिता र राज्यका अङ्गहरूमा प्रतिनिधित्वको हकको व्यवस्था हुनु, पहिचानसहितको नागरिकता प्राप्त गर्ने व्यवस्था हुनु, समाजमा महिला र पुरुष बाहेक अन्य लिङ्गीहरू पनि हुन्छन् र तिनीहरूको पनि आत्मसम्मान हुन्छ भन्ने बुझाइ राज्य र समाजमा स्थापित हुँदै जानु यस क्षेत्रका अवसरहरू हुन् । यसकै परिणामस्वरूप राष्ट्रिय जनगणना २०७८ मा महिला र पुरुषका अतिरिक्त अन्य लिङ्गिको पनि छुट्टै गणना हुनु यस समुदायका लागि अवसरका रूपमा लिन सकिन्छ । निल हिरा समाज, मितिनी नेपाल, समावेशी फोरम नेपाल जस्ता गैरसरकारी संस्थाहरू सक्रिय हुनुलाई पनि यस समुदायको लागि ठुलो अवसरका रूपमा लिन सकिन्छ । समाजमा र राज्यमा बन्दै गएको सकारात्मक धारणाले उनीहरूको जीवन थप सहज र मर्यादित बन्दै जाने सम्भावना रहेको छ ।

### ६.११.३ समस्या र चुनौती

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायमा मानव अधिकारको समस्या र चुनौती अनगिन्ती छन्। अझै पनि लिङ्ग भनेको महिला र पुरुष मात्र हुन्छ भन्ने बुझाइ रहनु, खासगरी लैङ्गिक पहिचानसहितको जन्म दर्ता, नागरिकता तथा राहदानी, विवाह र प्रमाणपत्रको प्राप्तिमा कठिनाइ हुनु, सबै अधिकार प्राप्तिको आधार मानिएको नागरिकताबाट वञ्चित हुनु अर्थात् आफ्नो पहिचान सहितको नागरिकता पाउन कठिन हुनु, पहिचानको सङ्घर्षमा धेरै अगाडि बढिसके तापनि आफ्नो परिवारको साथ र सहयोग पाउन नसक्नु यस समुदायका प्रमुख समस्या रहेका छन्। संविधानले समानताको हक सुनिश्चित गरे तापनि समाजमा उनीहरूप्रतिको दृष्टिकोण सकारात्मक छैन र उनीहरूले विभेदपूर्ण व्यवहार भोग्दै आएका छन्। अपाङ्गतासहितको यौनिक अल्पसङ्ख्यक समुदायले एकैचोटि दुईओटा समस्याको सामना गर्नुपरेको अवस्था छ। रोजगारी प्राप्तिमा कठिनाइ हुनुले उनीहरूको जीवन कठिन बन्न पुगेको छ । उनीहरूको मानव अधिकारको पूर्ण संरक्षण गर्नु र समाजमा मर्यादित ढङ्गले बाँच्न पाउने वातावरण निर्माण गर्नु नै उनीहरू तथा राज्यका लागि चुनौती बनेको छ ।

### ६.११.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** लैङ्गिक पहिचानसहितको मर्यादित जीवन

**लक्ष्यः** यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको जीवन सहज र मर्यादित बनाउने।

**उद्देश्यः**

१. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने।
२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई गरिने विभेद अन्त्य गर्ने।

### ६.११.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको सशक्तीकरण गर्ने। | १.१ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि उनीहरूको अधिकार र त्यसका लागि बनेका कानुन तथा संस्थागत संरचना आदिबारेमा तालिमहरू सञ्चालन गरिनेछ।<br>१.२ स्थानीय तह तथा प्रदेश तहको नीति निर्माण क्रियाकलापहरूमा उनीहरूको सहभागिता सुनिश्चत गरिनेछ।<br>१.३ दलित यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू लगायत सबै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको संरक्षण र अधिकार सुनिश्चित हुनेगरी कानुन निर्माण गरिनेछ। |
| २. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय प्रतिको सामाजिक धारणामा परिवर्तन ल्याउने। | २.१ आमसञ्चार माध्यमबाट यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति सकारात्मक सन्देश दिने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.२ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकबारेमा विद्यालय तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका परिवारका सदस्यहरूसँगको अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ३. शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गर्ने। | ३.१ विद्यालय जानबाट बञ्चित रहेका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका बालबालिकाहरूलाई विद्यालय जानका लागि आवश्यक सहयोग गरिनेछ।<br>३.२ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि आयआर्जन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।<br>३.३ यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको रोजगारीको लागि निजीक्षेत्रसँग समन्वय गरिनेछ। |

### ६.११.६ प्रमुख कार्यक्रमहरू

१. यौनिक अल्प सङ्ख्यकहरू सम्बन्धी कार्यसञ्चालन निर्देशिका निर्माण र समिति गठन
२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि क्षमता विकास कार्यक्रम
३. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि स्वरोजगार तालिम कार्यक्रम
४. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका बारेमा जनचेतना अभिवृद्धि कार्यक्रम
५. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू सम्बन्धी तथ्याङ्क सङ्कलन र स्थिति पत्र तयारी
६. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकार प्रवर्धन कार्यक्रम

### ६.११.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आफ्नो लैङ्गिक पहिचान खुलाउने यौनिक, लैङ्गिक तथा अल्पसङ्ख्यकहरू | प्रतिशत | - | ५० |
| २. | लैङ्गिक पहिचानका आधारमा नागरिकता पाउनेहरू | प्रतिशत | - | ५० |
| ३. | तालिम पाउनेमध्ये रोजगारीमा संलग्न हुनेहरू | सङ्ख्या | - | २५ |

# परिच्छेद सात : पूर्वाधार विकास

भौतिक पूर्वाधार मुलुकको आर्थिक सामाजिक विकासको महत्त्वपूर्ण आधार अर्थात् जग (Foundation) हो। नेपालको संविधानले विकाससम्बन्धी नीतिमा **"विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने"** भन्ने उल्लेख गरिएको छ। संविधानले प्रदेश लोकमार्ग र यातायातलाई प्रदेशको एकल अधिकारभित्र राखेको छ ।पूर्वाधार क्षेत्रअन्तर्गत सडक तथा यातायात, विद्युत् तथा ऊर्जा, सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण, आवास, बस्ती तथा सहरी विकास, सूचना तथा सञ्चार, खानेपानी तथा सरसफाइ आदि विषयहरू समावेश गरिएका छन्।

## ७.१ सडक

### ७.१.१ पृष्ठभूमि

सडक यातायात देशको आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण आधार हो। भौतिक पूर्वाधार विकासको मेरुदण्डका रूपमा रहेको सडक तथा यातायात सञ्जालको दिगो तथा सुरक्षित विकासले मात्र प्रदेश तथा मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, नागरिकलाई सहज तथा सुलभ सेवा पुर्‍याउन र स्थानीय, प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गर्न सकिन्छ। अन्य पूर्वाधार विकासको आधार पनि सडक नै भएकाले यसलाई पूर्वाधारको पनि पूर्वाधार भन्ने गरिन्छ। नेपालको संविधानले यातायात र प्रदेश लोकमार्गलाई प्रदेशको एकल अधिकारको सूचीमा राखेको छ। प्रदेश गुरुयोजना तर्जुमा तथा कार्यान्वयन, सडकको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, नियमित मर्मत सम्भार र व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, यातायात सुरक्षा, सम्भार, कोष व्यवस्थापन, सडक प्रविधि तथा संस्थागत विकास र अध्ययन अनुसन्धान आदि प्रदेशका कार्यक्षेत्रमा पर्दछन् ।

भखरै अद्यावधिक गरिएको तथ्याङ्कमा आधारित प्रादेशिक सडक सञ्जाल गुरुयोजनाअनुसार यस प्रदेशमा सङ्घीय राजमार्ग १०२४ कि.मि. समेत गरी ६६५६ कि.मि. सडक छ। जसमध्ये सङ्घीयसमेत गरी १२९८ कि.मि. पक्की, ग्राभेल २९०५ कि.मि. र कच्ची २४५३ कि.मि. (देशको कुल सडक लम्बाइको ९.१७ प्रतिशत) रहेको छ। यस प्रदेशमा प्रादेशिक सडक ३३९४ कि.मि. र प्रादेशिक लोकमार्ग २२३८ कि.मि. रहेको छ। ।सडकको घनत्व प्रतिसय वर्ग कि.मि. ६८.८९ कि.मि. रहेको छ। प्रदेश सरकारअन्तर्गत ४३ ओटा सडक पुल निर्माण गरिएका छन् भने १३ ओटा झोलुङ्गे पुल निर्माण गरिएका छन् र स्थानीय तहबाट निर्माण भएका समेत गरी २०१ ओटा झोलुङ्गेपुल निर्माण गरिएका छन् (झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम, मधेश प्रदेश)। प्रदेश सभाका ६४ ओटा निर्वाचन क्षेत्रमा कम्तीमा ५ कि.मि.का दरले जम्मा ३२० कि.मि. पक्की सडक निर्माण गर्ने कार्य चालु रहेको छ। प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत आठओटै जिल्लामा सडक स्तरोन्नति, बृहद् मर्मत र नियमित मर्मत कार्य सञ्चालनका लागि तयारी भएको छ। यस प्रदेशमा रहेका १३६ ओटै स्थानीय तहका केन्द्रसम्म सडक पहुँच पुगेको छ। सबै स्थानीय तहका केन्द्रसम्म सडक पहुँच पुगे तापनि अझै पनि २५ ओटा स्थानीय तहहरूको केन्द्रसम्मको १३९ कि.मि. सडक पक्की (पिच) हुनसकेको छैन (आर्थिक सर्वेक्षण, २०८१ नेपाल सरकार) ।

### ७.१.२ अवसर र सम्भावना

मधेश सहिद राजमार्ग, लोकमार्ग, हुलाकी राजमार्ग र पूर्वपश्चिम लोकमार्गको महत्त्वपूर्ण भाग मधेश प्रदेशमा रहनु, ६ हजार ६ सय कि.मि. भन्दा बढी सडक सञ्जाल रहनु, एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम सञ्चालनमा हुनु, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत सडकहरूको स्तरोन्नति कार्य सञ्चालनमा रहनु, आधा घण्टाभन्दा बढी फेरो लगाउन नपर्ने गरी सम्भावित ठाउँमा झोलुङ्गे पुल वा पक्की पुलको निर्माण हुनु, प्रदेशमा सीमित मात्रामा भए पनि रेल यातायातको सेवा सञ्चालनमा रहनु, समथर जमिन भएकाले सडक निर्माण र स्तरोन्नति अन्य प्रदेशको भन्दा तुलनात्मकरूपमा कम खर्चिलो हुनु, तीनओटा विमानस्थल सञ्चालनमा रहनु, प्रदेशका १३६ ओटै स्थानीय तहबाट देशका विभिन्न ठाउँमा सहज यातायात पहुँच रहनु, प्रदेश लोकमार्ग प्रदेशको एकल अधिकार सूचीमा पर्नु, प्रादेशिक सडक सञ्जाल गुरुयोजना कार्यान्वयनमा रहनु, सडक यातायात प्रदेश सरकारको प्राथमिकतामा पर्नु, प्रदेश तहमा र विभिन्न जिल्लाहरूमा सडकका संस्थागत पूर्वाधार विकास हुनु आदि प्रमुख अवसरका रूपमा रहेका छन्।

### ७.१.३ समस्या र चुनौती

पहिलो आवधिक योजनाको नीतिगत तथा परिमाणात्मक उपलब्धि न्यून हुनु, सडक मर्मत सम्भार तथा स्तरोन्नति लागि न्यून बजेट विनियोजन हुनु, सडक सम्बन्धमा अन्तरसरकार समन्वय नहुँदा योजनामा दोहोरोपन देखिनु, योजना संशोधन वा रकमान्तर बढी मात्रामा हुनु, दरबन्दीअनुसार कर्मचारी नहुनु, प्रदेश सरकारले निर्माण गरेका सडकको छुट्टै पहिचान नदिइनु, सडक सञ्जालले सबै स्थानीय तह जोडिए पनि धेरै सडक कच्ची हुनु, सडकहरू स्तरीय, सुरक्षित र भरपर्दो नहुँदा दुर्घटना बढ्दै जानु, नतिजा देखिने ठुला-ठुला आयोजना सञ्चालनभन्दा स-साना टुक्रे आयोजनाले प्राथमिकता पाउनु, सम्भाव्यता अध्ययन बिनाका आयोजना पनि छनौटमा पर्नु, समयमा आयोजना नसकिँदा आयोजनाको लागत र समय बढी लाग्नु आदि महत्त्वपूर्ण समस्या रहेका छन्।

प्रादेशिक सडक सञ्जाल गुरुयोजनाअनुसार सडकको छनौट, निर्माण र स्तरोन्नति गर्नु, सडकमा आवश्यकतानुसार ढल निकास, फुटपाथ, साइकल लेन, हरियाली आदिको व्यवस्था गर्नु, अन्तरसरकार समन्वय गर्नु, निर्माणाधीन अधुरा आयोजना पूरा गर्नु, सडकको अधिकार क्षेत्रमा पर्ने जग्गाको मुआब्जा विवाद अन्त्य गर्नु, सडकको नियमित मर्मतसम्भार गर्नु, सबै १३६ ओटा स्थानीय तहमा सुरक्षित र भरपर्दो सडक सुविधा पुर्‍याउनु आदि महत्त्वपूर्ण चुनौती रहेका छन्।

### ७.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सुरक्षित यातायात : गुणस्तरीय सडक

**लक्ष्यः** सन्तुलित, सुरक्षित र दिगो सडक यातायातको विकास र विस्तार गर्ने

**उद्देश्यः** गुणस्तरीय सडकको निर्माण, स्तरोन्नति र मर्मत सम्भार गर्नु।

### ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्थागत संरचना सुदृढ गर्ने। | १.१ प्रदेशअन्तर्गत भौतिक पूर्वाधारको निर्माण, मर्मतसम्भार, स्तरोन्नति योजनाबद्ध हिसाबले गर्न (सडक, भवन, खानेपानी तथा सिँचाइ पूर्वाधारहरू) आवश्यक कानुन बनाई एउटा प्रादेशिक लोक निर्माण विभागको स्थापना गरिनेछ।<br>१.२ लोक निर्माण विभागअन्तर्गत निर्माण सामग्री परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापना गरिनेछ।<br>१.३ सडक तथा यातायातसम्बन्धी प्रादेशिक संरचनाहरू (मन्त्रालय तथा सोअन्तर्गतका निकायहरू) सुदृढ गरिनेछ।<br>१.४ सडक तथा यातायातसम्बन्धी नीति, कानुन र मापदण्डमा समयसापेक्ष परिमार्जन गरिनेछ।<br>१.५ आयोजना प्रमुखसँग कार्यसम्पादन करार गरी कार्यसम्पादनप्रति जिम्मेवार र उत्तरदायी बनाइनेछ।<br>१.६ आयोजना प्रमुखको क्षमता वृद्धिका लागि विशेष व्यवस्थापकीय तालिम/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.७ वैकल्पिक यातायात व्यवस्थाको सम्भाव्यताबारे अध्ययन गरिनेछ।<br>१.८ प्रदेशस्तरीय सडकहरूको पहिचान स्थापित हुने गरी बोर्ड राख्ने व्यवस्था गरिनेछ।<br>१.९ सडक तथा झोलुङ्गे पुल छनौट तथा कार्यान्वयन गर्दा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>१.१० अधुरा आयोजना पूरा गर्न विशेष प्राथमिकता दिइनेछ।<br>१.११ प्रदेशअन्तर्गत पर्ने सडकहरू सङ्घीय सरकारबाट हस्तान्तरण गराई प्रदेशको जिम्मेवारीअन्तर्गत सार्न समन्वय गरिनेछ।<br>१.१२ पूर्वाधार विकाससँग सम्बन्धित कर्मचारीहरूको क्षमता वृद्धिका लागि अनिवार्यरूपमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रमार्फत तालिमको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. प्रादेशिक सडक सञ्जाल गुरुयोजनाअनुसार गुणस्तरीय सडकको निर्माण र स्तरोन्नति गर्ने। | २.१ प्रदेश लोकमार्ग, प्रदेश सहायक मार्ग तथा सडक पुलहरूको इन्भेन्टरी तयार गरी प्रदेश सडक सञ्जाल गुरुयोजना तयार गरिनेछ।<br>२.२ गुरुयोजनामा आधारित भएरमात्र नयाँ सडक निर्माण गरिनेछ।<br>२.३ नयाँ सडक निर्माण गर्दा निर्धारित मापदण्ड पूर्णरूपमा पालन गरिनेछ।<br>२.४ सहरी तथा आवास क्षेत्रमा सडक निर्माण गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी ढल निकास तथा फुटपाथ (सडक पेटी) को समेत व्यवस्था गरिनेछ।<br>२.५ सडक निर्माण गर्दा वातावरणमैत्री र प्राकृतिक विपद् प्रतिरोधी निर्माण गरिनेछ।<br>२.६ सडक निर्माण गर्दा पूर्व-पश्चिम लोकमार्ग, हुलाकी राजमार्ग, जिल्ला सदरमुकाम, मुख्य बस्ती तथा बजारकेन्द्र, पर्यटकीय केन्द्र, धार्मिक तथा सांस्कृतिक केन्द्रहरू, स्थानीय तहका केन्द्र जोडिने तथा उत्तर-दक्षिण जोड्ने रणनीतिक मार्गलाई प्राथमिकता दिइनेछ।<br>२.७ स-साना टुक्रे आयोजना छनौट गर्न निरुत्साहित गरिनेछ।<br>२.८ सडक निर्माण गर्दा सकेसम्म सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गरिनेछ।<br>२.९ प्रादेशिक सडक निर्माण गर्दा सडकको मापदण्डबमोजिम दुईचरणको निर्माण पद्धति अपनाई पहिलो चरणमा सडकको सबबेस तयारी चरणसम्मको कार्य (सडकको चौडाइ, उचाइ, क्रस ड्रेनेज, सबबेस आदि) र दोस्रो चरणमा सडकको निर्माण र स्तरोन्नती गरिनेछ।<br>२.१० सडक निर्माण गर्दा भार बहन गर्ने क्षमता, सवारी चाप लगायत सबै मापदण्डहरू पालना गर्ने व्यवस्था गरिनेछ।<br>२.११ जग्गा अधिग्रहण, वन तथा अन्य निकायबाट लिनुपर्ने आवश्यक स्वीकृति, कार्यान्वयन व्यवस्था आदि पूर्ण तयारी सम्पन्न भएपछि मात्र सडक निर्माण कार्य सुरु गरिनेछ।<br>२.१२ प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।<br>२.१३ कृषि सडकलाई बजार क्षेत्रसँग जोडी कृषिउपजलाई मूल्य शृङ्खलामा आबद्ध गर्न सहयोग गरिनेछ।<br>२.१४ निजी स्तरमा कृषि फर्म, उद्योग आदि स्थापना गर्दा सडक सञ्जालसँग जोडिने व्यवस्था गरिनेछ।<br>२.१५ निर्माण भएका आयोजनाहरूको प्राविधिक परीक्षण गरिनेछ। |
| ३. सडकको स्तरोन्नति र नियमित मर्मतसम्भार गर्ने। | ३.१ ट्राफिकको घनत्वका आधारमा नयाँ सडकको निर्माणभन्दा भइरहेका सडकको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।<br>३.२ सडकहरूको योजनाबद्ध रूपमा मापदण्डअनुसार सडक बोर्डसँग समन्वय गरी नियमित मर्मतसम्भार र स्तरोन्नति गरिनेछ। स्तरोन्नति गर्दा रणनीतिक सडकहरू र स्थानीय तहका केन्द्र जोड्ने सडकहरूलाई प्राथमिकता दिइनेछ।<br>३.३ सडकहरूको नियमित मर्मतसम्भार गरिनेछ। सडकको मर्मत र स्तरोन्नति गर्दा रणनीतिक सडकहरू र स्थानीय तहका केन्द्र जोड्ने सडकलाई प्राथमिकता दिइनेछ।<br>३.४ सहरी तथा आवास क्षेत्रमा सडकको स्तरोन्नति गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी ढल निकास तथा फुटपाथको समेत व्यवस्था गरिनेछ। |
| ४. स्थानीय रोजगारी प्रवर्धन गर्ने | ४.१ सडक निर्माण, स्तरोन्नति र मर्मतसम्भार गर्दा स्थानीय ज्ञान, सिप, प्रविधि र रोजगारीलाई प्रोत्साहन गरिनेछ।<br>४.२ सडक संरक्षणका लागि सकेसम्म बायोइन्जिनियरिङ प्रणालीलाई प्रयोग गरिनेछ।<br>४.३ सडक निर्माण, स्तरोन्नति, नियमित मर्मतसम्भार र सडकको दिगो व्यवस्थापनमा जनसहभागितालाई प्राथमिकता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.४ सडकमा काम गर्ने कामदारको सुरक्षाका लागि सुरक्षा मापदण्ड वा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनेछ। |
| ५. सडक पुल तथा झोलुङ्गे पुल निर्माण गर्ने। | ५.१ सडक बनिसकेपछि पनि कैयौं वर्ष पुल नबन्ने परिपाटीको अन्त्य गरी सडक बनिसक्दा पुलसमेत निर्माण भइसक्ने व्यवस्था मिलाइनेछ।<br>५.२ सडकमा पर्ने खोला तथा खोल्साखोल्सीहरूमा आवश्यकताअनुसार कज-वे तथा कलभर्ट निर्माण गरिनेछ।<br>५.३ सडक तथा सडकपुल आधा घण्टाभन्दा टाढा भई आवतजावतमा समस्या भएका क्षेत्रमा आवश्यकतानुसार झोलुङ्गे पुल निर्माण गरिनेछ।<br>५.४ झोलुङ्गे पुलको आवश्यकताबारे अध्ययन गरिनेछ। |

### ७.१.६ प्रमुख कार्यक्रमहरू

१. एक निर्वाचन क्षेत्र एक सडक
२. मधेश सहिद राजमार्ग
३. उत्तर-दक्षिणलगायत अन्य सडक निर्माण
४. सडक स्तरोन्नति
५. सडक मर्मत
६. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम
७. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत सडक निर्माण
८. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत स्तरोन्नति
९. स्थानीय तह केन्द्र जोड्ने सडक स्तरोन्नति
१०. प्रमुख भारतीय नाका जोड्ने सडक स्तरोन्नति
११. एक निर्वाचन क्षेत्र एक पक्की पुल
१२. मधेश सहिद लोकमार्ग निर्माण
१३. प्रादेशिक सडक नियमावली तथा प्रदेशस्तरीय सडक मापदण्ड तयारी
१४. सडक सुधार तथा सौन्दर्यकरण कार्यक्रम
१५. स्थानीय चक्रपथ निर्माण कार्यक्रम
१६. निर्माण सामग्री परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापना

### ७.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | नयाँ सडक निर्माण | कि.मि. | ६६५६ | ७००० |
| २. | मर्मतसम्भार | कि.मि. | २००० | २५०० |
| ३. | सडक स्तरोन्नति | कि.मि. | ३२० | १००० |
| ४. | सडक पुल | सङ्ख्या | ४३ | ७५ |
| ५. | झोलुङ्गे पुल | सङ्ख्या | १३ | २५ |
| ६. | पक्की सडकले केन्द्रसम्म जोडेका स्थानीय तह | सङ्ख्या | १११ | १३६ |

## ७.२ यातायात व्यवस्था

### ७.२.१ पृष्ठभूमि

यातायात मानव जीवनको अपरिहार्य आवश्यकता हो भने आर्थिक, सामाजिक र मानवीय विकासको महत्त्वपूर्ण आधार हो। नेपालको संविधानको राज्यका नीतिमा **"यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्तिअनुकूल बनाउने"** भन्ने उल्लेख छ। नेपाल सरकारको स्वीकृत कार्य विस्तृतीकरणअनुसार यातायातसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा दर निर्धारण र नियमन, वातावरणमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम संवेदनशील, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्धन, प्रदेश तहमा यातायात सुरक्षासम्बन्धी योजना र कार्यान्वयन, रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, योजना र आयोजना कार्यान्वयन जस्ता कार्यक्षेत्र प्रदेशको अधिकारमा परेका छन्।

सडक यातायात मालसामान पारवाहन र आम नागरिकको सवारीको महत्त्वपूर्ण साधनका रूपमा रहेको छ। मधेश प्रदेशमा सबै जिल्ला र स्थानीय तह सडक यातायातले जोडिए तापनि धेरैजसो सडक धुले तथा खण्डाश्मित मात्र भएकाले प्रभावकारी यातायात व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । केही खोलामा पुल नभएर वर्षायाममा डुङ्गाबाट खोला तर्नुपर्ने अवस्था छ । सडक मर्मतसम्भार र स्तरोन्नति नियमितरूपमा हुन नसक्दा सडक यातायात प्रभावकारी, सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउन सकिएको छैन।

सङ्घीय सरकारअन्तर्गत प्रदेशमा राजविराज, जनकपुर र सिमरामा गरी तीनओटा विमानस्थलबाट उडानसेवा सञ्चालनमा छन् भने जयनगरदेखि बिजलपुरा ५२ कि.मि. रेलसेवा बिस्तार भएको छ। अन्य वैकल्पिक यातायातको विकास भएको छैन ।

### ७.२.२ अवसर र सम्भावना

यातायातसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा दर निर्धारण र नियमन जस्ता अधिकार प्रदेश सरकारमा हुनु, प्रदेशका १३६ ओटै स्थानीय तहबाट देशका विभिन्न ठाउँमा सहज यातायात पहुँच रहनु, प्रदेशका जिल्लाहरूमा यातायातका कार्यालयहरू रहनु, आंशिकरूपमा भए पनि नेपालको एकमात्र रेल यातायातको सुविधा यस प्रदेशमा रहनु, तीनओटा हवाईमैदानबाट हवाईसेवा सञ्चालनमा रहनु आदि अवसरको रूपमा रहेका छन् ।

### ७.२.३ समस्या र चुनौती

पहिलो आवधिक योजनाको नीतिगत तथा परिमाणात्मक उपलब्धि न्यून हुनु, प्रदेशका कतिपय स्थानीय तहमा सार्वजनिक यातायात नियमित नहुनु, सार्वजनिक यातायात सडकहरू स्तरीय, सुरक्षित र भरपर्दो नहुँदा दुर्घटना बढ्दै जानु, यातायात व्यवसायीहरूसँग प्रभावकारी समन्वय हुन नसक्नु आदि प्रमुख समस्या रहेका छन्।

सडक यातायातलाई नियमित, भरपर्दो, सर्वसुलभ र विश्वसनीय बनाउनु, रेल यातायातको विस्तार गर्नु, मालवाहक रेल सञ्चालन गर्नु, वैकल्पिक यातायातको व्यवस्था गर्नु, सबै १३६ ओटा स्थानीय तहमा नियमित सार्वजनिक यातायातको सुविधा पुर्‍याउनु आदि महत्त्वपूर्ण चुनौती रहेका छन्।

### ७.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सुरक्षित जीवन, भरपर्दो र विश्वशनीय यातायात सेवा ।

**लक्ष्यः** सुरक्षित, विश्वसनीय र प्रभावकारी यातायात सेवाको विकास गर्ने ।

**उद्देश्यः** प्रदेशभरि भरपर्दो र नियमित यातायात सेवा प्रदान गर्नु ।

### ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायात कार्यालयको संस्थागत सुदृढीकरण गर्ने। | १.१ यातायात कार्यालयको सङ्गठन व्यवस्थापन अध्ययन (O&M) गरी प्रतिवेदनलाई कार्यान्वयन गरिनेछ ।<br>१.२ यातायात व्यवस्था कार्यालयको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>१.३ सवारी साधन दर्ता, नामसारी, जाँचपास, आवेदनलाई सहजीकरण गरिनेछ बनाइनेछ ।<br>१.४ रुट पर्मिट, प्रदूषण परीक्षण, सवारी साधन अनुमतिलगायत अन्य सेवालाई सरलीकृत गरिनेछ।<br>१.५ यातायात प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कसप, सोरुम, रिकन्डिसन हाउसको प्रभावकारी अनुगमन र नियमन गरिनेछ ।<br>१.६ सवारी साधनको चालक अनुमति पत्रको लागि प्रयोगात्मक र लिखित परीक्षा नियमित र वैज्ञानिक बनाइनेछ ।<br>१.७ चालक अनुमतिपत्रको लागि दस्तुर र आवेदन अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। प्रयोगात्मक र लिखित परीक्षामा सफल हुनेलाई १५ दिनभित्र लाइसेन्स दिने व्यवस्था मिलाइनेछ ।<br>१.८ लाइसेन्स वितरण नवीकरणलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ र एक हप्ताभित्र नवीकरण भइसक्ने व्यवस्था गरिनेछ ।<br>१.९ सवारी चालक अनुमतिपत्र छपाई तथा वितरण व्यवस्थित छिटो छरितो बनाईनेछ । |
| २. यातायात सेवालाई भरपर्दो र सुरक्षित बनाउने। | २.१ यातायात सुविधालाई सुरक्षित गर्न यातायात व्यवसायी सङ्घ र निजी व्यवसायीसँग समन्वय गरिनेछ।<br>२.२ मापदण्डबमोजिम पुराना तथा कन्डिसनमा नरहेका सवारी साधनहरू चल्न निरुत्साहित गरिनेछ।<br>२.३ मापदण्डअनुसार सवारी साधनहरूको नियमित अनुगमन र नियमन गर्ने व्यवस्था गरिनेछ।<br>२.४ सबै रुटमा नियमितरूपमा समयबद्ध र व्यवस्थितरूपमा सार्वजनिक सवारी साधन सञ्चालन हुने व्यवस्था गरिनेछ।<br>२.५ बस, टेम्पो, टाँगा, टेक्सी आदिको निर्धारित भाडाभन्दा बढी लिएमा तुरुन्त कारवाही गर्ने परिपाटीको विकास गरिनेछ साथै निर्धारित भाडा नदिएमा सम्बन्धित व्यक्तिलाई पनि तुरुन्त कारवाही हुने व्यवस्था गरिनेछ यसमा ट्राफिक प्रहरीको सहायता लिइनेछ।<br>२.६ सडक सङ्केत, खतरा स्थानमा जोखिम चिह्न, टाइमकार्ड, यात्री प्रतीक्षालय, पैदलयात्रीका लागि पेटी, विशेष प्रकाश चिह्न आदिको व्यवस्था गरी सडक व्यवस्थित गर्ने र दुर्घटना कम गर्ने व्यवस्था गरिनेछ।<br>२.७ सडक यातायातलाई सुरक्षित गर्न हाइवे प्रहरीबाट गस्ती हुने व्यवस्था गरिनेछ।<br>२.८ यातायातलाई सुरक्षित र व्यवस्थित गर्न स्थानीय तहसँग समन्वय गरिनेछ।<br>२.९ विद्युतीय सवारी सञ्चालनलाई प्रोत्साहन गर्न छिटो चार्ज हुने विद्युतीय चार्जिङ स्टेसनहरू निर्माण एवम् सञ्चालनका लागि अनुदानको व्यवस्था गरिनेछ।<br>२.१० सङ्घीय सरकारसँगको समन्वयमा पूर्वपश्चिम राजमार्गका उपयुक्त स्थानहरूमा रिफ्रेस केन्द्रहरूको स्थापना र सञ्चालन गरिनेछ। |

### ७.२.६ प्रमुख कार्यक्रमहरू

१. सार्वजनिक-निजी साझेदारी तथा समन्वयमा एकीकृत सार्वजनिक यातायात प्रणाली सञ्चालन
२. प्रदेश र स्थानीय तहहरूको सहकार्यमा विद्युतीय बस सेवा सञ्चालन
३. प्रमुख सडकहरूमा स्वचालित टोलगेटहरू निर्माण गरी सडक कर असुली

४. प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रभित्र पर्ने सडक सम्पत्तिको व्यवस्थापन गर्न डिजिटल सडक सम्पत्ति व्यवस्थापन प्रणालीसँग अन्तर-आबद्ध गर्ने
५. यातायात सुरक्षाको प्रभावकारिता अभिवृद्धि
६. शौचालयसहितको यात्रु प्रतीक्षालय निर्माण
७. ट्राफिक पोस्ट निर्माण
८. ट्राफिक बत्ती जडान
९. सडक लेन सुधार
१०. क्षमता विकास तालिम
११. ट्राफिक कार्यालय र यातायात व्यवस्था कार्यालयको संस्थागत सुदृढीकरण
१२. मुख्य सडकहरूमा सिसी क्यामरा जडान
१३. मुख्य बजार क्षेत्रमा सडकपेटी निर्माण
१४. प्रदूषण परीक्षण घुम्ती टोली परिचालन
१६. यातायात सुरक्षा गस्ती परिचालन
१७. ट्राफिक सङ्केत व्यवस्थापन
१८. विद्युतीय चार्जिङ स्टेसन निर्माण
१९. पूर्वपश्चिम राजमार्गका उपयुक्त स्थानहरूमा रिफ्रेस केन्द्रहरूको स्थापना

### ७.२.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | ट्राफिक लाइट जडान भएका मुख्य सहर | सङ्ख्या | १० | २० |
| २. | प्रदेश सदरमुकामबाट नियमित यात्रुबाहक सवारी चल्ने रुट | सङ्ख्या | २५ | ४० |
| ३. | ट्राफिक बत्ती जडान | सङ्ख्या | ५० | २०० |
| ४. | सिसी क्यामरा जडान भएका स्थान | सङ्ख्या | ५ | २० |
| ५. | सडकपेटी निर्माण | कि.मि. | ५० | १०० |

## ७.३ विद्युत तथा ऊर्जा

### ७.३.१ पृष्ठभूमि

विद्युत् तथा ऊर्जा आर्थिक तथा सामाजिक विकासको महत्त्वपूर्ण पूर्वाधार हो। नेपालको संविधानले प्रदेशस्तरको विद्युत् प्रदेशको एकल अधिकार सूचीमा र विद्युत्लाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा पनि राखेको छ। दिगो विकास लक्ष्यले पनि दिगो र आधुनिक ऊर्जाको पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनमा विद्युत् सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति,कानुन र मापदण्ड निर्धारण र नियमन, प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, प्रदेश स्तरको विद्युत् सम्बन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन आदि प्रदेशको क्षेत्राधिकारमा राखेको देखिन्छ। प्रदेशको कार्यविभाजन नियमावली अनुसार नवीकरणीय ऊर्जा तथा वैकल्पिक ऊर्जासम्बन्धी नीति, नियम, कानुन तथा मापदण्ड निर्धारण, सोलार ऊर्जा, बायोग्यासलगायत अन्य वैकल्पिक ऊर्जाको उत्पादन अनुमति र नवीकरणीय ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका कार्यक्षेत्रमा पर्दछन् ।

यस प्रदेशमा बिजुली प्रयोग गर्नेको सङ्ख्या ९७.९ प्रतिशत रहेको छ। बत्ती बाल्नका लागि सोलार/सौर्य ऊर्जा, मट्टितेल, बायोग्यास र अन्य इन्धन प्रयोग गर्नेको सङ्ख्या क्रमशः ०.८, ०.९, ०.१ र ०.३ प्रतिशत रहेको छ । खाना पकाउन इन्धनका रूपमा ५८.६ प्रतिशतले काठ दाउरा, एल.पी.ग्यास, गुइँठा, बायोग्यास, बिजुली र अन्य प्रयोग गर्नेको सङ्ख्या क्रमशः २८.७, १०.९,

०.७, ०.८, ०.२ प्रतिशत रहेको छ (जनगणना, २०७८)। पहिलो आवधिक योजनामा यस क्षेत्रमा निर्धारण गरिएका कुनै पनि नीति तथा कार्यक्रम सञ्चालन हुन सकेका छैनन्।

### ७.३.२ अवसर र सम्भावना

लगभग ९८ प्रतिशत घरपरिवारमा विद्युत् सेवा उपलब्ध हुनु, सौर्य ऊर्जा, बायोग्यासको प्रचुर सम्भावना हुनु, विद्युतीय ऊर्जाको खपत बढ्दै जानु, ऊर्जा प्रदेश सरकारको प्राथमिकता तथा जनचासोको विषय रहनु, विद्युत् तथा ऊर्जासम्बन्धी योजना, नीति, कानुन, मापदण्ड बनाई कार्यान्वयन गर्ने तथा अनुगमन तथा नियमन गर्ने अधिकार प्रदेश सरकारमा हुनु आदि प्रमुख अवसर रहेका छन्।

### ७.३.३ समस्या र चुनौती

पहिलो योजनामा लिइएका कुनै पनि नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नु, समथर भूमि भएकाले जलविद्युत् उत्पादनको सम्भावना नहुनु, वैकल्पिक ऊर्जासम्बन्धी दक्ष जनशक्तिको अभाव हुनु, ऊर्जाका लागि दाउरा र गुइँठामा निर्भरता उल्लेख्य रहनु आदि प्रमुख समस्या रहेका छन्। विद्युत्को पहुँच शतप्रतिशत घरपरिवारसम्म पुर्‍याउनु, इन्धनका लागि विद्युत्को उपयोग बढाउनु, बायोग्यासको उत्पादन र उपयोग बढाउनु आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### ७.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** हाम्रो प्रदेश, उज्यालो प्रदेश

**लक्ष्यः** विद्युत् तथा ऊर्जाको पहुँच सबै घरपरिवारमा पुर्‍याउने

**उद्देश्यः** विद्युत् तथा ऊर्जाको पहुँच र उपयोग बढाउनु।

### ७.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै घरपरिवारमा विद्युत्को पहुँच पुर्‍याउने। | १.१ नेपाल विद्युत् प्राधिकरणसँग समन्वय र सहकार्य गरी प्रदेशका जोडिन बाँकी सबै क्षेत्रलाई राष्ट्रिय प्रसारण लाइनसँग जोडिनेछ।<br>१.२ विद्युत् लाइन जोड्न नसक्ने अति विपन्न परिवारलाई स्थानीय तहसँगको सहकार्यमा विद्युत् लाइन जोड्न सहयोग गरिनेछ।<br>१.३ विद्युत् प्रसारण लाइन सुरक्षित गरी दुर्घटना न्यूनीकरणका लागि विद्युत् प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.४ विद्युत्को नियमित आपूर्ति, गुणस्तरीयता, विद्युत् चोरी नियन्त्रणका लागि प्रभावकारी अनुगमन गरिनेछ। |
| २. वैकल्पिक ऊर्जा प्रवर्धन गर्ने। | २.१ बायोग्यास प्लान्ट स्थापना र प्रवर्धन गर्न वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र स्थानीय तहसँग समन्वय गरी आवश्यक सहयोग गरिनेछ।<br>२.२ सौर्य ऊर्जा प्लान्ट स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। |
| ३. विद्युत् तथा बायोग्यासको उपयोग बढाउने। | ३.१ खाना पकाउन तथा अन्य प्रयोजनमा विद्युत् तथा बायोग्यासको उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>३.२ विद्युतीय चुलो उत्पादन र उपयोगमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ। |

### ७.३.६ प्रमुख कार्यक्रमहरू

१. सामुदायिक विद्युतीकरण
२. सौर्य ऊर्जा प्रवर्धन
३. घरायसी बायोग्यास प्रवर्धन
४. क्षमता विकास

५. विद्युतीय चुलो प्रवर्धन
६. सुधारिएको चुलो जडान
७. विद्युतीय सुरक्षा प्रवर्धन
८. सौर्य ऊर्जा प्लान्ट स्थापनाका लागि निजि क्षेत्रसँग सहकार्य

### ७.३.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विद्युत्को पहुँच | प्रतिशत | ९७.९ | ९९.५ |
| २. | इन्धनका लागि विद्युत् तथा बायोग्यास प्रयोग गर्ने परिवार | प्रतिशत | १.५ | १० |
| ३. | बायोग्यास जडान गर्ने परिवार | प्रतिशत | ०.७६ | ३ |
| ४. | सौर्य ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | ०.८ | २ |
| ५. | खाना पकाउनका लागि स्वच्छ इन्धन प्रयोग गर्ने परिवार (दिविल ७.१) | प्रतिशत | ३०.२७ | ६०.० |
| ६. | खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतको ठोस इन्धन (कोइला, दाउरा र गुइँठा लगायत) प्रयोग गर्ने परिवार (दिविल ७.१) | प्रतिशत | ६९.७३ | ४०.० |

## ७.४ भवन, आवास तथा सहरी विकास

### ७.४.१ पृष्ठभूमि

आवास हरेक नागरिकको आधारभूत आवश्यकता हो। नेपालको संविधानले आवासलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । नेपाल सरकारको कार्यविस्तृतीकरणअनुसार सरकारी कार्यालयको भौतिक व्यवस्थापनको नियमन, सहरी विकास योजना तर्जुमा, पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसम्भार र आवास र भवनसम्बन्धी योजना, उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, राष्ट्रिय भवनसंहिताको नियमन, कर्मचारी आवास, अस्पताल र विद्यालय निर्माण, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित नीतिको नियमन, प्रदेश राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण प्रदेशको अधिकार क्षेत्रभित्र समावेश छ।सङ्घीय सहरी नीति, भवन ऐन र नियमावली, भवनसंहिता, सहरी सडकको मापदण्ड, कर्मचारीहरूको कार्यकक्षको मापदण्डलाई नै यस प्रदेशले पनि अनुसरण गर्दै आएको छ।

यस प्रदेशको जम्मा जनसङ्ख्या ६१,१४,६०० रहेको छ । यहाँ एक महानगरपालिका तीन उपमहानगरपालिका र ७३ नगरपालिका रहेका छन्।यस प्रदेशमा सहरी जनसङ्ख्या ७२.८७ प्रतिशत रहेको छ (जनगणना, २०७८, रा.त.का) ।

यस प्रदेशमा ४१ ओटा धर्मशाला र १७० ओटा सामुदायिक भवन निर्माण भएका छन् भने जनता आवासतर्फ ६ हजार ६ सय ९३ ओटा घर निर्माण भई हस्तान्तरण भइसकेका र महेन्द्रनारायण निधि आवास कार्यक्रमअन्तर्गत ४५६ घर निर्माण भइसकेका छन् (मधेश प्रदेश सरकार, माघ २०८०) । प्रदेशअन्तर्गत चालु आ.व. देखि पहिलेका सहरी विकास तथा भवन कार्यालय समेत गाभी हरेक जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना भई एकीकृतरूपमा सहरी विकास तथा भवन आवाससम्बन्धी कार्यसमेत गरी आएका छन् ।

### ७.४.२ अवसर र सम्भावना

सरकारी कार्यालयको भौतिक व्यवस्थापनको नियमन, सहरी विकास योजना तर्जमा, पूर्वाधार निर्माण, आवास र भवनसम्बन्धी योजना तर्जुमा, उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, प्रदेश राजधानी र अन्तर स्थानीय सहरको विकास जस्ता कार्य प्रदेशको कार्यक्षेत्रमा पर्नु, करिब ७३ प्रतिशत जनता सहरी क्षेत्रमा वसोबास गर्नु, सडक यातायात, विद्युत्, सञ्चारलगायतका पूर्वाधारको पहुँच राम्रो हुनु, सहरी विकासका प्रदेशस्तरीय संरचनाहरू विस्तार हुनु, जनता आवास कार्यक्रम तथा महेन्द्रनारायण निधि आवास कार्यक्रम आवास निर्माण भई हस्तान्तरण हुनु आदि प्रमुख अवसर हुन् ।

### ७.४.३ समस्या र चुनौती

पहिलो आवधिक योजनामा निर्धारण गरिएका सहरी विकाससम्बन्धी कुनै पनि नीति तथा कार्यक्रम कार्यान्वयनमा नआउनु, बर्षेनी आउने बाढी र आगलागीको प्रकोपबाट धेरै आवास संरचना र पूर्वाधारहरू नष्ट भई धनजनको ठुलो क्षति हुनु, सहरी क्षेत्रमा सडक तथा भवन निर्माण हुँदा पानी पुनर्भरण प्रणाली अवरुद्ध हुनु, स्थानीय तहसँगको समन्वय र सहकार्य कमजोर हुनु, व्यवस्थित बस्ती विकास तथा सहरीकरण योजना बन्न नसक्नु आदि प्रमुख समस्या रहेका छन् ।

सहरी तथा बस्ती विकास योजना बनाई कार्यान्वयन गर्नु, विपन्न तथा घरवार विहीनहरूलाई आवासको व्यवस्था गर्नु, बर्षेनी हुने बाढी तथा आगलागीका कारण जनताका आवास र धनजनमा हुने क्षतिको न्यूनीकरण गर्नु, सहरी पूर्वाधारको विकास गर्नु, सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी तथा अपाङ्गमैत्री बनाउनु, भवन आचारसंहिताको पालना गराउनु, स्थानीय तहसँग समन्वय र सहकार्य गर्नु आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ७.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सुखी मधेशवासी : सुरक्षित आवास तथा समृद्ध सहर

**लक्ष्यः** सुरक्षित भवन, आवास तथा सहरी विकास गर्ने

**उद्देश्यः**

१. व्यवस्थित बस्ती विकास गर्नु,
२. सहरी पूर्वाधारको विकास गर्नु।

### ७.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. एकीकृत बस्ती विकास गर्ने। | १.१ एकीकृत बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ भू-उपयोग योजनाअनुसार छरिएर रहेका बस्तीहरूलाई क्रमशः सुरक्षित ठाउँमा एकीकृत गर्दै लैजाने नीति अवलम्बन गरिनेछ। अन्य छरिएर रहेका बस्तीबाट एकीकृत बस्तीमा आउन प्रोत्साहन गरिनेछ ।<br>१.३ एकीकृत बस्तीमा समाजिक, आर्थिक र भौतिक पूर्वाधारहरूको एकीकृतरूपमा विकास गरिनेछ।<br>१.४ एकीकृत बस्ती विकासमा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । |
| २. विपन्न आवास कार्यक्रम सञ्चालन गर्ने। | २.१ एकीकृत बस्तीमा जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गरी अति विपन्न तथा प्रकोप संवेदनशील स्थानमा बसोबास गरिरहेका नागरिकलाई मापदण्ड बनाई प्राथमिकताका आधारमा बसोबास गराउँदै लगिनेछ ।<br>२.२ विपन्न आवास कार्यक्रममा बसोबास गर्ने नागरिकहरूलाई आय र रोजगारीका अवसरहरू प्रदान गरिनेछ ।<br>२.३ सञ्चालनमा रहेका आवास कार्यक्रमको दायरा बढाई आवास योजनालाई फराकिलो बनाउँदै लगिनेछ । |
| ३. सार्वजनिक भवन सुरक्षित र लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने। | ३.१ अस्पताल, विद्यालय, कार्यालय, सामुदायिक भवन तथा अन्य सार्वजनिक भवन बनाउँदा, भवन आचारसंहिताबमोजिम सुरक्षित, भूकम्प प्रतिरोधी, लैङ्गिकमैत्री र अपाङ्गमैत्री निर्माण गरिनेछ । त्यस्तै पहिले बनेका सार्वजनिक भवनलाई पनि लैङ्गिक र अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।<br>३.२ सार्वजनिक भवन बनाउँदा धेरै कार्यालय एकै ठाउँमा बस्नसक्ने गरी बहुतले भवन बनाउने नीतिलाई प्रोत्साहन गरिनेछ । |
| ४. व्यवस्थित सहरी विकास गर्ने। | ४.१ सहरी विकास गुरुयोजना तर्जुमा गरी सहर र सहरोन्मुख बस्तीमा एकीकृत विकासको अवधारणा अनुसार सामाजिक तथा आर्थिक पूर्वाधारको विकास गरिनेछ।<br>४.२ प्रदेश राजधानीलाई नमुना सहरका रूपमा विकास गर्न जनकपुर उपमहानगरपालिकाको समन्वय र सहकार्यमा आवश्यक पूर्वाधारको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.३ ठुला सहरका वरिपरि स्याटेलाइट सहरको निर्माण गर्दै जाने नीति अवलम्बन गरिनेछ।<br>४.४ सहरी क्षेत्रमा सडकको दायाँबायाँ वृक्षारोपण, फोहोरको उचित व्यवस्थापन गर्न, पार्क तथा खुलाक्षेत्र राख्न, खेलकुद पूर्वाधार निर्माण तथा सहर सौन्दर्यीकरण गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४.५ निजीक्षेत्र परिचालन गरी ठुला सहरहरूमा बहुतले आवास भवन निर्माणको नीति अवलम्बन गरिनेछ।<br>४.६ सहरभित्र सडक तथा नाला एवम् भवन निर्माण गर्दा इन्टरलक ब्लक राखी Water level recharge हुने व्यवस्था मिलाइनेछ।<br>४.७ सहरका ऐतिहासिक, धार्मिक तथा अन्य महत्त्वपूर्ण भवनहरू सबलीकरण गरिनेछ।<br>४.८ प्रदेशमा बढ्दै गएको सहरीकरणलाई ध्यानमा राखी पायक पर्ने सहरहरूको संयुक्त ल्यान्डफिल साइट निर्माण गरी सञ्चालनमा ल्याइनेछ। |

### ७.४.६ प्रमुख कार्यक्रमहरू

१. एकीकृत बस्ती विकास
२. घरबार विहीनलाई आवास
३. सहरी विकास कार्यक्रम
४. सरकारी भवन निर्माण
५. स्याटेलाइट सहरको निर्माण
६. बहुतले आवास भवन निर्माण
७. सहरी विकास गुरुयोजना तर्जुमा
८. जग्गा विकास कार्यक्रम
९. विपन्न आवास कार्यक्रम
१० प्रदेश सरकारको प्रशासनिक भवन निर्माण
११. नमुना बस्ती विकास कार्यक्रम

### ७.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | सरकारी भवन निर्माण | सङ्ख्या | ५ | १३ |
| २ | विपन्न परिवारलाई घर निर्माण | सङ्ख्या | ७१४९ | १०००० |
| ३ | सहरी विकास योजनाअनुसार विकसित सहरहरू | सङ्ख्या | ० | ८ |
| ४ | खर/पराल/पातले छाएको घर (दिविल ११.१) | प्रतिशत | ७.२ | ५ |
| ५ | सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार (दिविल ११.१) | प्रतिशत | ३५ | ५० |

## ७.५ सिँचाइ

### ७.५.१ पृष्ठभूमि

सिँचाइ कृषिका लागि महत्त्वपूर्ण पूर्वाधार हो। मधेश प्रदेश कृषि उपजका लागि नेपालकै अग्रणी प्रदेश हो भने खाद्यान्न उत्पादनको भण्डार पनि हो । आत्मनिर्भर कृषिका लागि सिँचाइ सुविधाको उपलब्धता अनिवार्य सर्त पनि हो । सिँचाइको समुचित व्यवस्था गरी तराईको समथर कृषियोग्य भूमिलाई व्यावसायिक कृषिमा उपयोग गर्नसके मधेशको मात्र नभई नेपालकै अर्थतन्त्रको जग मजबुत हुने देखिन्छ । यसका लागि सम्भाव्यताका आधारमा सतह सिँचाइ, भूमिगत सिँचाइ तथा नयाँ प्रविधिमा आधारित सिँचाइ आदि सबै सिँचाइ प्रणालीको विकास जरुरी छ ।

प्रदेशभित्रको सिँचाइको नियमन, ठुला सिँचाइ प्रणालीको सञ्चालन, सम्भार र व्यवस्थापन, सिँचाइसम्बन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण, सिँचाइ विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति, मापदण्ड र नियमन गर्ने कार्य प्रदेशको क्षेत्राधिकारमा पर्दछ। मधेश प्रदेशमा छ लाख दुई हजार ३०६ हेक्टर कृषियोग्य र पाँच लाख ६५ हजार ९१ हेक्टर सिँचाइयोग्य जमिन रहेको छ (पहिलो आवधिक योजना, मधेश प्रदेश)। यस प्रदेशमा कृषियोग्य जमिनको ४९.४ प्रतिशत भू-भागमा भरपर्दो सिँचाइ सुविधा पुगेको छ भने विद्यमान सिँचाइ प्रणालीको ५० प्रतिशत मात्र उपयोग भएको अवस्था छ। प्रदेशमा १०० ओटा मझौला सिँचाइ योजना, ५०० ओटा भूमिगत सिँचाइ योजना (डिप र स्यालो ट्युवेल) र नयाँ प्रविधिमा आधारित (पोखरी, इनार) पाँच-पाँच सयओटा सञ्चालनमा छन्। नियमित मर्मत तथा पुनःस्थापना भएका आयोजनाको प्रतिशत ८० छ भने १०० ओटा आयोजना उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ (ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय) ।

### ७.५.२ अवसर र सम्भावना

सिँचाइ मधेश सरकारको प्राथमिकताको विषय हुनु, किसानद्वारा सञ्चालित परम्परागत सिँचाइ प्रणालीहरू सञ्चालनमा रहनु, जनसहभागिताको सम्भावना हुनु, लगभग ५० प्रतिशत कृषियोग्य भूमिमा भरपर्दो सिँचाइ सुविधा पुगेको हुनु, भूमिगत र सतह सिँचाइको प्रशस्त सम्भावना हुनु, कोशी, कमला मरिन डाइभर्सन, बागमती, कमला, नारायणी, झांझ (मनुस्मारा) जस्ता ठुला सिँचाइ योजना र १०० ओटा मझौला, ५०० ओटा भूमिगत र अन्य कतिपय नयाँ प्रविधिमा आधारित सिँचाइ योजना सञ्चालनमा हुनु, सिँचाइसम्बन्धी सस्थागत संरचना राम्रो हुनु, सिँचाइ विकासमा सङ्घीय र स्थानीय सरकारको सहकार्यको सम्भावना रहनु आदि प्रमुख अवसर रहेका छन्।

### ७.५.३ समस्या र चुनौती

५० प्रतिशतभन्दा बढी कृषि भूमिमा सिँचाइ सुविधा पुग्न नसक्नु, वर्तमान सिँचाइ प्रणालीको ५० प्रतिशतमात्र उपयोग हुन सक्नु, सिँचाइ आयोजनाहरू नियमित मर्मत र पुनर्स्थापना नहुँदा पूर्ण उपयोग हुन नसक्नु, स्थानीय तहसँग समन्वय तथा सहकार्य हुन नसक्नु आदि प्रमुख समस्या रहेका छन् ।

यसैगरी सबै कृषियोग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा पुर्‍याउनु, विद्यमान सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनर्स्थापना गर्नु, अन्तरसरकार समन्वय गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

### ७.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** व्यावसायिक कृषि : सर्वयाम सिँचाइ ।

**लक्ष्यः** सिँचाइयोग्य कृषि भूमिमा भरपर्दो सिँचाइ प्रणालीको विकास गर्ने।

**उद्देश्यः**

१. सिँचाइका सबै स्रोतको उपयोग गरी सिँचाइ प्रणालीको विकास गर्नु,

२. सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनर्स्थापन गरी पूर्ण क्षमतामा उपयोग गर्नु।

### ७.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाइ प्रणालीको विकास गर्ने। | १.१ सिँचाइ प्रणालीको विकास गर्न नीतिगत र संस्थागत व्यवस्थालाई सुदृढ गरिनेछ।<br>१.२ सिँचाइका भूमिगत र सतह स्रोतहरूको संरक्षण र प्रभावकारी उपयोग गरिनेछ।<br>१.३ सतह सिँचाइ र भूमिगत सिँचाइ सम्मिश्रणद्वारा भरपर्दो सिँचाइ प्रणालीको विकास गरिनेछ।<br>१.४ निर्माणाधीन सिँचाइ योजनालाई छिटो सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।<br>१.५ भूमिगत र सतह सिँचाइ सम्भव नभएका ठाउँमा नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, स्प्रिङ्कल आदि) सिँचाइ प्रणालीको विकास गरिनेछ।<br>१.६ भूमिगत जलस्रोतलाई पुनर्भरण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।<br>१.७ पानीजन्य विवाद समाधान गर्न प्रदेश र स्थानीय तहबिच समन्वय गर्ने सस्थागत संयन्त्र गठन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.८ सिँचाइ प्रणाली विकास गर्दा प्राप्त गर्नुपर्ने जग्गाको मुआब्जा वितरण सम्बन्धमा विवाद समाधान गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>१.९ नयाँ प्रविधि प्रयोग गरी भूमिगत जलस्रोतको नक्साङ्कन गरिनेछ।<br>१.१० सम्भाव्यता अध्ययन गरी सम्भव भएका ठाउँमा जलाशय निर्माण गरी सिँचाइको व्यवस्था गरिनेछ। |
| २. सिँचाइ प्रणालीको मर्मतसम्भार गरी पूर्ण उपयोग गर्ने। | २.१ सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनर्स्थापन गरी पूर्ण उपयोगमा ल्याइनेछ।<br>२.२ सिँचाइ प्रणालीको मर्मतसम्भारका लागि सिँचाइ उपभोक्ता समूहको सहभागिता सुनिश्चित गरिनेछ।<br>२.३ सिँचाइ प्रणालीको मर्मतसम्भारका लागि सकेसम्म स्थानीय प्रविधि र मानव संसाधनको उपयोग गरिनेछ।<br>२.४ स्थानीय स्तरबाट निर्माण भई सञ्चालनमा रहेका पुराना सिँचाइ प्रणालीहरूलाई पुनर्स्थापना गरी सञ्चालनमा ल्याइनेछ। |
| ३. संस्थागत क्षमता बढाउने। | ३.१ सिँचाइसम्बन्धी काम गर्ने प्रदेश र अन्तर्गतका संरचनाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>३.२ सिँचाइ उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि गरिनेछ।<br>३.३ निर्माण भएका साना र मझौला सिँचाइ आयोजनाहरू उपभोक्तालाई छिटो हस्तान्तरण गर्ने र स-साना मर्मत सम्भारका लागि उपभोक्ताहरूबाट नै मर्मतसम्भार कोष खडा गराई मर्मतसम्भार गर्ने व्यवस्था गरिनेछ।<br>३.४ सिँचाइ क्षेत्रमा कार्यरत प्राविधिक मानव संसाधनलाई आधुनिक/नवीन सिँचाइ प्रविधिबारे ज्ञान दिलाउन स्वदेश तथा विदेश गई अध्ययन/तालिम दिने व्यवस्था मिलाइनेछ। |
| ४. अन्तरसरकार समन्वय र सहकार्य गर्ने। | ४.१ सिँचाइ प्रणालीहरूको विकास र विस्तारका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>४.२ निर्माणाधीन सुनकोशी मरिन सिँचाइ आयोजना र अन्य ठुला ठुला सिँचाइ योजना सञ्चालन गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>४.३ तीनै तहका सरकारबिच समन्वय गरी आयोजना छनौटमा दोहोरोपना आउन दिइने छैन। नतिजा नदेखिने टुक्रे आयोजना छनौटलाई निरुत्साहित गरिनेछ।<br>४.४ कृषकहरूको सुरक्षा, जल उपयोग तथा विवादसम्बन्धी विषयमा काम गर्न स्थानीय तहअन्तर्गत रहने गरी कृषि एवम् सिँचाइ सुरक्षा बल स्थापना गरिनेछ। |

### ७.५.६ प्रमुख कार्यक्रमहरू

१. सुनकोशी मरिन डाइभर्सन आयोजना
२. सिँचाइ आधुनिकीकरण तथा विस्तार आयोजना
३. पसाहा सिँचाइ आयोजना, बारा
४. अरुवा सिँचाइ योजना, रौतहट
५. सिँचाइ मर्मत तथा पुनर्स्थापन
६. मझौला सिँचाइ योजनाहरू
७. कृषक सञ्चालित सिँचाइ आयोजना मर्मतसम्भार
८. सिँचाइ प्रणालीको संस्थागत विकास तथा व्यवस्थापन सुधार कार्यक्रम
९. सतह सिँचाइ विस्तार कार्यक्रम
१०. भूमिगत सिँचाइ विस्तार कार्यक्रम
११. समुदायमा आधारित डिपबोरिङ सिँचाइ कार्यक्रम
१२. एक वडा एक बोरिङ कार्यक्रम

#### ७.५.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | कुल खेतीयोग्य भूमिमध्ये बर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि (दिविल २.७) | प्रतिशत | ४९.५ | ६० |
| २. | सिँचाइको क्षमता उपयोग | प्रतिशत | ५० | ७० |
| ३. | मर्मत र पुनर्स्थापन गर्नुपर्ने सिँचाइ आयोजना | सङ्ख्या | ५० | २० |
| ४. | सिँचाइ उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता विकास | प्रतिशत | ३० | ५० |
| ५. | मझौला सिँचाइ योजना | सङ्ख्या | १०० | १५० |

## ७.६ जल उत्पन्न प्रकोप व्यवस्थापन

### ७.६.१ पृष्ठभूमि

वर्षाको समयमा यस प्रदेशमा बर्षेनि आउने बाढी र नदी कटानले ठुलो धनजनको क्षति हुने गरेको छ। यसलाई उचित व्यवस्थापन गरी बर्षेनि हुने धनजनको क्षतिबाट जोगाउन अनिवार्य देखिन्छ। नेपालको संविधानले विपद् व्यवस्थापनलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ सङ्घ र प्रदेशको साझा अधिकारमा राखेको छ। नेपाल सरकारको कार्यविस्तृतीकरण अनुसार प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, विपद् जोखिम क्षेत्रको नक्साङ्कन, बस्तीहरूको पहिचान र स्थानान्तरण, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन एवम् स्थानीय विपद् कोषमा सहयोग, विपद्पश्चात् प्रदेशस्तरको पुनस्थापन र पुनर्निर्माण, स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनस्थापन र पुनर्निर्माणमा सहयोग र समन्वय, प्रादेशिकस्तरको विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान जस्ता विषयहरू प्रदेशका कार्यक्षेत्रमा परेका छन् ।

हालसम्म विभिन्न नदीहरूको बहाव क्षेत्रका विभिन्न स्थानमा गरी लगभग ८० कि.मि. तटबन्ध निर्माण गरी जमिनको बचाउ गरिएको छ भने ३० ओटा डुबान क्षेत्रको बचाउ गरिएको छ। त्यस्तै ३८ ओटा जोखिमयुक्त बस्ती संरक्षण गरिएको र ६ हजार हेक्टर जमिन उकास भएको देखिन्छ। जलउत्पन्न प्रकोपबाट आ.व. २०७९/८० मा ३ हजार ७ सय परिवार प्रभावित भएको अवस्था देखिन्छ (ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय) ।

मधेश प्रदेशको पहिलो आवधिक योजनाको मूल्याङ्कन प्रतिवेदन हेर्दा खासै उत्साहप्रद देखिँदैन। यो योजनामा जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी अधिकांश नीति तथा कार्यक्रमहरू या त आंशिक मात्र कार्यान्वयन भएका छन् या त कार्यान्वयनमै गएका छैनन् ।

### ७.६.२ अवसर र सम्भावना

जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि प्रदेश मन्त्रालय र सो अन्तर्गतका संरचनाहरू खडा हुनु, नदी उकास जग्गा कृषिका लागि उपयोग हुनु, जनता आफैंले स्थानीय प्रविधि प्रयोग गरी विभिन्न स्थानमा नदी कटान रोक्नु, मुख्य नदीका विभिन्न कटान जोखिम क्षेत्रमा स्पर तथा तटबन्ध निर्माण हुनु, जोखिमयुक्त बस्तीहरू क्रमशः संरक्षण हुँदै जानु, जलउत्पन्न प्रकोप न्यूनीकरणमा नागरिक समाज, गैसस तथा समुदायको सहयोग रहनु, स्थानीय तहसँग समन्वय र सहकार्य बढ्दै जानु, तीनै तहका सरकारको चासो र प्राथमिकताको बिषय रहनु आदि प्रमुख अवसर रहेका छन्।

### ७.६.३ समस्या र चुनौती

वर्षाको समयमा हुने बाढी तथा डुबानजन्य प्रकोपको पूर्वानुमान हुँदाहुँदै समयमै व्यवस्थापन गर्न नसकिनु, बाढी तथा डुबानबाट विस्थापित विपन्न तथा सीमान्तकृत नागरिकहरूलाई पुनर्स्थापन कार्य कमजोर हुनु, प्रकोप संवेदनशील क्षेत्रमा भएका घरपरिवारलाई स्थानान्तरण गर्न नसकिनु, प्रकोप र त्यसबाट बच्नेबारे जनचेतना जगाउन नसकिनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

बाढी तथा डुबान संवेदनशील क्षेत्रको नक्साङ्कन गर्नु, बाढी पूर्वसूचना प्रणाली जडान गर्नु, बाढी र डुबानबाट विस्थापित परिवारलाई पुनर्स्थापन गर्नु, विपद् उद्धारमा अन्तर सरकार, गैसस, निजीक्षेत्र एवम् नागरिक समाज र समुदायलाई परिचालन गर्नु, चुरे क्षेत्रको संरक्षण गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### ७.६.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** सुरक्षित मधेश : जलजन्य प्रकोप न्यूनीकरण ।

**लक्ष्यः** जलउत्पन्न प्रकोपको प्रभावकारी व्यवस्थापन गर्दै धनजनको क्षति कम गर्ने ।

**उद्देश्यः** जल उत्पन्न प्रकोपको जोखिम कम गर्नु ।

### ७.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नदी कटान र डुबान नियन्त्रण गर्ने। | १.१ नदी कटान र डुबान संवेदनशील क्षेत्रको नक्साङ्कन गरिनेछ।<br>१.२ जलउत्पन्न प्रकोप व्यवस्थापन गुरुयोजना बनाई कार्यान्वयन गर्दै लगिनेछ।<br>१.३ गुरुयोजनाअनुसार जोखिमको संवेदनशीलताका आधारमा स्थानहरूको प्राथमिकीकरण गरी क्रमशः तटबन्ध र स्पर निर्माण गर्दै लगिनेछ।<br>१.४ नदीहरूमा तटबन्ध निर्माणमा स्थानीय प्रविधि, स्थानीय निर्माण सामग्री र बायोइन्जिनीयरिङ पद्धतिलाई प्राथमिकता दिइनेछ।<br>१.५ नदीहरूमा तटबन्ध तथा स्पर निर्माण र व्यवस्थापनमा स्थानीय रोजगारीलाई प्राथमिकता दिइनेछ।<br>१.६ चुरे क्षेत्रको प्राकृतिक दोहनलाई नियन्त्रण गर्न सङ्घीय सरकार तथा स्थानीय सरकारसँग समन्वय गरिनेछ।<br>१.७ निर्माणाधीन जलउत्पन्न प्रकोपसम्बन्धी आयोजना वा कार्यक्रमलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।<br>१.८ निर्मित संरचनाहरूको नियमित मर्मतसम्भारको व्यवस्था गरिनेछ।<br>१.९ प्रकोप न्यूनीकरणमा अन्तर सरकार समन्वय र सरोकारवाला सङ्घसस्थासँग सहकार्य गरिनेछ।<br>१.९ नदीको प्राकृतिक बहाव क्षेत्रको अतिक्रमण रोक्न स्थानीय सरकारसँग समन्वय गरिनेछ। नदीको बहाव क्षेत्रको वास्तविक नक्साङ्कन गर्न स्थानीय नापी कार्यालयसँग पनि समन्वय Flood plain zoning गरिनेछ।<br>१.१० नदीजन्य प्रकोप नियन्त्रणका लागि नयाँ नयाँ प्रविधि विकास भइरहेको परिप्रेक्ष्यमा नेपालमा परम्परागत प्रविधिमात्र सञ्चालनमा आएकाले नयाँ प्रविधिको ज्ञान, सिप र क्षमता बढाउन यस क्षेत्रमा कार्यरत मानव स्रोतलाई वैदेशिक अवलोकन भ्रमण र तालिमको व्यवस्था गरिनेछ।<br>१.११ बाढीका समयमा नदीमा भएको अत्यधिक पानीको बहावलाई रोक्न मूल बहाव क्षेत्रबाट बाँध तथा पोखरीमा डाइभर्ट गरी पानी सङ्कलन गर्ने र तत्कालको क्षति नियन्त्रण र पानीको पुनर्प्रयोगको व्यवस्था मिलाइनेछ। |
| २. जलउत्पन्न प्रकोप प्रभावितलाई प्रभाकारीरूपमा व्यवस्थापन गर्ने। | २.१ वर्षाको बाढी र डुबानबाट बच्न र बचाउन नागरिकहरू र सरोकारवाला निकायहरूलाई सतर्कता अपनाउन सजग गराइनेछ।<br>२.२ बाढी र डुबानबाट प्रभावित परिवार र भएको क्षतिको तथ्याङ्क सङ्कलन गरिनेछ।<br>२.३ बाढी र डुबानबाट प्रभावित परिवारलाई आवश्यकताका आधारमा राहत, उद्धार र पुनर्स्थापन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ जोखिम नक्साङ्कनका आधारमा बढी प्रकोप संवेदनशील स्थानमा बसोबास गर्ने परिवारलाई स्थानान्तरण गर्दै लगिनेछ।<br>२.५ प्रकोप पछिको राहत र उद्धार कार्यमा स्थानीय तह तथा सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.६ बाढी तथा डुवान क्षेत्रमा आकस्मिक उद्धार घुम्ती टोली परिचालन गरिनेछ।<br>२.७ नदीजन्य पदार्थको अप्राकृतिक र अवैज्ञानिक दोहनलाई निरुत्साहित गरिनेछ।<br>२.८ बाढीबाट जम्मा भएका सिल्टलाई प्रशोधन गरी उपयोग सम्बन्धी अध्ययन गरिनेछ। |

### ७.६.६ प्रमुख कार्यक्रमहरू

१. अध्ययन अनुसन्धान
२. जलउत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी संस्थाहरूको सुदृढीकरण
३. बाढी सूचना प्रणाली जडान
४. तटबन्ध निर्माण
५. बायोइन्जिनियरिङ
६. नदी कटान र डुबान क्षेत्रको नक्साङ्कन
७. जलउत्पन्न प्रकोप व्यवस्थापन गुरुयोजना तर्जुमा
८. जग्गा उकास कार्यक्रम

### ७.६.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | निर्माण भएको तटबन्ध | कि.मि. | ८० | १०० |
| २. | जग्गा उकास | हेक्टर | ६००० | ६५०० |
| ३. | संरक्षण गरिएका डुबान क्षेत्र | सङ्ख्या | ३० | ४० |
| ४. | जोखिमयुक्त बस्ती संरक्षण | सङ्ख्या | ३८ | ५० |

## ७.७ खानेपानी तथा सरसफाइ

### ७.७.१ पृष्ठभूमि

खानेपानी मानव जीवनको आधारभूत आवश्यकता हो। स्वस्थ जीवनका लागि शुद्ध खानेपानी र सरसफाइ अनिवार्य आवश्यकता हो । नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । संविधानले प्रदेशस्तरको खानेपानीलाई प्रदेशको एकल अधिकार सूचीमा राखेको छ भने खानेपानीलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखेको छ। खानेपानी र सरसफाइलाई दिगो विकास लक्ष्यमा पनि समेटेको छ । कार्यविस्तृतीकरणअनुसार खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति तथा कानुन तर्जुमा, मापदण्ड निर्धारण, योजना तर्जुमा कार्यान्वयन र नियमन, अध्ययन, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन, आदि प्रदेशका अधिकारक्षेत्रअन्तर्गत पर्दछन् ।

यस प्रदेशमा ९६.५ प्रतिशत घरपरिवारलाई आधारभूत खानेपानी सुविधा पुगेको अवस्था छ भने करिब ३.५ प्रतिशत घरपरिवार आधारभूत खानेपानी प्रणालीमा समेटिएका छैनन्। खानेपानी सुविधा पुगेकामध्ये २२.६ प्रतिशत पाइप प्रणालीबाट, लगभग ७१.८ प्रतिशत ट्युबवेल तथा ह्यान्ड पाइपबाट र बाँकी अन्य स्रोतबाट पूर्ति भएको छ (जनगणना २०७८) । यस प्रदेशमा जम्मा २५१ ओटा खानेपानी आयोजनामध्ये ११३ ओटा आयोजना सुचारु रहेका छन् ५८ ओटा सामान्य मर्मत गर्नुपर्ने अवस्थाका छन् बाँकी पुनर्निर्माण, पुनर्स्थापन र ठुलो मर्मत गर्नुपर्ने अवस्थामा छन् (आर्थिक सर्वेक्षण, (२०७९/८०) ।

सरसफाइको स्थिति हेर्दा लगभग ८८ प्रतिशत घरपरिवारसँग चर्पीको सुविधा छ। जम्मा परिवारमध्ये ३८.५ प्रतिशतले फ्लससहितको शौचालय प्रयोग गर्छन् भने ४८.५ प्रतिशतले पिट शौचालय र बाँकी लगभग एक प्रतिशतले सार्वजनिक शौचालय प्रयोग गर्छन्। लगभग १२ प्रतिशत घर परिवारमा शौचालयको सुविधा पुगेको छैन (आर्थिक सर्वेक्षण, २०७९/८०) ।

### ७.७.२ अवसर र सम्भावना

खानेपानी तथा सरसफाइ मौलिक अधिकारका रूपमा स्थापित हुनु, खानेपानी प्रदेशको अधिकार क्षेत्रमा पर्नु, दिगो विकास लक्ष्यमा समेटिनु, ९६ प्रतिशतभन्दा बढी घरपरिवारमा आधारभूत खानेपानी (जसमध्ये २२.६ प्रतिशत पाइप प्रणालीबाट) र लगभग ८८ प्रतिशत घरपरिवारमा शौचालयको सुविधा पुग्नु (३८.५ प्रतिशत फ्लससहित) खानेपानी र सरसफाइ तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, खानेपानी र सरसफाइमा नागरिक चासो हुनु, विकास साझेदारको सहयोग र उपभोक्ता सहभागिता हुनु, प्रदेश सरकार र सोअन्तर्गत यससम्बन्धी संस्थागत संरचनाहरू स्थापना हुनु आदि प्रमुख अवसर रहेका छन् ।

### ७.७.३ समस्या र चुनौती

लगभग ७७ प्रतिशत घरपरिवार पाइप प्रणालीबाट खानेपानी सुविधामा आबद्ध नहुनु, ६० प्रतिशतभन्दा बढी परिवारको फ्लससहितको शौचालय नहुनु, खानेपानी प्रणालीको नियमित मर्मतसम्भार हुन नसक्नु, खानेपानी नियमावलीमा भएको व्यवस्थाअनुसार उपभोक्ता समितिबाट ब्यहोर्नु पर्ने रकम र जनश्रमदान गराउन कठिनाइ हुनु आदि प्रमुख समस्या रहेका छन् ।

शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी र शौचालय सुविधा पुर्‍याउनु, सबैमा गुणस्तरीय खानेपानीको सुविधा पुर्‍याउनु, सबै परिवारमा फ्लससहितको शौचालय सुविधा पुर्‍याउनु, खानेपानीसम्बन्धी आयोजनाहरूको नियमित मर्मतसम्भार र पुनर्निर्माण एवम् पुनर्स्थापन गरी पूर्ण उयोगमा ल्याउनु, आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ७.७.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्वस्थ मधेशबासी : स्वच्छ खानेपानी, पूर्ण सरसफाइ।

**लक्ष्यः** प्रदेशका सबै घरपरिवारमा स्वच्छ खानेपानी र सरसफाइ सुविधा पुर्‍याउने।

**उद्देश्यः**

१. सबै प्रदेशबासीलाई सुरक्षित खानेपानी सुविधा पुर्‍याउनु,

२. सबै घरपरिवारमा सरसफाइको सुविधा पुर्‍याउनु।

### ७.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खानेपानीको सुविधा बिस्तार गर्ने। | १.१ प्रदेशमा खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१.२ गुणस्तरीय खानेपानी सुविधा पुर्‍याउन पाइप प्रणालीबाट खानेपानी सुविधा विस्तार गर्दै लगिनेछ ।<br>१.३ एक घर एक धाराको नीति अवलम्बन गर्दै लगिनेछ ।<br>१.४ खानेपानी सुविधा विस्तारका लागि स्थानीय तह र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।<br>१.५ खानेपानीका स्रोतहरू संरक्षण गरिनेछ ।<br>१.६ निर्मित खानेपानी आयोजनाहरूको नियमित मर्मतसम्भार र पुनर्स्थापन गरी पूर्ण उपयोगमा ल्याइनेछ ।<br>१.७ खानेपानी आयोजना निर्माण र मर्मतसम्भार एवम् दिगो व्यवस्थापनमा उपभोक्ता समितिको सहभागिता सुनिश्चित गराउँदै लगिनेछ ।<br>१.८ बढ्दो जलवायु परिवर्तनको प्रभावका कारण प्रदेशका अधिकांश स्थानमा भूमिगत पानीको स्तर दिनानुदिन घटिरहेको हुनाले स्यालो ट्युबवेललाई विस्थापित गरी खानेपानीमा डिप ट्युबवेल प्रणालीलाई प्राथमिकता दिइनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.९ स्वच्छ, गुणस्तरीय, सुरक्षित, भरपर्दो र व्यवस्थित खानेपानी सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणीय स्वच्छताको संरक्षण, संवर्धन र नियमन गर्न खानेपानी तथा सरसफाइसम्बन्धी नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ ।<br>१.१० सुख्खाग्रस्त क्षेत्रहरूको पहिचान गरी स्वच्छ खानेपानी सङ्कलन, भण्डारण र वितरणका कार्यक्रम सञ्चालन गरिनेछ। लिफ्ट तथा डिपबोरिङ खानेपानी तथा सिँचाइ आयोजनाको विकास र बिस्तार गरिनेछ ।<br>१.११ ऐतिहासिक पोखरी, कुवा, इनार र परम्परागत खानेपानी स्रोतलाई सम्पदाका रूपमा संरक्षण र उपयोग गरिनेछ ।<br>१.१२ प्रदेशभित्रका स्थानीय तहका खानेपानी, सरसफाइ तथा स्वच्छता (Wash Plan) योजना निर्माणमा सहजीकरण गरी खानेपानी तथा सरसफाइ एवम् स्वच्छताको प्रदेशस्तरीय तथ्याङ्क व्यवस्थापन र अनुगमन प्रणालीको स्थापना र व्यवस्थापन गरिनेछ ।<br>१.१३ अधुरा खानेपानी आयोजनालाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।<br>१.१४ हरेक घरमा पानी पुनर्भरण गर्ने प्रणाली विकास गर्न प्रोत्साहन गरिनेछ ।<br>१.१५ ठुला सहरी क्षेत्रमा खानेपानी आपुर्ति प्रणाली व्यवस्थित गर्न सङ्घ सरकारसँग समन्वय र सहकार्य गरिनेछ। |
| २. स्वच्छ र सुरक्षित खानेपानी वितरण गर्ने। | २.१ खानेपानीका मुहान तथा रिजर्भ ट्याङ्कीलाई सधैं सफा राखिनेछ।<br>२.२ स्वच्छ र गुणस्तरीय पानी वितरणका लागि स्थानीय तह,सरोकारवाला समूह र उपभोक्ता समितिसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.३ खानेपानी रिजर्भ ट्याङ्कीमा सकेसम्म पानी ट्रिटमेन्ट प्लान्ट जडान गरिनेछ र ट्रिटमेन्ट प्लान्ट जडान नभएसम्म पानी फिल्टर वा शुद्धीकरण गरेरमात्र वितरण गरिनेछ।<br>२.४ खानेपानी र स्वास्थ्यको अन्तरसम्बन्धबारे जनचेतना अभियान सञ्चालन गरिनेछ। |
| ३. सरसफाइ सुविधा विस्तार गर्ने। | ३.१ सबै घरपरिवारलाई शौचालयको सुविधा पुर्‍याइने छ।<br>३.२ सबै पिट शौचालयलाई फ्लससहितको शौचालयमा परिणत गर्न प्रेरित गरिनेछ र यसका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>३.३ अति विपन्न परिवारलाई शौचालय निर्माण गर्न सहयोग गरिनेछ। यसका लागि स्थानीय तह र सरोकारवाला सङ्घसस्थासँग सहकार्य गरिनेछ।<br>३.४ पूर्ण सरसफाइयुक्त प्रदेश बनाउन स्थानीय तहहरू र स्वास्थ्यसम्बन्धी संस्थाहरू एवम् सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>३.५ स्थानीय तह र सरोकारवाला सङ्घ/संस्थासँगको सहकार्यमा सबै नागरिकलाई सरसफाइबारे जनचेतना अभियान सञ्चालन गरिनेछ। |

### ७.७.६ प्रमुख कार्यक्रमहरू

१. खानेपानी विस्तार
२. मर्मतसम्भार र स्तरोन्नति
३. पानी सुद्धीकरण (ट्रिटमेन्ट प्लान्ट जडान)
४. स्रोत संरक्षण
५. सरसफाइसम्बन्धी जनचेतना अभियान सञ्चालन
६. प्रमुख बस्तीहरूमा सार्वजनिक शौचालय निर्माण
७. ढल निकास आयोजना
८. अति विपन्न परिवारलाई शौचालय निर्माण
९. बहुउद्देश्यीय खानेपानी आयोजना

१०. खानेपानी रिजर्भ ट्याङ्कीको क्षमता विकास कार्यक्रम
११. सार्वजनिक स्थलहरूमा शौचालय निर्माण ।

### ७.७.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आधाभूत खानेपानी सुविधा पुगेको परिवार (दिविल ६.१) | प्रतिशत | ९६.५ | ९९.५ |
| २. | पाइप प्रणालीबाट खानेपानी सुविधा पुगेको परिवार (दिविल ६.१) | प्रतिशत | २२.६ | ७५ |
| ३. | शौचालय पुगेको परिवार (दिविल ६.२) | प्रतिशत | ८८ | ९९ |
| ४. | फ्लससहितको शौचालय भएको परिवार | प्रतिशत | ३८.५ | ७५ |

## ७.८ सञ्चार तथा सूचना प्रविधि

### ७.८.१ पृष्ठभूमि

सूचना तथा सञ्चार लोकतन्त्रका आधारस्तम्भ हुन् भने यिनले नागरिकको सूचना पाउने अधिकारलाई प्रत्याभूत गर्दै सार्वजनिक सेवा प्रवाह, मानवाधिकार संरक्षण, सुशासन, कायम गर्न मद्दत गर्दछन्। साथै सरकारलाई जिम्मेवार जनमुखी र जनउत्तरदायी बनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। नेपालको संविधानले स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्तिको स्वतन्त्रता र सञ्चारको हकअन्तर्गत प्रेस स्वतन्त्रता, सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो तथा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक स्थापित गरेको छ। साथै संविधानले रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन प्रदेशको एकल अधिकारमा राखेको छ भने सञ्चार माध्यमसम्बन्धी सङ्घ र प्रदेशको साझा अधिकारमा राखेको छ। कार्यविस्तृतीकरणअनुसार प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन, सञ्चार तथा सूचना प्रविधि र आमसञ्चार, प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्यान्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमनलाई प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन, सूचना प्रविधिको प्रवर्धन, प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन, प्रदेशस्तरका इन्टरनेट सेवाको दर्ता, अनुमति, नवीकरण र नियमन प्रदेशको अधिकारमा राखेको छ। त्यस्तै साइवर सुरक्षा अनुगमन, छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, केबुल प्रसारण इजाजत, नवीकरण, प्रेस सूचना प्रवाह गर्ने, सूचना सामग्रीहरूको उत्पादन, प्रकाशन र वितरण गर्ने आदि प्रदेशका कार्यक्षेत्रअन्तर्गत पर्दछन् ।

यस प्रदेशमा दैनिक १४३, अर्ध साप्ताहिक २, साप्ताहिक ५०५, पाक्षिक ४५, मासिक १९, द्वैमासिक २ र त्रैमासिक २ गरी ७१८ ओटा पत्रिका दर्ता रहेका छन् (प्रदेशहरूमा दोस्रोस्थान) त्यस्तै डिजिटल पत्रपत्रिका ७४ ओटा (प्रदेशहरूमा पहिलो) दर्ता छन् (आर्थिक सर्वेक्षण २०७९/८० मधेश प्रदेश) । यस प्रदेशमा ७४.८ प्रतिशत परिवारले मोबाइल, २२.२ प्रतिशतले रेडियो, २१.२ प्रतिशतले इन्टरनेट, र १.६ प्रतिशतले ल्यान्डलाइन टेलिफोन प्रयोग गरेका छन् (राष्ट्रिय जनगणना २०७८) ।

### ७.८.२ अवसर र सम्भावना

रेडियो, एफ.एम, टेलिभिजन सञ्चालन प्रदेशको एकल अधिकारमा हुनु, इन्टरनेट, केबुल प्रसारण, पत्रपत्रिका, टेलिसेन्टर, साइवर सुरक्षा आदिको दर्ता, सञ्चालन, नवीकरण, अनुगमन तथा नियमनको अधिकार हुनु, दैनिक, साप्ताहिक, पाक्षिक, मासिक तथा त्रैमासिक गरी ७१८ ओटा पत्रिका दर्ता भएको हुनु, मोबाइल, रेडियो र इन्टरनेटका प्रयोगकर्ता बढ्दै जानु, सेवा प्रदायक संस्थाहरू उल्लेख्य रहनु आदि अवसरका रूपमा रहेका छन् ।

सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्नु, अनुगमन तथा नियमन प्रभावकारी गर्नु, इन्टरनेटको पहुँच र गुणस्तर वृद्धि गर्नु, मोबाइल नेटवर्क सुधार गर्न सेवा प्रदायकसँग समन्वय गर्नु र प्रभावकारी नियमन गर्नु, सूचना प्रविधि पार्क स्थापना गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### ७.८.३ समस्या र चुनौती

रेडियो, पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यमको सङ्ख्या बढे पनि गुणस्तर कमजोर हुनु, सञ्चार माध्यमहरूको अनुगमन र नियमन कमजोर हुनु, इन्टरनेट, मोबाइल, रेडियो, टेलिफोन आदिका प्रयोगकर्ता सीमित हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्नु, अनुगमन तथा नियमन प्रभावकारी गर्नु, इन्टरनेटको पहुँच र गुणस्तर वृद्धि गर्नु, मोबाइल नेटवर्क सुधार गर्न सेवा प्रदायकसँग समन्वय गर्नु र प्रभावकारी नियमन गर्नु, सूचना प्रविधि पार्कको स्थापना गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

### ७.८.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** परिष्कृत लोकतन्त्र : सबल सूचना सञ्चार

**लक्ष्यः** स्वतन्त्र सञ्चारको प्रवर्धन गरी नागरिकको सुसूचित हुने अधिकार प्रत्याभूत गर्ने।

**उद्देश्यः**

१. सञ्चार माध्यमको गुणस्तर विकास गरी पहुँचमा वृद्धि गर्नु।
२. सरकारी कामकाजमा आधुनिक सूचना प्रणालीको अधिकतम उपयोग गर्नु।

### ७.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचना तथा सञ्चारको पहुँच विस्तार र गुणस्तर कायम गर्ने। | १.१ सूचना सञ्चारसम्बन्धी नीतिगत र कानुनी व्यवस्था गरिनेछ।<br>१.२ सञ्चार माध्यमको गुणस्तर कायम गर्न प्रभावकारी अनुगमन र नियमन गरिनेछ।<br>१.३ पत्रकारहरूको आचारसंहिता निर्धारण गरी त्यसको पालन गराइनेछ।<br>१.४ सूचना प्रवाहलाई सबै गाउँ, बस्ती तथा टोलसम्म पुर्‍याउन निजीक्षेत्रलाई स्थानीय पत्रिका र एफ.एम सञ्चालनमा प्रोत्साहित गरिनेछ।<br>१.५ विद्युतीय सञ्चार माध्यमको दर्ता र नवीकरणलाई सरलीकरण गर्दै प्रभावकारी अनुगमन र नियमन गरिनेछ।<br>१.६ विद्युतीय सञ्चार माध्यमको उपयोग बढाउन स्थानीय तह, स्थानीय सङ्घसंस्था, नागरिक समाज आदिसँग समन्वय गरिनेछ। |
| २. सूचना सञ्चार पूर्वाधारको विकास गर्ने | २.१ तारयुक्त र ताररहित ब्रोडब्यान्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन प्रभावकारी रूपमा गरिनेछ।<br>२.२ प्रदेशस्तरमा सूचना प्रविधि पार्क निर्माण गरी सञ्चालनमा ल्याइनेछ।<br>२.३ प्रदेशभित्र प्रदेश छापाखाना र टेली सेन्टर निर्माण र सञ्चालनलाई प्राथमिकता दिइनेछ।<br>२.५ सरकारी सूचनालाई पारदर्शी बनाउन हरेक मन्त्रालयको विद्युतीय सञ्चार प्रणालीलाई विकास र व्यवस्थित गरी सबै सूचना तुरुन्त वेभसाइटमा राख्ने व्यवस्था मिलाइनेछ।<br>२.६ डिजिटल तथ्याङ्क बैङ्क स्थापना गरिनेछ।<br>२.७ निर्दिष्ट सार्वजनिक स्थलहरूमा Free WIFI Zone को विकास गरिनेछ। |

### ७.८.६ प्रमुख कार्यक्रमहरू

१. नीतिगत सुधार
२. सूचना प्रविधि (आइटी) पार्क निर्माण
३. टेलिसेन्टर निर्माण
४. प्रदेश छापाखाना निर्माण
५. प्रदेश मन्त्रालय/निकायका वेभसाइटको निर्माण र नियमित अद्यावधिक गर्ने
६. इन्टरनेटको क्षमता वृद्धिका लागि निजी क्षेत्रसँग सहकार्य

७. प्रदेश रेडियो तथा टेलिभिजन स्थापना
८. सञ्चार माध्यमको गुणस्तर विस्तार कार्यक्रम
९. डिजिटल साक्षरता कार्यक्रम
१०. प्रदेश डाटा सेन्टर
११. टेलिफोन पहुँच विस्तार
१२. डिजिटल तथ्याङ्क बैङ्क स्थापना
१३. पत्रकारको दुर्घटना बीमा
१४. सामुदायिक रेडियो सुदृढीकरण कार्यक्रम
१५. निःशुल्क वाइफाई क्षेत्र विकास

### ५.८.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | पत्रपत्रिका प्रकाशन | सङ्ख्या | ७१८ | ७२० |
| २. | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | २१.२ | ४५ |
| ३. | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ७४.८ | ९० |
| ४. | रेडियो प्रयोगकर्ता | प्रतिशत | २२.२ | २५ |

# परिच्छेद आठ : वन तथा वातावरण

## ८.१ वन संरक्षण, संवर्धन र व्यवस्थापन

### ८.१.१ पृष्ठभूमि

नेपालको हावापानी, जैविक विविधता, वन, वनस्पति, वन्यजन्तु, जलसंरक्षण तथा नदीजन्य पदार्थ विकासका लागि महत्त्वपूर्ण मानिएको छ।यस प्रदेशमा कम वन क्षेत्र तथा अत्यधिक जनसङ्ख्याका कारण वन पैदावारको सहज आपूर्तिमा अति कठिनाइ भएको छ।मधेश तथा चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणाअनुसार मधेश प्रदेश सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति एवम् चुरे उत्थानशील तथा समृद्धिका लागि वन कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

प्रदेशमा रहेका वन क्षेत्रबाट सबै प्रकारका उत्पादनले यस क्षेत्रलगायत नेपालका अन्य क्षेत्रका लागि समेत आवश्यक ऊर्जा, निर्माण सामग्री, पशुआहार तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ।वन पैदावारको उपयोग हाल फर्निचर उद्योग तथा निर्माणमा बढी देखिएको छ । वनको समुचित व्यवस्थापन नभएका कारणले स्वदेशी काठले आवश्यकता नधानेका कारण काठ र काठजन्य फर्निचर निर्माण सामग्रीको आयात बढेको छ । प्रदेशको अधिकार क्षेत्रभित्र राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनलाई राखेको छ।सङ्घ र प्रदेशको साझा सूचीमा वातावरण संरक्षण र जैविक विविधता, अन्तर प्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण र जल उपयोग रहेको छ ।

यस प्रदेशमा आ.व. २०७९/०८० सम्म २४.७८ प्रतिशत अर्थात २,३७,६३६ हेक्टर वन क्षेत्र रहेको, जसमध्ये सामुदायिक वन ४२६ ओटा (६९८९२.७६ हेक्टर), साझेदारी वन १७ ओटा (४१४५९.८० हेक्टर), निजी वन ९९४ (५६७.९० हेक्टर), वन संरक्षण क्षेत्र एउटा (३६० हेक्टर), कबुलियती वन  ५९ ओटा (६५२.६५ हेक्टर) र धार्मिक वन १० ओटा (६८.८६ हेक्टर) रहेका छन् (वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०२२) ।

प्रदेशमा रहेका वन क्षेत्रको उत्पादनले यस प्रदेशलगायत नेपालका अन्य क्षेत्रका लागि समेत आवश्यक ऊर्जा, निर्माण सामग्री, पशुआहार तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ ।साथै, काठमाडौं, पोखरालगायत देशका ठुला सहरहरूमा काठदाउरा आपूर्ति गर्दै आएको छ । वन पैदावारको उपयोग हाल फर्निचर उद्योग तथा निर्माणमा बढी देखिएको छ । वनको समुचित व्यवस्थापन नभएका कारण स्वदेशी काठले आवश्यकता नधानेकोले काठ र काठजन्य फर्निचर निर्माण सामग्रीको आयात बढेको छ ।

### ८.१.२ अवसर र सम्भावना

यस क्षेत्रमा गुणस्तरीय काठ दाउरा तथा अन्य वनपैदावारको उत्पादन हुनु र त्यस्ता वस्तुको बजारमा उच्च माग रहनुले दिगो वन व्यवस्थापन तथा उपयोगका लागि अनुकूल वातावरण निर्माण भएको छ। वन व्यवस्थापनप्रति स्थानीय समुदायको जागरुकता बढ्दै गएको पाइन्छ।प्रदेश तथा सङ्घ सरकारले  उच्च  महत्त्वका साथ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, समृद्धिका लागि वन कार्यक्रम सञ्चालन गरेका छन्।तराई मधेशमा बिरुवा वृद्धिका लागि लाग्ने अवधि हिमाल र पहाडमा भन्दा तुलनात्मक रूपमा छोटो र आर्थिक हिसाबले महत्त्वपूर्ण वन तथा फलफूल जातका प्रजाति हुर्काउन उपयुक्त वातावरण हुनाले वनजन्य पदार्थको उत्पादन, व्यवस्थापन तथा वातावरण संरक्षण गर्दै जलाधार क्षेत्रको संरक्षण गर्न महत्त्वपूर्ण अवसर रहेको छ।

निजी वन विकास, साझेदारी वन, सार्वजनिक कृषि वन कार्यक्रमलाई महत्त्वपूर्ण कार्यक्रमका रूपमा समावेश गरी व्यापकता दिन सकिने सम्भावना रहेको छ।दिगो वन व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई वनको उत्पादन बढाउने प्रचुर सम्भावना रहेको छ।यसबाट काठ दाउराको उत्पादनमा वृद्धि भई स्थानीय आपूर्तिसँगै बाहिर निकासी गर्न र यसबाट आम्दानी बढाउन सकिने सम्भावना रहेको छ।त्यसैगरी वन पैदावारमा आधारित उद्योग (साना, मझौला र ठुला) सञ्चालन हुनसक्ने सम्भावना छ।

### ८.१.३ समस्या र चुनौती

राष्ट्रिय वन अतिक्रमण तथा वन पैदावारको चोरी निकासी भई वन क्षेत्र, वन पैदावारको मौज्दात (Growing Stock) तथा वातावरणमा क्रमिक रूपमा ह्रास हुनु, वन डढेलो जस्ता प्राकृतिक विपद् तथा जलवायु परिवर्तनका प्रभावहरूबाट बर्षेनी जनधनको ठुलो क्षति हुनु, वन क्षेत्रको दिगो व्यवस्थापन हुन नसक्नु, वातावरणमैत्री पूर्वाधार विकास नहुनु, मानव वन्यजन्तु द्वन्द्वको अवस्था सिर्जना हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन्। हाल सङ्घबाट व्यवस्थापन भइरहेको सर्लाही र महोत्तरी जिल्लामा फैलिएको सागरनाथ वन तथा पर्सा, बारा, रौतहटलगायतमा रहेका राष्ट्रिय वनको व्यवस्थापनको पूर्ण अधिकार प्रदेशमा अझै आउन सकेको छैन ।

संविधानले राष्ट्रिय वनको व्यवस्थापनको अधिकार प्रदेशलाई प्रदान गरेको छ तापनि सर्लाही र महोत्तरी जिल्लामा फैलिएको सागरनाथ वन क्षेत्र (करिब १३,५१२ हेक्टर) अझै पनि सङ्घबाट व्यवस्थापन भइरहेको छ। बाँकी वनको व्यवस्थापनमा पनि सङ्घीय निकायहरूको दखल रहने गरेको छ। वन तथा वातावरण क्षेत्रको अधिकार संविधानको व्यवस्थाअनुसार प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुन सकेको छैन। सङ्घ र प्रदेशको साझा सूचीमा रहेका वातावरण संरक्षण र जैविक विविधता, अन्तर प्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण र जल उपयोग जस्ता विषयहरूमा तहगत क्षेत्राधिकारको स्पष्टता नहुँदा वन, जलाधार तथा वातावरण व्यवस्थापनमा कानुनी तथा व्यावहारिक कठिनाइ रहेको छ । वन पैदावारको उत्पादन र आपूर्तिमा देखिएका खाडलले गर्दा चोरी निकासीको समस्या जटिल बन्दै गएको छ। मधेश प्रदेशको दक्षिणी भागमा जनसङ्ख्या बढी हुनु र वनजङ्गल मधेश प्रदेशको उत्तरी भागमा रहेको राजमार्गका आसपासमा हुनुले वनहरूबाट उत्पादित वन पैदावारको आपूर्ति व्यवस्था सरल बनाउन कठिन भएको छ ।

प्रदेशको दक्षिणी भेगमा सार्वजनिक जग्गाको अतिक्रमण भएकाले सार्वजनिक कृषि वन कार्यक्रमलाई व्यापकता दिन नसक्नु, चुरे क्षेत्रमा जथाभावी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन हुनु, सिमसार क्षेत्रको पहिचान, संरक्षण तथा व्यवस्थापन उचित मात्रामा हुन नसक्नु, वन्यजन्तुहरूको चोरी सिकारी र दुर्घटना (मानव वन्यजन्तु द्वन्द्व) जस्ता समस्याहरू वन क्षेत्रसँग सम्बन्धित समस्याका रूपमा देखापरेका छन्।

दिगो वन व्यवस्थापन गरी वन पैदावारको माग आपूर्तिमा सहजता ल्याउनु, प्राकृतिक विपद् र वनमाथिको अत्यधिक मानवीय चापबाट चुरेमा भइरहेको वन विनाश रोक्नु, विश्वव्यापी रूपमा हुँदै गरेको जलवायु परिवर्तन, वायु प्रदूषण आदिले हुने तापमानमा वृद्धि, घट्दो पानीको सतह संरक्षण गर्नु, अन्तरप्रदेशीय वनको संरक्षण व्यवस्थापनमा नीतिगत समस्याहरूलाई तीनै तहको सरकारको साझा मुद्दाका रूपमा स्थापित गरी समन्वय र सहकार्य गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरू रहेका छन्।

### ८.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** वन पैदावारमा आत्मनिर्भरताका साथ समृद्धि

**लक्ष्यः** वनजन्य पदार्थको उत्पादन एवम् व्यवस्थापन गरी वन पैदावारमा आत्मनिर्भर बन्ने।

**उद्देश्यः**

१. वन तथा पारिस्थितिकीय प्रणालीको संरक्षण, दिगो व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि गरी सहजरूपमा वन पैदावारको आपूर्ति गर्नु।

२. वनजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि र वनमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।

### ८.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सहभागितामूलक ढङ्गले वनको दिगो व्यवस्थापन गर्ने र वनमा स्थानीय जनताको पहुँच बढाउने। | १.१ वनसम्बन्धी आवश्यक प्रादेशिक कानुन तथा नीति नियम निर्माण गरिनेछ।<br>१.२ वन मन्त्रालय तथा मातहतका निकायहरूको संस्थागत विकास गरिनेछ।<br>१.३ कृषि वनको अवधारण अनुरूप वनमा आधारित उपभोग्य वस्तुहरूको उत्पादन गरिनेछ।<br>१.४ वन उपभोक्ता समूहमार्फत वनको विकास तथा व्यवस्थापन गरिनेछ।<br>१.५ तराईका खाली रहेको वन क्षेत्रमा कृषि वन बागवानी विकासका लागि सहजीकरण गरिनेछ।<br>१.६ वनमा आधारित उद्योगहरू स्थापनाका लागि निजी क्षेत्र र समुदायलाई प्रोत्साहन गरिनेछ।<br>१.७ वनजन्य उत्पादन बढाइ वनको अधिकतम उपयोग गरिनेछ।<br>१.८ उपयुक्त वनहरूमा आन्तरिक पर्यटन प्रवर्धन, जैविक विविधता र जलाधार संरक्षणका साथै सिमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकता दिइनेछ।<br>१.९ चुरे क्षेत्र र अन्यत्र पाइने नदीजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, बालुवा आदिको दिगो उपयोग गर्ने नीति तर्जुमा गरिनेछ। |
| २. वन अतिक्रमण नियन्त्रण गर्ने। | २.१ प्रदेशअन्तर्गत रहेका वनहरूको लगत तयार गरिनेछ।<br>२.२ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरण क्षेत्रको व्यवस्थापन गरिनेछ।<br>२.३ अतिक्रमित वन क्षेत्रको लगत तयार गरिनेछ।<br>२.४ आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |
| ३. वन डढेलो नियन्त्रण गर्ने। | ३.१ डढेलो नियन्त्रणका लागि अग्निरेखा तयार गरिनेछ।<br>३.२ वन डढेलो लाग्न नदिन र नियन्त्रण उपायहरूको बारेमा समुदायलाई अभिमुखीकरण गरिनेछ।<br>३.३ अग्नि नियन्त्रणमा संलग्न कर्मचारीहरूको क्षमता विकास गरिनेछ।<br>३.४ आवश्यक पूर्वाधार निर्माणका साथै अग्नि नियन्त्रक औजारहरूको व्यवस्था गरिनेछ। |
| ४. वन अनुसन्धान तथा जनचेतना र क्षमता विकासका कार्यक्रमहरू समन्वयात्मक रूपमा गर्ने, | ४.१ वैज्ञानिक वन व्यवस्थापन र उपयोगसम्बन्धी अध्ययन अनुसन्धानका लागि छात्रवृत्ति प्रदान गरिनेछ।<br>४.२ रैथाने वनस्पति तथा उपयोगी जडीबुटीको पहिचान संरक्षण र विस्तार गरिनेछ।<br>४.३ वन क्षेत्रको उत्पादकत्व वृद्धि उपयोग र लाभको बाँडफाँट सम्बन्धमा स्थानीय सरकार र समुदायको क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.४ प्रदेश अन्तर्गत रहेका वनको किसिम अनुसारको लगत तयार गरिनेछ। |
| ५. वन्यजन्तु ओहोर दोहोर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति मानव वन्यजन्तुबिचको द्वन्द्व घटाउने। | ५.१ यो प्रदेश र वनसँग जोडिएका प्रदेशहरूको वनसंरक्षण क्षेत्र तथा निकुञ्ज हरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविक मार्गका रूपमा विकास गरी वन्यजन्तुबाट मानव बस्ती र बालीनालीको संरक्षण गरिनेछ।<br>५.२ वन तथा संरक्षित क्षेत्र हुँदै जाने राजमार्गहरूमा तत्काल सुधार गरी वन्यजन्तु वारपार गर्नसक्ने सुरुङ मार्ग वा पुलहरूको विकास गरिनेछ।<br>५.३ वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिवापत पीडितलाई यथाशीघ्र उचित सहयोग उपलब्ध गराइनेछ। साथै, त्यस्ता क्षतिको सम्भावनालाई ध्यानमा राखी बीमाको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुर्‍याउने। | ६.१ साझेदारी/सामुदायिक वनलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्ग एवम् महिलाहरूलाई प्राथमिकताकासाथ संलग्न गरी लाभान्वित गरिनेछ।<br>६.२ सार्वजनिक खाली जग्गाहरूमा वन पैदावार उत्पादन गर्ने खालका प्रजातिहरू लगाई वनक्षेत्रको विस्तार र आपूर्तिमा सघाउने नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।<br>६.३ विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ।<br>६.४ साझेदारी, सामुदायिक तथा कबुलियती वन क्षेत्रहरूमा तुलनात्मक लाभ हुने उच्च मूल्यका जडीबुटी र वन अनुकूल फलफूल रोपण तथा गैरकाष्ठ वन पैदावारको खेती लगाउन प्रोत्साहन गरिनेछ।<br>६.५ प्रत्येक स्थानीय तहमा वन नर्सरी स्थापना तथा सञ्चालन गरिनेछ।<br>६.६ मुख्यमन्त्री हरित प्रदेश अभियानलाई थप प्रभावकारी बनाइनेछ। |

### ८.१.६ प्रमुख कार्यक्रमहरू

१. राजमार्गदेखि दक्षिण, पूर्व-पश्चिम र उत्तर-दक्षिण वन विस्तार कार्यक्रम
२. धनुषाधाममा रहेको वन संरक्षण क्षेत्रमा जुलोजिकल पार्क निर्माण कार्यक्रम
३. हुलाकी सडकको दाँयाबाँया वृक्षारोपण कार्यक्रम
४. हरित अभियान नदी उकास क्षेत्रमा गरी ग्रिनबेल्ट निर्माण
५. प्रदेशको वन गुरुयोजना तयारी
६. धार्मिक तथा अन्य सार्वजनिक क्षेत्र र सडक किनारमा दायाँबायाँ वृक्षारोपण
७. वन पैदावारमा आधारित उद्यम स्थापना
८. वन्यजन्तु संरक्षण र पालन कार्यक्रम
९. प्रदेशभरिको सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन
१०. वन क्षेत्रको प्रस्ट सीमाङ्कन (नापी नक्सा आवश्यकताअनुसार तारबार)
११. सार्वजनिक जग्गा अतिक्रमण हटाउने अभियान सञ्चालन
१२. डढेलो नियन्त्रण कार्यक्रम
१३. उपयोगी काठ र जडीबुटी उत्पादन प्रोत्साहन कार्यक्रम
१४. नीतिगत व्यवस्था तथा कानुनी सुधार, तथा विस्तार कार्यक्रम
१५. सामुदायिक वन कार्ययोजना पुनरावलोकन
१६. क्षमता विकास कार्यक्रमहरू
१७. पर्यापर्यटन तथा जडीबुटी संरक्षण विकास कार्यक्रम
१८. कृषि वन नर्सरी कार्यक्रम
१९. कृषि वन विकास तथा प्रवर्धन कार्यक्रम
२०. व्यक्तिको जग्गामा समेत अनिवार्य वृक्षारोपण गरी हरित गाउँनगर निर्माण कार्यक्रम सञ्चालन
२१. निजी वन प्रवर्धनका लागि अनुदान कार्यक्रम
२२. धार्मिक तथा अन्य सार्वजनिक क्षेत्रमा वन विस्तार कार्यक्रम
२३. साझेदारी वन व्यवस्थापन कार्यक्रम
२४. मानव र वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन
२५. काठ दाउरा खरिद बिक्री केन्द्र स्थापना

### ८.१.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वन क्षेत्रफल | प्रतिशत | २४.७८ | २६.५ |
| २. | वन डढेलोबाट प्रभावित क्षेत्रफल | हेक्टर | २६३००० | १०५००० |
| ३. | प्रतिव्यक्ति काठको प्रयोग | क्यु. फिट | ०.३९ | ०.५० |
| ४. | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर | ५०००० | ८०००० |

## ८.२ वातावरण

### ८.२.१ पृष्ठभूमि

वातावरण मानव स्वास्थ्य र सुखसँग जोडिएको विषय हो । नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । वातावरण संरक्षण राज्यका तीनै तहका सरकारको कार्यक्षेत्रमा पर्दछ।

उद्योग कलकारखानामा प्रयोग हुने रासायनिक पदार्थ, कृषिमा अत्यधिक विषादी तथा रासायनिक मल, प्लास्टिक तथा प्लास्टिकजन्य पदार्थको प्रयोग, जथाभावी फोहोरमैला विसर्जन आदि कारणले प्रदेशमा जल तथा जमिन प्रदूषित भएको छ। नदीले बगाएर ल्याउने हुनाले माथिल्लो जलाधारमा हुने प्रदूषणको प्रत्यक्ष अप्रत्यक्ष प्रभावसमेत यस प्रदेशमा परेको पाइन्छ । पेट्रोलियम तथा खनिज पदार्थको अत्यधिक दोहनले वायु प्रदूषण बढ्दै गएको छ ।

जल तथा वायुको गुणस्तरमा क्षय भएको यथेष्ठ अनुभव गर्न सकिन्छ।नदी तथा जलाशयलगायतका पानीका स्रोतहरूमा प्रदूषण बढिरहेको छ । औद्योगिक क्षेत्र तथा बस्ती भएर बग्ने नदीमा फोहोरमैला मिसिने गर्दछ । जनचेतना र उचित कानुन व्यवस्थाको अभावमा वातावरण प्रदूषण प्रमुख चुनौतीकारूपमा देखापरेको छ।मधेश प्रदेशमा वायु, जमिन तथा जल प्रदूषणको ऐतिहासिक तथ्याङ्क र वर्तमानमा अनुगमन गर्न पर्याप्त मात्रामा गुणस्तरीय केन्द्रको अभाव रहेको छ । वातावरण संरक्षणमा संस्थागत, समुदाय तथा व्यक्तिगत तहमा चेतना र प्रतिबद्धताको अभाव रहेको पाइन्छ।

### ८.२.२ अवसर र सम्भावना

नेपाल सरकारले वायु तथा जल प्रदूषण नियन्त्रणका लागि केही मापदण्डहरू निर्धारण गरेको छ। वातावरण संरक्षणका लागि स्थानीयदेखि राष्ट्रिय स्तरका विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।सरल सूचकसहितको वातावरणमैत्री स्थानीय शासन प्रारूपसमेत लागु भएको छ ।

नेपाल सरकारले वातावरणीय क्षेत्रमा प्रदूषण नियन्त्रण फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेकोछ।नेपाल सरकारले राष्ट्रिय वातावरण नीति, २०७६ लागु गरेको छ।उक्त नीतिले वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने कुरामा जोड दिएको छ।वातावरणीय प्रभाव अध्ययनसम्बन्धी नीति कानुन तथा मापदण्ड बनाउने कुरालाई प्राथमिकतामा राखेको छ। मधेश प्रदेशमा वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन तथा वातावरण महाशाखा र सो महाशाखाअन्तर्गत वातावरण तथा जलवायु अनुकूलन शाखा रहनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### ८.२.३ समस्या र चुनौती

जमिनको क्षयीकरणका साथसाथै आगोलागी, सुख्खा खडेरी, वन तथा नदीजन्य स्रोतहरूको अत्यधिक दोहन, अव्यवस्थित बसोबास र जलवायु परिवर्तनका कारण विभिन्न प्रकारका वातावरणीय समस्या देखापरेका छन् । नदीनाला र पानीका मुहान प्रदूषित हुनु वा सुक्नु, भूमिगत जलस्रोतमा कमी हुनु, चुरे तथा तराईको कृषि उत्पादकत्वमा कमी आउनु, जल तथा वायु प्रदूषण आदि मुख्य वातावरणीय समस्याहरू रहेका छन्।

चुरे क्षेत्रको अत्यधिक दोहनले गर्दा तराई मधेशमा पानी सतह घट्दै जानु, रिचार्ज हुन नसक्नु र बाढी तथा भूक्षयको समस्या विकराल बन्दै जानु पनि वातावरणीय समस्याका रूपमा देखापरेका छन्। त्यसैगरी सिमसार क्षेत्र अतिक्रमणका कारणले पानीका मुलहरू प्रदूषित बन्दै जानु, उद्योग कलकारखाना, अस्पताल र आवास क्षेत्रको फोहोर विसर्जन व्यवस्थित हुन नसक्नु र प्लास्टिकको प्रयोग बढ्नु पनि वातावरणीय समस्याका रूपमा रहेका छन् ।

नदीबाट लापरवाहीपूर्ण तरिकाले नदीजन्य पदार्थको दोहन रोक्न सकिएको छैन। तीव्र सहरीकरणसँगै बढ्दो मात्रामा उत्पादन भएको फोहोरजन्य पदार्थको विसर्जन अधिकांश नदी किनारमा नै गर्ने गरिएको पाइन्छ। यसले पानीको स्वच्छता कायम राख्न गम्भीर चुनौती थपिएको छ। गम्भीर हानिकारक बिषादी तथा रसायनहरू सिधै फ्याँक्ने कार्य रोकिएको छैन। कृषि उपजका लागि प्रयोग गरिने रासायनिक मल तथा बिषादीको उचित मात्रा र समयमा प्रयोग नगर्दा यसले पानी तथा माटोमा गम्भीर असर पुगिरहेको छ।

### ८.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्वच्छ, स्वस्थ र सन्तुलित वातावरण

**लक्ष्यः** आम नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गर्ने।

**उद्देश्यः**

१. दिगो, स्वच्छ साथै प्रकृति तथा प्राकृतिक पर्यावरणमैत्री पूर्वाधार विकास गर्नु।
२. जल, जमिन तथा वायु प्रदूषण एवम् ध्वनि प्रदूषण नियन्त्रण गर्नु।
३. मधेशको जल भण्डारको स्रोतको रूपमा रहेको चुरे तथा भावर क्षेत्रसहितका जलाधारको संरक्षण गर्नु ।

### ८.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वातावरण क्षेत्रको संरक्षणका लागि समुदायको भूमिका बढाउने। | १.१ वातावरण संरक्षणका लागि सङ्घ र स्थानीय तहसँग सहकार्य गरी जलाधारमा आधारित योजना कार्यान्वयन गरिनेछ।<br>१.२ उपभोक्ता समितिहरूलाई सक्षम, अधिकारसम्पन्न र जिम्मेवार बनाइनेछ।<br>१.३ वातावरण संरक्षणकालागि यसअघि बनेका कार्ययोजनाको कार्यान्वयन तथा आवश्यकताअनुसार नयाँ कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।<br>१.४ अनुगमनलाई चुस्त र छिटोछरितो र बनाइनेछ। |
| २. विकास र वातावरणबिच तालमेल मिलाउने । | २.१ प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको व्यावहारिक ढाँचा तय गरिनेछ र प्रतिवेदनको पूर्ण कार्यान्वयन सुनिश्चित गरेर मात्र पूर्वाधार निर्माण अघि बढाइनेछ।<br>२.२ प्रभावकारी अनुगमन गरिनेछ र अनुगमन ठिक ढङ्गले नगर्ने वा मिलेमतो गर्नेलाई दण्डित गरिनेछ।<br>२.३ ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको सङ्कलन तथा उत्खनन् वातारणमैत्री, व्यवस्थित र पारदर्शी बनाइनेछ। |
| ३. फोहोरमैला व्यवस्थापन स्थलको प्रवर्धन गर्ने। | ३.१ पायक पर्ने स्थानीय तहहरूलाई संयुक्त फोहोरमैला व्यवस्थापन (Solid Waste Management) स्थल बनाउन र सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।<br>३.२ स्रोतमै फोहोर वर्गीकरण गर्न र फोहोर न्यूनीकरण गर्न विद्यालयमार्फत सचेतना अभियान चलाइनेछ।<br>३.३ घरेलु फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापनको लागि आवश्यक मापदण्ड तथा कानुन बनाई लागु गरिनेछ।<br>३.४ हानिकारक तथा रासायनिक फोहोरको अलग्गै व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.५ निजी क्षेत्रलाई हानिकारक रासायनिक फोहोर नियन्त्रण र सुरक्षित विसर्जन गर्न भौतिक संरचनाको निर्माण र सञ्चालन गर्न नियमन गरिनेछ।<br>३.६ अस्पताल तथा उद्योग प्रतिष्ठानले हानिकारक तथा रासायनिक फोहोरको उचित व्यवस्थापन तथा विसर्जन गर्न नियमन गरिनेछ।<br>३.७ नदी, जलाशय तथा पानीका स्रोतमा फोहोरमैला मिसिन नदिन आवश्यक कानुनी व्यवस्था, भौतिक पूर्वाधार विकास तथा प्रविधि लागु गरिनेछ।<br>३.८ प्लास्टिकको प्रयोग क्रमशः निषेध गर्न आवश्यक कानुनी तथा व्यवहारिक कदम चालिनेछ। |
| ४. प्रदूषण नियन्त्रणका लागि राष्ट्रिय मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१ राष्ट्रिय मापदण्डलाई प्रदेशको परिस्थितिअनुसार थप सुदृढ र सबल हुनेगरी परिमार्जन गरेर प्रदेश कानुनमा समावेश गरिनेछ।<br>४.२ मापदण्डको पालना गर्न गराउन आवश्यक कानुनी व्यवस्था र कार्यान्वयनका लागि संस्थागत संरचना परिचालन गरिनेछ।<br>४.३ प्रदूषणको नियमित निरीक्षण, अनुगमन तथा नियन्त्रण गरिनेछ।<br>४.४ सहरी क्षेत्रमा हरियाली प्रवर्धन गरिनेछ।<br>४.५ नगर र नगरवरिपरि रहेका वन हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ।<br>४.६ मधेश प्रदेशमा रहेका हुलाकी सडकको दाँयाबाँया किनारमा वृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ। |
| ५. जल तथा जमिनमा प्रदूषित पार्ने पदार्थलाई स्रोतमा नै नियन्त्रण गर्ने। | ५.१ जल तथा जमिनमा प्रदूषण गर्ने पदार्थलाई स्रोतमा नै नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ।<br>५.२ आवश्यक नीति तथा कानुन बनाई लागु गरिनेछ।<br>५.३ आवश्यक प्रविधि प्रयोग गरिनेछ।<br>५.४ निजी तथा सार्वजनिक क्षेत्रको साझेदारी गरिनेछ।<br>५.५ सङ्घ तथा स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| ६. स्वच्छ ऊर्जा प्रयोग गरी वायु प्रदूषण नियन्त्रण गर्ने। | ६.१ स्वच्छ ऊर्जा प्रवर्धन गर्न आर्थिक लाभका कार्यक्रम सञ्चालन गरिनेछ।<br>६.२ प्रदूषकले तिर्नुपर्छ भन्ने सिद्धान्तमा आधारित भई प्रदूषण गर्ने ऊर्जा प्रयोग गर्ने उद्योग व्यवसायलाई थप कर लगाई त्यो रकम प्रदूषण नियन्त्रणमा खर्च गरिनेछ।<br>६.३ उद्योग, यातायात तथा कलकारखानामा विद्युतीय उपकरणको प्रयोगलाई जोड दिइनेछ।<br>६.४ खाना पकाउन तथा अन्य घरेलु प्रयोजनका लागि जलविद्युत् र विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन गरिनेछ।<br>६.५ सरकारी कर्मचारीका मेस, क्याफेटेरिया आदिमा विद्युतीय चुलो अनिवार्य गरिनेछ।<br>६.६ सौर्य तथा वायु ऊर्जाको उपयोग गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ। |
| ७. ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी कानुन र मापदण्ड तयार गरी लागु गर्ने। | ७.१ आवास, सडक तथा विभिन्न क्षेत्रका साथै समयका आधारमा स्वीकार्य ध्वनिको मापदण्ड र स्तर निर्धारण गर्ने साथै नियन्त्रण एवम् दण्ड सजायसम्बन्धी कानुन लागु गरिनेछ।<br>७.२ उद्योग कलकारखाना तथा अन्य विकास निर्माण तथा सेवा सञ्चालनमा प्रयोग हुने मेसिन औजारको ध्वनि नियन्त्रण गर्न साइलेन्सर तथा उपयुक्त प्रविधि जडान गर्न अनिवार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ८. हरितगृह ग्यास तथा प्रदुषक पदार्थ संश्लेषण गर्न वन संवर्द्धन तथा उपयुक्त प्रविधि लागु गर्ने। | ८.१ वन संरक्षण तथा जगेर्ना गरिनेछ।<br>८.२ भूसंरक्षण गरिनेछ।<br>८.३ जलाशयको संख्या तथा क्षेत्रफल वृद्धि गरिनेछ।<br>८.४ नदी तथा जलस्रोत किनाराको संरक्षण र पर्यापर्यटन विकास गरिनेछ। |
| ९. वातावरणमैत्री स्थानीय शासन प्रारूप,२०७८ का सूचकहरूको क्रमशः कार्यान्वयन गर्ने। | ९.१ स्थानीय तहहरूलाई प्रारूप कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>९.२ विकास र वातावरण संरक्षणबिच उचित तालमेल मिलाइनेछ।<br>९.३ स्थानीय सरकारले बनाउने पाठ्यक्रममा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी विषय समावेश गरिनेछ।<br>९.४ स्थानीय सरकारबिच वातावरण संरक्षण कार्यमा सकारात्मक प्रतिस्पर्धा सिर्जना गरिनेछ। |

### ८.२.६ प्रमुख कार्यक्रमहरू

१. वैज्ञानिक प्रविधियुक्त संयुक्त फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन
२. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) कार्यान्वयन
३. हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन
४. पानीको मितव्ययी उपयोग तथा बहुउपयोग प्रवर्धन कार्यक्रम
५. उद्योगबाट निस्कने रसायनयुक्त तथा फोहोरमैलायुक्त पानीको प्रशोधन तथा शुद्धीकरण प्लान्ट सञ्चालन
६. ढलबाट निस्कले फोहोरमैलायुक्त पानीको प्रशोधन तथा शुद्धीकरण प्लान्ट सञ्चालन
७. प्लास्टिकमुक्त होटल, पार्टिप्यालेस, प्रतिष्ठान, कार्यालय अभियान
८. प्लास्टिकमुक्त टोल, वडा, गाउँपालिका तथा नगरपालिका कार्यक्रम
९. कुहिने फोहोरबाट मल उत्पादन गर्ने प्लान्ट सञ्चालन गर्न स्थानीय तहलाई सहयोग कार्यक्रम
१०. सहरी क्षेत्रमा वायुप्रदूषण अनुगमन केन्द्रहरूको स्थापना र सञ्चालन
११. नदी, जलाशय तथा खानेपानीका स्रोतहरूमा प्रदूषण तथा फोहोरमैला नियमित अनुगमन कार्यक्रम
१२. आवासीय तथा औद्योगिक क्षेत्रमा स्वच्छ ऊर्जा प्रवर्धन (विद्युतीय चुलो, बोइलर) कार्यक्रम
१३. विद्युतीय सवारी साधन चार्जिङ स्टेसन प्रवर्धन कार्यक्रम
१४. सौर्य ऊर्जा उत्पादन तथा उपयोग प्रवर्धन कार्यक्रम
१५. वन डढेलो न्यूनीकरण तथा नियन्त्रण अभियान
१६. वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८ कार्यान्वयन कार्यक्रम
१७. सहरी क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम
१८. उत्कृष्ट स्थानीय तह पदाधिकारी उपभोक्ता समिति वा अभियन्ता सम्मान कार्यक्रम
१९. प्लास्टिकजन्य सामग्रीको उत्पादन तथा प्रयोग एवम् उपयोग निरुत्साहित कार्यक्रम
२०. प्रत्येक घरमा फोहोर व्यवस्थापनका लागि डस्टबिन सामग्री वितरण कार्यक्रम
२१. सार्वजनिक स्थल सफाइ कार्यक्रम
२२. फोहोर व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम
२३. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी जनप्रतिनिधि र जनसमुदायलाई सचेतना तथा जागरण कार्यक्रम

### ८.२.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | वातावरणमैत्री स्थानीय शासन लागु भएका स्थानीय तहहरू | प्रतिशत | - | २५ |
| २. | हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन स्थल | संख्या | ० | ८ |
| ३. | मुख्य सहरमा फोहोरमैला व्यवस्थापन तथा मल उत्पादन प्लान्ट | संख्या | ० | १५ |
| ४. | औद्योगिक क्षेत्रबाट निस्कने फोहोर पानीको प्रशोधन तथा शुद्धीकरण प्लान्ट | संख्या | ० | १५ |
| ५. | वायुप्रदूषण अनुगमन केन्द्रको स्थापना र निरन्तर सञ्चालन भएका नगरपालिका/गाउँपालिका | संख्या | ० | ४६ |

## ८.३ जैविक विविधता

### ८.३.१ पृष्ठभूमि

नेपाल जैविक विविधताका दृष्टिले सम्पन्न मुलुक हो।हिमाली र उच्च पहाडी भेगमा पाइनेबाहेक नेपालमा पाइने पारिस्थितिकीय प्रणाली तथा वनस्पति वर्ग यस प्रदेशमा पनि पाइन्छन्।नेपालमा पाइने ६३५ प्रकारका पुतली वर्गमध्ये ३२५ प्रकार, १८५ प्रकारका माछामध्ये १५४ प्रकार, ४३ प्रकारका उभयचरमध्ये २२ प्रकार, १०० प्रकारका सरीसृपमध्ये ६८ प्रकार, ८४४ प्रकारका चरामध्ये ६४८ प्रकार तथा १८१ प्रकारका स्तनधारी जीवमध्ये ९१ प्रकारका स्तनधारी जीव यही प्रदेशमा पाइन्छन् (प्रदेश प्रोफाइल, २०७७) । उल्लिखितमध्ये ३२१ थरिका सङ्कटापन्न जीवहरू यस प्रदेशमा पाइन्छन् ।

वन क्षेत्रका साथै सीमसार क्षेत्र, नदी किनार तथा ताल पोखरीहरूको संरक्षणका कारण जैविक विविधताको संरक्षणमा सहयोग पुगेको छ।नेपालमा ११८ प्रकारका पारिस्थितिकीय प्रणाली छन्।हाम्रो जीवन र चराचर जगत् का लागि जैविक विविधताको ठुलो महत्त्व रहेको छ ।

जैविक विविधताको संरक्षणबाट पर्यापर्यटन प्रवर्धन गर्न सकिन्छ । यस क्षेत्रमा रोजगारीको सिर्जना हुनसक्छ । आधुनिक भौतिक विकासले जैविक विविधताको संरक्षणमा अनेकौं चुनौती ल्याएको छ। ती चुनौतीको ठिकठिक ढङ्गले सम्बोधन गरी अघि बढ्नुको विकल्प पनि छैन ।

### ८.३.२ अवसर र सम्भावना

जैविक विविधता हाम्रो जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले भूपरिधिस्तर सुधारसहित दिगो व्यवस्थापनमार्फत रोजगारीका अवसर वृद्धि गर्दै समृद्धिको यात्रामा महत्त्वपूर्ण योगदान पुर्‍याउन सकिन्छ।वन, जलाधार, जैविक विविधता तथा वातावारण संरक्षण र जलवायु अनुकूलन एक आपसमा प्रत्यक्ष सम्बन्धित छन्।एक क्षेत्रको संरक्षण र दिगो व्यवस्थापनले अर्को क्षेत्रलाई सिधै सकारात्मक प्रभाव पार्दछ।जलवायु परिवर्तनका क्षेत्रमा अहिले विश्वको ध्यान केन्द्रित भएको र सहयोगका प्रचुर सम्भावना रहेकाले उक्त सहयोग यस क्षेत्रमा पनि लाभदायक हुने छ ।

लोपोन्मुख प्रजातिको संरक्षणका लागि दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (CITES) मार्फत विश्व समुदाय संवेदनशील ढङ्गले लागिरहेको र यस्ता प्रजातिको संरक्षणमा नेपालले सहयोगसमेत पाउन सक्ने अवस्था छ।यस क्षेत्रको दिगो व्यवस्थापनमा प्राविधिक तथा आर्थिक सहयोगसमेत प्राप्त गर्न सहज पनि छ।उक्त अवसरको उपयोग गरी हाम्रो जैविक विविधता, जलाधार क्षेत्र तथा वातावरणको संरक्षण गर्दै पर्यटन प्रवर्धन, जडीबुटीको उत्पादनलगायतका माध्यमबाट रोजगारीका अवसर सिर्जना गर्न सकिने प्रचुर सम्भावनाहरू रहेका छन् ।

वनजङ्गलको उचित संरक्षण र दिगो व्यवस्थापन; जल, जङ्गल र जमिनको समुचित व्यवस्थापन र पर्यापर्यटनको विकासको सम्भावना रहेको छ।त्यसैगरी जैविक विविधताको संरक्षणका माध्यमबाट पोखरीहरूको संरक्षण र सुधार गरी पानीको सतहमा सुधार गर्न सकिने, चराचुरुङ्गीहरूको सङ्ख्या वृद्धि गर्न सकिने, कृषि र वनको विकास गर्न सकिने, वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

### ८.३.३ समस्या र चुनौती

अव्यवस्थित भौतिक संरचना, जैविक विविधताको उपयोगमा चासोको कमी, चुरे क्षेत्रको अनुपयुक्त क्षेत्रमा बसोबास र खेतीपाती, जल, स्थल तथा वायु प्रदूषण, वन तथा जलस्रोतको क्षयीकरण, विषादीको अनियन्त्रित प्रयोग, अनियन्त्रित चरिचरन, वन्य जन्तु, अन्य चरा र जीवजन्तुको चोरी सिकारी, मानव र वन्यजन्तु द्वन्द्व, जलवायु परिवर्तनको नकारात्मक प्रभाव आदि कारणले जैविक विविधतामा ह्रास भइरहेको छ । वन क्षेत्रको अतिक्रमण, सार्वजनिक जग्गाको अतिक्रमण, विषादीको जथाभावी प्रयोग, वनजन्य पैदावारको चोरी निकासी, अनियन्त्रित वनडढेलो, अनियन्त्रित चरिचरन, वन्यजन्तुहरूको चोरी सिकारी, मानव वन्यजन्तु द्वन्द्व यस क्षेत्रका जल्दाबल्दा समस्याहरू हुन्। त्यसैगरी चुरे क्षेत्रबाट हुने ढुङ्गा, गिट्टी, बालुवाको जथाभावी उत्खनन; मिचाहा प्रजातिको वृद्धि; तालतलैया र सिमसार क्षेत्रहरूको अतिक्रमण हुनु र विकास निर्माण कार्य वातावरणमैत्री नहुनु पनि यस क्षेत्रका लागि समस्याका रूपमा रहेका छन्।

जैविक विविधताको लाभका बारेमा आममानिसलाई पर्याप्त ज्ञान नभएको र जैविक विविधताको उपयोगमा राज्यको चासो कम भएका सन्दर्भमा जैविक विविधताको संरक्षण र संवर्धन निकै चुनौतीपूर्ण रहेको छ ।

### ८.३.४ सोच लक्ष्य र उद्देश्य

**सोचः** उच्च जैविक विविधतायुक्त समृद्ध मधेश प्रदेश ।

**लक्ष्यः** जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्ने।

**उद्देश्यः**

१. कृषि, पशुपक्षी तथा जलचर प्रजातिको संख्या, आनुवंशिक गुण र क्षमताको संरक्षण तथा सदुपयोग गर्नु।
२. प्राकृतिक पर्यावरणीय सन्तुलन कायम गर्नु।
३. वातावरणीय सेवाबाट प्राप्त हुने लाभको उपयोगबाट जनताको जीवनस्तरमा सुधार तथा प्रदेशको आर्थिक सामाजिक विकास गर्नु।

### ८.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जैविक विविधता संरक्षणमा बहुआयामिक प्रयास गर्ने। | १.१ वातावरण क्षेत्रमा काम गर्ने निकायको क्षमता विकास गरिनेछ।<br>१.२ वातावरण प्रवर्धनसम्बन्धी आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।<br>१.३ स्थानीय समुदायको सहभागिता र स्थानीय तहको समन्वयमा एकीकृत व्यवस्थापन योजना तयार गरिनेछ।<br>१.३ रैथाने र सङ्कटापन्न अवस्थामा रहेका प्रजातिको संरक्षण गरिनेछ।<br>१.४ तालतलैया र सिमसार क्षेत्रको संरक्षण गरी पर्यापर्यटन प्रवर्धन गरिनेछ।<br>१.५ जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण क्षेत्रमा अत्यावश्यक भौतिक पूर्वाधारका काम मात्र गरिनेछ।<br>१.६ कृषि, वन, जलस्रोतलगायतका क्षेत्रमा जैविक विविधाको संरक्षण तथा सदुपयोग गरिनेछ । |
| २. जैविक विविधताको पहिचान, संरक्षण तथा उपयोगसम्बन्धी अनुसन्धान गर्ने। | २.१ प्रजाति तथा आनुवंशिक गुणहरूको पहिचान, अभिलेखीकरण र सूचीकरण गरिनेछ ।<br>२.२ वन तथा कृषिक्षेत्रको जैविक विविधता संरक्षण, संवर्द्धन र उपयोग गर्न सङ्घ र स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>२.३ आनुवंशिक क्षमता र स्रोतको उपयोगसम्बन्धी अनुसन्धान गरिनेछ।<br>२.४ मिचाहा प्रजाति नियन्त्रण गर्न आवश्यक उपायको परीक्षण गरिनेछ। |
| ३. जैविक विविधता संरक्षण र उपयोगकालागि क्षमता विकास गर्ने। | ३.१ स्थानीय तहका पदाधिकारी लक्षित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ स्थानीय समुदाय लक्षित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ जैविक विविधताको संरक्षण उपयोग र लाभको बाँडफाँटसम्बन्धी कार्यविधि तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउँदै अपराधको नियन्त्रण गर्ने। | ४.१ वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराध नियन्त्रण गर्न स्थानीय सरकार, सुरक्षा निकाय र समुदायलाई सक्रिय बनाइनेछ।<br>४.२ अग्निरेखा तयार गरिनेछ।<br>४.३ तहगत सरकारबिच अनुगमन र समन्वयसम्बन्धी उपयुक्त संरचना बनाउन सहजीकरण गरिनेछ।<br>४.४ वन क्षेत्रका सरोकारवाला निकायको स्वरूप, कार्यशैली र आचरणलाई पारदर्शी र नतिजामुखी एवम् जवाफदेही बनाइनेछ। |
| ५. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने । | ५.१ कृषि वनको अवधारणाअनुरूप वनमा आधारित उपभोग्य वस्तुहरू उत्पादन गरिनेछ ।<br>५.२ उपयुक्त वन र सिमसार क्षेत्रहरूमा जैविक विविधता र जलाधार संरक्षणमा आधारित आन्तरिक पर्यटन प्रवर्धन गरिनेछ ।<br>५.३ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>५.४ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गरिनेछ। |

### ८.३.६ प्रमुख कार्यक्रमहरू

१. जैविक विविधता सङ्ग्रहालय स्थापना र सञ्चालन
२. जैविक विविधता संवेदनशील वन क्षेत्रमा अग्निरेखा निर्माण
३. एकीकृत रूपमा जैविक विविधता व्यवस्थापन कार्ययोजना निर्माण
४. रैथाने र सङ्कटापन्न वनस्पति तथा जीवजन्तु जनसहभागितामा संरक्षण कार्यक्रम
५. सङ्कटापन्न वनस्पति विस्तार गर्न छुट्टै नर्सरी स्थापना
६. सङ्कटापन्न वनस्पति वृक्षारोपण प्रोत्साहन कार्यक्रम
७. पर्यापर्यटन प्रवर्धन कार्यक्रम (सम्भावित पर्यटनस्थल पहिचान, आधारभूत वातावरणमैत्री पूर्वाधार निर्माण, अनुगमन)
८. लाभको बाँडफाँटका लागि कार्यविधि निर्माण
९. क्षमता विकास कार्यक्रम (स्थानीय तहका पदाधिकारीहरू, ताल व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू, जल उपभोक्ता समितिहरू, सिँचाइ समितिहरू)
१०. स्थानीय तहस्तरमा जैविक विविधता अभिलेखीकरण कार्यक्रम सञ्चालन
११. सिमसार क्षेत्रमा जैविक विविधता संरक्षणसम्बन्धी कार्यक्रम
१२. पालिका स्तरमा जैविक विविधतासम्बन्धी अभिलेख तयारी र संरक्षण कार्यक्रम
१३. लोप हुन लागेका रुख बिरुवा एवम् पशुपन्छीको संरक्षण कार्यक्रम
१४. औद्योगिक क्षेत्रबाट निस्कने प्रदूषण नियन्त्रण कार्यक्रम
१५. जैविक विविधता अभिलेखीकरण तथा संरक्षण कार्यक्रम
१६. खुला चरिचरन नियन्त्रण कार्यक्रम
१७. कृषिक्षेत्रमा जैविक विविधता संरक्षण तथा सदुपयोग कार्यक्रम
१८. घरपालुवा पशुपन्छीको नश्लसुधार कार्यक्रम

### ८.३.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संरक्षित रैथाने र सङ्कटापन्न वनस्पति (थप) | संख्या | - | ५ |
| २. | संरक्षित रैथाने र सङ्कटापन्न जीवजन्तु | प्रकार | ३२१ | ३३१ |
| ३. | निर्माण गरिएका अग्निरेखा (थप) | कि.मि. | - | ५ |
| ४. | जैविक विविधता अभिलेखन भएका गाउँपालिका तथा नगरपालिका (थप) | संख्या | - | १६ |
| ५. | पहिचान तथा संरक्षण गरिएका लोपुन्मुख प्रजाति (थप) | संख्या | - | ५ |

## ८.४ जलाधार क्षेत्र संरक्षण

### ८.४.१ पृष्ठभूमि

मधेश प्रदेशको पानीको मुख्य आधार चुरे पहाड हुँदै बहने नदी प्रणाली, भूमिगत रूपमा रहेको जलभण्डार, सीमसार क्षेत्र र पोखरीहरू हुन्। चुरे क्षेत्र पानी सञ्चय र सन्तुलन गर्ने महत्त्वपूर्ण जलभण्डार (Water Tower) हो। यस क्षेत्रमा जम्मा १३४ ओटा सीमसार क्षेत्र रहेका छन्। यस प्रदेश भएर बग्ने सप्तकोशी र बागमती नदी बाहेक बाँकी सबै नदीहरूको उद्गमस्थल चुरे पहाड रहेका छन्। चुरे क्षेत्रको अतिक्रमण, अनुचित दोहन तथा यस क्षेत्रमा अनेकौं भौतिक पूर्वाधारहरू बनाइएका कारण जलभण्डारका रूपमा रहेको चुरे क्षेत्र सङ्कटमा पर्दै छ। तराई क्षेत्रको भूमिगत जल सतह क्रमशः गहिरिँदै गएको छ। वर्षामा बाढी र हिउँदमा चरम सुख्खा भई कृषि उत्पादन र जनजीवनमा समेत प्रतिकूल असर परिरहेको छ।

देशकै अन्नभण्डारका रूपमा रहेको मधेश प्रदेशको कृषि उत्पादन चुरे क्षेत्रको संरक्षणमा निर्भर छ। चुरे क्षेत्रबाट अव्यवस्थित तरिकाले नदीजन्य पदार्थको उत्खनन, अव्यवस्थित बसोबास, वन फँडानी र जलाधार संरक्षणमैत्री विकास नगरी केवल पूर्वाधारमा मात्रै जोड दिँदा निकट भविष्यमै गम्भीर सङ्कट निम्तिन सक्ने देखिन्छ। पानीबिना जीवनको परिकल्पना गर्नै सकिँदैन। यस्तो महत्त्वपूर्ण स्रोतको संरक्षणमा सरकार मात्रै नभएर सरोकारवालाहरू सबै प्राथमिकताका साथ लाग्नुपर्ने आवश्यकता छ।

### ८.४.२ अवसर र सम्भावना

भूमि तथा जल नेपालका स्रोतहरूमध्येकै आधारभूत स्रोतहरू हुन्। यी स्रोतहरूको संरक्षण, व्यवस्थापन र सदुपयोगबाट नै मधेश प्रदेशको आर्थिक, सामाजिक र पर्यावरणीय विकास तथा समृद्धि सम्भव हुन सक्दछ। उक्त स्रोतहरूको संरक्षण, व्यवस्थापन र सदुपयोगलाई व्यवस्थित गर्न विभिन्न सङ्घीय र प्रादेशिक नीति, ऐन, नियम, योजना तथा कार्यक्रम सञ्चालनमा आए तापनि संरक्षण र विकासको लामो प्रयासका बावजुद एकीकृतरूपमा व्यवस्थापन गरी समृद्धिमा ठुलो योगदान पुर्‍याउन सकिएको छैन।

वातावरण र जलाधार संरक्षणमा सरकार तथा आमनागरिकको चिन्ता र चासो बढ्दै जानु, जलाधार संरक्षणका लागि नै **"राष्ट्रपति चुरे तराई मधेश संरक्षण"** कार्यक्रम सञ्चालन हुनु, जलवायु परिवर्तन र वातावरण संरक्षणका क्षेत्रमा विश्वव्यापी सहयोग बढ्दै जानु जस्ता कारणले जलाधार क्षेत्र संरक्षणमा सकारात्मक योगदान हुने अवस्था बनेको छ। यो क्षेत्र प्रत्यक्ष रूपले जनताको जीविकोपार्जनसँग जोडिएको हुँदा यसको दिगो व्यवस्थापनबाट आय र रोजगारी वृद्धि गराउन सकिन्छ। तराई क्षेत्रमा माछापालन व्यवसायको आकर्षण बढ्दै जाँदा पोखरी निर्माणले पनि गति लिइरहेको छ। यो जलाधार संरक्षणका लागि पनि निकै राम्रो काम हो ।

यस क्षेत्रमा उल्लेख्य मात्रामा प्राकृतिक तथा मानव निर्मित पुराना जलाशयहरूको संरक्षण, जलाधारको उचित व्यवस्थापन साथै वनजन्य वस्तुहरूको उत्पादन, प्रशोधन र बिक्रीबाट जलस्रोतलगायतका आधारभूत आवश्यकता परिपूर्ति गरी प्रदेशका ग्रामीण तथा सहरी क्षेत्रमा बसोबास गर्ने समुदायको जीविकोपार्जन सुधारका साथै पर्यावरणीय सन्तुलनमा योगदान हुनसक्ने सम्भावना रहेको छ। वन तथा जलाधारको व्यवस्थापनबाट प्रदेशमा कृषि, माछापालन, फलफूल उत्पादन, वन पैदावारमा आधारित उद्योगमा टेवा पुग्न सक्छ। यसबाट समग्र देशको अर्थतन्त्रमा योगदान पुग्न सक्ने अवसरहरू रहेका छन् ।

गाउँ गाउँमा ग्रामीण सड्क बनाउँदा हरित सड्क र भू-संरक्षणमैत्री सडकको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न उपयुक्त वातावरण प्रादेशिक र स्थानीय सरकारको समन्वयमा गर्न सकिने सम्भावना रहेको छ।

### ८.४.३ समस्या र चुनौती

जलाधार क्षेत्रमा वन विनाश, अनियन्त्रित र अव्यवस्थित तरिकाले नदीजन्य पदार्थको दोहन, अव्यवस्थित बसोबास, समन्वयको कमी, वन अतिक्रमण, बर्षेनी लाग्ने डढेलो तथा कतिपय पुराना पोखरी पुरेर सडक बनाउने चलन जस्ता समस्याहरू जलाधार क्षेत्र संरक्षणका तहमा देखिएका छन्। यसैगरी नदी प्रणालीमा विभिन्न स्थानीय तहहरू तथा समुदायले जथाभावी फोहोरमैला फ्याक्ने गर्दा नदीहरू प्रदूषित बन्दै गएका छन् । रासायनिक विषादी र रासायनिक मलको जथाभावी र अधिक प्रयोगले जमिन मुनिको पानी (Ground Water) पनि दूषित बनिरहेको छ ।यस विषयमा अहिलेसम्म गम्भीर अध्ययन हुन सकेको छैन।

राजनीतिक आडमा हुने वन अतिक्रमण रोक्नु, नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन र उपयोग गराउनु, नदी प्रणालीको स्वच्छता कायम गर्नु तथा जमिन मुनिको पानी दूषित हुन नदिनुका साथै वातावरणमैत्री तरिका अपनाएर मात्र पूर्वाधार निर्माण गर्नुजस्ता चुनौतीहरू यस क्षेत्रको संरक्षणमा रहेका छन् । यसका लागि सामुदायिक वन, स्थानीय सरकार तथा गैरसरकारी सङ्घसंस्थाहरूको साझा प्रयास आवश्यक छ।

### ८.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** संरक्षित र व्यवस्थित जलाधार, समुन्नतिको आधार

**लक्ष्यः** जलाधार सम्पदाको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।

**उद्देश्यः** भूमिगत जलस्रोत र सतहको स्रोतलाई दूषित हुनबाट बचाउनु।

### ८.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने। | १.१ जलाधार क्षेत्रमा काम गर्ने निकायको क्षमता विकास गरिनेछ।<br>१.२ जलाधार संरक्षणका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।<br>१.३ एकीकृत जलाधार नीति र हरेक नदी प्रणालीको योजना लागु गरिनेछ।<br>१.४ नदीजन्य पदार्थ सङ्कलन र उत्खनन् मापदण्ड तयार गरी लागु गरिनेछ।<br>१.५ व्यवस्थित र उचित मात्रामा मात्रै नदीजन्य पदार्थ सङ्कलन प्रशोधन तथा ओसारपोसार गरिनेछ।<br>१.६ जलाधार पुनर्भरणका लागि संरक्षण पोखरी, विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.७ चुरेदेखि भारतको सीमासम्म बग्ने नदीहरूको नियन्त्रण र तटबन्ध निर्माण गर्नुका साथै ती नदीहरूमा बाँधहरू समेत निर्माण गरिनेछ। |
| २. जलाधार संरक्षणमा लैङ्गिक समानता तथा समावेशीकरणलाई संस्थागत गर्दै लाभको न्यायोचित वितरण गर्ने। | २.१ जलाधार संरक्षणसम्बन्धी सहभागितामूलक प्रक्रियाबाट योजना बनाइनेछ।<br>२.२ तल्लो तटीय क्षेत्र लाभान्वितले माथिल्लो क्षेत्र संरक्षण गर्नेलाई वातावरणीय सेवा शुल्कसम्बन्धी वैज्ञानिक आधार, विधि, प्रक्रिया र उपयोगजस्ता विषय समेटी कार्यविधि निर्माण गरिनेछ।<br>२.३ प्राप्त लाभको सामाजिक पूर्वाधारका माध्यमबाट समन्यायिक वितरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सकारात्मक प्रतिस्पर्धालाई जलाधार संरक्षणमा प्रोत्साहित गर्ने। | ३.१ जलाधार संरक्षणमा सरोकारवालाहरूलाई जिम्मेवार बनाइनेछ।<br>३.२ जलाधार संरक्षण सम्बन्धमा सामुदायिक वनले पालना गर्ने सूचक तयार गरिनेछ।<br>३.३ सूचकका आधारमा पुरस्कृत गर्ने प्रणाली स्थापित गरिनेछ।<br>३.४ जलाधार संवेदनशील क्षेत्रका सामुदायिक वन र निजी वनको अनुगमन गरिनेछ। |

### ८.४.६ प्रमुख कार्यक्रमहरू

१. चुरे क्षेत्रमा चेकड्याम निर्माण
२. जलाधारसम्बन्धी नीति, योजना तथा कानुन निर्माण
३. ताल तथा सिमसार क्षेत्रको नापी तथा संरक्षण कार्यक्रम
४. बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी नदी किनार संरक्षण कार्यक्रम
५. चुरेफेदीमा हरेक खोलामा कम्तीमा ३० मिटर x २० मिटरका पाँचओटा जल पुनर्भरण पोखरी निर्माण
६. स्थानीय तह, जलाधार क्षेत्रका वन उपभोक्ता समिति तथा नागरिक अगुवाहरूका लागि क्षमता विकास कार्यक्रम
७. वन क्षेत्रमा आगलागी नियन्त्रणसम्बन्धी कार्यक्रम
८. प्लास्टिकजन्य पदार्थ उपयोगलाई निरुत्साहित गर्ने कार्यक्रम
९. समुदायमा आधारित वन संरक्षण, संवर्धन तथा व्यवस्थापन कार्यक्रम
१०. पानी मुहान संरक्षण
११. नदीकटान नियन्त्रण
१२. माटो र जल संरक्षण
१३. अनियन्त्रित चरिचरन नियन्त्रण
१४. सिमसार क्षेत्र व्यवस्थापन
१५. तल्लो तटीय क्षेत्रका नदी किनारा सुदृढीकरण र हरित पेटी निर्माण

### ८.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | संरक्षित जलाधार क्षेत्रको क्षेत्रफल (थप) | वर्ग कि.मि. | - | १५ |
| २. | चेक ड्याम (थप) | संख्या | - | ५० |
| ३. | निर्माण भएका पुनर्भरण पोखरी | संख्या | - | ७५ |
| ४. | संरक्षित ताल तथा सिमसार क्षेत्र (थप) | संख्या | - | २५ |
| ५. | बायोइन्जिनियरिङ प्रविधि प्रयोग गरी संरक्षण गरिएका नदी किनार (थप) | कि.मि. | - | ३७ |

## ८.५ जलवायु परिवर्तन

### ८.५.१ पृष्ठभूमि

विश्वव्यापी रूपमा देखापरेको एक गम्भीर समस्या हो जलवायु परिवर्तन । हरितगृह ग्यास उत्सर्जनमा नेपालको खास उल्लेख्य योगदान नभए पनि सरदर प्रतिवर्ष ०.०५६ डिग्री सेल्सियसका दरले नेपालको पनि तापक्रम बढिरहेको छ। भौगर्भिक र भौगोलिक रूपमा संवेदनशील भू-बनोटका कारण जलवायु परिवर्तनको असर नेपालमा बढी परिरहेको छ । परम्परागत कृषि पेसामा आश्रित मधेश प्रदेशका गरिब परिवार जलवायु परिवर्तनको नकारात्मक असरबाट अझ बढी प्रभावित भएका छन् ।

जलवायु परिवर्तनले कृषि उत्पादन, जलस्रोत, जैविक विविधता, मानव स्वास्थ्य, ऊर्जा, सिँचाइ, बसोबास तथा पूर्वाधार क्षेत्रमा प्रतिकूल प्रभाव पार्न थालिसकेको छ । बाढी पहिरो, वन डढेलो, सुख्खा खडेरी, पानीको स्रोतको अन्त्य जस्ता घटनाक्रममा तीव्रता आएकाले ठुलो जनधनको क्षति भइरहेको छ। जीविकोपार्जनका लागि बसाइँसराइ गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ सालमा जारी भइसकेको छ। राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय अनुकूलन योजनाहरू बनिरहेका छन् । नवीकरणीय ऊर्जाका कार्यक्रमहरू, न्यून कार्बन उत्सर्जन हुने वातावरणमैत्री विकास कार्यक्रमहरू सञ्चालन प्रारम्भ गरिएका छन् भने कार्बन सञ्चितिका लागि वन क्षेत्रका विशेष कार्यक्रमहरू पनि सञ्चालनमा छन् ।

### ८.५.२ अवसर र सम्भावना

अनुकूलनका कार्यहरू गर्न द्विपक्षीय तथा बहुपक्षीय सहयोग प्राप्त गर्न सकिने अवस्था, कार्बन व्यापार, वातावरणमैत्री विकास तथा कार्बन पदचाप प्रतिस्थापनका लागि वातावरण सेवाको भुक्तानी प्रणालीको स्थापना गर्नसक्ने अवस्था रहनुजस्ता अवसरको प्रदेशले समेत उपभोग गर्नसक्ने हुँदा सङ्घीय सरकारसँगको समन्वयमा जलवायुमैत्री विकास कार्यक्रम गर्दै प्रदेशको विकास गर्न सकिने अवसर छ । वातावरणीय र सामाजिक सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै वनमा आश्रित आदिवासी, महिला, मधेशी, विपन्न व्यक्तिहरू, जनजाति, स्थानीय समुदाय र अन्य अधिकारवालाहरूबिच कार्बन तथा गैरकार्बन लाभको समन्यायिक बाँडफाँट सुनिश्चित गर्न तथा वन स्रोतमाथिको अधिकार अभिवृद्धि गर्न सकिने अवस्था रहेको छ ।

जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनको अवधारणामा आधारित भई सबै पारस्थितिकीय क्षेत्रहरूमा दिगो वन व्यवस्थापनलाई उन्नत बनाउने र वन विकास एवम् क्षयीकरणका कारण र प्रभावहरू न्यूनीकरण गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिती अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ।

वातावरणीय र सामाजिक सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै वनमा आश्रित आदिवासी, महिला, मधेशी, दलित, विपन्न वर्ग, जनजाति, स्थानीय समुदाय र अन्य अधिकारवालाहरूबिच कार्बन तथा गैरकार्वन लाभको समन्यायिक बाँडफाँट सुनिश्चित गर्न तथा वन स्रोतमाथिको अधिकार अभिबृद्धि गर्न सकिने अवस्था रहेको छ ।

### ८.५.३ समस्या र चुनौती

जलवायु परिवर्तनमा नेपालको भूमिका नगन्य भए पनि जलवायु परिवर्तनबाट अत्यधिक प्रभावित र जोखिमपूर्ण राष्ट्रको सूचीमा रहनु, यो बहुपक्षीय विषय भएको तर निकायगत समन्वय कमजोर हुनु, बुझाइमा विविधता, आधारभूत तथ्याङ्कको कमी, जलवायुजन्य प्रकोपबाट हुने क्षति अध्ययन अनुसन्धानको कमी आदि समस्याहरू रहेका छन् ।

जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै योजना, कार्यक्रम र बजेटबिच तालमेल मिलाउन आवश्यक छ। समस्या सम्बोधनका लागि संस्थागत क्षमता विकास, वित्तीय स्रोतको व्यवस्था तथा प्रविधिको उपयोग गर्ने जस्ता विषय मूलरूपमा चुनौतीपूर्ण छन् ।

जलवायु परिवर्तनको जोखिम व्यवस्थापनबाट सङ्कटापन्नता घटाई अनुकूलन क्षमता बढाउनु, उत्थानशील समुदाय निर्माण गर्नु, जलवायु वित्तमा पहुँच पुर्‍याई कार्यक्रम सञ्चालन गर्नु, अन्तरनिकाय तथा अन्तर तह समन्वय गर्नु, स्थानीय तह विशेष मुद्दा पहिचान गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

### ८.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** जलवायु उत्थानशील प्रदेश

**लक्ष्यः** अनुकूलन क्षमताको वृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट उत्थानशील समाज निर्माणमा योगदान गर्ने।

**उद्देश्यः**

१. अनुकूल प्रभावको पहिचान गरी उपयोग गर्नु।
२. जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्नु।
३. अनुकूलन क्षमता बढाउनु।

### ८.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयन गर्ने। | १.१ स्थानीय तहको समन्वयमा समुदायको अगुवाइमा पहिचान गरिएको जलवायु अनुकूलन क्रियाकलाप कार्यान्वयन गरिनेछ।<br>१.२ सरकारी, गैरसरकारी तथा आम नागरिकको लगानी प्रोत्साहित गरिनेछ।<br>१.३ जलवायु अनुकूलनका समुदाय, स्थानीय तह र प्रदेशस्तरका मापनयोग्य सूचक बनाई लागु गरिनेछ।<br>१.४ विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन विशेष कोष सञ्चालन कार्यविधि निर्माण गरिनेछ।<br>१.५ प्रदेश स्तरमा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी योजनालाई सम्बन्धित क्षेत्रका योजनामा एकीकृत गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.६ **"मधेश प्रदेश इको भिजन, २०३०"** को प्रभावकारी रूपमा कार्यान्वयनमा जोड दिइनेछ। |
| २. हरित विकासको अवधारणालाई क्रमशः कार्यान्वयन गर्ने। | २.१ हरितगृह ग्यास उत्सर्जनको आधारतह पहिचान गरी न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ।<br>२.२ स्वच्छ ऊर्जा उत्पादन तथा उपयोग प्रवर्धन गरिनेछ ।<br>२.३ हरेक जिल्लामा सडक किनार हरियाली प्रवर्धन नमूना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ विद्युतीय सवारी साधनलाई प्रवर्धन गरिनेछ । |
| | २.५ वन डढेलो नियन्त्रणका लागि अग्निरेखा निर्माण, वन समूह, विद्यार्थी, स्थानीय तहका पदाधिकारी, मास मिडियामार्फत सचेतना कार्यक्रम सञ्चालन तथा आगो निभाउन प्रयोग गरिने उपकरण, औजार, कपडा लगायतको व्यवस्थापन गरिनेछ।<br>२.६ हरित प्रविधिको प्रयोग गरी जलवायु परिवर्तनका नकारात्मक प्रभावको न्यूनीकरण गरिनेछ। |
| ३. समन्वय र सहकार्यमा जोड दिने। | ३.१ जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरूबिच एक आपसमा, तहगत सरकार बिचमा तथा अन्य कार्यक्रमहरूसँग समेत समन्वय गर्न नीतिगत प्रबन्ध गरिने र यस्ता कार्यक्रम कार्यान्वयनमा सहकार्यलाई प्राथमिकता दिइनेछ।<br>३.२ रैथाने तथा लोपोन्मुख बाली र बिउ संरक्षण तथा भण्डारणको व्यवस्था गरिनेछ।<br>३.३ जलवायु परिवर्तन विपद् व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता संरक्षण, वन व्यवस्थापन र जलाधार संरक्षणसम्बन्धी एकीकृत निर्देशिका बनाई प्रदेशस्तरीय समन्वय समिति गठन गरिनेछ।<br>३.४ हरित ग्यास उत्सर्जनको आधारतह निर्धारण गरी हरित ग्यास न्यूनीकरणमा सरोकारवालाहरूसँग समन्वय तथा सहजीकरण गरिनेछ। |
| ४. जलवायु परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने । | ४.१ भूस्खलन नियन्त्रणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४.२ विभिन्न किसिमका प्रदूषणहरूको न्यूनीकरण गरिनेछ।<br>४.३ मधेश प्रदेशमा रहेका हुलाकी सडकका दायाँबायाँ किनारमा वृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ।<br>४.४ नगर र नगरवरिपरि रहेका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ।<br>४.५ अनुकूलन अवधारणामा आधारित भई स्थानीय तहहरूको अनुकूलन योजना तयार गरिनेछ। |

### ८.५.६ प्रमुख कार्यक्रमहरू

१. सडक किनार हरियाली प्रवर्धन नमुना कार्यक्रम
२. परम्परागत पोखरीको संरक्षण कार्यक्रम
३. कम्तीमा एक वडा एक पोखरी निर्माण कार्यक्रम

४. वन डढेलो नियन्त्रण कार्यक्रम
५. स्वच्छ ऊर्जा तथा नवीकरणीय ऊर्जाको उपयोग
६. जलवायु अनुकूलन विशेष कोष स्थापना
७. स्थानीय तह जलवायु परिवर्तन अनुकूलन सहयोग तथा सहजीकरण कार्यक्रम
८. रैथाने तथा लोपोन्मुख बाली र बिउ संरक्षण कार्यक्रम
९. हरित ग्यास उत्सर्जन न्यूनीकरण समन्वय तथा सहजीकरण
१०. जलवायु परिवर्तनको अनुकूलनसम्बन्धी जनचेतना कार्यक्रम
११. निजी वन र सार्वजनिक कृषि वनहरूको विकास

### ८.५.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | सडक किनारमा हरियाली प्रवर्धन | कि.मि. | ५० | १०० |
| २. | प्रवर्धन गरिएका रैथाने बाली | संख्या | - | १० |
| ३. | जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागु भएका स्थानीय तह | संख्या | - | ४० |
| ४. | संरक्षित सार्वजनिक पोखरी | प्रतिशत | - | ९० |

## ८.६ चुरे क्षेत्र संरक्षण

### ८.६.१ पृष्ठभूमि

चुरेलाई हिमालय पर्वत उत्पत्तिका क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाडका रूपमा चिनिन्छ । अधिकांश ठाउँमा तराईको भू-भाग सकिएर माथि उठेको भू-भाग तथा महाभारत क्षेत्रको भू-भागबाट ओर्लिंदा भेटिने अन्तिम पहाडका रूपमा चुरे पहाड रहेको छ। हिमालयको उत्पत्तिका क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे शृङ्खला हो। चुरे क्षेत्रभित्र चुरे पहाडका साथै चुरे पहाडभित्र नदीले बनाएका केही खोँचहरू र दुनउपत्यका (भित्री मधेश) पर्दछन्। चुरे क्षेत्रमा मुख्यतया बलौटे ढुङ्गा (Sand Stone), माटे ढुङ्गा (Mud Stone) र संगुटिका (Conglomerate) पाइन्छन् र यी चट्टानहरू पुरै खँदिलो भइनसकेका हुनाले छिट्टै क्षयीकरण हुने अवस्थामा छन्।

नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको सुरुवात गरेको भए तापनि नेपालको पूर्वमा इलामदेखि पश्चिममा कञ्चनपुरसम्मका ३७ जिल्लाहरूको झन्डै ८०० कि.मि. क्षेत्रमा फैलिएको र देशको कुल भू-भागको १२.७८ प्रतिशत चुरे क्षेत्रमा पर्दछ। चुरे संरक्षण कार्यक्रमलाई अझ सशक्त बनाउन वि.सं.२०७१ असार २ गते चुरे तराई मधेश संरक्षण विकास समिति गठन गरी २०७४ जेष्ठ २४ गते नेपाल सरकारले गुरुयोजना स्वीकृत गरी सोही बमोजिम कार्यक्रमहरू कार्यान्वयन हुँदै आएको छ। गुरुयोजनाको मुख्य उद्देश्य भौगर्भिक भौगोलिक अवस्था र परिस्थितिकीय प्रणाली अनुकूल चुरे पहाड (खोँचसहित) र भावर क्षेत्रका प्राकृतिक स्रोतहरू (भूमि, पानी, वनस्पति र जैविक विविधता) को दिगो व्यवस्थापन सुनिश्चित गरी त्यहाँ बसोबास गर्ने व्यक्ति तथा समुदायको जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरण गर्ने र चुरे पहाड, दुन र तराई मधेशमा जल उत्पन्न प्रकोपबाट हुनसक्ने क्षति न्यूनीकरणका साथै वातावरणीय सेवा प्रवाहको निरन्तरता दिने रहेको छ। मधेश प्रदेशमा चुरे उत्थानशील आयोजना कार्यान्वयन भएको छ। सो आयोजनालाई प्रभावकारी रूपमा सञ्चालन गर्न मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिवको संयोजकत्वमा आयोजना समन्वय समिति गठन भएको छ।

### ८.६.२ अवसर र सम्भावना

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनमा रहनु, मधेश प्रदेशमा चुरे उत्थानशील आयोजना कार्यान्वयन हुनु, मधेश प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिवको संयोजकत्वमा आयोजना समन्वय समिति गठन भई क्रियाशील रहनु, मधेश प्रदेशको प्रदेश वन ऐन, २०७७ ले चुरे क्षेत्रको संरक्षणमा जोड दिनु वन ऐनले चुरे क्षेत्रलाई समुन्द्री सतहको १२० मिटरदेखि १९७२ मिटरसम्मको उचाइमा पूर्व पश्चिम फैलिएको होचो सिवालिक पर्वत शृङ्खलाको रूपमा परिभाषित गर्नु आदि चुरे क्षेत्रको संरक्षणका अवसरहरू हुन्। सङ्घीय र प्रदेश सरकारहरूले चुरे क्षेत्रको संरक्षणलाई प्राथमिकतामा राखेका कारण यसको संरक्षणका लागि पर्याप्त साधनस्रोत उपलब्ध हुन सक्ने सम्भावना रहेको छ।

### ८.६.३ समस्या तथा चुनौती

चुरे पहाड अन्तर्गतको भावर क्षेत्रबाट पानीको पुनर्भरण भई तराईको उर्वराभूमिका लागि सिँचाइ तथा खानेपानीको स्रोत चुरे क्षेत्र रहेको छ। कमलो भौगर्भिक बनावट र जलवायु परिवर्तनका कारण चुरे संरक्षणमा समस्या सिर्जना भएको छ । अव्यवस्थित बसोबास, वन पैदावारको अव्यवस्थित दोहन, अनुपयुक्त खेती प्रणाली, खुला चरिचरन, नदीजन्य पदार्थको अव्यवस्थित उत्खनन, वन डढेलो, मिचाहा प्रजातिको अतिक्रमण, दिगो विकासका सिद्धान्तविपरीत भौतिक पूर्वाधार निर्माण आदि कारणले चुरे क्षेत्रको भौगोलिक, सामाजिक-आर्थिक अवस्थामा मात्रै चुनौती सिर्जना मात्र गरेको नभइ यसको प्रभाव समग्र तराई मधेश मरुभूमिकरण, डुबान र कटानमा समेत पर्नसक्ने खतरासमेत रहेको छ ।

चुरे क्षेत्र भौगर्भिक जैविक जलचक्र तथा पारिस्थितिकीय दृष्टिकोणले विशिष्ट भएको तथा राजमार्गको निर्माणसँगै मानव बस्तीको विस्तार भई यस क्षेत्रको प्राकृतिक स्रोतको नवीकरणीय क्षमताभन्दा बढी दोहन हुन पुगेको अवस्था र उपल्लो र तल्लो तटको अन्तरसम्बन्धलाई पर्याप्त ढङ्गले सम्बोधन गर्न नसक्दा समस्या जटिल बन्दै गएको छ। तराईमा पानीको समस्या चुरे विनाशले गर्दा जटिल बन्दै गएको छ।

चुरे क्षेत्रको वनलाई चुरे तथा मधेशको जलधार तथा पर्यावरणीय सन्तुलनका हिसाबले वन पैदावारको उत्पादन र उपयोगमा भन्दा संरक्षणमा प्राथमिकता दिनुपर्ने हुन्छ। तराई मधेश क्षेत्रमा वनको उत्पादकत्व राम्रो छ तापनि उत्पादनमूलक वनको क्षेत्रफल कम छ । प्रदेशमा कम वन क्षेत्र तथा अत्यधिक जनसंख्याको चापका कारण वन पैदावारको सहज आपूर्तिमा अति कठिनाइ भएको छ। अव्यवस्थित बसाइँसराइ तथा अन्य भूउपयोगका लागि वन क्षेत्रको अतिक्रमण, बाढी, आगलागी, सुख्खा र अत्यधिक चरिचरनले गर्दा प्रदेशको वन संरक्षण तथा व्यवस्थापनमा चुनौतीहरू रहेका छन् ।

### ८.६.४ सोच, लक्ष्य र उद्धेश्य

**सोचः** संरक्षित चुरे सुरक्षित मधेश

**लक्ष्यः** चुरे क्षेत्रको संरक्षण तथा पानी भण्डारण गर्ने।

**उद्देश्यः**

१. चुरे क्षेत्रमा भएको भूमि, वनस्पति र जैविक विविधताको संरक्षण गर्नु ।
२. चुरेबाट हुनसक्ने क्षति न्यूनीकरण र वातावरण संरक्षण गर्नु।

### ८.६.५ रणनीति र कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. चुरे क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन गर्ने। | १.१ चुरे क्षेत्रमा रहेका सम्पूर्ण भू-भागलाई समेटी प्रदेशस्तरीय भू-उपयोग योजना तयार गरिनेछ।<br>१.२ चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गरी वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन लागु गरिनेछ ।<br>१.३ चुरे क्षेत्र संरक्षण र दिगो व्यवस्थापनका लागि प्रदेश चुरे तराई मधेश संरक्षण समिति प्रभावकारी रूपमा परिचालन गरिनेछ ।<br>१.४ "चुरे जोगाऊ मधेश बचाऊ" अभियानलाई मूर्तरूप दिन "भू तथा जलाधार संरक्षण ऐन" निर्माण गरी कार्यान्वयन गरिनेछ। |
| २. चुरेबाट हुनसक्ने क्षति न्यूनीकरण र वातावरण संरक्षण गर्ने। | २.१ माथिल्लो र तल्लो तटीय अन्तरसम्बन्धमा आधारित नदी प्रणालीको अवधारणा अनुसारबा आयोजनाहरू तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>२.२ नदी कटान तथा डुबानबाट हुने क्षति न्यूनीकरण गर्न विशेष कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>२.३ चुरे क्षेत्रका नदी खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानुन कडाइका साथ लागु गरिनेछ। |

### ८.६.६ मुख्य कार्यक्रमहरू

१. प्राकृतिक स्रोत क्षय/ह्रास न्यूनीकरण
२. वातावरण स्थिरीकरण र उत्पादकत्व वृद्धि
३. जलवायु परिवर्तन तथा जल उत्पादन प्रकोप जोखिम प्रभाव न्यूनीकरण
४. एकीकृत नदी प्रणाली स्रोत व्यवस्थापान पूर्वाधार
५. उपल्लो जलाधार क्षेत्रका भू-स्खलनग्रस्त क्षेत्र स्थिरीकरण
६. नदी कटान तथा डुबानबाट हुने क्षति न्यूनीकरण
७. वन क्षेत्रबाहिर वन विकास
८. नाङ्गा चुरे डाडाहरूमा बिउ छर्ने तथा वृक्षारोपण कार्यक्रम
९. नदी उकास क्षेत्रमा फलफूल तथा बाँसरोपण कार्यक्रम
१०. गल्छी तथा पैरो नियन्त्रण कार्यक्रम
११. खोला किनार सदृढीकरण कार्यक्रम
१२. चुरे व्यवस्थापन योजना निर्माण
१३. पुनर्भरण पोखरी निर्माण
१४. जलवायु उत्थानशील क्षमता अभिवृद्धि
१५. चुरे क्षेत्रको वन अतिक्रमण नियन्त्रण
१६. क्षतिग्रस्त सार्वजनिक भूमि पुनरुत्थान
१७. वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन वा नियन्त्रण
१८. व्यावसायिक पशुपालन
१९. भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार
२०. जैविक विविधता संरक्षण
२१. सिमसार क्षेत्र संरक्षण र व्यवस्थापन
२२. वर्षाको पानी सङ्कलन तथा भण्डारण, भूमिगत जल पुनर्भरण र सतहमुनीको पानी उपयोग
२३. वातावरणमैत्री भौतिक पूर्वाधार प्रोत्साहन
२४. मिचाहा वनस्पति प्रजाति नियन्त्रण
२५. नदीजन्य पदार्थ उपयोग/व्यवस्थापन
२६. संवेदनशील क्षेत्रमा रहेको बस्ती व्यवस्थापन
२७. वन डढेलो नियन्त्रण
२८. नदी किनारा हरित पेटी विकास
२९. एकीकृत नदी प्रणाली स्रोत विकास कार्ययोजना
३०. भूक्षयग्रस्त क्षेत्रको उपचार
३१. गुणस्तरीय बिरुवा उत्पादन
३२. निजी तथा सार्वजनिक कृषि वन विकास
३३. गोबरग्यास प्लान्ट विस्तार
३४. सौर्य ऊर्जा विस्तार
३५. लघु जलविद्युत् विकास तथा उपयोग
३६. पर्यापर्यटन, प्रवर्धन र विकास
३७. वैज्ञानिक र कार्यमूलक अनुसन्धान तथा प्रविधि विकास
३८. चुरेसम्बन्धी ऐन, नियम, नीति, कार्यनीति, मार्गदर्शन, निर्देशिका निर्माण

### ८.६.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | नदी प्रणालीको संरक्षण र व्यवस्थापन (थप) | सङ्ख्या | - | १६ |
| २. | चुरे क्षेत्रमा निर्माण गरिएका पुनर्भरण पोखरी निर्माण (थप) | सङ्ख्या | - | १०० |
| ३. | चुरे क्षेत्रमा वृक्षारोपण गरिएको क्षेत्रफल (थप) | हेक्टर | - | ५०० |

# परिच्छेद नौ : अन्तर सम्बन्धित

## ९.१ शान्ति सुव्यवस्था र सुरक्षा

### ९.१.१ पृष्ठभूमि

आमनागरिकलाई सुरक्षाको अनुभूति हुनेगरी प्रदेशमा शान्ति सुव्यवस्था र सुरक्षा प्रदान गर्न, जनताको जिउधन र स्वतन्त्रताको रक्षा गर्न, आपराधिक घटनाको रोकथाम, नियन्त्रण तथा अनुसन्धान गरी शान्ति सुव्यवस्था कायम गर्न, मानव अधिकारको संरक्षण तथा प्रवर्धन गर्न, प्रदेशका उद्योग, व्यवसायलाई भरपर्दो सुरक्षा प्रदान गरी आर्थिक गतिविधि सञ्चालनका लागि उपयुक्त वातावरण निर्माण गर्न तथा सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न प्रदेशको शान्ति सुरक्षासम्बन्धी निकायको महत्त्वपूर्ण भूमिका हुन्छ।

संविधानमा प्रदेशको एकल अधिकारअन्तर्गत प्रदेश प्रहरी र शान्ति सुरक्षा, प्रदेश अनुसन्धान ब्युरो जस्ता विषय समेटिएको छ। साथै सङ्घ र प्रदेशको साझा अधिकारमा फौजदारी र देवानी कार्यविधि, देशको शान्ति सुरक्षासम्बन्धी विषयमा निवारक नजरबन्द, कारागार, हिरासत व्यवस्थापन, एक प्रदेशबाट अर्को प्रदेशमा कैदी तथा थुनुवा स्थानान्तरण लगायतका विषय समाविष्ट छन्। मधेश प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानुन र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घीय इकाइसँगको समन्वय र सहकार्य गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु तथा सुशासन कायम गरी शान्ति सुरक्षाको प्रत्याभूति गराउन आवश्यक समन्वय र सहजीकरण हुँदै आएको छ।

नेपालको संविधान तथा सङ्घीय कानुनमा नबाझिने गरी एकल तथा साझा सूचीमा रहेका अधिकार क्षेत्रहरू शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानुन निर्माण तथा सञ्चार व्यवस्थापनसम्बन्धी कार्यहरू गर्दै आइरहेकोमा सञ्चार क्षेत्रको व्यवस्थापनका लागि आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र विकास बोर्ड साथै सहिद परिवारहरूका लागि मधेशी सहिद प्रतिष्ठानको स्थापना भई कार्य सञ्चालन भइरहेको छ।

प्रहरी समायोजनको कार्य नसकिएको भए तापनि शान्ति सुरक्षा कायम गर्ने कार्यमा प्रहरी तथा सङ्घीय सुरक्षा निकायका एकाइहरूसँग समन्वय र सहकार्य गरी कार्य भइरहेको छ। साथै प्रहरी समायोजनका लागि आवश्यक पर्ने मधेश प्रदेश प्रहरी ऐन तर्जुमा भइसकेको छ। प्रहरीको कार्यसम्पादनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, सवारी साधन तथा अन्य उपकरणहरू सहयोग हुँदै आएको छ। प्रदेश सरकारबाट शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राख्न सुरक्षा निकायका २६० ओटा भवन निर्माण, मिनि बस १, ट्रक ५, पिकअप २४, मोटरसाइकल ९०, दमकल ९ ओटा प्रदान भएको छ। साथै ट्राफिक प्रहरी कार्यालयको पूर्वाधार विकास, सामग्री तथा सिसी क्यामरा जडान लगायतका कार्य भएको छ। कारागारमा मर्मतसम्भार तथा फर्निचर र पुस्तक हस्तान्तरण लगायतका कार्यसमेत हुँदै आएको छ। लागु औषध दुर्व्यसनी नियन्त्रण अभियान, ट्राफिक जनचेतामूलक कार्यक्रम, विपद् व्यवस्थापन गर्ने कार्य पनि हुँदै आएको छ।

प्रदेशमा सवारी दुर्घटनाका कारणले हरेक वर्ष ठुलो संख्यामा मानवीय मृत्यु, अङ्गभङ्ग तथा घाइते हुनेगरेको छ। आर्थिक वर्ष २०७९/८० मा यहाँ कुल ५९८८ सवारी दुर्घटना हुँदा ५४६ जनाको ज्यान गएको थियो भने ठुलो परिमाणमा घाइते भएका थिए (नयाँ पत्रिका, २०८०/११/२०)। यस अवधिमा सबैभन्दा बढी सडक दुर्घटनाबाट मानवीय क्षति धनुषामा र क्रमशः सर्लाही, सप्तरी, सिराहा, महोत्तरी, रौतहट, पर्सा र बारामा भएको छ।

### ९.१.२ अवसर र सम्भावना

संविधानमा प्रदेश प्रहरीसम्बन्धी व्यवस्था एकल अधिकारअन्तर्गत हुनु, शान्ति सुरक्षासम्बन्धी विषय साझा अधिकारमा हुनु, सङ्घीय संसदबाट प्रहरी समायोजन र परिचालनसम्बन्धी कानुनका रूपमा प्रहरी समायोजन ऐन २०७६ जारी हुनु, नेपाल सरकारले प्रहरी समायोजन प्राथमिकतामा रहेको सार्वजनिक गर्नु, आदि अवसरका रूपमा रहेका छन् ।

प्रदेश तहमा संविधानको प्रावधानबमोजिम प्रदेश प्रहरी ऐन २०७५ जारी भई प्रहरी परिचालनसम्बन्धी कानुनको व्यवस्था हुनु, प्रदेश अनुसन्धान ब्युरो ऐन २०७७ तर्जुमा हुनु, प्रदेश सरकारमार्फत सङ्घीय संरचनाअन्तर्गत हुँदादेखि नै प्रहरी सङ्गठनलाई सुदृढीकरण गर्न आवश्यक भवन निर्माण तथा सुधार र यातायातका साधन व्यवस्थापनका कार्यको थालनी हुनु पनि अवसरका रूपमा रहेका छन् ।

### ९.१.३ समस्या र चुनौती

संविधानमा तोकिएको जिम्मेवारी कार्यान्वयन गर्ने संरचना/निकाय (प्रदेश प्रहरी) प्रदेश सरकारअन्तर्गत नहुनु प्रमुख समस्या हो। साथै समाजमा अपराधविरुद्ध पर्याप्त मात्रामा सामाजिक जागरण नहुनु, अपराध न्यूनीकरणका लागि स्थानीय सरकारसँग प्रहरी संयन्त्रको प्रभावकारी समन्वय नहुनु आदि समस्या रहेका छन्। त्यसैगरी गृह मन्त्रालयमा दरबन्दी अनुसारको पदपूर्ति नहुनु, प्रदेश प्रहरी ऐन, २०७५ कार्यान्वयनमा नआउनु, प्रहरी समायोजन नहुनु, प्रदेश प्रहरी ब्युरो गठन नहुनु, अपराधविरुद्धको जनचेतना अभियान प्रभावकारी हुन नसक्नु पनि यस प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्थामा देखिएका समस्याहरू हुन् ।

अपराध अनुसन्धानमा नयाँ प्रविधिको प्रयोग तथा प्रहरी कर्मचारीको क्षमता विकास गर्नु, प्रहरी सङ्गठनको भौतिक संरचना तथा आवश्यक उपकरण सुदृढ गर्नु, प्रदेश प्रहरी र सङ्घीय प्रहरीबिच तथा प्रदेशमा रहेका अन्य सुरक्षा निकायहरूसँग बलियो समन्वय, अन्तरसम्बन्ध र सहकार्य गरी प्रदेशमा शान्ति, सुरक्षा थप सुदृढ गर्नु, प्रादेशिक प्रहरी संरचना र स्थानीय प्रशासनबिच प्रभावकारी समन्वयसम्बन्धी कानुनलाई स्पष्ट गर्नु, सङ्घीय र प्रदेश प्रहरीको सेवा सुविधा र अवसरमा समानता कायम गर्नु, प्रदेश प्रहरीमा समायोजन हुन आकर्षित गर्नु, सीमा क्षेत्रमा अवैध ओसारपसारलगायत अन्य आपराधिक घटना रोक्नु, प्रदेश प्रहरीको क्षमता, व्यावसायिकता र वृत्ति विकासको अवसर र उच्च मनोबल निरन्तर कायम राख्नु, प्रदेश नयाँ संरचना भएकाले शान्ति सुरक्षा तथा कानुन कार्यान्वयनमा दक्षता एवम् निष्पक्षता प्रदर्शन गर्दै आमजनताको विश्वास आर्जन गर्नु, छिमेकी देशसँगको खुला सीमानासँग प्रदेशका सबै जिल्ला जोडिएकाले सीमापार अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्न सङ्घीय सुरक्षा निकायहरूसँग प्रभावकारी समन्वय गरी अपेक्षित नतिजा हासिल गर्नु आदि चुनौतीहरू रहेका छन् ।

### ९.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** समृद्ध प्रदेश : शान्ति सुरक्षा, सुशासन र सामाजिक न्याय

**लक्ष्यः** प्रदेशमा शान्ति सुरक्षाको प्रत्याभूति गर्ने।

**उद्देश्यः**

१. नागरिकको जनधनको सुरक्षा गर्नु।
२. अपराध नियन्त्रण गर्दै न्यायपूर्ण व्यवस्था कायम गर्नु।

### ९.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश प्रहरीको संस्थागत क्षमता सुदृढीकरण गर्ने। | १.१ शान्ति सुरक्षा कायम गर्न प्रदेश प्रहरीलाई आवश्यक पर्ने पूर्वाधारको विकास एवम् व्यवस्थापन गरिनेछ।<br>१.२ प्रदेश प्रहरीको सङ्गठनात्मक क्षमता विकास गरिनेछ।<br>१.३ कारागार व्यवस्थापनलाई समसामयिक सुधार गर्नुका साथै कैदी, बन्दीलाई सिप विकास, आयआर्जन र सामाजिक पुनःस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ सङ्घीयताको मर्म अनुसार प्रहरी संरचनालाई प्रदेश मार्फत ल्याउन सङ्घीय सरकारसँग समन्वय तथा पहल गरिनेछ।<br>१.५ प्रहरीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ। |
| २. शान्ति सुव्यवस्था कायम गर्नका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने। | २.१ प्रदेशमा शान्ति सुव्यवस्था कायम गर्न स्थानीय प्रशासन तथा प्रदेशमा रहेका अन्य सुरक्षा संयन्त्रसँग समन्वय गरिनेछ ।<br>२.२ प्रदेशमा शान्ति सुरक्षा मजबुत बनाउन सङ्घीय प्रहरीसँग सूचना आदानप्रदान, प्रभावकारी समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध कायम गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ प्रदेशको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.४ फौजदारी तथा देवानी घटनालाई न्यूनीकरण गर्न न्यायिक निकाय तथा स्थानीय न्यायिक समितिसँग समन्वय र सहकार्य गरिनेछ। |
| ३. अपराधका घटना रोकथाम, नियन्त्रण तथा अनुसन्धान गर्ने। | ३.१ प्रदेशलाई शान्तिसुरक्षा संवेदनशीलता तथा आपराधिक घटना घट्ने सम्भावनाका आधारमा नक्साङ्कन गरी सो नियन्त्रणसम्बन्धी क्षमता विकास गर्ने र सतर्कता अपनाउने जस्ता आन्तरिक पूर्वतयारीका कार्य गरिनेछ।<br>३.२ प्रदेशमा घट्न सक्ने आपराधिक घटनाको प्रभावकारी अनुसन्धान गरी घटना हुन नदिन सतर्कता अपनाइनेछ।<br>३.३ अपराध अनुसन्धानमा दक्षता, विशेषज्ञता र निष्पक्षता कायम गर्न विशेष जोड दिइनेछ।<br>३.४ प्रदेशमा आधुनिक प्रविधिसहितको विधिविज्ञान प्रयोगशाला स्थापना गरी अपराध अनुसन्धान क्षमता विकास गरिनेछ ।<br>३.५ खुला सीमा क्षेत्रमा हुने अपराधसम्बन्धी सूचना सङ्कलन तथा शान्ति सुव्यवस्था कायम गर्न तथा अपराध र हत्या, हिंसाका घटना नियन्त्रण गर्न आवश्यक पूर्वतयारी गरिनेछ।<br>३.६ प्रदेश ट्राफिक प्रहरीलाई सडक दुर्घटना सुरक्षाका लागि प्रभावकारी रूपमा परिचालन गरी दुर्घटना न्यूनीकरण गरिनेछ। |
| ४. सामाजिक जागरण अभियान सञ्चालन गर्ने। | ४.१ प्रदेशमा सामाजिक सद्भाव तथा शान्ति सुरक्षा कायम गर्न सामाजिक सचेतना तथा जागरण अभियान सञ्चालन गरिनेछ।<br>४.२ प्रदेशमा सामाजिक सद्भाव खलल पार्ने क्रियाकलापलाई नियन्त्रण गरिनेछ।<br>४.३ सुरक्षा निकाय र समुदायको सहकार्यमा सामाजिक विकृति र विसङ्गतिलाई नियन्त्रण गरिनेछ।<br>४.४ घरेलु, लैङ्गिक, जातीय वा सामुदायिक लगायतका हिंसा नियन्त्रणका लागि आवश्यक प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक उपाय अवलम्बन गरिनेछ।<br>४.५ लागु औषध ओसारपसार नियन्त्रणका लागि दक्ष जनशक्तिसहितको संयन्त्र निर्माण गरिनेछ।<br>४.६ बालबालिका तथा चेलिबेटी बेचबिखन नियन्त्रण एवम् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.७ लागु औषध विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन तथा सुधार केन्द्र तथा पुनर्स्थापनाहरूको स्थापना, सुदृढीकरण तथा नियमन गरिनेछ।<br>४.८ सामाजिक जागरण अभियानलाई प्रभावकारी बनाउन सामुदायिक प्रहरीको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ। |

### ९.१.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेश विधिविज्ञान प्रयोगशाला स्थापना
२. स्थानीय प्रशासन सुदृढीकरण
३. प्रदेश प्रहरी अनुसन्धान क्षमता विकास
४. कारागार व्यवस्थापन
५. कैदी, बन्दी आयआर्जन तथा सामाजिक पुनःस्थापना कार्यक्रम
६. सामाजिक सद्भाव तथा सामाजिक जागरणसम्बन्धी जनचेतना अभिवृद्धि
७. प्रहरी चौकी स्थापना तथा कार्यालय भवन निर्माण
८. शान्ति सुरक्षाका लागि सवारी साधन व्यवस्थापन
९ लागु पदार्थ दुर्व्यसन नियन्त्रण, सुधार केन्द्र तथा पुनःस्थापना केन्द्र सुदृढीकरण
१०. प्रदेश ट्राफिक व्यवस्थापन, क्षमता विकास तथा परिचालन
११. स्थानीय तहका केन्द्रमा प्रहरी चौकी स्थापना।

### ९.१.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेश विधि विज्ञान प्रयोगशाला स्थापना | सङ्ख्या | ० | १ |
| २. | प्रहरीका लागि भवनलगायतका संरचना निर्माण तथा मर्मत सम्भार | सङ्ख्या | २६० | ३१० |
| ३. | प्रहरी चौकी स्थापना भएका स्थानीय तह | सङ्ख्या | - | ३५ |

## ९.२ सुशासन तथा भ्रष्टाचार नियन्त्रण

### ९.२.१ पृष्ठभूमि

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धन बहुसरोकारको विषय हो। यो सार्वजनिक, निजी, गैरसरकारी, सहकारी क्षेत्रका साथै सञ्चार जगत, नागरिक समाज, आम जनसमुदायसँग प्रत्यक्ष सम्बन्धित हुनुका साथै यसमा सबै पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रदेश सरकारबाट प्रदान हुने सेवा प्रवाहमा सरलता, सहजता तथा छिटो छरितोपन ल्याउँदै प्रभावकारी, पारदर्शी र गुणस्तरीय सेवा प्रदानका लागि उपयुक्त सङ्गठन संरचना, दक्ष तथा व्यावसायिक मानव संसाधन र औजार उपकरण, सूचना प्रविधि तथा नीतिगत व्यवस्था जरुरी हुन्छ।

प्रदेशअन्तगर्तका निकायको सङ्गठन एवम् व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठन संरचना र दरबन्दी निर्धारण गरी निर्णय तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षणलगायतका सार्वजनिक जवाफदेहिता र वित्तीय सुशासन जोखिम न्यूनीकरणका औजार उपयोगलाई संस्थागत गर्ने जस्ता शासकीय अभ्यास अवलम्बनको पहल जारी छ।

प्रथम प्रदेश सभाको कुल २२८ बैठक सम्पन्न गरी ९७ ओटा विधेयक, ५ ओटा वार्षिक नीति तथा कार्यक्रम र ५ ओटा बजेट पारित गरी प्रदेश सरकारलाई नीतिगत मार्गदर्शन प्रदान गरेको थियो। प्रदेशमा कुल १४९ मन्त्रालय तथा निकायमा ४११९ दरबन्दी स्वीकृत भई संस्थागत संरचना तयार भएको छ (महालेखा परीक्षकको ६१औं प्रतिवेदन, २०८१)। साथै निजी क्षेत्र तथा गैरसरकारी र नागरिक समाजलाई शासन प्रक्रियामा सहभागी गराउँदै पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको छ। प्रदेश सरकारले प्रदेशका निर्वाचित जनप्रतिनिधिमार्फत आमनागरिकको सरोकारको सम्बोधन गर्नुका साथै आफ्नो विद्युतीय सूचना सम्प्रेषणका माध्यम तथा मिडियामार्फत प्रदेशको विकास निर्माण र सेवा प्रवाहका विषयमा प्रदेशबासीलाई सुसूचित गर्दै आइरहेको छ।

यहाँ प्रदेश जनलोकपाल ऐन जारी गरी सो ऐनको व्यवस्थाबमोजिम जनलोकपाल आयोग गठन भएको छ । जनलोकपाल आयोगले प्रदेशमा सुशासन कायम गराउने तथा भ्रष्टाचार हुन नदिन विभिन्न प्रवर्द्धनात्मक, समन्वयात्मक र निरोधात्मक कार्य गर्नसक्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ।

भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको यस प्रदेशलाई कार्यक्षेत्र बनाएका दुईओटा कार्यालयहरू क्रमशः हेटौंडाले तीन जिल्ला (बारा, पर्सा र रौतहट) तथा बर्दिबासले पाँच जिल्ला (सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही) मा कार्य गरिरहेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मातहतका कार्यालयहरूमा आ.व. २०७९/८० मा यस प्रदेशका दर्ता भएका उजुरी सङ्ख्या सङ्घ सरकारसम्बन्धी ९२६, प्रदेश सरकारसम्बन्धी ३६७ र स्थानीय सरकारसम्बन्धी २७२२ देखिन्छ। उक्त आ.व.मा आयोग र मातहतका कार्यालयमा देशैभरि दर्ता भएका तीनै तहका सरकारका उजुरीहरूमध्ये मधेश प्रदेशको सबैभन्दा बढी २१.५४ प्रतिशत रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशको ६.७७ प्रतिशत रहेको छ।

### ९.२.२ अवसर र सम्भावना

प्रदेश सरकारको मातहतमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र (गठन आदेश २०७७ बमोजिम) को व्यवस्था रहेको छ। प्रदेशमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनका लागि प्रदेश जनलोकपाल ऐन २०७७, प्रदेश निजामती सेवा ऐन २०७७, प्रदेश निजामती सेवा नियमावली २०७९, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी ऐन २०७८, प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संशोधन) २०७६, प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ र नियमावली २०७७ लगायतका ९७ ऐनहरू तर्जुमा भई कार्यान्वयनमा रहेका छन्। मधेश प्रदेशमा अन्य प्रदेशभन्दा फरक कानुनी व्यवस्था गरी जनलोकपाल आयोग गठन भएको हुनाले उक्त आयोगबाट भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनमा महत्त्वपूर्ण कार्य गर्नसक्ने सबल पक्ष रहेको छ। प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्रले जनप्रतिनिधि तथा कर्मचारीको कार्यसम्पादनसँग सम्बन्धित विषयमा ६००० भन्दा बढीलाई तालिम तथा अभिमुखीकरण प्रदान गरेको छ। यहाँ भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनलाई प्राथमिकता दिई प्रदेश सरकारले विकासका क्षेत्रमा तीव्र फड्को मार्नसक्ने अवसर रहेको छ। साथै नेपाल सरकारले विकास साझेदारहरू परिचालन गरी क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गर्नु, विभिन्न विकास साझेदार संस्थाहरू प्रदेश तथा स्थानीय तहको क्षमता विकासमा सहभागी हुनु आदि अवसर रहेका छन्।

### ९.२.३ समस्या र चुनौती

प्रदेश अन्तर्गतका मन्त्रालय तथा निकायका ४११९ दरबन्दीमध्ये पूर्ण संख्यामा (जम्मा ३००१ अर्थात् ७३.८६ प्रतिशत मात्र) पदपूर्ति हुन नसक्नु (महालेखा परीक्षकको ६१औं प्रतिवेदन, २०८१)। क्षमता विकासका कार्यक्रम मागमा आधारितभन्दा आपूर्तिमा आधारित हुँदा कम प्रभावकारी हुनु, जनलोकपाल आयोगमा पदाधिकारीको नियुक्ति भए तापनि प्रभावकारी कार्य हुन नसक्दा आयोगको आ.व. २०७८/७९ मा प्राप्त १५ ओटा उजुरीमध्ये कुनै पनि फछ्र्यौट हुन नसक्नु (वार्षिक प्रतिवेदन, २०७८/७९), अख्तियार दुरुपयोग आयोगमा सबैभन्दा बढी उजुरी मधेश प्रदेशको पर्नुले प्रदेशप्रति नकारात्मक दृष्टिकोण वृद्धि हुनु, अघिल्लो कार्यकालमा प्रदेश सरकारबाट सम्पादन भएका कार्यमा निगरानीकर्ता निकायबाट प्रश्न उठी केही मुद्दाहरू अदालतमा विचाराधीन अवस्थामा रहेकाले पनि नागरिकमा अविश्वासको वातावरण सिर्जना हुनु, आ.व. २०७९/८० को पेस्की बाहेकको बेरुजु अन्य प्रदेशका तुलनामा सबैभन्दा बढी (२.९३ प्रतिशत) हुनु (महालेखा परीक्षकको ६१औं प्रतिवेदन, २०८१), कानुनबमोजिम असार १० भित्र सभामा बजेट पेस नभएका स्थानीय तहको संख्या आ.व. २०७९/८० मा अन्य प्रदेशका तुलनामा सबैभन्दा बढी संख्यामा (२६ ओटा गाउँपालिका/नगरपालिका) हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् ।

बर्षेनी देखिने नयाँ स्वरूप तथा बढ्दो परिमाणका भ्रष्टाचारका घटनाको अनुसन्धान तथा अभियोजन गरी सुशासन प्रवर्धन गर्नु, साक्षरता दरमा सबै प्रदेशभन्दा कमजोर तथा गरिबीलगायतका विकासका अधिकांश सूचकमा पछाडि रहेको प्रदेशलाई सुशासन प्रवर्धनका माध्यमबाट अगाडि ल्याउनु, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनमा नागरिक सचेतना जगाउँदै सहभागिता अभिवृद्धि गर्नु, प्रदेश सरकारप्रति नागरिकको विश्वास वृद्धि गर्नु क्षमता विकासका नयाँ विधि पद्धति विकास गरी सुशासन प्रवर्धनलाई आकर्षित गर्नु आदि मुख्य चुनौतीहरू रहेका छन् ।

### ९.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रदेश सरकारमाथि प्रदेशवासीको साथ र समर्थन : भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्धन

**लक्ष्यः** प्रदेशमा जनमुखी सेवा प्रवाहका साथै सार्वजनिक स्रोतको सदुपयोग गर्ने ।

**उद्देश्यः**

१. प्रदेश सरकारबाट हुने नागरिक सेवा प्रवाह र विकास निर्माणलाई पारदर्शी, उत्तरदायी, कानुनसम्मत बनाउनु।

२. सार्वजनिक स्रोत, साधनलाई प्रदेशवासीको हितमा सदुपयोग गर्नु।

### ९.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीति तथा कानुन तर्जुमा, पुनरावलोकन एवम् संशोधन गर्ने। | १.१ सुशासन प्रवर्धनसँग सम्बन्धित नीति तथा कानुन तर्जुमा गरिनेछ।<br>१.२ स्थानीय सेवा ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.३ तर्जुमा भएका कानुन कार्यान्वयन अवस्था मूल्याङ्कन तथा पुनरावलोकन तथा आवश्यक संशोधन गरी कार्यान्वयन गरिनेछ।<br>१.४ प्रदेश सरकारले अवलम्बन गरेको भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.५ सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिको आचारसंहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ। |
| २. संस्थागत तथा संरचना सुदृढीकरण गर्ने। | २.१ जनलोकपाल आयोगको प्रशासनिक क्षमता सुदृढीकरण गरिनेछ।<br>२.२ जनताको प्रत्यक्ष सरोकार हुने तथा आर्थिक कारोबार हुने सरकारी कार्यालयहरूमा सिसी क्यामरा जडान गरी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।<br>२.३ प्रदेश कार्यपालिकाअन्तर्गत सुशासन प्रवर्धनसम्बन्धी संरचनाहरूलाई स्रोतसाधन र अद्यावधिक ज्ञान, सिप प्रदान गरी प्रभावकारी बनाइनेछ।<br>२.४ प्रदेश सभा अन्तर्गतका समितिलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरिनेछ।<br>२.५ प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संस्थागत क्षमता सुदृढीकरण गरी तालिम, अध्ययन र अनुसन्धानमा जोड दिइनेछ।<br>२.६ प्रदेशका कर्मचारीको सार्वजनिक खरिद तथा आयोजना व्यवस्थापन क्षमता अभिवृद्धि गरी कार्यसम्पादनसँग सुशासनलाई आबद्ध गरिनेछ।<br>२.७ भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्धनसम्बन्धी जनचेतना अभिवृद्धि गर्न शिक्षण संस्थाको पाठ्यक्रममा समावेश गर्नुका साथै सामुदायिक सङ्घ, संस्था परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.८ कर्मचारीलाई नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समावेश भएका नयाँ कानुन, नीति र आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा क्षमता विकास गरिनेछ।<br>२.९ स्थानीय तहमा सुशासन प्रवर्धनका लागि सहजीकरण गरिनेछ।<br>२.१० जनलोकपाल आयोगको पुनर्संरचना गरिनेछ। |
| ३. कार्यान्वयन कार्यविधि तथा प्रणाली सुदृढीकरण गर्ने। | ३.१ सार्वजनिक जवाफदेहिताका औजारसम्बन्धी कार्यविधि तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>३.२ सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, आयोजना सूचना पाटी, गुनासो सुनवाइ प्रणालीलाई प्रभावकारी र नियमित गरिनेछ।<br>३.३ वित्तीय अनुशासन पालनालाई कडाइका साथ कार्यान्वयन गरी बेरुजु शून्य बनाउने लक्ष्य लिई कार्य गरिनेछ।<br>३.४ प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमलाई पारदर्शी, गुणस्तरीय र दिगो बनाउन सम्बन्धित स्थानीय तहसँग वा स्थानीय तहमार्फत सम्बन्धित उपभोक्ता समूह/समितिसँग समन्वय गरिनेछ।<br>३.५ मन्त्रालय, निकाय तथा कार्यालयका काम कारवाहीलाई सेवाग्राहीमैत्री बनाउन प्रवक्ता, सूचना अधिकारी, लैङ्गिक सम्पर्क अधिकारी, गुनासो सुन्ने अधिकारी, विपद् सम्पर्क व्यक्ति तोकी सेवाग्राहीले सहज सम्पर्क गर्न सक्ने व्यवस्था गरिनेछ ।<br>३.६ सबै कार्यालयका गुनासो गर्ने तथा सुनुवाइ प्रणालीलाई सूचना प्रविधिसमेत उपयोग गरी प्रभावकारी र विश्वसनीय बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.७ प्रदेश सरकारबाट खरिद भएका परामर्श सेवाको गुणस्तर सुनिश्चित भई प्रतिवेदन स्वीकार गरेको प्रमाणित प्रति र सफ्टवेयरको अभिलेख व्यवस्थापन गरेपछि मात्र भुक्तानी गर्ने व्यवस्था गरिनेछ। साथै परामर्श सेवाबाट भएका अध्ययन, अनुसन्धान प्रतिवेदनलाई सम्बन्धित निकायका वेभसाइटमार्फत अनिवार्य सार्वजनिक गरिनेछ।<br>३.८ सरुवा वा सेवा निवृत्त भई जाने कर्मचारीले नयाँ आउने कर्मचारीलाई एक तहमाथिको अधिकारीको रोहवरमा लिखितरूपमा जिम्मेवारी हस्तान्तरण गर्ने व्यवस्था गरिनेछ।<br>३.९ नयाँ पदभार ग्रहण गर्ने जनप्रतिनिधि तथा प्रदेश सरकारले नियुक्ति गर्ने पदाधिकारी र अघिल्लो जनप्रतिनिधि वा पदाधिकारीबिच कार्यालयको सूचना र संस्थागत संस्मरण (Institutional Memory) हस्तान्तरण तथा अनुभव आदानप्रदान गर्न प्रोत्साहन गरिनेछ।<br>३.१० प्रदेश सरकारबाट भए, गरेका कार्यको आवधिक समीक्षा गरी प्रतिवेदन सार्वजनिक गरिनेछ।<br>३.११ प्रदेश सरकारबाट प्रदान भएको सेवाप्रति सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिनेछ।<br>३.१२ प्रदेशका जनशक्तिको कार्यसम्पादन क्षमता बृद्धिका लागि प्रोत्साहन तथा दण्डको व्यवस्था कार्यान्वयनका साथै भयरहित वातावरण निर्माण गरिनेछ। |

### ९.२.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेश तथा स्थानीय शासन सुदृढीकरण कार्यक्रम
२. नीति, कानुन तथा कार्यविधि तर्जुमा, पुनरावलोकन
३. जनलोकपाल आयोगको क्षमता सुदृढीकरण
४. गुनासो सुनुवाइ तथा व्यवस्थापन
५. सार्वजनिक सुनुवाइ
६. आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण
७. सुशासन प्रवर्धन, खरिद व्यवस्थापन लगायतमा जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि
८. सुशासन प्रवर्धनसम्बन्धी नागरिक सचेतना अभिवृद्धि
९. समन्वय तथा सहकार्य
१०. अनुगमन तथा मूल्याङ्कन
११. सेवाग्राही सन्तुष्टि सर्भेक्षण
१२. जनलोकपाल आयोगको पुनर्संरचना
१२. मुख्यमन्त्री सुशासन अनुसन्धान फेलोसिप कार्यक्रम

### ९.२.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.६० |
| २. | भ्रष्टचार न्यूनीकरण अनुभूति | सूचकाङ्क | ३५ | ४३ |
| ३. | प्रदेश ऐन तर्जुमा तथा पुनरावलोकन | सङ्ख्या | ९७ | ११० |
| ४. | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने स्थानीय तह | सङ्ख्या | १२३ | १३६ |
| ५. | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन गराएका स्थानीय तहहरू | सङ्ख्या | ७६ | १३६ |

## ९.३ श्रम तथा रोजगार

### ९.३.१ पृष्ठभूमि

श्रमबजारको आवश्यकता अनुसारको सिपमूलक श्रमशक्तिको विकास गरी गरिबी निवारण र आर्थिक विकासमा योगदान पुर्‍याउनु प्रदेशको विद्यमान आवश्यकता हो। उत्पादनका साधनहरूमध्ये श्रमलाई महत्त्वपूर्ण मानिन्छ। गुणस्तरीय मानव संसाधनको विकासद्वारा श्रमको उत्पादकत्व वृद्धि गरी अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ भन्ने मान्यता रहँदै आएको छ। देशभित्र सिर्जना भएका रोजगारीका अवसरमा युवा जनशक्तिको व्यापक उपयोग गर्दै जनसाङ्ख्यिक लाभको उपयोग गर्नु हालको राष्ट्रिय प्राथमिकताको विषय हो।

नेपालको संविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने र धारा ५१ (झ) मा श्रम तथा रोजगार नीतिअन्तर्गत झ (६) मा वैदेशिक रोजगारबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने जस्तो व्यवस्था छ। दिगो विकासको लक्ष्य ८ ले स्थिर, समावेशी र दिगो वार्षिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ। यस लक्ष्यअन्तर्गत अन्य परिमाणात्मक लक्ष्यका साथै सबै महिला र पुरुषहरूलाई पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउने, निकृष्ट स्वरूपको बालश्रमको अन्त्य गर्ने र वित्तीय सेवाहरूमा सबैको पहुँच विस्तार गर्ने लक्ष्यहरू रहेका छन्।

प्रदेश सरकारले श्रम तथा रोजगारीका क्षेत्रमा गर्ने कार्यहरूलाई निरन्तर प्राथमिकता दिएको छ । श्रमसम्बन्धी नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धता अनुरूपका कार्यहरू, मौलिक हक कार्यान्वयनसम्बन्धी व्यवस्था, दिगो विकास लक्ष्यसम्बन्धी प्रादेशिक लक्ष्य, प्रादेशिक नीति, कानुन तर्जुमा, कार्यान्वयन, सामाजिक सुरक्षा, अध्ययन अनुसन्धान, सिप विकास, रोजगार तथा स्वरोजगार प्रवर्धन, वैदेशिक रोजगारीबाट सिकेका सिपलाई प्रदेशको विकासमा उपयोग, बालश्रम नियन्त्रण, श्रमिकको हित संरक्षण र सामाजिक सुरक्षालगायतका कार्य जिम्मेवारीसहित मन्त्रालय गठन गरिएको छ।

तीनै तहका सरकारहरूद्धारा युवा स्वरोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार प्रवर्धन कार्यक्रम र स्थानीय तहमा विभिन्न रोजगार कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। यस्ता विभिन्न प्रयासहरूका बाबजुद देशका युवाहरू स्वदेशमा रोजगार नपाएर विदेशिन बाध्य भएका छन्। नेपाल सरकारबाट प्रथम पटक श्रम स्वीकृति लिएर आ.व. २०५०/५१ मा जम्मा ३६०५ जना वैदेशिक रोजगारीमा गएकोमा २९ वर्षपछि आ.व. २०७९/८० मा श्रम स्वीकृति लिरइ रोजगारीकै लागि विदेशिनेको सङ्ख्या ७ लाख ७१ हजार ३ सय २७ पुगेको छ। जुन तथ्याङ्क बर्षेनी श्रम बजारमा प्रवेश गर्ने युवाहरूको सङ्ख्याभन्दा दोब्बरको नजिक छ। जसमध्ये मधेश प्रदेशबाट मात्र आ.व. २०७९/८० मा विदेशिएका व्यक्तिको सङ्ख्या १ लाख ८४ हजार ४ सय ४० रहेको छ। जसमा धनुषाबाट ४० हजार ५ सय ३ जना, सिराहाबाट ३० हजार २ सय ८० जना, महोत्तरीबाट ३० हजार ४४ जना, सर्लाहीबाट २४ हजार २ सय ७ जना, सप्तरीबाट २१ हजार ५ सय ५६ जना, रौतहटबाट १५ हजार ३ सय ५५ जना, बाराबाट १४ हजार ६ सय ८१ जना र पर्साबाट ७ हजार ८ सय १४ जना रहेको छ। यसरी बर्षेनी औपचारिक र अनौपचारिक माध्यम गरी २ लाखभन्दा बढी युवा रोजगारीको खोजीमा मधेश प्रदेशबाट बाहिरीरहेको हुँदा प्रदेश सरकारले यसका लागि दिगो समाधानको वातावरण बनाउन आवश्यक छ। तसर्थ प्रदेशको बेरोजगार युवा र वैदेशिक रोजगारीबाट सिप हासिल गरी फिर्ता आएका श्रमिकहरूलाराइ प्रदेशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु नितान्त आवश्यक छ (वैदेशिक रोजगार विभाग)।

मधेश प्रदेशमा रहेका १ लाख ७६ हजार ६ सय ७० उद्योग, प्रतिष्ठानहरूमा कुल ३ लाख ५४ हजार ९ सय ९४ (पुरुष : २,६८,२७९ तथा महिला : ८६,७१५) जनाले रोजगार प्राप्त गरेका छन्। जनगणना २०७८ अनुसार प्रदेशमा १० वर्षभन्दा बढी उमेरका कुल जनसङ्ख्या ४७ लाख ७० हजार १३ मध्ये आर्थिक काममा संलग्न २५ लाख ५० हजार ४४६ रहेका छन्। जसमध्ये ६ महिनाभन्दा बढी संलग्न हुने ३३.३ प्रतिशत, ३ देखि ६ महिनासम्म १०.७ प्रतिशत, ३ महिनाभन्दा कम ९.५ प्रतिशत र कुनै पनि आर्थिक काम नगरेका कुल जनसङ्ख्याको ४६.५ प्रतिशत रहेका छन्। आर्थिक कार्यमा संलग्नमध्ये पुरुष ४९.४५ प्रतिशत र महिला २०.२८ प्रतिशत छन्। आर्थिक क्षेत्रमा संलग्नमध्ये सबैभन्दा बढी कृषि तथा मत्स्य क्षेत्रमा ५४ प्रतिशत रहेका छन् भने थोक तथा खुद्रा व्यापारमा १५ प्रतिशत, निर्माण क्षेत्रमा ११ प्रतिशत, अन्य सेवा र औद्योगिक उत्पादन क्षेत्रमा ५/५ प्रतिशत र बाँकी अन्य क्षेत्रमा संलग्न रहेका छन्। यसरी हेर्दा आर्थिक क्षेत्रमा संलग्नहरूमा अनौपचारिक

क्षेत्रको बाहुल्य रहेको देखिन्छ। साथै आ.व.२०७८/७९ मा नेपालका सबैभन्दा धेरै श्रम स्वीकृति लिने १० जिल्लाहरूमध्ये यस प्रदेशबाट ६ ओटा जिल्ला रहेकाले यहाँको श्रमशक्ति वैदेशिक रोजगारीमा निर्भर भएको देखिन्छ।

### ९.३.२ अवसर र सम्भावना

वैदेशिक रोजगारीबाट सिप, कामप्रति सम्मान, लगानीका लागि केही स्रोतसमेत लिएर आएका जनशक्ति स्वरोजगार हुने तथा उद्यम व्यवसायमा संलग्न हुने क्रम बढ्नु, सहुलियतमा उद्यमशीलता कर्जा सुविधा उपलब्ध हुनु, रोजगार सूचना केन्द्र स्थानीय तहसम्म विस्तार हुनु, श्रम बजार सूचना प्रणालीको विकास प्रक्रिया सुरु हुनु, विकास र विस्तार हुँदै गरेको प्रविधिसँग युवा पिँढी पनि प्रविधिमैत्री हुँदै जानु, महिला उद्यमीहरूको सङ्ख्यामा क्रमशः बढोत्तरी हुनु, प्राविधिक शिक्षाको पहुँच विस्तार हुँदै जानु र आकर्षण बढ्दै जानु, प्रदेशमा वित्तीय क्षेत्रको विस्तार तथा आर्थिक गतिविधिहरू बढ्दै जानु आदि श्रम तथा रोजगारी क्षेत्रका अवसर हुन्।

त्यस्तै प्रदेशभित्र औषधीय एवम् आयुर्वेदिक सुगन्धित तेल, काष्ठकला, फलफूल, कृषि, पशुपालन, पर्यटन, मत्स्य, संस्कृति र सेवामा आधारित उद्योग क्षेत्रहरूको प्रवर्धन गर्नसक्ने सम्भावना प्रचुर मात्रामा रहनु, दक्ष तथा योग्य श्रमिकहरूको प्रवर्धन गरी वैदेशिक रोजगारीवाट विप्रेषण आर्जन गर्न सकिने अवस्था हुनु, वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता आएका व्यक्तिहरूले देश भित्र्याएका उन्नत सिप, अनुभव र विप्रेषणको उपयोगबाट रोजगारी सिर्जनाको सम्भावना हुनु पनि यस क्षेत्रका सम्भावनाहरू हुन्।

### ९.३.३ समस्या र चुनौती

मन्त्रालयको संस्थागत विकास नहुनु, श्रम तथा रोजगारको क्षेत्रमा प्रदेशस्तरको व्यवस्थित तथ्याङ्कको अभाव हुनु, प्रदेशको सामाजिक तथा स्रोत नक्साङ्कन नभएकाले रोजगारयोग्य क्षेत्रहरूको पहिचान तार्किकरूपले नहुनु, श्रम तथा रोजगारका क्षेत्रको काममा प्रदेश सरकारको नेतृत्व हुनु पर्नेमा सङ्घको नेतृत्वमा रहनु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी आन्तरिक रोजगारी सिर्जना हुन नसक्नु, युवाहरूमा वैदेशिक रोजगारीप्रतिको आकर्षण बढ्नु, श्रम बजारमा सिपयुक्त जनशक्तिको कमी र अनौपचारिक क्षेत्रमा संलग्न जनशक्तिको बाहुल्य हुनु, कार्यस्थलमा लैङ्गिकमैत्री वातावरणको कमी हुनु, रोजगारीमा जाने श्रमशक्तिका लागि सुरक्षित र मर्यादित वातावरण तयार नहुनु, वैदेशिक रोजगारीबाट फर्केका युवासँग भएको ज्ञान, सिप र क्षमता उपयोग हुन नसक्नु, वैदेशिक रोजगारीबाट भएको आम्दानीलाई आयमूलक क्षेत्रमा लगानी नभई उपभोग्य वस्तुमा खर्च हुँदा जीवनस्तर सुधारमा उल्लेखनीय उपलब्धि हुन नसक्नु, सहुलियतपूर्ण कर्जा र उत्पादित वस्तुको बजार प्रवर्धनमा कठिनाइ हुनु, कृषि क्षेत्रमा विद्यमान अनुत्पादक श्रमशक्तिलाई उद्योग, व्यापार, पर्यटन, निर्माण जस्ता उत्पादन र सेवा क्षेत्रमा स्थानान्तरण गर्न नसकिनु श्रम तथा रोजगार क्षेत्रमा रहेका प्रमुख समस्याहरू हुन्।

शिक्षा, श्रम, सिप र उत्पादनबिच तालमेल कायम गर्नु, श्रमप्रतिको सम्मान तथा उद्यमशील सोचको विकास गर्नु, स्वदेशी रोजगारीले वैदेशिक रोजगारीलाई प्रतिस्थापन गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त सिप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, बालश्रम निर्मूल गर्नु, अनौपचारिक क्षेत्रलाई औपचारिक क्षेत्रमा रूपान्तरण गर्नु आदि चुनौतीका रूपमा रहेका छन्।

### ९.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** मर्यादित रोजगारी र सुदृढ सामाजिक सुरक्षा

**लक्ष्यः** रोजगारीका अवसरहरू श्रृजना गर्ने।

**उद्देश्यः**

१. वैदेशिक रोजगारीमाथिको निर्भरता न्यूनीकरण गर्नु ।
२. दक्ष र योग्य श्रमशक्तिको विकास गर्नु ।
३. श्रमलाई मर्यादित बनाउनु ।

### ९.३.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. मर्यादित रोजगारीको प्रवर्धन गर्ने। | १.१ रोजगार स्थल सुरक्षित एवम् व्यवस्थित बनाउन आवश्यक नीतिगत व्यवस्था गरी प्रभावकारी अनुगमन र नियमन गरिनेछ।<br>१.२ प्रदेशभित्र बालश्रम उन्मुलनका लागि नीतिगत व्यवस्था गरिनेछ।<br>१.३ न्यूनतम तलब एवम् ज्याला, श्रमिकहरूको बीमा तथा सामाजिक सुरक्षाको सुनिश्चित गरिनेछ।<br>१.४ श्रमिकहरूको सिप अभिवृद्धिका लागि रोजगारदाता र प्रदेश सरकारको सहकार्यमा **"रोजगार स्थल तालिम कार्यक्रमहरू"** सञ्चालन गरिनेछ।<br>१.५ स्थानीय तहहरूसँगको सहकार्यमा हाटबजार व्यवस्थापन गरिनेछ।<br>१.६ महिला श्रमिकमाथि कार्यस्थलमा हुनसक्ने सबै प्रकारका जोखिम, लैङ्गिक विभेद तथा हिंसाको अन्त्य तथा न्यूनतम एवम् समान ज्यालाको सुनिश्चितताका लागि प्रभावकारी अनुगमन गरिनेछ।<br>१.७ बालश्रममुक्त स्थानीय तह घोषणा गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ। |
| २. नयाँ रोजगारीका अवसरहरू श्रृजना गर्ने। | २.१ स्थानीय तह र प्रदेश सरकारको सहकार्यमा प्रदेशभित्रको वेरोजगारीको सर्वेक्षण एवम् पहिचान गरिनेछ।<br>२.२ बेरोजगार युवाहरूका लागि आर्थिक/वस्तुगत अनुदानका साथै प्राविधिक सेवासहितको स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ सिप एवम् सुरुवाती सहयोगसहितको मुख्यमन्त्री रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ स्थानीय स्तरमा स्वरोजगार प्रवर्धनका लागि श्रमिक बजारहरू निर्माण गरिनेछ।<br>२.५ मधेश सिप विकास प्रतिष्ठान स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.६ सिपमूलक तालिम प्रदान गरी स्वरोजगारीलाई प्रोत्साहन गरिनेछ।<br>२.७ स्थानीय श्रममा आधारित तथा पुख्यौंली रूपमा सिप हस्तान्तरण हुँदै आएका साना तथा घरेलु उद्योगलाई आधुनिकीकरण गर्न सहयोग गरिनेछ ।<br>२.८ रोजगारी पोर्टलको व्यवस्था गरी रोजगार बजारसम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ।<br>२.९ महिला उद्यमशीलता तथा रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.१० हरेक वर्ष रोजगार मेला आयोजना गरिनेछ। |
| ३. वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सिप, दक्षता र विप्रेषण आयको उत्पादनशील उपयोग गर्ने। | ३.१ वैदेशिक रोजगारीबाट फिर्ता आएका र वैदेशिक रोजगारीमा रहेका वा बेरोजगार व्यक्तिहरूको नियमित अध्यावधिक हुने डिजिटल प्रोफाइल तयार गरिनेछ।<br>३.२ वैदेशिक रोजगारीबाट फिर्ता आएकाहरूका लागि आर्थिक, वस्तुगत, र प्राविधिक अनुदानसहितको स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ प्रदेश सरकारद्वारा सञ्चालित रोजगार सूचना केन्द्र र स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरूलाई एकीकृत गरी सञ्चालन गरिनेछ।<br>३.४ वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरूको आर्थिक एवम् प्रदेशभित्र सामाजिक पुन:एकीकरणका दक्ष जनशक्ति उत्पादनसम्बन्धी कार्यहरू गरिनेछ।<br>३.५ वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसँग भएका सिपलाइ प्रमाणीकरण, सिप विकास तालिम, प्रविधि सहयोग, अनुदानमा आधारित ऋणजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३.६ श्रम बजार सर्वेक्षण गरिनेछ (क्षेत्रगत हिसाबले नियमितरूपमा)।<br>३.७ वैदेशिक रोजगारीबाट फर्केका युवालाई व्यवसाय दर्ता प्रक्रिया तथा व्यावसायिक योजना, प्रशासनिक प्रक्रियालगायतका विषयमा अभिमुखीकरण तथा सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. वैदेशिक रोजगारीलाइ सुरक्षित एवम् मर्यादित बनाउने । | ४.१ वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई ठगिनबाट बचाउन सबै जिल्लामा व्यवस्थित सूचना केन्द्र स्थापना गरिनेछ।<br>४.२ ठगी तथा समस्यामा परेका कामदारलाइ न्याय प्रदानका लागि सहजीकरण गरिनेछ।<br>४.३ विदेश जाने कामदारलाई मागअनुसारका सिप तालिमको व्यवस्था गरिनेछ।<br>४.४ वैदेशिक रोजगारमा जाने कामदार र तिनका परिवारजनका लागि आयआर्जनका कार्यक्रमसम्बन्धी सिप तथा क्षमता विकास, छात्रवृत्ति सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ५. श्रमिकहरूको सङ्गठनात्मक सुदृढीकरण गर्ने। | ५.१ विभिन्न श्रमिक सङ्गठनहरूको क्षमता विकाससम्बन्धी कार्यहरू गरिनेछ।<br>५.२ श्रमिक तथा बेरोजगारी समस्या समाधानका लागि श्रम तथा रोजगार ऐन ल्याइनेछ।<br>५.३ वैदेशिक रोजगारीबाट फिर्ता आउने र जानेका परिवारहरूको स्थानीय तह र प्रदेशस्तरमा सञ्जाल निर्माणका लागि सहयोग गरिनेछ।<br>५.४ प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका र उपयुक्त नगरपालिकाहरूसँगको सहकार्यमा विशेष श्रमिक गृहहरूको निर्माण गरिनेछ। |
| ६. श्रम तथा रोजगार क्षेत्रलाइ डिजिटलाइजेसन गर्ने। | ६.१ बेरोजगार तथा रोजगारीमा रहेका व्यक्तिहरूको नियमित अद्यावधिक हुने डाटावेस तयार गरिनेछ।<br>६.२ व्यक्तिगत सूचनाको नियमित अद्यावधिकका लागि प्रदेश भरिमा जनजागरण अभियान सञ्चालन गरिनेछ।<br>६.३ रोजगारदाता सर्वेक्षण एवम् नियमित अद्यावधिक गरिनेछ। |

### ९.३.६ प्रमुख कार्यक्रमहरू

१. बेरोजगार युवाहरूका लागि आर्थिक/वस्तुगत/प्राविधिक अनुदानसहितको स्टार्टअप सहयोग कार्यक्रम
२. सिप एवम् सुरुवाती सहयोगसहितको मुख्यमन्त्री रोजगार प्रवर्धन कार्यक्रम
३. वैदेशिक रोजगारीबाट फिर्ता आएकाहरूका लागि स्वरोजगार कार्यक्रम
४. रोजगार स्थल एवम् कल सेन्टर स्थापना र सुधार कार्यक्रम
५. प्रदेशभित्र बालश्रम उन्मूलनका लागि नीति निर्माण र कार्यान्वयन
६. स्थानीय स्तरमा स्वरोजगार प्रवर्धनका लागि श्रम बजार निर्माण
७. वैदेशिक रोजगारीबाट फिर्ता आएका व्यक्तिहरूको आर्थिक एवम् सामाजिक पुनःएकीकरण कार्यक्रम
८. वैदेशिक रोजगारबाट फर्किएका युवा जनशक्तिसँग भएका सिपलाइ प्रमाणीकरण कार्यक्रम
९. ठगी तथा समस्यामा परेका कामदारलाइ सहजीकरण
१०. प्रदेशभित्रका स्थानीय तहहरूसँगको सहकार्यमा श्रम बैङ्क स्थापना
११. श्रमिक बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम
१२. प्रदेशस्तरमा स्वरोजगार सम्भाव्यता अध्ययन
१३. श्रम बजार सर्वेक्षण
१४. विभिन्न श्रमिक सङ्गठनहरूको क्षमता विकास कार्यक्रम
१५. श्रमिकहरूका लागि रोजगार स्थल तालिम कार्यक्रम
१६. मधेश सिप विकास प्रतिष्ठान स्थापना एवम् सञ्चालन
१७. वैदेशिक रोजगारीसम्बन्धी डिजिटल प्रोफाइल तयारी (स्थानीय तहसँगको सहकार्यमा गरिने)
१८. रोजगार सूचना केन्द्र र रोजगार सेवा केन्द्रको क्षमता विकास कार्यक्रम
१९. वैदेशिक रोजगारीमा जानेहरूका लागि सिप विकास तालिम कार्यक्रम
२०. वैदेशिक रोजगारीमा जाने व्यक्तिको परिवारका सदस्य लक्षित आयआर्जन कार्यक्रम
२१. बालश्रम मुक्त कार्यक्रम
२२. मधेश वैदेशिक रोजगारी उद्धार केन्द्र

२३. मुख्यमन्त्री रोजगार कार्यक्रम
२४. मुख्यमन्त्री महिला स्वरोजगार कार्यक्रम
२५. एक निर्वाचन क्षेत्र एक रोजगार केन्द्र निर्माण

### ९.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशभित्रको बेरोजगारी दर | प्रतिशत | २०.४[१३] | ९.० |
| २. | रोजगारीको लागि विदेशिनेहरू (प्रतिवर्ष) | जना | १८४४४० | १५०००० |
| ३. | वैदेशिक रोजगारीमा जाने सिपयुक्त कामदारहरू | प्रतिशत | ८ | २५ |
| ४. | वैदेशिक रोजगारीबाट आएकामध्ये सरकारको सहयोगमा स्वरोजगार सरू गर्नेहरू | जना | - | ७५००० |
| ५. | वैदेशिक रोजगारमा गएका परिवार लक्षित आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | सङ्ख्या | ० | २०४०० |

## ९.४ विपद् व्यवस्थापन

### ९.४.१ पृष्ठभूमि

कमजोर भौगर्भिक बनोट, मौसमी विषमता, अव्यवस्थित पूर्वाधार विकास, जोखिमका दृष्टिले असंवेदनशील विकास निर्माण र सञ्चालन, जलवायु परिवर्तनका दृष्टिले उच्च सङ्कटासन्न मुलुक हुनु आदि कारणले नेपाल प्राकृतिक तथा गैरप्रकृतिक प्रकोपजन्य विपद्को उच्च जोखिममा रहेको मुलुकमा पर्दछ । भूवनोटको हिसाबले अति संवेदनशील चुरेको ठुलो क्षेत्रसमेत समावेश भएको मधेश प्रदेशमा विशेषतः बर्षेनी बाढी, डुबान, आगलागी, शीतलहर, सर्पदंश जस्ता घटनाहरू घट्ने गरेका छन् । चुरे क्षेत्रमा भू-क्षय तथा पहिरोका कारण पनि बर्षेनी क्षति हुने गरेको छ ।

हाम्रो संविधानले प्रकृतिजन्य प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, पूर्वतयारी, उद्धार, राहत तथा पुनस्थापना गर्नेगरी विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई सङ्घ तथा प्रदेशको साझा अधिकार एवम् स्थानीय तहको एकल अधिकारका रूपमा राखेको छ । साथै, यो तीनै तहको साझा अधिकारका रूपमा समेत रहेको छ। संविधानले गरेको व्यवस्था बमोजिमको राष्ट्रिय नीति, कानुन तथा कार्यविस्तृतीकरण प्रतिवेदनले प्रदेशको अधिकारका रूपमा समावेश गरेका कार्यक्षेत्रभित्र रही मधेश प्रदेशले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने छ ।

### ९.४.२ अवसर र सम्भावना

नेपालको संविधानले विपद् व्यवस्थापनलाई तीनै तहको जिम्मेवारीका रूपमा तोकेको छ। नेपाल विपद् व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय समझदारी र योजनाहरूको पक्ष एवम् प्रतिबद्ध राष्ट्र हो। यसले सेन्डाई कार्ययोजना (सन् २०१५-२०३०) मा प्रतिबद्धता जनाएको छ। सोहीअनुरूप विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) तयार गरी लागू गरिरहेको अवस्था छ । सङ्घीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले सङ्घमा विपद् व्यवस्थापन राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारी समिति र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापनालगायतका संस्थागत संरचना स्थापना गरेको छ। त्यस ऐनले प्रदेशमा पनि प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समितिको व्यवस्था गरेको छ । यसैगरी हरेक जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिको प्रावधान रहेको छ ।

---

१३ CBS (२०१७/१८), Report on the Nepal Labor Force Survey.

संवैधानिक व्यवस्थाअनुसार प्रदेश र स्थानीय तहले आ-आफ्नै ऐन जारी गरी विपद् व्यवस्थापनसम्बन्धी संस्थागत संरचना तथा कानुनी व्यवस्था गरेका छन् । संविधानका प्रावधानलाई लागु गर्ने सन्दर्भमा तहगत अधिकारमा थप प्रस्टता ल्याउन साविकको कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ, यसले जिम्मेवारीमा भएका अस्पष्टता हटाउने अपेक्षा गरको छ ।

नीतिगत र संरचनागत व्यवस्था भइसकेकाले आवश्यक वित्तीय स्रोत जुटाई तहगत, विषयगत तथा क्षेत्रगत समन्वय प्रभावकारी बनाउन सकियो भने नियमित प्रकृतिका पूर्वानुमानयोग्य विपद्का घटनाबाट पुग्ने क्षति न्यूनीकरण गर्न सकिने छ। विपद् व्यवस्थापनका सबै चरणमा आवश्यक क्षमता विकास र सञ्जालको समन्वयात्मक क्रियाशीलता बढाउन सकियो भने विपद् व्यवस्थापनमा हामी सक्षम र सबल हुने छौं ।

### ९.४.३ समस्या र चुनौती

विपद् जोखिम न्यूनीकरण र हाम्रा विकास निर्माण कार्यहरूबिचमा तालमेलको कमी छ। विकास निर्माणका कार्यहरूमा विपद् व्यवस्थापन मूलप्रवाहीकरण नहुनु, विपद् व्यवस्थापनसम्बन्धी विषय क्षेत्रमा पटक पटक अध्ययन गराई रहनु तर सुझाव कार्यान्वयन नगर्ने प्रवृत्ति बढ्दै जानु, समन्वय तथा सहकार्य कमजोर हुनुका साथै विश्वसनीय एवम् अद्यावधिक तथ्याङ्कको कमी हुनु, नियन्त्रणका औजार, उपकरणको कमी भएकाले बर्षेनी आगलागीबाट बस्तीहरू प्रभावित हुने गरेको जस्ता समस्याहरू विपद् व्यवस्थापनका क्षेत्रमा रहेका छन् ।

विकास आयोजनाका सबै चरणमा विपद् जोखिम मूल्याङ्कनलाई समावेश गराउने मूल चुनौति छ । जोखिम न्यूनीकरणका लागि पर्याप्त पूर्वतयारी, विपद् व्यवस्थापनका लागि आवश्यक लगानी जुटाउनु, विज्ञ जनशक्ति तयार गर्नुजस्ता चुनौती रहेका छन् । नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउनु, सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्य मजबुत बनाउनु र कार्यान्वयन पक्षलाई चुस्त बनाउन आवश्यक पर्ने स्रोत, साधन, जनशक्ति र जवाफदेहिताको सुनिश्चित गर्नु उत्तिकै आवश्यक छ ।

### ९.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश ।

**लक्ष्यः** विपद्जन्य घटनाहरूबाट हुने जनधनको क्षति र नकारात्मक प्रभाव कम गर्ने ।

**उद्देश्यः**

१. विपद्का घटना र जोखिममा कमी ल्याउनु ।
२. विपद्को घटनापछिको उद्धार, राहत र पुनस्थापनालाई प्रभावकारी बनाउनु ।
३. विपद् प्रतिकार्य तथा उत्थानशील क्षमता अभिवृद्धि गर्नु ।

### ९.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिम न्यूनीकरण गर्ने। | १.१ तथ्याङ्कमा आधारित पूर्वतयारी योजना तर्जुमा गरिनेछ।<br>१.२ नदी नियन्त्रण तथा संवेदनशील भूभागमा संरक्षणका कार्यक्रम अगाडि बढाइनेछ।<br>१.३ खोला किनारका उच्च जोखिमा रहेका तथा विपद् संवेदनशील बस्तीहरूलाई सुरक्षित स्थलमा स्थानान्तरण गरिनेछ।<br>१.४ जोखिम न्यूनीकरण गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिकको क्षमता अभिवृद्धि गरी वडास्तरमा द्रुत प्रतिकार्य टोली तयार गरिनेछ।<br>१.५ बहुजोखिम नक्सा (Multi Hazard Map) तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. विपद् उत्थानमैत्री शासन पद्धति सुदृढ बनाउन आवश्यक नीतिगत संस्थागत र कार्यपद्धतिमा सुधार गर्ने। | २.१ आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गरिनेछ।<br>२.२ विपद् व्यवस्थापनमा समन्वय तथा सहकार्यको कार्यसंस्कृति प्रवर्द्धन गरिनेछ।<br>२.३ लैङ्गिक तथा सामाजिक समावेशितालाई प्राथमिकता दिइनेछ र राहत वितरण प्रणालीलाई चुस्त बनाउन सङ्घको मापदण्ड बमोजिम स्थानीय तहको समन्वयमा मापदण्ड तयार गरिनेछ।<br>२.४ विपद् व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग प्रभावकारी समन्वय तथा सहकार्य गरिनेछ।<br>२.५ प्रत्येक वडामा विपद् दूतको व्यवस्था गरिनेछ। |
| ३. सबै पूर्वाधार विकास कार्यक्रममा जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्ने। | ३.१ सबै पूर्वाधार विकासका आयोजनामा विपद् जोखिम न्यूनीकरणका पक्षलाई समावेश गरिनेछ।<br>३.२ विपद् उत्थानशील पूर्वाधार विकासको लागि सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरिनेछ।<br>३.३ अनुगमन मूल्याङ्कन पद्धतिमा विपद् न्यूनीकरणसम्बन्धी सूचक पनि समावेश गरिनेछ।<br>३.४ विपद् आश्रयस्थलको पहिचान र व्यवस्थापन गरी जोखिममा परेका व्यक्तिहरूको संरक्षण गरिनेछ।<br>३.५ वडातहमा राहत र उद्धारका लागि अत्यावश्यक सामग्रीहरूको भण्डारणका लागि जनभकारी स्थापना गरी सञ्चालन गरिनेछ। |
| ४. प्राकृतिक स्रोतबाट प्राप्त आएको निश्चित हिस्सा समुदायको विपद् जोखिम न्यूनीकरणमा उपयोग गर्ने । | ४.१ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको हिस्सालाई जोखिमपूर्ण बस्तीको उत्थानशीलता वृद्धिमा उपयोग गरिनेछ।<br>४.२ प्रादेशिक विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गरिनेछ। |
| ५. एकीकृत जलाधार व्यवस्थापनबाट जलजन्य प्रकोपमा कमी ल्याउने। | ५.१ चुरेक्षेत्रको जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय बासिन्दासँग सहकार्य गरिनेछ।<br>५.२ जलजन्य प्रकोप नियन्त्रणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>५.३ जलस्रोत संरक्षणका लागि वृक्षारोपण तथा वर्षाको पानी सङ्कलन पोखरी निर्माण गर्न समुदायसँग सहकार्य गरिनेछ।<br>५.४ चुरेक्षेत्रको फेदी, गल्छी तथा खोल्सीहरूमा वर्षाको पानी भण्डारण पोखरी निर्माण गरी भूमिगत जल पुनर्भरण गरिनेछ। |

### ९.४.६ प्रमुख कार्यक्रमहरू

१. प्रादेशिक विपद् व्यवस्थापन कोष स्थापना
२. नदी नियन्त्रण तथा संवेदनशील क्षेत्र संरक्षण कार्यक्रम
३. पछिल्लो दश वर्षका विपद्का घटनाहरूको विवरण एकीकृत गरी प्रकाशन गर्ने, (बाढी/डुबान, पहिरो, आगलागी, वन डढेलो, हावाहुरी, शीतलहर, चट्याङ, सर्पदंश, सडक दुर्घटना र मानव वन्यजन्तु द्वन्द्वका घटनाबाट भएको क्षति)
४. बाढी/डुबान, पहिरो आगलागी, वन डढेलो, आँधिबेरी, हावाहुरी, चट्याङ, सडक दुर्घटना, सर्पदंश, खडेरी, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण र शीतलहर लक्षित विशेष पूर्वतयारी कार्यक्रम
५. प्रादेशिक स्तरमा आपत् कालीन सामग्री भण्डारण तथा वितरण
६. स्थानीय आपत् कालीन केन्द्र स्थापना तथा सञ्चालन सहयोग
७. प्रभावमा आधारित मौसम पूर्वानुमान तथा बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास र सञ्चालन
८. खुला क्षेत्र व्यवस्थापन, अस्थायी आश्रयस्थल तथा अस्थायी संरचना निर्माण

९. प्रदेश स्तरमा द्रुत प्रतिकार्य टोली (स्वयंसेवक) परिचालन
१०. विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन
११. विपद् प्रभावित खोज, उद्धार तथा राहत क्षमता विकास कार्यक्रम
१२. विपद् प्रतिकार्य, पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माण र स्थानान्तरण कार्यक्रम
१३. स्थानीय तह बारुण यन्त्र सहयोग कार्यक्रम
१४. विपद्सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम
१५. भवन निर्माणसंहिता लागु गर्ने तथा सुरक्षित घर भवन निर्माण ।
१६. आगलागी जोखिम न्यूनीकरण कार्यक्रम
१७. डढेलो नियन्त्रण कार्यक्रम
१८. डेङ्गु तथा अन्य रोगजन्य कीट नियन्त्रण कार्यक्रम
१९. खेतीबालीमा लाग्ने रोगकिरा नियन्त्रण कार्यक्रम
२०. सडक दुर्घटना न्यूनीकरण कार्यक्रम
२१. जनभकारी स्थापना र सञ्चालन
२२. बहुजोखिम नक्सा निर्माण
२३. विपद् बुथको व्यवस्था
२४. विपद् व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम
२५. घरधुरी बीमा कार्यक्रम

### ९.४.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | विपद् उद्धार तालिम प्राप्त थप जनशक्ति | जना | - | २००० |
| २ | बारुण यन्त्र भएका स्थानीय तह | सङ्ख्या | १६ | ३० |
| ३ | पूर्वसूचना प्रणाली जडान भएका नदी | सङ्ख्या | २ | ४ |

## ९.५ मानव संसाधन विकास

### ९.५.१ पृष्ठभूमि

विकासको साधन र साध्यका रूपमा मानव संसाधनलाई हेर्ने प्रचलन रहेको छ। प्रदेशको सम्भावनालाई समृद्धिमा बदल्न, बजारको मागअनुसार रोजगारीको सिर्जना गर्दै संविधान प्रदत्त रोजगारीको हकको प्रत्याभूत गर्न र दिगो विकासको सम्मानजनक रोजगारीको लक्ष्य पूरा गर्न मानव संशाधनको विकास अपरिहार्य छ। यसले मानवमा शिक्षा र सिपको विकास गरी उत्पादन र रोजगारीसँग जोड्दछ।

संविधानमा रोजगारीको हकलाई मौलिक हकका रूपमा राख्दै रोजगारीको हकसम्बन्धी ऐन २०७५ सङ्घीय कानुनका रूपमा जारी भएको छ। मौलिक हकको कार्यान्वयनका साथै प्रदेशको अधिकार तथा जिम्मेवारी कार्यान्वयन गर्न, प्रदेश सरकारले लिएका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न र स्थानीय तह, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रका लागि पनि मानव संसाधनको प्रमुख भूमिका हुन्छ। प्रदेशमा आवश्यक पर्ने विषय क्षेत्रअनुसार साधारण, विषयगत र प्राविधिक जनशक्ति उत्पादन तथा स्तरवृद्धि गर्ने भरपर्दो आधार मानव संसाधनको अनुमान गरी गरिने प्रक्षेपणबाट प्राप्त हुन्छ। यसले बजारको आवश्यकता र जनशक्तिको उपलब्धतामा सन्तुलन ल्याई उत्पादन र उत्पादकत्व वृद्धिका साथै बेरोजगारी समस्या समाधानमा महत्त्वपूर्ण योगदान पुग्दछ।

प्रदेशका विकासका क्षेत्रहरू नै जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकासका मुख्य क्षेत्र हुन्। यहाँका लागि विकासका सम्भावित क्षेत्रहरूमा कृषि, उद्योग, पर्यटन, पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, ऊर्जा, सूचना प्रविधि, वन तथा वातावरण, खोज, अन्वेषण, आविष्कार अध्ययन, अनुसन्धान, खानी तथा खनिज पदार्थको उत्खनन् र प्रशोधन, विभिन्न यातायात प्रविधिहरूको विकास तथा

सञ्चालन, पुरातात्त्विक सम्पदा मर्मतसम्भार तथा व्यवस्थापन, संरक्षण, धर्म संस्कृतिसम्बन्धी, विपद् व्यवस्थापन आदि छन् । साथै यहाँबाट उत्पादित गुणस्तरीय मानव संसाधनले बाह्य क्षेत्रको श्रम बजारमा सहभागी भइ प्रदेशको आर्थिक विकासमा योगदान पुर्‍याउने अवसर पनि छ ।

मधेश प्रदेशमा आर्थिकरूपले सक्रिय (१५-५९ उमेर समूह) को जनसङ्ख्या ३५,२७,२५१ (५७. ७ प्रतिशत) रहेको छ भने ४१.४ प्रतिशत युवा जनशक्ति (१६-४० उमेर समूह) रहेका छन्। यो समयमा आर्थिक रूपले सक्रिय जनशक्तिको बाहुल्य भएकाले समग्र नेपालका साथै मधेश प्रदेशका लागि पनि जनसाङ्ख्यिक लाभको अवस्था हो। नेपालमा १० वर्षभन्दा माथिका ३३.३ प्रतिशत जनसङ्ख्याले ६ महिनाभन्दा बढी अवधि काम गरेका छन्, २०.२ प्रतिशतले ६ महिनाभन्दा कम तथा ४६.५ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन्। यस प्रदेशमा ५ वर्षभन्दा माथिको साक्षरतादर ६३.५ रहेको छ। यस प्रदेशबाट लगभग ३ लाख ४ हजार वैदेशिक रोजगारीमा गएका छन् (राष्ट्रिय जनगणना २०७८)।

यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५१ रहेको छ जुन सातओटा प्रदेशमध्ये सबैभन्दा न्यून हो। यस प्रदेशको वहुआयामिक गरिबी सूचकाङ्क २१.६ (प्रदेशहरूमा पाँचौं) रहेको छ भने लैङ्गिक विकास सूचकाङ्क ०.७८६ (प्रदेशहरूमा सातौं) र लैङ्गिक विभेद सूचकाङ्क ०.५०५ (प्रदेशहरूमा पाँचौं) रहेको छ (राष्ट्रिय मानव विकास प्रतिवेदन, २०१९) ।

### ९.५.२ अवसर र सम्भावना

मानव संसाधनको विकासमा निजी क्षेत्रको सहभागिता हुनु, शिक्षाको पहुँच वृद्धि हुनु, उच्च शिक्षा अध्ययन गरेको जनशक्ति प्रायः सबै क्षेत्रमा उपलब्ध हुनु, समावेशी सहभागितालाई नीतिगत रूपमा व्यवस्था हुनु, रोजगारी सिर्जनामा सरकारको प्राथमिकता हुनु, आदि मानव संसाधन विकासका अवसर हुन्।

### ९.५.३ समस्या र चुनौती

माग र आपूर्तिबिच सन्तुलन तथा समन्वय नहुनु, आवश्यक दक्ष जनशक्ति छिमेकी देशलगायतबाट आपूर्ति हुनु, देशमा अनुपस्थित जनसङ्ख्याको वृद्धिदर उच्च हुनु, जनशक्तिको विदेश मोह हुनु श्रम क्षेत्रका प्रमुख समस्या हुन्। मानव संसाधन विकासका लागि गुणस्तरीय व्यावसायिक सिप र तालिमका अवसरमा सबैको पहुँच विस्तार गर्नु, नेपालमा उपलब्ध अवसर र भविष्यबारे युवा पुस्तालाई आश्वस्त पार्दै पलायन रोक्नु, विदेशिएका युवा जनशक्तिलाई नेपाल फर्काएर उनीहरूले हासिल गरेका ज्ञान, सिप र दक्षताको उपयोग गर्नु आदि प्रमुख चुनौती छन्। मानव संसाधन विकासमा भएको लगानी अनुरूप उत्पादन र रोजगारीमा परेको प्रत्यक्ष प्रभावको उचित मूल्याङ्कन तथा अभिलेखीकरण गर्नु चुनौतीपूर्ण देखिन्छ ।

### ९.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** समृद्ध मधेश प्रदेशको पहिचान : व्यावसायिक, ऊर्जाशील, सक्षम मानव संसाधन

**लक्ष्यः** उत्पादनशील तथा प्रतिस्पर्धी मानव संसाधनको विकास, प्रवर्धन र उपयोग गर्ने।

**उद्देश्यः**

१. बजारको मागअनुरूपको दक्ष मानव संसाधन विकास गर्नु।
२. उत्पादित प्रतिस्पर्धी मानव संसाधन परिचालन हुने वातावरण निर्माण गर्नु।

### ९.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको मानव संसाधनको विकास योजना तर्जुमा, मानव संसाधनको अध्ययन, अभिलेखीकरण र प्रक्षेपण गर्ने। | १.१ प्रदेशमा खपत वा आवश्यक हुने साधारण, विषयगत र प्राविधिक क्षेत्रका मानव संसाधनको आन्तरिक तथा वैदेशिक रोजगारीको माग र आपूर्ति तथ्याङ्क विश्लेषण तथा प्रक्षेपण गरिनेछ।<br>१.२ स्थानीय तह, निजी क्षेत्र, सङ्घसंस्था समेतलाई आवश्यक पर्ने मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूलाई रोजगारी बजारबारे अनुसन्धान गर्ने व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ ।<br>१.४ मानव संसाधन आपूर्तिका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।<br>१.५ सिपयुक्त दक्ष जनशक्ति विकासमा प्रदेश सरकारको लगानी बृद्धि गरिनेछ।<br>१.६ प्राविधिक तथा व्यावसायिक सिपलाई समाज र बजारको आवश्यकतासँग समायोजन गरिनेछ। |
| २. मानव संशाधन विकास संस्था तथा संरचना सुदृढीकरण गर्ने। | २.१ प्रदेश मन्त्रालय तथा प्रदेश मातहतका मानव संसाधन विकाससम्बन्धी संयन्त्रको संस्थागत क्षमता सुदृढ गरिनेछ।<br>२.२ दक्ष मानव संसाधन विकासका लागि निजी तालिम प्रदायक संस्थालाई सहजीकरण तथा नियमन गरी गुणस्तर सुनिश्चित गरिनेछ।<br>२.३ आवश्यकता बमोजिमको उत्पादशील, प्रतिस्पर्धी तथा क्षमतावान मानव संसाधन विकास र आपूर्तिका लागि तालिम प्रदायक संस्थाको क्षमता विकास, पाठ्यक्रम छनौट तथा विकास र अद्यावधिक गर्न समन्वय गरिनेछ।<br>२.४ उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूलाई आवश्यकता बमोजिमको मानव संसाधन विकास र रोजगारीको प्रकृति अनुसारका आवश्यक योग्यता र प्रक्रियासम्बन्धी विद्यार्थीहरूलाई जानकारी दिने व्यवस्था अनिवार्य गरिनेछ ।<br>२.५ रोजगारी तथा वृत्ति विकास परामर्श र व्यावहारिक अभ्यासमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. मानव संसाधनको विकास तथा उचित उपयोगका लागि समन्वय तथा सहजीकरण गर्ने। | ३.१ परामपरागत सिपयुक्त व्यक्तिहरूको सिप परीक्षण तथा प्रमाणीकरणको व्यवस्था गरिनेछ।<br>३.२ न्यून आय भएका युवाहरूलाई प्राथमिकता दिँदै मध्यमस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ।<br>३.३ औद्योगिक प्रशिक्षार्थी, काममा आधारित व्यावसायिक तालिम, अभ्यासार्थी तालिममार्फत व्यावहारिक ज्ञान तथा सिप प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>३.४ प्रदेशमा उपलब्ध हुने सम्पूर्ण रोजगारीका अवसरहरू तथा उपलब्ध जनशक्तिका सिप, अनुभव, शैक्षिक योग्यता जस्ता विवरणहरू सूचीकृत हुने रोजगारसम्बन्धी एकद्वार सूचना केन्द्रको विकास गरिनेछ ।<br>३.५ प्रदेशका तालिम प्रदायक संस्था, शैक्षिक संस्थालगायतलाई रोजगार सूचना प्रणालीमा प्रशिक्षार्थी तथा विद्यार्थीको विवरण दर्ता गर्न समन्वय गरी सहजरूपमा रोजगारी प्राप्त हुने वातावरण निर्माण गरिनेछ।<br>३.६ स्थानीय तहको रोजगार सहायता केन्द्रसँग समन्वय र सहकार्य गरी मानव संसाधन विकास र उपयोगसम्बन्धी एकीकृत कार्यका साथै अभिलेख तयार गरिनेछ।<br>३.७ मानव संसाधनको विकास गरी नवप्रवर्तनको प्रवर्धन, प्रतिभा प्रस्फुटन, बौद्धिक जनशक्ति फिर्तीको वातावरण, आप्रवासी नागरिकलाई मधेशमा लगानीका लागि प्रोत्साहन, सहजीकरण एवम् आकर्षित गरिनेछ।<br>३.८ मधेशमा उपलब्ध मानव संसाधनलाई अधिकतम उपयोग तथा परिचालन गरिनेछ। |

### ९.५.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेश जनशक्ति योजना तर्जुमा
२. तालिम प्रदायक निकाय, प्राविधिक शिक्षालय र औद्योगिक प्रतिष्ठानको सुदृढीकरण
३. जनशक्ति सर्वेक्षण
३. विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली विकास

४. सिप विकास तथा प्रमाणीकरण
५. नवप्रवर्तन प्रवर्धन
६. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि लक्षित समूह छात्रवृत्ति कार्यक्रम
७. आधारभूत मध्यम र उच्चस्तरको जनशक्तिको प्रक्षेपण र योजना तर्जुमा
८. उच्च शिक्षा (स्नातकत्तोर र पिएचडी) अध्ययन गर्ने विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम

### ९.५.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क | मानक | ०.५१० | ०.५६० |
| २ | प्राविधिक शिक्षालय तथा तालिम प्रदायक संस्था | सङ्ख्या | २१५ | ३०० |
| ३ | व्यावसायिक सिप प्राप्त व्यक्ति | सङ्ख्या | २५००० | ५०००० |
| ४ | प्राविधिक विषय अध्ययन गरेका व्यक्ति | सङ्ख्या | १०८००० | १५०००० |

## ९.६ सामाजिक न्याय तथा सामाजिक समावेशिता

### ९.६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १८ (३) ले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका ब्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने कुरा सुनिश्चित गरेको छ। यसैगरी संविधानले आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण उत्थान सशक्तीकरण र विकासका लागि शिक्षा स्वास्थ्य आवास रोजगारी खाद्यान्न र सामाजिक सुरक्षामा बिशेष अवसर तथा लाभ पाउने हक सुनिश्चत गरेको छ। संविधानले अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायसम्बन्धी सूचना अद्यावधिक गर्ने र उनीहरूको हक अधिकार सुनिश्चित गर्न आवश्यक कानुन तर्जुमा र परिमार्जनका लागि सिफारिस गर्ने लगायतका कार्य गर्ने गरी राष्ट्रिय समावेशी आयोगको समेत व्यवस्था गरेको छ।

सामाजिक न्याय, समावेशीकरण, नागरिक अधिकार जस्ता विषयको उन्नत उपयोगको अवसर लोकतान्त्रिक शासन व्यवस्था मुल्यमान्यता हुन्। मानिसमा रहेको क्षमता र अवसरको उपयोग गर्न पाउने अवस्थाका लागि सामाजिक न्यायसहित समावेशी समाज निर्माण गर्न कानुनी, संस्थागत तथा संरचनागत सुधार आवश्यक हुने विषयलाई मध्यनजर गरी नेपालको संविधानको प्रस्तावनामा सङ्घीय शासन पद्धति अवलम्बन गर्नुका विभिन्न कारण मध्येको एक सामाजिक समावेशीकरण पनि उल्लेख छ।

संविधानले सामाजिक न्यायको हक, राज्यको निर्देशक सिद्धान्तअन्तर्गतको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिले राज्यका पछाडि परेका सबै समुदाय तथा वर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरेको छ। सामाजिक न्यायको हकले विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, जातजाति, अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशी सहभागिताको व्यवस्था गरेको छ। आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि विभिन्न सार्वजनिक सेवामा विशेष अवसर र लाभ पाउने हक हुने व्यवस्था छ। साथै अपाङ्गता भएका नागरिकहरूलाई मर्यादा, आत्मसम्मान तथा सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक हुने उल्लेख छ ।

विकासको मूलधारमा समावेश हुन नसकेका जातजाति, धर्म, वर्ण, लिङ्ग, भाषाभाषी, भौगोलिक क्षेत्र, फरक क्षमता भएका व्यक्तिलगायतलाई आर्थिक तथा सामाजिक सशक्तीकरण गरी उनीहरूको क्षमताको विकास गर्दै विकासको मूलधारमा समावेश गरी शक्ति, स्रोत र अवसरमा न्यायोचित साझेदारी सुनिश्चित गर्नु समावेशीकरण हो। जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक, राजनीतिक आधारमा हुने समावेशीकरणबाट सार्वजनिक स्रोत, अवसर, शक्तिमा न्यायोचित साझेदारी भई समाजमा सामाजिक न्याय र समता स्थापित हुन पुग्दछ।

जनगणना २०७८ का अनुसार मधेश प्रदेशमा भाषिक, सांस्कृतिक, सामाजिक, जातजातिगत, धार्मिक विविधताको समिश्रण रहेको छ। यहाँ नेपालीका साथै मैथली, भोजपुरी, थारुलगायतका भाषाभाषिका मानिसहरूको बसोबास रहेको छ। यहाँ ८४ प्रतिशत हिन्दू, १३ प्रतिशत इस्लाम, २ प्रतिशत बुद्ध धर्मका साथै बाँकी ०.१ प्रतिशतभन्दा न्यून जनसङ्ख्याले अन्य धर्म मान्ने गरेका छन्। सामुदायिक समूहअनुसार तराई मधेशअन्तर्गत जनजाति तथा दलितसमेत गरी करिब तीन चौथाइ जनसङ्ख्याको मधेश प्रदेशमा बसोबास रहेको छ भने बाँकी पहाडी समुदायका दलितसमेत, धार्मिक समुदाय र अन्य समुदायका मानिसहरूको बसोबास रहेको छ । यहाँका करिब ४२ प्रतिशत जनसङ्ख्याको मातृभाषा मैथिली रहेको छ भने भोजपुरी १९, बज्जिका १८, नेपाली ६ प्रतिशत र क्रमशः थारु, उर्दु र मागधी भाषा मातृभाषा हुने जनसङ्ख्या ४ प्रतिशतका दरले रहेका छन् र बाँकी अन्य रहेका छन्। यहाँ सबैभन्दा बढी करिब १५ प्रतिशत यादव, करिब १३ प्रतिशत मुसलमान र करिब ५ प्रतिशतका वरिपरि तेली, कोइरी, थारु, चमार जातिका छन् भने धानुक, मुसहर, कानु, मल्लाह जातिको पनि उल्लेखनीय उपस्थिति रहेको छ। साथै प्रदेशमा रहेका ११९ जातजातिमध्ये बाँकी विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन्। यहाँका कुल जनसङ्ख्यामध्ये १.५ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् भने लोपोन्मुख तथा अल्पसङ्ख्यक समुदायको पनि बसोबास रहेको छ।

### ९.६.२ अवसर र सम्भावना

राजनीति, सार्वजनिक सेवा, सामाजिक सुरक्षा, प्रदेशले प्रदान गर्ने सेवालगायतमा सकारात्मक विभेदमार्फत वञ्चितीकरणमा परेका समुदाय तथा वर्गलाई मूलधारमा ल्याउने पहलअनुसार आ.व. २०७९/८० मा लोकसेवा आयोगको समावेशी विज्ञापनमार्फत देशभरिबाट १४६० जनासहित हालसम्म २४१५२ जना सिफारिस हुनु (आर्थिक सर्वेक्षण-सङ्क, २०८१), संविधानमा समावेशीकरणलाई प्राथमिकता दिँदै प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, राजनीतिक प्रतिनिधित्वलगायतको व्यवस्था गरिनु, सामाजिक न्याय र समावेशीकरणसम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको तर्जुमा तथा पालना गर्न प्रतिबद्ध हुनु, विभिन्न समावेशितासम्बन्धी संवैधानिक आयोगहरूको व्यवस्था हुनु, बजेट विनियोजनमा समावेशी सिद्धान्तलाई आत्मसात् गर्नु, प्रदेश सभामा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु, स्थानीय तहहरूमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न संविधान तथा कानुनमा नै व्यवस्था भई कार्यान्वयनमा रहनु आदि अवसरका रूपमा रहेका छन्।

प्रदेश सरकारले महिला सशक्तीकरण तथा शैक्षिक अवस्थामा सुधार ल्याउन **"बेटी पढाऊ, बेटी बचाऊ"** जस्ता कार्यक्रम सञ्चालन गरेको अनुभव हासिल गरेको, स्थानीय तहहरूबाट पनि लक्षित वर्गलाई केन्द्रित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने गरेको, लैङ्गिक उत्तरदायी बजेट तर्जुमासम्बन्धी क्षमता अभिवृद्धि भएको, मध्यमकालीन खर्च संरचनाका माध्यमबाट दिगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी बजेट साङ्केतीकरण गरी बजेट विनियोजनका क्रममा विश्लेषण हुने गरेको आदि सबल पक्षहरू रहेका छन्।

### ९.६.३ समस्या र चुनौती

शोषित, पीडित, विपन्न महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिलगायत पिछडिएका वर्ग तथा समुदायको आर्थिक अधिकार र न्यायमा समान पहुँच पुग्न नसक्नु, राज्यबाट प्रदान गरेको विशेष सहुलियत तथा व्यवस्थामा वास्तविक लक्षित समुदायले समान सहभागिता, अवसरको न्यायोचित वितरण तथा राज्यका स्रोत साधनबाट समतामूलक लाभ प्राप्त गर्न नसक्नु, राज्यबाट प्रदान गर्ने सेवाबारेको सूचनामा वास्तविक लक्षित वर्गको पहुँच कमजोर हुनु, शिक्षा, स्वास्थ्य, रोजगारी, तथा राज्यबाट प्रदान गरिने अन्य आवश्यक सेवामा दलित तथा पिछडिएकाको पहुँच कमजोर हुनु आदि प्रमुख समस्याका रूपमा रहेको छ।

प्रदेशका विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका व्यक्तिहरूमा सामाजिक न्याय स्थापित गर्नु, धनी र गरिबबिच बढ्दै गएको खाडललाई घटाउनु, वास्तविक गरिब तथा सामाजिक सुरक्षा आवश्यक हुने जनसङ्ख्याको तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गर्नु, समावेशितासम्बन्धी नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्नु र पछाडि परेका तथा पारिएका वर्ग, समुदायको आर्थिक तथा सामाजिक क्षमता अभिवृद्धि गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन्।

### ९.६.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** न्यायपूर्ण समाज, सबैको सहभागिता।

**लक्ष्यः** मानव विकास सूचकाङ्कमा पछाडि रहेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने।

**उद्देश्यः**

१. सामाजिक समावेशीकरणलाई वास्तविक लक्षित समुदायसम्म पुर्‍याई सामाजिक भेदभावको अन्त्य गर्नु ।

२. वञ्चितीकरणमा परेका तथा विपन्न नागरिकलाई सार्वजनिक सेवा, सुविधामा पहुँच वृद्धि गर्नु ।

### ९.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामाजिक न्याय तथा समावेशी सिद्धान्तलाई नीति, कानुन तथा योजनामा समाविष्ट गर्ने। | १.१ प्रदेशका नीति, कानुन तथा योजनालाई लक्षित वर्ग (अतिसीमान्तीकृत, सीमान्तीकृत, अल्पसङ्ख्यक, लोपोन्मुख समुदाय आदि) मैत्री बनाइनेछ।<br>१.२ तर्जुमा भइसकेका लक्षित समुदायसँग सम्बन्धित नीति, कानुन पुनरावलोकन गरी समसामयिकरूपमा परिमार्जन गरिनेछ।<br>१.३ प्रदेशका शोषित, पीडित, विपन्न महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायतका पछाडि परेका वर्गमाथि हुने विभेदको अन्त्यसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.४ वार्षिक नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सामाजिक न्याय प्रवर्धनसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ। |
| २. सकारात्मक विभेदको नीतिलाई विकास तथा सेवा प्रवाहमा मूलप्रवाहीकरण गर्ने। | २.१ प्रदेशका विपन्न, लोपोन्मुख, अल्पसङ्ख्यक र सीमान्तीकृत समुदायका व्यक्ति तथा बहिष्करणमा परेका वर्गको तथ्याङ्क अद्यावधिक गर्न स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>२.२ प्रदेशका सार्वजनिक सेवा, रोजगारीका अवसरलगायतमा लक्षित वर्गलाई सकारात्मक विभेदको नीतिमार्फत मूलप्रवाहीकरण गरिनेछ। साथै लक्षित वर्गलाई सशक्तीकरण गरी उपलब्ध अवसरमा पहुँच वृद्धि गरिनेछ।<br>२.३ परिवारमा आश्रित अपाङ्गता भएका व्यक्तिको परिवारका सदस्यलाई आवश्यकताका आधारमा जीविकोपार्जन सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ विभिन्न तहका सार्वजनिक सेवा, राजनीतिक प्रतिनिधित्व लगायतका नीति निर्माण तथा कार्यान्वयन क्षेत्रमा समानुपातिक तथा समावेशी सहभागितालाई प्रभावकारी बनाइनेछ। |
| ३. लक्षित समूह विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने । | ३.१ प्रदेशका पिछडिएका वर्ग तथा सीमान्तीकृत, अतिसीमान्तीकृत समुदायलाई लक्षित गरी परम्परागत ज्ञान, सिप तथा मौलिक क्षमतामा आधारित आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालनमार्फत जीवनस्तर सुधार गरिनेछ।<br>३.२ वहिष्करणमा पारिएका वर्गलाई लक्षित गरी प्राविधिक, व्यावसायिक तथा सिपमूलक शिक्षाको व्यवस्था गरी उपलब्ध अवसरको उपयोग गर्नसक्ने क्षमता विकास गरिनेछ।<br>३.३ कुनै पनि किसिमको भेदभावविरूद्ध सचेतना अभिवृद्धि गर्दै भेदभावलाई अन्त्य गर्न कानुनको पालना हुने वातावरण निर्माण गर्न आवश्यक समन्वय तथा संयन्त्र परिचालन गरिनेछ।<br>३.४ स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गरी सबैको न्यायमा सहज पहुँच हुने वातावरण निर्माण गरिनेछ।<br>३.५ निःशुल्क कानुनी सहायतामार्फत सामाजिक न्यायमा पहुँच अभिवृद्धि गर्न सहजीकरण र सूचना सम्प्रेषण गरिनेछ। |

### ९.६.६ प्रमुख कार्यक्रमहरू

१. नीति तथा कानुन, निर्देशिका तर्जुमा
२. लक्षित वर्ग (सीमान्तीकृत, अतिसीमान्तीकृत अल्पसङ्ख्यक, लोपोन्मुख समुदाय आदि) तथ्याङ्क व्यवस्थापन
३. लक्षित वर्ग विशेष कार्यक्रम
४. सीमान्तीकृत, अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय लक्षित कार्यक्रम
५. परिवार आश्रित अपाङ्गता भएका व्यक्तिको परिवार लक्षित जीविकोपार्जन कार्यक्रम
६. सामाजिक न्याय प्रवर्धनका लागि सचेतना अभिवृद्धि कार्यक्रम
७. राजनीतिक तथा कानुनी सचेतना अभिवृद्धि
८. नेतृत्व विकास कार्यक्रम
९. कानुनी सेवामा निःशुल्क पहुँच अभिवृद्धि
१०. अध्ययन, अनुसन्धान

### ९.६.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | सामाजिक सशक्तीकरण | सूचकाङ्क | ०.५४ | ०.६५ |
| २. | विशेष लक्षित कार्यक्रमबाट लाभान्वित परिवार | प्रतिशत | २० | २५ |
| ३. | महिलाका नाममा जग्गा हुने परिवार (दिविल ५) | प्रतिशत | २२.५५ | ३० |
| ४. | महिलाका नाममा घर हुने परिवार (दिविल ५) | प्रतिशत | १४.६२ | २० |
| ५. | महिलाका नाममा घर र जग्गा दुवै हुने परिवार (दिविल ५) | प्रतिशत | ११.९७ | १७ |

## ९.७ गरिबी निवारण

### ९.७.१ पृष्ठभूमि

गरिबी बहुआयामिक विषयक्षेत्र समेट्ने तथा विकास प्रक्रियालाई चुनौती दिने विषय हो। यसलाई निरपेक्ष र बहुआयामिक रूपमा मापन गर्ने गरिन्छ। सबै नेपालीको आधारभूत आवश्यकता परिपूर्ति भई मर्यादित तथा सम्मानजनक जीवनयापन गर्नसक्ने अवस्थाको परिकल्पना नेपालको संविधानले गरेको छ। संविधानको सङ्घ र प्रदेशको साझा अधिकारअन्तर्गत गरिबी निवारण र औद्योगीकरण छ भने सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत गरिबी निवारणलाई समेटेको छ। दिगो विकास लक्ष्यअन्तर्गत सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य रहेको छ। साथै नेपालको दीर्घकालीन सोच २१०० मा निरपेक्ष गरिबीको अन्त्य तथा बहुआयामिक गरिबीलाई ३ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ।

चौथो जीवनस्तर सर्वेक्षण अनुसार आ.व. २०७९/८० मा सालाखाला प्रतिव्यक्ति प्रतिदिन २२३६ किलोक्यालोरी आवश्यक पर्ने र सोको लागि खाद्य तथा गैरखाद्य वापत प्रतिवर्ष प्रतिव्यक्ति रु.७२ हजार ९ सय ८ लाई गरिबीको नयाँ आधार रेखा निर्धारण भई नेपालको गरिबीको दर २०.२७ प्रतिशत हुँदा मधेश प्रदेशको गरिबीको दर २२.५३ प्रतिशत (सहरी गरिबी २१.७१ प्रतिशत र ग्रामीण गरिबी (२४.९६ प्रतिशत) रहेको जुन राष्ट्रिय गरिबीभन्दा उच्च हो । यसैगरी नेपाल मानव विकास सूचकाङ्क २०२० अनुसार मधेश प्रदेशको मानव विकास सूचकाङ्क ०.५१० र लैङ्गिक विकास सूचकाङ्क ०.७८६ रहेको छ जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा कमजोर हो। नेपालले अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यलगायतका विश्वव्यापी साझेदारीलाई मध्यनजर गर्दै गरिबी निवारणलाई प्राथमिकता दिँदै आइरहेको छ। प्रदेश स्थापना कालदेखि नै मधेश प्रदेशले पनि गरिबी निवारणलाई प्राथमिकता दिँदै आएको छ ।

### ९.७.२ अवसर र सम्भावना

प्रदेशको मुख्य अर्थतन्त्रको आधार कृषि हो। यहाँ उब्जाउशील प्रशस्त कृषियोग्य भूमि रहेको छ। छिमेकी देशसँग खुला सिमानाले ठुलो भूभाग जोडिएको यस प्रदेशमा उद्योगधन्दाले पनि प्रदेश अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा ओगटेको छ। यहाँ ऐतिहासिक तथा सांस्कृतिक पर्यटन विकास र विस्तारको पनि अवसर रहेको छ। राष्ट्रिय, प्रादेशिक र स्थानीय सडक पूर्वाधारको अन्तर आबद्धता राम्रो हुनु, समथर भूभाग भएकाले सडक यातायातको सहज पहुँच हुनु, रेल तथा हवाइ यातायातको पहुँच हुनु, जनघनत्व र जनसङ्ख्याको अन्य प्रदेशको तुलनामा बढी हुनु, आयात, निर्यातका मुख्य नाका यसै प्रदेशमा हुनु, तीनै तहका सरकारले गरिबी निवारणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु आदि गरिबी निवारणका लागि अवसर र सबल पक्ष हुन्।

### ९.७.३ समस्या र चुनौती

गरिबी लक्षित कार्यक्रमहरू विपन्न, महिला, पिछडिएका तथा वञ्चितीकरणमा परेका वर्ग तथा क्षेत्र लगायतका लक्षित वर्गमा केन्द्रित हुन नसक्नु, गरिबको पहिचानका आधारमा गरिबीलाई सम्बोधनको प्रयास कमजोर हुनु, गरिब लक्षित रोजगारीका कार्यक्रमको कमजोर कार्यान्वयन हुनु, कृषियोग्य भूमिमा पर्याप्त सिँचाइको व्यवस्था हुन नसक्दा व्यावसायिक कृषिको विस्तार हुन नसक्नु, प्रदेशबाट सबैभन्दा धेरै युवा जनशक्तिको अनुपस्थितिले उत्पादन, उत्पादकत्व र उपभोगमा असर हुनु तथा परनिर्भरता बढ्दा मूल्य वृद्धि हुनु, हरेक वर्ष दोहोरिने विपद्का कारणले गरिबी बढाउन योगदान गर्नु, प्रदेशको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको मात्रा बढी हुँदा अर्थतन्त्रको दिगो विकास हुन नसक्नु, छिमेकी देशको तुलनामा नेपाली कृषकहरूको प्रतिस्पर्धी क्षमता कमजोर हुँदा उत्पादनले बजार पाउन नसक्नु, जनचेतनाको कमी तथा सामाजिक रूपमा हानिकारक प्रचलन अत्यन्त बढी हुनु, विद्यालय छोड्ने दर उच्च हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन्।

गरिब घरपरिवार पहिचान गरी लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी छरिएर रहेका गरिबी लक्षित कार्यक्रमलाई प्रतिफलमुखी बनाउनु, युवा लक्षित दिगो रोजगारीको अवसर सिर्जना गर्नु, गरिब घरपरिवार पहिचान गरी गरिब लक्षित शिक्षा, स्वास्थ्य तथा रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्नु, विपन्न परिवार लक्षित विपद् उत्थानशीलता विकास गर्नु, आवश्यक लगानी जुटाउनु, सामाजिक सुरक्षाका कार्यक्रमलाई गरिबी न्यूनीकरणमा योगदान पुग्नेगरी प्रभावकारी बनाउनु, विपन्न वर्गको गुणस्तरीय सिप, दक्षता, शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात जस्ता सेवामा पहुँच सुनिश्चित हुने तथा लाभ लिनसक्ने वातावरण निर्माण गर्नु आदि चुनौतीहरू छन्।

### ९.७.४ सोच लक्ष्य र उद्देश्य

**सोचः** गरिबीमुक्त समृद्ध प्रदेश

**लक्ष्यः** गरिबी न्यूनीकरण गर्ने ।

**उद्देश्यः** निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको पहिचान गरी लक्षित रोजगारी, आयआर्जन, सामाजिक सुरक्षामा पहुँच विस्तार र विकास प्रक्रियामा सहभागितामार्फत गरिबी न्यूनीकरण गर्नु ।

### ९.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गरिब घरपरिवार लक्षित कार्यक्रम सञ्चालन गर्ने। | १.१ गरिबी न्यूनीकरणसम्बन्धी नीतिगत र कानुनी व्यवस्था गरिनेछ।<br>१.२ घरपरिवार सर्वेक्षण गरी प्रदेशमा रहेका गरिब घरपरिवारको विवरण तयारी तथा अद्यावधिक गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१.३ पहिचान भएका गरिब घरपरिवारमा गरिबीको कारणलाई सम्बोधन हुनेगरी उपयुक्त एकीकृत लक्षित कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.४ कृषि, उद्योग, पर्यटन तथा निर्माण क्षेत्रका गतिविधिलाई गरिबी निवारण लक्षित बनाउने नीति लिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. बहुआयामिक उपायमार्फत गरिबी न्यूनीकरण गर्ने । | २.१ गरिब घरपरिवार लक्षित आर्थिक क्रियाकलाप (आम्दानी, खर्च, बचत, व्यावसायिक योजना, वित्तीय साक्षरता, डिजिटल साक्षरता) सम्बन्धी क्षमता विकास गरी उद्यम व्यवसायका लागि ऋणमा पहुँच अभिवृद्धि तथा सहुलियत प्रदान हुने वातावरण निर्माण गरिनेछ।<br>२.२ गरिबीको सघनताका आधारमा गरिबी न्यूनीकरण लक्षित कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ।<br>२.३ सामाजिक कुप्रथा, कुरीति, अन्धविश्वासका कारणले आर्थिक विकासमा परेका असरलाई न्यूनीकरण गर्न जनजागरणका अभियान सञ्चालन गरिनेछ।<br>२.४ गरिब घरपरिवारलाई शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवामा पहुँच बढाइ मानवीय पुँजीको विकास गरिनेछ।<br>२.५ भूमिहीन परिवारलाई व्यावसायिक कृषि प्रवर्धन गर्न भूमिबैङ्कमार्फत करारमा जमिन उपलब्ध गराउने व्यवस्था मिलाउन स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>२.६ प्रदेशका विपन्न लक्षित परिवारलाई आवासको व्यवस्था गरिनेछ।<br>२.७ भूमिहिन परिवारलाई बगरखेती गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ। |
| ३. रोजगारी केन्द्रित आर्थिक विकास कार्यक्रम सञ्चालन गर्ने। | ३.१ रोजगारी, उत्पादनका अवसर सिर्जनामार्फत आर्थिक सशक्तीकरण गरी लैङ्गिक तथा सामाजिक विभेद न्यूनीकरण हुने वातावरण निर्माण गरिनेछ।<br>३.२ न्यून आय भएका व्यक्तिहरूलाई निःशुल्क सिप विकास तालिम प्रदान गरी सिकेको सिपको उपयोग गरी आयआर्जनमा संलग्न हुन तथा पेसालाई आधुनिकीकरण गर्न टेवा प्रदान गरिनेछ।<br>३.३ युवा, महिला, पिछडिएका क्षेत्र, वर्ग, समुदाय लक्षित आर्थिक विकास कार्यक्रम तर्जुमा गरी स्थानीय तहसँगको साझेदारीमा सञ्चालन गरिनेछ। |

### ९.७.६ प्रमुख कार्यक्रमहरू

१. गरिब घरपरिवार पहिचान नीति तथा एकीकृत सूचना व्यवस्थापन प्रणाली
२. गरिब लक्षित कार्यक्रम
३. सुकुम्बासी व्यवस्थापन
४. विपन्न लक्षित सामाजिक सुरक्षा तथा संरक्षण
५. परम्परागत सिप तथा व्यवसाय आधुनिकीकरण
६. वित्तीय पहुँच विस्तार तथा सहजीकरण
७. सामाजिक सचेतना तथा जनजागरण
८. विपन्न आवास कार्यक्रम
९. लखनदेही नदी किनारमा जीविकोपार्जन सुधार कार्यक्रम

### ९.७.७ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | निरपेक्ष गरिबी | प्रतिशत | २२.५३ | १५.० |
| २. | लक्षित कार्यक्रमबाट फाइदा पाउने गरिब घरपरिवार | प्रतिशत | २० | ३० |
| ३. | भूमिबैङ्क तथा बगर खेती जस्ता वैकल्पिक स्रोत उपयोग कार्यक्रमबाट लाभान्वित परिवार | सङ्ख्या | ५०० | २००० |
| ४. | आवास प्राप्त गर्ने विपन्न परिवार | सङ्ख्या | ९०४५ | १२००० |

## ९.८ गैरसरकारी संस्था, नागरिक समाज तथा सामाजिक सङ्घ संस्था

### ९.८.१ पृष्ठभूमि

प्रदेशको विकासका लागि सार्वजनिक क्षेत्रका साथै निजी, गैरसरकारी, सामुदायिक तथा नागरिक समाजको उल्लेखनीय भूमिका रहन्छ। नेपालको संविधानले सामुदायिक तथा गैरसरकारी संस्थाहरूको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै राष्ट्रको विकासमा संलग्न गराउने विषयलाई समेटेको छ। साथै ती संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता तथा प्राथमिकताका क्षेत्रमा संलग्न गराउने कुरासमेत संविधानले उल्लेख गरेको छ। दिगो विकास लक्ष्यले नागरिक समाजसँगको साझेदारीलाई समावेश गरेको छ। प्रदेश सरकारको कार्यविभाजन नियमावलीमा प्रदेशमा रहेका गैरसरकारी संस्था तथा अन्य सङ्घ संस्थाको अभिलेख व्यवस्थापन, समन्वय तथा अनुगमन मूल्याङ्कनसम्बन्धी जिम्मेवारी समेटिएको छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले विकास साझेदारका रूपमा प्रदेश सरकारसँग साझेदारी तथा सहकार्यमार्फत क्षमता विकास, गैरसरकारी तथा समुदाय परिचालन, विकासका अन्तर्राष्ट्रिय स्तरमा भएका प्रतिबद्धता कार्यान्वयन तथा लक्ष्य हासिल गर्न, आर्थिक, सामाजिक, भौतिक विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न योगदान गर्ने लगायतका कार्यमा सहयोग पुर्‍याएका छन्। राष्ट्रिय गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रले जनचेतना अभिवृद्धि, जनपरिचालन, नागरिक निगरानीका साथै योजना तर्जुमा र कार्यान्वयन, स्रोत परिचालनलगायतका कार्यमा तीनओटै तहका सरकारलाई सहयोग गरी सेवाप्रवाह तथा विकासका क्रियाकलापलाई पारदर्शी तथा जवाफदेही बनाउन सहयोग पुर्‍याएका छन्। साथै यी संस्थाले स्थानीय स्रोतसाधनको परिचालन र स्वयंसेवाका माध्यमबाट पनि राष्ट्र निर्माणमा योगदान गरेका छन्। यस प्रदेशमा वि.सं.२०७६ सम्ममा कुल ७,१७५ गैरसरकारी संस्थाहरू सञ्चालनमा रहेको देखिन्छ। जसमध्ये सबैभन्दा बढी धनुषामा ११४५ र सबैभन्दा कम सिराहामा ४८३ रहेको पाइन्छ।

प्रदेश सरकारले गैरसरकारी तथा सामुदायिक क्षेत्रको ज्ञान, सिप र स्रोतलाई प्रदेशको विकासको प्राथमिकता र आवश्यकताका क्षेत्रमा प्रभावकारी उपयोगका लागि सहयात्रीका रूपमा परिचालन गर्न आवश्यक छ।

### ९.८.२ अवसर र सम्भावना

संविधानले नै गैरसरकारी तथा सामुदायिक संस्था परिचालन सम्बन्धमा स्पष्ट गर्नु, गैरसरकारी संस्थाले तीनओटै तहका सरकारसँग कार्य गर्नसक्ने व्यवस्था हुनु, विकास साझेदार सङ्घसंस्थाहरूले प्रदेश स्थापना भएदेखि निरन्तर सहयोग गर्न अग्रसर हुनु, दिगो विकास लक्ष्यलगायत जलवायु परिवर्तन, सुशासन प्रवर्धन, क्षमता विकास, सामाजिक परिचालन, विकासका सूचक हासिल गर्ने लगायतका विषय क्षेत्रमा गैरसरकारी संस्थाको सहयोग प्राप्त हुनु आदि अवसर र सबल पक्षहरू हुन्।

### ९.८.३ समस्या र चुनौती

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय हुन नसक्नु, कार्यक्रमहरूकाबिच दोहोरोपना हुनु, परियोजनाप्रति लाभग्राहीको अपनत्व कायम हुन नसक्नु, पारदर्शिता र आन्तरिक सुशासन पक्ष कमजोर हुनु आदि प्रमुख समस्या रहेका छन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको लगानीलाई प्रदेशको प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नु, ठुलो परिमाणमा रहेका गैरसरकारी संस्था तथा सोमा आबद्ध जनशक्तिलाई आर्थिक, सामाजिक रूपान्तरणका लागि उपयोग गर्नु, गैरसरकारी संस्थाको लगानीलाई पारदर्शी बनाउनु, गैरसरकारी संस्थाको प्रभावकारी अनुगमन र नियमन गर्नु, यी संस्थाबाट सञ्चालित कार्यक्रम तथा आयोजनाका नतिजालाई दिगो बनाउनु आदि चुनौतीका रूपमा रहेका छन्।

### ९.८.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** चेतनशील समाज, जागरुक नागरिक, जनउत्तरदायी सङ्घसंस्था

**लक्ष्यः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी तथा सामुदायिक संस्थालाई जवाफदेही, पारदर्शी तथा प्रभावकारी परिचालन र सहकार्य गरी प्रदेशको आर्थिक, सामाजिक विकास गर्ने।

**उद्देश्यः**

१. गैरसरकारी तथा सामुदायिक संस्थाको प्रभावकारी अनुगमन र नियमन गर्नु ।
२. प्रदेशको आर्थिक सामाजिक विकासमा उपलब्ध स्रोतको दिगो तथा प्रभावकारी उपयोग गर्नु ।
३. प्रदेशको विकास तथा सेवा प्रवाहमा नागरिक संलग्नता अभिवृद्धि गर्ने ।

### ९.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन र नियमन तथा व्यवस्थापन क्षमता वृद्धि गर्ने। | १.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन र नियमन तथा दिगो व्यवस्थापनका लागि सूचना प्रणालीको विकास गरिनेछ।<br>१.२ समाज कल्याण परिषद्सँग समन्वय गरी प्रदेशमा कार्यरत सङ्घसंस्थाको सूचनालाई विषयक्षेत्रगत रूपमा वर्गीकरण गरी अद्यावधिक गरिनेछ।<br>१.३ प्रदेशमा रहेका गैरसरकारी संस्थाहरूलाई सक्रिय बनाई प्रदेशको आर्थिक, सामाजिक विकासमा परिचालन गरिनेछ।<br>१.४ सामुदायिक सङ्घ संस्थाको विवरण अद्यावधिक तथा व्यवस्थापन गरिनेछ।<br>१.५ प्रदेशमा कार्यरत अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ। |
| २. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्रोतलाई प्रदेशको विकासमा प्रभावकारी परिचालन गर्ने। | २.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्रोतलाई पारदर्शी उपयोगका लागि आवश्यक समन्वय गरिनेछ।<br>२.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रम र स्रोतलाई प्रदेशको बजेट प्रणालीभित्र ल्याउन आवश्यक समन्वय गरिनेछ।<br>२.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रम र बजेट दोहोरो नपर्ने गरी बढी नतिजामूलक क्षेत्रमा परिचालन गर्ने व्यवस्था गरिनेछ।<br>२.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग नियमितरूपमा वार्षिक दुई पटक समन्वय बैठकको आयोजना गरिनेछ। |
| ३. सार्वजनिक सेवा तथा विकास प्रक्रियामा नागरिक संलग्नता वृद्धि गर्ने। | ३.१ सामुदायिक सङ्घसंस्थाको क्षमता विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई परिचालन गरिनेछ।<br>३.२ गैरसरकारी सङ्घ संस्थासँग भएको विज्ञतालाई प्रदेश विकासमा उपयोग गरिनेछ।<br>३.३ नागरिक समाज तथा सामुदायिक सङ्घसंस्थालाई सरकारका कार्यको सहयोगी तथा निगरानीकर्ताको भूमिकामा परिचालन गरिनेछ।<br>३.४ सामुदायिक सङ्घसंस्थासँग जनसहभागिता परिचालनका लागि सहकार्य गरिनेछ। |

### ९.८.६ प्रमुख कार्यक्रमहरू

१. गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सूचना व्यवस्थापन ।
२. गैरसरकारी तथा सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम ।
३. गैरसरकार तथा सामुदायिक सङ्घ संस्थाहरूको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन ।

### ९.८.७ परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेशमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय बैठक (वार्षिक) | सङ्ख्या | - | १ |
| २. | प्रदेशसँग समन्वयमा रही कार्यरत अन्तर्राष्ट्रिय सङ्घसंस्था | सङ्ख्या | ३० | ३५ |
| ३. | प्रदेशमा रहेका गैरसरकारी संस्था (वि.सं.२०७६ सम्म) | सङ्ख्या | ७१७५ | ७२०० |

## ९.९ तहगत एवम् अन्तर-निकाय समन्वय र सहकार्य

### ९.९.१ पृष्ठभूमि

नेपालमा सङ्घीय शासन प्रणाली अवलम्बन गर्दै तीन तहको सरकारको व्यवस्था गरिएको छ। यसैअनुरूप नेपालको संविधानमा राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्नेगरी तहगत संरचनाको व्यवस्था रहेको छ। यी तहगत सरकारहरूबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तहबिच (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ सङ्घीय कानुनका रूपमा जारी भएको छ। यी संवैधानिक तथा कानुनी व्यवस्थाले राजनीतिक, विधायिकी, आर्थिक तथा वित्तीय, योजना तथा बजेट, विकास व्यवस्थापन र प्रशासनिक प्रावधान आदि सम्बन्धी अन्तर-सम्बन्ध कायम गर्दै समन्वय र सहकार्य अपरिहार्य बनाएको छ।

प्रदेश सभाबाट लोकपाल ऐन, प्रदेश सरकारबाट कार्यविभाजन नियमावलीलगायतका कानुनले तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्यलाई समेटेका छन्। प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि २०७५ कार्यान्वयनमा रहेको छ। नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरणले तहगत अधिकारक्षेत्र छुट्याउने प्रयास गरेको छ। प्रदेशको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास र स्रोत परिचालनमा सङ्घीय तथा स्थानीय सरकारहरू, अन्य प्रदेश सरकारहरू, निजीक्षेत्र, गैरसरकारी क्षेत्र, सामुदायिक सङ्घसंस्था तथा विकास साझेदारहरूसँग समन्वय र सहकार्य आवश्यक हुन्छ। यसका साथै प्रदेश सरकारका मन्त्रालय, आयोग र सो अन्तर्गतका निकायहरूबिच पनि समन्वय र सहकार्य आवश्यक छ। मधेश प्रदेश सरकारले पनि समन्वयात्मक रूपमा अघि बढ्ने प्रयास गरिरहेको छ।

### ९.९.२ अवसर र सम्भावना

संविधानले नै तीन तहका सरकारबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने व्यवस्था गर्नु, प्रदेश तह सङ्घ र स्थानीय तहका बिचमा समन्वयकारी भूमिकामा रहनु, समन्वय तथा सहकार्यका लागि तहगत सरकारबिच अन्तरसम्बन्ध स्थापना गर्न कानुनको तर्जुमा हुनु, सङ्घ तथा प्रदेश तहका समन्वयकारी संयन्त्रहरूः अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, अन्तर सरकार वित्त परिषद्, विषयगत समिति, प्रदेश समन्वय परिषद्लगायतको व्यवस्था हुनु, कार्यविस्तृतीकरण प्रतिवेदनले तहगत सरकारका अधिकारक्षेत्रलाई स्पष्ट पार्नु आदि तहगत तथा अन्तरनिकाय समन्वय र सहकार्यका सबल पक्ष हुन्।

### ९.९.३ समस्या र चुनौती

तहगत सरकारहरू आफ्ना अधिकारमा केन्द्रित भई जनतालाई प्रभावकारी सेवाप्रवाह हुने वातावरण निर्माण नहुनु, अर्को तहको अधिकारमा संकुचन गर्ने प्रवृत्ति देखिनु, समान प्रकृतिको कामका लागि तहगत संरचनाहरू निर्माण हुँदा सार्वजनिक स्रोतको मितव्ययी उपयोगमा प्रश्न उठ्नु, योजनागत समन्वय कमजोर हुँदा स्रोत विनियोजनमा दोहोरो पर्ने जोखिम हुनु, प्रदेशका मन्त्रालयहरूले जिल्लास्तरमा अलग अलग कार्यालय स्थापना गर्दा कार्यालयको भवन निर्माण वा भाडा र मर्मतसम्भार, कार्यालय व्यवस्थापन खर्च, सहयोगी कर्मचारी व्यवस्थापन, लेखापालन व्यवस्थापनलगायतमा प्रशासनिक खर्च बढ्नु, प्रदेश सरकारका निकायहरूबिच योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयनमा परिपूरक तथा परिपोषक सम्बन्ध स्थापित गर्ने परिपाटी कमजोर हुनु आदि यस उपक्षेत्रका मुख्य समस्या रहेका छन्।

एकल अधिकार र साझा अधिकार कार्यान्वयनमा समान बुझाइको विकास गर्नु, तहगत सरकारबिच प्रशासनिक सङ्घीयता व्यवस्थापनलाई सहज बनाउनु, तहगत आयोजना तथा कार्यक्रमको मापदण्ड स्पष्ट गरी आयोजना सञ्चालनमा दोहोरो नपर्ने

गरी स्रोत साधनको समुचित उपयोग गर्नु, प्रतिवेदन प्रणाली व्यवस्थित र सेवाप्रवाहमा प्रभावकारिता ल्याउनु, सम्बन्धित तहको सरकारको अधिकार क्षेत्रमा केन्द्रित भई जनतालाई प्रभावकारी सेवा प्रवाह गर्नु आदि चुनौतीहरू रहेका छन् ।

### ९.९.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रभावकारी सेवा प्रवाह : सुदृढ समन्वय र सहकार्य

**लक्ष्यः** अन्तरतह/निकायगत समन्वय र सहकार्यमार्फत प्रदेशको सन्तुलित विकास गर्नु।

**उद्देश्यः**

१. प्रदेशलाई प्राप्त कार्यजिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लागि तहगत सरकारबिच समन्वय तथा सहकार्य गर्नु।
२. अन्तर निकाय समन्वयलाई सुदृढ गरी प्रदेशलाई प्राप्त कार्यजिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु।

### ९.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. अन्तरसरकार तथा अन्तरप्रदेश समन्वय तथा सहकार्य गर्ने। | १.१ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, क्षमता विकास, विवाद निरूपण, प्रतिवेदन प्रणालीलगायतका विषयमा अन्तर-सरकार समन्वय र सहकार्य गरिनेछ।<br>१.२ आयोजनामा दोहोरो नपर्ने अवस्था सिर्जनाका लागि आयोजनाको वर्गीकरण गर्ने मापदण्डको कार्यान्वयन गरिनेछ।<br>१.३ तहगत सरकारबिच प्रशासनिक अन्तरसम्बन्धलाई पूर्वानुमानयोग्य र प्रभावकारी बनाइनेछ।<br>१.४ एकल अधिकार र साझा अधिकारसम्बन्धी बुझाइमा एकरूपता ल्याउन कार्यक्षेत्र नदोहोरिने गरी स्पष्ट कार्यक्षेत्र र मापदण्ड निर्धारण गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>१.५ समान कामका लागि समान प्रकृतिका कार्यालयहरू स्थापनाभन्दा कार्यगत सहकार्य गर्न पहल गरिनेछ।<br>१.६ साझा चासोका सवालहरूमा आवश्यक छलफल गर्न र अनुभव आदानप्रदानका लागि अन्तरप्रदेश समन्वय तथा सहकार्य गरिनेछ।<br>१.७ साझा हित हुने विकास आयोजना तथा कार्यक्रममा अन्तरप्रदेश समन्वय र सहकार्य गरिनेछ।<br>१.८ विकास आयोजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। |
| २. अन्तरनिकाय समन्वय तथा सहकार्य गर्ने। | २.१ प्रदेश मातहतका मन्त्रालय, निकाय तथा कार्यालयबिच योजना तर्जुमा, कार्यान्वयन, नीतिगत एकरूपतालगायतका विषयमा अन्तरनिकाय समन्वय तथा सहकार्य गरिनेछ।<br>२.२ जिल्लास्तरमा एकीकृत कार्यालयमार्फत सेवाप्रवाह गर्ने प्रणालीको सम्भावना अध्ययन गरी कार्यान्वयन गरिनेछ।<br>२.३ अन्तर निकाय समन्वय र सहकार्य तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउन सूचना प्रविधिको उपयोग गरी चुस्त सञ्जालीकरण गरिनेछ।<br>२.४ निजीक्षेत्रसँगको समन्वय तथा सहकार्यका लागि सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिइनेछ। |

### ९.९.६ प्रमुख कार्यक्रमहरू

१. प्रदेश समन्वय परिषद् बैठक आयोजना
२. प्रदेश अनुगमन तथा मूल्याङ्कन समितिको बैठक आयोजना
३. प्रदेश विकास समस्या समाधान समितिको बैठक आयोजना
४. तहगत सरकारबिच सूचना तथा प्रतिवेदन सञ्जालीकरण
५. नीति, कानुन, मापदण्ड तथा योजनामा सहकार्य

६. सार्वजनिक निजी साझेदारी प्रवर्धन कार्यक्रम
७. गैरसरकारी सङ्घ संस्था तथा नागरिक समाजसँग साझेदारी प्रवर्धन कार्यक्रम
८. अध्ययन अनुसन्धान
९. नागरिक सन्तुष्टि सर्वेक्षण

### ९.९.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | प्रदेश समन्वय परिषद् बैठक आयोजना (वार्षिक) | सङ्ख्या | १ | १ |
| २. | तहगत सरकारबिच सूचना तथा प्रतिवेदन सञ्जालीकरणमा आवद्ध निकाय | प्रतिशत | - | ७५ |
| ३. | सार्वजनिक निजी साझेदारीमा सञ्चालित प्रदेशस्तरीय आयोजना तथा कार्यक्रम | सङ्ख्या | - | १० |
| ४. | अन्तर प्रदेश समन्वयमा सञ्चालित आयोजना | सङ्ख्या | - | २ |
| ५. | नागरिक सन्तुष्टि सर्वेक्षण | सङ्ख्या | | |

# परिच्छेद दश : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## १०.१ योजना तर्जुमा तथा कार्यान्वयन

### १०.१.१ पृष्ठभूमि

उपलब्ध स्रोत र साधनलाई आदर्शतम (Optimum) उपयोग गरी देशको विकास गर्न योजनाबद्ध विकासको प्रयास गरिन्छ। नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकास सुरु भई पन्ध्रौं योजना समाप्तिको सङ्घारमा आइपुगेको छ। आगामी आ.व. २०८१/८२ देखि सोह्रौं योजना सुरु हुँदैछ । संविधानले प्रदेशलाई आफ्नो अधिकार क्षेत्रका विषयमा वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। यसैअनुसार नेपालमा सबै प्रदेशले आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिरहेका छन्। सोहीअनुसार मधेश प्रदेशले पनि पहिलो आवधिक योजनाको कार्यान्वयन समाप्त गरी आगामी आ.व. २०८१/८२ देखि दोस्रो आवधिक योजनाको कार्यान्वयन सुरु गर्न लागेको छ ।

प्रदेशको पहिलो आवधिक योजनाको विगत चारवर्ष (आ.व.२०७७/७७ देखि २०७९/८०) को समीक्षा गर्दा लगभग ५० प्रतिशत नीति कार्यान्वयनमा आएका छन् भने प्रस्ताव गरिएका कार्यक्रमहरूमध्ये ३८ प्रतिशतमात्र कार्यान्वयन भएको देखिन्छ। त्यस्तै नतिजा सूचकहरूको विश्लेषण गर्दा ४६ प्रतिशत सूचकको मात्र प्रगति प्राप्त भएको छ प्रगति प्राप्त सूचकहरूको प्रगति पनि न्यून देखिन्छ । पहिलो आवधिक योजनाको चारवर्षको अवधिमा कुल विनियोजित चालु र पुँजीगत बजेट खर्च गर्ने क्षमता औसतमा ५६.७७ प्रतिशत मात्र रहेको छ भने आन्तरिक राजस्वको स्थिति हेर्दा केही उत्साहप्रद स्थित देखिन्छ। योजना अवधिमा कुल रु ६० अर्ब आन्तरिक राजस्व उठने अनुमान गरिएकोमा २०७९/८० सम्मको चारवर्षमा कुल रु ५२ अर्ब २६ करोड १८ लाख आन्तरिक राजस्व सङ्कलन भई लक्ष्य प्राप्त गर्नसक्ने स्थिति देखिन्छ ।

पहिलो आवधिक योजनाको महत्त्वपूर्ण सूचकको उपलब्धि विश्लेषण गर्दा आर्थिक वृद्धि दर योजनाको अन्तिम वर्ष ११ प्रतिशत प्रक्षेपण गरिएकोमा विगत चारवर्षमा आधार वर्षको ६.५३ प्रतिशतबाट पनि तल झरेर १.९ प्रतिशतमात्र भएको छ। त्यस्तै अन्य सूचकहरू जस्तो समग्र गरिबीदर, प्रतिव्यक्ति आय (अमेरिकी डलर), औसत आयु वर्ष (जन्महुँदाको बखत), साक्षरता दर (प्रतिशत) को विगत चार वर्षको लक्ष्यको तुलनामा प्रगति क्रमशः ७७.२, ३७.८, ९६.२ र २९.५ प्रतिशत देखिन्छ । मधेश प्रदेश सरकारले सार्वजनिक निजी साझेदारीमार्फत कार्यान्वयन गरिने र सरकारबाट कार्यान्वयन गरिने दुई खालका परियोजनाहरू छनौट गरी परियोजना बैङ्क तयार गरेको छ। सो परियोजना बैङ्कमा सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने ३० ओटा र सार्वजनिक परियोजनाका रूपमा कार्यान्वयन गरिने २८ ओटा गरी कुल ५८ ओटा परियोजनाहरू समावेश गरिएका छन्। आवधिक योजनाको सफल कार्यान्वयनबाट मात्रै निर्धारित लक्ष्यहरू प्राप्त गर्न सकिन्छ। यसका लागि दक्ष, सक्षम, इमान्दार र स्थिर राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको व्यवस्थापनमा प्रदेश सरकार जिम्मेवार हुनुपर्दछ।

### १०.१.२ अवसर र सम्भावना

संविधान तथा प्रचलित ऐन कानुनले प्रदेशलाई आफ्नो अधिकार क्षेत्रका विषयमा योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने अधिकार प्रदान गर्नु, प्रदेश नीति तथा योजना आयोग गठन भई कार्यरत रहनु, राष्ट्रिय योजना आयोगले सङ्घ, प्रदेश र स्थानीय तहको आयोजना छनौट र वर्गीकरण गरी कार्यक्षेत्र स्पष्ट गर्नु, पहिलो आवधिक योजना कार्यान्वयनको अनुभव हुनु, आयोजना बैङ्क तयार हुनु, प्रदेश र स्थानीय तहबिच समन्वयका लागि प्रदेश समन्वय परिषद्को व्यवस्था रहनु, प्रदेश सरकारका सबै मन्त्रालयमा योजनाको काम गर्ने शाखा रहनु, योजना कार्यान्वयनका लागि मन्त्रालय र अन्तर्गतका संस्थागत संरचना रहनु आदि अवसरको रूपमा रहेका छन्।

### १०.१.३ समस्या र चुनौती

तथ्याङ्कमा आधारित योजना तर्जुमा नहुनु, योजनाको लक्ष्य महत्त्वाकाङ्क्षी हुनु, योजनामा निर्धारित नीति र कार्यक्रमको कार्यान्वयन प्रगति न्यून हुनु, खर्च गर्ने क्षमता कमजोर हुनु, योजना कार्यान्वयन गर्ने संयन्त्र कमजोर हुनु, आवधिक योजना र वार्षिक योजनामा

कमजोर तालमेल हुनु, अन्तर सरकार समन्वय र साझेदारी न्यून हुनु, परियोजनाको लक्षित वर्ग परियोजनाबारे जानकार नहुनु वा उनीहरूको सहभागिता नहुनु, परियोजना वा योजनाहरूको निर्माणमा त्रुटि हुनु, परियोजनाको स्वीकृतिमा ढिलाइ हुनु, बजेट निकासा समयमा नहुनु, सम्झौतामा ढिलाइ हुनु, जिम्मेवार कर्मचारीको छिटो छिटो फेरबदल हुनु, अनुगमन प्रणाली कमजोर हुनु आदि योजना कार्यान्वयनका प्रमुख समस्याहरू हुन्।

आवधिक योजना र वार्षिक कार्यक्रमबिच तादात्म्य कायम गर्नु, आयोजना बैङ्कलाई संस्थागत गरी विद्युतीय पोर्टलमा राख्नु, प्रदेश नीति तथा योजना आयोगको संस्थागत पूर्वाधार सुदृढ गरी दक्ष कर्मचारीको व्यवस्था गर्नु, विकास खर्च क्षमता बढाउनु, स्रोतको सुनिश्चितता र कार्यान्वयन संयन्त्रको व्यवस्थापन गरेर मात्र आयोजना छनौट गर्नु, प्रदेशको कार्यजिम्मेवारी भित्र रहेर मात्र नीति तथा कार्यक्रम तय गर्नु, आयोजना प्रमुखलाई आयोजनाको नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउनु, आयोजना छनौटमा अनुशासन कायम गर्नु, विनियोजन दक्षता बढाउनु आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्।

### १०.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** विश्वसनीय योजना : तथ्यमा आधारित योजना प्रणाली ।

**लक्ष्यः** तथ्याङ्कमा आधारित यथार्थपरक योजना प्रणालीलाई संस्थागत गर्ने ।

**उद्देश्यः** यथार्थपरक र कार्यान्वयनयोग्य योजना तर्जुमा र कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नु ।

### १०.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश योजना प्रणाली सुदृढ गर्ने। | १.१ प्रदेश नीति तथा योजना आयोगको संस्थागत पूर्वाधार सुदृढ गरिनेछ।<br>१.२ तथ्याङ्कमा आधारित यथार्थपरक, व्यावहारिक र कार्यान्वयनयोग्य योजना तर्जुमा गरिनेछ।<br>१.३ प्रदेश नीति तथा योजना आयोगमा योजनासम्बन्धी दक्ष कर्मचारीको व्यवस्थापन गरी समय समयमा क्षमता विकास तालिम दिइनेछ।<br>१.४ आवधिक योजनाको नीतिगत र कार्यक्रमिक प्राथमिकताका आधारमा मध्यमकालीन खर्च संरचना बनाइनेछ।<br>१.५ आयोजना प्राथमिकीकरणको मापदण्ड कडाइका साथ पालन गरी प्राथमिकतामा परेका आयोजना मात्र क्रमानुसार वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ।<br>१.६ आवधिक योजना तथा वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक पद्धति अवलम्बन गरिनेछ।<br>१.७ विद्युतीय प्रणालीमा आधारित आयोजना बैङ्क स्थापना गरिनेछ र सम्भाव्य आयोजनाहरू सो बैङ्कमा राखिनेछ।<br>१.८ आयोजना बैङ्कमा आयोजना समावेश गर्दा पूर्व सम्भाव्यता भएका, सम्भाव्यता र विस्तृत परियोजना प्रतिवेदन प्राप्त आयोजनाको छुट्टाछुट्टै पोर्टल तयार गरिनेछ।<br>१.९ मध्यमकालीन खर्च संरचनाका लागि आयोजनाको छनौट गर्दा आयोजना बैङ्कमा भएका कार्यान्वयनयोग्य आयोजना मात्र छनौट हुने पद्धतिको विकास गरिनेछ।<br>१.१० प्रदेश योजना तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानुनहरू, राष्ट्रिय योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत गुरुयोजना तथा रणनीतिक योजनाहरू र नेपालले अन्तर्राष्ट्रियरूपमा गरेका सन्धि सम्झौता र प्रतिबद्धताहरूलाई समेत आधार मानिनेछ।<br>१.११ वार्षिक कार्यक्रममा आयोजना छनौट गर्दा नतिजा नदेखिने टुक्रे आयोजना छनौट नगर्ने नीति लिइनेछ।<br>१.१२ सूचना शाखा स्थापना गरी प्रदेशस्तरीय तथ्याङ्कहरू सङ्कलन, व्यवस्थापन र विश्लेषण गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| २. योजना कार्यान्वयन प्रभावकारी बनाउने। | २.१ वार्षिक योजना छनौट गर्दा आयोजना बैङ्कमा रहेका र मध्यमकालीन खर्च संरचनामा प्राथमिकीकरणमा परेका आयोजना/कार्यक्रम मात्र छनौट गरिनेछ।<br>२.२ स्रोत सुनिश्चित भएका र कार्यान्वयन संयन्त्र सुनिश्चित भएका आयोजना/कार्यक्रमलाई मात्र वार्षिक कार्यक्रममा समावेश गरिनेछ।<br>२.३ आयोजना प्रमुखलाई आयोजनाको नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार गरिनेछ।<br>२.४ अधुरा आयोजना पूरा गर्न पहिलो प्राथमिकता दिइनेछ।<br>२.५ आयोजना कार्यान्वयन गर्दा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>२.६ आयोजना कार्यान्वयन र दिगो व्यवस्थापनका लागि जनसहभागितालाई प्राथमिकतामा दिइनेछ।<br>२.७ आयोजनामा विनियोजन दक्षता र खर्च क्षमता बढाइने छ।<br>२.८ योजनाको प्रभावकारी कार्यान्वयनका लागि उद्देश्यमूलक र समयबद्ध खर्च प्रणालीको विकास गर्ने नीति अपनाइनेछ। |

### १०.१.६ प्रमुख कार्यक्रमहरू

१. आयोजना बैङ्क स्थापना ।
२. प्रदेश नीति तथा योजना आयोगको संस्थागत सुदृढीकरण ।
३. प्रदेश नीति तथा योजना आयोगका कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम ।

### १०.१.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
| --- | --- | --- | --- | --- |
| १. | विषय क्षेत्रगत योजना | सङ्ख्या | - | १० |
| २. | योजना तर्जुमासम्बन्धी तालिम प्राप्त जनशक्ति | सङ्ख्या | - | ३० |
| ३. | आवधिक योजनाको प्राथमिकतामा परेका आयोजनाको छनौट | प्रतिशत | - | ५० |
| ४. | समयमा सम्पन्न आयोजना | प्रतिशत | - | ८० |
| ५. | प्रदेश सरकारको सहयोगमा राजश्व सुधार कार्ययोजना निर्माण भएका स्थानीय तह | सङ्ख्या | - | २५ |
| ६. | प्रदेश सरकारको सहयोगमा आवधिक योजना निर्माण भएका स्थानीय तह | सङ्ख्या | - | २५ |

## १०.२ तथ्याङ्क व्यवस्थापन

### १०.२.१ पृष्ठभूमि

तथ्याङ्क नीति तथा योजना तर्जुमाको आधार हो। नेपालको संविधानले प्रदेश तथ्याङ्कलाई प्रदेश सरकारको एकल अधिकारमा राखेको छ। नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदनअनुसार प्रादेशिक तथ्याङ्कसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, मापदण्डअनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रादेशिक अभिलेख तथ्याङ्क व्यवस्थापन, सर्वेक्षण, प्रादेशिक एकीकृत तथा खण्डीकृत तथ्याङ्क र सूचना प्रणालीको विकास, तथ्याङ्कसम्बन्धी सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य आदि विभिन्न विषयहरू प्रदेशको कार्यक्षेत्रमा पर्दछ ।

प्रदेश नीति तथा योजना आयोगले प्रदेश पार्श्वचित्र, २०७७ प्रकाशनमा ल्याएको छ भने प्रदेशको जनसाङ्ख्यिक स्थिति २०७६ प्रकाशनमा ल्याएको छ। प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क शाखा स्थापना भएको छ। प्रदेशको तथ्याङ्क सङ्कलन, प्रशोधन गर्ने र पार्श्वचित्रलाई अद्यावधिक गर्ने र यसलाई डिजिटलाइजेसनतिर लाने कुरामा प्रदेश नीति तथा योजना आयोग प्रयासरत रहेको छ।

### १०.२.२ अवसर र सम्भावना

प्रदेश पार्श्वचित्र, २०७७ र प्रदेशको जनसाङ्ख्यिक स्थिति २०७६ प्रकाशनमा आउनु, प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क शाखा स्थापना हुनु, तथ्याङ्कको परिमार्जन र डिजिटाइजेसन प्रक्रिया सुरु हुनु, तथ्याङ्क व्यवस्थापन प्रदेश नीति तथा योजना आयोगको प्राथमिकतामा रहनु आदि महत्त्वपूर्ण अवसर हुन्।

### १०.२.३ समस्या र चुनौती

खण्डीकृत तथ्याङ्कसहितको पूर्ण तथ्याङ्क आधार तयार नहुनु, प्रदेश पार्श्वचित्र अद्यावधिक नहुनु, मन्त्रालयहरूमा आफ्नो मन्त्रालयसम्बन्धी तथ्याङ्कीय आधार कमजोर हुनु, प्रदेश योजना आयोगमा तथ्याङ्क शाखामा तथ्याङ्कसम्बन्धी जनशक्ति, पूर्वाधार तथा नीति र कानुनी व्यवस्था आवश्यक मात्रामा नहुनु आदि प्रमुख समस्या रहेका छन् ।

तथ्याङ्कसम्बन्धी नीतिगत र कानुनी व्यवस्था गर्नु, सबै विषय क्षेत्रका खण्डीकृत तथ्याङ्क आधार तयार गर्नु र नियमित अद्यावधिक गर्नु, प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क महाशाखाको स्थापना गरी तथ्याङ्कको आधिकारिक निकायका रूपमा स्थापित गर्नु, प्रदेश नीति योजना आयोगमा आवश्यक पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था गर्नु, प्रदेश तथ्याङ्कलाई विद्युतीय प्रणालीमा आबद्ध गर्दै स्थानीय तह र राष्ट्रिय तथ्याङ्क कार्यालयसँग सञ्जालीकरण गर्नु आदि प्रमुख चुनौतीहरू रहेका छन् ।

### १०.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** तथ्यगत नीति, निर्णय र योजना : सुदृढ तथ्याङ्क व्यवस्थापन ।

**लक्ष्यः** सुदृढ तथ्याङ्कीय आधार तयार गर्ने ।

**उद्देश्यः** प्रदेश तहको तथ्याङ्कको सङ्कलन गरी अद्यावधिक अभिलेख राख्नु ।

### १०.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुदृढ तथ्याङ्क आधार तयार गर्ने। | १.१ तथ्याङ्कसम्बन्धी नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ।<br>१.२ सबै विषयको खण्डीकृत तथ्याङ्क सङ्कलन र समावेश गरी प्रदेश पार्श्वचित्र परिमार्जन गरिनेछ र यसलाई नियमित अद्यावधिक गर्दै लगिनेछ।<br>१.३ तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्न स्थानीय तहसँग नियमित समन्वयमा रही कार्य गरिनेछ।<br>१.४ तथ्याङ्कको विषयगत र खण्डिकृतरूपमा विद्युतीय अभिलेख राखिनेछ र जुनसुकै विषयको खण्डीकृत तथ्याङ्क तुरुन्त पाउन सक्ने प्रणाली विकास गरिनेछ।<br>१.५ सबै मन्त्रालयहरूले आफ्नो मन्त्रालयसम्बन्धी तथ्याङ्क एवम् सूचना वेभसाइटमा राख्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गरिनेछ। |
| २. प्रदेश नीति तथा योजना आयोगको संस्थागत सुधार गर्ने। | २.१ प्रदेश नीति तथा योजना आयोगमा छुट्टै तथ्याङ्क महाशाखा गठन गरी तथ्याङ्कसम्बन्धी आधिकारिक निकायकारूपमा विकास गरिनेछ।<br>२.२ तथ्याङ्क महाशाखामा आवश्यक अफिस पूर्वाधार, बजेट र दक्ष कर्मचारीको व्यवस्था गरिनेछ।<br>२.३ तथ्याङ्क सङ्कलन र परिमार्जनमा स्थानीय तहहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय र विभिन्न सरोकारवाला सङ्घ सस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.४ प्रदेश नीति योजना आयोग र प्रदेश अन्तर्गतका स्थानीय तहहरू एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयहरूबिच सूचना सञ्जाल विस्तार गरिनेछ। |

### १०.२.६ प्रमुख कार्यक्रमहरू

१. तथ्याङ्कसम्बन्धी कानुनको तर्जुमा
२. दिगो विकास लक्ष्यका प्रादेशिक तथा स्थानीय तहका सूचकको मापन, सङ्कलन, सम्पादन र विश्लेषण
३. प्रदेश पार्श्वचित्रको अद्यावधीकरण

४. तथ्याङ्क शाखाको भौतिक पूर्वाधार विकास
५. तथ्याङ्क शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास
६. तथ्याङ्कको डिजिटलाइजेसन

### १०.२.७ परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | सूचना सञ्जालीकरणमा आबद्ध स्थानीय तह | सङ्ख्या | - | १३६ |
| २. | तथ्याङ्क व्वस्थापनसम्बन्धी क्षमता विकास भएको जनशक्ति | सङ्ख्या | - | ३० |
| ३. | विषय क्षेत्रगत प्रोफायल | सङ्ख्या | - | १० |
| ४. | नियमित अद्यावधिक भएका विषय क्षेत्रगत प्रोफायल | सङ्ख्या | - | ८ |
| ५. | प्रोफायल तयार गर्न सहयोग पाएका स्थानीय तह | सङ्ख्या | - | २५ |

## १०.३ अनुगमन तथा मूल्याङ्कन

### १०.३.१ पृष्ठभूमि

कुनै नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए नभएको वा अपेक्षित नतिजा हासिल भए नभएको आँकलन गर्ने कार्य अनुगमन हो र यो कार्य कार्यान्वयन गर्ने निकाय वा कानुनबमोजिम अख्तियार प्राप्त निकायले गर्ने गर्दछ। मूल्याङ्कन भनेको कार्यान्वयनको चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, दिगोपना, तथा प्रभावहरूकाबारेमा आन्तरिक तथा बाह्य मूल्याङ्कनकर्ताबाट गरिने कार्य हो।

अनुगमन तथा मूल्याङ्कन योजना प्रणालीको महत्त्वपूर्ण चरण हो। विकास प्रक्रियालाई नतिजामुखी, पारदर्शी र जवाफदेही बनाउँदै विकास नीति योजना, कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको भूमिका महत्त्वपूर्ण हुन्छ। नेपालको संविधानले तथ्याङ्क व्यवस्थापन र योजना प्रक्रिया तथा अध्ययन अनुसन्धानको दायरालाई तीनओटै तहका सरकारको कार्यक्षेत्र भित्र पर्नेगरी अधिकार र जिम्मेवारी निर्धारण गरेको छ। यसअनुरूप प्रदेशस्तरीय विकास नीति, योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा वैज्ञानिक अनुसन्धान जस्ता विषय प्रदेश सरकारको कार्यजिम्मेवारीभित्र पर्दछन्।

अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेशले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयमा काम गर्नका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय संयन्त्रकारूपमा प्रदेश विकास समस्या समाधान समिति, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान उप-समिति, विकास योजना, नीति कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्न प्रत्येक मन्त्रालयमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रालयस्तरीय समस्या समाधान समिति, सचिवको संयोजकत्वमा उपसमिति रहने व्यवस्था गरेको छ। त्यस्तै सार्वजनिक प्रशासनलाई जनमुखी, पारदर्शी, जवाफदेही, समावेशी तथा जनसहभागितामूलक बनाउने उद्देश्यले प्रमुख सचिवको संयोजकत्वमा प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति रहने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने मन्त्रालय, निकाय तथा कार्यालयहरूले अनुगमन तथा मूल्याङ्कन शाखा राखुपर्ने व्यवस्था गरिएको छ।

अनुगमन र मूल्याङ्कनलाई योजनाको महत्त्वपूर्ण चरणका रूपमा स्वीकार गरिएको भए तापनि नेपालमा अनुगमन मूल्याङ्कनको व्यावहारिक पक्ष निकै कमजोर देखिन्छ। अनुगमन गर्ने व्यक्ति र संस्थाको जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्ने, आयोजनाको

नियमित अनुगमन गर्ने र परेका समस्या समाधान गरी समयमै आयोजना सम्पन्न गराउने, सुदृढ आयोजना सूचना प्रणालीको विकास गर्ने, स्थलगत अनुगमनको अनिवार्य प्रतिवेदन दिनुपर्ने, प्रतिवेदनलाई वेभसाइटमा राख्ने, मन्त्रालयको प्रगति समीक्षा नियमित गर्ने, प्रदेश विकास समस्या समाधान समिति र प्रदेश मन्त्रालय विकास समस्या समाधान समिति र सम्बन्धित उपसमितिका बैठकहरू नियमित गरी नीतिगत समस्या समाधान गर्ने, आयोजनाको प्रभाव मूल्याङ्कन गरी पृष्ठपोषणका आधारमा आगामी योजना तर्जुमा गर्ने पद्धतिलाई संस्थागत गर्न सकिएको अवस्था देखिँदैन। अनुगमन तथा मूल्याङ्कनसम्बन्धी ढाँचा अनुसूची २ मा प्रस्तुत गरिएको छ।

### १०.३.२ अवसर र सम्भावना

प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ कार्यान्वयनमा रहनु, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश विकास समस्या समाधान समिति र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र उपसमिति जस्ता उच्च तहका संयन्त्रहरू रहनु, विभिन्न मन्त्रालयमा अनुगमन संयन्त्र रहनु, नियमित प्रगति समीक्षा गर्ने प्रावधान हुनु, आयोजनाको मूल्याङ्कन गर्नुपर्ने प्रावधान हुनु, अनुगमन र मूल्याङ्कनका खाकाहरू विकास हुनु आदि अवसरहरू रहेका छन्।

अनुगमन र मूल्याङ्कनलाई नीति तथा आयोजना चक्रको अभिन्न चरणकारूपमा संस्थागत गर्नु, अनुगमन गर्ने संस्था र व्यक्तिको जिम्मेवारी र उत्तरदायित्व किटान गरी जिम्मेवार बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको अनुगमन शाखा वा महाशाखाको क्षमता विकास गर्नु, अनुगमन प्रतिवेदनलाई तुरुन्त कार्यान्वयन गर्नु, प्रदेश विकास समस्या समाधान समस्या समिति र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई विकास समस्याको समाधानको प्रभावकारी संयन्त्रकारूपमा विकास गर्नु, प्रदेश नीति तथा योजना आयोगको क्षमता विकास गर्नु, आयोजना व्यवस्थापन सूचना प्रणालीको विकास गर्नु, आयोजनाको मूल्याङ्कनलाई संस्थागत गर्नु, आयोजना मूल्याङ्कनको पृष्ठपोषणलाई आगामी नीति तथा योजनाको आधार बनाउनु आदि चुनौतीहरू रहेका छन्।

प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ कार्यान्वयनमा रहनु, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश विकास समस्या समाधान समिति र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र उपसमिति जस्ता उच्च तहका संयन्त्रहरू रहनु, मन्त्रालयहरूमा अनुगमन संयन्त्र रहनु, नियमित प्रगति समीक्षा गर्ने प्रावधान हुनु, आयोजनाको मूल्याङ्कन गर्नुपर्ने प्रावधान हुनु, अनुगमन र मूल्याङ्कनका खाकाहरू विकास हुनु आदि यस क्षेत्रका अवसरहरू हुन्।

### १०.३.३ समस्या र चुनौती

अनुगमन तथा मूल्याङ्कन प्रदेश सरकारको प्राथमिकतामा नपर्नु, आयोजनाको अनुगमन गर्ने निकाय र अधिकारीको स्पष्ट अधिकार, जिम्मेवारी र उत्तरदायित्व किटान नहुनु, आयोजनाको अनुगमन प्रतिवेदन प्रणाली व्यवस्थित नहुनु र त्यसको कार्यान्वयन नहुनु, नतिजा सूचकमा आधारित भएर अनुगमन नगरिनु, अनुगमन शाखामा बस्ने कर्मचारीको क्षमता विकास नहुनु र अनुगमन शाखामा कर्मचारी बस्न नरुचाउनु, प्रगति समीक्षा नियमित नहुनु, भएकोमा पनि औपचारिकतामा सीमित हुनु, प्रदेश विकास समस्या समाधान समिति र उपसमिति, प्रदेश मन्त्रालय विकास समस्या समाधान समिति र उपसमितिका बैठकहरू नियमित नहुनु, आयोजनाको मूल्याङ्कन प्रणाली संस्थागत नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

अनुगमन र मूल्याङ्कनलाई नीति तथा आयोजना चक्रको अभिन्न चरणका रूपमा संस्थागत गर्नु, अनुगमन गर्ने संस्था र व्यक्तिको जिम्मेवारी र उत्तरदायित्व किटान गरी जिम्मेवार बनाउनु, योजना कार्यान्वयन गर्ने निकायको अनुगमन शाखा वा महाशाखाको क्षमता विकास गर्नु, अनुगमन प्रतिवेदनलाई तुरुन्त कार्यान्वयन गर्नु, प्रदेश विकास समस्या समाधान समस्या समिति र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई विकास समस्याको समाधानको प्रभावकारी संयन्त्रका रूपमा विकास गर्नु, प्रदेश नीति तथा योजना आयोगको क्षमता विकास गर्नु, आयोजना व्यवस्थापन सूचना प्रणालीको विकास गर्नु, आयोजनाको मूल्याङ्कनलाई संस्थागत गर्नु, आयोजना मूल्याङ्कनको पृष्ठपोषणलाई आगामी नीति तथा योजनाको आधार बनाउनु आदि चुनौतीहरू रहेका छन्।

### १०.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्तरीय नतिजा : प्रभावकारी अनुगमन ।

**लक्ष्यः** नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्ने ।

**उद्देश्यः** अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी र नतिजामुखी बनाउनु ।

### १०.३.५ रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संयन्त्र सुदृढीकरण गर्ने। | १.१ प्रदेश नीति तथा योजना आयोगमा प्रदेश अनुगमन महाशाखा राखी त्यसलाई स्रोत साधनयुक्त बनाई प्रदेश अनुगमनको उच्चस्तरीय संयन्त्रका रूपमा विकास गरिनेछ।<br>१.२ प्रदेश विकास समस्या समाधान समिति र प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र उपसमितिहरूलाई नीति तथा योजना विश्लेषण र समस्या समाधानको प्रभावकारी उच्च संयन्त्रका रूपमा विकास गरिनेछ।<br>१.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र सबै प्रदेश मन्त्रालयहरूको अनुगमन महाशाखा/शाखालाई स्रोत साधनयुक्त बनाई क्षमता वृद्धि गरिनेछ।<br>१.४ प्रदेश नीति तथा योजना आयोगमा प्रादेशिक योजना व्यवस्थापन सूचना केन्द्रको व्यवस्था गरी प्रदेश गौरव, रूपान्तरणकारी र अन्य प्रदेश प्राथमिकताका आयोजनाको स्थिति नियमित अद्यावधिक गरिनेछ।<br>१.५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मन्त्रालयहरूको योजना कार्यान्वयन र अनुगमन शाखा र प्रदेश अनुगमन महाशाखाबिच सूचना सञ्जाल स्थापना गरिनेछ र योजना कार्यान्वयन गर्ने निकायले सबै योजनाको प्रगति, समस्या र अन्य विषयको नियमित अद्यावधिक गर्नुपर्ने व्यवस्था मिलाइनेछ।<br>१.६ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ। |
| २. अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने। | २.१ आयोजनाको लागत र प्राथमिकता अनुसारको अनुगमन गर्ने जिम्मेवार निकाय र अधिकारी तोकी नियमित अनुगमन गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>२.२ आयोजना सञ्चालन गर्ने आयोजना प्रमुख, सम्बन्धित विभागीय प्रमुख र मन्त्रालयको सचिवलाई अनुगमनको पहिलो अधिकारीका रूपमा जिम्मेवार बनाइनेछ।<br>२.३ स्थलगत अनुगमन गर्दा आधिकारिक पदाधिकारीले मात्र गरी देखिएका प्रक्रियामुखी समस्या तत्काल समाधान हुनसक्ने व्यवस्था मिलाइनेछ।<br>२.४ प्रदेश अनुगमन महाशाखा र सबै अनुगमन महाशाखा/शाखामा काम गर्ने कर्मचारी र पदाधिकारीको क्षमता विकास गरिनेछ।<br>२.५ स्थलगत अनुगमन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६ मा निर्धारित खाका प्रयोग गरिनेछ।<br>२.६ अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई आवश्यकताअनुसार समयानुकूल बनाउँदै लगिनेछ।<br>२.७ नतिजा सूचकमा आधारित भई अनुगमन गरिनेछ।<br>२.८ स्थलगत अनुगमन गरी अनिवार्यरूपमा निर्धारित ढाँचाअनुसार प्रतिवेदन दिनुपर्ने व्यवस्था गरिनेछ र प्रतिवेदनलाई रेकर्ड गरी छलफलमा ल्याइनेछ।<br>२.९ रूपान्तरणकारी, प्रदेश गौरव र आवश्यकताअनुसार अन्य प्राथमिकताका आयोजनाहरूको स्थलगत अनुगमन, सूचना अद्यावधिक तथा समीक्षा, प्रगति अनुगमन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश नीति तथा योजना आयोगबाट पनि गरिनेछ।<br>२.१० मन्त्रालयमा प्रदेश गौरव, रूपान्तरणकारी र प्राथमिकताप्राप्त आयोजनाको मासिक समीक्षा गरी तत्काल समस्या समाधान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.११ ठुला नीतिगत समस्याका सन्दर्भमा समस्याको प्रकृतिअनुसार मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र प्रदेश विकास समस्या समाधान समितिमा पेस गरी तत्काल समस्या समाधान गर्ने व्यवस्था मिलाइनेछ।<br>२.१२ आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले नियमितरूपमा सबै आयोजना/कार्यक्रमको चौमासिक र वार्षिक प्रगति समीक्षा गरिनेछ।<br>२.१३ रूपान्तरणकारी, प्रदेश गौरवका आयोजनाको कार्यान्वयन चरण देखि नै नियमितरूपमा अनुगमन र मूल्याङ्कन गरिनेछ।<br>२.१४ आवधिक योजनाको कार्यान्वयन सुरु भएको दुईदेखि तीन वर्षभित्र मध्यावधि मूल्याङ्कन गरिनेछ । त्यसको सुझावलाई योजनाको बाँकी अवधिमा कार्यान्वयन गरिनेछ।<br>२.१५ आवधिक योजनाको कार्यान्वयन समाप्त भएपछि योजनाको प्रभाव मूल्याङ्कन गरिनेछ र त्यसको पृष्ठपोषणलाई आगामी योजना तर्जुमाको आधार बनाइनेछ।<br>२.१६ प्रभाव मूल्याङ्कन तेस्रो पक्षबाट गरिनेछ।<br>२.१७ विनियोजनको कम्तिमा पाँच प्रतिशत रकम अनुगमन तथा मूल्याङ्कनमा विनियोजन गर्ने व्यवस्था गरिनेछ।<br>२.१८ प्रदेश सरकारबाट सम्पादन हुने ठुला, रूपान्तरणकारी आयोजना तथा कार्यक्रमको अनुगमन प्रदेश संसदीय समितिहरूबाट पनि गरिनेछ। |

### १०.३.६ प्रमुख कार्यक्रमहरू

१. नीति तथा कानुनको निर्माण र परिमार्जन
२. संस्थागत क्षमता विकास कार्यक्रम
३. आवधिक समीक्षा कार्यक्रम
४. कार्यक्रम/आयोजनाको अनुगमन
५. आचारसंहिता र मापदण्ड निर्माण
६. वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तर्जुमा

### १०.३.७ परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को अवस्था | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | अनुगमन गरिएका परियोजना | प्रतिशत | - | ५० |
| २ | तेस्रो पक्ष मूल्याङ्कन गरिएका परियोजना | प्रतिशत | - | ४० |
| ३ | मूल्याङ्कन गरिएका आयोजना | प्रतिशत | - | ७० |

# अनुसूचीहरू

## अनुसूची १: एकीकृत नतिजा खाका

### १. समष्टिगत आर्थिक क्षेत्र

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादन वृद्धि | प्रतिशत | १.५ | ६.२ | ६.५ | ६.८ | ७.२ | ७.५ | आर्थिक सर्वेक्षण | | |
| कुल गार्हस्थ्य उत्पादन | रु. करोडमा | ७०१३७ | ७७३१० | ८२३६५ | ८७९७१ | ९४३६९ | १०१४६६ | | | |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | ८६८ | ९१८ | ९७२ | १०२८ | १०८८ | ११४९ | | | |
| **असर** | | | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान | प्रतिशत | ३५.४ | ३४.९ | ३४.२ | ३३.४ | ३२.७ | ३२.० | आर्थिक सर्वेक्षण | | |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान | प्रतिशत | ११.३ | ११.२ | ११.४ | ११.६ | ११.९ | १२.१ | आर्थिक सर्वेक्षण | | |
| कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५३.४ | ५४.० | ५४.४ | ५४.९ | ५५.४ | ५५.९ | आर्थिक सर्वेक्षण | | |
| **प्रतिफल** | | | | | | | | | | |
| प्राथमिकक्षेत्रमा लगानी | रकम रु. करोडमा | - | २८९३ | २८९१ | ३०१४ | ३५२० | ३६८७ | आर्थिक सर्वेक्षण | प्रदेश सरकार, निजी क्षेत्र, सामुदायिक संस्था र सहकारी क्षेत्र | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| द्वितीय क्षेत्रमा लगानी | रकम रु. करोडमा | - | २६७२ | २८४३ | ३१७१ | ३६२६ | ४०४४ | | | |
| सेवा क्षेत्रमा लगानी | रकम रु. करोडमा | - | ११५३५ | १३११२ | १४५९४ | १६६०४ | १८४२५ | | | |
| कुल खर्चमा आन्तरिक स्रोतको अनुपात | प्रतिशत | ४६.८५ | ४८ | ५० | ५२ | ५४ | ५५.० | आर्थिक सर्वेक्षण | अर्थ मन्त्रालय | |
| कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | ६० | ६१ | ६२ | ६३ | ६४ | ६५ | आर्थिक सर्वेक्षण | अर्थ मन्त्रालय | |

## २. आर्थिक विकास

### २.१ कृषि तथा खाद्य सुरक्षा, पशुपंक्षी पालन, दुग्ध विकास (डेरी) र मत्स्यपालन

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.१ | ४.३ | ४.१ | ४.१ | ४.६ | ४.७ | आर्थिक सर्वेक्षण | | |
| **असर** | | | | | | | | | | |
| आधारभूत खाद्य सुरक्षित परिवार | प्रतिशत | ८५.७[१४] | ८६ | ८७ | ८८ | ८९ | ९०.० | आर्थिक सर्वेक्षण | भू.व्य. कृ.स.म. | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कृषि श्रम उत्पादकत्व | रु हजारमा | ३१[१५] | ३२ | ३४ | ३६ | ३८ | ४० | | | |
| प्रतिव्यक्ति खाद्य उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | ३६५.७[१६] | ३६८.५ | ३७० | ३७५ | ३७८ | ३८५.३ | | | |
| **प्रतिफल** | | | | | | | | | | |
| **कृषि तथा खाद्य सुरक्षा** | | | | | | | | | | |
| धान उत्पादन | मे.ट. | १४०९४४० | १४५३१३३ | १४९८१८० | १५४४६२३ | १५९२५०७ | १६४१९८८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| मकै उत्पादन | मे.ट. | २००३९५ | २१३०२० | २२६४४० | २४०७०६ | २५५८७० | २७१६१४ | | | |
| गहुँ उत्पादन | मे.ट. | ६३८०९४ | ६५७८७५ | ६७८२६९ | ६९९२९५ | ७२०९७४ | ७४३३७५ | | | |
| धानको उत्पादकत्व | मे.ट./हे. | ३.६४ | ३.७१ | ३.७८ | ३.८५ | ३.९२ | ४.० | | | |
| मकैबालीको उत्पादकत्व | मे.ट./हे. | ३.५७ | ३.६७ | ३.७७ | ३.८८ | ३.९९ | ४.१ | | | |
| गहुबालीको उत्पादकत्व | मे.ट./हे. | ३.४४ | ३.४९ | ३.५३ | ३.५८ | ३.६३ | ३.७ | | | |
| आलुको उत्पादकत्व | मे.ट./हे. | १६.१५ | १६.५१ | १६.८७ | १७.२४ | १७.६२ | १८.० | | | |
| उखुवालीको उत्पादकत्व | मे.ट./हे. | ४९.०४ | ४९.६३ | ५०.२२ | ५०.८३ | ५१.४४ | ५२.० | | | |
| तरकारीबालीको उत्पादकत्व | मे.ट./हे. | १४.५४ | १४.९० | १५.२८ | १५.६६ | १६.०५ | १६.५ | | | |

१४. Nepal Demographic and Health Survey, 2022: Ministry Health and Population

१५. Agricultural Labor Productivity has been estimated as = AGDP/Economically Active Population of 15-59 Yrs of Age*Proportion of Population engaged in Agriculture

१६. National Population Census, 2078 (NSO) and Statistical Information on Nepalese Agriculture, 2078/79 (MoALD)

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| अमिलो जातका फलफूलको उत्पादकत्व | मे.ट./हे. | ६.६१ | ६.६९ | ६.७७ | ६.८५ | ६.९३ | ७.०० | | | |
| उष्ण जातका फलफूलको उत्पादकत्व | मे.ट./हे. | १४.६४ | १४.७१ | १४.७९ | १४.८६ | १४.९४ | १५.०० | | | |
| मसलाबालीको उत्पादकत्व | मे.ट./हे. | ९.१ | ९.१८ | ९.२६ | ९.३५ | ९.४३ | ९.५ | | | |
| तेलहन बालीको उत्पादकत्व | मे.ट./हे. | १.०८ | १.१२ | १.१४ | १.१६ | १.१२ | १.२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| दलहन बालीको उत्पादकत्व | मे.ट./हे. | १.२५ | १.२८ | १.३१ | १.३५ | १.३८ | १.४ | | | |
| उच्च खाद्य असुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | १.१[१७] | ०.९ | ०.८ | ०.७ | ०.६ | ०.५ | | | |
| कृषि तथा पशु स्वास्थ्य प्राविधिकसहितको कल सेन्टर | सङ्ख्या | ० | ८ | ३२ | ६४ | १०० | १३६ | | | |
| **पशुपंक्षी पालन** | | | | | | | | | | |
| प्रतिव्यक्ति मासु उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | १०.५ | १०.८ | ११.२ | ११.८ | १२.० | १२.५ | भू.व्य.कृ.स.म.को प्रतिवेदन | भू.व्य. कृ.स.म. | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रतिव्यक्ति अन्डा उपलब्धता | गोटा प्रतिवर्ष | १३.२४ | १३.८ | १४.५ | १५.० | १५.२ | १५.४७ | | | |
| कुल मासु उत्पादन | मे.ट. | ६५४६५ | ६९३९३ | ७४२५० | ७९४४८ | ८५००९ | ९०५४४ | भू.व्य.कृ.स.म.को प्रतिवेदन | भू.व्य. कृ.स.म. | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कुल अन्डा उत्पादन | सङ्ख्या (हजारमा) | ८१९४१ | ८७१८५ | ९२७६५ | ९८७०२ | १०५०१९ | १११९४१ | भू.व्य.कृ.स.म.को प्रतिवेदन | भू.व्य. कृ.स.म. | |
| **मत्स्यपालन** | | | | | | | | | | |
| माछा पोखरी | सङ्ख्या | २००७८ | २१४४३ | २२९०१ | २४४५९ | २६१२२ | २७८३५ | मत्स्य विकास तालिम केन्द्र | मत्स्य विकास तालिम केन्द्र | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| माछा पोखरीले ढाकेको क्षेत्रफल | हे. | ८६६७ | ९२७४ | ९९२३ | १०६१७ | ११३६१ | १२१९२ | | | |
| माछा पोखरीमा पानीको क्षेत्रफल | हे. | ८१२८ | ८७१३ | ९३४१ | १००१३ | १०७३४ | ११४३४ | | | |
| प्रतिव्यक्ति माछा उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | ७.८५ | ८.२८ | ८.७४ | ९.२२ | ९.७२ | १०.१६ | | | |
| माछाको उत्पादकत्व | मे.ट. प्रतिवर्ष प्रति हे. | ५.९८ | ६.०६ | ६.१५ | ६.२३ | ६.३२ | ६.४३ | | | |
| कुल माछा उत्पादन | मे.ट. | ४७६३० | ५२१०७ | ५७००५ | ६२३६४ | ६८२२६ | ७३५५६ | | | |

१७. Nepal Demographic and Health Survey, 2022 (MoHP)

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **डेरी** | | | | | | | | | | |
| जम्मा गाई | सङ्ख्या | १३४१०७८ | १३५७१७१ | १३७३४५७ | १३८९९३८ | १४०६६१८ | १४३४८३७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपंक्षी विकास महाशाखा | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपंक्षी विकास महाशाखा | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| जम्मा दुहुना गाई | सङ्ख्या | १९६४९१ | १९९२४२ | २०२०३१ | २०४८६० | २०७७२८ | २१०२२८ | | | |
| जम्मा कुल भैंसी | सङ्ख्या | ८७५९२३ | ८९६९४५ | ९१८४७२ | ९४०५१५ | ९६३०८८ | ९८३१९१ | | | |
| जम्मा कुल दुहुना भैंसी | सङ्ख्या | २७५४९६ | २८१८३२ | २८८३१५ | २९४९४६ | ३०१७३० | ३०९२३४ | | | |
| दुध उपलब्धता (प्रतिव्यक्ति प्रतिवर्ष) | लिटर | ७२.८९ | ७४.८६ | ७६.८८ | ७८.९५ | ८१.०९ | ८३.३९ | | | |
| दुधको उत्पादकत्व (प्रतिदुहुना गाई प्रतिवर्ष) | लिटर | ९५१.१७ | १०१३.० | १०७८.८ | ११४९.० | १२२३.६ | १३०४.८९ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपंक्षी विकास महाशाखा | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपंक्षी विकास महाशाखा | |
| दुधको उत्पादकत्व (प्रतिदुहुना भैंसी प्रतिवर्ष) | लिटर | १३४४.२९ | १३८८.६५ | १४३४.४८ | १४८१.८१ | १५३०.७१ | १५६६.०९ | | | |
| गाईको कुल दुध उत्पादन | मे.ट. | १८६८९५ | २०२०३३ | २१८३९८ | २३६०८८ | २५५२१२ | २७४३२५ | | | |
| भैंसीको कुल दुध उत्पादन | मे.ट. | २६४१४० | २७६०२६ | २८८४४७ | ३०१४२८ | ३१४९९२ | ३२९२३६ | | | |
| कुल दुध उत्पादन | मे.ट. | ४५१०३५ | ४७८०९७ | ५०६७८३ | ५३७१९० | ५६९४२१ | ६०३५६१ | | | |
| **भूमि व्यवस्था** | | | | | | | | | | |
| भू-उपयोग नीति लागु गरिएको स्थानीय तह | सङ्ख्या | - | १० | २० | ३० | ४० | ५० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भूमि व्यवस्था महाशाखा | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, भूमि व्यवस्था महाशाखा | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| भू-उपयोग योजना लागु भएको स्थानीय तह | सङ्ख्या | - | १० | २० | ३० | ४० | ५० | | | |
| संरक्षित सार्वजनिक जग्गा | प्रतिशत | - | ५ | १० | १५ | १८ | २० | | | |
| चक्लाबन्दी गरी व्यावसायिक खेती गरिएको जग्गा | हेक्टर | - | ५०० | १००० | २००० | ४००० | ५००० | | | |
| भूमि बैङ्क स्थापना भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | - | २ | ४ | ६ | ७ | ८ | | | |
| करार तथा सामूहिक खेती गरिएको क्षेत्रफल | हेक्टर | - | ५० | १०० | २०० | ४०० | ५०० | | | |
| Public Access Module (PAM) मा पहुँच पुगेका स्थानीय तहहरू | सङ्ख्या | - | १० | २० | ३०५ | ५० | ६८ | | | |
| पूर्ण स्वचालित भू-सूचना प्रणाली (Land Records Information Management System-LRIMS) लागु भएका कार्यालय | सङ्ख्या | - | ५ | १० | १५ | १८ | २० | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **गुठी** | | | | | | | | | | |
| संरक्षित गुठीसम्पदा | प्रतिशत | - | २० | ३० | ४५ | ६० | ७० | गुठी संस्थानको प्रतिवेदन | गुठी संस्थान | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| गुठीसम्पदाको खोज, संरक्षणमा सहकार्य गरिएका स्थानीय तह | प्रतिशत | - | १० | २० | ३० | ४० | ५० | | | |
| विद्युतीय अभिलेखीकरण गरिएका गुठीसम्पदा | प्रतिशत | - | ५ | १० | २० | ३० | ४० | | | |
| फिर्ता लिइएका अतिक्रमितगुठी जग्गा र अन्य सम्पदा | प्रतिशत | - | १५ | २५ | ३५ | ५५ | ६० | | | |
| क्षतिपूर्ति प्राप्त भएका सरकारले भोग गरेको गुठी जग्गा | प्रतिशत | - | १० | २० | ३० | ४० | ५० | | | |
| गुठीसम्बन्धी विद्युतीय सूचना प्रणालीमा आबद्ध स्थानीय तह | सङ्ख्या | - | १० | २० | ३० | ४० | ५० | | | |
| बहालमा लगाएको गुठीतैनाथी जग्गामा घर/ पसल/ पोखरी/हाटबजार | सङ्ख्या | - | २ | ४ | ५ | ७ | १० | | | |

## २.२ सहकारी

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (आ.व. ७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| निक्षेप सङ्कलन | रू.करोडमा | २३१९ | २३५४ | २३८९ | २४२५ | २४६१ | २५०० | सहकारी विभागको प्रतिवेदन | सहकारी संस्थाहरू | |
| सेयरपुँजी | रू. करोडमा | २३६ | २५० | २६५ | २८१ | २९८ | ३१० | | | |
| **असर** | | | | | | | | | | |
| ऋण परिचालन | रू. करोडमा | १५०५ | १५६१ | १६१८ | १६७८ | १७४० | १८०० | भू.व्य.कृ.स.मको प्रतिवेदन | सहकारी संस्थाहरु | |
| **प्रतिफल** | | | | | | | | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (आ.व. ७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| कुल सहकारी संस्था | सङ्ख्या | ४१५३ | ४१०० | ४०५० | ४०३० | ४०१० | ४००० | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| सहकारीमा आबद्ध सदस्य | संङ्ख्या (हजारमा) | ५५५ | ५६४ | ५७३ | ५८२ | ५९२ | ६०० | | | |
| सहकारीमा प्रत्यक्ष रोजगारी सिर्जना | कर्मचारी सङ्ख्या | १०८४३ | ११५६९ | १२३४५ | १३१७२ | १४०५४ | १५००० | | | |
| सहकारीबाट ऋण प्राप्त गर्ने ऋणी | सङ्ख्या हजारमा | - | २०० | २३० | २५० | २७० | ३०० | | | |
| सहकारी तथा गरिबी निवारणसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) प्रयोग गर्ने सहकारी | सङ्ख्या | - | ५०० | ६५० | ८०० | ९०० | १००० | | | |
| सहकारी शाखा स्थापना भई सक्रिय रहेका स्थानीय तह | सङ्ख्या | - | ५० | ८० | १०० | १२० | १३६ | | | |
| प्रदेश स्तरका सहकारी संस्थाहरू | सङ्ख्या | - | १०० | २०० | ३०० | ४०० | ५०० | | | |

**नोटः** भू.व्य.कृ.स.म. (भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय) ।

## २.३ उद्योग, वाणिज्य तथा आपूर्ति

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान | प्रतिशत | ११.३ | ११.२ | ११.४ | ११.६ | ११.९ | १२.१ | आर्थिक सर्वेक्षण | उद्योग मन्त्रालय | |
| **असर** | | | | | | | | | | |
| उद्योग व्यवसायबाट सिर्जित प्रत्यक्ष संलग्न हुने (रोजगारी) | सङ्ख्या | ३५४९९४[१८] | ३५८५४४ | ३६२१२९ | ३६५७५१ | ३६९४०८ | ३७३१०२ | आर्थिक सर्वेक्षण | उद्योग मन्त्रालय | |
| **प्रतिफल** | | | | | | | | | | |
| **उद्योग** | | | | | | | | | | |

१८. CBS (2021). NationalEconomic Census, 2018, Kathmandu Nepal.

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| लघु, घरेलु तथा साना उद्योग (CSIO) | सङ्ख्या | ११६७६९१[१९] | ११७९३७ | ११९११६ | १२०३०७ | १२१५१० | १२२७२५ | आर्थिक सर्वेक्षण | उद्योग मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| ठुला उद्योग | सङ्ख्या | १६१ | १६५ | १६९ | १७३ | १७८ | १८० | | | |
| मझौला उद्योग | सङ्ख्या | २७१ | २७६ | २८२ | २८८ | २९३ | ३०० | | | |
| उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा | प्रतिशत | ५४.२५ | ५६ | ६० | ६५ | ६८ | ७०.० | | | |
| औद्योगिक ग्राम | सङ्ख्या | ० | २ | ४ | ६ | ७ | ८ | | | |
| **वाणिज्य तथा आपूर्ति** | | | | | | | | | | |
| सञ्चालनमा आएका एकीकृत जाँच चौकी (हाल वीरगन्जमा रहेको) | सङ्ख्या | १ | | | | | २ | आर्थिक सर्वेक्षण | उद्योग मन्त्रालय, वाणिज्य तथा पर्यटन मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| व्यापार र कुल गार्हस्थ्य उत्पादनको अनुपात (राष्ट्रिय लक्ष्यलाई आधार मानिएको) | प्रतिशत | - | ३० | ३५ | ४० | ४५ | ५५ | आर्थिक सर्वेक्षण | उद्योग मन्त्रालय, वाणिज्य तथा पर्यटन मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| वस्तु र सेवाको निर्यात र कुल गार्हस्थ्य उत्पादनको अनुपात (राष्ट्रिय लक्ष्यलाई आधार मानिएको) | प्रतिशत | - | ५ | १० | १२ | १६ | २० | | | |
| अत्यावश्यक वस्तुहरूको सुपथ मूल्य पसल | सङ्ख्या | - | २ | ४ | ५ | ७ | ८ | | | |
| स्थानीय हाटबजार विकास र सुदृढीकरणमा सहयोग गरिएका स्थानीय तह | सङ्ख्या | - | २० | ३० | ४० | ४५ | ५० | | | |
| कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको आयात अनुपात | प्रतिशत | ३४.५ | ३३ | ३२ | ३१ | ३० | २९.० | | | |
| कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको निर्यात अनुपात | प्रतिशत | ३.५ | ४ | ४.५ | ५ | ५.५ | ६.० | | | |

१९. उद्योग विभाग (२०७९/८०) लघु, घरेलु तथा साना उद्योग तथ्याङ्क २०७९/८० ।

## २.४ पर्यटन

| नतिजा तह र सूचक | इकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान (राष्ट्रिय औसत २.४ प्रतिशत) | प्रतिशत | २.४ | ३ | ४ | ५ | ६ | ७ | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | निजी क्षेत्र | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| **असर** | | | | | | | | | | |
| वार्षिक पर्यटन आगमन | सङ्ख्या (हजार) | ६०९ | ६२६ | ६४४ | ६६१ | ६८० | ७०० | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको प्रतिवेदन | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, उद्योग वाणिज्य सङ्घ | सम्बन्धित निकाय/ संस्थाहरूसँको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| **प्रतिफल** | | | | | | | | | | |
| पर्यटकस्तरीय होटेल र लजहरू | सङ्ख्या | ३४९ | ३५८ | ३६८ | ३७८ | ३८८ | ४०० | उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय र उद्योग वाणिज्य सङ्घको प्रतिवेदन | निजी क्षेत्र, उद्योग वाणिज्य सङ्घ | सम्बन्धित निकाय/ संस्थाहरूसँको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| होटेलको शय्या | सङ्ख्या | ७१०१ | ७२७१ | ७४४६ | ७६२५ | ७८०८ | ८००० | | | |
| पर्यटकको औसत अवधि (राष्ट्रिय औसत १३ दिन) | दिन | - | ३ | ३ | ४ | ४ | ५ | | | |
| पर्यटकीय स्थलहरूको जिल्लागत प्रोफायल | जिल्ला सङ्ख्या | - | २ | ४ | ६ | ७ | ८ | | | |
| पर्यटनसम्बन्धी थप दक्ष जनशक्ति उत्पादन | सङ्ख्या | - | ५० | ६० | ७० | ८० | १०० | | | |
| सञ्चालनमा आएका थप होमस्टे | सङ्ख्या | - | १० | १५ | १७ | १९ | २० | | | |

## ३. सामाजिक विकास

### ३.१ शिक्षा तथा विज्ञान प्रविधि र भाषा, कला, साहित्य तथा सम्पदा संरक्षण

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| साक्षरता दर (५वर्ष माथिको) | प्रतिशत | ६३.५ | ६५ | ७० | ७५ | ८५ | ९५ | जनगणना | शिक्षा तथा संस्कृति मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कक्षा १ मा भर्ना भएका मध्ये आधारभूत तह (कक्षा ८) पुग्ने विद्यार्थीको अनुपात | प्रतिशत | ८४.२ | ८६ | ८६.५ | ८८ | ८९.५ | ९०.० | Flash Report I | शि.सं.म. | |
| कक्षा १ मा भर्ना भएका मध्ये माध्यमिक तह (कक्षा १०) पुग्ने गर्ने विद्यार्थीको अनुपात | प्रतिशत | ६९.३ | ७१ | ७३ | ७८ | ८३ | ८८ | Flash Report I | शि.सं.म. | |
| कक्षा १ मा भर्ना भएका मध्ये माध्यमिक तह (कक्षा१२) पुग्ने गर्ने विद्यार्थीको अनुपात | प्रतिशत | ३४.६ | ४० | ४३ | ४६ | ४८ | ५० | Flash Report I | शि.सं.म. | |
| मधेश प्रदेशमा बोलिने भाषामा प्रकाशित थप साहित्यिक कृतिहरू | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | मधेश प्रतिष्ठान | मधेश प्रतिष्ठान | |
| **असर** | | | | | | | | | | |
| पूर्व बाल शिक्षा विकासमा कुल भर्नादर | प्रतिशत | ९१.८ | ९३ | ९३.५ | ९४ | ९४.५ | ९५ | Flash Report I | शि.सं.म. | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| पूर्व बाल शिक्षा विकासमा खुद भर्नादर | प्रतिशत | ६१.८ | ६५ | ६८ | ७१ | ७३ | ७५ | Flash Report I | शि.सं.म. | |
| प्रारम्भिक बाल विकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने दर | प्रतिशत | ७०.३ | ७५ | ८० | ८५ | ८८ | ९० | Flash Report I | शि.सं.म. | |
| आधारभूत तहको खुद भर्नादर (कक्षा १-८) | प्रतिशत | ९४.६ | ९५ | ९५.५ | ९६ | ९६.५ | ९७ | Flash Report I | शि.सं.म. | |
| माध्यमिक तहको कुल भर्नादर (कक्षा ९-१२) | प्रतिशत | ७०.३ | ७२ | ७६ | ७८ | ७९ | ८०. | Flash Report I | शि.सं.म. | |
| माध्यमिक तहको खुद भर्नादर (कक्षा ९-१२) | प्रतिशत | ५१.० | ५३ | ५५ | ५७ | ५९ | ६० | Flash Report I | शि.सं.म. | |
| उच्च शिक्षामा कुल भर्नादर (राष्ट्रिय लक्ष्यलाई आधार मानिएको) | प्रतिशत | १७.७७ | १८ | १९ | २१ | २३ | २५ | आर्थिक सर्वेक्षण | शि.सं.म. | |
| उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा (राष्ट्रिय लक्ष्यलाई आधार मानिएको) | प्रतिशत | २०.७ | २२ | २४ | २६ | २८ | ३० | आर्थिक सर्वेक्षण | शि.सं.म. | |
| **प्रतिफल** | | | | | | | | | | |
| **शिक्षा तथा विज्ञान प्रविधि** | | | | | | | | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| प्राविधिक धारका विद्यालयहरू | सङ्ख्या | ९१ | १०० | ११० | १२० | १३० | १३६ | Flash Report I | शि.सं.म. | |
| इन्टरनेट जोडिएका विद्यालय | प्रतिशत | ५७.२ | ६५ | ७५ | ८५ | ९५ | १०० | Flash Report I | शि.सं.म. | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| विद्युत् सेवा भएका विद्यालय (१-१०) | प्रतिशत | ६३.९ | ७० | ८० | ९० | ९५ | १०० | Flash Report I | शि.सं.म. | |
| खानेपानी सुविधा भएका विद्यालयहरू (१-१०) | प्रतिशत | ८४.२ | ८८ | ९२ | ९६ | ९८ | १०० | Flash Report I | शि.सं.म. | |
| शौचालय र खानेपानी सुविधा दुवै भएका विद्यालयहरू | प्रतिशत | ५२.२ | ५७ | ६२ | ६७ | ७२ | ७५ | Flash Report I | शि.सं.म. | |
| शौचालय भएका विद्यालयहरू (१-१२) | प्रतिशत | ९१.३ | ९३ | ९५ | ९७ | ९९ | १०० | Flash Report I | शि.सं.म. | |
| छुट्टै छात्रा शौचालय भएका सामुदायिक विद्यालयहरू | प्रतिशत | ६४.७ | ७० | ८० | ८९ | ९५ | १०० | Flash Report I | शि.सं.म. | |
| विज्ञान प्रयोगशाला भएका विद्यालयहरू | प्रतिशत | १०.१ | ११ | १२ | १३ | १४ | १५ | Flash Report I | शि.सं.म. | |
| सबै ५ ओटा मापदण्ड पूरा गरेका पूर्व प्राथमिक विद्यालयहरू | प्रतिशत | ०.१५ | ०.५ | १.० | १.५ | १.८ | २ | Flash Report I | शि.सं.म. | |
| नमुना विद्यालयहरू | सङ्ख्या | ६५ | ६८ | ७२ | ७५ | ७८ | ८० | Flash Report I | शि.सं.म. | |
| विद्यालय सुधार योजना भएका सामुदायिक विद्यालयहरू | प्रतिशत | ४४ | ५० | ६५ | ७५ | ८५ | १०० | Flash Report I | शि.सं.म. | |
| शिक्षक अभिभावक सङ्घ गठन भएका सामुदायिक विद्यालयहरू | प्रतिशत | २२.४ | ४० | ५५ | ७० | ८५ | १०० | Flash Report I | शि.सं.म. | |
| खुला शैक्षिक पार्क | सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ८ | Flash Report I | शि.सं.म. | |
| अनुसन्धान तथा प्रविधि विकासका प्रदेश उत्कृष्ट केन्द्रहरू | सङ्ख्या | ० | ० | ० | ० | ० | २ | | | |
| **भाषा, कला, साहित्य र सम्पदा संरक्षण** | | | | | | | | | | |
| मधेश प्रदेशको भाषा, संस्कृति र साहित्य सम्बन्धमा भएका थप अनुसन्धानहरू | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | संस्थाको प्रतिवेदन | मधेश प्रतिष्ठान | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| स्थानीय पाठ्यक्रममा सामवेश भएका भाषाहरू | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | प्रदेश शिक्षा मन्त्रालयको प्रतिवेदन | मधेश प्रतिष्ठान | |
| स्थानीय भाषामा पढाइ हुने विद्यालयहरू | प्रतिशत | - | ५ | ७ | ९ | ११ | १५ | | मधेश प्रतिष्ठान | |

**नोटः** विद्यालयसम्बन्धी आधार तथ्याङ्कको स्रोत Flash Report I २०८० रहेको छ । शि.सं.म. (शिक्षा तथा संस्कृति मन्त्रालय)

## ३.२ स्वास्थ्य तथा पोषण र जनसङ्ख्या तथा बसाइँसराइ

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| अपेक्षित आयु (जन्म हुँदाको बखत) | वर्ष | ७१.८ | ७२ | ७२.२ | ७२.४ | ७२.७ | ७३ | NDHS | | |
| **असर** | | | | | | | | | | |
| मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) (दिविल ३.१) | सङ्ख्या | १४० | १३० | १२० | ११० | १०५ | १०० | NDHS | | सम्बन्धित निकाय/संस्थाहरूसँको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कुपोषणदर (पुड्कोपन) (दिविल २.२) | प्रतिशत | २९.३ | २६ | २३ | २० | १७ | १५ | NDHS | | |
| पूर्ण खोप कभरेज (दिविल ३ (ख)) | प्रतिशत | ७८ | ८३ | ८६ | ८९ | ९२ | ९५ | NDHS | | |
| **प्रतिफल** | | | | | | | | | | |
| आधा घण्टाको दुरीमा स्वास्थ्य सेवामा पहुँच | प्रतिशत | ८८ | ९० | ९३ | ९६ | ९९ | १०० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | स्वा.ज.म. | सम्बन्धित निकाय/संस्थाहरूसँको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रोटोकोल अनुसार (४ पटक) संस्थागत गर्भ जाँच (दिविल३.८) | प्रतिशत | ७१.६ | ७४.६ | ७८.६ | ८०.६ | ८५.६ | ९० | | स्वा.ज.म. | |
| संस्थागत प्रसुति सेवा (दिविल ३.८) | प्रतिशत | ६७ | ७० | ७४ | ७९ | ८५ | ८८ | | स्वा.ज.म. | |
| प्रोटोकोल अनुसार (३ पटक) को संस्थागत सुत्केरी जाँच (PNC) (दिविल ३.८) | प्रतिशत | ३०.३ | ३४.३ | ३९.३ | ४५.३ | ४८ | ५० | | स्वा.ज.म. | |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति (दिविल ३.१) | प्रतिशत | ६८ | ७५ | ८० | ८५ | ९० | ९५ | | स्वा.ज.म. | |
| आइरन चक्कीको उपलब्धता | प्रतिशत | ४३.७ | ४६ | ४७ | ४८ | ४९ | ५० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | स्वा.ज.म. | |
| महिलामा रक्तअल्पता | प्रतिशत | ५२ | ४८ | ४३ | ३८ | ३३ | ३० | | स्वा.ज.म. | |
| बालबालिकामा रक्तअल्पता | प्रतिशत | ५१ | ४५ | ३५ | २५ | १५ | १० | | स्वा.ज.म. | |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) (दिविल ३.२) | सङ्ख्या | २७ | २६ | २४ | २१ | १८ | १५ | | स्वा.ज.म. | |
| शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ३८ | ३५ | ३२ | ३० | २८ | २५ | | स्वा.ज.म. | सम्बन्धित निकाय/संस्थाहरूसँको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कम तौल भएका बालबालिका (दिविल २.२) | प्रतिशत | २७ | २५ | २२ | २० | १८ | १५ | | स्वा.ज.म. | |
| ख्याउटेपनका बालबालिका | प्रतिशत | १० | ९ | ८ | ७ | ६ | ५ | | स्वा.ज.म. | |
| बालबालिकामा रक्तअल्पता (दिविल २.२) | प्रतिशत | ५१ | ४५ | ४० | ३५ | २५ | १५ | | स्वा.ज.म. | |
| परिवार नियोजन साधन प्रयोगदर | प्रतिशत | ४०.५ | ४५ | ५० | ५८ | ६५ | ७० | | स्वा.ज.म. | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| कुपोषण दर | प्रतिशत | २९ | २५ | २० | १५ | १० | ५ | | स्वा.ज.म. | |
| महामारी तथा स्वास्थ्य व्यवस्थापन केन्द्र | सङ्ख्या | १ | ३ | ५ | ६ | ७ | ८ | | स्वा.ज.म. | |
| सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य सेवा लागु भएका स्थानीय तह | सङ्ख्या | १३६ | १३६ | १३६ | १३६ | १३६ | १३६ | | स्वा.ज.म. | |

**नोटः** स्वा.ज.म. (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय)

### ३.३ समावेशी (जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा किशोर किशोरी र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक)

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.७८६ | ०.७९६ | ०.८०० | ०.८२५ | ०.८५०६ | ०.८८६ | | | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| लैङ्गिक असमानता सूचकाङ्क (HDR, २०२०) | सूचकाङ्क | ०.५०३ | ०.५०० | ०.४९५ | ०.४९० | ०.४८५ | ०.४७९ | HDR, | | |
| असर | | | | | | | | | | |
| लैङ्गिक बजेट (महिलालाई ५० प्रतिशत वा सोभन्दा बढी प्रत्यक्ष लाभ पुग्ने क्रियाकलापहरूको बजेटको हिस्सा) | प्रतिशत | ५२.०९ | ८० | ८२ | ८४ | ८६ | ८८ | मन्त्रालयको प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| महिला साक्षरतादर | प्रतिशत | ५४.७ | ५५ | ५५.५ | ५६ | ५६.५ | ५७.७ | जनगणना | | |
| श्रम शक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | प्रतिशत | ७२.५ | ७३ | ७५ | ७६.५ | ७८ | ८० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | |
| बालविवाहको अनुपात | प्रतिशत | ४२.४ | ४० | ३८ | ३६ | ३४ | ३२ | | | |
| प्रतिफल | | | | | | | | | | |
| **जेष्ठनागरिक** | | | | | | | | | | |
| थप भएका जेष्ठनागरिक दिवासेवाकेन्द्र | सङ्ख्या | -१ | ४ | ५ | ६ | ७ | ८ | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| थप भएका मिलन केन्द्र | सङ्ख्या | - | २ | ४ | ८ | १२ | १६ | | | |
| थप भएका सार्वजनिक ज्येष्ठ नागरिक हेरचाह केन्द्र | सङ्ख्या | - | ० | १ | २ | ३ | ४ | | | |
| ज्येष्ठ नागरिकका लागि शय्या आरक्षण गर्ने अस्पताल | प्रतिशत | - | १० | ३० | ५० | ७५ | १०० | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| प्रदेश सरकारले बनाएका ज्येष्ठ नागरिकहरूसम्बन्धी कानुनहरू | सङ्ख्या | - | १ | १ | १ | १ | १ | | | |
| **अपाङ्गता भएका व्यक्तिहरू** | | | | | | | | | | |
| अपाङ्गता भएका व्यक्तिहरूमध्ये सिपमूलक तालिमको अवसर पाएका अपाङ्गता भएका व्यक्तिहरू (थप) | सङ्ख्या | - | २० | ४० | ६० | ८० | १०० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| तालिम लिएकामध्ये रोजगारी पाएका अपाङ्गता भएका व्यक्तिहरू | प्रतिशत | - | १० | २० | ३० | ३५ | ४० | | | |
| पुनर्स्थापनाको सेवा आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूमध्ये सेवा प्राप्त गर्ने व्यक्ति | प्रतिशत | ३८ | ५० | ६० | ७० | ८० | ९० | | | |
| **महिला** | | | | | | | | | | |
| दर्ता भएका महिला हिंसाको घटना | सङ्ख्या | ६३४ | ७५० | ८५० | ९५० | १०५० | १२६८ | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रदेशको वार्षिक बजेटमा लैङ्गिक बजेटको अनुपात | रू लाखमा | १२६ | १५० | १७५ | २०० | २५० | ३०० | | | |
| महिला नगर प्रमुख र अध्यक्ष | जना | ४ | ५ | ६ | ७ | ८ | ९ | | | |
| राजनीतिक क्रियाकलापमा महिलाको सहभागिता | प्रतिशत | १९ | २० | २१ | २२ | २३ | २५ | | | |
| सामाजिक सङ्घ संस्था समिति र सामुदायिक बैठक महिलाको सहभागिता | प्रतिशत | १५ | १७ | १९ | २० | २२ | २५ | | | |
| **बालबालिका तथा किशोर किशोरी** | | | | | | | | | | |
| बालबालिकामा हुने यौनहिंसाको वार्षिक उजुरी | सङ्ख्या | ६१२ | १००० | १५०० | २००० | २५०० | ३००० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| बाल श्रमिक | प्रतिशत | ११.५ | १० | ९ | ८ | ७ | ५ | | | |
| बाल क्लबमा आवद्ध बालबालिकाहरू | प्रतिशत | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | | | |
| बालबालिकामा हुने घरेलु हिंसाको वार्षिक उजुरी | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३५ | | | |
| गठित स्थानीय बाल अधिकार समितिहरू | सङ्ख्या | ५८ | ७० | ८० | १०० | ११५ | १३६ | | | |
| जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिकाहरू | प्रतिशत | ७६.६ | ८० | ८५ | ९० | ९५ | १०० | | | |
| बालक्लब भएका विद्यालयहरू (Flash I २०८०) | प्रतिशत | ६३.४ | ७० | ७५ | ८० | ९० | १०० | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **यौनिक तथा लैङ्गिक अल्प सङ्ख्यक** | | | | | | | | | | |
| आफ्नो लैङ्गिक पहिचान खुलाउने यौनिक तथा लैङ्गिक तथा अल्प सङ्ख्यकहरू | प्रतिशत | - | १५ | २५ | ३५ | ४५ | ५० | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा सामाजिक कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| लैङ्गिक पहिचानका आधारमा नागरिकता पाउनेहरू | प्रतिशत | - | १५ | २५ | ३५ | ४५ | ५० | | | |
| तालिम पाउनेमध्ये रोजगारीमा संलग्न हुनेहरू | सङ्ख्या | - | ५ | १० | १५ | २० | २५ | | | |

## ३.४ युवा तथा खेलकुद

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| रोजगार युवाहरू | प्रतिशत | | ३० | ३५ | ४० | ४५ | ५० | खेलकुद तथा सामाज कल्याण मन्त्रालयको प्रतिवेदन | | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| **असर** | | | | | | | | | | |
| प्राप्त भएका अन्तर्राष्ट्रिय पदक | सङ्ख्या | | ३ | ५ | ७ | ९ | १२ | खेलकुद तथा सामाज कल्याण मन्त्रालयको प्रतिवेदन | खेलकुद तथा समाज कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्राप्त भएका राष्ट्रिय पदकहरू | सङ्ख्या | | ५ | ८ | १० | १२ | १५ | | | |
| गाउँ सभा र नगर सभामा युवा (४० वर्ष र सोभन्दा कम) को अनुपात | प्रतिशत | ३१.४२ | ३५ | ४० | ४५ | ४८ | ५० | निर्वाचन परिणाम | राजनीतिक दलहरू | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रतिनिधि सभा र प्रदेश सभामा युवाहरूको प्रतिनिधित्व | जना | २९ | ३४ | ३९ | ४४ | ४७ | ५० | निर्वाचन परिणाम | राजनीतिक दलहरू | |
| उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवा (राष्ट्रिय लक्ष्यमा आधारित) | प्रतिशत | ०.९८ | १० | २० | ३० | ४० | ५० | आर्थिक सर्वेक्षण | | |
| **प्रतिफल** | | | | | | | | | | |
| नवप्रवर्तन केन्द्र | सङ्ख्या | - | ० | ० | १ | १ | १ | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा समाज कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| नवप्रवर्तन केन्द्रबाट प्रशिक्षण प्राप्त गर्ने युवा | सङ्ख्या | - | | | ४०० | १५०० | २००० | | | |
| युवा क्लबमा आवद्ध युवा | सङ्ख्या | - | ५०० | १००० | १५०० | २००० | २५०० | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **खेलकुद** | | | | | | | | | | |
| खेलकुद ग्रामहरू | सङ्ख्या | | ४० | ६० | ८० | १०० | १३६ | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा समाज कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रदेशले आयोजना गरेका खेलकुद प्रतियोगिताहरू | सङ्ख्या | - | ८ | १२ | १६ | १८ | २० | | | |
| मधेश प्रदेशबाट राष्ट्रिय टोलीमा सहभागी खेलाडीहरू | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | | |
| प्रदेश प्रशिक्षकहरू | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | | |
| राष्ट्रिय तहका प्रशिक्षकहरू | सङ्ख्या | - | १ | २ | ३ | ४ | ५ | | | |
| अन्तर्राष्ट्रिय प्रशिक्षकहरू | सङ्ख्या | - | - | - | १ | - | २ | | | |
| खेलकुदको आधारभूत प्रशिक्षण (बन्द प्रशिक्षण) प्राप्त गर्ने खेलाडीहरू | सङ्ख्या | - | २ | ४ | ६ | ८ | १० | | | |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रशिक्षण प्राप्त गर्ने खेलाडीहरू | सङ्ख्या | - | - | १ | - | - | २ | | | |
| राष्ट्रियस्तरको खेलकुद परिसर | सङ्ख्या | - | १ | ३ | ५ | ७ | ८ | | | |
| अन्तर्राष्ट्रिय रङ्गशाला | सङ्ख्या | - | - | - | १ | - | २ | | | |
| क्रिकेट रङ्गशाला | सङ्ख्या | - | - | १ | - | - | २ | | | |
| उच्चस्तरीय खेलकुद प्रशिक्षण केन्द्र | सङ्ख्या | - | - | १ | - | २ | ३ | मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन | खेलकुद तथा समाज कल्याण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| रङ्गशाला/ कभर्डहल | संङ्ख्या | | १० | २० | ४० | ६० | ७८ | | | |

## ४. पूर्वाधार विकास

### ४.१ सडक तथा यातायात

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| सर्वयाम सडक (पक्की र ग्राभेल) | कि.मि. | ४२०३ | ४४०० | ४६०० | ४८०० | ५००० | ५२०३ | आर्थिक सर्वेक्षण | | |
| सर्वयाम यातायात सञ्चालित स्थानीय तह | सङ्ख्या | १११ | ११५ | १२२ | १२८ | १३२ | १३६ | आर्थिक सर्वेक्षण | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **असर** | | | | | | | | | | |
| सडक घनत्व प्रति १०० वर्ग कि.मि | कि.मि. | ६८.८९ | ६८.९५ | ६९.० | ६९.१ | ६९.२ | ६९.३ | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | (पू.वि.म.) | अन्तर सरकार समन्वय भएको हुने |
| सडक सुरक्षासम्बन्धी कार्य | कि.मि. | ० | ३० | ७५ | १२० | १६० | २०० | | श्रम तथा यातायात मं. | |
| **प्रतिफल** | | | | | | | | | | |
| **सडक** | | | | | | | | | | |
| सडक निर्माण | कि.मि. | ६६५६ | ६७०० | ६७५० | ६८०० | ६९०० | ७००० | आर्थिक सर्वेक्षण | पू.वि.म. | अन्तर सरकार समन्वय भएको हुने |
| मर्मतसम्भार | कि.मि. | २००० | २१०० | २२०० | २३०० | २४०० | २५०० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | | |
| सडक स्तरोन्नति | कि.मि. | ३२० | ४५० | ६०० | ७५० | ९०० | १००० | | | |
| सडक पुल | सङ्ख्या | ४३ | ५० | ५५ | ६० | ७० | ७५ | | | |
| झोलुङ्गे पुल | सङ्ख्या | १३ | १६ | १८ | २० | २२ | २५ | | | |
| **यातायात व्यवस्था** | | | | | | | | | | |
| ट्राफिक लाइट जडान भएका मुख्य सहर | सङ्ख्या | १० | १२ | १४ | १६ | १८ | २० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | श्रम तथा यातायात मन्त्रालय | ट्राफिक प्रहरीसँग समन्वय भएको हुने |
| प्रदेश सदरमुकामबाट नियमित यात्रुवाहक सवारी चल्ने रुट | सङ्ख्या | २५ | २८ | ३१ | ३४ | ३७ | ४० | | | निजीक्षेत्रसँग समन्वय भएको हुने |
| क्षमता विकास तालिम लिएको जनशक्ति | जना | ० | २० | ५० | १०० | १५० | २०० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | श्रम तथा यातायात मन्त्रालय | अन्तर सरकार समन्वय भएको हुने |
| शौचालयसहितको यात्रु प्रतीक्षालय | सङ्ख्या | ० | १ | ५ | ५ | ८ | १० | | | |
| ट्राफिक बत्ती जडान भएका स्थल | सङ्ख्या | ५० | ८० | ११० | १४० | १७५ | २०० | | | ट्राफिक प्रहरीसँग समन्वय भएको हुने |
| सुधार गरिएका सडक लेन | सङ्ख्या | ० | ५ | ८ | १२ | १६ | २० | | | |
| सिसी क्यामरा जडान भएका स्थान | सङ्ख्या | ५ | ७ | ११ | १४ | १७ | २० | | | |
| निर्मित सडक पेटी | कि.मि. | ५० | ६० | ७० | ८० | ९० | १०० | | | |

**नोटः** पू.वि.म. (पूर्वाधार विकास मन्त्रालय), २०८१ ।

## ४.२ भवन तथा आवास

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार (दिविल ११.१) | प्रतिशत | ३५ | ३८ | ४२ | ४४ | ४७ | ५० | आर्थिक सर्वेक्षण | | |
| **असर** | | | | | | | | | | |
| सहरी विकास योजनाअनुसार विकसित सहरहरू | सङ्ख्या | ० | ० | १ | ३ | ५ | ८ | आर्थिक सर्वेक्षण | पूर्वाधार विकास मन्त्रालय | स्थानीय तहसँग समन्वय भएको हुने |
| विकास गरिएका एकीकृत बस्तीहरू | सङ्ख्या | ० | १ | २ | ४ | ६ | ८ | | | |
| **प्रतिफल** | | | | | | | | | | |
| निर्माण गरिएका सरकारी भवन | सङ्ख्या | ५ | ७ | ८ | ९ | ११ | १३ | आर्थिक सर्वेक्षण | पूर्वाधार विकास मन्त्रालय | स्थानीय तहसँग समन्वय भएको हुने |
| जग्गा विकास कार्यक्रम | सङ्ख्या | ० | ० | २० | ३५ | ५० | ६४ | | | |
| नयाँ सहर विकास कार्यक्रम लागु भएका सहरहरू | सङ्ख्या | ० | ० | ० | ३ | ५ | ८ | | | |
| बस्ती विकास कार्यक्रम लागु भएका स्थानहरू | सङ्ख्या | ० | १० | ३० | ४० | ५५ | ६४ | | | |
| विपन्न परिवारलाई निर्मित घर | सङ्ख्या | ७१४९ | ७५०० | ८००० | ८५०० | ९००० | १०००० | | | |
| फोहोर व्यवस्थापन, ढल निकास, हरियाली, पार्क तथा अन्य पूर्वाधारयुक्त सहर | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | आर्थिक सर्वेक्षण | पूर्वाधार विकास मन्त्रालय | स्थानीय तहसँग समन्वय भएको हुने |
| खर/पराल/पातले छाएको घर (दिविल ११.१) | प्रतिशत | ७.२ | ७ | ६.५ | ६ | ५.५ | ५ | | | |

## ४.३ सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि (दिविल २.७) | प्रतिशत | ४९.५ | ५२ | ५५ | ५७ | ५९ | ६० | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | सबैतहका सरकारहरूबिच समन्वय र सहकार्य भएको हुने |
| संरक्षण गरिएको जोखिमयुक्त बस्ती | सङ्ख्या | ३८ | ४० | ४३ | ४६ | ४८ | ५० | | | |
| **असर** | | | | | | | | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| सिँचाइको क्षमता उपयोग | प्रतिशत | ५० | ५२ | ५६ | ६१ | ६७ | ७० | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तह र सिँचाइ उपभोक्ता समुहसँग समन्वय भएको हुने |
| जग्गा उकास गरिएको क्षेत्रफल | हेक्टर | ६००० | ६१०० | ६२०० | ६३०० | ६४०० | ६५०० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | | |
| **प्रतिफल** | | | | | | | | | | |
| **सिँचाइ** | | | | | | | | | | |
| मर्मत र पुनर्स्थापन भएका सिँचाइ आयोजना | सङ्ख्या | ५० | ४५ | ४० | ३२ | २६ | २० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | सिँचाइ उपभोक्ता समुहसँग समन्वय भएको हुने |
| सिँचाइ उपभोक्ता समितिका पदाधिकारीहरूको क्षमता विकास | प्रतिशत | ३० | ३३ | ३६ | ४० | ४५ | ५० | | | |
| मझौला सिँचाइ योजना | सङ्ख्या | १०० | ११० | १२० | १३० | १४० | १५० | | | आवश्यक बजेटको व्यवस्था भएको हुने |
| भूमिगत सिँचाइ योजना | सङ्ख्या | ५०० | ५२० | ५३० | ५४० | ५५० | ६०० | | | |
| थप सिँचाइ सुविधा पुग्ने क्षेत्रफल (सुनकोशी मरिनसमेत) | हेक्टर हजारमा | - | - | - | - | १५० | १५० | | | सङ्घीय सरकारसँग समन्वय भएको हुने |
| **जलउत्पन्न प्रकोप व्यवस्थापन** | | | | | | | | | | |
| निर्माण भएको तटबन्ध | कि.मि. | ८० | ८२ | ८८ | ९२ | ९६ | १०० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | सरोकारवाला सङ्घ संस्थासँग समन्वय भएको हुने। |
| निर्माण भएको स्पर | सङ्ख्या | - | १५ | ३० | ५० | ६५ | ८० | | | |
| संरक्षण गरिएका डुबान क्षेत्र | सङ्ख्या | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | | | |
| परिचालित आकस्मिक उद्धार घुम्ती टोली (वार्षिक) | सङ्ख्या | ० | ५ | १० | १२ | १५ | २० | | | |

## ४.४ खानेपानी तथा सरसफाइ

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| आधाभूत खानेपानी सुविधा पुगेको परिवार (दिविल ६.१) | प्रतिशत | ९६.५ | ९६.८ | ९७ | ९८ | ९९ | ९९.५ | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| आधारभूत शौचालय पुगेको घरधुरी | प्रतिशत | ८८ | ९० | ९२ | ९५ | ९८ | ९९ | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **असर** | | | | | | | | | | |
| पाइप प्रणालीबाट खानेपानी सुविधा पुगेको परिवार (दिविल ६.१) | प्रतिशत | २२.६ | ३० | ४० | ५० | ६० | ७५ | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| फ्लससहितको शौचालय भएको परिवार | प्रतिशत | ३८.५ | ४२ | ४८ | ५५ | ६५ | ७५ | | | |
| प्रतिफल | | | | | | | | | | |
| **खानेपानी** | | | | | | | | | | |
| खानेपानीका स्रोत संरक्षण | प्रतिशत | २५ | ३० | ४० | ५० | ६० | ७५ | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| सञ्चालनमा रहेका खानेपानी आयोजना | प्रतिशत | ६६.१ | ६५ | ७० | ८० | ९० | १०० | | | |
| लिफ्ट तथा डिप बोरिङ खानेपानी आयोजना | प्रतिशत | ० | ० | ३ | ५ | ८ | १० | | | |
| क्षमता बृद्धि गरिएका खानेपानी उपभोक्ता | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | | | |
| शुद्धीकरण गरिएको पानी वितरण | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | | | |
| **सरसफाइ** | | | | | | | | | | |
| शौचालय बनाउन सहकार्य गरिने स्थानीय तह | प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० | सम्बन्धित मन्त्रालयको वार्षिक प्रतिवेदन | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तहसँग सहकार्य भएको हुने |
| सरसफाईसम्बन्धी जनचेतना अभियान सञ्चालन गर्न सहकार्य गरिने स्थानीय तह | सङ्ख्या | ० | ३० | ५० | ८० | १०० | १३६ | | | |
| सार्वजनिक शौचालय | सङ्ख्या | १० | १५ | २२ | ३० | ४० | ५० | | | |

## ४.५ विद्युत् तथा ऊर्जा

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| विद्युत् को पहुँच | प्रतिशत | ९७.९ | ९८ | ९८.८ | ९९ | ९९.३ | ९९.५ | आर्थिक सर्वेक्षण | | |
| **असर** | | | | | | | | | | |
| इन्धनका लागि विद्युत् तथा बायोग्यास प्रयोग गर्ने परिवार | प्रतिशत | १.५ | २ | ४ | ६ | ८ | १० | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | ने.वि.प्रा र स्थानीय तह तथा सरोकारवाला निकायबीच समन्वय भएको हुने |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रतिफल** | | | | | | | | | | |
| बायोग्यास जडान गर्ने परिवार | प्रतिशत | ०.७६ | १ | १.५ | २ | २.५ | ३ | आर्थिक सर्वेक्षण | ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय | स्थानीय तह तथा सरोकारवाला निकायबिच समन्वय भएको हुने |
| सौर्य ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | ०.८ | १.२ | १.४ | १.६ | १.८ | २ | | | |

## ४.६ सूचना तथा सञ्चार प्रविधि

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष ७९/८० | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| विद्युतीय सरकार विकास सूचक (राष्ट्रिय सूचक) | सूचकाङ्क | ०.५१ | ०.५४ | ०.५७ | ०.६० | ०.६३ | ०.६५ | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | सेवा प्रदायक निकायसंग सहकार्य भएको हुने |
| **असर** | | | | | | | | | | |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ७४.८ | ७६ | ७९ | ८४ | ८७ | ९० | आर्थिक सर्वेक्षण | गृह, सञ्चार तथा कानुन मन्त्रालय | सेवा प्रदायक निकायसँग सहकार्य भएको हुने |
| इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | २१.२ | २५ | ३० | ३५ | ४० | ४५ | | | |
| **प्रतिफल** | | | | | | | | | | |
| डिजिटल पत्रिका | वटा | ७४ | ७५ | ७६ | ७७ | ७८ | ८० | आर्थिक सर्वेक्षण | गृह, सञ्चार तथा कानुन मन्त्रालय | सेवा प्रदायक निकायसँग सहकार्य भएको हुने |
| डिजिटल साक्षरता | प्रतिशत | २५ | ३० | ४० | ५० | ६० | ७५ | आर्थिक सर्वेक्षण | गृह, सञ्चार तथा कानुन मन्त्रालय | सेवा प्रदायक निकायसाग सहकार्य भएको हुने |
| Free WIFI Zone | सङ्ख्या | ० | २० | ५० | ७५ | १०० | १३६ | | | |

## ५. वन तथा वातावरण

### ५.१ वन व्यवस्थापन, वातावरण, जैविक विविधता, जलवायु परिवर्तन, जलाधार क्षेत्र संरक्षण र चुरे संरक्षण

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| वन क्षेत्रफल | प्रतिशत | २४.७८ | २४.९० | २५.० | २५.५० | २६.२० | २६.५० | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान (राष्ट्रिय आधार) | प्रतिशत | ३ | ३.३ | ३.६ | ४.० | ४.५ | ५ | | | |
| **असर** | | | | | | | | | | |
| दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर (हजार) | ५० | ६० | ६५ | ७० | ७५ | ८० | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| संरक्षित रैथाने र सङ्कटापन्न जीवजन्तु | प्रकार | ३२१ | ३२३ | ३२५ | ३२७ | ३२९ | ३३१ | | | |
| **प्रतिफल** | | | | | | | | | | |
| **वन व्यवस्थापन** | | | | | | | | | | |
| वन डढेलोवाट प्रभावित क्षेत्रफल | हेक्टर हजारमा | २६३ | १०० | १०५ | ९५ | १०० | १०५ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रतिव्यक्ति काठको प्रयोग | क्यु. फिट | ०.३९ | ०.४१ | ०.४३ | ०.४५ | ०.४७ | ०.५० | | | |
| वन नर्सरी | सङ्ख्या | - | १३६ | १३६ | १३६ | १३६ | १३६ | | | |
| **वातावरण** | | | | | | | | | | |
| वातावरणमैत्री स्थानीय शासन लागु भएका स्थानीय तहहरू | प्रतिशत | | १० | १५ | १५ | २० | २५ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन स्थल | सङ्ख्या | ० | २ | ३ | ४ | ६ | ८ | | | |
| मुख्य सहरमा भएका फोहोरमैला व्यवस्थापन तथा मल उत्पादन प्लान्ट | सङ्ख्या | ० | ३ | ७ | १० | १२ | १५ | | | |
| औद्योगिक क्षेत्रबाट निस्कने फोहोर पानीको प्रशोधन तथा शुद्धीकरण प्लाण्ट | सङ्ख्या | ० | ३ | ५ | ९ | १२ | १५ | | | |
| वायु प्रदूषण अनुगमन केन्द्रको स्थापना र निरन्तर सञ्चालन भएका नगर/गाउँपालिका | सङ्ख्या | ० | १० | १५ | २० | ३० | ४६ | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| जलस्रोतमा फोहोरमैला तथा प्रदूषण नियमित अनुगमन लागु भएका नगरपालिका तथा गाउँपालिका | सङ्ख्या | ० | ५० | ८० | १०० | ११५ | १२७ | | | |
| कुल ऊर्जा खपतमा जीवाश्म (पेट्रोलियम) इन्धन र स्वच्छ ऊर्जाको अनुपात | जीवाश्म/ स्वच्छ ऊर्जा अनुपात | ० | ८०/२० | ७०/३० | ६५/३५ | ६०/४० | ६०/४० | | | |
| सहरी क्षेत्र हरियाली प्रवर्धन कार्यक्रम लागु भएका सहरहरू | सङ्ख्या | ० | ४ | ६ | ८ | १० | १० | | | |
| पुरस्कृत उत्कृष्ट स्थानीय तहका पदाधिकारी, उपभोक्ता समिति, अभियन्ता (वार्षिक) | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | | | |
| औद्योगिक फोहोर व्यवस्थापन भएका थप उद्योगहरू | सङ्ख्या | - | १० | ३० | ५० | ८० | १०० | | | |
| प्लास्टिकमुक्त गाउँ/नगरपालिका | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | | | |
| **जैविक विविधता** | | | | | | | | | | |
| संरक्षित रैथाने र सङ्कटापन्न वनस्पति (थप) | सङ्ख्या | - | २ | २ | २ | ४ | ५ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| संरक्षित रैथाने र सङ्कटापन्न जीवजन्तु | प्रकार | ३२१ | ३२५ | ३२५ | ३२५ | ३३० | ३३१ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| निर्माण गरिएका अग्निरेखा (थप) | कि.मि. | - | १० | १० | १० | २० | २५ | | | |
| स्थापना भएका नर्सरी (थप) | सङ्ख्या | - | २० | १३६ | १३६ | १३६ | १३६ | | | |
| जैविक विविधता अभिलेखन भएका गाउँपालिका तथा नगरपालिका (थप) | सङ्ख्या | - | ५ | ५ | ५ | ५ | ५ | | | |
| पहिचान तथा संरक्षण गरिएका लोपुन्मुख प्रजाति (थप) | सङ्ख्या | - | ५ | ५ | ५ | ५ | ५ | | | |
| विकास तथा संवर्धन गरिएका उन्नत कृषि प्रजाति (थप) | सङ्ख्या | - | २ | २ | ३ | ४ | ५ | | | |
| संरक्षण तथा विस्तार गरिएका उपयोगी रैथाने प्रजाति (थप) | सङ्ख्या | - | ४ | ५ | ७ | ८ | १० | | | |
| **जलवायु परिवर्तन** | | | | | | | | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| हरियाली प्रवर्धन सडक किनार | कि.मि. | ५० | ६० | ७० | ८० | ९० | १०० | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| प्रवर्धन गरिएका रैथाने बाली | सङ्ख्या | - | २ | २ | २ | २ | २ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागु भएका स्थानीय तह | सङ्ख्या | - | १० | १५ | २० | ३० | ४० | | | |
| संरक्षित सार्वजनिक पोखरी | प्रतिशत | - | ६० | ७० | ८० | ८० | ६० | | | |
| नयाँ निर्माण गरिएका पोखरी | सङ्ख्या | - | ४० | ४० | ४० | ४० | ५० | | | |
| मौसम पूर्वानुमानमा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | - | ५० | ५५ | ६० | ७० | ८० | | | |
| अति गर्मी, शीतलहरबाट बच्न विद्यालयको बिदा समायोजन गर्ने स्थानीय तह | सङ्ख्या | - | ५० | ५५ | ५५ | ५५ | ६० | | | |
| जलाधार क्षेत्र संरक्षण | | | | | | | | | | |
| संरक्षित जलाधार क्षेत्रको क्षेत्रफल (थप) | वर्ग कि.मि. | - | १० | १० | १० | १० | १५ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| चेक ड्याम (थप) | सङ्ख्या | - | २५ | ३० | ३० | ४० | ५० | | | |
| निर्माण भएका पुनर्भरण पोखरी | सङ्ख्या | - | ५० | ५० | ५० | ६० | ७५ | | | |
| संरक्षित ताल तथा सिमसार क्षेत्र (थप) | सङ्ख्या | - | ५ | ५ | ५ | ५ | ३ | | | |
| बायोइन्जिनियरिङ प्रविधि प्रयोग गरी संरक्षण गरिएका नदी किनार | कि.मि. | - | १० | १० | ५ | ५ | ७ | | | |
| बहुउद्देश्यीय संरक्षण तथा जलाधार पुनर्भरण पोखरी | सङ्ख्या | - | ५ | ६ | ५ | ७ | ८ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| जलाशयमा आधारित माछापालन, पर्यटन तथा अन्य उद्योग (थप) | सङ्ख्या | - | ५ | ५ | ५ | ५ | ८ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| पुनर्स्थापित पानीका स्रोत (कुवा, इनार, मूल) | सङ्ख्या | - | १० | १२ | १२ | १४ | १६ | | | |
| संरक्षित साना तथा मझौला जलाधार | सङ्ख्या | - | २ | २ | २ | २ | ५ | | | |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **चुरे संरक्षण** | | | | | | | | | | |
| संरक्षण र व्यवस्थापन गरिएका नदी प्रणाली (थप) | सङ्ख्या | - | २ | २ | २ | ५ | ५ | वन तथा वातावरण मन्त्रालयको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| चुरे क्षेत्रमा निर्माण गरिएका पुनर्भरण पोखरी निर्माण (थप) | सङ्ख्या | - | २० | २० | २० | २० | २० | | | |
| सुदृढीकरण गरिएका खोला किनारको लम्बाइ (थप) | कि.मि. | - | ५० | ५० | ५० | ५० | ५० | | | |
| चुरे क्षेत्रमा वृक्षारोपण गरिएको क्षेत्रफल (थप) | हेक्टर | - | १०० | १०० | १०० | १०० | १०० | | | |
| गल्छी तथा पैरो नियन्त्रण गरिएका स्थानहरू (थप) | सङ्ख्या | - | २० | २५ | २५ | २५ | २५ | | | |

## ६. अन्तर सम्बन्धित

### ६.१ शान्ति सुरक्षा र सुव्यवस्था, सुशासन तथा भ्रष्टाचार नियन्त्रण र गैर सरकारी संस्था

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| विधिको शासन सूचकाङ्क (राष्ट्रिय आधार/सोह्रौं योजना) | सूचकाङ्क | ०.५२ | ०.५४ | ०.५५ | ०.५७ | ०.५८ | ०.६० | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | |
| **असर** | | | | | | | | | | |
| भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ३६ | ३७ | ३८ | ४० | ४३ | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय | |
| **प्रतिफल** | | | | | | | | | | |
| शान्ति सुरक्षा र सुव्यवस्था | | | | | | | | | | |
| प्रदेश विधिविज्ञान प्रयोगशाला | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | गृह, सञ्चार तथा कानुन मन्त्रालय | गृह, सञ्चार तथा कानुन मन्त्रालय | आवश्यक समन्वय र सहकार्य भएको हुने |
| प्रहरीका लागि निर्माण तथा मर्मत सम्भार गरिएका भवन लगायतका संरचना | सङ्ख्या | २६० | २७० | २८० | २९० | ३०० | ३१० | | | प्रहरी समायोजन भएको हुने |

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| अपराध नियन्त्रण र शान्ति सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रम (वार्षिक) | सङ्ख्या | - | ५ | १० | १५ | २० | १५ | | | आवश्यक समन्वय र सहकार्य भएको हुने |
| प्रहरी चौकी स्थापना भएका स्थानीय तह | सङ्ख्या | - | ५ | १५ | २० | ३० | ३५ | | | |
| **सुशासन तथा भ्रष्टाचार नियन्त्रण** | | | | | | | | | | |
| प्रदेश कानुन तर्जुमा तथा पुनरावलोकन | सङ्ख्या | ९७ | १०० | १०३ | १०५ | १०८ | ११० | गृह, सञ्चार तथा कानुन मन्त्रालय | गृह, सञ्चार तथा कानुन मन्त्रालय | आवश्यक समन्वय र सहकार्य भएको हुने |
| स्थानीय सेवा ऐन नियमावली | सङ्ख्या | - | १ | १ | १ | १ | २ | | | |

## ६.२ श्रम तथा रोजगार र मानव संसाधन विकास

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| रोजगारमध्ये सिपयुक्त जनशक्ति अनुपात | प्रतिशत | - | २५ | ३० | ३५ | ४० | ५० | श्रम तथा यातायात मन्त्रालयको प्रतिवेदन | श्रम तथा यातायात मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| **असर** | | | | | | | | | | |
| अक्सर आर्थिकरूपले सक्रिय व्यक्तिमध्ये अक्सर रोजगार | प्रतिशत | ९१.७[२०] | ९२ | ९३ | ९४ | ९४.५ | ९५ | | | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| **प्रतिफल** | | | | | | | | | | |
| रोजगारीका लागि विदेशिनेहरू (प्रतिवर्ष) | जना (हजारमा) | १८४ | १८० | १७० | १६० | १५५ | १५० | वैदेशिक रोजगार विभाग | प्रदेश र स्थानीय सरकार | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| वैदेशिक रोजगारीमा जाने सिपयुक्त कामदारहरू | प्रतिशत | ८ | १० | १२ | १५ | २० | २५ | | | |
| वैदैशिक रोजगारीबाट फिर्ता आएकामध्ये सरकारबाट सहयोग प्राप्त गर्नेहरू | प्रतिशत | - | ५ | १० | १५ | २० | २५ | | | |
| प्रदेशभित्र आन्तरिक रोजगारी सिर्जना | जना (हजारमा) | - | ७० | ८० | ९० | १२० | १५० | श्रम तथा यातायात मन्त्रालय | | |
| वैदेशिक रोजगारबाट आएकामध्ये सरकारको सहयोगमा स्वरोजगार सुरू गर्नेहरू | जना (हजारमा) | - | ४० | ५० | ६० | ७० | ७५ | | | |

२०. राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८), राष्ट्रिय जनगणना, २०७८, मुख्य नतिजा मधेश प्रदेश ।

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| वैदेशिक रोजगारबाट आएकाहरूले सिर्जना गरेको जम्मा रोजगारी | जना (हजारमा) | - | ८० | ९० | १०० | ११० | १२५ | | | |
| सुरक्षित आप्रवासनसम्बन्धी परामर्श पाउनेहरू | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | १०० | श्रम तथा यातायात मन्त्रालय | प्रदेश र स्थानीय सरकार | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| वैदेशिक रोजगारमा गएका परिवार लक्षित आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | सङ्ख्या (हजारमा) | ० | ५ | ८ | १० | १५ | २०.४ | | | |
| मानव संसाधन विकास | | | | | | | | | | |
| जनशक्तिको योजना कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | ० | | | | | २५ | प्रदेश वस्तुस्थिति विवरण | शिक्षा तथा संस्कृति मन्त्रालय | सम्बन्धित निकाय/संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| जनशक्ति योजना तर्जुमामा सहयोग पाउने स्थानीय तह | सङ्ख्या | ० | २५ | ५० | ७५ | १०० | १३६ | | | |
| जनशक्तिको माग र आपूर्ति बिचको अवस्था अध्ययन भई विद्युतीय अभिलेख राख्ने स्थानीय तह | सङ्ख्या | ० | २५ | ८० | १०० | १२० | १३६ | | | |
| प्राविधिक विषयमा अध्ययनरत विद्यार्थीको सूची अद्यावधिक राख्ने स्थानीय तह | सङ्ख्या | ० | ५० | ८० | १०० | १३६ | १३६ | | | |
| रोजगार सूचना प्रणाली स्थापना हुने स्थानीय तह | सङ्ख्या | ० | ६० | १०० | १३६ | १३६ | १३६ | | | |
| प्राविधिक शिक्षालय तथा तालिम प्रदायक संस्था | सङ्ख्या | २१५ | २५० | २६० | २७० | २८० | ३०० | | | |
| व्यावसायिक सिप प्राप्त व्यक्ति | सङ्ख्या हजारमा | ५ | १० | १५ | १८ | २२ | २५ | | | |
| प्राविधिक विषय अध्ययन गरेका व्यक्ति | सङ्ख्या हजारमा | १०८ | १३० | १३५ | १४० | १४५ | १५० | | | |

## ६.३ विपद् व्यवस्थापन

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| प्रभाव | | | | | | | | | | |
| विपद् बाट हुने क्षति (वार्षिक)[21] | | | | | | | | | | |
| महिला पुरुष जम्मा | जना | ५७ | ५० | ४० | ३० | २० | १० | आर्थिक सर्वेक्षण | | सम्बद्ध निकायहरूबिच सहयोग र समन्वय रहने |
| अनुमानित क्षति | रू करोड | ३७.६ | ३५ | ३० | २० | १० | ५ | | | |

२१. आ.व. २०७७/७८ को तथ्याङ्कमा आधारित ।

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| | | | | | | | | | | |
| विपद्बाट प्रभावित परिवार | सङ्ख्या | १४१५ | १२०० | १००० | ८०० | ५०० | २०० | आर्थिक सर्वेक्षण | | सम्बद्ध निकायहरूबिच सहयोग र समन्वय रहने |
| प्रतिफल | | | | | | | | | | |
| विपद् उद्धार तालिम प्राप्त थप जनशक्ति | जना | - | ४०० | ८०० | १२०० | १६०० | २००० | | | |
| बारुण यन्त्र भएका स्थानीय तह | सङ्ख्या | १६ | २१ | २३ | २५ | २८ | ३० | | | |
| पूर्वसूचना प्रणाली जडान भएका नदी | सङ्ख्या | २ | ० | ० | ० | ३ | ४ | | | |
| विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणाली विकास र सञ्चालन हुने स्थानीय तह | सङ्ख्या | - | | १ | २ | ३ | ४ | आर्थिक सर्वेक्षण | गृह कानुन तथा सञ्चार मन्त्रालय | सम्बद्ध निकायहरूबिच सहयोग र समन्वय रहने |
| आपत् कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन भएका स्थानीय तह | सङ्ख्या | - | ० | १ | ३ | ५ | ७ | | | |
| प्रदेश स्तरको विपद् उद्धार टोली (आरआरटी) | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | | | |

## ६.४ सामाजिक न्याय तथा सामाजिक समावेशिता र गरिबी निवारण

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| **प्रभाव** | | | | | | | | | | |
| सामाजिक सशक्तीकरण (राष्ट्रिय आधार) | सूचकाङ्क | ०.५८[२२] | ०.५९ | ०.६० | ०.६१ | ०.६२ | ०.६४ | आर्थिक सर्वेक्षण | | |
| निरपेक्ष गरिबी | प्रतिशत | २२.५३ | २२.० | २०.५ | १८.५ | १६.५ | १५.० | आर्थिक सर्वेक्षण | | |
| **असर** | | | | | | | | | | |
| लैङ्गिक विकास सूचकाङ्क (राष्ट्रिय आधार) | सूचकाङ्क | ०.८८५ | ०.८९० | ०.९०० | ०.९२५ | ०.९५० | ०.९६७ | आर्थिक सर्वेक्षण | | |
| **प्रतिफल** | | | | | | | | | | |
| सामाजिक न्याय तथा समावेशिता | | | | | | | | | | |

२२. राष्ट्रिय योजना आयोग, सोह्रौं योजना ।

| नतिजा तह र सूचक | एकाइ | आधार वर्ष (७९/८०) | लक्ष्य (आ.व.) | | | | | स्रोत | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | |
| सामाजिक तथा कानुनी सचेतना कार्यक्रमबाट लाभान्वित व्यक्ति | सङ्ख्या | - | ५०० | १००० | १२०० | १५०० | २००० | खे.स.क.म.को प्रतिवेदन | खेलकुद तथा समाज कल्याण मन्त्राल | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| विशेष लक्षित कार्यक्रमबाट लाभान्वित परिवार | प्रतिशत | २० | २१ | २२ | २३ | २४ | २५ | खे.स.क.म.को प्रतिवेदन | खे.स.क.म. | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| अपाङ्गता भएका व्यक्तिको परिवार लक्षित जीविकोपार्जन कार्यक्रमबाट लाभान्वित परिवार | सङ्ख्या | - | ५० | ६० | ७० | ८५ | १०० | | | |
| महिलाका नाममा जग्गा हुने परिवार(दिविल ५) | प्रतिशत | २२.५५ | २४.५० | २६.५० | २७.५० | २८.५० | ३० | दिविल सम्बन्धी प्रतिवेदन | | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| महिलाका नाममा घर हुने परिवार (दिविल ५) | प्रतिशत | १४.६२ | १५ | १६ | १७ | १९ | २० | | | |
| महिलाका नाममा घर र जग्गा दुबै हुने परिवार (दिविल ५) | प्रतिशत | ११.९७ | १२.५ | १३.८० | १५.५ | १६.२ | १७ | | | |
| **गरिबी निवारण** | | | | | | | | | | |
| लक्षित कार्यक्रमबाट फाइदा पाउने गरिब घरपरिवार | प्रतिशत | २० | २२ | २४ | २६ | २८ | ३० | आर्थिक सर्वेक्षण | सम्बन्धित मन्त्रालयहरू | सम्बन्धित निकाय/ संस्थाहरूसँगको सहकार्य र समन्वय थप प्रभावकारी भएको हुने |
| भूमिबैङ्क तथा बगर खेती जस्ता वैकल्पिक स्रोत उपयोग कार्यक्रमबाट लाभान्वित परिवार | सङ्ख्या | ५०० | ८०० | १००० | १४०० | १६०० | २००० | | | |
| आवास प्राप्त गर्ने विपन्न परिवार | सङ्ख्या | ९०४५ | १०००० | १०५०० | ११००० | ११५०० | १२००० | | | |

**नोटः** खे.स.क.म. (खेलकुद तथा समाज कल्याण मन्त्रालय) ।

## अनुसूची २ : योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ढाँचा

| क्र.स. | संरचनागत रूपान्तणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| १ | योजनाको सोच : "आत्मनिर्भर र समृद्ध मधेश, सुखी मधेशी" | ✓ प्रदेश नीति तथा योजना आयोग<br>✓ सार्वजनिक, निजी, सहकारीलगायत अन्य सबै क्षेत्र | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ अर्थ तथा योजना समिति<br>✓ प्रदेश नीति तथा योजना आयोग | वार्षिक प्रगति समीक्षा |
| २ | समष्टिगत आर्थिक क्षेत्र | ✓ अर्थमन्त्रालय<br>✓ उद्योग वाणिज्य तथा पर्यटन विकास मन्त्रालय<br>✓ प्रदेश नीति तथा योजना आयोग<br>✓ नेपाल राष्ट्र बैङ्क<br>✓ निजी, सहकारी, अन्य वित्तीय संस्थाहरू लगायत विकास साझेदार निकायहरू<br>✓ स्थानीय सरकार | ✓ प्रदेश विकास समस्या समाधान समिति<br>✓ प्रदेश संसद्<br>✓ सार्वजनिक लेखा समिति | प्रत्येक वर्षको अर्धवार्षिक प्रगति समीक्षा |
| ३ | आर्थिक विकास क्षेत्र (उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो खाद्य सुरक्षा) | ✓ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>✓ उद्योग वाणिज्य तथा पर्यटन विकास मन्त्रालय<br>✓ श्रम तथा यातायात मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ प्रदेश विकास समस्या समाधान समिति<br>✓ प्रदेश संसद्<br>✓ कृषि तथा भुमि व्यवस्था समिति | वार्षिक प्रगति समीक्षा |
| ४ | शिक्षा (प्रदेश तहको उच्च शिक्षा र आधारभूत तथा माध्यमिक तहको शिक्षा) | ✓ शिक्षा तथा संस्कृति मन्त्रालय<br>✓ खेलकुद तथा समाज कल्याण मन्त्रालय | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ प्रदेश नीति तथा योजना आयोग | वार्षिक प्रगति समीक्षा |
| ५ | मानव संसाधन विकास | ✓ शिक्षा तथा संस्कृति मन्त्रालय<br>✓ श्रम तथा यातायात मन्त्रालय<br>✓ प्रदेश लोकसेवा आयोग<br>✓ स्थानीय सरकार<br>✓ प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ प्रदेश नीति तथा योजना आयोग | वार्षिक प्रगति समीक्षा |
| ६ | लैङ्गिक सशक्तीकरण, सामाजिक समावेशीकरण र परिचालन | ✓ शिक्षा तथा संस्कृति मन्त्रालय<br>✓ खेलकुद तथा समाज कल्याण मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ महिला बालबालिका तथा सामाजिक न्याय समिति | वार्षिक प्रगति समीक्षा |

| क्र. स. | संरचनागत रूपान्तणका क्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| ७ | समतामूलक समाज निर्माण | ✓ शिक्षा तथा संस्कृति मन्त्रालय<br>✓ खेलकुद तथा समाज कल्याण मन्त्रालय | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ प्रदेश नीति तथा योजना आयोग | वार्षिक प्रगति समीक्षा |
| ८ | स्वास्थ्य | ✓ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वार्षिक प्रगति समीक्षा |
| ९ | गुणस्तरीय उत्थानशील पूर्वाधार | ✓ भौतिक पूर्वाधार विकास मन्त्रालय<br>✓ अर्थमन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ अर्थ तथा योजना समिति | वार्षिक प्रगति समीक्षा |
| १० | आधुनिक दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकास | ✓ भौतिक पूर्वाधार विकास मन्त्रालय<br>✓ गृह सञ्चार तथा कानुन मन्त्रालय<br>✓ ऊर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय<br>✓ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय<br>✓ स्थानीय सरकारहरू | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ अर्थ तथा योजना समिति<br>✓ प्रदेश नीति तथा योजना आयोग | वार्षिक प्रगति समीक्षा |
| ११ | वन तथा वातावरण (वन व्यवस्थापन, वातावरण, जैविक विविधता, जलाधार क्षेत्र संरक्षण र जलवायु परिवर्तन) | ✓ वन तथा वातावरण मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ प्राकृतिक स्रोत तथा वातावरण समिति | वार्षिक प्रगति समीक्षा |
| १२ | विपद् व्यवस्थापन | ✓ गृह सञ्चार तथा कानुन मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ प्राकृतिक स्रोत तथा वातावरण समिति<br>✓ प्रदेश मामिला समिति | वार्षिक प्रगति समीक्षा |
| १३ | शान्ति सुव्यवस्था र सुरक्षा, सुशासन तथा भ्रष्टाचार नियन्त्रण | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ गृह सञ्चार तथा कानुन मन्त्रालय<br>✓ स्थानीय सरकार | ✓ सार्वजनिक लेखा समिति<br>✓ प्रदेश मामिला समिति | वार्षिक प्रगति समीक्षा |
| १४ | योजना तर्जुमा तथा कार्यान्वयन, प्रदेश आयोजना बैङ्क व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन | ✓ प्रदेश नीति तथा योजना आयोग<br>✓ स्थानीय सरकार | ✓ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>✓ विकास समिति | वार्षिक प्रगति समीक्षा |

# सन्दर्भ सामग्रीहरू

## नेपालीमा


१. गुठी संस्थान प्रधान कार्यालय (२०८०), गुठी संस्थानको वार्षिक नीति, कार्यक्रम तथा बजेट आ.व. २०८०/८१, काठमाडौं नेपाल।

२. नेपाल कानुन आयोग, गुठी ऐन, २०३३।

३. नेपाल राष्ट्र बैङ्क (२०८०), प्रादेशिक आर्थिक गतिविधि अध्ययन (मधेश प्रदेश), वार्षिक प्रतिवेदन (२०७९/८०), जनकपुरधाम।

४. नेपाल सरकार (२०७३), कार्यविस्तृतीकरण प्रतिवेदन, काठमाडौं नेपाल।

५. नेपाल सरकार (२०८१), परिमार्जनको लागि प्रस्तावित कार्यविस्तृतीकरण प्रतिवेदन (मस्यौदा), काठमाडौं नेपाल।

६. नेपाल सरकार अर्थमन्त्रालय (२०७१), विकास सहायता नीति, २०७१, काठमाडौं।

६. नेपाल सरकार अर्थमन्त्रालय (२०७६), अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६, काठमाडौं।

७. नेपाल सरकार, अर्थमन्त्रालय (२०८१), आर्थिक सर्वेक्षण, (२०८०/८१), काठमाडौं नेपाल।

८. नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति (२०७२), नेपालको संविधान, काठमाडौं नेपाल ।

९. नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति (२०७५), प्रविधि हस्तान्तरण ऐन, २०७५, काठमाडौं।

१०. नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०१७), दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०।

११. नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६), पन्ध्रौ योजना, २०७६/७७-२०८०/८१, काठमाडौं, नेपाल।

१२. नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७९), पन्ध्रौं योजना, मध्यावधी समीक्षा, आर्थिक वर्ष २०७६/७७ २०७८/७९, काठमाडौं, नेपाल।

१३. नेपाल सरकार, सहकारी विभाग (२०७७), सहकारी झलक, २०७७ , नयाँ बानेश्वर, काठमाडौं, नेपाल

१४. प्रदेश नीति तथा योजना आयोग (२०७६), पहिलो आवधिक योजना, मधेश प्रदेश

१५. प्रदेश नीति तथा योजना आयोग (२०७७), प्रदेश पार्श्व चित्र, मधेश प्रदेश

१६. प्रदेश नीति तथा योजना आयोग (२०८०), दोस्रो आवधिक योजनाको अवधारणा पत्र, मधेश प्रदेश

१७. प्रदेश नीति तथा योजना आयोग (२०८१), पहिलो आवधिक योजनाको समीक्षा प्रतिवेदन, जनकपुरधाम।

१८. मधेश प्रदेश सरकार (२०७६), पहिलो आवधिक योजनाको आधार-पत्र, (२०७६/७६-२०८०/८१), नीति तथा योजना आयोग जनकपुरधाम ।

१९. मधेश प्रदेश सरकार, अर्थमन्त्रालय (२०८०), आर्थिक सर्वेक्षण, (२०७९/८०), जनकपुरधाम।

२०. मधेश प्रदेश सरकार, आन्तरिक मालिमा तथा कानुन मन्त्रालय (२०७८), प्रदेश ऐन सङ्ग्रह, खण्ड-१।

२१. मधेश प्रदेश सरकार, आन्तरिक मालिमा तथा कानुन मन्त्रालय (२०७८), प्रदेश ऐन सङ्ग्रह, खण्ड-२।

२२. मधेश प्रदेश सरकार, आन्तरिक मालिमा तथा कानुन मन्त्रालय (२०७९), प्रदेश सहकारी ऐन, २०७९।

२३. मधेश प्रदेश सरकार, आन्तरिक मालिमा तथा कानुन मन्त्रालय (२०८०), प्रदेश सहकारी नियमावली, २०८०।

२४. मधेश प्रदेश सरकार, कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय (२०७९), प्रदेश ऐन सङ्ग्रह, खण्ड-३।

२५. मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (२०८०), माननीय मुख्यमन्त्री श्री सरोजकुमार यादव नेतृत्वको सरकारले एक वर्षको अवधिमा सम्पन्न गरेका प्रमुख कार्यहरू (२९ पौष २०७९ देखि २८ पौष २०८०), जनकपुरधाम।

२६. महालेखा परीक्षकको कार्यालय (२०७९), महालेखापरीक्षकको साठिऔं प्रतिवेदन, काठमाडौं, नेपाल।

२७. राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८), राष्ट्रिय जनगणना २०७८ सङ्क्षिप्त नतिजा, काठमाडौं, नेपाल।

२८. राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), नेपालको तथ्याङ्कीय झलक, काठमाडौं, नेपाल ।

२९. राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण, थापाथली, काठमाडौं ।

३०. राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८०), राष्ट्रिय जनगणना २०७८ मुख्य नतिजा, मधेश प्रदेश सरकार, काठमाडौं, नेपाल ।

३१. राष्ट्रिय योजना आयोग (२०८१) सोह्रौं योजना, अवधारणा पत्र, काठमाडौं नेपाल ।

३२. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली २०७६ ।

३३. मधेश प्रदेश सरकार (२०७९), दिगो विकास लक्ष्यसम्बन्धी प्रदेशगत खर्चको खोजीनीति सर्वेक्षण ।

३४. उद्योग विभाग (२०७९/८०), लघु, घरेलु तथा साना उद्योग तथ्याङ्क २०७९/८०, काठमाडौं नेपाल ।


**English:**


1. Ministry of Education, Science and Technology (2079), Flash II Report (2022/23).
2. Ministry of Education, Science and Technology (2080), Flash I Report (2023/24).
3. MoICS (2021), Industrial Statistics, 2019/20, Department of Industry Kathmandu Nepal.
4. MoICS (2021), Industrial Statistics, 2020/21, Department of Industry Kathmandu Nepal.
5. MoICS (2022), Industrial Statistics, 2021/22, Department of Industry Kathmandu Nepal.
6. MoICS (2023), Industrial Statistics, 2022/23, Department of Industry Kathmandu Nepal.
7. Agriculture Development Strategy, 2015-2035.